# विनयमुख

(भाग १)

थाइलैंडका

भिक्खुवर* समतेच बर-महा-समण-चाउ

क्रम-बरया वजिर-ञाण-वरोरसद्वारालिखित

भिक्खु विपस्सी महास्थविरद्वारा

नेपालीमा अनुवादित

Dhamma.Digital

https://dhamma.digital

*पाठकहरूले विनयमुख भाग १, २ तथा ३ मा केही नामहरूको अगाडि 'भिक्खुवर' शब्द पाउनुहुनेछन्। ठूलो दर्जाको भिक्खु भनी संकेत गर्नकोलागी मैले यस्तो उल्लेख गरेको हुँ। थाइलैंडको सुब्यवस्थित संघपरम्परामा देशको विधानतः संघाधिकारी भिक्खुहरू नियुक्त गरिएको पाइन्छ। देशभरका साढेदुई लाख जति भिक्खु तथा श्रामणेरहरूमा सालाखाला हरेक ७ जनाकोलागी १ जना संघाधिकारी भिक्खुपर्दछ। यसको शुरूको तहमा अधिकारी भिक्खु हुन्छ भने सबभन्दा माथिल्लो तहमा संघराज (राजपरिवारको सदस्य भएमा संघराजचाउ) हुन्छ, जसलाई राजपरिवारको सदस्य बराबर प्रतिष्ठा प्राप्त हुन्छ। यस्ता विभिन्न तहका पदधारी भिक्खुहरूलाई व्यक्त गर्ने कुनै व्यवहारयोग्य शब्द नेपालीमा नभेटिएकोले औसतन भिक्खुवर भन्ने शब्दले संकेत गरेको हूँ।

*****

Dhamma.Digital

# Vinayamukha

## (Bhaga- 1)

(A Nepali Translation of
The Entrance to the Vinaya, Vol.-1
by Somdet Phra Maha Samana Chao
Krom Phraya Vajirananavarorasa of Thailand)

by

Phra Bhikshu Vipassi Dhammaramo,
Wat Bovoranives Vihara, Bangkok,
Thailand.

Dhamma.Digital

https://dhamma.digital

विनयमुख
(भाग १)
*भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया वजिर-ञाण-वरोरसद्वारा थाइभाषामा लिखित;
*महामकुट राजविद्यालय फाउण्डेशनद्वारा प्रकाशित;
*प्रथम अंग्रेजी संस्करण १९६९को आधारमा भिक्खु विपस्सी महास्थविरद्वारा नेपालीमा अनुवादित;
*पहिलो नेपाली संस्करण ५०० प्रति मात्र,सन् २०23 मा प्रकाशित
*सर्वाधिकार :यो सार्वजनिक सम्पत्ति हो, जो कसैले पनि शुद्ध मनले प्रचार प्रसार गर्न मिल्छ। पुनः छाप्दा मुनि विहार व्यवस्थापन समितिलाई सूचित गर्न अनुरोध मात्र छ।
ISBN

नेपालमा छापिएको।

Dhamma.Digital

भिक्खुवर समतेच बर-महा-समण-चाउ
क्रम-बरया वजिर-ञाण-वरोरस
(12/04/1860-02/08/1921)
जसले बौद्ध-धर्मको ज्ञानको प्रसारकोलागी
धेरै मेहनत गर्नुभयो।[1]
(को एउटा फोटो देऊ।)

[1]हेर्नुहोस् उहाँको जीवनी: नेपाली अनुवादकको नवकोवाद पृ. XVI-XXI

Dhamma.Digital

संखारा अनिच्चा, विपरिणामधम्मा, सन्तति पटिबद्धा
संखारा दुक्खा, तं कुतेत्थ लब्भा,
संखारा अनत्ता, यथापच्चयं पवत्तति।

संस्कारहरू (नाम र रूप) अनित्य हुन्। विपरिणामधर्मी (परिवर्तनशील) हुन्।

सन्ततिहरू जोडिएका हुन्छन्।

संस्कारहरू दुःख हुन्, संसारमा तिनबाट के आशा लिनु?

संस्कारहरू अनात्मा हुन्, यी त प्रत्ययअनुसार चलिरहन्छन्।

Dhamma.Digital

## अनुवादकको टिप्पणी

पुस्तकमा प्रयुक्त वर्ग कोष्ठक [] को पाठ आदरणीय लेखकको व्याख्या हो। बाङ्गो कोष्ठक () को पाठ मूल पाठ संक्षिप्त भएकोले र थाई मुहावराहरू अनुवाद गर्न कठिनाइहरू पार गर्नकोलागी मूल पाठको अंग्रेजी अनुवादकहरूको अभिव्यक्ति हो। यो पछिल्लोमा नेपाली अनुवादकको टिप्पणी पनि समाहित गरिएको छ । आशा छ कि पाठकहरूलाई समस्या हुनेछैन ।

Dhamma.Digital

https://dhamma.digital

## नेपाली अनुवादकको प्राक्कथन

आदरणीय भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया वजिर-ञाण-वरोरस (दसौं संघराज १२/०४/१८६०-०२/०८/१९२१) दिवंगत हुनुभएको एक शताब्दी पुरा भएको उपलक्षमा उहाँलाई युनेस्कोले विश्वलाई महत्वपूर्ण योगदान दिएका शताब्दीकै महान व्यक्तित्व भनी मान्यता दिएर उत्सव मनाइरहेको सुखद उपलक्षमा उहाँको कृति *नवकोवाद* पछि अर्को महत्वपूर्ण कृति *विनयमुख भाग १, २ र ३ (सम्पूर्ण)* को नेपाली अनुवाद नेपाली भाषाभाषीहरूका समक्ष राख्नपाउँदा सुखद अनुभव भइरहेको छ।

प्रथमतः यो पुस्तकको नाम *विनयमुख* सम्बन्धमा छलफल गर्नेछु। अंग्रेजी अनुवादकले यसको अनुवाद The Entrance to The Vinaya अर्थात् '*विनयको प्रवेशद्वार*' गर्नुभएको छ। त्यस्तै पुस्तकका मूल लेखकले विनयका प्रारम्भिक कुराहरू अथवा विनयसम्बन्धी आधारभूत ज्ञान भनी अर्थ गर्नुभएको छ (हेर्नू, उहाँको प्राक्कथन, *विनयमुख, भाग ३*)। त्यस्तै पछिका सम्पादकहरूद्वारा' उद्देश्य सिद्ध हुनेगरी विनय पालना गर्न सिकाउने शिक्षा-पद्धति' भनी शब्दार्थ दिएका छन्। यसको विनय शब्द त्रिपिटकका तीनमध्ये एक विनय-पिटकबाट आएको हो र अर्को 'मुख' शब्दलाई अनुहार वा द्वार भन्ने अर्थमा लिन सकिन्छ। यसरी *विनयमुख* को अर्थ विनयको संक्षिप्त ज्ञान वा प्रवेश-द्वार हो। अनलाइनमा पनि यस्तो भनी

अंग्रेजी अनुवाद दिइएको छ। नेपालीहरूकालागी पनि यो याद राख्न सजिलो तथा बुझिने शब्द हो। तसर्थ यसको नाम *विनयमुख* नै राखेँ।

यस *विनयमुख भाग १* को स्वरूप सिक्खापदहरूको क्रममा आधारित छ। यसको प्रामाणिकता बुझ्नकोलागी समग्र विनय-पिटकको बनावटलाई संक्षिप्तमा प्रस्ट्याउनु उपयोगी हुनेछ। तसर्थ मेरो आफ्नो पुरानो लेख यहाँ सार्दछु-

"विनय-पिटक बुद्धवचन त्रिपिटकमध्येको एक भाग हो। पिटक भनेको कुनै उपयोगी वस्तुहरू राखिने टोकरी हो। यहाँ यसको ब्यावहारिक अर्थ भगवान बुद्धद्वारा बनाइएका नियमहरू भेला गरिएको टोकरी (विभाग) हो। विनय-पिटकमा भिक्खु र भिक्खुणीहरूकालागी बनेका नियमहरू छन्।

विनय-पिटकको विभाजन यसप्रकार रहेको छ- १. पाराजिकपालि, २. पाचित्तियपालि, ३. महावग्गपालि, ४. चुल्लवग्गपालि, र ५. परिवारपालि। यसका पहिला दुई भागलाई सुत्तविभंग तथा त्यसपछिका दुई भागलाई खन्धक पनि भनिन्छ। यो सुत्तविभंग तथा खन्धकको आपसी क्रम कहिलेकाहीं तलमाथि परेको पनि पाइन्छ। थाइलिपिको त्रिपिटकमा यसको सबैभन्दा बैज्ञानिक तरिकाले विभाजन गरिएको छ, जुन यस प्रकार छ-

क. भिक्खुविभंग,

ख. भिक्खुणीविभंग,

ग. महावग्ग,

Dhamma.Digital

घ. चूलवग्ग, र

ङ. परिवार।

यी प्रत्येक शीर्षकको संक्षिप्त परिचय तल दिइन्छ-

**क. भिक्खुविभंग-** यसमा भिक्खुहरूका मुख्य नियमहरू रहेका छन्। यसमा आठवटा काण्डहरू छन्-

**१. पाराजिक काण्ड-** यसमा चारवटा नियमहरू छन्। मनुष्यहत्या, चोरी, मैथुन, र अलौकिक ज्ञानको धाक लगाउनु। यीमध्ये कुनै एक मात्र गरेता पनि उपसम्पन्न भिक्खु भिक्खुत्वबाट च्युत हुन्छ। यसलाई कसैले पनि निराकरण गर्न सक्दैन।

**२. संघादिसेस काण्ड-** अर्थात् जुन आपत्तिबाट मुक्त हुनकोलागी शुरु तथा अन्तमा २० जना भिक्खुयुक्त संघ चाहिन्छ। यसमा १३ वटा नियमहरू छन्। सप्रयास शुक्रमोचन, कामुक चित्तले स्त्रीस्पर्श, स्त्रीसँग अश्लील वार्ता, कामसेवनकोलागी स्त्रीलाई बोलाउनु, लमीको काम गर्नु, कुटी बनाउँदा नाप नाघ्नु, विहार बनाउँदा नाप नाघ्नु, भिक्खुलाई पाराजिकको झूठो आरोप लाउनु, असम्बन्धित कुरासँग जोडेर पाराजिकको आपत्ति लगाउनु, संघभेद गर्ने प्रयास गर्नु, संघभेदीको पक्ष लिनु, अटेरी हुनु, र कुलदूषक हुनु, पर्दछन्। यी पाराजिक तथा संघादिसेसलाई गरुकापत्ति अर्थात् गह्रौं आपत्ति भनिन्छ।

Dhamma.Digital

**३. अनियत काण्ड-** यसमा जम्मा दुईवटा नियमहरू छन्। यसका आपत्तिहरू पाराजिक, संघादिसेस अथवा पाचित्तिय कुनै पनि हुनसक्छ। त्यसैले यो अनिश्चित नियम हो।

**४. निस्सग्गिय पाचित्तिय काण्ड-** यसमा ३० वटा नियमहरू छन्। यसमा भएका आपत्तिहरूबाट मुक्त हुन जुन वस्तुबाट आपत्ति भएको हो सो विसर्जन (साझा) गर्नुपर्छ, अनि आपत्तिदेसना गर्नुपर्छ।

**५. पाचित्तिय काण्ड-** यसमा ९२ वटा नियमहरू छन्। यसमा भएका आपत्तिहरू देसनाद्वारा मुक्त होइन्छ।

**६. पाटिदेसनीय काण्ड-** यसमा चारवटा नियमहरू छन्।

**७. सेखिय काण्ड-** यसमा भिक्खुको खाने, लाउने, हिंड्ने, बस्ने, उभिने र धम्मदेसना गर्ने सम्बन्धी ७५ वटा नियमहरू छन्।

**८. अधिकरण समथ काण्ड-** यसमा आठ वटा नियमहरू छन्।

**ख. भिक्खुणीविभंग-** यसमा भिक्खुणीहरूको विनय संग्रहीत छन्। यो पनि भिक्खुविभंग जस्तो नै छ, तर अनियत काण्ड एक कम हुनाले काण्डको संख्या जम्मा सातवटा मात्र छन्। नियमहरू भिक्खुहरूकोमा थपिएर पाराजिक आठवटा, संघादिसेस १७ वटा, र पाचित्तिय १६६ वटा छन्। अरू बाँकी काण्डमा नियमसंख्या भिक्खुविनयको समान छ। यसप्रकार भिक्खुहरूको पाटिमोक्खमा आएका जम्मा नियम २२७ वटा छन् भने भिक्खुणीहरूको नियम ३११ वटा छन्।

Dhamma.Digital

**ग. महावग्गपालि-** भगवान बुद्धको बोधिप्राप्ति (ज्ञानलाभ) देखि लिएर प्रथम उपदेश, राजगृहमा बिम्बिसार अवबोध, श्रावस्तीमा अंगुलीमाल दमनसम्मका घटनावली परेको छ। त्यस्तै भगवान बुद्धका प्रसिद्धतम शिष्यहरू आयुष्मान सारिपुत्र, मौद्गल्यायन, महाकाश्यप, आनन्द, उपालि महास्थविरका कथाहरू पनि यहीं छन्। बौद्धजगतमा अति प्रसिद्ध भएको बुद्धधर्मका सारभूत उपदेश मानिएका सुत्तहरू, जस्तो कि धम्मचक्कपवत्तनसुत्त, अनत्तलक्खणसुत्त, र आदित्तपरियायसुत्त आदि यसको पहिलो खन्धक महाखन्धकमा उल्लेखित छन्।

भिक्खुहरूको हरेक पक्षको अन्तमा गरिने उपोसथबारेका नियमहरू सविस्तार उपोसथ खन्धक; वर्षावास तीन महिनासम्म एउटै स्थानमा बस्नुपर्ने चलन सम्बन्धी नियमहरू वस्सूपनायिक खन्धक; वर्षावास सम्पूर्ण भएपछि गरिने पवारणा सम्बन्धी चर्चा पवारणा खन्धक; छालाका वस्तुको प्रयोग सम्बन्धी चम्मखन्धक; औषधी उपचार सम्बन्धी पालन गर्नुपर्ने नियमहरूको संकलन भेसज्जखन्धक; वर्षावास सकिएपछि भिक्खुहरूले पाउने कठिन चीवर सम्बन्धी नियमहरू कठिन खन्धक; नियम उल्लंघन गर्ने भिक्खुलाई दण्डविधी चम्पेय्य खन्धक; अनि कोसम्बीमा भिक्खुहरूको विवाद एवं त्यसको निवारणको कुरा कोसम्ब खन्धक रहेका छन्।

**घ. चुल्लवग्ग-** यो पनि महावग्ग जस्तो नै खन्धकमा विभाजित छ। यसमा जम्मा दस वटा खन्धकहरू छन्। विनय

उल्लंघन गर्ने भिक्खुलाई दिइने सात प्रकारका दण्डविधानहरू छन्: तज्जनीय-मौखिक चेतावनी, निस्सय-निगरानी, पब्बाजनीय-निस्कासन, पटिसारणीय-क्षमा माग्न लगाउनु, उक्खेपनीय- बेवास्ता गर्नु (बहिष्कार गर्नु)। यस सम्बन्धी घटना तथा उठाउनुपर्ने कदमबारे छलफल पहिलो खन्धकमा छ। संघादिसेस आपत्ति लाग्ने भिक्खुप्रति गरिने दण्डबिधान पारिवासिक खन्धक, परिवासकालमा फेरि संघादिसेस आपत्ति लाग्ने भिक्खुलाई दण्डविधान-मूलाय पटिकस्सना, परिवास पूरा भएपछि छ दिनसम्म तालिममा जाने काम -चारत्त मानत्त तथा यो विधीपूरा भएपछि फेरि पूर्ववत भिक्खुसंघमा प्रवेश दिइने काम -अब्भानको शुरुवात जस्ता कुराहरू समुच्चय खन्धकमा, अनेकौं पटक पहिलो संघादिसेस लाग्ने उदायी भिक्खुलाई सुद्धन्त परिवास बस्न लगाइएको कथा समथखन्धकमा, भिक्खुहरूको आपसमा विवाद उत्पन्न भएमा गर्नुपर्ने कारवाहीको चर्चा अधिकरण समथमा, तथा भिक्खु दब्बमल्लपुत्रलाई मेत्तिय तथा भुम्मजक भिक्खुहरूले लगाएको पाराजिकको आरोप भगवानले निराकरण गर्नुभएको कुरा यहाँ छ।

अनाथपिण्डिक महाजनको बुद्धसँग भेटदेखि लिएर भिक्खुहरूले सेनासन -बस्ने तथा सुत्ने ठाउँ -(कुटी, विहार) सम्बन्धी पालन गर्नुपर्ने नियमहरू सेनासन खन्धकमा, देवदत्त प्रव्रजित भएदेखि मरणसम्मको कथा संघभेद खन्धकमा, आगन्तुक, स्थानीय, गमिक (अन्यत्र जाने) भिक्खु, भत्तानुमोदन

(भोजनपछिको आशिर्वाद), पिण्डपात (मधुकरी, भिक्षाटन) तथा अरञ्ञवासका बारेमा वत्त खन्धकमा, भगवानले पाटिमोक्ख पाठ श्रवणमा सम्मिलित हुन छोड्नुभएको घटना पाटिमोक्खट्ठपन खन्धकमा, महापजापति गोतमी भिक्खुणी बनेको कथादेखि भिक्खुणीहरूको आफ्नै समूहमा पाटिमोक्ख पाठ गर्ने अनुमति भिक्खुणीखन्धकमा, बुद्ध महापरिनिर्वाणपछि भएको प्रथम संगायनदेखि आनन्द स्थविरसँग कोसम्बीका राजा उदेनले धेरै चीवरहरूको बारेमा सोधेको प्रश्नको सन्तोषजनक जवाफ पंचसतिक खन्धकमा, राजा कालासोकका पालामा वालुकाराम विहारमा भएको दोश्रो संगायनको कुरा सत्तसतिका खन्धकमा उल्लिखित छन्।

**ङ. परिवार**- यो विनय पिटकको अन्तिम भाग हो। यसमा केही विशेष नयाँ कुरा छैनन्, माथि उल्लिखित विषयहरूलाई नै लिएर व्याख्या, प्रश्न-उत्तर तथा पछिल्ला समयका उदाहरणात्मक घटनाहरू यसमा दिइएका छन्।

नवनालन्दा प्रकाशनको तथा विपश्यना विशोधन विन्यास प्रकाशनको देवनागरी लिपिका त्रिपिटकमा साना-साना घटनालाई यथार्थ नामकरण बाहेक पनि धेरैजसोमा वत्थु अथवा कथा भन्ने शब्द जोडेर नामाकरण अथवा शीर्षक पनि राखिएका छन्, जस्तै कि चत्तारो निस्सय बोधिकथा, करभेदक चोरवत्थु आदि। अझ भन्ने हो भने कथानक भएकोमा वत्थु अथवा कथा नै उल्लेख छ भने विषयवस्तुको मात्र चर्चा छ भने तदनुसार

Dhamma.Digital

शीर्षक दिइएका छन्। यस्तो वर्गीकरण पालि टेक्स्ट सोसाइटीका तथा थाइलैंडका प्रकाशनहरूमा पाइंदैन।

विनय-पिटकमा मुख्यतः भिक्खु-भिक्खुणीहरूका विनय-सम्बन्धी नै बढी चर्चा रहेकोले साधारण पाठककोलागी बोधगम्य नहोला। तर कतै कतै मरुभूमिमा पानीको खाल्टो झैं दुर्लभ भएपनि बुद्धजीवनीका विभिन्न घटनावली तथा रमाइला जातककथाहरू पनि पाइन्छन्। विनय-पिटक ठिकसँग अध्ययन नगरिकन धम्मविनय ठिकसँग बुझ्न सकिंदैन। एउटा कुरा हामीले बुझीराख्नुपर्छ कि विनय भनेको भिक्खु, भिक्खुणी, श्रामणेर तथा श्रामणेरीहरूकालागी मात्र बनेको हो। गृहस्थीहरूले यसमा श्रद्धा गरेपनि सबै पालन गर्नुपर्ने होइन। नियममा बस्नु धर्म हो भन्दै असम्बन्धित र अनावश्यक नियमहरू गृहस्थीले पालन गरिहिंड्नु बुद्धिमत्ता होइन, यद्यपि जानीराखेको अवस्थामा भिक्खुप्रति सेवामा सहज हुनेछ। शासन स्थीर हुनेछ। यसकोलागी श्रद्धालुले केहि अवधिकालागी भए पनि प्रब्रज्या उपसम्पदा धारण गरी यसको अध्ययन, चिन्तन, मनन र पालन गरी पुण्यार्जन गर्न अवश्य हुन्छ। यहि सिद्धान्त अनुसार भक्तपुरमा मुनि विहार भिक्षु तालिम केन्द्र संचालन गरिएको हो। यहाँ यससम्बन्धमा इच्छुक तथा योग्य कुलपुत्रहरूलाई सबै प्रकारको सेवा निःशुल्क उपलब्ध छ। केन्द्रले स्वदेश तथा विदेशमा पठाएर पनि उच्चस्तरका शिक्षा तथा तालिम दिने व्यवस्था गरिएको छ।

Dhamma.Digital

वर्तमान नेपालमा बुद्धधर्मका दुवै निकाय वा यानका विनय पालन गर्ने प्रब्रजितहरू पाइन्छन्। यी यानहरूको पहिचान बुद्धधर्म नामको सिक्काका दुईवटा पाटाहरू जस्तै हुन् भनी बुझ्नुपर्छ, नकि अलग्ग अलग्ग कुरा। थेरवाद तथा महायान भनी नामाकरण हुनुभन्दा पहिले पनि बुद्धधर्म रहेकै हो, र अझै छ। फरक नामहरू आएको त कालक्रमको प्रतिफल हो। पालि त्रिपिटक मुताबिक बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पायको उद्देश्य सहित गरी धम्मविनयको पालना तथा प्रचारप्रसार गरी निर्वाण पाउनु थेरवादको मार्ग हो भने अति धेरै संख्यामा बुद्ध तथा बोधिसत्त्वादिप्रति महत् श्रद्धा राख्नु र बुद्धत्त्व प्राप्त गरी प्राणीहरूलाई उद्धार गर्नु महायान मार्ग हो। यो भिन्नता धम्मको मामिलामा मात्र हो, जुन कि अनुयायीकोलागी ऐच्छिक विषय हो। अनिवार्य रहेको विनयको मामिलामा भने थेरवादको पालिभाषामा तथा महायानको संस्कृत भाषामा हुनु बाहेक बाँकी कुरामा त्यस्तो खासै धेरै फरक नरहेको कुरा थाहापाउनु फाइदाजनक हुन्छ। विषयवस्तुलाई खुलस्त बनाउनकोलागी तल थेरवाद तथा महायानको पाटिमोक्खमा भएका सिक्खापदहरू तुलना गरी हेर्छौं-

क. भिक्खु पाटिमोक्ख तथा ख. भिक्खुणी पाटिमोक्ख

**क. भिक्खु पाटिमोक्ख**- यसमा आठवटा विभागहरू छन् र तिनको तुलना यस्तो छ-

१. पाराजिक आपत्ति चारवटा- यो दुवै निकायबीचमा मूलरूपमा र प्रारम्भमा कुनै अन्तर छैन।

Dhamma.Digital

२. संघादिसेस (संघावशेष) आपत्ति १३ वटा- यो विभाग पनि दुवै नियकायबीचमा कुनै भेद छैन। अन्तिम दुईवटा सिक्खापदहरू मात्र आफ्नो क्रममा तलमाथि परेका छन्।

३. अनियत आपत्ति दईवटा -दुवै निकायमा समान छन्।

४. निस्सग्गिय पाचित्तिय (नैसर्गिक प्रायश्चित्तिक) आपत्ति ३० वटा -यसबारे पनि दुवै निकायहरूमा कुनै अन्तर छैन। पालिको १३औं सिक्खापदमा आसनको कपडामा कालो ऊन ५० प्रतिशत राख्न मिल्ने भनिएकोमा संस्कृतकोमा भने २५ प्रतिशत जति मात्र राख्न मिल्छ भनिएको छ।

५. पाचित्तिय (प्रायश्चित्तिक) आपत्ति -पालिमा ९२ वटा छन् भने संस्कृतमा २३ औं तथा ८२ औं को अभाव भएर ९० वटा मात्र छन्। अरू कुराहरू सबै समान छन् भने सिक्खापदहरूको आपसीक्रम मात्र अलिकति तलमाथि परेका छन्।

६. पाटिदेसनीय (प्रातिदेशनीय) आपत्ति चारवटा -दुवैमा पूर्ण समानता छ।

७. सेखिय अथवा सिक्खाकरणीय (शिक्षाकरणीय)- यस विभागका सिक्खापदहरू पालिमा ७५ वटा मात्र छन् तर संस्कृतमा १०० वटा छन्। पालिका १३,१४,१९,२०,२८,२९,३१,४०, ४२, ५२, ५३, ५४, ६४,

Dhamma.Digital

६५, तथा ७८ औं गरी १५ वटा सिक्खापदहरू संस्कृतमा छैनन्। यसको सट्टामा संस्कृतमा केही फरकरूपले रहेका सेखिय सिक्खापदहरू निम्नप्रकारका छन्-

१,२. घाँटीमा कपडा बेरेर बस्तिमा नजाने, नबस्ने।

३. खुट्टाका औंलाहरू चलाउँदै बस्तिमा नबस्ने।

४. तरकारी तथा तिहुन आदि पात्रको किनारासम्म मात्र लिने।

५. बिरामि नभइकन पनि ठीकसँग पोशाक नलगाएकोलाई धम्मदेसना नगर्ने।

६. बिरामि नभइकन पनि घाँटीमा कपडा बेरेकोलाई धम्मदेसना नगर्ने।

७. आफू बसेर बिरामि नभइकन पनि कम्मरमा हात राखिबसेकोलाई धम्मदेसना नगर्ने।

८. आफू बसेर बिरामि नभइकन पनि पल्टीबसेकोलाई धम्मदेसना नगर्ने।

९. आफू होचो आसनमा बसेर बिरामि नभइकन पनि अग्लो आसनमा बसेकोलाई धम्मदेसना नगर्ने।

१०. आफू होचो ठाउँमा हिंडेर बिरामि नभइकन पनि अग्लो ठाउँमा हिंडीरहेकोलाई धम्मदेसना नगर्ने।

Dhamma.Digital

११. एकअर्कासँग हातमा हात मिलाई (हातेमालो गरेर) बाटोमा नहिंड्ने।
१२. अति जरूरी अवस्थामा बाहेक आफ्नो जीउको उँचाइभन्दा बढी रूख नचढ्ने।
१३. भिक्षापात्र लट्ठिमा झुण्ड्याएर नहिंड्ने।
१४. बिरामि नभइकन पनि तलवार लिएकोलाई धम्मदेसना नगर्ने।
१५. बिरामि नभइकन पनि माला लिएकोलाई धम्मदेसना नगर्ने।

संस्कृतमा थप भएका अरू २५ वटा शिक्षापदहरू यसप्रकार छन्- अति जरूरी अवस्थामा बाहेक स्तूपमा (१) डेरा नगर्ने, (२) भण्डार नबनाउने, (३) जुत्ता लगाएर नजाने, (४) जुत्ता नलग्ने, (५) वरिपरि जुत्ता नलगाउने, (६) विशेष जुत्ता पनि लगाएर नजाने, (७) जुत्ता लगाएर नबस्ने, (८) बिशेष जुत्ता पनि लगाएर नबस्ने, (९) फोहर हुने गरी खानपान नगर्ने, (१०) शब नलाने, (११) शब नगाड्ने, (१२) मुन्तिर दाहसंस्कार नगर्ने, (१३) अगाडि दाहसंस्कार नगर्ने, (१४) दुर्गन्ध आउने गरी दाहसंस्कार नगर्ने, (१५) फोहर एवं गन्हाउने कात्रो नलग्ने, (१६) दिसा-पिसाब नगर्ने, (१७) त्यसतिर मुख फर्काएर दिसा-पिसाब नगर्ने, (१८) त्यहाँ दुर्गन्ध आउने गरी दिसा-पिसाब नगर्ने,

https://dhamma.digital

(१९) बुद्धमूर्ति चर्पीमा नलग्ने, (२०) स्तूपको छेउमा दतिवन नगर्ने, (२१) स्तूपतिर फर्केर दतिवन नगर्ने, (२२) स्तूप परिक्रमा गर्दै दतिवन नगर्ने, (२३) त्यहाँ नथुक्ने तथा त्यतातिर नथुक्ने, (२४) त्यसतिर खुट्टा पसारेर नबस्ने, (२५) आफू माथि बसेर बुद्धमूर्तिलाई तल नराख्ने इत्यादि पर्दछन्।

यसरी हामीले देख्यौं कि ऐतिहासिक रूपबाट अन्तर रहेका सिक्खापदहरू स्तूप एवं बुद्धमूर्ति सम्बन्धी नै हुन्। तर गहिरिएर विचार गरेमा यो पनि कुनै अन्तरका विषय होइनन्। किनकि यी नियमहरू त पालि परम्परामा पनि पातिमोक्खमा समावेश नभए तापनि कतिपय त पातिमोक्खको बाहिर विनय-पिटकमा नै अभिसमाचार शीर्षक अन्तर्गत उल्लिखित छन् तथा आदरपूर्वक पालन गर्न लायक एवं गरिंदै पनि आइएका हुन्। तसर्थ यसमा पनि हामी धर्म-परम्परा तथा सभ्यताको दृष्टिमा समानता नै देख्दछौं। त्यस्तै क्रमिकतामा सामान्यरूपले केही तलमाथि परेका छन्, जुन कि अरू विभागहरूमा पनि पाइन्छन्।

८. अधिकरणसमथ (अध्यकरण शमथ) सातवटा -दुवै परम्पराका सिक्खापदहरूमा कुनै कुराको भिन्नता छैन।

श्रीलंकादेखि साइबेरियासम्म र जापानदेखि यूरोपको सीमानासम्म अर्को शब्दमा भन्ने हो भने पूरै एशियामा आजभन्दा दुई हजार वर्ष पहिले फिजिएको र एकहजार

https://dhamma.digital

वर्षभन्दा बढी अवधिसम्म आपसमा छुट्टिएर रहेको यो बुद्ध-धर्मका शास्त्रहरूमा यस्तो बिघ्न आपसी एकरूपता पाइनु बडो आश्चर्यजनक छ। ती सबै संबाहकप्रति हामीहरू कृतज्ञ हुनुपर्दछ। मैले यहाँ चर्चा गरेको पाटिमोक्ख (प्रातिमोक्ष) को तुलना पालि वा थेरवाद र संस्कृत वा धर्मगुप्त निकायका भिक्खुहरूको मात्र हो। गृहस्थभिक्षु मानिने गुरुजुहरूको चलनको कुरा त्रिपिटकमा छैन।

**ख. भिक्खुणी पाटिमोक्ख -**हिजोआज थेरवादी समाजमा भिक्खुणीहरू नरहेकोले उनिहरूको पाटिमोक्खको चर्चा अनावश्यक ठानेर छोडिएको छ। तैपनि इच्छा हुनेहरूले हेर्नू, *A Comparative Study of Bhikkhuni Patimokkha* by Chatsuman Kabil Singh (Author)
(भिक्खु विपस्सी महास्थविरको सन् १९९९ मा प्रकाशित कृति *भगवान शरण* पृ २७-३८ बाट केहि परिवर्द्धनका साथ साभार)"

प्रस्तुत *विनयमुख भाग १, २ तथा ३ मा* पालि त्रिपिटक, अर्थकथा, टीका, अनुटीका तथा आचरियवादहरूको आधारमा छलफल गरिएको छ। यसमा सिक्खापदहरूलाई प्रस्ट्याउने कोसिस गरिएको धेरै राम्रो छ। तीक्ष्ण बुद्धिको प्रयोग गरेर तथ्यहरू चयन गर्ने, वस्तुगत तथ्यहरूको आधारमा मात्र निर्णयहरू दिने तथा केही बुँदाहरू विनयका ज्ञाताहरूबाट विचार बिमर्श गर्नकोलागी खुल्ला छोड्ने गरिएका छन्। अप्रामाणिक कुराहरूमा विश्वास गरिएको छैन। यसरी यो पुस्तक विनय सम्बन्धी निर्देशिका जस्तो छ। यसमा आधुनिक वैज्ञानिक

Dhamma.Digital

शिक्षाप्रणालीको सिद्धान्त पालना भएको छ भन्ने लाग्छ जुन कि विद्वानहरूले देख्नुहुने नै छ। उहाँ लेखकका यस्ता कृतिहरूले थाइलैंडको बुद्धधर्मलाई आधुनिकीकरण गर्नमा ठूलो भूमिका खेलेको छ। तर पुस्तकको प्रकृति अनुसार नै यसमा कथानक घटनाहरूलाई भने छोडिएका छन्। मैले ती त्रिपिटकका कथानक उल्लेखहरूको नेपाली अनुवाद दिवंगत आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा प्रणीत बुद्धकालीन ग्रन्थावली तथा अन्य प्रकाशनहरूबाट केही सूचनाहरू पादटिप्पणीमा राखीदिएको छु। अनुवादको क्रममा मैले थाई तथा अंग्रेजी पुस्तकलाई आधार माने पनि नेवारीमा उपलब्ध भिक्षु ज्ञानपूर्णिक अनुवादित उभयपातिमोक्ख पुस्तक पनि उपयोगी पाएको छु। पाटिमोक्खका सिक्खापदहरूको अर्थ फरक फरक परम्पराका तथा परिवेशका भनाइहरूको अध्ययन गरेमा विषयवस्तु झन प्रष्टिनेछ र पाठकहरूलाई आफ्नो अध्ययन ब्यापक बनाउनमा मद्दत पुग्ने आशा लिएको छु।

यस पुस्तकमा प्रयुक्त शीर्षकहरू, अनुच्छेदहरू, कोष्ठकहरू, अर्धविरामहरू, पादटिप्पणीहरू प्रायःगरी अंग्रेजी संस्करणको नै अनुकरण गरिएको छ। पालि पाठहरू *विनयमुख भाग १* तथा ३ मा क्यापिटल अक्षरमा तथा भाग २ मा इटालिक अक्षरमा दिइएको पनि अंग्रेजी पुस्तकको नै अनुकरण गरिएको हो। यस भाग १ को परिशिष्टमा दिइएको पालि-नेपाली शब्दकोष थाई संस्करणबाट अनुवादित हो भने भाग २ तथा ३

Dhamma.Digital

मा भएको अंग्रेजी संस्करणबाट, त्यसैले वर्णक्रम पनि ती भाषाहरूको मुताबिक रहेका छन्।

यी पुस्तकहरूको अनुवादमा मैले धेरै व्यक्ति तथा संस्थाहरूबाट मदत पाएको छु, तर यहाँ ती सबैको नाम लिएर साध्य छैन, केहिको मात्र उल्लेख गर्छु: यस पुस्तकका थाई लेखक भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया वजिर-ञाण-वरोरस; अंग्रेजी संस्करणका अनुवादक, सम्पादक र प्रकाशकवर्ग; मलाई विगत ३९ सालदेखि समुचित रूपले पालनपोषण, संरक्षण र संवर्द्धन गरिरहेको बैंकककाे वत् पवरनिवेस विहारको कार्यसमिति; अनेक सल्लाह तथा सहयोग दिएर हौसला बढाउने बैंककस्थित महामकुट राजविद्यालय प्रेसका प्रकाशन सम्पादक आचान सुछाउ ब्लअइछुम तथा समूह; अंग्रेजी पुस्तकलाई word मा परिवर्तन गरिदिने शिष्य पण्डित श्री दिपेन्द्र देशार, भाषा संशोधन गरिदिने शिष्य भिक्खुहरू छत्र बस्नेत (निपुण्णो), भिक्खु केशवप्रसाद अर्याल (अनुरुद्ध) तथा उपासक श्री हरिओम श्रेष्ठज्यू हुनुहुन्छ। मेरो पहिलेको अनुवाद कृति नवकोवादको प्राक्कथनमा उल्लिखित जस्तो नै सबैजनाबाट यसको अनुवाद कालमा पनि पूर्णसहयोग प्राप्त भएको छ, जसले गर्दा मेराअन्य धार्मिककार्यको जिम्मेदारीबाट फुर्सद पाएँ, यसमा थप मुनि विहारको उपोसथागारको कौसीमा छाना छाउने र मुनि विहारमा पूर्वी द्वारसँगको नयाँ कुटी निर्माणको व्यवस्था गर्ने समूहहरू, अनि मुनि विहारवासी नयाँ भिक्षु उदयसेन तथा भिक्षु गोविन्द (आनन्द) अधिकारीको नाम

लिएँ। श्री नरेन्द्रमणी दीक्षितको अंग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोष (बि.स. २०५७) तथा पुरुषोत्तम नारायण अग्रवाल सम्पादित नालन्दा अद्यतन कोष (हिन्दी, सन् १९७७) पनि प्रयोग गरेँ। archive.org मा भएको पुस्तक पनि काम लिएँ। आर्थिक दान गर्ने दाताहरू....... हुनुहुन्छ। प्रकाशनको जिम्मा लिने मुनि विहार व्यवस्थापन समिति छ । म यहाँ लिखित तथा अलिखित सबै सहायकहरूप्रति यथायोग्य अभिवादन, मंगल कामना तथा आशिर्वादका साथै कृतज्ञता ज्ञापन गर्दछु।

नेपालमा थाइ कृतिहरूको अनुवाद थोरै मात्र उपलब्ध छन्[2] र थाइ-नेपाली शब्दकोष अझै अभाव रहेको हुनाले मैले यो

---

[2] बरया अनुमान राजधनकृत *थाइ सांस्कृतिक परम्परा* (प्रकाशित साल. सन् १९९८?...) अंग्रेजीबाट अनुवाद भएको हो। यस्तै जगत बहादुर जोशी, तानसेनद्वारा अनुवादित भिक्षु बुद्धदासको कृति *बौद्धधर्मका मौलिक सिद्धान्तहरू* (सन् १९७३) पनि अंग्रेजीबाट अनुदित हो। भिक्खु धीरसुमेधोद्वारा थाइबाट नेवारीमा अनुवादित भिक्खु बुद्धदासको कृति *बुद्धशासनया सार* -(सन् २०००), यसको नेपाली अनुवाद केशव चित्रकारबाट भएको छ (२०१९)*; बाह्र महिनाका राजबिधीहरू* भने भिक्षु विपस्सी महास्थविरद्वारा नेपालीमा अनुवाद गरी फेसबूकमा साझा गरिएको छ। भिक्खु सुमेध धीरसुमेधो महास्थविरद्वारा नै थाईबाट सोझै नेवारीमा अनुवादित *सम्पूर्ण*

अनुवाद पनि अंग्रेजी संस्करणबाट गरेको छु। बरू आवश्यक ठाउँहरूमा थाइ प्रतिसँग पनि तुलना गरी विचार गरेको छु। थाइ कृतिमा तथा अंग्रेजी अनुवादमा रहेका कमीहरू हटाएर असल गुणहरू ग्रहण गरेको छु र सकभर सहि अनुवाद प्रस्तुत गर्ने प्रयास गरेको छु। अझै पनि यसमा गल्तिहरू भेटिन सक्छन्, जसको जानकारी पाएमा पछि सुधार गरिनेछन्।

*भिक्खु विपस्सी महास्थविर*
*नेपाली अनुवादक*

*वत् पवरनिवेस विहार,*
*बैंकक्।*
*५ मई २०२३*

*****

---

*बुद्वचन तिपिटकया सार* ८०० पृष्ठजतिको) २०५८ (सन् २०००) सालको छ। यहि पुस्तक नेपालीमा पनि अनुवादित भएको वत्र थाइ लुम्बनीद्वारा प्रकाशित छ (सन् २०२१)। भर्खर २०२२ मा श्री सुचिन बोरिहानवानाखेतको कृतिको अनुवाद "परमार्थ धर्महरू : एक सर्वेक्षण" श्री देवकाजी शाक्यद्वारा भएर प्रकाशित छ। यीमध्ये केहि पुस्तकहरूको फोटो सहित उल्लेख श्री हिरण्यलाल श्रेष्ठ लिखित *थाइल्याण्डमा बुद्धधर्म र नेपालसित सम्बन्ध* (सन् २००७ मा प्रकाशित) मा गरिएको छ। यति बाहेक छिटपुटलाई छोडेर उल्लेखनीय कृतिको अनुवाद भएको जानकारी अनुवादकले अझ पाएको छैन।

## प्राक्कथन

*बुद्धसासन* (बुद्धधर्म) भनिने *धम्म* र *विनय*लाई व्याख्या गर्ने पुस्तकहरू थाइभाषामा धेरै छन्। विशेष गरेर तीमध्ये धेरै पुस्तकहरू बौद्ध शिक्षाको पाठ्यक्रममा प्रयुक्त छन्। थाइलैंडमा धेरै पहिलेदेखि बुद्धसासनलाई ग्रहण गरिएको छ र त्यसमा श्रद्धा राख्दछन्। तसर्थ यस विषयमा यहाँ धेरै विद्वानहरू छन् जसमा केहीले लामो अवधिमा विभिन्न विधाका पुस्तकहरू रचना गरेका छन्। निकट अतीतमा भिक्खुवर समतेज बर-महा-समण-चाउ क्रम-बरया वजिर-ञाण-वरोरसले ठूलो संख्यामा पुस्तकहरू लेख्नुभएको छ, जुन अझसम्म पनि प्रव्रजित तथा गृहस्थ धर्मशिक्षाका विद्यार्थीहरूको पाठ्यक्रममा प्रयोग गरिएका छन्। महामकुट राजविद्यालय विश्वविद्यालयले यी पुस्तकहरूलाई अनुवाद गर्ने काम गरेको छ जसमध्ये धेरैजसोलाई महामकुट राजविद्यालय कोषले प्रकाशित गरिसकेको छ। जस्तै, *धम्मविचारण* (धर्ममा विचारविमर्श), *पंचशील पंचधम्म* (पंचशील तथा उच्चगुणधर्महरू) आदि।

यी कृतिहरूलाई अंग्रेजीमा अनुवाद गरिनुको कारण यो हो कि बुद्धसासनमा रूचि राख्ने विदेशीहरू धेरै वृद्धि भइरहेका छन् र अझ थप अध्ययनकोलागी प्रव्रजित *(भिक्खु)* हुन थाइलैंडमा आउन खोज्नेहरू पनि पहिलेभन्दा धेरै बढेका छन्। विभिन्न देशहरूमा बुद्धसासनमा श्रद्धा हुनेहरूको आपसी सम्पर्क पनि निक्कै बढेका छन्। त्यसमाथि अंग्रेजी भाषा

https://dhamma.digital

संसारभरका धेरै मानिसहरूले बुझ्ने भाषा हो। त्यसो हुनाले यो भाषालाई अन्तर्राष्ट्रिय भाषाको रूपमा प्रयोग गरिन्छ। थाइ भिक्खुहरूले बुद्धधर्मका ज्ञान प्रचारमा सम्पर्क सरल बनाउनकोलागी अंग्रेजी र अरू सहायक विषयहरू सिक्ने कोसिस गरिरहेका छन्। यो उद्देश्य पूर्तिकोलागी एउटा विश्वविद्यालय स्थापना गरिएको छ। तसर्थ बौद्ध कृतिहरूलाई अंग्रेजीमा अनुवाद गर्नु समुचित र जरूरी छ। हामीले प्रब्रजित तथा गृहस्थीहरूकालागी धार्मिक शिक्षाका सम्पूर्ण तहका पाठ्यक्रमहरू अनुवाद गर्ने उद्देश्य राखेका छौं। यो पुस्तक *विनयमुख (भाग १*) त्यसको एउटा भाग हो जुन कि अहिले अनुवाद तथा प्रकाशन गरिएको छ। *विनयमुख* पुस्तकका आदरणीय लेखकद्वारा लिखित परिचयमा यस्ता पुस्तकहरूको आवश्यकतालाई प्रष्ट्याउनुभएको छ। यो कृति अनुवादकोलागी भिक्खु बरखन्तिपालो र श्री सुचिनले मिलेर बुद्धसम्बत २५१० को वर्षावासमा सहकार्य गर्नुभएको हो, जुन कि बुद्धसम्बत २५१२ मा प्रकाशित भयो। महामकुट राजविद्यालय फाउण्डेशनले *पाटिमोक्ख* (भिक्खुहरूका मूल विनय) पनि अंग्रेजी अनुवाद सहित गरी प्रकाशित गरिएको छ। (जसको अहिले दोश्रो संस्करण प्रकाशित भइसकेको छ।)

बुद्धधर्ममा *भिक्खुसंघ*का विषयसँग अपरिचितहरूलाई थाहा हुन्न कि भिक्खुहरूले किन यो गर्न मिल्छ, तर त्यो गर्न मिल्दैन। भिक्खुहरूले कसरी आचरण गर्नुपर्छ भन्ने कुरा पनि उनीहरू जान्दैनन्। अनि गृहस्थीहरूले भिक्खुहरूसँग कसरी

व्यवहार गर्ने भन्ने कुरो पनि थाहा छैन। तर जब यो *विनयमुख* पुस्तक पढिसक्छन्, उनीहरूले विषयवस्तुलाई जान्नेछन्, जसलाई शुद्ध जीवनका आचरणहरू भनिन्छ र यो साँच्चै नै महत्त्वपूर्ण छ। विनयलाई कति सावधानीपूर्वक व्यवहार गरिएको छ भन्ने कुरा यो कृतिमा उनीहरूले पनि देख्ने छन्। प्रव्रजित भएकालाई त यसले *विनय*लाई पूर्णरूपले कसरी आचरण गर्ने भन्ने समेत देखाउँछ।

यो विनयलाई *थेरवाद* भिक्खुसंघ (पुरानाहरूको समूह) ले बुद्धसासनको मूल जरा हो भनी मान्दछन्। उनीहरू कडाइका साथ मान्दछन् कि विनयलाई परिवर्तन गर्न वा त्याग्न हुँदैन। पहिलो संगायनमा *थेरहरू*ले निर्णय गरिराखेको मुताबिक नै चलाउनु पर्छ। यो परम्परालाई मान्ने भिक्खुसंघलाई थेरवादी भनिन्छ।

जसले यो पुस्तक वा संक्षिप्त पातिमोक्ख पढेको छ, उसले बुद्ध धर्मका आदेशहरू जान्ने छन्, जुन कि मूल र असली हो। उनीहरूलाई आश्चर्य लाग्नेछ कि यी नियमहरू अहिलेसम्म पनि कसरी व्यवहार गर्न सकिएला? लौकिक नियमहरूका कुन पुस्तक २,५०० वर्षभन्दा पहिलेदेखि चलिआएको छ, र अझै पूर्णरूपमा मान्यता प्राप्त छ?, जस्तो कि भगवान् बुद्धले निर्धारण गर्नुभएका विनयमा आचरणका नियमहरू छन्।

हामी महामकुट राजविद्यालय फाउण्डेशन भिक्खु खन्तिपालो (Lawrence C. Mills) र श्री सुचिन थअङ्युवक्

Dhamma.Digital

पालि कक्षा ६, डिप्लोमा इन एजुकेशन, बी.ए. (बुद्धिज्म, संस्कृतमा एम.ए., महामकुट बुद्धिस्ट युनिवर्सिटीमा प्राध्यापक), जो यसका अनुवादकहरू हुन्, र अरूहरू जसले हरप्रकारले यस काममा मद्दत गरे, सबैको प्रशंसा गर्न चाहन्छौं।

*भिक्खुवर बरसासन सोभण (सुवड्ढनो)⁎*
*महामकुट राजविद्यालयका निर्देशक*

वत् पवरनिवेस विहार,
१ अक्टूवर बु.स. २५१२

*⁎उहाँ पछि क्रमशः थाइ नरेश भूमिबल अतुल्यतेज (रामनवम) द्वारापदोन्नति भई २१ अप्रिल १९८९ मा सर्वोच्च धार्मिक-पद भिक्खुवर समतेच बर-ञाण-संवर भन्ने राजदिन्न नामले १९औं संघराज पदमा आसीन हुनुभयो। अन्ततः २४ अक्टूवर २०१३ मा उहाँको मृत्यु भयो। उहाँ मरणोपरान्त २८ जुलाई २०१९ मा थाइ नरेशवजिरालंकरण (राम दसम) द्वारा भिक्खुवर समतेच बर-संघराज-चाउ क्रम-ल्हवङ वजिर-ञाण-संवर भन्ने राजपुत्र बराबरको सम्मानित पदनामद्वारा विभूषित गरिनुभयो।*
*-नेपाली अनुवादक*

Dhamma.Digital

## प्रस्तावना

हामी भिक्खुहरूको समाज वा संघ अरू अरू बलियो जातिसमूह वा समुदायहरू जस्तो नै नियम, विनियम तथा चलनहरूद्वारा नियन्त्रित एउटा बलियो समाज हो। भिक्खुहरूका यी नियम, विनियम तथा चलनहरूलाई *विनय* भनिन्छ, जुन कि धम्मसँग जोडिएर रहेको छ। यो *धम्म* चित्तको प्रशिक्षण हो। यी दुवै मिलेर बुद्धसासन बनेको छ, यसै कारणले यसलाई *धम्म-विनय* भनिन्छ। यस्तो मान्यता छ कि भिक्खु उपाली थेर विनयमा विशेषज्ञ हुनुहुन्थ्यो, जसले बुद्ध भगवानको समक्ष नै अध्ययन गर्नुभएको थियो। भगवानबाट उहाँलाई विनयको विशेषज्ञहरूमध्येमा अग्र भनी आज्ञा हुनुभएको थियो। त्यसबेला उहाँभन्दा बढी विनय जान्ने अरू कोही पनि भिक्खुहरू हुनुहुन्नथ्यो। बुद्ध भगवानको महापरिनिर्वाण भएको लगत्तै पछि वर्षावास बसेको विहारमा महाकस्सप थेर[3]द्वारा प्रशंसा गरिएका थेरहरू धम्म-विनयको पूर्वाभ्यास (संगायन) गर्नकोलागी मगध

[3]महाकाश्यप महास्थिवर सम्बन्धी सम्पूर्ण कुराहरूकोलागी हेर्नू, आचार्य भिक्षु डा. अमृतानन्दकृत तथा वीर-पूर्ण पुस्तक सङ्ग्रहालयद्वारा बि.स. २०७५ मा प्रकाशित *बुद्धकालीन श्रावक-चरित (भाग ६) : नेपाली अनुवादक।*

Dhamma.Digital

राज्यको राजधानी राजगृहमा भेला भएका थिए, त्यहीं बुद्धसासनका देशनाहरू व्यवस्थित गरिए जुन सबै भिक्खुहरूकालागी सिद्धान्त बन्यो। सो संगायनमा विनय सम्बन्धित जति विषयहरूमा भिक्खु महाकस्सप थेरले भिक्खु उपाली थेरसँग प्रश्नहरू गर्नुभएको थियो। जसले ती सबैका उत्तर दिनुभयो तथा जब सबै कुरामा सहमति भयो, यी कुराहरूलाई सबैले आचरण गर्नुपर्ने ढाँचाको रूपमा स्वीकार गरिए तथा कण्ठस्थ गर्नुपर्ने निर्णय भयो, यी कुराहरू अरूलाई मौखिकरूपले सिकाएर एकले अर्कोलाई हस्तान्तरण गर्नुपर्ने गरियो। यसरी विनय सम्बन्धी ज्ञान भगवानको महापरिनिर्वाण पछि लिपिबद्ध नहुन्जेलसम्म एक पुस्ताबाट अर्को पुस्तामा सर्दै धेरै शताब्दीसम्म कायम रह्यो। त्यस अवधिमा बेलाबेलामा विनय सम्बन्धी मिथ्या अवधारणा उत्पन्न भएका थिए र तत्कालीन थेरहरू विवाद सुल्झाउनकोलागी भेला भएका थिए। उनीहरूका निर्णयहरू पनि आचरणका ढाँचाको रूपमा व्यवहारमा चलिआएको छ। संगायनमा थेरहरूले निर्णय गरेका आचरणका ढाँचाहरू (बुद्धसासन) लाई *पालि* भनियो। शुरुदेखि नै यी पाठहरू र यसका भाषाहरू जुन कि पढिएका थिए, विश्वास गरिएका थिए र त्यसलाई फरक नहुने गरी स्मरण गरिएका थिए। प्रथम संगायन वा पूर्वाभ्यासको भेलामा सहभागी हुनुभएकाहरू बुद्ध भगवानका नै महाश्रावक (ठूला शिष्य)हरू हुनुहुन्थ्यो, जो भगवानका शिक्षामा पोख्त हुनुहुन्थ्यो। अझ थप

Dhamma.Digital

कुरा उहाँहरू परिशुद्ध व्यक्तिहरू हुनुहुन्थ्यो, किनकि उहाँहरू अरहन्त हुनुहुन्थ्यो।

मूल पालिको अर्थ स्पष्ट गर्न आचरियहरूद्वारा लिखित व्याख्याहरूलाई *अट्ठकथा* भनिन्छ। त्यसो हुनाले तिनको स्तर पालिपछि दोश्रो दर्जाको छ र तिनलाई कम आदरका साथ हेरिन्छन्। तैपनि ती लेखकहरूले बुद्ध भगवानका शिक्षाहरू बुझेका छन्, त्यसो हुनाले तिनीहरूलाई विश्वास गर्न सकिन्छ।

अझ पछि ती अट्ठकथाहरूलाई व्याख्या गर्नकोलागी लेखिएका अथवा तिनमा थपिएका कृतिहरूलाई *टीका* भनिन्छ। यी टीकामाथि लेखिएका थप जानकारीहरूका पुस्तकहरूलाई *अनुटीका* भनिन्छ। यी टीका तथा अनुटीकामा पछिका अनेक आचरियहरूका विचारहरू सामेल हुनाले तिनीहरू कम मात्र विश्वसनीय मानिन्छन्। आचरियहरूबाट आफ्ना विचार अनुसार स्वतन्त्ररूपले लिखित अरू पुस्तकहरूलाई यस क्रम (पालिदेखि अनुटीकासम्म) मा सामेल गरिंदैन। ती पुस्तकहरूलाई आचरियमत वा *आचरियवाद* मानिन्छन्।

मेरो आफ्नै अन्वेषण अनुसार यस्तो निर्णय गर्न सकिन्छ कि त्यो पहिलो संगायनमा मात्र बुद्ध भगवानका वचनहरूका सम्बन्धमा दुवै थरीका अर्थात् धम्म तथा विनयका प्रश्नहरू सोधिएका थिए तथा खोजीनीति गरिएका थिए। त्यसपछि सर्वसम्मतिले अथवा बहुमतले स्वीकृत पाठलाई विश्वसनीय मानियो तथा त्यसपछि यो एकबाट अर्को पुस्तामा हस्तान्तरण गरिए। पछिका समयमा जब बुझाईहरूमा भिन्नता

Dhamma.Digital

उत्पन्न भयो, जब अस्पष्ट बुँदाहरूमा स्पष्टीकरण आवश्यक भयो, तत्कालीन थेरहरू फेरी संगायनकोलागी भेला भए, अनि निर्णय गरे तथा लिपिबद्ध नहुन्जेलसम्म समयसमयमा सहमति स्थापना गरे। त्यसो हुनाले लिखित पाठमा थप व्यापक कुराहरू राखेर प्रष्ट्याएको हुनसक्छ। लिखित परम्परा बिना एकले अर्कोलाई बुद्धसासन हस्तान्तरण गर्ने कामको नजिकको उदाहरण धम्मयुत्तिक निकायमा देखिन्छ। राजा चअमक्लाउ (राम चौथो, राजा महामकुट) भिक्खु रहेको अवधिदेखि वर्तमानसम्म (बु.स. २४५६) ६० वर्ष बितिसके, जुन अवधिमा यो परम्परा आचरणको माध्यमले, मूल विनय तथा धम्म त्यस्तै कण्ठ गर्नुपर्ने पालि ग्रन्थहरू बाहेक अरू कुराहरूको कुनै लिखित परम्परा बिना नै, गुरुबाट शिष्यमा हस्तान्तरण हुँदै आएको छ। यसमा एउटा कुरा स्पष्ट छ कि मूल पालिका सिद्धान्तहरूको प्राचीनता, प्रामाणिकता तथा शुद्धता स्पष्टरूपले नै त्यति होइन जति हामी पहिले विश्वास गर्थ्यौं। त्यसमा पछि थपिएका कुराहरू पनि छन् जसलाई केही स्थानमा यस प्रकार देखाउन सकिन्छः मातिका भनिने पाटिमोक्खपालि सम्बन्धमा सुत्तहरूमा भनिएको छ कि त्यसमा डेढसयवटा नियमहरू छन्, अनियत र सेखियवत्त बाहेक गरेर, जुन कि सुत्तहरूको व्यवस्था गरिसकिएपछि थपिएको हो। विभंग पालिमा भनिएको छ कि पाटिमोक्खमा विस्तृत गरिएका सिक्खापदहरू जसमा चैत्यस्थान आदिको उल्लेख छ, यो पालिमा पछि थपिएको हो, किनकि चैत्यस्थानहरूलाई पवित्र मान्न थालिसकिएको थियो, र

मानिसहरूमा ती स्थानहरूमा भेटी दक्षिणाहरू चढाउने चलन चलिसकेको थियो। फेरि खन्धक ग्रन्थमा पहिलो र दोस्रो संगायनको उल्लेख छ, जसबाट यो ग्रन्थ पछि मात्र रचना गरिएको भन्ने देखाउँछ। त्यसमा फेरि भिक्खु संघमा विवाद उत्पन्न हुने बेलामा यसलाई समाधान गर्ने तरिकाको पनि उल्लेख छ। तर यो त पक्कै पनि बुद्‌ध भगवानको व्यवहार होइन, किनकि यस्ता विवादहरू त अवश्य पनि शिष्यहरूका माझमा भगवान शास्ताले समाधान गर्ने हो। बुद्‌धले विवाद उत्पन्न हुने विखण्डनको बाटो खोल्ने तरिका सिर्जना गर्नुहुन्न। त्यसो हुनाले यो पछि तब लेखिएको थियो जब विखण्डनको अवस्था आएको थियो भनी मान्न सकिन्छ। खास गरी यो कुरो श्रीलंकामा महाविहारवासीहरू तथा अभयगिरीवासी भिक्खुहरूले विवाद उत्पन्न गरेको बेलाको हुनसक्छ। शुद्‌ध तथा पूर्णरूपले होशियारहरूद्‌वारा लेखिने विधीलाई प्रयोग गरेको देखिंदैन, किनकि उनीहरूलाई थाहा छ कि यसमा असावधानी हुने मौकाहरू प्रष्टरूपले नै धेरै हुन्छन्। यो कुरा यसरी व्यक्त गर्न सकिन्छः विभंगपालि ग्रन्थमा लेखक दुविधामा परेको देखिन्छ कि पालि भनेको बुद्‌ध भगवानको श्रीमुखबाट नै आएको हो कि लेखकको मनबाट, यसमा अन्तर्विरोध भएको देखाइएको छ। यस्ता ठूला असावधानीहरू विभंग ग्रन्थमा पुरानो आसन सम्बन्धी नियम (निस्सग्गिय पाचित्तिय, कोसियवग्ग ५) सम्बन्धमा भएको विस्तृत छलफलमा देखिन्छन्। यसमा लेखकले बोले कि आसन एक ठाउँमा मात्र च्यातेको छ। अहिले

Dhamma.Digital

पनि सो चकटी आसन बस्नकोलागी प्रयोग गरिन्छ, ओढ्नकोलागी होइन, यसको रंग पनि चीवरको भन्दा फरक छ। यहाँ लेखकले चकटीलाई पुरानो भएको भन्नुको कारण यो हो कि योभन्दा पहिले उनले पुरानो चीवरसम्बन्धी छलफल गरेका थिए (निस्सग्गिय पाचित्तिय, चीवरवग्ग ४) जसमा भनिएको छ कि एक चोटी मात्र तल पहिरनाले र माथि ओढ्नाले चीवर पुरानो भइसकेको थियो, यसको लगत्तै जब लेखकले चकटी सम्बन्धी कुरा गरे, उनले माथिकै कुरा असावधानीपूर्वक सारे। यस्ता गल्तीहरू अझै अरू पनि छन्, जसमध्ये केहीलाई यस पुस्तकमा प्रस्तुत गरिएका छन्।

अट्ठकथा तथा टीकाहरूमा असावधानीले भएका यस्ता गल्तीहरू देखाउनु परेन, किनकि ती त आचरियवाद हुन्। तिनमा विश्वास गर्ने वा नगर्ने भन्ने कुरा हाम्रै होशियारीसाथ गरिने विचारमा भर पर्दछ।

धेरै समय पहिलेदेखि मौखिक तथा लिखितरूपमा एक अर्कामा हस्तान्तरण हुँदै आएको विनयमा नै पनि आचरियहरूले गलत ढंगले बुझेर लेखिदिए, अनि त स्वाभाविक रूपले नै बुझाईमा अन्तरहरू उत्पन्न भए। संगायनको बेलामा जब यसको पूर्वाभ्यास गरिए, त्यतिबेलै ती गल्तीहरूलाई निकाल्न सक्थे, तर विनय लिखितरूपमा आरूढ भइसकेको हुनाले पवित्र पुस्तकमा बाँकी रहीरहे, तथा कसैले पनि यिनलाई हटाउन सकेनन्। अलग्ग अलग्ग देशमा भएका संगायनहरूमा हिज्जेहरूमा मात्र सुधार गर्ने उद्देश्य लिएका थिए। पछिका

https://dhamma.digital

ग्रन्थहरूका सम्बन्धमा त लेखकहरूले मूल ग्रन्थको सारलाई वास्ता गरेनन्, मात्र मागधी भाषाबाट आफ्ना राष्ट्रिय भाषाहरूमा अर्थ अनुवाद गर्ने मात्र काम गरे। उनीहरूले आफ्ना विषयहरूलाई आफ्नै रहर अनुसार नै व्यवस्था गरे, यसको उदाहरण *पुब्बसिक्खावण्णना* हो।

विनयमा पाइएका जटिलताहरूले दुईवटा परिणामहरू ल्याउँछन्- (१) जो नियममा सख्त (कट्टर) छैनन्, उनिहरू पालन गर्नकोलागी उत्साह गर्दैनन् र, यसो हुनाले भिक्खुहरूको संघलाई सफलतापूर्वक नियन्त्रण गर्नु सम्भव हुँदैन। (२) जो सख्त छन् उनीहरू (विनय) लाई अन्धाधुन्ध मान्छन्, उनीहरू अरूभन्दा आफू राम्रा छौं भन्ने सोचेर परम्परासँग सम्बन्धित तुच्छ बुँदाहरूकोलागी पनि अरूलाई दोषी ठहराउँछन्, यसैले उनीहरू बैठकमा प्रवेश गर्दा आफैलाई कष्ट अनुभव गर्छन्। परिणाम यो हुन्छ कि पालन गर्नेहरूलाई प्रसन्नता प्राप्ति हुँदैन। विनयको एउटा फाइदा कष्टबाट मुक्ति भनिएको छ तर प्रतिफल भने विपरीत हुन्छ, यी झूटा 'सख्त' भिक्खुहरूलाई त्यसमा पश्चाताप अनुभव हुन्छ।

विनय हामीसम्म कसरी आएको छ भन्ने यस चर्चाबाट म गहारो अनुभव गर्दछु। फलस्वरूप मैले यसमा सहधर्मी साथीहरूलाई विनय पालना गर्दा के के फाइदा हुन्छ भनी लाभहरू औंल्याउने उद्देश्यले *विनयमुख* नामक पुस्तक लेख्ने योजना बनाएको हुँ, ताकि उनीहरू सही अभ्यासमा संलग्न होउन्। जो कट्टर छैनन् उनीहरू विश्वस्त हुनेछन् र उनीहरूले

आफूलाई श्रमणकोलागी उचित शिष्टाचारमा प्रशिक्षित गर्नेछन्; जबकि जो अत्याधिक सख्त छन् उनीहरू अब अन्धाधुन्ध पालन गर्दैनन्, घमण्ड गर्न छोड्नेछन् र अरूलाई दोष लगाउनेछैनन्। अनि अरूलाई पनि राम्रो तरिकाले आचरण गर्नकोलागी प्रेरित गर्नेछन् ताकि पश्चाताप रहित हुने लाभ प्राप्त हुनेछ।

बच्न नसकिने आपत्तिहरूको विशाल समूह (ढेर) देखेर हुने चिन्ता र भ्रमबाट बच्नकोलागी म पालिबाट विनयलाई दुई समूहमा विभाजित गर्ने विधी अपनाउँछु: *आदि-ब्रह्मचरियका-सिक्खा* (ब्रह्मचर्य अर्थात् शुद्ध जीवनका मुख्य शिक्षाहरू), र *अभिसमाचारिकासिक्खा* (समुचित आचरणका उच्च शिक्षा)। यी दुई वर्गहरू यी पुस्तकहरूमा प्रयोग गरिनेछन् र म विनय अनुसार त्यसलाई व्याख्या गर्नकोलागी अगाडि बढ्नेछु। यसको पहिलो भाग बुद्ध भगवानद्वारा निर्धारित नियमहरू र सिक्खापदहरूसँग सम्बन्धित छ जुन आदेशहरू प्रत्येक पक्षमा हुने संघ सभामा वाचन गरिने आधारभूत सिद्धान्तहरू हुन्, जसलाई एकीकृत रूपमा पाटिमोक्ख भनिन्छ। दोस्रो पुस्तक (भाग) अभिसमाचार सम्बन्धी हो, भगवान बुद्धद्वारा निर्धारित वा उहाँद्वारा अनुमति भएकाराम्रा व्यवहार र राम्रा परम्पराहरू हुन्, जुन नियमहरू *पाटिमोक्ख*मा सामेल छैनन्। यी दुई भागहरूको विस्तृत व्यवस्था तिनका सम्बन्धित विषयसूचीका पृष्ठहरूमा देखाइनेछन्।

Dhamma.Digital

तपाईंलाई यो स्पष्ट गर्न चाहन्छु कि म *कालाम सुत्त* (*तिकनिपात, अंगुत्तरनिकाय*)[4] बाट सन्तुष्ट छु, जुन कि बुद्ध भगवानको वचन मानिन्छ र भगवानले कोसल राज्यको केसपुत्तगाउँका कालामवंशका मानिसहरूलाई दिनुभएको देशना थियो। यस सुत्तमा उहाँले कालामहरूलाई अनुचित र विश्वास गर्न नहुने दसवटा बिभिन्न तरिकाहरू बताउनुभएको छ। आफैंले यी तरिकाहरूलाई विचार गरेपछि कालामहरूले गलतलाई लिनु हुँदैन, तर जुन सही देखिन्छ त्यो लिनुपर्छ। ती विभिन्न दसवटा तरिकाहरूमा एउटा यहाँ उल्लेख गर्नु उचित हुनेछः "*मापिटकसम्पदानेन*- पवित्र ग्रन्थ वा शास्त्र अनुसार सही भएको हुँदैमा विश्वास नगर्नू।" मेरो बानी छ कि धर्मशास्त्रमा पाइने सबै शब्दहरूमा विश्वास गर्ने हैन, बरु हेतुसम्मत भएका भनाइहरूलाई मात्र विश्वास गर्ने हो। हामीले पवित्र ग्रन्थहरूको इतिहास जानेका छौं; यसबाहेक, हामीले इतिहासका पुस्तकहरू पढेका छौं, जस्तो कि माथि उल्लेख गरिसकें। त्यसो हुनाले त्यसलाई एकमात्र स्रोतको रूपमा स्वीकार्न हुँदैन। मेरो लेखनको आधार यो हो कि जुन उचित छ त्यसलाई प्रमाणको रूपमा लिनुपर्छ, जुन दोषपूर्ण छ त्यसलाई पालि वा अट्ठकथाबाट

[4] हेर्नुहोस्, महामकुटप्रकाशन, "A Criterion of True Religion"- कालामसुत्तको अनुवाद।
-अंग्रेजी अनुवादकको टिप्पणी

Dhamma.Digital

आएको भए पनि विरोध गर्नुपर्छ। यो कुरा मनमा राखेर मैले केही राय दिएको छु, ताकि विनय-विशेषज्ञहरूले ती सम्बन्धमा अनुसन्धानहरू जारी राख्न सक्नेछन् र मलाई आशा छ कि यो तरिका ज्ञानको प्रगतिकोलागी उचित हुनेछ। यदि हामीले केवल 'ज्ञानबाट रहित' (ञाणविप्पयुत्त) को मार्गमा विश्वास गर्यौंभने ज्ञानको वृद्धि असम्भव हुनेछ।

यो पुस्तक लेख्दा धेरै पटक मैले थाई भाषाको *पुब्बसिक्खावण्णना* को सहारा लिएको छु, किनकि यसका लेखकले विषय अनुसार बिभिन्न शास्त्रहरूबाट संकलन गरेका छन् र मेरो उद्देश्य यसै *पुब्बसिक्खावण्णना* पुस्तकमा टीका वा अनुटीकाको रूपमा टिप्पणी गर्नु हो। त्यसलाई पूर्णता दिनकोलागी त्यसमा रहेका दोषपूर्ण र कमी अवस्थालाई भर्नु र गल्तीहरूलाई सुधार गर्नु हो। *पुब्बसिक्खावण्णना* पुस्तक औजारको रूपमा मेरो हातमा छ, वा यो भन्न सकिन्छ कि मैले त्यस पुस्तकका सामग्रीहरूलाई पुन: नयाँ क्रममा व्यवस्था गरेको छु। म वत् परमनिवास विहारका प्रमुख भिक्खुवर बर अमराभिरक्खित (Amara Gert) प्रति आभारी छु जो कि त्यस पुस्तकका लेखक हुनुहुन्छ।

फेरी, मेरो धन्यवाद वत् देबसिरिन्द्रावास विहारका प्रमुख भिक्खुवर बरधम्मत्रैलोकाचार्य (ञाणवर चरेण) जो मेरा सहायक हुनुहुन्छ, जसले मलाई कहिलेकाहीं आवश्यक विषयहरूका स्रोतहरू पत्ता लगाउनमा सहयोग गर्नुभयो, र मेरो धन्यवाद वत् पवरनिवेस विहारका भिक्खु बर महाउपगुत्तो (आब)लाई जान्छ,

जो मेरा सद्धिविहारिक (शिष्य) हुनुहुन्छ, र जसले मलाई यस पुस्तकको मस्यौदा सार्नमा मद्दत गर्नुभयो।

यो पुस्तक लेखनमा लागेको मेरो श्रम मेरा पूर्वाचार्यहरूमा अर्पण गर्दछु, जसले बुद्ध भगवानका शिक्षालाई उत्तराधिकारी भएर रक्षा गर्नुभयो, जसमा मेरा उपाध्याय र आचरियहरू समेत रहेका छन्, जसले मलाई उत्तम धम्मविनय बुझ्नेगरी सिकाउनुभयो, र जो कि यो विषय बुझ्नमा मेरा ज्ञानका स्रोतहरू हुनुहुन्थ्यो।

*भिक्खुवर क्रम वजिर-ञाण-वरोरस*

वत् पवरनिवेस विहार

सोमवार, ६ अक्टूबर, बु. स. २४५६ (१९१३)

*****

https://dhamma.digital

'भिक्खुहरूहो, जस्तो कि महासमुद्र स्थीर हुन्छ, र यो आफ्नो किनाराभन्दा माथि उर्लंदैन, त्यस्तै नै भिक्खुहरूहो, मैले मेरा श्रावकहरूकोलागी जे जति सिक्खापदहरू बनाइदिएको छु, उनीहरूले जीवनकोलागी पनि तिनलाई नाघ्ने छैनन्।

बुद्धवचन

(विनय पिटक, पाराजिक पालि)

Dhamma.Digital

https://dhamma.digital

# विषय-सूची तुलना गर्नुहोस्

**नेपाली अनुवादकको प्राक्कथन**

**प्राक्कथन** १

**प्रस्तावना**

**अध्याय १उपसम्पदा** (भिक्खुत्व प्रदान)

चारवटा सम्पत्ति (योग्यताहरू)

**अध्याय २विनय**

विनय पञ्ञत्ति(नियमहरूबनाउनु)को

मूल कारण

आपत्ति (दोषहरू)

विनयका फाइदाहरू

**अध्याय ३सिक्खापदहरू**

पाटिमोक्खमा समावेश भएका सिक्खापदहरू

**अध्याय ४पाराजिक**(पराजय)

१. पठमसिक्खापद

२. दुतीयसिक्खापद

३. ततीयसिक्खापद

Dhamma.Digital

४.चतुत्थसिक्खापद

**अध्याय ५संघादिसेस**

*आपति भएपछिविधी पुर्याउनुपर्ने*

*नौवटा सिक्खापदहरू*

*तेश्रो घोषणाद्वारा निर्णितहुने*

*चारवटानियमहरू*

*सारांश*

**अनियत**

**अध्याय ६निस्सग्गिय-पाचित्तिय**

पठम -चीवर वग्ग

दुतीय-कोसिय वग्ग

ततीय -पात्र वग्ग

निस्सग्गिय आपत्तिका आधारहरूका सारांश

निस्सग्गियको व्यावहारिक उपचार

**अध्याय ७पाचित्तिय**

पठम मुसावाद वग्ग

दुतीय भूतगाम वग्ग

ततीय ओवाद वग्ग

चतुत्थ भोजन वग्ग

पंचम अचेलक वग्ग

छट्ठम सुरापान वग्ग


Dhamma.Digital

सत्तम सप्पाण वग्ग
अट्ठम सहधम्मिक वग्ग
नवम रतन वग्ग
सारांश -----

**अध्याय ८पाटिदेसनीय**-(देशना गर्नुपर्ने)
**सेखिय** (सिक्नुपर्ने नियमहरू)
पठम वग्ग सारूप्प -उचित व्यवहार सम्बन्धी
दुतीय वग्ग भोजन पटिसंयुत्त -भोजन सम्बन्धी
ततीय वग्ग धम्म धम्मदेसना पटिसंयुत्त
-धर्मदेशना सम्बन्धी
चतुत्थ वग्गपकिण्णक-विविध
**अध्याय ९अधिकरण-समथ**
- विनयगत निर्णयका प्रक्रियाहरू
**अध्याय १०मापनहरू**
१) समयमापन
२) रेखिकमापन
३) क्षमतामापन
४) तौलमापन
५) मुद्राकामानकहरू
६) विशेषमापन(सुगतकोबित्तासम्बन्धीआदि)

Dhamma.Digital

https://dhamma.digital

## अध्याय १

## उपसम्पदा

(भिक्खुत्व प्रदान)

पुरातन समयदेखि लिएर वर्तमानसम्म पनि धम्मको अभ्यासमा मानिसहरूलाई उपदेश गर्न रुचाउने व्यक्तिहरू केही संख्यामा रहेका छन्। उनीहरूका विचार अनुसार यस्तो शिक्षा दिनुले उनीहरूको जीवनको बर्बादी होइन, बरू यो मानिसहरूकोलागी धेरै लाभदायक हुन्छ। जो व्यक्ति यस्तो आफ्नो आदर्शलाई दृढतापूर्वक विश्वास गर्दछन् उनीहरू आफ्नो धन, सम्मान र व्यक्तिगत सुखसयलको त्याग गर्छन्, र *ब्रह्मचरिय* (पवित्र जीवन) धारण गरेर मानिसहरूलाई सिकाउनकोलागी यताउति भ्रमण गर्छन्, अरूलाई आफ्नो आदर्श सिकाउनकोलागी आफ्नो समय समर्पण गरिरहन्छन्। शिष्यहरूको ठूलो जमघट रहने भएकोले यस्ता मानिसहरूलाई गुरु *(शास्ता, सत्था*) भनिन्छ। यस्ता गुरुका शिक्षा धेरै

मानिसहरूद्वारा विश्वास गरिन्छन् र एक पुस्ताबाट अर्को पुस्तामा (गुरुबाट शिष्यमा) हस्तान्तरण गरिन्छ। त्यसैलाई सम्प्रदाय (सिद्धान्त, *लद्धि, लब्धि, निश्कर्ष*) वा धर्म *(सासन)* भनिन्छ।

हाम्रा शास्ता (बुद्ध भगवान) त्यस्ता मानिसहरूमध्ये एक हुनुहुन्छ। यद्यपि, उहाँ क्षत्रीय (महान योद्धा) जातिमा जन्मनुभएको थियो र सिंहासनका उत्तराधिकारी बन्ने, राज्यसम्पत्ति प्राप्त गर्ने र राज्यको उत्तराधिकारी हुनुहुन्थ्यो, तैपनि उहाँ जन्मजातले नै सबै मानिसहरूप्रति सुदृढ महान करुणाले सम्पन्न हुनुहुन्थ्यो। उहाँलाई लाभ उठाउने अवसर थियो किनकि ती मौकाहरू उहाँको हातमा थिए। तैपनि उहाँले राजाको रूपमा शासन गर्नुभन्दा पनि जनतालाई शिक्षित गर्न रुचाउनुभयो। उहाँले कठिन र ब्रह्मचारी जीवन बिताउनमा गाह्रो मान्नुभएन। उहाँको त्यागभावनाको कारणले यसलाई प्राथमिकता दिनुभएको थियो। यो उहाँजस्ता महान् उद्देश्य लिएर हिंड्ने व्यक्तिकालागी स्वाभाविक पनि थियो। यस्ता व्यक्तिहरूको भविष्य दुईमध्ये एउटा तय हुन्थ्यो- या त उनीहरू अरूसँग सामेल हुनेछन् र उनीहरूलाई मद्दत गर्नेछन्, या उनीहरू आफ्नै स्वतन्त्र बाटो खोज्नेछन्। सुरुमा, राजकुमार सिद्धार्थले अरूसँग सामेल हुने संकल्प गर्नुभयो र यसैले दुईवटा आश्रम (आलार कालाम र उद्दकरामपुत्तको) मा बस्न जानुभयो, जो कि सम्प्रदायका गुरुहरू थिए। तर उहाँ यी दुई जनाबाट सन्तुष्ट हुनुभएन। पछि उहाँ आफैले अलग्ग ढंगले अन्वेषण गर्ने निर्णय

गर्नुभयो। यस्तो गरिसकेपछि उहाँकालागी स्वाभाविक कुरा हो कि कुन बाटो रोज्ने हो, र कुन तरिकाले सिकाउने हो, आदि कुरामा निर्णय लिनु पर्यो। उहाँले अन्वेषण जारी राख्नुभयो र उहाँले अनुभव गर्नुभयो कि सम्पूर्ण असल गुणहरूको जरा भनेको नै नैतिक शुद्धता हो। अनि प्रथमतः उहाँले प्रबल वीर्यद्वारा कोसिस गरेर सो शुद्धता प्राप्त गर्नुभयो। त्यसपछि त्यही बाटो अरू मानिसहरूलाई पनि सिकाउनुभयो।

शुरुमा भगवानले पहिले नै प्रब्रजित भएर बसेकाहरूलाई सिकाउनुभयो। जब उनीहरू सहमत भए तथा भगवानका शिष्य (अनुयायी) बनाउन प्रार्थना गरे तब भगवानले उनीहरूलाई निम्नलिखित वचनद्वारा स्वीकार गर्नुभयो, "एहि भिक्खु, स्वाक्खातो धम्मो चर ब्रह्मचरियं सम्मादुक्खस्स अन्तकिरियाय" -'आऊ भिक्खु, धर्म सुआक्ख्यात (राम्ररी बताइएको) छ। सम्पूर्ण दुःखबाट मुक्तिकोलागी ब्रह्मचर्य पालन गर।"

यस्तो भनेर इच्छुकहरूलाई स्वीकार गरिएका थिए र संघमा सामेल गरिएका थिए। यस्तो प्रब्रज्यालाई *एहि-भिक्खु उपसम्पदा* भनिन्छ। यसको अर्थ हो, "आऊ भिक्खु! भनी वचन बोलेर स्वीकार गर्नु।" अनि जब धेरै शिष्यहरू वा *सावक*हरू भए, धर्मप्रचारकोलागी उनीहरूलाई (भगवानद्वारा) विभिन्न देशहरूमा पठाइए। यसको फलस्वरूप प्रब्रज्याका इच्छुकहरू धेरै भए, भगवानले शुरुमा चलन स्थापना गर्नुभए मुताबिक भिक्खु बन्ने स्वीकृति पाउनकोलागी *श्रावक*हरूले उनीहरूलाई बुद्ध भगवानको

समक्षमा ल्याए। बाटाको कठिनाइ तथा असुविधाका कारणले गर्दा ल्याउने तथा आउने दुवै पक्षलाई कष्ट हुने तथ्य बुद्ध भगवानले चाल पाउनुभयो। त्यसो हुनाले भगवानले श्रावकहरूलाई नै इच्छुकहरूलाई स्वीकार गरिलिन अनुमति दिनुभयो, तर उहाँले विधीमा परिवर्तन गर्नुभयो। जसअनुसार भगवानले हातले इशारा गरेर तथा वचन बोलेर प्रब्रज्या दिने काम गर्न छोड्नुभयो। बरू इच्छुकहरूलाई शर्तको प्रतीक स्वरूप उनीहरूले सर्वप्रथम केश तथा जुँगाडाढी मुण्डन गर्नुपर्यो। अनिपछि *कासाय* वस्त्र (पहेँलो लुगा, चीवर) पहिरनुपर्यो। त्यसपछि उचित आदरका साथमा त्रिरत्नको सरणागमनको पवित्र मन्त्र पढ्नु पर्यो। यति गरिसकेपछि इच्छुकलाई स्वीकार गरिन्थ्यो र भिक्खुको रूपमा संघमा सामेल गरिन्थ्यो। यसैले यस प्रकारको प्रब्रज्यालाई *तिसरणगमनूपसम्पदा* भनिन्छ। यसको अर्थ हो, "त्रिशरण गमनद्वारा स्वीकृति"। ती प्रारम्भिक समयमा, उहाँको ज्ञानप्राप्तिको लगत्तै पछि, भिक्खु बन्नकोलागी इच्छुक व्यक्तिलाई स्वीकार गरिलिने विधीमा एकजना व्यक्तिद्वारा नै पूरा हुन्थ्यो, यसको मतलब हो, बुद्ध भगवानद्वारा अथवा उहाँका कुनै शिष्यद्वारा।

प्रथम बोधिकालको अन्तमा क्रमशः बुद्धसासनमा धेरै वृद्धि भयो, दुवैतिर भिक्खुहरू र गृहस्थीहरू, पुरुष र महिलाहरू सहित अनुयायीहरूको वृद्धि भयो। बुद्धसासनकोलागी एक बलियो आधार स्थापित गर्नकोलागी र जनताको हितको कामनाको साथमा, बुद्ध भगवानले समुदायको नियन्त्रणकोलागी

संघलाई अधिकार र अनुमति दिनुभयो। यहाँ *'संघ'*को मतलब अहिले थाईलैंडमा सामान्य मानिसहरूद्वारा बुझिएको जस्तो कुनै एकजना भिक्खु होइन। बरू केही कर्तव्य पूरा गर्नकोलागी भेला भएका धेरै भिक्खुहरूको समूह हो। जस्तै समाजका केही सदस्यहरूको एक गणपूरक संख्या कार्वाई गर्नकोलागी अधिकृत हुन्छ- यसलाई *'संघ'* भनिन्छ। एक संघमा समावेश हुनुपर्ने भिक्खुहरूको संख्या सो संघले गर्ने कामद्वारा निर्धारित गरिन्छ। धेरै जसो कार्यहरूकालागी चारजना भिक्खुहरूको संघको आवश्यकता हुन्छ जसलाई *चतुवग्ग* (चार सदस्यीय) भनिन्छ, तर केही प्रकियाहरूकालागी पाँचजना भिक्खुहरू, केहीकालागी दसजना भिक्खुहरूको संघको आवश्यकता पर्छ, जबकि केहीलाई बीसजना चाहिन्छ। यिनलाई क्रमशः *पञ्चवग्ग, दसवग्ग, वीसवग्ग* (पाँच, दस, बीस सदस्यीय) संघ भनिन्छ। जब हामी यस चरणमा आउँछौं, उपसम्पदा संघद्वारा गरिने कार्यहरूमध्ये एक बन्छ। त्यतिबेला भगवान बुद्ध आफैंले प्रब्रज्या दिन बन्द गर्नुभयो र तिसरणगमन विधीद्वारा उपसम्पदा नगर्न आफ्ना श्रावकहरूलाई निर्देशन पनि दिनुभयो। त्यसपछि उहाँले संघलाई *ञत्ति-चतुत्थकम्म-उपसम्पदा* नामक तरिकाले उपसम्पदा दिने अनुमति दिनुभयो, जसको अर्थ हुन्छ-भिक्खुहरू समारोह गर्नकोलागी आवश्यक पर्ने सदस्यहरूको संख्या जति एक स्थानमा भेला हुन्छन् जसलाई भनिन्छ *सीमा* (एक सीमित क्षेत्र, एक सुनिश्चित घेराबन्दी गरिएको स्थान, सीमा)। पहिले संघमा सामेल हुनकोलागी इच्छुकलाई स्वीकृति दिनुको बारेमा

प्रस्तावको घोषणा र त्यसपछि सबै सहभागी भिक्खुहरूको अनुमोदन प्राप्ति। उपसम्पदा कार्य सिद्धिकोलागी जहाँ भिक्खुहरू धेरै थिए, मतलब मध्यदेश, (भारतमा गंगानदीद्वारा सिंचित मैदान) मा दसजना भिक्खुहरूको आवश्यकता पर्थ्यो। तर जहाँ भिक्खुहरू पाउन गाह्रो थियो वा छ, जस्तो कि केही दुर्गम क्षेत्रहरूमा, त्यहाँ यस कार्यकोलागी भिक्खुहरू ५ जना मात्र चाहिन्छ। अहिलेसम्म चलिआएको तरिका भिक्खुसंघको बलद्वारा सिद्ध हुने उपसम्पदा हो।

सामान्यतयाः भिक्खुहरू तीन प्रकारका छन्। पहिलो प्रकार हो, भगवान बुद्ध स्वयंद्वारा प्रब्रजित भएका, जसलाई एहि भिक्खु-उपसम्पदा भनिन्छ, दोश्रो भगवानका श्रावकहरूबाट उपसम्पदा भएकाहरू, उनीहरूलाई *तिसरणगमनूपसम्पदा* प्राप्त भनिन्छ र तेश्रो जो संघद्वारा उपसम्पदा दिइएका हुन्, उनीहरूलाई ञत्तिचतुत्थकम्म उपसम्पदा प्राप्त भनिन्छ। भिक्खुहरूका यी तीन समूहहरू साझा *संवास* हुनेहरू हुन्, अर्थात् अनुशासनको एउटै आचार संहिताद्वारा जीवन यापन गर्नेहरू हुन् र यी सबैलाई हरेक दृष्टिले समान मानिन्छन्।

भिक्खु बनाउनकोलागी *तिसरणगमनूपसम्पदा* भनिने जुन तरिका बन्द भइसकेको छ, त्यो २० वर्षभन्दा कम उमेरका किशोरहरूकोलागी अपनाईयो, जुन कि भिक्खु बन्नकोलागी न्यूनतम उमेर निर्धारित गरिएको छ। यो तरिकाले प्रब्रजित भएका किशोरहरूलाई *सामणेर* भनिन्छ, जसलाई एकजना वरिष्ठ अर्थात् *थेर* भिक्खुद्वारा प्रब्रजित गरिन्छ। त्यसो

भएकोले सामणेर अस्तित्वमा आउँदा दुई प्रकारका व्यवस्थाहरू भए, *उपसम्पदा*- भिक्खु बन्नु, र *पब्बज्जा* सामणेर बन्नु। जे होस्, कोही व्यक्ति उपसम्पदा हुन चाहेमा प्रथमतः उसले *प्रव्रजित* हुनुपर्छ। वर्तमान दिनसम्म चलन गरिआइएको तरिकामा यी दुवैलाई संयोजन गरिएको छ।

**चारवटा पूर्णताहरू (*सम्पत्ति*)**

अब म संघद्वारा दिइने उपसम्पदाकोलागी चाहिने सम्पत्ति वा पूर्णताहरू र चलनका नियम र उपनियमहरू बताउँछु, जसको सारांश निम्नानुसार छ:

१) उपसम्पदा चाहने व्यक्ति पुरूष हुनुपर्छ।

२) ऊ तोकिएको उमेर अर्थात् प्रतिसन्धिदेखि २० वर्ष पूरा भएको हुनुपर्छ। (आमाको गर्भमा बिताएको समय चान्द्रमास अनुसारको ६ महिना समेत मान्यता दिएर गणना गरिन्छ।)

३) उसको पुरूषत्वमा दोषयुक्त अर्थात् नपुंसक हुनुहुँदैन। (अथवा अन्य तरिकाले दोषयुक्त, शारीरिक अंगप्रत्यंग हीन, अथवा आकार बिरूप भएको हुनुहुँदैन।)

४) उसले कहिल्यै कुनै धेरै गम्भीर वा प्राणघातक अपराधहरू जस्तो कि मातृघात, पितृघात आदि गरेको हुनुहुँदैन।

५) उसले बुद्धसासन अनुसारका कुनै गम्भीर अपराध कहिल्यै गरेको हुनुहुन्दैन, जस्तो कि पहिले भिक्खुको रूपमा हुँदा *पाराजिक* अपराध गरेको थियो वा यद्यपि विगतमा भिक्खु

Dhamma.Digital

भैसकेका थिए तर ऊ मिथ्यादृष्टियुक्त भएर कुनै अन्य धर्म सम्प्रदायमा प्रवेश गरेका थिए।

(यी बुँदाहरू अब अधिक विस्तारमा छलफल गरिनेछ)। यदि कसैले यस्तो गम्भीर अपराध गरेको छ वा ऊ महिला हो, तब त्यस्ता व्यक्तिहरूले उपसम्पदा प्राप्त गर्न सक्दैनन् र उनीहरूको उपसम्पदा *वत्थुविपत्ति*को रूपमा जानिन्छ, शाब्दिक अर्थमा, वस्तुमा अपूर्णता (अर्थात् प्रब्रजित हुने व्यक्तिमा योग्यताहरू अपूर्ण भएको)। यदि कुनै संघले यी कुराहरू जानेर वा नजानेर उपसम्पदा दिन्छ, भने, (भगवान बुद्धद्वारा निर्धारित) नियमहरू अनुसार भिक्खु भएको ठहरिनेछैन। जब संघलाई यस्ता दोषहरूको बारेमा थाहा हुन्छ, त्यो व्यक्तिलाई पहिले नै उपसम्पदा भएको छ भने पनि संघबाट निष्कासित गर्नुपर्छ। जो व्यक्ति यस्ता दोषहरूले रहित छ र माथिका पाँच बुँदाहरूमध्ये कुनैमा पनि विपत्ति छैन, त्यसलाई *वत्थुसम्पत्ति* (वस्तुको पूर्णता) भनिन्छ, उसलाई संघद्वारा उपसम्पदादिन सकिन्छ। माथिका पाँच बुँदाहरूमध्ये कुनैमा पनि बिग्रेको छैन भने अझै पनि संघद्वारा ध्यान दिएर जाँच गर्नुपर्छ ताकि चोरहरू, गुंडाहरू र अन्य बदनामहरू, नागरिक न्यायालय (देवानी अदालत) द्वारा सजाय सुनाइएकाहरूलाई उपसम्पदा नदिइयोस्। अझ उनीहरूले गरेको अपराध अनुसार शरीरमा प्रतीकहरू टाटु गरिएकाहरू, (पुरातन समयमा अपराध अनुसार निशान बनाइएकाहरू) अथवा उनीहरूका पिठ्यूमा दामिएका दागहरू भएका (पुरानो समयमा न्यायालयद्वारा दण्डको रूपमा),

वा अंग प्रत्यंग विकृत बनाइएका वा असाध्य रोग भएका जस्ले गर्दा उनीहरूले कर्तव्य पूरा गर्न सक्दैनन्, अथवा संक्रामक रोगहरू भएका रोगीहरू, अथवा अरूको संरक्षणमा रहेकाहरू, जस्तो कि मातापिता, अधिकार सम्पन्न व्यक्तिहरू, बँधुवा कामदारहरू र ऋणीहरू पनि। यी पछिल्ला किसिमका मानिसहरूमा (आमाबाबुको संरक्षणमा रहेकाहरूदेखि अन्तसम्मका मानिसहरू), जब उनीहरू त्यो हेरचार वा जिम्मावालबाट मुक्त हुन्छन्, उनीहरूले उपसम्पदा प्राप्त गर्न सक्छन्। उदाहरणकोलागी आमा बुबाको स्वीकृति पाएका पुत्रहरू, ताल्लुकका सरकारी अधिकारीहरूद्वारा अनुमति पाएका कर्मचारिहरू, कामबाट छुट्टी पाएका बँधुवाहरू, र ऋण तिरीसकेका ऋणीहरूलाई पनि उपसम्पदा गर्ने अनुमति दिइन्छ। यद्यपि यी व्यक्तिहरूलाई निषेध गरिएका छन्, तैपनि उनीहरू शुरुका चार समूह जस्तो उपसम्पदा दिनलाई पूर्णरूपले निषिद्ध छैनन्। यदि संघले अन्जानमा यो पछिल्लो समूहलाई उपसम्पदा दियो भने उनीहरूको उपसम्पदा वैध रहन्छ र उनीहरूलाई संघबाट निष्कासित गरिने छैन।

जब संघले उपसम्पदा दिन चाहन्छ, भिक्खुहरूको आवश्यक गणपूरक संख्या पूरा गर्नु पर्छ। यसलाई *परिससम्पति* (परिषदको पूर्णता) को रूपमा जानिन्छ। यदि आवश्यक संख्याभन्दा कम भिक्खुहरू छन् भने यो *परिसविपति* (परिषदको अपूर्णता, विपत्ति, दोष) भनिन्छ र उपसम्पदा कार्य असम्भव हुन्छ।

Dhamma.Digital

उपसम्पदाकार्य यस्तो गतिविधी हो जसमा सबै भिक्खुहरूले एकसाथ भाग लिनुपर्छ। *सीमा* वा सीमा भित्र एक ठाउँमा जहाँ निर्धारित संख्याभन्दा धेरै भिक्खुहरू भए तापनि यदि ती सबैजना एकसाथ उपसम्पदा विधीमा भाग लिन आउँदैनन्, न त उनीहरूले आफ्नो सहमति नै दिन्छन् भने त्यहाँ भेला भएका संघको गणपूरक संख्या पूरा भए पनि उपसम्पदा दिन सक्दैन। यसलाई *सीमा-विपति* (सीमाको दोष) भनिन्छ। तसर्थ गणपूरक संघको रूपमा संख्या पूरा भए तापनि एक सीमित क्षेत्र भित्र भेला हुनु जरूरी छ, तब मात्र सो संघको उपसम्पदाकार्य मान्य हुनेछ, यसलाई *सीमा-सम्पत्ति* भनी जानिन्छ।

वास्तविक उपसम्पदा कार्यभन्दा पहिले संघले प्रारम्भिक प्रक्रिया पूरा गर्नुपर्छ। उसले आवेदकहरूको योग्यताको जाँच गर्नुपर्छ (यस परीक्षण विधीवाक्य पाठकोलागी संघले आफूहरूमध्येबाट एक वा दुईजना *आचरिय*हरू अर्थात् गुरुहरू सहमतिले रोज्नुपर्छ)। ती आचरिय वा आचरियहरूले आवेदकलाई सोध्ने प्रश्नहरूमा केवल आंशिक दोषहरू मात्र सामेल छन्। यो सम्भव छ कि (संघको समक्षमा सोध्नकोलागी) सबैभन्दा गम्भीर प्रश्नहरू रोजिएका थिए, अथवा ती शुरुका दिनहरूमा यतिलाई मात्र ध्यान दिइएको थियो, अरू बाँकी (साना दोषहरू) पछि थपिएका हुन्। आवेदकलाई एउटा भिक्खु चाहिन्छ जसले उसको सिफारिस गर्दछ र उसलाई संघको उपस्थितिमा ल्याउँछ र यो भिक्खुलाई *उपज्झाय* भनिन्छ।

Dhamma.Digital

उपज्झाय एक सक्षम र वरिष्ठ भिक्खु हुन्छ जसले उपसम्पदा भएपछि नयाँ भिक्खुलाई सिकाउन सक्छ, उसले उपसम्पदा गर्दा जरूरी *परिक्खार* (परिस्कार, सामान) हरू पुगेको नपुगेको पनि अवश्यमेव हेर्नुपर्छ, उदाहरणकोलागी, आवेदकको चीवर र पात्रको जाँच गर्नुपर्छ। यदि ती पूर्ण छैनन् भने पूर्ण गरिदिनु उपज्झायको कर्तव्य हुन्छ। संघले कुनै एकजना भिक्खुलाई यी परिष्कारहरूको बारेमा आवेदकसँग प्रश्न गर्नकोलागी अधिकृत तोक्नुपर्छ। यो उपसम्पदा मात्र आवेदकको सहमतिमा हुनुपर्छ र उसलाई बाध्य पारेर गर्नुहुँदैन। यो परम्परा हो कि आवेदकले पहिले प्रब्रज्या पाउँ भनी अनुरोध वाक्यहरू बोल्नुपर्छ। यी सबै कुराहरू गर्नुलाई प्रारम्भिक कार्यहरू भनिन्छ र प्रस्ताव र घोषणाहरूभन्दा पहिले पूरा हुनुपर्छ। यदि यी प्रारम्भिक कार्यहरूमा कुनै पनि तरिकामा कमी रहेका छन् तर यदि ती कुनै गम्भीर दोषहरूसँग सम्बन्धित होइनन् भने उपसम्पदा विधी अझै वैध त हुन्छ, तर अझै पनि यो परम्परा अनुसार भने भएको मानिंदैन।

जब माथिका सबै पूर्णताहरू (सम्पत्तिहरू) पूरा हुन्छन्, संघमा त्यो आवेदकलाई स्वीकार गरिएको घोषणा गर्ने समय हुन्छ। संघको उपस्थितिमा घोषणा गर्ने काम कुनै सक्षम र विज्ञ भिक्खुको कर्तब्य हुन्छ। घोषणा चार पटक गरिन्छ, पहिलो प्रस्ताव *(ञत्ति)* संघलाई सूचित गर्नु हो, र त्यसपछि त्यो आवेदकलाई स्वीकृति दिएको तीन पटक सोधिन्छ। त्यसलाई *अनुसावना* भनिन्छ। यो संघमा परामर्शकोलागी सोधिने पाठ हो,

यो पाठको अवधिभरमा संघका कुनै पनि सदस्यले बोल्ने मौका छ। यदि कुनै भिक्खुले यस समयमा प्रस्ताव र घोषणाहरूको विरोध गर्न पुग्यो भने त्यो कार्य बिग्रन्छ। तर यदि सबैजना चुप रहन्छन् भने उनीहरूको अनुमोदन वा सहमति भएको बुझिन्छ। त्यसपछि संघको अनुमोदनको घोषणा गरिन्छ र आचरिय (वा आचरिय र अनुसावनाचार्य समेत यदि दुईजनाले पाठ गर्दैछन् भने) भन्छन् कि उनीहरू यसलाई सहमति मानिनेछन्)। घोषणामा प्रव्रज्या आवेदकको नाम, उसलाई संघमा प्रस्ताव पेश गर्ने उपज्झायको नाम अनिवार्यरूपमा उल्लेख गरिएको हुनुपर्छ र छोडिनु हुदैन। यसमा पूर्णरूपमा कडाई गरिएको छ र फरक पार्न हुँदैन। यसलाई *कम्मवाचा-सम्पत्ति* (निर्णयको घोषणाको पूर्णता) भनिन्छ। यसको विपरीत *कम्मवाचा-विपत्ति* हुन्छ, जुनलाई मान्यता दिइँदैन (निर्णय घोषणाको अपूर्णताको कारणले)। उपसम्पदा दिने संघले यी पाँच सम्पतिहरू अनुरूप गर्नुपर्दछ र अनि मात्र उपसम्पदाकार्य बुद्ध भगवानद्वारा निर्धारित नियम अनुसार सही ढंगले गरिएको हुनेछ।

**चारवटा सम्पत्ति (पूर्णताहरू) को सारांश**

१. वत्थुसम्पत्ति (आवेदकको पूर्णता)
२. परिससम्पत्ति (परिषद्को पूर्णता),
३. सीमासम्पत्ति (सीमाको पूर्णता)
४. कम्मवाचा सम्पत्ति (कम्मवाचाको पूर्णता)

Dhamma.Digital

यो अन्तिम बुँदा कहिलेकाहीं दुईमा विभाजित हुनसक्छ । यस प्रकार सम्पत्तिको सूचीमा पाँचवटा बुँदाहरू बन्दछ:

४. ञत्ति सम्पत्ति (प्रस्तावको पूर्णता),

५. अनुसावना सम्पत्ति (घोषणाको पूर्णता)

*****

Dhamma.Digital

## अध्याय २
## विनय

सुरुमा भिक्खुहरूको संख्या थोरै रहेकोले संघको नियन्त्रणकोलागी (अनुशासनका) नियम र उपनियमहरू धेरै आवश्यक थिएन। सबै *सावक*हरूले शास्ताको अनुरूपले आचरणका विधीको पालन गरिरहेका थिए। उनीहरूले बुद्ध भगवानको शिक्षालाई राम्ररी जान्दथे। जब भिक्खुहरूको संख्यामा वृद्धि भयो र उनीहरू जताततै छरिन गए, तब उनीहरूको नियन्त्रणकोलागी अधिक नियमहरू आवश्यक भयो।

समाजमा बस्ने मानिसहरू अरूसँग सम्पर्क नगरिकन व्यक्तिगत रूपमा एक्लाएक्लै बाँच्न सक्दैनन्। ती मानिसहरूका फरक फरक स्वभाव र क्षमताहरू हुन्छन्। कडा र बलियोले अरूहरूलाई धम्की दिन्छ जसले गर्दा विनम्र तर कमजोर मानिसहरू खुशी हुँदैनन्। यसैले (यस प्रकार बाँच्नुले) समाज अव्यवस्थित हुनेछ। त्यसैले मानिसहरूलाई नराम्रो गर्नबाट रोक्न र दोषीहरूलाई सजाय दिन राजाले कानून बनाउनु पर्छ। यस बाहेक, अलग्ग अलग्ग समूहहरूले आफ्नोलागी चलन र नियमहरू स्थापित गरेका हुन्छन्, उदाहरणकोलागी परिवारमा सभ्य ब्यवहार पालन गरिएको हुन्छ। त्यही किसिमले भिक्खु समुदायमा पनि गलत व्यवहारको रोकथाम र भिक्खुहरूलाई उचित व्यवहार गर्न प्रेरित गर्नकोलागी पनि नियम र उपनियमहरू हुनुपर्छ। भगवान् शास्ताले दुवै हिसाबले धम्मको

राजाको हैसियतले पनि, जसको कर्तव्य शासन गर्नु हो, र संघको पिताको हैसियतले पनि, जसले भिक्खुसंघको ख्याल राख्छ, आफुलाई स्थापित गर्नुभएको छ। उहाँले यी दुवै हैसियतका कर्तव्यहरू पूरा गर्नुभएको छ, अर्थात् धम्मका राजाको रूपमा उहँले अनुचित व्यवहार रोक्न र भिक्खुहरूलाई सजाँय दिने र यस्ता अपराध गर्नेहरूलाई चेतावनी दिन *बुद्धपञ्ञत्ति* भनिने नियम र उपनियहरूको स्थापना गर्नुभएको छ, तर केही अवस्थामा ती भारी हुन्छन्, र केही अवस्थामा हल्का। जस्तो कि राजाले आदेशहरू र नियमहरू जारी गर्दछ। दोस्रो, संघको पिताको हैसियतले राम्रो आचरणका परम्पराहरू स्थापन गर्नुभयो, जसलाई *अभिसमाचार* भनिन्छ। त्यस अनुसार भिक्खुले समुचित रूपले व्यवहार गर्नुपर्छ, जसरी परिवारका सम्मानित पिताले आफ्ना सन्तानहरूलाई आफ्नो परिवारको परम्पराहरूको पालन गर्नकोलागी प्रशिक्षित गर्दछ।

दुवै बुद्धपञ्ञत्ति र अभिसमाचारलाई विनय भनिन्छ र यो विनयलाई त्यो धागोसँग तुलना गरिन्छ, जसले फूलहरूलाई एकआपसमा जोडिराखेको हुन्छ; उस्तै तरिकाले विनयले भिक्खुसंघलाई दृढतापूर्वक स्थापित गर्नमा मद्दत गर्दछ। फेरी, उपसम्पदा भएकाहरू कोही उच्च, मध्यम र निम्न वर्ग परिवारहरूबाट आएका हुन्छन् र चरित्रमा र रूचिमा फरक फरक हुन्छन्। यदि उनीहरूलाई नियन्त्रण गर्नकोलागी विनय भएन भने, यदि उनीहरूले विनयको अनुसरण गर्दैनन् भने, उनीहरू खराप भिक्खुहरूको संघ हुनजानेछ र यस्तो संघ *सद्धा* र *पसाद*

Dhamma.Digital

(आस्था, अन्य मानिसहरूमा बुद्धिमानीतापूर्ण विश्वास र निर्मल स्पष्ट ज्ञान) को उद्भवकोलागी अनुकूल हुनेछैन। यदि उनीहरूले विनयको अनुसरण गर्छन् भने त्यो राम्रो समुदाय हुनेछ, जो अरूमा श्रद्धा र पसाद (आस्था) पैदा गर्नकोलागी अनुकूल हुन्छ, जस्तै एक किश्तीमा थुप्रै फूलहरू थुपारिएको हुन्छ, यद्यपि तिनमा केही फूलहरू सुगन्धित र रूपमा सुन्दर छन्, तर ती अनाकर्षक बन्छन् किनभने सँगै मिसिएको हुनाले। तर यदि ती फूलहरू एक कुशल मालीद्वारा विधीवत गाँसिन्छन् भने ती सुन्दर बन्छन् र सादा फूलहरू पनि राम्रा देखिन्छन्। सुन्दर र सुगन्धित फूलहरूको त के कुरा गर्नु। विनयका नियमहरूले वास्तवमा भिक्खुहरूलाई सुन्दर बनाउँछ।

### विनय पञ्ञत्ति (बनाउनु) को मूल कारण

कारण उत्पन्न नहुन्जेलसम्म विनय बनाइएको थिएन। तर *निदान* र *पकरण* (दुवैको अर्थ उत्पत्ति कथा हो) भनिने अनुसार पछि कारणहरू उत्पन्न भए। जब केही भिक्खुहरूका गलत व्यवहारले कुनै दोषपूर्ण आचरण उत्पन्न भयो, तब तदनुसार बुद्ध भगवानले सिक्खापदहरू बनाउनुभयो। उदाहरणकोलागी, राजा बिम्बिसारद्वारा जारी घोषणा[5], जो शाही

---

[5] राजा बिम्बिसारको प्रसंग सबै नै भिक्षु अमृतानन्दकृत तथा वीर-पूर्ण पुस्तक सङ्ग्रहालय द्वारा प्रकाशित बुद्धकालीन राजपरिवार, भाग १, पृ. ७४-८३ मा उल्लेख छ।

https://dhamma.digital

परम्पराको पालना गर्दै उनको राज्याभिषेकको दिनमा यसो भनिएको थियो: 'घाँस, काठ र पानी श्रमण र ब्राह्मणहरूलाई मैले दिएँ। यसले भिक्खु धनियले ठाने कि यो कथन उद्धरण गरेर आफ्नो कुटी बनाउन राजकीय काठ दान लिन मिल्छ (यो काठ लिनकोलागी आफूलाई अधिकार भएको जस्तो सोचे)। जब यो घटित भयो, बुद्ध भगवानले 'नदिइएको वस्तु लिनु' सम्बन्धी आचरणको नियम बनाउनु भयो। यहाँसम्म कि अभिसमाचारका नियम पनि यसै विधीद्वारा राखिएको छ। सिक्खापदको नियम स्थापित भइसक्यो, तर त्यो कुनै न कुनै रूपले अनुपयुक्त भयो, भन्नाको मतलब यो हो कि कमजोर किसिमले बनाइएको थियो र यसले गलत काम रोक्न असमर्थ भयो, अनि बुद्ध भगवानले अझ कडा नियम राखुभयो। उदाहरणकोलागी, पहिले उहाँले मानव जीवनको नाशको बिरुद्ध नियम बनाउनु भयो, तर त्यो नियममा मृत्युको प्रशंसामा बोल्ने वा अरूलाई आत्महत्या गर्नकोलागी प्रेरित गर्नेलाई रोकथाम गर्ने विषय सामेल थिएन। त्यसैले, उहाँले माथिको नियमको अतिरिक्त त्यससँगै पूरक नियम पनि थप्नु परेको थियो।

अन्य अवसरहरूमा उहाँले पहिले एक कडा नियम बनाउनुभयो, जो पछि, (आवश्यकता देखेर), उहाँले शिथिल बनाउनुभयो। उदाहरणकोलागी, आफूले प्राप्त नगरेको अतिमानवीय मानसिक स्तर (अलौकिक शक्ति, ऋद्धि शक्ति) प्राप्तिको अवस्थाहरूको बारेमा पाएको जस्तो गरी बोल्नमा दोष लाग्ने कुरा भन्नुभएको पाइन्छ। सिक्खापदको यो

नियमले सुरुमा जो बुझ्दथे कि उनीहरूले मानवीयभन्दा माथिको उपलब्धिहरूलाई प्राप्त गरेका थिए, त्यस्तालाई यसको दायरामा समाहित गर्नुभएको थियो। तर पछि बुद्ध भगवानले 'अतिशयोक्ति सोचको कारणले हुन गएको अवस्थामा बाहेक' भनी यो उपधारा थप्नुभयो। उहाँले पहिले नै राखिएका सिक्खापदहरूलाई अनुपयुक्त हुनासाथ त्यसलाई खारेज गर्नुभएन, बरू तिनीहरूलाई *अनुपञ्ञति* (उपनियमहरू) को साथमा पूरक बनाइदिनुभयो। मूल उद्देश्यमा परिवर्तन गरियो, जसले मूल उद्देश्यलाई बिगार्छ। उदाहरणकोलागी, उहाँले सिक्खापद राख्नुभयो कि भिक्खुहरू उपसम्पदा नभएका व्यक्तिसँग एकै कोठामा सुत्नु हुँदैन, यसको उद्देश्य थियो कि भिक्खुहरू सुत्ने बेलामा हुने अप्ठ्यारो व्यवहारका अवस्थाहरू गृहस्थीहरूले नदेखुन्। पछि, जब सामणेरहरू अस्तित्वमा आए जो उपसम्पदा विहीनहरूमा पर्दछन्, र सामणेरहरूलाई बस्नकोलागी कुनै कुटी (बास) अभाव थियो, तब भगवान बुद्धले नियमलाई शिथिल बनाउनुभयो ताकि भिक्खुहरू सामणेरहरूसँग एकै कोठामा सुत्न सकून्। तर सामणेरहरू गैर-उपसम्पदा व्यक्तिहरूको समूहमा पर्ने भएकोले केवल तीन रातकोलागी मात्र स्वीकृति दिनुभयो। फलस्वरूप भिक्खुहरू गृहस्थीहरू आदिसँग नै एकै ठाउँमा सुत्न सक्छन्। सबैभन्दा पहिले भगवान बुद्धद्वारा निर्धारित नियमलाई *मूलपञ्ञति* (मूल-नियम) भनिन्छ। पछि उहाँद्वारा निर्धारित पूरक *अनुपञ्ञति* (सहायक नियम वा उपनियम) भनिन्छ। यी दुवै

थरीकालाई एकसाथ *सिक्खापद* नियमको रूपमा जानिन्छ। केही सिक्खापदहरूमा धेरै अनुपञ्ञत्तिहरू छन्, उदाहरणकोलागी, 'सामूहिक भोजन गर्नु' लाई नियमन गर्ने सिक्खापद। जसको अर्थ हुन्छ, सामूहिक *(गण)* मा भोजन गर्ने निमन्त्रणा स्वीकार गर्नु जुनमा खुवाइने खानाका परिकारहरू बताइएका हुन्छन्। तर केही अवसरहरूकालागी बुद्ध भगवानद्वारा- रोगी भएको समय, नयाँ चीवरहरू दान दिने समय, यात्रामा जाँदा, चीवर तयार गर्दा, डुँगा चढ्दा, भोजन कमी रहेको अवस्थामा, र श्रमण भिक्खुहरूको निमन्त्रणामा अनुमति दिईयो। पहिले सिक्खापद बनाइसकिएको विषयमा मूल कारण उत्पन्न हुँदा बुद्ध भगवानले भिक्खुहरूको बैठक बोलाउनुभयो र प्रारम्भमा गल्ती गर्नेलाई सत्य कुरा बताउन लगाउनुभयो, अनिपछि उहाँले गलत व्यवहारबाट हुने हानि र संयमको फाइदा औंल्याउनुभयो र भिक्खुहरूबाट थप गल्ती गर्नबाट रोक्नकोलागी सिक्खापद बनाउनुभयो- जसले नियम उल्लंघन गर्ला, हलुका होस् कि भारी, तदनुसार उसलाई हल्का वा भारी दण्ड हुनेछ।

**आपत्ति***(दोषहरू)*

सिक्खापदहरू उल्लंघन गर्नु र सो दोषी भिक्खु दण्डका भागीदार हुनुलाई *आपत्ति* भनिन्छ, जसको अर्थ हुन्छ- 'लाग्नु, प्राप्त गर्नु, अपराध गर्नु'। आपत्तिमा दण्डका तीन स्तरहरू छन्; भारी दोष *(गरुकापत्ति)* जसले यो आपत्ति गर्नेलाई भिक्खुत्वबाट च्यूत गर्छ; मध्यम दोष (*मज्झिमापत्ति*) जसले दोषीलाई

परीक्षणकालमा बस्नुपर्ने हुन्छ, भन्नुको मतलब यो हो कि दोषीले आफूलाई एक निश्चित किसिमले गाह्रो बनाउनु हो; र हल्का दोष (*लहुकापत्ति*) जसले दोषीलाई एकजना वा धेरैजना भिक्खुको अगाडि आपत्तिदेसना (दोषस्वीकार) गर्नुपर्ने हुन्छ, ताकि निर्धारित अनुशासनको पालन गरी त्यो दोषबाट मुक्त हुनेछ। अर्को तरिकाको हिसाबले आपत्तिका दुई स्तरहरू छन्: *अतेकिच्छा*, जो असाध्य दोष हो। त्यो भनेको भारी आपत्ति हो (*पाराजिक*- पराजय भएको, उपचार नभएको) र *सतेकिच्छा*, अर्थात् उपचार योग्य दोष, जसमा मध्यम र हलुका आपत्तिहरू छन्। फेरि, श्रेणी अनुसार सातवटा आपत्तिहरू छन्, अर्थात्, *पाराजिक* (भारी); *संघादिसेस* (मध्यम); *थुलच्चय*, *पाचित्तिय*, *पाटिदेसनीय*, *दुक्कट* र *दुब्भासित* गरी पाँच श्रेणीका दोषहरू (हलुका) हुन्।

आपत्ति भनेको मात्र मनमा उत्पन्न हुँदैन, मतलब यो हो कि मात्र सोच्दैमा कि 'म यो गर्छु र त्यो गर्छु' यति मात्रलाई सिक्खापद भंग गरेको भनिंदैन। र सिक्खापदलाई तोड्ने कोसिस गरेको पनि भनिन्दैन। आपत्ति त त्यो हो, जुन कि शरीरद्वारा वा बोलीद्वारा वा कहिले काहिं यो मन पनि सँगसँगै मिलेको हुन्छ। जब कसैले मनसाय सहित भएर गर्छ वा बोल्छ, *सचित्तक*; तर कहिले काहिं मन बिना नै कसैले गर्छ वा बोल्छ *अचित्तक*। उदाहरणकोलागी, आपत्ति *शरीरको माध्यमद्वारा* गरिनसक्छ जस्तो कि कुनै भिक्खुले मादक पदार्थ पिउँछ, यद्यपि उसलाई थाहा छैन कि यो मादक पदार्थ हो, तैपनि

उसले नियम तोडेको मानिन्छ। *वचनद्वारा* सिद्ध हुने आपत्ति, उदाहरणकोलागी उपसम्पदा नभएकोसँग एक साथ पढेर धम्म सिकाउनमा संलग्न भएमा पाचितिय हुन्छ। यद्यपि सो भिक्खु यसमा सावधान छ, अनुपसम्पन्नसँग पाठ नगर्नमा लागेको हुन्छ, तैपनि उसले आपत्ति गरेको हुन्छ, चाहे यो संयोगबाट भएको नै किन नहोस्। *शरीर र मन दुवैद्वारा* आपत्ति हुनसक्छ, जस्तो कि भिक्खु आफैले चोरी गरेर पाराजिक हुन्छ। *वचन तथा मनद्वारा* आपत्ति हुन सक्छ, जस्तो कि अरूलाई बोलेर, आदेश दिएर चोरी गराएमा। तदनुसार, आपत्तिको उद्भवका प्रत्यक्ष मूल कारणहरू चारवटा छन्: *शरीर मात्र, वचन मात्र, शरीर र मन, वचन र मन*। तर पालिमा दुई अन्य माध्यमहरू पनि उल्लेख छन्: शरीर र वचन मिलेर; शरीर, वचन र मन मिलेर। त्यसैले कुल मिलाएर आपत्तिको उद्भवकोलागी छ वटा मूल कारणहरू छन्। माथिको पालिको बारेमा स्पष्टीकरणमा शरीर र वचन मिलेर आपत्तिको मूल कारण हुने भनेकोमा त्यो त या त शरीरद्वारा या त वचनद्वारा हुने हो। त्यसकोलागी उचित उदाहरण पाइएको छैन। यसैले म यहाँ उदाहरण दिनेछुइन। शरीर, वचन र मन मिलेको आपत्तिको मूल कारण हो, उदाहरणकोलागी: भिक्खुले पाराजिक आपत्ति गर्दछ, किनकि उसले माथि उल्लेख गरिएको चोरी गर्यो। शरीर र मनको माध्यमद्वारा उत्पन्न हुने आपत्तिको उदाहरण संभोगद्वारा हुने पाराजिक अपराधमा देखिन्छ। जब कि वचन र मनको माध्यमबाट उत्पन्न हुने आपत्तिको सम्बन्धमा आदरभाव नराख्ने

र बिरामि नभएकोलाई धम्म सिकाउँदा हुने दुक्कट आपत्तिद्वारा चित्रित गर्न सकिन्छ। अत: *अट्ठकथा*का आचरियले उत्पत्ति हुने स्थान एक तथा अनेक रहेको आधारमा गनेर आपत्तिलाई तेह्र श्रेणीमा वर्गीकृत गरेका छन्। तर म विश्वस्त छु कि यो अनावश्यक र अस्पष्ट छ, त्यसैले यो यहाँ दिइनेछैन। यसको विस्तृतरूपमा परामर्श गर्न चाहनेले भिक्खुवर बर अमराभिरक्खित (Amara Gert)को पुस्तक *"पुब्बसिक्खावण्णना"*मा हेर्न सक्नुहुन्छ।

नियतद्वारा हुने आपत्तिलाई दुई समूहमा विभाजित गर्न सकिन्छ, एउटा नियत सहितको माध्यमबाट उत्पन्न हुने- *सचित्तक,* अर्को नियत रहित माध्यमबाट उत्पत्ति हुने, जसलाई *अचित्तक* भनिन्छ। आपत्तिहरूका प्रकारहरू जान्नकोलागी आपत्तिका यी दुई महत्त्वपूर्ण प्रकारहरू पाठकहरूले याद गर्नुपर्दछ। पछिल्लोको सन्दर्भमा, बिना कुनै नियतले कसैले आपत्ति गर्दछ भने त्यो त दण्डित गर्नकोलागी झन गम्भीर मामिला हुनजान्छ, तर यहाँ नागरिक कानूनले एउटा तुलना प्रदान गर्दछ। न्यायालयले ती व्यक्तिहरूलाई सजाय दिन्छ जसले नियत बिना नै गल्ती गर्दछ किनकि पहिले नै गरिएको (ध्यान नदिएको?) नै गलत काम हो। कुन आपत्ति सचित्तक हो, वा अचित्तक हो भनेर निर्धारण गर्ने तरिका अर्थ र ती सिक्खापदहरूको शब्द-क्रममा देखिनेछ। उदाहरणकोलागी, पाचित्तियको *मुसावादवग्ग,* (पहिलो) मा, तेस्रो सिक्खापद निन्दा वचनसँग सम्बन्धित छ। नियतले कुनै भिक्खुद्वारा यसरी

निन्दा वचन आदि बोलेमा सचित्तकको एउटा उदाहरण हो। रक्सी र मादक पदार्थ खानु सम्बन्धी सिक्खापद (पाचित्तिय ५१) मा औंल्याइए अनुसार मनसायको कुनै उल्लेख छैन, त्यसैले यो आपत्ति अचित्तक हो। *'नियतले' संचिच्च* वा 'जानाजान'*जानं,* शब्दहरू केही सिक्खापदहरूमा पाइन्छन् र जब यो शब्द भएको नियम टुट्छ यो आपत्तिलाई सचित्तकको रूपमा वर्गीकृत गर्नुपर्छ। यसको एउटा उदाहरण ७७औं पाचित्तियमा भिक्खुमा *जानाजान* (*संचिच्च*) "चिन्ता उत्पन्न गराउनु, तर्साउनु" को विषयमा देखिन्छ। यस्तो सोचेर कि: "यस प्रकार उसलाई केही समयकोलागी भए पनि असजिलो हुनेछ।" एक अन्य सिक्खापद (पाचित्तिय ६६) *जानाजान* (जानं) तस्करहरूको दलसँग सल्लाह गरेर यात्रामा सँगै गएमा, लाई सचित्तकको अर्को उदाहरणको रूपमा लिन सकिन्छ। जुनसुकै सिक्खापदमा यी शब्दहरू उल्लेख आउँदैन र कथन सटीक छैन, त्यो सिक्खापद तोड्नुको परिणामस्वरूप अचित्तक हो। हामी सिक्खापद पाचित्तिय ६७ मा एउटा उदाहरण देख्न सक्छौं, व्यवस्था मिलाएर महिलासँग एउटै यात्रामा एक गाउँभर मात्र गए पनि '(जसमा संचिच्च वा जानंको उल्लेख छैन) यो अचित्तक हो। तदनुसार निष्कर्ष निम्नानुसार छ: सिक्खापदका शब्दहरूमा प्रारम्भिक समयदेखि छोडिएको छ, वा (पुस्तकहरू बन्नुभन्दा पहिलेका दिनहरूमा) पाठ गर्ने भिक्खुले गलत याद गरेको छ, मेरो निष्कर्ष सायद गलत हुन सक्छ। यही नै हो, आपत्ति सम्बन्धी सचित्तक, वा अचित्तक के हो भनी निर्णय गर्नमा कठिन हुनुको कारण।

समाजमा सामान्यतया *गलत काम गर्नाले मात्र आपत्ति (दोष) हुने होइन कि सही काम नगर्नाले पनि हुन्छ,* जस्तै एउटा मानिसलाई सेनामा सेवा गर्नकोलागी बोलाइएको छ, तर उसले पालन गर्दैन। त्यसै गरी यहाँ पनि (कर्तव्य) छोड्नु आपत्ति हो। यो तथ्य पाचित्तिय ८४ मा देखिएको छ जहाँ भिक्खुले देखेको छ कि (गृहस्थीको) बहुमूल्य सामान *आफ्नो कुटी, धर्मशाला* आदिमा छोडिएको छ, तर उसले ती सामान त्यसको मालिककोलागी राख्दैन। अट्ठकथा आचरियले यो स्पष्टीकरणलाई ध्यानमा राखी यसमा पूर्ण टिप्पणी दिएका छन् तर उनको टिप्पणी दोहर्याउनु अनावश्यक छ। जान्न चाहनेले *पुब्बसिक्खावण्णना*मा हेर्नू।

फेरि, *लोकवज्ज* (लौकिक दोष) भनिने आपत्ति छ। भन्नुको मतलब हो, गृहस्थीहरू जो भिक्खुहरू हैनन्, उनीहरूले पनि यस्तो गल्ती गर्न सक्छन् र उनीहरूले पनि सजाय बेहोर्नु पर्छ, जस्तो कि चोरी, मानव हत्या, र हल्का गलत कामहरू कुटपिट, गालीगलौज, र दुर्व्यवहार आदि मात्र भए पनि। अन्य आपत्तिहरू छन् जो यदि सामान्य मानिसहरूले गरेमा उनीहरू दोषी हुने छैनन् र दण्डित गर्न सकिंदैन किनकि ती आपत्तिहरू भिक्खुहरूलाई मात्र लागू हुन्छ, जसले बुद्ध भगवानको अनुशासनका नियम भंग गरेको छ। यसको उदाहरण माटो खन्नु, 'विकालमा खानु र यस्तै यस्तैमा देखिन्छ। यस्तो काम गर्नाले गृहस्थीहरूलाई दोष हुँदैन। त्यसो हुनाले भिक्खुहरूका यी विशेष नियमहरूलाई *पञ्ञत्तिवज्ज*

(आदेश नाघ्नुको दोष) भनिन्छ। यो स्पष्टीकरण मेरो आफ्नै समझ हो, तर विनयका अट्ठकथा आचरियले भनेका छन् कि आपत्ति जो *लोकवज्ज* हो त्यो गलत गर्नेको मनको अकुशल अवस्थामा गरिने हो (*अकुसलचित्त*)। यसको एउटा उदाहरण भिक्खुहरूले मादक पदार्थ हो भनी जानाजान नै रक्सी र मद्यपदार्थको सेवन गर्नु हो।*पञ्ञत्तिवज्ज* भएका आपत्तिहरू (अट्ठकथामा) भिक्खुको मन कुशल अवस्था (*कुसलचित्त*) मा रहेको बेलामा हुन्छ, तर आचरियले उदाहरण दिएका छैनन्। जे होस्, यसको एउटा मामिला तब देख्न सकिन्छ जब भिक्खुले त्रिरत्नको सम्मान गर्ने मानसायले फूलहरू टिप्छ (पाचित्तिय ११)। यी दुईवटा व्याख्याहरू साँच्चै निम्नलिखित तरिकामा मेल खान्छ: *लोकवज्ज*को मामिलाका नराम्रा अनुचित कार्यहरू चाहे भिक्खुहरूद्वारा गरिएको होस् वा गृहस्थीहरूद्वारा (सधैं मनका अकुशल अवस्थाहरूबाट उत्पन्न भएका हुन्छन्), तर *पञ्ञत्तिवज्ज*को मामिलामा, भिक्खुहरूद्वारा चित्तको कुशल अवस्थाहरूमा भएका गल्तीहरूलाई गैर-भिक्खुहरूले बिल्कुल दोष मान्दैनन्। यी दुई प्रकारका वज्जका बारेमा अट्ठकथा आचरिय स्पष्ट रूपमा व्याख्या गर्दैनन्। त्यसैले म सहधार्मिक मित्रहरूलाई निम्न कथनको सिफारिस गर्न चाहन्छु: भिक्खुद्वारा गरिने *लोकवज्ज* भनिने आपत्तिले (संघको प्रतिष्ठामा) ठूलो हानि पुर्याउँछ र यद्यपि सो भिक्खुले पहिले नै आफ्नो दोष स्वीकार गरिसकेको छ, तैपनि त्यो दोषले दाग छोड्दछ जुन सजिलै निको हुनेछैन। त्यसैले भिक्खुहरू यी

मामिलाहरूमा सावधान रहनु पर्छ। *पञ्ञत्तिवज्ज*हरूमा यस्ता दोषहरू छन् जो भिक्खुले सख्तीरूपले टाढा रहन्छ र यदि उल्लंघन गरे भने हानि पनि साबित हुनेछ। तर यस समूहमा अन्य नियमहरू छन् जो समय र देशमा धेरै परिवर्तन भइसकेको कारणले भिक्खुहरू धेरै चिन्तित छैनन्। यदि यस्ता दोषहरू गरेमा उनीहरूलाई ठूलो घाटा साबित हुनेछैनन्। भिक्खुहरूले यो पछिल्लो प्रकारको आपत्तिलाई उनीहरूको सख्त आचरणकोलागी मानक बनाउनु हुँदैन। मैले सुनेको छु कि श्रद्धालुजनले एकजना भिक्खुलाई धर्मासनमा बसेर *देसना* (उपदेश) दिनलाई आमन्त्रित गरे, सो धर्मासनमा कपास भरिएको चकटी थियो। त्यो भिक्खु त्यसमा बसेनन्, अनुयायीहरूलाई त्यो चकटी हटाउन लगाए। मेरो विचारमा, यस तरिकाको व्यवहारमा भद्रता छैन र केही बेरकोलागी चकटीमा बस्नुभन्दा राम्रो छैन। यदि भिक्खुहरूले (यस्ता सिक्खापदहरू) कडाईका साथ पालन गर्न चाहेमा गरून्, तर उनीहरूले आआफ्ना विहार/आरामको सीमाभित्र गर्नुपर्छ। त्यसले भिक्खुहरू विनम्र हुनेछन् र अशांति पैदा गर्दैनन्। बुद्ध भगवानले अक्सर भिक्खुहरूलाई केही नियमहरूलाई नरम गर्ने अनुमति दिनुभएको छ। धेरै आपत्तिहरू यस्ता छन् जसबाट बच्न सकिंदैन। यो तथ्यलाई ध्यानमा राखेर कोही कट्टर नहुनेहरू यस्ता नियमहरूमा असावधान हुन्छन् र थाहा हुँदैन कि (कडाइका साथ पालन गर्नुपर्ने) कुन हो, वा कसरी (धेरै नोक्सानी गर्ने आपत्तिबाट) बच्ने? यस तरिकाले व्यवहार गर्नेहरू धेरै लापरवाही

हुन्छन्, तैपनि उनीहरूले उचित तरिकाले कसरी व्यवहार गर्ने, थाहापाउनुपर्छ। जो *सासनधम्म*मा उपयुक्त हुने तरिकाले व्यवहार गर्दछन्, जुन कि मध्यममार्गको अभ्यास हो, उनीहरू अति चरम शिथिलतातिर गएर *कामसुखल्लिकानुयोग* (आत्मरति)मा पर्दैनन्, चरम गम्भीर आत्मक्लेश *अत्तकिलमथानुयोग* आत्मपीडामा पनि पर्दैनन्।

आपत्ति गर्नुका छ वटा परिस्थितिहरू छन्: (१) *अलज्जिता*-निर्लज्जतापूर्वक गरिएको; (२) *अञ्ञाणता*-अज्ञानताले गरिएको; (३) *कुकुच्च-पकतता*-शंका लागेको तैपनि गरिएको; (४) *अकप्पिये-कप्पियसञ्ञिता*-अनुचितलाई उचित ठानेर गरिएको; (५) *कप्पिये-अकप्पियसञ्ञिता*-उचितलाई अनुचित ठानेर गरिएको; (६) सति-*सम्मोसा*-भ्रमित मनोदशामा परेर गरिएको। जो भिक्खुहरू जानीजानीकन नियम भंग गर्दछन्, उनीहरू जिद्दी र निर्लज्ज मनले यसो गर्छन्, त्यसैले यसलाई *'निर्लज्जतापूर्वक गरिएको'* भनिन्छ। जो भिक्खुहरू बुद्ध भगवानद्वारा निर्धारित नियमहरू जान्दैनन् र ती नियमहरू भंग गर्दछन्, यस्तोलाई *अज्ञानताले* गरिएको भनिन्छ। जो भिक्खुहरू शंका गर्छन् कि त्यस्तो र त्यस्तो काम गर्दा उनीहरूका नियम भंग हुन्छ कि? तर पनि (त्यो कार्य) लापरवाहीसाथ गर्न जारी राखेमा, यदि वास्तवमा नै उनीहरूका कार्यहरू केही नियमहरूका बिरूद्धमा छन् भने, तब उनीहरूलाई त्यो कार्यमुताबिक नै दण्ड हुनेछ। तर यदि कुनै आपत्ति छैन भने, *दुक्कट* (गलत काम) अवश्य हुन्छ, किनकि *'शंका लाग्दा*

Dhamma.Digital

*लाग्दै गरेको।* भिक्खुहरूलाई खानाको रूपमा प्रयोग गर्न नहुने मासुहरू निषेध गरिएको छ, तर भिक्खुले (१० थरीका निषेधितहरू मध्ये कुनै एक) यो सोचेर कि यो स्वीकार्य छ, जुन कि *'स्वीकार्य छ भनी सोचेर गरेको जुन कि स्वीकार्य छैन',* भन्ने किसिमको उदाहरण यो हो। भिक्खुलाई मासुको अनुमति दिइएको छ, जुन कि खानाको रूपमा प्रयोग गरिन्छ र कुनै भिक्खुलाई लाग्न सक्छ कि यो एक प्रकारको निषिद्ध मासु मध्ये एक हो, तर जे होस् उसले यो खायो, *'यो स्वीकार्य छैन तैपनि यो स्वीकार्य छ भन्ने सोच्नु'* तरिकाको उदाहरण यो हो। मह औषधीको रूपमा सामेल छ र यो कुनै भिक्खुद्वारा सात दिनकोलागी राख्न सकिन्छ, तर उसले बिर्सन सक्छ र योभन्दा लामो अवधिसम्म राख्न सक्छ। यो हो, *मूढ मनोदशाले गरिने* उदाहरण।

मानौं कि निम्न प्रश्न यहाँ उठ्छ: अनजानमा, नबुझ्नाले अथवा भ्रमित मनोदशाले गर्दा नियम तोडिनाले आपत्ति भएका भिक्खुहरूलाई पनि दण्ड हुन्छ र? जसरी कि निर्लज्जतापूर्वक गर्नेलाई र शंका लागेको बावजूद पनि आफ्नो काम पूरा गर्नेहरूलाई पर्छ। जे होस्, यो प्रश्न केही न्यायपूर्ण भएको जस्तो लाग्छ, तर पहिले तपाईंले नागरिक कानूनलाई ध्यान दिनुहोस्। के त कानून नजान्नेहरूले छुट पाउँछन् त? यदि यस्तो छुट दिइयो भने त थोरै मानिसहरूले मात्र कानूनमा ध्यान दिनेछन्। गलत बुझ्नेहरूलाई छुट दिइएको खण्डमा गलत गर्नेहरूकोलागी त यो बहाना हुनेछ। यो विनयको मामिला पनि

Dhamma.Digital

उस्तै हो: कसैलाई कुनै छुट दिइएको अवस्था नभएकोले नयाँ दीक्षित हुने भिक्खुहरूले यसमा ध्यान दिनुपर्छ र बुद्ध भगवानको नियम सिक्नैपर्छ। उनीहरूले अभ्यासहरूलाई ध्यानपूर्वक अवलोकन गर्नुपर्छ, ज्ञान हासिल गर्नुपर्छ र होशियार हुनुपर्छ। यो उनीहरूकोलागी बुद्ध भगवानको शिक्षामा आफ्नो प्रगतिको कारण हुनेछ, यो नै दोषबाट क्षमा पाउन बहाना खोज्ने निर्लज्ज भिक्खुहरूलाई नियन्त्रण गर्नकोलागी साधन पनि हो। छुट दिन नहुने स्थानमा बुद्ध भगवानले कुनै छुट दिनुभएको छैन, तर उहाँले त्यहाँ छुट दिनुभएको छ जहाँ दिनुपर्छ, उदाहरणकोलागी, एकजना भर्खरै दीक्षित भिक्खुलाई थाहा छैन कि आफ्नो चीवर ठीक तरिकाले कसरी लगाउनु पर्छ र यदि उसको विनय अध्ययन गर्ने मनसाय छ भने उसलाई दण्ड पर्दैन। दण्ड ती व्यक्तिहरूलाई पर्दछ जो चीवर ठीकसँग लगाउन जान्दछन्, तर यसमा ध्यान दिंदैनन्। माथि बताइएको मुताबिक छवटा अवस्थाहरूबाट सिर्जित आपत्ति भएको भिक्खुले आपत्तिको प्रकार अनुसार आपत्ति देशना (दोष स्वीकार विधी) गर्नु कर्तव्य हुन्छ। यदि भिक्खुले आफ्नो आपत्ति लुकाउँछ र तिनमा ध्यान दिंदैन भने मैत्रीपूर्वक चेतावनी दिनु मित्र भिक्खुको आपत्ति जानेका अरू भिक्खुहरूको कर्तव्य हो। यदि ऊ अझै जिद्दी छ भने, उसलाई हप्काउनु र पाटिमोक्ख श्रवण विधीमा सामेल हुनुबाट उसलाई बहिष्कृत गर्नु भिक्खुहरूको कर्तव्य हो। शासनको प्रगतिको खातिर उसलाई संघले धम्म विनय अनुसार कारवाही गर्नुपर्छ। तसर्थ, भिक्खुहरूले

ईमान्दारितापूर्वक व्यवहार गर्नुपर्छ र बुद्ध भगवानले उनीहरूमाथि राख्नुभएको भरोसा अनुसार आचरण गर्नु पर्दछ। जुन क्रियाकलापहरूले उहाँको भरोसालाई नष्ट गर्दछन् ती नराम्रा हुन् र श्रमणहरूकोलागी उचित छैनन्।

**विनयका फाइदाहरू**

सही रूपमा पालन गरिएको विनयबाट भिक्खुहरूलाई फाइदाहरू प्राप्त हुन्छन्, त्यो हो, मनमा पश्चाताप (*विप्पटिसार*) नहुनु। शिथिल आचरण गर्ने भिक्खुहरू यो पश्चातापले पीडित हुनेछन् र कहिलेकाहीं पक्रिन्छन्, सजाय दिईन्छन् र यसैले अरूद्वारा दोषारोपण गरिन्छन्। जब (पश्चाताप गरेका भिक्खु) राम्रो अनुशासित भिक्खुहरूको सभामा प्रवेश गर्दछ, उनीहरूद्वारा तिरस्कृत हुने सम्भावनाले डराउँछ। जे होस्, कसैले उसलाई हप्काउँदैन भने पनि (नराम्रो काम गर्नाले उत्पन्न) मानसिक अशान्ति उसको दिमागमा रहन्छ। अन्तमा, जब उसले आफ्नो बारेमा सोच्दछ, उसले आफैंलाई दोष दिनेछ र उसमा खुशी र प्रसन्नता पैदा हुनेछैन। कडाईका साथ पालन गर्ने मन पराउने तर विनयको राम्रो समझको अभाव भएका भिक्खुहरूले ग्रन्थको पाठ अनुसार बुद्ध भगवानका पालाका भिक्खुहरूको नक्कल गरी विनयको अन्धानुकरण गर्न रूचाउनेछन्। तर उनीहरू फरक समय र फरक देशमा जन्मेका हुन्छन् र यसैले उनीहरूलाई विनयको अभ्यासमा पक्कै पनि कठिनाईहरू आउनेछन्। जब कि उनीहरूको व्यवहार अन्धाधुन्ध परम्परामा टाँसिएका हुन्छन् जुन

https://dhamma.digital

कि भिक्खु-आचरणको प्राचीन तरिका थियो र वास्तवमा महत्त्वपूर्ण बुँदासँग सम्बन्धित होइन। यस प्रकारले आचरण गरेर विनयबाट फाइदा हुँदैन, बरु केवल समस्याहरू उत्पन्न गराउँदछ। जो भिक्खुहरू होशियारी र ज्ञान बिना विनयको पालन गर्दछन्, उनीहरू आफ्नो आचरणमा गर्व गर्दछन् कि आफूहरू अरूभन्दा कडा छौं- र अन्य भिक्खुहरूलाई दोष लगाउँछन् कि उनीहरू आफूभन्दा (विनयमा) धेरै खराब छन्। यो एक दोषपूर्ण कार्य हो जब कि उनीहरूसँगै बस्नुपर्छ र अरू भिक्खुहरूसँग संगत गर्नुपर्छ जसलाई उनिहरूले घृणा गरेका छन्। फलस्वरूप यस्ता (गलत आचरण गर्ने) ले भिक्खुहरू आफैंलाई समस्या ल्याउन सक्छ। अर्को तर्फ सही आचरण गर्ने भिक्खु हर्षित र खुसी हुनेछन् किनकि उनीहरूलाई लाग्छ कि उनीहरूले ठीक आचरण गरिरहेका छन्। न त उनीहरू पकडिन्छन्, न त अरूद्वारा उनीहरू दण्डित गरिन्छन्, उनीहरूले त मात्र प्रशंसा पाउँछन्, र जब उनीहरू अनुशासित भिक्खुहरूको सभामा प्रवेश गर्नुपर्ने हुन्छ, उनीहरू साहसी हुन्छन् र डराउँदैनन्।

सफलता हासिल गर्नकोलागी विनय आचरण गर्न चाहनेले विनयको उद्देश्यलाई ध्यानपूर्वक जाँच गर्नुपर्छ। केही सिक्खापदहरू र अभिसमाचारहरूका केही वर्गहरू बुद्ध भगवानले भिक्खुहरूलाई 'चोरी', वा 'मानव हत्या' जस्ता *हिंसात्मक कार्यहरू गर्नुबाट रोक्नकोलागी* बनाउनुभएको थियो, जुन कि नागरिक कानूनद्वारा पनि भारी सजाय हुने विषय हुन्। (जबकि

केही नियमहरू) *भिक्खुहरूको जीवन यापनमा धोखाधडीपूर्ण क्रियाकलापहरूबाट रोक्नकोलागी* बनाइएका हुन्। जस्तो कि आर्य पुद्गलको ज्ञान र दर्शनको विषय रहेको अलौकिक शक्ति प्राप्त भएको बताउनु। यी नियमहरूले *भिक्खुहरूलाई 'कुटपिट र 'गालीगलौज' गर्नबाट रोक्छन् र 'झुटो बोल्नु', 'निन्दा गर्नु', 'बेकारका कुराकानी र' मादक पदार्थ सेवनको नराम्रो आचरणलाई रोक्नु', लुकेर सुन्नु (जासूसी गर्नु) वा बच्चाहरू जस्तो औंलाहरूले घोचेर काउकुती लाउनु, 'पानीमा खेल्नु', वा अरू भिक्खुहरूका सामानहरू लुकाउनु' बाट रोक्छ*। कहिलेकाहीं बुद्ध भगवानले *त्यस समयका मानिसहरूको परम्परागत विश्वासमा आधारित नियमहरू बनाउनुभयो*। जस्तै उहाँले माटो खन्नुलाई अथवा रुख काट्नुलाई आपत्तिको रूपमा घोषित गर्नुभयो, जसलाई जीवन (आत्मा) रहेको भनी तत्कालीन मानिसहरूले विश्वास गर्थे। अन्य समयमा उहाँले सुविधाहरू अनुसार वा *तपस्वीहरूको चलन अनुसार भिक्खुहरूको चलन सिर्जना हुने नियमहरू* राख्नु भएको छ। उदाहरणकोलागी, उहाँले भिक्खुहरूलाई *विकाल*मा भोजन सेवन गर्नबाट निषेध गर्नुभयो। अर्को उदाहरण यो हो कि भिक्खुहरूको उपयोगकोलागी सबै खानेकुरा र पेय पदार्थ (पानी बाहेक) पहिले औपचारिक रूपमा हातमा सुम्पिएको हुनुपर्छ। यी उदाहरणहरू त्यस्ता हुन्, जुन बुद्ध भगवानद्वारा निर्धारित सिक्खापदहरूका मुख्य उद्देश्यहरूलाई औंल्याइरहेका छन्। यसबाहेक हामी उहाँद्वारा निर्धारित नियमहरूमा सचेत हुनुपर्छ, जुन पछि अनुपयुक्त

साबित भएपछि उहाँले पूरक भागहरू यसमा थपिदिनुभयो, त्यो चाहे मूल उद्देश्यको परिपूर्तिकोलागी होस् वा अन्यथा सो उद्देश्य नै पूर्ण परिवर्तनकोलागी होस्, तैपनि भिक्खुहरूले यी नियमहरूलाई औपचारिक चलनको रूपमा पालन गरिरहन्छन्। अझ भिक्खुहरूले समयविशेष र देशविशेषको परिस्थितिसँग सम्बन्धित नियमहरूलाई चिन्नुपर्दछ, किनकि धेरै समय बितेपछि अथवा देश फरक भएपछि भिक्खुहरूले आचरण गर्न गाह्रो हुनेछन्, र त्यसमा कसैले पनि परिवर्तन गर्न सक्दैन। तब त्यो परिवर्तन भएको समय र देशका भिक्खुहरूले त्यसबाट बच्ने वा छोड्ने बाटो खोज्छन्। माथि उल्लेखित तथ्यहरूलाई विचार गरेर, भिक्खुले यस्तो आचरण गर्नुपर्छ कि उसले विनयको उद्देश्यमा सफलता प्राप्त गरोस्, अर्थात् ऊ खुशी हुन्छ किनकि उचित व्यवहार गर्दछ र लापरवाही गलत व्यवहारको कारणबाट हुने कुनै पश्चाताप हुनेछैन, र उसलाई गर्व लाग्नेछ र ऊ अहंकारी रघमण्डी हुनेछैन अथवा अरूलाई दोष लगाउनेहरू हुनेछैनन्। गलत ढंगले तथा लापरवाहीपूर्ण ढंगले आचरण गरिरहेका सहधार्मिकहरूलाई पनि सुध्रिएर उचित आचरण नगरून्जेलसम्म सल्लाह दिंदा भिक्खुहरूमा मैत्रीभाव र सहानुभूति हुनुपर्छ।

*****

Dhamma.Digital

# अध्याय ३

## सिक्खापदहरू

बुद्ध भगवानद्वारा निर्धारित प्रत्येक नियमहरू एउटा सिक्खापद बन्दछ। बुद्ध भगवानको नियमावलीको रूपमा राखिएका ती सिक्खापदहरूमा *आदिब्रह्मचरियकासिक्खा* (शुद्ध जीवनका मुख्य नियमहरू) र *अभिसमाचार* वा भिक्खु परम्पराको रूपमा राखिएको छ, जसले*अभिसमाचार-सिक्खा* (उचित आचरणका सिक्खापदहरू) को प्रतिनिधित्व गर्दछ। पहिलो शीर्षक पाटिमोक्खमा सामेल भएको छ जुन बुद्ध भगवानले चन्द्रमासको प्रत्येक पक्षको अन्तमा संघको भेलामा पाठ गर्नकोलागी भिक्खुहरूलाई अनुमति दिनुभएको छ; जबकि पछिल्लो शीर्षक (अभिसमाचार) पाटिमोक्खमा आउने सेखियवत्त (७५ वटा सिक्खापदहरू) बाहेक पाटिमोक्खको बाहिर परेको छ। यो मामिला धेरै महत्त्वपूर्ण छ र पाठकहरूले यसमा ध्यान दिनुपर्छ। यस कृतिमा म यो वर्गीकरणलाई ग्रन्थको ढाँचाको रूपमा राख्छु र तदनुसार व्याख्या गर्नेछु।

पाटिमोक्खमा समावेश भएका सिक्खापदहरूको संख्या निश्चित छ, जबकि पाटिमोक्खबाहिर रहेका नियमहरू यति धेरै छन् कि विद्यार्थीहरू तिनलाई वास्ता नै गर्दैनन्। यी बाहेक अरू आपत्तिहरू छन् जुन कि *आचरिय*हरूबाट अट्ठकथा ग्रन्थहरू रचना गरी थपिएका हुन् र यिनलाई *पालिमुत्तक-दुक्कट* (मूल

पालि बाहिरका गलत कामहरू) भनिन्छन्। यी सिक्खापदहरू गिन्ति गरेर साध्य नभएको देखिन्छ, त्यसो हुनाले भिक्खुले ती सबैलाई पूर्णरूपले पालना गर्न सक्दैनन्। समय र देश पनि यसमा बाधाहरू बन्छन् (जब उनीहरू परिवर्तन हुन्छन्) र फलस्वरूप धेरै भिक्खुहरू यी नियमहरूको पालनाबाट भाग्छन्, उनीहरूलाई छोडिदिन्छन् र यसैले जानाजान हलुका आपत्तिहरूको बोझ बोक्छन्। तर यदि एकवटा आपत्ति (नियम) लाई खारेज गरेको खण्डमा, उचित समय नआएको भएपनि अरू सिक्खापदहरू उन्मूलनकोलागी पनि प्रेरित गर्छ (पछि तिनलाई नाश गर्नकोलागी)। भगवान शास्ताले यो बिषय बुझ्नुभई महापरिनिब्बाण हुनलागेको समयमा उहाँले स्वीकृति दिनुभयो, संघले निर्णय गरेमा केही साना तथा कम महत्त्वका सिक्खापदहरूलाई खारेज गर्न सक्दछ। तर कसैले पनि खुल्लमखुल्ला तिनमा कुनैलाई पनि हटाउन सकेनन्, किनकि उनीहरूमा असहमति उत्पन्न हुने डर थियो। यसबाहेक, धर्मको व्यवस्था गर्ने आचरियहरूले *पहिलो संगायन*को समयमा तिनको उन्मूलनलाई निषेध गरेका थिए। जे होस्, (ब्यवहारमा) भिक्खुहरूले यस्ता नियमहरूलाई उन्मूलन गरेका छन् जसलाई उनीहरू साना सिक्खापद भनी ठान्दछन्। तर उनीहरूले यो गोप्य गरी गरेका छन्, भन्नुको मतलब यो हो कि उनीहरू तिनलाई पालन गर्ने मनसाय गर्दैनन् र फलस्वरूप उनीहरूले आपत्तिहरूको बोझ उठाउनु पर्छ। मैले भिक्खु-शिक्षा र राम्रो आचरणमा बिकासकोलागी सिक्खापदहरूमा विसंगतिबाट

Dhamma.Digital

छुटकारा पाउनकोलागी, विनयको व्यवस्था गर्नकोलागी उचित तरिका खोज्ने कोसिस गरेको छु। मैले पाएको छु कि शीलशिक्षाका नियमहरू दुई समूहमा विभाजित छन्: *आदिब्रह्मचरियका-सिक्खा* (शुद्ध जीवनका मुख्य शिक्षा) र *अभिसमाचारिका-सिक्खा* (समुचित आचरणका उच्च शिक्षा) र यसमा पहिलोसँग दोश्रोलाई तुलना गर्दा, अन्तमा मैले पाएँ कि उनीहरूका बीचमा सहमति छन्, त्यसैले मैले यी दुई समूहहरूका अनुसार विनयको व्याख्या गर्ने निर्णय गरेको छु। यसमा पाटिमोक्खमा समावेश भएका सिक्खापदहरूलाई *बुद्धआणा* (बुद्धको आज्ञा) भनिन्छ, जुन कि कडाईसँग पालन गर्नुपर्छ, र बाँकी- समुचित आचरणका उच्च शिक्षा (*अभिसमाचारिका-सिक्खा*), भिक्खुहरूले यथाबल आचरण गर्नुपर्ने परम्परा हो। यो पछिल्ला नियमहरूमा भिक्खुहरू केही दोषी हुन सक्छन्, अझै पनि उनीहरूमा आफ्ना नियममा कडाइभाव हराएको हुनेछैन र उनीहरूलाई निर्लज्ज मान्न सकिंदैन। आर्य मानिने भिक्खुहरूले नै पनि आपत्ति गर्दछन्। यो तथ्य एउटा सूत्रमा देख्न सकिन्छ, त्यसको सार हो: "भिक्खुहरूहो, यी एकसय पचास वटा सिक्खापदहरू हरेक पक्षमा पाठ गर्नकोलागी छन् र यी प्रब्रजित भएका युवाहरू पनि फाइदा पाउनकोलागी अध्ययन गरिरहेछन्। भिक्खुहरूहो, यी सबै सिक्खापदहरू तीनवटा शीर्षक अन्तर्गत समावेश छन्। भिक्खुहरूहो, यस धम्म-विनयमा, कसैले पूर्णतया नैतिक आचरण (*सील*) पालन गर्दछ, केही हदसम्म मनको एकाग्रता (*समाधि*) को अभ्यास गर्दछ, र केही हदसम्म (प्रखर)

प्रज्ञा (*पञ्ञा*)को अभ्यास गर्दछ -यस प्रकारले मानिस *सोतापन्न* हुन्छ र *सकिदागामि* बन्न सक्छ)। वा कसैले *सील* र *समाधि* दुवै पूर्णरूपले पालन गर्दछ (यस प्रकार व्यक्ति *अनागामि* हुन सक्छ)। वा, कसैले *सील, समाधि* र *पञ्ञा* पूरा तरिकाले अभ्यास गर्दछ (जसको अर्थ उनी अरहन्त हुन्)। तब उनीहरूले केही साना आपत्तिहरू गर्छन् र यो दोष स्वीकार गरेपछि उनीहरू शुद्ध हुन्छन्। यो कसरी सम्भव छ? भिक्खुहरूहो, *लोकुत्तर-धम्म* प्राप्त गर्नकोलागी क्षमतावान हुनुमा यस्ता साना आपत्ति गरे पनि कसैले विवाद गर्न सक्दैन, तर उनीहरूले ती (एक सय पचासवटा) सिक्खापदहरू लगातार र दृढतासँग पालन गर्दछन्, जो ब्रह्मचरियको आधार हो र ब्रह्मचरियकोलागी उपयुक्त छ। र उनीहरू तिनमा मेहनत गर्छन् र तिनको अध्ययन गर्छन्। भिक्खुहरूहो, जो भिक्खुहरूले आंशिक रूपमा उनीहरूलाई राम्रोसँग सिद्ध गर्न सक्छन्, उनीहरूले आंशिक रूपमा पालन गर्नुपर्छ, जबकि जसले पूरा गर्न सक्छन्, उनीहरूले तिनलाई पूर्णरूपले सिद्ध गर्नुपर्छ। यसो गरेर, भिक्खुहरूहो, म भन्छु कि ती सिक्खापदहरू बाँझो छैन (फलदायी हुन्छ नै)।" यो सुत्त दुतियपण्णासकको चौथो परिच्छेद, तिक निपात, *अंगुत्तरनिकाय*मा उपलब्ध छ। (पृ. ३०१ शाही थाई संस्करणको त्रिपिटक)। विमर्श गर्न चाहनेले सो पृष्ठ पल्टाएर हेर्नू। यस सूत्रको अनुसार, पाटिमोक्खमा रहेका सिक्खापदहरूलाई ब्रह्मचरियको आधारको रूपमा महत्त्वपूर्ण विभाजन भनी वर्गीकृत गरिएको छ, जबकि बाँकीलाई साना सिक्खापदहरूको

रूपमा व्यवस्था गरिएको छ। यो मेरो पुस्तकमा म पाटिमोक्खमा समावेश भएका सिक्खापदहरूलाई महत्त्वपूर्ण भनी लिन्छु, माथि सुत्तमा गरिएको व्यवस्थाभन्दा यो मेरो विधी व्यापक छ।

**पाटिमोक्खमा भएका सिक्खापदहरू**

माथि अनुवादित सुत्तले देखाउँछ कि सिक्खापदहरू मात्र १५० वटा छन्, यसको विभाजन यसप्रकार देखाउन सकिन्छ: *पाराजिक ४ वटा, संघादिसेस १३ वटा, निस्सग्गिय पाचित्तिय ३० वटा, सुद्धिक पाचित्तिय ९२ वटा, पाटिदेसनीय ४ वटा, अधिकरण-समथ ७ वटा।* वर्तमान कालमा पाठ गरिने विभंगमा उपलब्ध पाटिमोक्खले देखाउँछ कि सिक्खापदहरूको कुलसंख्या २२७ वटा छन्, जुन कि *दुईवटा अनियत* र *७५ वटा सेखियवत्त* थपेर बनेको छ। यो कुरालाई ध्यानमा राखी मैले यो निर्णय गरेको छु कि कुनै संगायनभन्दा पहिले सुत्तमा उल्लेख भएका एकसय पचासवटा मात्र नियमहरू थिए। जुन संगायनमा सिक्खापदहरूको शब्दार्थ (जुनलाई *पदभाजनीय* भनिन्छ),र यसलाई विभंग ग्रन्थको एक भागको रूपमा थपिएको थियो, र सायद त्यसै बेलामा हो यी *दुईवटा अनियत* र *७५ वटा सेखिय*हरू पनि थपिएको। यो भनाइ सायद सत्य हो, किनकि *अनियत*ले कुनै दण्ड निश्चित गरेको छैन, जस्तो कि अरू नियमहरूले गरेका छन्, तर ती सिक्खापदहरू अलग्गै संग्रहित थिए। एकान्त ठाउँमा महिलासँग एक्लाएक्लै साथ भइबसेको

आरोप लगाइएकोले ती नियमहरू अस्तित्वमा आएका हुन सक्छन् तर यो निश्चित हुन सकेन कि ऊ बसेको थियो, उभिएको थियो, वा ऊ के गर्दै थियो। *सेखियवत्त*को सम्बन्धमा, ती पहिले नै अन्य ठाउँमा अस्तित्व, अर्थात् चुल्लवग्गको वत्तक्खन्धकमा रहेका छन्, यसबाहेक ती महत्त्वपूर्ण नियमहरू थिएनन्, किनकि ती त *अभिसमाचार* हुन् र त्यसबाट हुने विशिष्ट आपत्ति उल्लेख गरिएको छैन। यहाँ म विनयको विधी अनुसार पाटिमोक्खमा भएका सिक्खापदहरूलाई व्याख्या गर्नेछु।

पाटिमोक्खमा भएका प्रत्येक सिक्खापदहरूमा यसलाई नाघ्ने भिक्खुलाई प्रत्यक्षरूपले आपत्ति निश्चित गरिराखेको छ, *पाराजिक*, *संघादिसेस*, *पाचित्तिय*, *निस्सग्गिय पाचित्तिय* र *सुद्धिक पाचित्तिय* र *पाटिदेसनीय*, तर *थुल्लच्चय*, *दुक्कट* र *दुब्भासित*को मामिलामा अप्रत्यक्षरूपमा मात्र छ।

*दुक्कट* भन्दा गम्भीर आपत्तिका सिक्खापदहरू छन्। मानौं कुनै भिक्खुले कुनै एउटा नियम तोड्ने कोसिस गर्यो। तर उसले सिक्खापदमा बताइएको जस्तो आपत्ति गरेन। उदाहरणकोलागी, मानौं कि उसले मनुष्यलाई मार्ने कोसिस गर्यो र यसकोलागी उसले जोडदार मुक्का हान्यो, तर उसको शिकार मरेन, यस मुद्दामा उसलाई *पाराजिक* दोष लाग्दैन। तर उसले कुनै सजाँय पाएन भने त्यो पनि न्यायिक हुनेछैन। त्यसो हुनाले उसलाई हलुका दोष लगाइनुपर्छ, जस्तो कि नागरिक कानूनमा प्रयोग गरिन्छ, जसमा प्रायः गरी सबभन्दा गम्भीर दोषीलाई मृत्युदण्ड दिइन्छ। तर यदि अपराधीले पूर्णरूपमा

कानून तोडेको छैन भने उसले तदनुसारको नरमस्तरको सजाय पाउँछ। यसमा मनुष्यहत्यामा दिइने दण्डमा स्पष्टरूपले देखिन्छ। *पाराजिक* र *संघादिसेस*भन्दा कमस्तरको सजाँय हुने दोषहरू अपूर्ण अवस्थामा हुने दोषहरूलाई *थुल्लच्चय* र *दुक्कट* भनिन्छ। *पाचित्तिय*भन्दा कमस्तरको आपत्ति *ओमसवाद* (गालिगलोज) र *पाटिदेसनीय* भन्दा कमस्तरकोलाई मात्र *दुक्कट* भनिन्छ। *ओमसवाद*भन्दा कमस्तरको सिक्खापदलाई *दुब्भासित* भनिन्छ। प्रत्येक *सेखियवत्त*मा *सिक्खाकरणीया* (सिक्नुपर्छ) भन्ने शब्द रहेका छन् जुन विभंग अनुसार यो अर्थ हो कि यदि ऊ यसमा होसियार नभएमा उसलाई *दुक्कट* आपत्ति हुन्छ। यस प्रकारका आपत्तिहरूलाई अरूबाट उत्पन्न हुने आपत्तिहरूबाट अलग्ग पहिचान दिनकोलागी विभंग शब्द थपेर विशिष्ट नाम दिइन्छ, किटेर नै भन्दा *विभंग थुल्लच्चय* र *विभंग दुक्कट* भनिन्छ, *दुब्भासित*मा भने विभंग शब्द थपिंदैन, किनकि यो एक ठाउँमा मात्र पाइन्छ, त्यो हो, विभंगमा। अरू मूल सिक्खापदहरूलाई *मातिका* भनिन्छ।

यस पुस्तकमा मैले प्रत्येक सिक्खापदको अर्थ छलफल गर्नेछु र उचित स्थानहरूमा विभंगमा भएका आपत्तिहरू पनि उल्लेख गर्नेछु। सिक्खापदहरूलाई तिनीहरूको उद्देश्य मुताबिक समूहमा मिलाएर व्याख्या गर्नु मेरो उद्देश्य हो ताकि विद्यार्थीहरूले गम्भीर तथा हलुका सजायलाई स्पष्टरूपले बुझ्ने र अनुभव गर्नेछन्। तर यसो गर्दा पाटिमोक्खका सिक्खापदहरूको क्रमबाट फरक हुनजान्छ र सम्झना राख्न तथा

सिक्नलाई गाह्रो हुनेछ। त्यसो हुनाले, म पाटिमोक्खमा पाइने क्रम अनुसार नै व्याख्या गर्नेछु, अनि तिनलाई पछि समूहबद्ध गर्नेछु।

पाटिमोक्खमा भएका सिक्खापदहरूलाई तिनको आपत्ति अनुसार समूहबद्ध गरिएका छन्, उदाहरणकोलागी *पाराजिक* समूह, अनि *संघादिसेस* समूह, आदि। र यी प्रत्येक समूहलाई *उद्देस* (पाठ गर्ने खण्ड) भनिन्छ, *पाराजिकुद्देस*, *संघादिसेसुद्देस* आदि। सेखियवत्तको सम्बन्धमा भने सेखियुद्देस भनिन्छ। यी *उद्देस*हरूका अगाडि *निदानुद्देस* आउँछ जुनमा बताइएको छ कि पाटिमोक्ख श्रवण गर्ने भिक्खुले के आचरण गर्नुपर्छ? यी *उद्देस*हरू जम्मा नौवटा छन्। मगध भाषा नबुझ्ने तर यी *उद्देस*हरूको अर्थ थाहापाउन चाहनेहरूले पाटिमोक्ख[6] को अनुवाद पढ्नुपर्छ। यो वर्तमान पुस्तकमा म सिक्खापदहरू उल्लेख गर्नेछु, र तिनलाई मूल पालि अनुसार सटीक अनुवाद गर्नेछु, ताकि विद्यार्थीहरूले तिनका शब्दहरू र मुहावराहरू (वाक्यपद्धति) लाई सही ढंगले चिनुन् र म तिनीहरूमा भएका जान्नुपर्ने बुँदाहरूलाई स्पष्ट पार्नेछु।

****

[6]हेर्नुस् "पाटिमोक्ख", मूलपालि सहित अंग्रेजी अनुवाद, महामकुट राजविद्यालय, बैंकक्, बु. स. २५१२ मा प्रकाशित।

Dhamma.Digital

# अध्याय ४

## पाराजिक

'पाराजिक' आपत्तिको गुण बताउने विशेषणात्मक शब्द हो, र यसको अर्थ हो, यो गर्नेलाई पराजित गर्ने।' यो व्यक्तिहरूको गुण बताउने विशेषण पनि हो, अनि यसको अर्थ हुन्छ 'पराजित व्यक्ति' र यो सिक्खापदहरूको गुण बताउने विशेषण पनि हो, जसको अर्थ हुन्छ नाघ्नेलाई पाराजिक आपत्ति हुन्छ।' यस पुस्तकमा भने यो चारवटा सिक्खापदहरूको नाम हो।

**१.पहिलो सिक्खापदमा भनिएकोछ:**

> जो भिक्खुले भिक्खुको शिक्षाले सम्पन्न भई तथा भिक्खुहरूको जीवनयापन गरी, शिक्षा त्याग नगरिकन नै, शिक्षा पालनमा आफ्नो असमर्थता जाहेर नगरिकन नै मैथुन धर्म सेवन गर्दछ भने, त्यो चाहे पशुको साथमा नै किन नहोस्, ऊ पाराजिक हुन्छ र ऊ भिक्खुहरूका साथमा संवास अयोग्य हुन्छ (संघको सदस्यता गुमाउँछ)।

यहाँ भिक्खु शब्दले तीन समूहका भिक्खुहरू (माथिको अध्याय १ मा हेर्नू) लाई इंगित गरेको छ। तर विभंगमा यो भनिएको छ कि यो शब्दले संघले *ञत्तिचतुत्थ-कम्मवाचा-*

विधीद्वारा उपसम्पदा दिइएको भिक्खुलाई इंगित गरिएको हो। यसले यो तथ्य बताउँदछ कि यो विभंग ग्रन्थ यस विधीद्वारा उपसम्पदा दिने गरेपछि लेखिएको हो र त्यसैले यस प्रकारले व्याख्या गरेको हो। माथि सिक्खापदमा उल्लेख गरिएको जस्तो भिक्खुले ब्रह्मचर्य शिक्षा पालनमा दिक्क लागेमा सिक्खापद त्याग गर्न मिल्छ र *अनुपसम्पन्न* (गृहस्थी) तहमा फर्कन मिल्छ। तर उसले सिक्खापद त्याग गरेको घोषणा गरेको छैन भने र भिक्खुपद धारण गरिरहेको नै छ र (यो अवस्थामा) उसले मैथुन सेवन गर्दछ भने, अर्थात् भिक्खुभावमा बसेर नै यौनक्रिया गर्दछ भने उसलाई *पाराजिक आपत्ति* लाग्दछ र ऊ पराजित भएको हुन्छ र भिक्खुहरूको संघसँग *संवास* अयोग्य हुन्छ, जुन चलनले अरू भिक्खुहरूका साथमा भिक्खुहरू संगठित भइ बस्दछन्, त्यसमा बस्न अयोग्य हुन्छ। भन्नुको मतलब हो, भिक्खु भइबस्नाले पाइने जुन विशेष फाइदा हो, त्यसबाट ऊ वंचित हुन्छ, किनकि जुन सिक्खापदले उसलाई अरू भिक्खुहरूको समान बनाउने हो, त्यो सिक्खापद उसँग रहित भइसकेको छ। यस्तो भिक्खुले संघका साथमा *उपोसथ, पवारणा* र *संघकम्म*मा फेरि भाग लिन नपाउने भइसकेकोले आफूलाई संघको प्रशासन शक्तिबाट बाहिर पारिसकेको हुन्छ।

तिरच्छानगतायपि (मादा पशुका साथमा भए पनि) शब्दले यो कुरा बुझ्नु पर्दछ कि माथिको सिक्खापदमा उल्लेखित सामान्य सम्भोग सबै मनुष्यहरूमा पाइने हो, यसको अर्थ हो, पुरूष र स्त्रीका बीचमा हुने, तर विभंगमा भनिएको छ

https://dhamma.digital

कि स्त्री जनेन्द्रियको माध्यमले, अथवा मलद्वारको माध्यमले, मुखद्वारको माध्यमले, मनुष्य स्त्री, पुरूषहरूमा अथवा अमनुष्यहरूमा जस्तो कि *यक्ख,* अथवा *पेत* (भूतप्रेतहरू) मा हुने यौनाचार वा अरूहरू सबैलाई यहाँ समावेश गरिएका छन्। तथा अरू पशुहरूमा पनि चाहे त्यो भाले होस्, पोथी होस्, वा द्वीलिंगी प्राणी होस्। यी प्राणीहरूसँग हुने यौनक्रियालाई *'मेथुनधम्म'* भनिएको हो। माथि उल्लिखित अंगहरूमा मैथुन गर्ने भिक्खु यद्यपि उसले यो क्रिया पूरा नगरे तापनि यदि उसको लिंग छिद्रमा थोरै तिल जति मात्र प्रवेश गराए पनि, उसको अथवा अर्काको लिंगमा कुनै (कपडा आदि) वस्तुद्वारा छोपिएको भए पनि, बेरेको भए पनि, वा यस्ता कुनैले नछोपिएको अवस्थामा पनि, यदि सो भिक्खुले अमनुष्य वा पशुलाई यौनक्रियाकोलागी प्रयोग गर्छ भने, चाहे त्यो जीवित अवस्थामा होस् वा मरेको अवस्थामा, चाहे त्यो लाश आकारमा पूर्णता रहेको होस् वा केही अपूर्णता, यदि ती वस्तुहरू यौनक्रिया पूर्ण गर्नकोलागी साधक बन्दछ भने *पाराजिक* आपत्ति हुन्छ। यदि भिक्खुलाई यौन-दुर्व्यवहार भयो, तर उसले आफ्नो लिंग प्रवेश हुँदा, पूर्णरूपले प्रवेश भएपछि र भित्र रहँदा वा यो निकाल्दाका पलहरूमध्ये कुनै पनि पलमा खुशी मानेमा उसलाई पाराजिक हुनेछ। भिक्खुले अर्को भिक्खुलाई उसको साथमा गुदाको माध्यमबाट सम्भोग गर्नकोलागी अनुमति दियो, वा उसलाई अर्को भिक्खुले बलजफ्ति गर्यो र पछि त्यसबाट प्रसन्न भयो, वा भिक्खु सुतेको बेलामा उसलाई आक्रमण गरियो तर ऊ

https://dhamma.digital

बिउँझेपछि त्यसबाट प्रसन्न भयो भने यी सबै अवस्थाहरूमा ऊ *पाराजिक* हुन्छ।[7] यस सिक्खापदको विनीतवत्थुमा भनिएको छ कि एकजना भिक्खु जसको पीठ कोमल थियो, आफ्नै मुखमा लिंग हाल्ने इच्छाले उसले आफ्नो पिठ्यू बंग्यायो, र यस्तो लामो लिंग भएको भिक्खुले आफ्नो मलद्वारमा पनि पसाउन सक्छ, त्यस्तै गर्यो, र यी दुवै अवस्थामा उनीहरू *पाराजिक* भए। यी उल्लिखित मुद्दाहरू असम्भव जस्तो देखिन्छ, तर भिक्खुले उसँग अरू भिक्खुलाई सम्भोग गर्न लगाउन सक्छ, त्यस अवस्थामा ऊ पनि *पाराजिक* हुन्छ।

यस सिक्खापदमा *थुल्लच्चय* र *दुक्कट*का मामिलाहरूलाई स्पष्ट रूपमा राखिएको छैन किनकि यसलाई व्याख्या गर्नेहरूले नै आवश्यक बुँदालाई बुझेका छैनन्। म मेरो आफ्नै समझ अनुसार छोटो व्याख्या गर्नेछु, तर सायद यो अन्य आचरियहरूको विचारभन्दा फरक हुनेछ। (पहिलो) *पाराजिक*को आधार रहेका (तीन) प्वालहरू जो कि मनुष्य र जनावरहरूका हुन्, यदि मरेकाहरूका ती छिद्रहरू बिग्रीसकेको भएमा सो भिक्खुले उसको इच्छा पूरा गर्दैन, तब लिंग (यस प्रकार राखेको अवस्थामा), यी थुल्लच्चयका आधारहरू हुन्छ।

---

[7]'पाराजिक हुन्छ', 'आपत्ति हुन्छ' भन्ने अभिव्यक्तिहरू यद्यपि पालि व्याकरण मुताविक बेठिक हुन्, तर थाइ भाषामा प्रचलित सिद्धप्रयोगहरू हुन्, जुनले अंग्रेजी भाषामा पनि अर्थ राम्ररी प्रष्ट गर्दछ। (अंग्रेजी अनुवादकहरू)

भिक्खुले अन्य अंगहरूमा (यी तीनवटा प्वालहरू बाहेक) संभोगको प्रयास गर्दछ भने, वा निर्जीव वस्तुहरूमा जस्तो कि पुतलीहरू, यी *दुक्कट*का आधारहरू हुन्। विनीतवत्थुमा देखाइएको छ कि भिक्खुले महिलाका तीन प्वालहरू बाहेक अन्य कुनै अंगमा इच्छापूर्वक संभोगको प्रयास गर्नु*संघादिसेस* हो। केही मामिलाहरू स्पष्टरूपमा शारीरिक स्पर्शसँग जोडिएका छन्, र केही शारीरिक स्पर्श वा नियतपूर्वक वीर्य स्खलनसँग जोडिएका छन्, तिनलाई स्पष्ट रूपमा छुट्याइएका छैनन् तर *पाराजिक*तिर जाने आपत्तिलाई *थुल्लच्चय* र *दुक्कट* मात्र राखिएका छन्। विभंगमा यस्ता मामिलाहरू *संघादिसेस* हुने भनी (विनीतवत्थुको रूपमा) दिइएका छन्-यसले यस्तो सल्लाह दिन्छ कि जब योभन्दा उच्च आपत्ति हुने सम्भावना छ, तब त्यो आपत्ति लिनुपर्छ र लगाइनु पर्छ; उदाहरणकोलागी, भिक्खुले तीन प्वालहरू बाहेक महिलाको अन्य केही अंगसँग संभोगको प्रयास गर्दछ। यद्यपि सो भिक्खु *पाराजिक*तिर उन्मुख भएको छ, तैपनि उसलाई *थुल्लच्चय* मात्र आपत्ति लगाउन सकिन्छ तर उसको कार्यमा 'महिलासँग शारीरिक स्पर्श' र 'नियतपूर्वक वीर्यस्खलन गरेको छ' त्यसैले यस तरिकाले कार्य गरेकोले यस्ता कार्यहरू रोक्ने यी दुई *संघादिसेस*हरूको आपत्ति उसलाई लगाउन सकिन्छ। विनीतवत्थुमा भएको यो निर्णय उचित छ र यो अन्य सिक्खापदहरूकोलागी उदाहरणको रूपमा प्रयोग गर्नुपर्छ।

Dhamma.Digital

यो सिक्खापदमा आपत्ति *सचित्तक* हो र यसैले सुतिरहेको बेलामा भएका आक्रमणमा खुशी भएन भने, खुशी नभएकोलाई आपत्ति छैन। चार प्रकारका भिक्खुहरू, तोकेरै भन्दा, *पागल* -होश सम्हाल्न नसक्ने गरी मगज बिग्रेको, *भ्रांतचित्त* भएर जान्ने हराएको, *गहिरो पीडा भोगिरहेको*ले चेतना नै नरहेको, र *आदिकर्मिक (सर्वप्रथम गर्ने)* जसका कारणले यो नियम बन्यो, उनीहरूलाई यस सिक्खापदमा आपत्ति छैन (उसलाई अन्य आपत्ति हुनसक्छ)। म यी चार प्रकारका भिक्खुहरूको उल्लेख फेरी गर्दिनँ तर बुझ्नुपर्छ कि यिनीहरू हरेक सिक्खापदहरूका आपत्तिहरूबाट मुक्त हुन्। म केवल ती भिक्खुहरूको मात्र उल्लेख गर्नेछु जो विशेष सिक्खापदमा आपत्तिबाट मुक्त छन्।

**२. दोश्रो सिक्खापदमा भनिएको छ:**

> जो भिक्खुले गाउँ, बस्तीबाट वा जंगलबाट चोरी गर्ने नियतले (वस्तुधनिले) उसलाई नदिइएको वस्तु लिन्छ, लिइएको त्यो वस्तु यस्तो किसिमको हुन्छ कि यस सम्बन्धमा राजाहरूले लुटेरालाई गिरफ्तार गरी (उसलाई यस प्रकार निन्दा गर्दछन्), "तँ डाँका होस्, तँ मूर्ख होस्, तँ अबूझ होस्, तँ चोर होस्" र उसलाई मृत्युदण्ड दिईन्छ, कैदी बनाइन्छ वा निर्वासित गरिन्छ। (तब) जो भिक्खुले यस्तो प्रकृतिका

Dhamma.Digital

नदिईएका कुनै पनि वस्तु लिन्छ, ऊ पाराजिक हुन्छ र भिक्खुसंघमा संवास अयोग्य हुन्छ।

विभंगमा धेरै प्रकारका बहुमूल्य चीजहरूको उल्लेख गरिएका छन्। स्पष्टिकरणकोलागी म यस कृतिमा तिनलाई समूहहरूमा व्यवस्थित गर्नेछु। विभंगमा उल्लेखित बहुमूल्य सामाग्रीहरूलाई *संहारिम* (चल) र *असंहारिम* (अचल) दुई समूहमा विभाजित गर्न सकिन्छ। पहिलोले धेरै प्रकारका पाल्तु जनावरहरू जस्तै भेडा, बाख्रा र सुँगुर, र त्यसपछि भारी बोक्ने/तान्ने हात्ती, घोडा, बाछो, भैंसी जस्ता जनावरहरू, जुनमा सबैलाई *सविञ्ञाणिक* (जीवित) भनिन्छ, साथै जड वस्तुलाई *अविञ्ञाणिक* (निर्जीव) भनिन्छ, जसको आफ्नो ठाउँ पक्का छैन, उदाहरणकोलागी सुन र चाँदी, कपडा र जीवन यापनकालागी आवश्यक वस्तुहरू आदि। *असंहारिम* (अचल) भनी प्रत्यक्षतः बहुमूल्य जग्गालाई मात्र भनिन्छ र अप्रत्यक्षरूपमा ती जग्गाहरूमा स्थित चीजहरूलाई समेत बुझाउँछ, जस्तै रुख र घरहरू। व्यक्तिद्वारा स्वामित्वमा राखिएका उसको मानिने जुनसुकै बहुमूल्य बस्तुहरू वा ती बहुमूल्य बस्तुहरू जुन कि व्यक्तिसँग सम्बन्धित छैन तर जो प्रभारी (जिम्मावाला) द्वारा सुरक्षित छन्। जस्तै सार्वजनिक सम्पत्ति सबैको साझा, संघका सामानहरू र चैत्यहरूका सामानहरू, ती बहुमूल्य चीजहरू जुन कि भिक्खुलाई वस्तुधनीहरू आफैंद्वारा दिईएको छैन, न त उनीहरूका प्रभारी पुरुषहरूद्वारा नै दिइएको छ, उनीहरूले पहिला आफ्नो अधिकार

Dhamma.Digital

त्यागेको पनि छैन भने, यी कुनै पनि चीजहरूलाई नदिइएको (*अदिन्न*) भनिन्छ। चाहे गाउँबस्तीबाट होस् वा वनजंगलबाट (*गामा वा अरञ्ञा वा*), भन्नुको मतलब ती बहुमूल्य चीजहरू अझै पनि वस्तुधनीद्वारा कब्जा गरिएका छन्। उदाहरणकोलागी, सुन र चाँदी कुनै ठाउँमा छोडिएको छ, वा काटिएका काठहरू जंगलबाट लगिएका छैनन्, त्यस्ता चीजहरूलाई 'दिइनसकिएको' भनिन्छ।

चोरीको नियतले बहुमूल्य वस्तुहरू लिनुलाई लिइएका चीजहरूको प्रकृति अनुसार वर्गीकृत गर्न सकिन्छ। *संहारिम* वस्तु (चल सम्पत्ति) को चोरी तब मात्र पूरा हुन्छ जब उनीहरूलाई आफ्नो ठाउँबाट सारिन्छन्। यस्ता बहुमूल्य चीजहरू धेरै प्रकारका छन्:

१) मूल्यवान चल सम्पत्तिहरूमा चल चीजहरू फरक फरक *आधार*मा जमीनको सतहमा रहेका, पृथ्वीमा गाडिएका, पृथ्वीमा बिसाइएका, हावामा झुण्डिएका, अन्य चीजहरूमा रहेका, जस्तै कि ओछ्यान वा बेडामा राखिएका, पानी मुनि राखिएका, वा चलायमान वस्तु डुँगा वा सवारी साधनमा राखिएका जस्ता चीजहरू। अब वस्तुको अवस्थितिको *आधार*मा जहाँ वस्तु रहेको छ, उदाहरणकोलागी सन्दूकमा, कुनै वस्तु (चकटी, आधार आदि) मा बिसाइएको, वस्तुको अवस्थिति रहेको स्थानलाई *आधार* भनिन्छ। यदि वस्तु यसको आधारमा उत्तानो परेको छैन भने, उदाहरणकोलागी तीन वा चार खुट्टा भएको टेबल वा कुर्सी छन्, तिनलाई तीन वा चारको आधारमा रहेको भनिन्छ।

भिक्खुले चोर्ने नियतले यसको आधारबाट वस्तुलाई सार्दछ भने उसलाई पाराजिक हुन्छ। यदि सम्बन्धित वस्तु अर्को गतिशील वस्तुमा राखिएको छ, जस्तो कि डुँगामा, सवारी साधनमा, र भिक्खुले त्यो आधार (जस्तै डुँगा) जसमा वस्तु (लादिएको) छ, त्यसलाई चलायो भने उसलाई पनि आपत्ति (*पाराजिक*) हुन्छ। यस प्रकारका कार्यहरूलाई याद राख्न सजिलोकोलागी *चोरी* भनिन्छ।[8]

२) सम्बन्धित वस्तु कुनै मानिसद्वारा बोकीराखिएको छ, उसको शरीरका अंगमा यो वस्तु बिसाइएको छ, जस्तो कि उसको हात, टाउको, काँध, कम्मरमा वा हातले बोकीराखिएको छ, चोरी (लूट) को नियतले त्यो वस्तु खोसेर लिन्छ। जब त्यो चीज शरीरको आधारबाट हटाइन्छ तब भिक्खुलाई आपत्ति हुन्छ। याद राख्न सजिलोकोलागी यस प्रकारको कार्यलाई *लुटेर भाग्नु* भनिन्छ।

विभंगमा *भार* (भारी) शब्दमा टिप्पणी गर्दा भनिएको छ: जब भिक्खुले अरूको सम्पत्ति बोक्छ र चोरी गर्ने मनसाय उत्पन्न गर्छ, जस्तै कि अरू कसैका सामानहरू उसको टाउकोमा

---

[8] यहाँ तथा यसपछि तल लेखक आदरणीय भिक्खुवरले थाइ उखानका शब्द प्रयोग गर्नुभएको छ, जसले हरेक प्रकारलाई अदिन्नादान (नदिइकन लिनु) अर्थ लाग्छ। ती शब्दहरूका समानार्थी अंग्रेजी शब्द पाउन गाह्रो छ।
(अंग्रेजी अनुवादकहरू)

Dhamma.Digital

बोकीराखिएको छ, सो वस्तुलाई त्यसको आधारबाट हटाएर काँधमा सार्छ भने उसलाई अन्तिम स्तरको आपत्ति हुन्छ। तर यो त अरू कुनै भिक्खुद्वारा कसैकोलागी नासो राखिएको चीजहरू जस्तो हो, जुनकि हरायो भने क्षतिपूर्ति दिनुपर्छ। तसर्थ उसलाई आपत्ति अर्को तरिकाले लगाउनु पर्छ। नागरिक (देवानी) कानूनको तुलनामा, यदि कुनै भिक्खुले यो कार्य गर्दछ भने चोरीको अवस्था उसबाट स्पष्टरूपमा गरिएको छैन: उदाहरणकोलागी, एक जना भिक्खुले एउटा सामान बोकेर राख्दा थकाइ लाग्यो, र उसले आधार परिवर्तन गर्दछ, सोझो मनले हातहरू परिवर्तन गर्दछ। यदि यस तरिकाले पनि त्यो *अवहार* (चोरीको कार्य) भएको मानियो भने त राम्रो मान्छेलाई आरोप लगाइन सकिन्छ, त्यसैले माथिको कुरा उचित छैन। त्यसैले, म मान्छु कि यदि भिक्खुले अरू मानिसहरूद्वारा बोकिराखिएका वस्तुहरू खोसेर लिन्छ भने यसलाई *लुटेर भाग्नु* भनिन्छ।

३) पाल्तु र भारवाहक जनावरहरूका उनीहरूका आधारका रूपमा खुट्टाहरू छन्। जो भिक्खुले चोरी गर्ने नियतले उनीहरूलाई चलाउँछ वा उनीहरूलाई डोर्याउँछ र जब उनीहरूको चौथो खुट्टाले आफ्नो आधार छोड्छ, तब उसलाई पाराजिक हुन्छ। याद राख्न सजिलोकोलागी यसलाई *गाईवस्तु धपाउनु* भनिन्छ। यदि चोरिने वस्तु साना पशुपंक्षीहरू हुन् जसलाई हातले धपाउन सकिन्छ, जस्तै कुखुरा, र जो भिक्खुले चोरी गर्ने नियतले उनीहरूलाई टाढा लैजान्छ, उसको कार्य *गाइवस्तु*

Dhamma.Digital

*धपाउनु*मा समावेश हुन्छ। उसले उनीहरूलाई बोक्छ भने उसको कार्य सामान्य *चोरी*मा समावेश हुन्छ।

यस सिक्खापदको विनीतवत्थुमा यस समूहमा सामेल गर्न सकिने *अदिन्नादान*का थप दुई समूहहरूको व्याख्या गरिएको छ।

४) भिक्खुले कसैबाट खसेको कुनै वस्तु चोरीको नियतले टिप्छ, जब उसले यसलाई उठाउँछ तब उसलाई आपत्ति हुन्छ। याद राख्न सजिलो बनाउनकोलागी यसलाई *कब्जा जमाउनु* भनिन्छ।

५) सामान वितरणको समयमा भिक्खुले चोरी गर्ने नियतले अन्य भिक्खुको हुनुपर्ने असल र बहुमूल्य सामान आफूले पाउने आशामा आफ्नो चिट्ठा अर्कोसँग साट्छ। जब चिट्ठा साट्ने काम पूरा हुन्छ तब उसलाई आपत्ति हुन्छ। सक्कली भनी नक्कली चीजहरू साटिदिनु पनि यसमा सामेल छ। याद राख्न सजिलो बनाउनकोलागी यसलाई *धोखाधडी गर्नु* भनिन्छ।

*असंहारिम* (अचल सम्पत्ति) वस्तुहरूको चोरी तब पूरा हुन्छ जब मालिकले आफ्नो दावी त्याग्छ, भिक्खुलाई आपत्ति यस अवस्थामा हुन्छ। उदाहरणकोलागी, एक जना भिक्खुले औचित्यता बिना अर्काको भूमिको स्वामित्व दावी गर्छ। यसको जग्गाधनी कम शक्ति भएको छ र आफ्नो दावी अगाडि राख्न असमर्थ हुन्छ, तब उसले दावी त्याग्छ त्यो समयमा भिक्खुलाई सर्वोच्च आपत्ति हुन्छ। यदि जग्गाधनीले आफ्नो दाबी त्याग्दैन

र त्यसमा आफ्नो स्वामित्व दाबी गरेर त्यस भिक्खुको बिरुद्धमा अदालतमा मुद्दा दायर गर्छ, दुवै पक्षले आफ्ना प्रमाण र साक्षीहरू पेश गर्छन्, यदि जग्गाधनी पराजित भएमा भिक्खुलाई आपत्ति हुन्छ। यदि एक भिक्खुले अदालतमा भूमिमाथि (जसमा उसको कुनै अधिकार छैन) दावीको मुद्दा दायर गर्छ, यसमा पनि माथिको जस्तो नै हुन्छ। तर शब्द 'जग्गाधनी हार्यो' को अर्थ हो कि ऊ सर्वोच्च अदालतमा जसमा मुद्दा समाप्त भएको छ, त्यसमा हार्यो। याद राख्न सजिलो बनाउनलाई यसलाई *'छल गर्नु'* भनिन्छ। जो भिक्खुले अर्काको जग्गामा दावी गर्दै आफ्नो जग्गाको साँध सीमाना विस्तार गर्दछ (जग्गा मिच्छ), जब उसले साँध विस्तार गर्ने काम (बाड, किला आदि चिनो लगाएर) पूरा गरी सकेको हुन्छ। तर यो सम्भव छ कि जग्गाधनीलाई (यो विस्तारको बारेमा) जानकारी छैन, यसैले यो पनि भूमिमा अधिकारको दावीमुद्दा अन्तर्गत नै सामेल गर्नुपर्छ, तर यो बुँदा विनय विशेषज्ञहरूद्वारा विचार हुनुपर्छ। यदि भिक्खुले सीधै स्थीर वस्तु जमीनबाट हटाउँछ, जस्तो कि रुख काट्नु वा घर सार्नु, जब सार्ने काम पूरा हुन्छ, तब उसलाई माथि छलफल गरिएको चल सम्पत्तिहरू सार्नुले जस्तो नै उच्चतम आपत्ति हुन्छ।

अधिकार र अरू बुँदा आदि अन्य परिस्थिति (सर्त) हरूका आधारमा निर्णय गर्नुपर्ने *अवहार* (चोरी) का अरू पनि मुद्दाहरू छन्।

Dhamma.Digital

चोरी गर्ने मनसाय राखेर भिक्खुले उसको हेरचाहमा जिम्मा दिईएको (नासो राखिएको) चीज लिन्छ र जब मालिकले फिर्ता लिन आउँछ, भिक्खुले अस्वीकार गर्दछ कि उसले यो (नासो) लिएको छ, वा भन्छ कि उसले उसलाई फिर्ता गरिसकेको छ। जब मालिकलाई उसको वस्तुमाथिको अधिकारबाट वञ्चित गरिन्छ, तब माथि ठगीको मामिलामा दिइए अनुसार नै भिक्खुलाई आपत्ति हुन्छ। सजिलो सम्झनाकोलागी यसलाई *'पर-धन-अपहरण'* भनिन्छ। यदि यहाँ प्रश्न उठाईयो भने: किन यो आपत्ति 'आधारबाट सार्नु' द्वारा निर्धारण गरिएन? यसको जवाफ यो हो कि *अवहार* (चोरी) आधारबाट सार्नुले निर्धारित हुने आपत्ति वस्तुधनीलाई भिक्खुले सट्टाभर्ना दिनुपर्ने वस्तुकोलागी हो, भनाइको मतलब हो, त्यसकोलागी दण्ड स्वीकार गर वा हराएको वस्तु पछि वस्तुधनीहरूलाई फिर्ता गर; यसैले भिक्खुलाई जिम्मा दिईएका चीजहरू हराएको अवस्थामा फिर्ता गर्ने जिम्मेवारी उसको हो र जब ती वस्तुहरू नाश हुन्छन्, वस्तुधनीहरूले कुनै दावी गर्ने अवस्था खतम हुन्छ, तब उसलाई आपत्ति हुन्छ। यसमा अब भिक्खुले यसकोलागी क्षतिपूर्ति दिनुपर्ने जिम्मेवारीबाट मुक्त हुन्छ।

एक निश्चित ठाउँमा राखिएका चीजहरूको हेरविचार गर्ने व्यक्तिको रूपमा कुनै भिक्खुलाई नियुक्त गरिएको छ, जस्तो कि भण्डार नाइके भिक्खु। यद्यपि उसँग ती चीजहरूको चोरी गर्ने सोच छ, तर जबसम्म चीजहरूलाई आफ्नो भण्डारको

Dhamma.Digital

मान्यता प्राप्त सीमाहरूबाट बाहिर निकालिंदैन, तबसम्म उसलाई पाराजिक आपत्ति हुँदैन। जब ती सामानहरूलाई राखिएका स्थान भण्डारको मान्यता प्राप्त सीमाभन्दा बाहिर निकालिन्छ, उसलाई अन्तिम अवस्थाको आपत्ति पाराजिक हुन्छ। सजिलो सम्झनाकोलागी यो भनिनु पर्छः *विश्वासघात गर्नु*। यो स्पष्टीकरण अट्ठकथामा *संखेत-वीतिनामन* भनिने *अवहार*मा आधारित छ। त्यहाँ यो देखाइएको छ कि एक जना भिक्खुले यस्तो शर्त बनाउँछः "यदि कुनै व्यक्तिले मलाई सीमा भित्र (जहाँ राखिएको छ) कुनै चीज समातेको देख्छ तब म मात्र हेरेको नाटक गर्छु, तर यदि यो सीमाभन्दा बाहिर लगिएको छ (अरूले मलाई नदेखीकन) तब म यसलाई चोर्नेछु।' यो विचार स्पष्ट छैन किनकि शर्त बनाउने बेलामा सो भिक्खुको मनमा चोरी गर्ने मनसाय निश्चित छैन।

भिक्खुले भंसार लाग्ने सामान लिएर भंसार सीमा नाघेर आउँछ। त्यसमा यदि सीमा नाघ्ने बेलामा उसले यी सामानहरू लुकाउँदछ वा धेरै चीजहरू लुकाएका छन् तर तिनका केही भाग मात्र देखाउँछ भने, जब ऊ कर तिर्नुपर्ने सीमाको पार पुग्छ तब उसलाई आपत्ति हुन्छ। सजिलो सम्झनाकोलागी यसलाई *तस्करी* भनिन्छ। यो *अवहार* अरू सबैभन्दा फरक छ। अन्य सबै *अवहार*हरू अरूसँग सम्बन्धित चीजहरूसँग सम्बन्धित छन्, जो भिक्खुले लिनकोलागी कोशिश गर्दछ। तर यो *अवहार* त उसको आफ्नै सम्पत्तिकोलागी उसले देशको शासकलाई कर तिर्नुपर्ने हुन्छ। यसले जोड दिन्छ कि

भिक्खुहरूले सामान्यतया देशका शासकको कर असुल्ने अधिकारलाई मान्यता दिन्छ। जब भिक्खुहरू सीमाबाट प्रवेश गर्न लाग्छन्, उनीहरूले ल्याएका सामानहरूको प्रकार अनुसार शुल्क तिर्छन्। यस्तो (कर छल्नु) सबै मानिसहरूका बीचमा गल्ती हो, त्यसैले यसलाई एउटा *अवहार*मा सामेल गरिएको छ, यसलाई विभंगमा *सुंकघात* भनिन्छ।

कुनै भिक्खुले अन्य भिक्खुहरूलाई लुट्नलगाउँछ, र कसैले गर्छ, कसैले गर्दैन, (समूह मिलेर गएको हुँदा) भने सबै जनालाई आपत्ति लाग्छ। सजिलो सम्झनाकोलागी यसलाई *'लूट-पाट* भनिन्छ।

अट्ठकथामा उल्लेखित अन्य तीन थरीका अवहारहरू यहाँ उल्लेख गर्नुपर्छ, त्यो हो: भिक्खुहरूले नक्कली बहुमूल्य सामान बनाउँदछन्, जस्तो कि मुद्रा, (शाब्दिक अर्थमा चाँदी र सुन), नक्कली नाप, तौल र अरू अरू चीजहरू। जब यी बनाउने काम पूरा हुन्छ, उनीहरूलाई आपत्ति हुन्छ। याद राख्न सजिलोकोलागी यसलाई *खोटा लेनदेन गर्नु* भन्नुपर्छ।

सरकारी अधिकारीले उचित विधीभन्दा बाहिर गएर पनि कर वसुल्न सक्ने जस्तै भिक्खुले पनि अरूलाई दिन बाध्य गर्नसक्छ। जब यी चीजहरू उसको अधिकारक्षेत्रमा आउँछ तब उसलाई आपत्ति हुन्छ। सजिलो सम्झनाकोलागी यसलाई *करकापले लिनु* भन्नुपर्छ।

यसबाहेक, कुनै भिक्खुले कुनै सम्पत्तिका मालिकलाई चोट पुर्याउने नियत राख्छ, ताकि यो सामान उसलाई दिन

बाध्य होस्। यस्तो आचरणलाई *जबरदस्ती वसूली* भनिन्छ, यो माथिको बुँदामा सामेल भएको छ, तर शायद यहाँ थप स्पष्ट रूपमा परिभाषित गरिएको छ।

कुनै भिक्खुले खसेका चीजहरू देख्छ, जुनलाई चोर्ने नियतले उसले माटो वा पातहरू जस्ता चीजहरूभित्र लुकाउँछ, यस्तो लुकाउने काम सिद्ध भएपछि उसलाई आपत्ति हुन्छ। याद गर्न सजिलोकोलागीयसलाई भनिनुपर्छ: *चोरीको मनसायले लुकाउनु।*

भिक्खुले चोर्ने बेलामा मात्र होइन कि उसले अर्कोलाई माथि उल्लेख गरिएको किसिमले चोर्ने आदेश दियो भने पनि उसलाई आपत्ति हुन्छ। तसर्थ, यस सिक्खापदमा *साणत्तिक* आदेशद्वारा पनि आपत्ति हुनसक्छ, यसलाई आज्ञाद्वारा आपत्ति भनिन्छ, जबकि आज्ञा पाएर सो खराब काम गर्नमा लाग्नेलाई *अनाणत्तिक* (आज्ञा द्वारा) भनिन्छ, यस सम्बन्धी एउटा उदाहरण प्रथम *पाराजिक*मा पाइन्छ, (जब कि आदेश दिएर अरूलाई संभोग गर्न उक्साउँछ भने आदेश दिनेलाई आपत्ति हुनेछैन)। तर यो बुझ्नुपर्छ कि यस्तो (आपत्ति हुने काम) गर्नमा अरूलाई उक्साउनु आफ्नोलागी गर्न उक्साउनु जस्तो होइन।

कुनै भिक्खुले चोरी गर्ने मनसायले अरूलाई चोरी गर्नकोलागी उक्साउँछ र त्यस अनुसार जब सो काम उसले गरिसक्छ, यसमा आपत्ति सो मुखिया (अह्राउने, उक्साउने) लाई पर्छ। यो निम्नानुसार बुझ्नुपर्छ: भिक्खुले शर्त बिना, अर्को भिक्खुलाई उक्साउँछ र जब सो उक्साइएको काम पहिलोको

Dhamma.Digital

इच्छा अनुसार दोश्रोद्वारा चोरी गर्ने काम सम्पन्न हुन्छ, तब दुवै जनालाई आपत्ति हुन्छ। जब भिक्खुले पहिले नै अर्को भिक्खुलाई चोरी गर्न उक्साएको थियो तर पछि उसलाई चोरी नगर्न चेतावनी दियो, तर पनि दोस्रोले आफ्नै इच्छाले चोरी गर्न जान्छ, यसमा पहिलोलाई आपत्ति हुँदैन तर दोश्रोलाई आपत्ति हुन्छ। निम्न मामिलालाई उस्तै तरिकाले बुझ्नु पर्छ: भिक्खुले केही वस्तु चोरी गर्नकोलागी निर्दिष्ट गर्दछ, तर सुन्ने भिक्खुले त्यसको सट्टा अर्को वस्तु चोर्छ, तब पहिलोलाई आपत्ति हुँदैन, जबकि दोश्रोलाई हुन्छ। एउटा भिक्खुले इशारा गर्दछ (नबोलीकन), आँखा चिम्लन्छ वा झिम्काउँछ वा टाउको हल्लाउँछ, वा तलमाथि गर्छ, जब उसबाट प्रेरित र निर्देशितले सफलतापूर्वक वांछित वस्तु चोरी गर्दछ दुवै अवस्थामा आपत्ति हुन्छ। यदि प्रेरित भिक्खुलाई एक निश्चित समयमा चोरी गर्न भनिएको थियो,तर उसले अर्को समयमा चोरी गर्छ र त्यसैले प्रेरकको आदेश पालन गरेको छैन, तसर्थ उसलाई आपत्ति हुन्छ, तर प्रेरकलाई हुँदैन। यस प्रकारको एउटा उदाहरण देख्न सकिन्छ जहाँ आदेश बिहान वा साँझ चोरी गर्न दिइएको थियो। अब एउटा मामिला लिनुहोस् जुनमा प्रेरित भिक्खुहरू धेरैजनासँग सम्बन्धित छ। उदाहरणकोलागी, राते भिक्खुले काले भिक्खुलाई नीले भिक्खुलाई केही वस्तु चोर्न अह्राउनकोलागी आदेश दिन्छ, वा आदेशको श्रृंखला अझै धेरै मानिसहरूसँग सम्बन्धित हुनसक्छ, यसमा प्रमुखलाई आपत्ति हुन्छ जब सन्देश क्रमिकरूपमा फरक नहुने गरी गएर अन्तिम प्रेरित व्यक्तिले

Dhamma.Digital

चोर्ने आदेश पूरा गर्छ। तर मानौं कि यस्तो भयो, नीले भिक्खुले काले भिक्खुलाई भनेन, तर त्यसको सट्टामा सेते भिक्खुलाई भन्यो, तब यो विषयमा एउटा भ्रम उत्पत्ति हुन्छ, तब त मूल प्रेरक राते भिक्खुलाई आपत्ति हुँदैन, आपत्ति उसको पछिको भिक्खु (नीले भिक्खु) र चोरी कर्ता भिक्खु (सेते भिक्खु) लाई हुन्छ। यदि आदेशको श्रृँखला धेरै जनासँग सम्बन्धित छ भने र एकजना भिक्खुले यो आदेश एक वा धेरैलाई पुर्याउँदछ, यो अवस्थामा आपत्ति शुरुका प्रेरकलाई हुन्छ, श्रृँखलामा भएका बाँकीलाई हुँदैन जसले सूचना प्रवाह गरिए, किनभने, अरूलाई थाहा छैन।

कुनै भिक्खुले चोरी गर्ने मनसायले अर्को भिक्खुलाई कुनै वस्तुहरू चोर्न आदेश दिन्छ, तर उसले वस्तुहरूलाई संकेत गर्दा अस्पष्ट शब्दको प्रयोग गर्छ, तैपनि उसका शब्दहरूले श्रोतालाई उसको इच्छा बुझ्नलाई पर्याप्त मात्रामा स्पष्ट हुन्छ। निर्दिष्ट वस्तु चोर्न प्रेरित सहयोगीलाई आपत्ति हुन्छ, र यस मामिलामा प्रेरक पनि यसबाट हुने आपत्तिबाट मुक्त हुँदैन। यो स्पष्टीकरण अट्ठकथामा भएको *अत्थसाधक* नामको *अवहार*मा आधारित छ, जसको अर्थ हुन्छ, 'उद्देश्य पूरा भयो' तर त्यो अट्ठकथामा माथि उल्लेख गरिएजस्तो व्याख्या गरेको छैन, दुईटा ढंगले मात्र गरेको छ: पहिलो हो जब एकजना भिक्खुले अर्कोलाई आदेश दिएको छ 'जब चोर्ने मौका पाइन्छ तब त्यस्तो त्यस्तो वस्तु चोर्नू,'- यदि त्यस्तो त्यस्तो वस्तु पक्कै बाधा बिना प्रेरितद्वारा चोरी भएमा आदेश दिने बेलामा प्रेरकलाई

Dhamma.Digital

*पाराजिक* हुन्छभने चोरी पूरा भएको समयमा चोर्नेलाई *पाराजिक* हुन्छ। अट्ठकथाको दोस्रो व्याख्या: एकजना भिक्खुले तेल चोर्ने मनसायले अर्काको तेलको भाँडोमा एक अवशोषक (सोस्ने वस्तु) छोड्छ। जब अवशोषक वस्तु उसको हातबाट छोड्छ उसलाई आपत्ति हुन्छ। पहिलेको स्पष्टीकरणको अनुसार, प्रेरक काम सिद्ध हुनुभन्दा पहिले *पाराजिक* हुन्छ, तर पालिमा भएको यो सिक्खापद पूरा हुनकोलागी हुनुपर्ने अंगहरूबाट फरक पर्दछ। अझ थप कुरा यो छ कि कसरी थाहापाउने कि प्रेरितले प्रेरकको इच्छा मुताबिक सो काम पक्कै पूरा गर्नेछ भनी? अगुवालाई आपत्ति तबसम्म आउँदैन जबसम्म प्रेरितले उसको आदेश मुताबिक चोरी कार्य पूरा गर्दैन। तसर्थ यसको पहिलेको व्याख्या ठट्टा गरेको जस्तो लाग्छ! तर सायद कुनै अर्थ छ जुन कि त्यति स्पष्ट छैन। म यहाँ एउटा प्रश्न उठाउन चाहन्छु। राते भिक्खुले देशको दुर्गम भागमा बस्ने काले भिक्खुलाई एउटा पत्र लेख्छ जहाँ पुग्नकोलागी धेरै दिन लाग्छ, यसमा उसले नक्कली बैंकनोटहरू पठाउँछ, र भन्छ कि यसलाई प्रचलन गर्नू, यसबाट उनीहरूले ठूलो मुनाफा कमाउने थियो, जुन कि उनीहरूका साझा हुनेछ। सो पत्र र बैंकनोटहरू यात्रा गरीरहँदा काले भिक्खुकहाँ आइनपुग्दै राते भिक्खुको मृत्यु भयो, अथवा, *पाराजिक*बाट मुक्त हुने सोचले प्रब्रज्या त्याग गर्यो। यसपछि, नोटसहित पत्र काले भिक्खुकहाँ आइपुग्यो, र उसले तिनलाई प्रचलन गर्यो। के अगुवा राते भिक्खुलाई *पाराजिक आपत्ति* लाग्छ, कि लाग्दैन? राते भिक्खुको मृत्युलाई छोडेर, छलफल यसरी अगाडि बढ्नुपर्छ:

सायद (पूर्व राते भिक्खु) दाता श्री राते संघको बीचमा उपसम्पदा माग्न आउँछ, तब के उसलाई पुनः उपसम्पदा भएर (भिक्खुदीक्षा ग्रहण गरेर) जीवन यापन गर्ने अनुमति दिइनेछ, वा उसलाई अस्वीकार गरिनेछ? अट्ठकथाका आचरियहरूको दृष्टिकोण अनुसार त उसलाई अस्वीकार गर्नुपर्छ, तर प्रश्न यो हो कि उसलाई कुन प्रकारको अवहार (चोरी) गरेको भनी भन्नुपर्छ? अट्ठकथा आचरिय यसलाई *'अत्थसाधक'* शब्दमा पार्छन्, तर वास्तवमा *'पुब्बपयोग'* शब्दमा वर्गीकृत गर्नु बढी सही छ। तर अट्ठकथा आचरियले प्रेरित गर्नुमा वर्गीकृत गर्दछन्। यो *अवहार* गजबको छ, किनकि यो न स्वीकृति हो, न अस्वीकृति। विनयका विशेषज्ञहरूले यो बुँदामा विचार गर्नुपर्छ। अर्को, तेलको भाँडोमा अवशोषक छोड्नेको विषयमा यो स्पष्ट रूपले देखिएको छ कि अट्ठकथा आचरियको व्याख्या गलत छ, किनकि अवशोषक भाँडोबाट निकालीसकेपछि मात्र आपत्ति निर्णय गर्नुपर्छ, किन भने यो मामिला *अवहार* भन्ने *चोरी* अन्तर्गतको हो, जुन कि आधारबाट सारिएपछि मात्र पूर्ण हुने हो (हेर माथि क्रमसंख्या १)।

अट्ठकथामा, आचरियले पच्चीस थरीका *अवहार*हरू उल्लेख गरेका छन्, जसमा सबैका अलग्ग अलग्ग नामहरू छन् तर व्याख्या गरिएको भने अस्पष्ट छ। उनीहरूमध्येबाट केही *अवहार*हरू उचित छन् र यी माथि मबाट व्याख्या गरिसकिएको छ। म बाँकीको बारेमा बोल्ने छुइनँ र ती सबैलाई विस्तृतरूपमा हेर्न चाहनेहरूले *पुब्बसिक्खावण्णना* मा हेर्नू। यहाँ एउटा प्रश्न

Dhamma.Digital

हुनसक्छः यदि अट्ठकथा आचरियले ती किसिमहरू स्थापित गरेका थिए भने, उनले तिनलाई किन अस्पष्ट व्याख्या मात्र गरे? उत्तर यो हो कि ती पच्चीस थरी उनीद्वारा स्थापित गरिएका थिएनन्, ती त पालिबाट र तत्कालीन राष्ट्रिय कानूनहरूबाट संग्रह गरिएका थिए, *विसुद्धिमग्ग* मा उल्लेखित काय-गतानुस्सति ध्यानका बत्तीस आकारहरू जस्तो नै हो, जुन कि ती दिनहरूका चिकित्सा ग्रंथबाट लिइएको हो। दुवै अवस्थामा ती अट्ठकथा आचरियहरू प्राविधिक मामिलाहरू बुझेकाहरू थिएनन्, र उनीहरूले मात्र अक्षर र शब्दहरूले जे सुझाव दिन्छन् त्यही मात्र व्याख्या गरे। यहाँ गल्ती सजिलैसँग देखिन्छ, जुन कि यसलाई *नानाभण्डपञ्चक* र *एकभण्डपञ्चक* भनी विभाजित गरिएको छ, जसमा प्रत्येकका पाँच अवहारहरू छन्। जब कि अट्ठकथा आचरियले व्याख्या गरे कि शब्द *'नानाभण्ड'* भन्नाले दुवै सजीव र निर्जीव वस्तुहरूलाई भनिएको हो, जबकि *'एकभण्ड'*ले केवल जीवित चीजहरू अर्थात् बिभिन्न प्रकारका जनावरहरूलाई संकेत गर्दछ। उनीहरूलाई यस तरिकाले व्याख्या गरेर, जब जीवित चीजहरूलाई एक समूहमा वर्गीकृत गरिसकिएपछि किन निर्जीव चीजहरूलाई एक समूहमा राखिएनन्? यो विधीले गरेमा पक्कै पनि अझ राम्रो हुनेथियो। यो साँचो हो कि नाम अनुसार स्पष्टीकरण सजिलै पर्याप्त गर्न सकिन्छ, तर यो *अवहार*सँग व्यवहार गर्नकोलागी धेरै गाह्रो छ। यही कारणले हो कि अट्ठकथा आचरियले *'नानाभण्ड'* (विभिन्न चीजहरू) को शब्दार्थ मात्र बताएको। म मान्दछु कि दुवै

नामहरूले फरक फरक बहुमूल्य चीजहरूतिर संकेत गर्दछ। भिक्खुले चोरी गर्दा जुन एक चीज *पाराजिक आपत्ति*को आधार हुनलाई पर्याप्त मूल्यको छ, त्यसलाई *'एकभण्ड'* भनिन्छ। *पाराजिक्क*को आधार हुनकोलागी एउटा वस्तु आफैंमा पर्याप्त मूल्य नभएको, भिक्खुद्वारा यति मात्रामा चोरी गरिएको छ कि ती चीजहरू सबैलाई एकमुष्ठ गरेर *पाराजिक्क*को आधार हुनकोलागी पर्याप्त मूल्य हुन्छ, यसलाई *'नानाभण्ड'* भनिन्छ। शब्द *नाना* (विभिन्न) ले एकै प्रकारको चीजको समूहलाई पनि बुझाउँछ, साथ साथै धेरै थरीका वस्तुहरूको समूहकोलागी पनि गरेर दुवै थरीलाई बुझाउँदछ। नानाभण्डलाई एक समूहमा राख्नुको कारण त्यस्तो अवस्थालाई रोक्नकोलागी हो जो कि आफ्नो बचाउकोलागी कुनै चोरले भन्छ कि उसले जुन चीजहरू लिएको छ त्यसको प्रत्येक इकाइको मूल्य *पाराजिक्क*को आधार हुनकोलागी पर्याप्त छैन र यसैले प्रत्येक वस्तुको अलग्ग अलग्ग मूल्य अनुसार आपत्ति लगाउनुपर्छ, जति धेरै वटा वस्तुहरू छन्, त्यति धेरै वटा आपत्तिहरू लगाइयोस्। यो बहाना र योभन्दा पहिले उठाइएको विषय, अट्ठकथामा वर्गीकृत पच्चीस थरीका *अवहार*हरू असंगत छन् भनेर देखाउनकोलागी पर्याप्त छन्।

चोरी गरिएका वस्तुहरूको मूल्य जसमा *पाराजिक* दोष लगाइन्छ, त्यो नागरिक कानूनमा पनि महान अपराधको आधार हो, यो कुरो विभंगको निदानमा एक *पाद* (=एक बाथ) को रूपमा उल्लेख छ तर शब्द अट्ठकथा (*पदभाजनीय*) मा यो

Dhamma.Digital

त्यस समयमा मगधको मौद्रिक मानक अनुसार पाँच *मासक* भनी दिइएको छ। अब पाँच *मासक* बराबर एक *पाद* हुन्छ, र चार *पाद* एक *कहापण* हो जो कि त्यसबेलाको मौद्रिक मानक थियो, जस्तो कि सियामी (थाई) बाथ (पाद) आजको मानक हो। विभिन्न देशहरूमा प्रयोग हुने मुद्राको मूल्य फरक फरक हुन्छन्, विनिमयका दरहरू फरक हुन्छन्। त्यस समयमा मगधमा मुद्राको मानकलाई यो वर्तमान मापदण्डसँग तुलना गरेर निर्धारण गर्न गाह्रो छ। मगधको *पाद* हाम्रो (थाइ) देशको *पाद* (बाथ) सँग तुलना अब नाम मात्र उहि भएको आधारमा गर्न सकिंदैन! तथापि, निर्णय गर्नकोलागी एउटा सजिलो तरिका छ। *टीका*मा यो भनिएको छ कि *कहापण* सुन मापनको इकाई हो, जुन बीस मासक बराबर हुन्छ। एक *मासक* चार दाना चामलको वजन बराबर हो, तसर्थ एक *पाद* भनेको एक १/४ कहापण हो, *पाँच मासक* बराबर हो, र यस प्रकारले २० दाना चामलको वजन बराबर हो। यो तुलना स्थीर छैन, किनकि सुन र चाँदीको दर घटबढ भइरहन्छ। यो कुरा भिक्खुबर बर-अमराभिरक्खित (अमरकअद्) द्वारा आफ्नो कृति *पुब्ब-सिक्खा-वण्णना*मा पूरा तरिकाले विस्तृत व्याख्या गरिएको छ र यसलाई सन्दर्भ गर्न चाहनेहरूले उनको कृतिका अन्तिम पानाहरूमा हेर्नुपर्छ। तर यो बुझ्नुपर्छ कि जुन बेलामा *पुब्ब-सिक्खा-वण्णना*रचना गरिएको थियो, सुनको मूल्य पैसाको तुलनामा १६ इकाई थियो। यसैले यस सिक्खापदमा आपत्तिको आधार रहेको बहुमूल्य वस्तुहरूको मूल्य निम्नानुसार बुझ्नुपर्छ:

एक *पाद* वा *पाँच मासक* मूल्यको बहुमूल्य वस्तु *पाराजिक*को आधार हो। ती बहुमूल्य सामानहरू एक *पाद*भन्दा कम तर एक *मासक*भन्दा बेसी मूल्य भएको *थुल्लच्चय* आपत्तिको आधार हो। ती चीजहरू जसको मूल्य एक *मासक* र एक *मासक*भन्दा कम मूल्यको हो, दुक्कट आपत्तिको आधार हो। अट्ठकथामा यो भनिएको छ कि पुरानो वा प्रयोग गरिएका वस्तुको मूल्य कम हुन्छ। जे होस्, ती वस्तुका मूल्य सो देशमा चलेको अनुमानित मूल्यहरू, जुन समयमा सो बस्तु भिक्खुबाट चोरिएको थियो, त्यसमा आधारित हुनुपर्छ। एउटा वस्तु *पाराजिक*को आधारकोलागी आवश्यकभन्दा कम मूल्यवान छ, तर जब (उसद्वारा चोरिएका) धेरै चीजहरूको मूल्य जोड्दा उच्च हुन्छ भने- भिक्खुलाई उच्चस्तरको *आपत्ति* हुनसक्छ, जस्तो कि माथि *'नानाभण्ड'* शीर्षकमा छलफल गरिएको छ। कुनै भिक्खुले एक *पाद* वा त्योभन्दा बढी मूल्यको एउटा वस्तु चोर्ने मनसायले लिन्छ भने उसलाई *पाराजिक* हुन्छ। कुनै भिक्खुले चोर्ने मनसायले एक *पाद*भन्दा कम मूल्यको कुनै वस्तु लिन्छ भने, उसमाथि सो वस्तुको मूल्य अनुसार आपत्ति हुन्छ।

चोरीको मनसाय लिएर कुनै भिक्खुले एउटा यस्तो वस्तु लिने कोसिस गर्छ, जुनको मूल्य *पाराजिक* आपत्तिको आधार हो, तर उसको सो प्रयास सफल भएन। उदाहरणकोलागी, उसले एउटा डुँगा चोर्ने कोसिस गर्छ जुन कि ताला लगाएर बाँधिएको छ। जब उसले ताला खोल्ने कोसिस गर्दछ, तब कसैबाट तर्सिन्छ र ऊ भाग्छ। यस मामिलामा उसको प्रयास

अनुसार उसमाथि हलुका आपत्ति लगाउनुपर्छ। यस प्रकारको आपत्ति *पुब्बपयोग* किसिमको हो जसको अर्थ हो 'चोरी पूरा हुनुभन्दा पहिलेको' र ती आपत्तिहरूलाई प्रयास अनुसार निम्नानुसारले बुझ्नुपर्छ:

जब भिक्खुको चोरी काम पूरा हुन्छ, तब उसलाई *पाराजिक* हुन्छ। यदि उसले यो पूरा गर्दैन, मात्र उसले *संहारिम* वस्तुलाई आधारस्थानबाट केही सार्छ मात्र, जस्तो कि उसले डुँगाको तालालाई खोल्ने कोसिस गर्दा यसलाई अगाडि वा पछाडि अलिकति मात्र सार्छ, जब उसले यसलाई खोल्ने कोसिस गर्दछ उसलाई *थुल्लच्चय* हुन्छ। वा यदि भिक्खुले घरेलु जनावरहरू चोर्न खोज्छ, जब पशुले मात्र अगाडिको खुट्टा सार्दछ (तर पछाडिको सारेको छैन), उसलाई *थुल्लच्चय* आपत्ति हुन्छ।*असंहारिम* वस्तुसार्ने मामिलामा, जस्तै चोरेर लानकोलागी रुखहरू काट्न खोज्छ, जब यसलाई ढाल्नकोलागी केवल थप एक प्रहार मात्रले पर्याप्त हुनेछ, यस अवस्थामा उसलाई *थुल्लच्चय* आपत्ति हुन्छ। जग्गा सम्बन्धी धोखाधडी र नासो राखिएका सामानहरूको स्वरूपमा भिक्खुहरूद्वारा भ्रष्टाचारको विषयमा, जब कुनै भिक्खुले बस्तुका धनीले नासोका बस्तु फिर्ता लिनआउने बेलामा वस्तुधनीको मनमा शंका उत्पन्न गराउँछ कि वस्तु फिर्ता पाउने हो, कि होइन। अथवा मालिकलाई भिक्खुले अदालतमा मुद्दामा हराउँछ, तब भिक्खुलाई *थुल्लच्चय* आपत्ति हुन्छ। याद राख्न सजिलो बनाउनकोलागी यो बुझ्नुपर्छ कि चोरी पूरा हुनकोलागी केवल

एक कदम मात्र कम अवस्थामा थुल्लचय हुन्छ। *थुल्लच्चय* हुनुभन्दा पहिले हरेक मुद्दामा अपराधीलाई *दुक्कट* आपत्ति हुन्छ। यदि *पाराजिक्क*को आधारकोलागी आवश्यकताभन्दा कम मूल्यको बहुमूल्य चीजहरू चोरी गर्छ भने, सबै अवस्थामा *पुब्बपयोग*मा *दुक्कट* आपत्ति हुन्छ। (तर म मान्छु कि यस्तो तब मात्र हुन्छ जब यस सम्बन्धी अलग्ग विशेष सिक्खापद रहेको हुँदैन। जस्तो कि कुनै भिक्खुले रुख आदि काटेमा उसलाई *पाचितिय* हुन्छ)। तर विभंगमा रुख काट्नु, घाँस काट्नु र माटो खन्नु सबै *दुक्कट*को मामिला हो भनिएको छ, किनकि ती नदिईएका बस्तु लिनुमा *पुब्बपयोग* हो। जब *पुब्बपयोग*मा उच्च आपत्ति लगाइसकिएको छ, तब त त्यही आपत्ति लाग्छ, उदाहरणकोलागी कुनै भिक्खुले बग्नुबाट रोक्नकोलागी ताला बन्द गरिएको ढुँगाको ताला (लैजानलाई) खोल्ने कोसिस गर्छ, भने उसमाथि *थुल्लच्चय* आपत्ति हुन्छ। (यो बुझिएको छ कि ढुँगा सारिएको छ)। यस मामिलामा विनय-विशेषज्ञले उसलाई जानकारी दिनुपर्छ कि उसलाई *थुल्ल्च्चय* आपत्ति भएको छ, *दुक्कट* हैन, यो आधारमा कि उसले चोर्ने मनसायले अगाडि बढेर ढुँगालाई छोएको छ।

यो सिक्खापदमा आपत्ति *सचित्तक* हो, त्यसैले चोर्ने नियत नभएको भिक्खुलाई कुनै आपत्ति छैन, किनकि जानाजान अर्को ढंगले बस्तु लिने काम पनि छ (चोरी गर्ने मनसायले होइन) निम्नानुसार छ: आफ्नो हो भनी ठानेर लिनु; फालिएको बस्तु, जुनलाई *पंसुकूल* भनिन्छ, हो भनी ठानेर लिनु; विश्वासले

लिनु (जस्तो कि मित्र आदिको बस्तु, जसले लिएकोमा गुनासो गर्नेछैन); पैंचो वा ऋण लिनु। यदि (जुन लिइन्छ) त्यो बस्तु *प्रेत*द्वारा वा पशुद्वारा सुरक्षित गरिएको छ; जस्तो कि, बाघद्वारा संरक्षित जनावरको अवशेष (मासु) जुन कि बाघले आफ्नो अर्को छाकमा खानकोलागी राखिएको हो, तब यस्तो बस्तु भिक्खुले लिंदा आपत्ति छैन। यस तथ्यको कारण यो हो कि प्राचीन समयदेखि वर्तमानसम्म पनि मानवहरूले जनावरहरूद्वारा जम्मा गरिएका खाना वा अन्य चीजहरूमाथि उनीहरूको अधिकार रहेको भन्ने कुरा स्वीकार गरिएको छैन, र यो मानिएको छ कि ती जनावरहरू बहुमूल्य चीजहरू हुन् र मानिसहरूद्वारा कब्जा गरिएकाहरू हुन्। विनयमा यो कुरोलाई यस ढंगले स्वीकार गरिएको छ। यद्यपि लेखिएको छ कि केही जनावरहरू नदिइएको वस्तु लिनुको आधार हो तैपनि भिक्खुले पशुबाट लिनुमा आपत्ति छैन।

विनीतवत्थुमा थप दुई प्रकारका *अनापत्ति*हरू छन्: कुनै भिक्खु भन्सार घर पार गरेर आउँछ, उसलाई थाहा थिएन कि उसको झोलामा अरू मानिसले उसलाई नबताइकन बहुमूल्य बस्तु लुकाएको थियो। यद्यपि भिक्खुले भन्सार पार गरेको छ, तर उसलाई आपत्ति छैन। अर्को मामिला भिक्खु पिलिन्दवच्छ थेरको सेवक परिवारको कहानीमा देखिएको छ, जो लुटिएको थियो र दुईटा बच्चाहरूलाई बन्धक बनाइ लगिएको थियो। भिक्खु पिलिन्दवच्छले ती बच्चाहरू फिर्ता ल्याउनकोलागी आफ्नो मानसिक शक्ति (चमत्कार) प्रयोग गर्नुभयो र उहाँलाई

पाराजिक भएन किनकि (विनय भन्छ कि) यो उहाँको शक्तिको दायरा भित्र रहेको थियो। यो पछिल्लो मामिलाको सम्बन्धमा म यस्तो मान्छु कि (बच्चाहरू माथिको) अधिकार मूल मालिकमा निहित रहेको छ र (भिक्खु पिलिन्दवच्छ) ले उनीहरूका बच्चाहरूलाई फिर्ता ल्याउनमा मद्दत गर्नुभएको हो), त्यसैले उहाँलाई कुनै आपत्ति छैन। यदि मेरो समझ सही छ भने, यसले गलत समझ र यस विषयमा अनावश्यक चिन्तनबाट मुक्त हुनेछ र निर्णयको एउटा नजीर (उदाहरण) पनि हुनेछ।

**३. तेश्रो सिक्खापदमा भनिएको छ:**

> कुनै भिक्खुले जानाजान मानवलाई उसको जीवनबाट वञ्चित गर्दछ (ज्यान लिन्छ) वा उसलाई ज्यान लिने किसिमको धारिलो हतियार उपलब्ध गराउँछ, वा मृत्युले हुने फाइदाको वर्णन गर्दछ, वा उसलाई आत्महत्या गर्नकोलागी प्रोत्साहित गर्छ; जसले (वास्तवमा) मृत्युले हुने फाइदाको विभिन्न तरिकाले वर्णन गर्दछ वा उसलाई आत्महत्या गर्नमा प्रोत्साहन गर्दछ, उसले यस्तो सोचेको हुन्छ र यस्तै मनसाय पनि लिएको हुन्छ र भन्छ " हे सज्जन, यो दुःखी जीवनको तिमीलाई के प्रयोजन? तिम्रो लागी त जीवनभन्दा मृत्यु नै राम्रो छ", (तब) ऊ पाराजिक हुन्छ र ऊ भिक्खुसंघमा संवास गर्नुबाट वंचित हुन्छ।

Dhamma.Digital

मानव शरीरको अर्थ त्यो हो जुन कि गर्भको समयमा आमाको पेटमा प्रकट हुन्छ र मृत्युको समयसम्म रहन्छ। यस अवधिमा यसलाई मानव शरीर भनिन्छ। जीवनबाट वञ्चित गर्नुको अर्थ निरन्तरता काट्नु वा विभिन्न तरिकाले यसको जीवनको अन्त्य गर्नु हो, जुनलाई निम्न अनुसार बुझ्नुपर्छः

१) *प्रत्यक्ष सम्पर्कद्वारा हत्या:* तलवार वा उपकरणद्वारा काट्नु, भालाले छेड्नु, वा डंडा वा लट्ठीद्वारा प्रहार गरेर हत्या।

२) *टाढाबाट हत्या:* तीर हान्नु वा बन्दुकद्वारा गोली हान्नु। भाला फाल्नु, ढुँगा हान्नुद्वारा हत्या।

३) *व्यवस्था गरेर हत्या:* धारिलो/तीखो कीला भएको जाल वा धराप बिछ्याउनु। खाल्टो खनेर पात आदिले छोपेर राखी शिकारलाई खसाल्नु, वा भारि बस्तुले बनेको धराप राख्नु जसबाट थिचेर शिकार मर्छ। मार्नकोलागी केही हानिकारक पदार्थ (विष सहित) दिनु आदि र अरू अरू माध्यमहरूद्वारा हत्या।

४) *जादुको ज्ञान (विज्जा, विद्या) को उपयोग गरी हत्याः* जसको उदाहरणहरू अट्ठकथामा दिइएका छन्- जस्तै कि भिक्खुले विभिन्न *मन्त्र* वा *आगम*हरू पाठ गरी राक्षसहरू, भूतहरू र आत्माहरूलाई साधना गर्दछ र अनि उनीहरूलाई अरूलाई बिरामि बनाउन र मार्न पठाउँछ। वर्तमान समयमा हामी यो बिजुली शक्ति जो भिक्खुले जानेको गुप्त ज्ञानको

Dhamma.Digital

माध्यमबाट विकसित भएको छ, द्वारा हत्या गर्नु, ले व्याख्या गर्न सक्छौं।

५) *अलौकिक शक्ति (इद्धि, ऋद्धि)द्वारा हत्याः* जस्तो कि अट्ठकथामा उदाहरणको रूपमा दिइएको छ, जब कुनै भिक्खुले 'नयन-आवुध' (जो यम-देवताको विशेषता हो) द्वारा मार्न सक्ने क्षमता विकसित गरिएको हुन्छ र ऊ रिसाएपछि उसले मार्ने मनसायले अरूलाई हेर्छ। वर्तमानमा उदाहरण पाउन सकिंदैन। किनकि सर्पको विषलाई *'नागऋद्धि'* भनिन्छ, भिक्खुले विषालु सर्प वा बाघलाई मान्छेलाई मार्नकोलागी छोड्दिन्छ, वा उसलाई मार्नकोलागी अरूको नसामा जनावरको विष खोप दिन्छ, सायद यी कार्यहरू यो श्रेणीमा सामेल हुन सक्छ र माथिको कुनैसँग दोहोरिएको छैन। तिनीहरू तेस्रो श्रेणीको मार्ने व्यवस्थाबाट पनि फरक छन्, किनकि प्रयोग गरिएको विधीमा कुनै ठाउँ तय गरिएको छैन; र चौथोबाट पनि फरक छ, किनभने यो अन्तर्ज्ञानको शक्तिको माध्यमबाट विकसित गरिएको पनि होइन। बरू स्वाभाविक रूपले जनावरहरूमा अवस्थित रहेको शक्तिको माध्यमबाट हुने हो।

भिक्खुले आफ्नै हातले हत्या नगरेको खण्डमा अर्कालाई उसको हत्या गर्न आदेश दिनसक्छ, जुनलाई 'मानवलाई जीवनबाट वञ्चित गर्नु' नै भनिन्छ, त्यसैले यो सिक्खापदमा आपत्ति *साणत्तिक* हो, अरूलाई आदेश दिएर पनि गरिने आपत्ति। यो सिक्खापदको व्याख्या *अदिन्नादान*मा दिइएको विधीसँग तुलना गर्नुपर्छ।

Dhamma.Digital

यी बाहेक, प्रभावशाली भिक्खुले हतियार वा अन्य चीजहरू ल्याउनसक्छ र ती बस्तुहरू अर्काको हातमा दिन सक्छ, वा अरू कसैलाई उसको नजिक राखीदिन सक्छ, जसलाई उसले मारिदिन्छ र अर्कोलाई आत्महत्या गर्न बाध्य पार्छ, जस्तै कि चिनियाँ क्लासिक्स कहानीहरूमा देखिन्छन्। कुनै भिक्खु उसको साथीलाई भेट्न जान्छ, जो गम्भीर दुखाइले पीडित छ र धेरै पीडा अनुभव गर्दछ र धेरै बलियो भावनात्मकता (दया) को अनुभव गर्दछ, त्यसैले ऊ उसकोलागी सहानुभूति महसुस गर्दछ र उसलाई पीडाबाट छुट्कारा पाउन मद्दत गर्ने निर्णय गर्दछ र हतियार आदि ल्याउँछ, वा यो नगरी उसले मृत्युको फाइदाको वर्णन गर्दछ, ऊ आफैंलाई मार्नकोलागी (आत्महत्या गर्न) राजी गराउँछ, त्यसकोलागी ऊ आफैंले हतियारहरू खोजीदिन्छ: यी सबै कारणहरूमा उही आपत्ति छ। मृत्युको फाइदाको वर्णन गर्ने वा राजी गराउने काम मौखिक वा शारीरिक रूपमा पनि गर्न सकिन्छ, उदाहरणकोलागी पत्र लेखेर। फेरि, शब्द "धारिलो साधन लिनु" लाई मात्र एक उदाहरणको रूपमा लिइन्छ, किनकि उसले आफ्नो जीवन नष्ट गर्नकोलागी जुन सुकै प्रकारको हतियार उपयोग गर्नसक्छ। र यो बुझ्नुपर्छ कि यदि "धारिलो साधन लिनु" मात्र छ वा मृत्युको फाइदाको बारेमा वर्णन गर्नु वा राजी गर्नु मात्र भएको छ, तर उसले आफ्नो जीवनलाई नष्ट गर्दैन भने, तब उसलाई आपत्ति हुँदैन। उस्तै तरिकाले भिक्खुले आफैंले मार्न कोसिस

Dhamma.Digital

गर्दछ तर उसको शिकार मर्दैन भने सो भिक्खुलाई *पाराजिक* आपत्ति हुँदैन।

यो *पाराजिक*को आधार मनुष्य हो। अरू प्राणीहरू जसलाई *'अमनुस्स'* (अमनुष्य) भनिन्छन्, विभिन्न रूपमा *यक्ख* (राक्षस), *पेत* (भूतप्रेत) र जनावरहरू जो आफैंलाई मानवको रूपमा लुकाउने शक्ति छ भनिन्छ, ती *थुल्लच्चय*को आधार हो। यस बुँदा अनुसार, यो सम्भव छ कि साधारण जनावरहरू *दुक्कट*को आधार हुनुपर्छ तर पशुहरूलाई मार्ने सम्बन्धमा एक अलग सिक्खापद छ जो *पाचित्तिय* हो, त्यसैले यस अनुक्रममा भ्रम छ। यदि कोहि मेरो विचारसँग सहमत छ भने कुनै भ्रम हुनेछैन। कुनै भिक्खुले मानिस मार्ने कोसिस गर्दछ र उसले यो पूरा गर्दछ- उसलाई *पाराजिक* हुन्छ। उसले हत्या पूरा गर्दैन तर मात्र चोट पुर्याउँछ भने, उसलाई *थुल्लच्चय* आपत्ति हुन्छ। यदि उसले त्यति धेरै मेहनत गरेको छैन भने, उसलाई *दुक्कट* हुन्छ। कुनै भिक्खुले आत्महत्या गर्ने प्रयास गर्दछ भने उसलाई *दुक्कट* हुन्छ। कुनै भिक्खुले अन्य प्राणीहरूलाई मार्ने कोसिस गर्दछ र उसलाई आधार अनुसार आपत्ति हुन्छ। *पुब्बपयोग*मा सिद्ध हुनुभन्दा पहिले आउने सबै आपत्ति *दुक्कट* हुन्।

यो सिक्खापद *सचित्तक* हो, त्यसैले हत्या गर्ने मनसाय नभएको भिक्खुलाई आपत्ति हुँदैन। जस्तै कुनै भिक्खुले उच्च स्थानमा काम गर्दा उसको हातबाट भारी चीज खस्छ र त्यसबाट तल अर्को व्यक्ति मर्छ। वा कुनै भिक्खुले अर्को उच्च ज्वरो आएको भिक्खुलाई सेवा गरिरहेको छ र पछि उसले

बिरामि भिक्खुलाई औषधीको अधिक मात्रा दिन्छ जुन कि बिरामिले पचाउन सक्दैन, त्यसो हुनाले उसलाई उल्टी भयो र मर्यो। र अर्को मामिलामा भिक्खुलाई थाहा छैन कि खानामा विष छ जुन उसले अर्कोलाई दिन्छ, जसले गर्दा पछि मर्छ। यदि यस्ता तरिकाहरूमा मानिस मर्छ भने, यद्यपि भिक्खुबाट प्रयास भएको छ, तापनि भिक्खुलाई आपत्ति हुनेछैन।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> कुनै भिक्खुले प्राप्त नभइकन नै (केही) उत्तरी मनुस्सधम्म (सामान्य मनुष्यकोभन्दा उच्चस्तरको ज्ञान) जुन कि आर्यहरूले पाउनयोग्य ज्ञान र दर्शनको अवस्था हो, त्यो आफूमा छ, "यस प्रकार मलाई थाहा छ, म यस प्रकार देख्छु" भन्छ र पछि अर्को अवसरमा उसले अरूबाट सोधिंदा होस् वा नसोधिंदा नै होस्, गल्तीमा परिसकेपछि शुद्धीकरणको चाहनाले यस प्रकार भन्छ, "साथीहरूहो, थाहा नपाइकन नै मैले भनें 'मलाई थाहा छ': नदेखिकन नै मैले भनें 'मैले देखें। मैले जे भनें त्यो निरर्थक र झूटो थियो।' अन्यौल हुनाले भनेको अवस्थामा बाहेक उसलाई पाराजिक हुन्छ र संघमा संवास गर्न अयोग्य हुन्छ।

*विभंग*मा *उत्तरिमनुस्सधम्म* शब्दको अर्थ बताउन धेरै शब्दहरू प्रयोग गरिएका छन्। यदि मैले ती सबै दोहर्याएँ भने अप्रासांगिक हुने डर छ र यदि मैले उनीहरूको नाम मात्र दिएँ

Dhamma.Digital

भने त्यो निरर्थक हुनेछ, किनकि यसका पाठकहरूलाई यो त एउटा रोचक विषयहरूको सूची मात्र हुनेछ। त्यसैले, म यहाँ मात्र संक्षिप्त विवरण दिनेछु। *उत्तरिमनुस्सधम्म* को पहिलो अर्थ हो, मानव अनुभवभन्दा उच्चतर अवस्थाको (*उत्तरि* शब्दलाई *धम्म*को विशेषणको रूपमा' लिंदा) र दोस्रो अर्थ हो, मानवका उच्चतर अवस्थाहरू (*'उत्तरि'* लाई *'मनुस्स'* शब्दको विशेषणको रूपमा लिंदा) हो। यी दुवै अर्थ सही रहेकोमा सहमत छन्। त्यस समयका मानिसहरू *समाधि*मा मनको प्रशिक्षणका तरिकाहरूलाई र आवेगपूर्ण मनको शुद्धीकरणका विधीहरूलाई उच्चतम ज्ञान भनी सम्मान गर्दथे, किनकि सबैभन्दा उच्चस्तरको सुफल यी दुई तरिकाहरूमा आधारित थियो।

*समाधि*मा मनलाई प्रशिक्षण गर्ने विधीलाई यस प्रकार बुझ्नुपर्छ: राम्रोसँग प्रशिक्षित मनले स्पष्ट रूपबाट *अत्थ* र *धम्म* दुवैलाई देख्न सक्छ ताकि जे गरे पनि राम्रोसँग पूरा हुनेछ तर सामान्यतया मन मानसिक विषयहरूद्वारा बाधित भइरहेको हुन्छ जुनलाई बाधाहरू *(निवरण)* भनिन्छ। ती संख्यामा पाँचवटा छन्: कामुक सुख (इन्द्रियजन्य सुख) को लालसालाई *कामछन्द* भनिन्छ; दोस (द्वेष, घृणा) जसको कारणले मन अस्वस्थ (अस्थीर), दुर्भावनायुक्त हुन्छ, यसको सबैभन्दा ठूलो विकसित अवस्थामा अरूलाई हानि पुर्याउनकोलागी अनुकूल अवस्थालाई ब्यापाद (जलन *(पटिघ)*→घृणा *(दोस)*→क्रोध *(कोध)->* दुर्भावना *(ब्यापाद)* भनिन्छ); आलस्य र मन्दताको स्थिति, आलस्य र सुस्ती लाई *थीन-मिद्ध* भनिन्छ। किनभने

Dhamma.Digital

यो मनको संकुचित अवस्थाको कारण हो; *उद्धच्च-कुक्कुच्च*, व्याकुलताको स्थिति, वा मन छिटो छिटो हराउनु, मानसिक अशांति र अवरोधको एक कारण हो; त्यसपछि शंका र हिचकिचाहटलाई *विचिकिच्छा* भनिन्छ। मनलाई यी बाधाहरूबाट मुक्त गर्न र एकाग्र बनाउनकोलागी गरिने प्रयासलाई *समाधि* (ध्यान) भनिन्छ। *समाधि*को तल्लो अवस्था पूरा भएको छैन, जहाँ एकाग्रतालाई अति-एकाग्रता *(उपचारसमाधि)* भनिन्छ। *समाधि*को उच्च अवस्था जसमा मन पूरै एकाग्र हुन्छ त्यसलाई *अप्पना-समाधि* भनिन्छ। यी मध्ये पहिलो साधारण मानिसहरूकोलागी सामान्य हो र *उत्तरिमनुस्सधम्म* भनिंदैन। उच्च व्यक्तिहरूसँग हुने उच्च *समाधि*लाई *उत्तरिमनुस्सधम्म* भनिन्छ, जुनलाई ज्यादातर *झान* (ध्यान) को रूपमा जानिन्छ। विभंगमा बौद्ध धम्मको मान्यता अनुसार चारवटा *झान*हरू छन्। एक निश्चित प्रकारको *रूप-धम्म* उनीहरूको विषयवस्तु हो त्यसैले यसलाई *रूप-झान* भनिन्छ। उनीहरू पहिलोदेखि चौथोसम्म पूर्णसंख्याहरूबाट परिचित छन्, जो मगध भाषामा छन्: *पठम-, दुतिय-, ततिय-*, र *चतुत्थ-झान* जसमा निम्न अंगहरू छन्:

१) *पठम झान*का पाँच वटा अंगहरू छन्: *वितक्क* (विचार-कल्पना), विचार (-चिन्तन)- यी दुई वटा अंगहरू सामान्य मानिसहरूको जस्तो नै सामान्य हुन् तर उनीहरूमा *किलेस-काम* र *अकुसल-धम्म* समावेश हुँदैनन्। तब *पीति* (प्रीति, आनन्द) र सुख (खुशी) हुन्छ जुन कि एकान्तबाट

Dhamma.Digital

उत्पन्न हुन्छ र जसमा *एकाग्रता* (एक-बिन्दुमा मनको स्थिरता) हुन्छ। २) *दुतिय-झान*मा तीन वटा अंगहरू हुन्छन्: *वितक्क-विचार*लाई त्याग्छ ताकि *पीति* र *सुख* मात्र बाँकी रहन्छ जुन कि *समाधि* र *एकाग्रता*बाट उत्पन्न हुन्छ।

३) *ततिय-झान*, यसमा दुईवटा अंगहरू हुन्छन्: *पीति*लाई त्याग्छ ताकि केवल सुख र एकाग्रता मात्र बाकी रहन्छन्।

४) *चतुत्थ-झान*मा मात्र दुई वटा अंगहरू हुन्छन्: सुखलाई त्याग्छ, ताकि *उपेक्खा* र *एकाग्रता* मात्र रहन्छ।

यी चारवटा *झान*हरूलाई एक प्रकारको *उत्तरि-मनुस्स-धम्म*को रूपमा सामेल गरिएको छ।

यसबाहेक, जो मन *किलेस*बाट मुक्त छ, मनको अपवित्र तत्त्वहरूबाट मुक्त छ, त्यो नै शुद्ध अभ्यासको महत्त्वपूर्ण मूल कारण हो, खुशी र *मेत्ता-करुणा* (मैत्री, करूणा) जुन कि फलस्वरूप अरूको कल्याणकोलागी प्रयासको कारण बन्छ। तसर्थ, जसको शुद्ध हृदय छ, ऊ अरू धेरै मानिसहरूद्वारा सम्मानित हुन्छ। म यहाँ एउटा दृष्टान्त दिन्छु। राम्रो र शान्त मन भएका मानिसहरू सबै मानिसहरूद्वारा प्रिय र सम्मानित हुन्छन् र यदि उनीहरूको करूणा अझै महान छ भने उनीहरू कति धेरैबाट माया गरिनेछन्, सम्मानित हुनेछन् होला? मनको शुद्धता अस्थायी रूपमा विकसित हुनसक्छ जब क्रोधलाई वशमा राखिन्छ र पछि पछि केही यस्तो उत्पन्न हुन्छ, जसबाट यो फेरि उठ्छ, जसले

उत्तेजित गर्दछ। यसलाई स्थायी रूपमा पनि विकसित गर्न सकिन्छ, भन्नुको मतलब हो, कसैले निश्चित *किलेस*बाट छुटकारा पाएको हुन्छ, जुन कि पूर्णरूपले अस्तित्व समाप्त भएको हुन्छ र फेरि उठ्दैन। यो पछिल्लो किसिमकोलाई *लोकुत्तरधम्म* भनी आदर गरिन्छ, जुनको अर्थ हो संसारबाट बाहिरको वास्तविकता वा यस्तो गुणस्तर हो जुन कि सांसारिक सतहको सीमाभन्दा बाहिर छ। यस *लोकुत्तरधम्म*मा *मग्ग* र *फल*का चार जोडाहरू र *निब्बाण* सहित सबै गरेर नौ वटा बनेको छ। जसले यो बुझ्न चाहन्छ, उसले दसवटा बन्धन वा *सञ्ञोजन*को बारेमा जान्नुपर्छ जसद्वारा प्राणीहरूको हृदय बाँधिएको हुन्छ: १) *सक्काय-दिट्ठी* - त्यो दृष्टि जसबाट आत्मा छ भनी मान्ने अवधारण उत्पन्न हुन्छ; २) *विचिकिच्छा* - संदेह जुन कि अभ्यासको मार्गको बारेमा हिचकिचाहटको कारण हो; ३) *सीलब्बतपरामास* - जादू, अनुष्ठान र समारोह जस्ता क्रियाकलापहरूबाट अप्राकृतिक (पराप्राकृतिक) शक्ति उत्पन्न हुन्छ भन्नेमा विश्वास गर्नु; ४) *काम-राग-* इन्द्रियजन्य सुखहरूप्रतिको लालसा, जसलाई कहिलेकाहीं *'राग'* मात्र भनिन्छ; ५) *पटिघ* - घृणा (द्वेष) को शक्तिद्वारा हुने मनको आन्दोलन हो, उत्तेजना हो, कतै कतै यसलाई सीधै *दोस* पनि भनिन्छ। यी पाँच बुँदाहरूलाई तल्लो वा स्थूल बन्धनहरू *ओरम्भागियसञ्ञोजन* (सङ्योजन) को नामबाट जानिन्छ। ६) *रूप-राग* भनेको *रूप-धम्म*प्रतिको आशक्ति हो, जो एक विशेष व्यक्तिहरू वा चीजहरूसँग खुशी हुनु हो, यसमा *रूप-झान*का

विषयहरूका बीचमा खुशी हुनु समेत पर्दछ; ७) *अरूप-राग-अरूपधम्म*प्रतिको आशक्ति, जस्तै सुखद अनुभूति *(सुख-वेदना)* प्रतिको आशक्ति हो; ८) *मान-* 'म यो हुँ, म त्यो हुँ' भनी कल्पनामा बस्नु या सोच्नु; ९) *उद्धच्च* -उद्देश्यहीन, विक्षिप्त सोच, जस्तै सामान्य दायराभन्दा बाहिरका चीजहरूको बारेमा सोच; १०) *अविज्जा* - भ्रम जुन कि सत्य थाहा नपाउनुकोलागी कारण हुन्छ। यी पाँच उच्च वा सूक्ष्म बन्धनहरूलाई *उद्धंभागियसञ्ञोजन*को रूपमा जानिन्छ।

*ञाण* वा ज्ञान, जुन कि यी बन्धनहरूबाट छुटकारा पाउने हेतु हो त्यसलाई *मग्ग* (मार्ग) भनिन्छ। यो आंशिक वा पूर्णरूपले बन्धनबाट छुटकारा पाउनु हो, त्यसको क्षमता अनुसार निम्नानुसार चार वर्गहरूमा विभाजित छ:

१) *सोतापत्ति-मग्ग* -माथि उल्लिखित पहिला तीनवटा बन्धनहरूबाट छुटकारा पाउने हेतु;

२) *सकदागामि-मग्ग-* माथिका पहिला तीनवटा बन्धनहरूबाट छुटकारा पाउनु र लोभ, घृणा (द्वेष) र भ्रम (मोह) को शक्ति घटाउने हेतु;

३) *अनागामि-मग्ग* पाँचवटा ओरम्भागिय-संयोजनबाट छुटकारा पाउने हेतु;

४) *अरहत्त-मग्ग-* सबै दसैवटा *सञ्ञोजन*बाट छुटकारा पाउनकोलागी हेतु।

माथिको विषयका सम्बन्धमा, *सकदागामि-मग्ग* अन्य *मग्ग* जस्तो स्पष्ट छैन तर *सोतापत्ति-मग्ग* र *अनागामि*

Dhamma.Digital

*मग्ग*को बीचमा अवस्थित छ र संक्षिप्तमा *राग* र *दोस (द्वेष)* को स्तर साँच्चै अनिश्चित छ किनकि यो स्पष्ट छैन कि उनीहरू कति हदसम्म कमजोर भयो। यो मात्र सुझाव दिईन्छ कि बलियो *राग* र *दोस*ले अपाय (दु:खी अवस्थाहरू) तिर लैजानु निश्चित छ, किनकि सोतापत्ति-मग्गको प्राप्तिबाट *कामेसु मिच्छाचार* र *ब्यापाद*को अस्तित्व समाप्त भयो। यसको मतलब यो हो कि जसले यो प्राप्त गर्छ उसले विभिन्न प्रकारका यौन दुर्व्यवहारहरू गर्दैन र अरूसँग बदला लिंदैन तर उनीहरूका अझै पनि पारिवारिक परम्परा अनुसार पत्नीहरू र पतिहरू हुन्छन् र अझै क्रोधित हुन्छन्; जबकि *अनागामि-मग्ग*ले *राग* र *दोस*बाट पूर्णतया छुटकारा पाउँछ, जसको अर्थ हो कि जो *अनागामि* हो उनीहरू ब्रह्मचारी हुन्छन्, यौन सम्बन्धमा संलग्न हुदैनन् र कसैसँग रिसाउँदैन पनि। *सकदागामि-मग्ग*द्वारा कमजोर गरिएको *राग* र *दोस* अझै पनि अस्तित्वमा त हुन्छन् तर ती त्यति बलिया हुँदैनन्। यस मामिलाको कारण, म व्याख्या गर्दछु कि राग र द्वेष पछिल्लोमा अवस्थित हुन्छन् तर विरलै वा सूक्ष्म तरिकाले, तर यो स्पष्ट छैन कि कति हदसम्म उनीहरू अवस्थित हुन्छन्। यो स्पष्ट छैन कि कुन हदसम्म मोह *सकदागामि-मग्ग*द्वारा कमजोर भएको हुन्छ, यद्यपि यो *अरहत्त-मग्ग*द्वारा पूर्ण रूपले नष्ट भएको हुन्छ, यसैले यो कुरा पनि स्पष्ट रूपमा परिभाषित छैन।

*मग्ग* प्राप्तिको फलस्वरूप उत्पन्न हुने मानसिक आरम्मणहरू अथवा *मग्ग*को प्राप्तिद्वारा उत्पन्न हुने आनन्दको

परिणामस्वरूपलाई *फल* भनिन्छ। *मग्ग*का साथसाथै *फल*हरू पनि चारवटा छन्। उपमाहरूको माध्यमबाट यसलाई चित्रण गर्न सकिन्छ: बन्धनहरू शरीरका रोग जस्ता हुन्, *मग्ग* उपचार गर्ने औषधी जस्तै, जबकि *फल* रोगको नाशबाट प्राप्त हुने खुशी जस्तो हो। अर्को पनि एउटा उपमा छ: बन्धनहरू जंगलका डाकाहरू जस्ता हुन्, *मग्ग* डाकाहरूको दमन जस्तै हो, *फल* डाकाहरूको अभावबाट उत्पन्न हुने शान्ति जस्तै हो।

*खन्ध*को समाप्ति, अर्थात्: *रूप* (भौतिक वस्तु) र चित्त चेतसिक सहित (मन र मानसिक गुणहरू) जुन कि *अरहत्त मग्ग* प्राप्ति पछि *किलेस*को अन्त्य पछि पनि बाँकी रहन्छ, जसमा अब कुनै ईन्धन बाँकी रहेन, यसलाई *निब्बाण* भनिन्छ। यसलाई निम्नकिसिमले चित्रण गर्न सकिन्छ: आर्यजन जो *अरहत्* भइसके, उनीहरूलाई *अरहन्त* भनिन्छ (अरहतका गुणहरूले सम्पन्न)। उनीहरू अर्को जुनिमा पुनर्जन्म ग्रहण गर्दैनन्, जस्तो मृत्यु पछि साधारण प्राणीहरू गर्दछन्, र यसलाई *निब्बाण*प्राप्ति भनिन्छ।

*झान* (ध्यान) र *लोकुत्तर-धम्म* दुवै *उत्तरिमनुस्सधम्म*का विषय हुन् जसको व्याख्या विभंगमा विस्तृत रूपमा गरिएको छ। बाँकी सबै नामहरू यी दुईवटा धम्महरूका पर्यायवाचीहरू हुन्। उपरोक्तबाट फरक नामहरू जस्तै *बोधिपक्खियधम्म* जो विभंगको *मग्ग-भावना* भागमा आएको छ, त्यसले मग्गसँग जोडिएको धम्मलाई जनाउँछ। शब्द *अत्तुपनायिकं* (त्यो जो आफैंमा छ) को अर्थ हो १) घमण्ड गरेर

भन्नु 'मैले त्यस्तो र त्यस्तो समयदेखि यस्तो धम्म प्राप्त गरेको छु'। जब कुनै मानिससँग कुनै भिक्खुले यस तरिकाले कुरा गर्छ, तब सो मानिसले उसका शब्दहरूको अर्थ बुझ्दछभने सो भिक्खुलाई पाराजिक आपत्ति लाग्छ। २) कुनै भिक्खुले कुनै व्यक्ति विशेषसँग वा सार्वजनिक रूपमा भनी नछुट्याइकन बोल्छ, र जब उनीहरूमध्ये एक जनाले मात्र बुझ्यो भने पनि भिक्खु पाराजिक हुन्छ, चाहे सुन्ने मानिसले उसलाई विश्वास गरोस् वा नगरोस्। ३) यदि मानिसले भिक्खुले बोलेको कुरा बुझ्दैन, जस्तो कि फरक भाषा बोल्ने विदेशीसँगको मामिलामा, त भिक्खुलाई *थुल्लच्चय* हुन्छ।

कुनै भिक्खुले उसको *उत्तरिमनुस्सधम्म* प्राप्तिको जानकारी अप्रत्यक्ष रूपबाट दिन्छ, जस्तो कि 'यस्तो यस्तो शारीरिक लक्षणहरू भएको, यस्तो यस्तो चीवर, पात्र धारण गरेको, फलानो फलानो ठाउँमा बास गर्ने भिक्खु' आदि जस्ता उल्लेख गर्दछ, अथवा (उसले प्राप्त गरेको छ) भनी आफैलाई संकेत गरेर भन्छ, श्रोतालाई बुझाउनकोलागी प्रयास गर्दछ र जब कुनै मानिसले त्यो कुरो बुझ्दछ, उसलाई *थुल्लच्चय* हुन्छ, तर बुझेन भने उसलाई *दुक्कट* हुन्छ।

यो सिक्खापदमा आपत्ति *सचित्तक* हो र त्यसैले अन्यौल भएर उसले केही प्राप्त गरेको छ भनी बोलेको हो भने अथवा कुनै भिक्खुले आफ्नो *उत्तरिमनुस्सधम्म* प्राप्त भएको बताउन चाहेको होइन, अरूलाई सिकाउने आदि उद्देश्यले

Dhamma.Digital

भिक्खुले *उत्तरिमनुस्सधम्म* विषयक सिक्खापद पढ्छ भने उसलाई कुनै आपत्ति छैन।

जब कुनै भिक्खुले यी चारवटा *पाराजिक* सिक्खापदहरूमध्ये कुनै एउटा पनि तोड्छभने उसलाई भिक्खुहरूसँग बस्ने कुनै अधिकार छैन, जस्तो कि उसले पहिले गर्ने गर्थ्यो, ऊ पराजित भइसकेको छ र उसको संघको सदस्यता रहेन। ऊ संघद्वारा फेरी दीक्षित भए पनि ऊ विनय अनुसार आफ्नो जीवनभरकोलागी भिक्खु हुनेछैन। यी चारवटा सिक्खापदहरूमा आपत्ति *अतेकिच्छा* हुन्- जसको अर्थ असाध्य हो, *अनवसेसा* (भिक्खुभाव बाँकी नरहने) हो, *मूलच्छेद*- (भिक्खु जीवनको) जरा काटिएको हो। कुनै भिक्खुले पनि यी आपत्तिहरू कहिल्यै गर्नहुँदैन।

*****

Dhamma.Digital

# अध्याय ५

# संघादिसेस

यो 'संघादिसेस' शब्द आपत्तिको नाम हो जसको अर्थ त्यस्तो गल्ति हो जसबाट शुद्धिकोलागी सुरुमा *(आदि)* र अन्त्यमा *(सेस) संघ* आवश्यक छ। यसको मतलब हो कि संघले आपत्ति निर्णय गर्ने काम गर्दछ र दोषी भिक्खुलाई *मानत्त* (प्रायश्चित) र *परिवास* (परीक्षण) को पालन गर्न आदेश दिन्छ, र त्यसपछि संघले भिक्खुलाई आपत्तिमुक्त गरिदिन्छ। यो सिक्खापदहरूको नाम पनि हो, जुनलाई नाघेमा उसलाई *संघादिसेस* आपत्ति लाग्छ। यहाँ यो तेह्रवटा सिक्खापदहरूको नाम हो जुन निम्नानुसार छन्:

*आपत्ति भएपछि विधी पुर्याउनुपर्ने  नौवटा सिक्खापदहरू*

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> सपनामा बाहेक जानाजान वीर्यमोचनगरेमा भिक्खुलाई संघादिसेस हुन्छ।

'वीर्यमोचन गर्नु', शब्दले बताउँछ कि वीर्य आफैं मोचन भएको होइन, बरू भिक्खुको प्रयासको माध्यमबाट भएको हुन्छ। *जानाजान' को अर्थ हो, वीर्यमोचन गर्ने काम इच्छापूर्वक गरिएको थियो। शब्द 'सपनामा बाहेक' को अर्थ हो, बिना मनसाय र बिना प्रयास होइन। जे होस्, यी दुईटा अवस्थामाबाहेक सपनामा पनि (उत्सर्जन) हुनसक्छ, उनीहरू *अब्बोहारिक* हुनेछन्, भन्नुको मतलब हो, ती (विनयको

प्रसंगमा) महत्त्वहीन हुन् *वा तिनको अस्तित्व नै नभएको जस्तो हुन्छ।*

तदनुसार, विभंगमा आपत्तिका चरणहरूलाई यस प्रकार वर्गीकृत गरिएको छ: भिक्खुले मनसाय गर्दछ, प्रयास गर्दछ र वीर्यमोचन हुन्छ- यी तीनवटा अवस्थाहरू *संघादिसेस*का कारकहरू हुन्। भिक्खुले मनसाय गर्दछ, र प्रयास गर्दछ तर वीर्यमोचन भएको छैन- यी दुईटा अवस्था *थुल्लच्चय*का कारकहरू हुन्। यो मनसाय आफैंमा *दुक्कट*को कारक हुने जस्तो देखिन्छ, तर माथि मैले भनिसकेको छु, मात्र मनसायले आपत्ति हुँदैन। यसैले यहाँ मनसाय आपत्तिको कारक होइन। यसैले यस सिक्खापदमा कुनै *दुक्कट* आपत्तिछैन। यो सिक्खापदमा यो मात्र भनिएको छ कि वीर्यमोचन मनसायले गरेको छ तर त्यो गर्नतिर प्रेरित गर्ने कुनै कारणको उल्लेख गरिएको छैन। तसर्थ यदि भिक्खुले स्पर्श चाहन्छ, वा दबावपूर्ण रोगबाट मुक्त हुन चाहन्छ, वा यी बाहेक अन्य तरिकाहरू चाहन्छ, र उसले जानाजान प्रयास गर्यो भने, त्यो हो, या त आफ्नो गुप्तांग अरू कोहिसँग खेलाएर [*पाराजिक*कोलागी आधार भएको तरिका बाहेक], वा निर्जीव वस्तुहरूसँग चलाएर वा यहाँसम्म कि उसको शरीरको तल्लो भाग हावामा हल्लाएर प्रयास गर्दछ, जब यस्तो प्रयासद्वारा वीर्य स्खलन हुन्छ, तब उसलाई *संघादिसेस* हुन्छ। यदि उसले प्रयास गरेको थियो, तर वीर्यमोचन भएको छैन भने, उसलाई *थुल्लच्चय* आपत्ति हुन्छ।

Dhamma.Digital

यो सिक्खापद उसले आफैले गरेकोसँग सम्बन्धित छ, यसैले यसको आपत्ति *अनाणत्तिक* हो। तर यदि कुनै भिक्खुले उसकोलागी प्रयास गरिदिनकोलागी कसैलाई आज्ञा दिन्छ भने पनि, ऊ आपत्तिबाट बच्न सक्दैन। यो *सचित्तक* भएकोले वीर्यमोचन गर्न नचाहने भिक्खुलाई आपत्ति लाग्दैन, जस्तो कि निदाएको समयमा प्राकृतिकरूपले वीर्यमोचन भएमा।

**२. दोश्रो सिक्खापदमा भनिएको छ:**

> कुनै भिक्खुले कामुकताले विकृत विचार लिंदै कुनै महिलाको शरीर स्पर्श गर्दछ वा हात समात्दछ वा कपालको लट्टा समात्दछ वा (शरीरका) का कुनै अंगप्रत्यंग स्पर्श गर्दछ भने उसलाई संघादिसेस आपत्ति हुन्छ।

यहाँ शब्द *'ओतिण्णो'* -कामुक हुनु, लाई अट्ठकथाआचरियद्वारा यस्तो व्याख्या गरिएको छ, 'सुमसुम्याउनु आदिमा कामुक हुनु'। यो अट्ठकथाआचरियको तरिकाले व्याख्या गरिएको थियो कि यदि कुनै भिक्खु संभोगकोलागी आतुर छ र कुनै महिलाको शरीर छुन्छ, यस्तो कार्य संभोगकोलागी *पुब्बपयोग* (पूर्वप्रयास) र *दुक्कट*आपत्तिको आधार हो।

मेरो बुझाई अनुसार कुनैपनि तरिकाले कामुक हुनु एउटै हो, (चाहे महिलाको शरीरलाई छुनुमा होस् वा संभोगमा)। प्रथम *पाराजिक*को विनीतवत्थुमा यो ठीकै भनिएको छ कि जो

भिक्खुले तीन अंग (गुप्तांग, गुदा, मुख) बाहेक महिलाको अन्य कुनै अंगसँग संभोग गर्दछ भने *संघादिसेस* हुन्छ, यौन संभोगको *पुब्बपयोग*को रूपमा *दुक्कट* हैन। विभंगमा, लेखक मध्यस्थ शब्दहरूको प्रयोग गर्दछन् र निर्दिष्ट गर्दैनन् (कि कामुक भएर छुनु पहिलो *पाराजिक*अन्तर्गतको *दुक्कट* वा दोस्रो *संघादिसेस*अन्तर्गतको हुनु पर्छ, कि केमा हो), जसको अर्थ हो कि कामुकताले कुनै महिलालाई छुनु दुवै अवस्थामा समान हो। विभंगमा, यस सिक्खापदमा *'मातुगाम'*लाई मानव महिलाको रूपमा परिभाषित गरिएको छ, चाहे उनीहरू भर्खर जन्मेका नै किन नहोउन्। यहाँ, उनको व्याख्या सही छ किनकि पुरुषको कामुकता साना केटीहरूप्रति पनि हुने कुरा मान्न सकिन्छ।

'नारी' *संघादिसेस*को आधार हो। *पण्डक* (लिंग विकृत भएकाहरू, जस्तो कि उभयलिंगीहरू, र यौन अंगहरू अपूर्ण रहेकाहरू) *थुल्लच्चय*को आधार हो। पुरुष, भाले र पोथी जनावरहरू, *दुक्कट*को आधार हो। *संघादिसेस*को आधारको बारेमा, कुनै भिक्खुले कामुक भएर यो महिला हो भनी जानजान नै सो महिलालाई छुनु, जब उसको शरीरले उसलाई छुन्छ, उसलाई *संघादिसेस* हुन्छ। यद्यपि महिलाले उसलाई पहिले छुन्छ र त्यसमा भिक्खु प्रसन्न हुन्छ भने, यत्तिकैमा पनि उसलाई *संघादिसेस* हुन्छ। कुनै भिक्खुले उल्टो ठान्छ (कि यो कुनै पुरूष हो, आदि), यस्तोमा महिलालाई छुनुले उसलाई *थुल्लच्चय* हुन्छ। कुनै महिलाको शरीरसँग सम्बन्धित वस्तुहरूलाई छुन पुग्छ, जस्तै उसको लुगा; वा अन्यथा उसले

आफ्नो शरीरसँग जोडिएका चीजहरू उसको शरीरलाई स्पर्श गर्नकोलागी अगाडि सार्छ, जस्तै कि कुनै भिक्खुले आफ्नो चीवर शरीरमा मिलाउँदा महिलाको शरीरमा छुवाउँछ: याद राख्न सजिलोकोलागी, एकातिर *शरीर* छ, र *शरीरसँग जोडिएको अन्य चीजहरू* छन्, र यस्ता हरेक मामिलामा उसलाई *थुल्लच्चय* हुन्छ। भिक्खुले आफ्नो शरीरको सम्पर्कमा रहेका कुनै वस्तु फिजाएर महिलाको शरीरसँग जोडिएको कुनै कुरा छुनु वा महिलाको शरीरमा वा उसको शरीरसँग जोडिएको कुनै चीजमा फूल आदि वस्तु फ्याक्नु *दुक्कट* हो। कुनै भिक्खुले बुझ्छ कि उसले अरू कुनै बस्तु छोयो, (महिला बाहेक, जबकि यो महिला थियो) तर सीधा सम्पर्कबाट होइन, यस्ता हरेक प्रयासकोलागी उसलाई *दुक्कट* हुन्छ। *थुल्लच्चय*को आधारको बारेमा, यदि कुनै भिक्खुले यसकोलागी आधार पूरा गरेको छैन भने उसलाई *दुक्कट* मात्र हुन्छ। त्यसैले यो *दुक्कट*को आधारको बारेमा बोल्नु आवश्यक छैन। यदि कुनै भिक्खुले धेरै आधारहरू छुन्छ भने र ती आधारहरूको प्रकार र संख्याअनुसार धेरैवटा आपत्ति हुनेछन्। यदि भिक्खुले धेरै प्रयास गर्दछ भने, प्रयासको संख्या अनुसार त्यति नै आपत्ति हुनेछ।

कामुकताद्वारा प्रेरित भएर कुनै भिक्खुले छोएर माया गर्न चाहन्छ, उसको लक्ष्यको रूपमा महिला आधार रहेको छ, त्यसैले यो सिक्खापद*सचितक* हो। तसर्थ, जो भिक्खुसँग छुने कुनै मनसाय छैन, उसलाई कुनै आपत्ति हुँदैन। उदाहरणकोलागी, कुनै भिक्खुले अर्कोलाई बाटो दिन्छ र महिलासँग ठक्कर

खान्छ; वा भिक्खुको मनमा थिएन तर महिला उसँग ठोक्किन आउँछ, ऊ डराउँछ र उसलाई टाढा धकेल्छ; वा भीडको बीचबाट आवतजावत गर्दा भिक्खुले अरूलाई अनजानमा छुन्छ; वा अन्तमा भिक्खुलाई महिलाद्वारा छोईएको छ, तर ऊ यस स्पर्शद्वारा खुसी छैन: यी सबै अवस्थाहरू *अनापत्ति*को श्रेणीमा पर्दछन्, किनभने उसको कुनै कामुक मनसाय छैन।

**३. तेश्रो सिक्खापदमा भनिएको छ:**

> कुनै भिक्खुले कामुक भएर विकृत सोच लिएर महिलालाई अश्लील वचनहरूद्वारा (बोलाउँछ) जस्तो कि जवान पुरुषले केटीलाई सम्भोगकोलागी आमन्त्रण गर्छ, यसले उसलाई संघादिसेस हुन्छ।

यस सिक्खापदमा रहेको "मातुगाम" शब्दको अर्थ विभंगमा व्याख्या गरिएको यस्तो छ, त्यो पर्याप्त बालिग मानव स्त्री हो, जसले अश्लील शब्दहरूलाई बुझ्दछे। यो स्पष्टीकरण सही छ किनभने जसको अश्लील वचनहरू बोल्ने मनसाय छ उसले ती शब्दहरू महिलालाई बुझाउने उद्देश्य राख्छ। यदि ऊ सानी केटी भएमा र ऊ पर्याप्त वयश्क भएको छैन भने, वक्ताको उद्देश्य पूर्ति हुनेछैन। अश्लील वचनहरूको अर्थ जनेन्द्रियहरू, गुदा र सम्भोगसम्बन्धी नाम लिएर त्यसको प्रशंसा गर्नु, त्यसको निन्दा गर्नु, प्रश्न सोधनी गर्नु वा चिढ्याउने गर्नु हो, उदाहरणकोलागी, प्रेरणा दिने उद्देश्यले अथवा उसँग सम्भोगकोलागी आग्रह गर्दै, "तिमीसँग त्यस्ता र

Dhamma.Digital

त्यस्ता अंगहरू छन्" भन्नु हो। उसको पतिसँग उसले गरेको संभोगको अनुभवको बारेमा प्रश्न वा प्रति-प्रश्न गर्नु, वा उसको पतिसँग यौन सम्बन्ध राख्नकोलागी निर्देशन दिनु वा विधी सिकाउँदै भन्नु, "तिमिले यस्तो र यस्तो तरिकाले गर्नुपर्छ" भन्नु (यी पनि 'अश्लील वचन'मा सामेल छन्)।

यस सिक्खापदमा (महिलाहरूका लक्षणहरूले युक्त) महिला *संघादिसेस*को आधार हो। *पण्डक थुल्लच्चय*को आधार हो, पुरूष *दुक्कट*को आधार हो।

नारी जातिसँग जननांग, मलद्वार र संभोगको बारेमा बोल्नु *संघादिसेस*को सीमा हो। घुँडाभन्दा माथि र टाउकोमा कपालको वृत्तको मुनि (गर्दनको आधारसम्म, कठालोमुनि र घुँडाभन्दा माथि) का अंगहरूका बारेमा कुरा गर्नु *थुलच्चय*को सीमा हो। यस बाहेकका अंगहरू *दुक्कट*का सिमाना हुन्। दुवै 'द्वारहरू' (मूत्र र मल) र यौन सम्बन्धको बारेमा *पण्डक*सँग बोल्नु *थुल्लच्चय*को आधार हो। सबै अंगहरू *दुक्कट*को आधार हो। पुरूषमा सबै कुरा *दुक्कट*को आधार हो।

भिक्खुले धेरै मानिसहरूसँग उपरोक्त विषय बोल्छ भने उसलाई त्यसको किसिम र त्यसका आधारको संख्या अनुसारले धेरै आपत्तिहरू हुन्छन्। भिक्खुले एकजना व्यक्तिसँग बोल्छ तर धेरै शब्दहरूमा र धेरै सम्भवतः प्रत्येक शब्दकोलागी एक आपत्ति हुनेछ, तर यो यहाँ भनिएको छैन।

Dhamma.Digital

यो सिक्खापद *सचित्तक* हो, यसैले धम्म सिकाउन वा (विनय आदिमा) निर्देशन सिकाउन यस्ता अश्लील शब्द बोल्नेलाई कुनै आपत्ति छैन।

**४. चौथो सिक्खापदमा भनिएको छः**

कुनै भिक्खुले कामुक भएर विकृत विचारले महिलासँग उसको आफ्नै कामुकताको सेवा गर्नुको प्रशंसा गरी बोल्छ, उसलाई यस्तो भनी संभोगको निम्तो दिन्छ, "बहिनी, मजस्तो सद्गुणी, ब्रह्मचर्यको पालना गर्ने उदात्त स्वभाव भएकोलाई सेवाको उच्चतम प्रकार यो हो, अर्थात् यो (यौन) कार्यद्वारा सेवा गर्नु हो",यस्तो बोलेमा उसलाई *संघादिसेस* हुन्छ।

सबै स्पष्टीकरण माथि दिइएको (तेस्रो *संघादिसेस*) को अनुरूपले बुझ्नुपर्छ, फरक यहाँ वक्ताको उद्देश्य हो: माथिको उद्देश्य अश्लील शब्दहरूको प्रयोग गरेर प्रेमजालमा फँसाउनु हो, तर यहाँ भिक्खुको उद्देश्य आमन्त्रित गर्नु हो।

**५. पाँचौं सिक्खापदमा भनिएको छः**

कुनै भिक्खुले लमिको काम गरेमा, यसमा महिलाको विवाहको मनसाय पुरुषलाई र पुरूषको मनसाय महिलालाई बताउने काम गरेमा, त्यो चाहे विवाहको होस्, चाहे जारी (व्यभिचार) को होस्, अथवा पटके

Dhamma.Digital

सम्भोगको व्यवस्था गर्नुको सूचना होस्, बताएमा उसलाई *संघादिसेस* हुन्छ।

यो सिक्खापदको पालिपाठमा 'भासेन्तो' 'भन्नु' वा अन्य त्यस्ता शब्दलाई छोडिएको छ, जुन कि वास्तवमा विभंगमा प्रक्षेपण गरिएको छ। 'विवाहको बारेमा' शब्दको अर्थ कानूनसम्मत ढंगले (पति र पत्नीको रूपमा) एकसाथ बस्नु हो। 'जारिको बारेमा' शब्दको अर्थ अवैध रूपले (पुरुष र उसको रखैल वा महिला र उसको प्रेमी) को सम्बन्धमा हो। यसैले, विभंगका लेखक दुई प्रकारका महिलाहरूको उल्लेख गर्छन्। पहिलो, आमा-बुबा आदिद्वारा संरक्षित व्यक्ति जसबाट पुरुषले कानूनी रूपमा अनुरोध गरेर वा कानूनी रूपमा उसलाई पत्नीको रूपमा ग्रहण गर्दछ, भन्नुको मतलब हो, तिनी विवाहद्वारा उसको पत्नी हो, वा जो महिला त्यस्तो कुनै औपचारिक समारोह बिना नै कुनै पुरुषसँग बस्नकोलागी सहमत भएको छ, वा तिनी पैसाले किनिएकी पत्नी हो। दोस्रो हो, निषेधित महिलाहरू, जस्तो कि राजपरिवारमा राजकुमारीको रूपमा परिवारद्वारा संरक्षित महिला, भिक्खुनीको रूपमा धम्मद्वारा संरक्षित महिला र पुरानो कानूनमा उल्लेख गरिएको व्यवस्थाद्वारा संरक्षित महिला, जस्तो कि भूतपूर्वराजाका विधवा उपपत्नी। यी महिलाहरूमध्ये यदि कुनै भिक्खुले कसैको विवाह दलाल (लमि) को काम स्वीकार गरेमा पुरुषकोलागी महिलालाई विवाहको प्रस्ताव अनुरोध गर्न जान्छ, वा उनीहरूलाई एक अर्कासँग विवाह गर्न आग्रह गर्नमा दूतको

Dhamma.Digital

रूपमा काम गर्न स्वीकार गर्दछ, वा उनीहरूलाई अन्य तरिकाले मद्दत गरेमा उसलाई *संघादिसेस* हुन्छ।

विभंगमा दूतको अंगलाई तीन वर्गमा विभाजित गरिएको छ। पहिलो हो, आग्रहकर्ताको आग्रह स्वीकार गर्नु; दोश्रो हो, अर्को पक्षलाई बताउन जानु; र तेस्रो हो, मूल अनुरोधकर्तालाई फिर्ता जवाफ सूचित गर्नु। तर कहिलेकाहीं (*संघादिसेस*को) फल मात्र दुईटा अंगबाट पनि उत्पन्न हुन्छ, उदाहरणकोलागी पुरुषले भिक्खुलाई वेश्यासँग भेटघाट गर्नकोलागी व्यवस्था मिलाउनु, उसले उसलाई त्यस्तो र त्यस्तो ठाउँ र समयमा भेट्नुपर्छ। यदि वेश्याले त्यो आग्रह स्वीकार गरि, तर भिक्खु उसलाई अनुरोध गर्ने मानिसलाई जानकारी दिन फर्केन, तैपनि उनीहरूको इच्छा पक्कै पूरा हुन्छ। सिक्खापदमा *'वा'* शब्दलाई ध्यानमा राखी, हामीले यो बुझ्नुपर्छ कि यदि तीन अंगहरू हुन सकेन भने पनि, अर्थात्, वाक्यांश, "महिलालाई पुरुषको मनसाय बताउनु" ले बताउँछ कि भिक्खुले पहिले नै पुरुषको अनुरोध स्वीकार गरेको छ र महिलालाई सूचित गर्न गईएको छ; र वाक्यांश, "पुरुषलाई महिलाको मनसाय बताउनु" वाक्यांशले बताउँछ कि भिक्खुले कुनै महिलाद्वारा बोलेका शब्दहरू पुरुषलाई सूचित गर्न जान्छ र त्यसैले यहाँ माथिका तीन अंगहरू छन्। तर यस सिक्खापदमा स्पष्टरूपमा *'वा'* शब्द छ जसले बताउँछ कि भिक्खुले एक मात्र पक्षको सन्देशलाई स्वीकार गर्नसक्छ र त्यसपछि दोस्रो पक्षलाई सूचित गर्नकोलागी जान्छ, यस प्रकार

मात्र दुई अंग पूरा हुनसक्छ। यो मेरो मान्यता हो कि विभंगमा संगीतिकारकहरूद्वारा सामान्यतयाः मानिसहरूद्वारा चलन अनुसार तीन अंगहरू वर्गीकृत गरिएका हुन्, जस्तै विवाहको लमीको रूपमा अनुरोध गर्नकोलागी महिलातर्फ (मातापिताबाट) पठाइएको थियो। ऊ महिलाको पक्षले जे बोलेको थियो त्यसको जानकारी पुरुष पक्षलाई दिन फर्क्यो। जब (विभंगका लेखकद्वारा) तीन अंगहरू (संघादिसेसको आधार) स्थापित गरिएको थियो, तब दुई अंगहरूको वर्गीकरण *थुल्लच्चय*को आधारको रूपमा गर्नुपर्यो, र यस प्रकार एक मात्र अंग *दुक्कट*को आधार बन्न सक्छ, चाहे त्यो व्यावहारिक होस् वा नहोस्। केही स्थानहरूमा रचनाकारद्वारा वर्गीकृत अनावश्यक अंगहरू देख्न सकिन्छ, जस्तो कि चौथो *पाराजिक* सिक्खापदमा। उनले "मुसावाद" लाई तीन अंगहरूले युक्त भनी वर्गीकृत गरेका छन्: पहिलो, एक मानिसले बोल्नु अघि उसले झुट बोल्छु भनेर जान्दछ; दोस्रो, बोल्दै गर्दा उसलाई थाहा छ कि आफूले झूट बोल्दैछु; र तेस्रो, जब उसले बोलिसक्यो, उसलाई थाहा छ कि झूट बोलें। तर *उत्तरिमनुस्सधम्म* को घमण्ड यो माथिको पहिलो दुई अंगहरूद्वारा पूरा हुनेछ। यो विषय अट्ठकथामा पहिले नै उल्लेख गरिएको छ।

म मान्छु कि यो सिक्खापदमा उल्लेख गरिएको लमीको काम सन्देशको माध्यमद्वारा दुई पक्षलाई जोड्नाले पूरा हुनेछ र यो नै अधिक उचित छ। यसमा *पुब्बपयोग*को आपत्ति यस प्रकार देखिनेछः यदि कसैले भिक्खुसँग आग्रह गरेपछि

उसको अनुरोध स्वीकार गर्यो भने भिक्खुलाई *थुल्लच्चय* हुन्छ। यदि सो भिक्खुले अर्को पक्षलाई सूचित गर्यो भने उसलाई *संघादिसेस* हुन्छ। यदि भिक्खुले यो काम अफैं शुरु गर्छ, र उसले पहिलो पक्षलाई बताउँछ भने, उसलाई *थुल्लच्चय* हुन्छ, र जब उसले दोश्रो पक्षलाई सूचित गर्छ उसलाई *संघादिसेस* हुन्छ। त्यसैले, भिक्खुले प्रथम प्रयास गर्दा उसलाई *थुल्लच्चय* हुन्छ, र यो तरिका अरू सिक्खापदहरूमा पनि देख्न सकिन्छ, किनकि योभन्दा कम गर्नुको कुनै सम्भावना छैन।

चाहे युवा वा युवती, वा उसका मातापिता वा अरू उनीहरूका सम्बन्धित महत्त्वपूर्ण व्यक्ति, जसको अनुरोधमा भिक्खु जान्छ र अर्को पक्ष जो कि युवा, युवती, आमाबुबा वा अरू सम्बन्धित कोही पनि हुन सक्छ, लाई माथिको जस्तै सूचित गर्दछ। यस्तो गरेमा भिक्खुलाई *संघादिसेस* हुन्छ। कुनै भिक्खुले यो आफैंले गर्दैन तर अर्को मानिसलाई उसकोलागी यो गर्न आदेश दिन्छ भने, अझै पनि *संघादिसेस* हुन्छ।

कसैले धेरै भिक्खुहरूलाई अनुरोध गर्यो, र उनीहरू सबैले उसको आग्रहलाई स्वीकार गरे तर उनीहरू मध्ये एकजना भिक्खुले मात्र वास्तवमा सूचित गर्यो भने पनि सबैलाई *संघादिसेस* हुन्छ। अघिल्लो अवस्थाको बारेमा थाहा नभएका भिक्खुले विवाह विच्छेद भएका पति र पत्नीलाई पुनर्विवाहित (पुनर्मिलन) गर्नकोलागी मनाउने कोसिस गर्दछ भने पनि ऊ आपत्तिबाट मुक्त हुन सक्दैन। यसैले यस सिक्खापदमा यो आपत्ति *अचितक* हो। पति र पत्नी जो झगडा गरिरहेछन् र जो

छुट्टै बस्दैछन् तर सम्बन्ध विच्छेद गरिसकिएको छैन, र तिनलाई भिक्खुले मेलमिलाप गर्ने कोसिस गर्दछ, त्यसो गर्नाले उसलाई आपत्ति हुनेछैन।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

भिक्खुले कुटी बनाइदिने (गृहस्थी) दाता बिना नै (आफ्नै याचनाद्वारा) पाएकोले मात्र आफ्नो लागी कुटी बनाउँदा उसले यो (सिक्खापदद्वारा) निर्धारित माप अनुसार बनाउनु पर्छ। बनाइने कुटीको (भित्री भागको) माप यो हो: सुगतको बित्ताले लम्बाई बाह्र बित्ता, चौडाई सात बित्ता। सो स्थान देखाउनकोलागी त्यहाँ भिक्खुहरू भेला गर्नुपर्छ र ती भिक्खुहरूले सो जग्गा मालिक रहित भएको र कुटीको चारैतिर पेटी (परिक्रमा गर्न तथा पानी तर्काउनकोलागी खाली जग्गा भएको) पक्का गर्नुपर्छ। कुनै भिक्खुले आफै साधनहरू मागेर पाएकोद्वारा कुटी बनाउँदा अरूको अधिकार भएको जग्गामा बनाएमा, र वरपरको क्षेत्र खाली नभएको स्थानमा बनाएमा, अथवा भिक्खुहरू भेला गरेर स्थान नदेखाएमा, वा उसले (निर्धारित) मापभन्दा बढी हुने गरी ठूलो बनाएमा उसलाई संघादिसेस आपत्ति हुन्छ।

यो सिक्खापदको अर्थ अस्पष्ट छ, किनकि यो बुझ्न गाह्रो छ, यस सम्बन्धमा पूर्ण स्पष्टीकरण जरूरत पर्छ। यसमा सर्वप्रथम बनाउने स्थान सम्बन्धमा छलफल गर्नु आवश्यक छ।

किनकि संघले स्वीकृत गर्न सकिने जग्गा भनेको त यस्तो लाग्छ कि *आराम* भित्रको वा त्यसको वरपरको हुनुपर्छ। त्यतिबेलाको *आराम* वर्तमानको जस्तो थिएन। त्यस भूमिमा संघको अधिकार हुने गर्दैनथ्यो, बरू यसका मालिकहरूद्वारा हेरविचार गरिएका हुन्थे। जबकि यो केवल संघको बासस्थानको रूपमा (अस्थाईरूपले) उपलब्ध गराईएको हुन्थ्यो। यसबाहेक, केही स्थानहरूमा यो भनिएको छ कि निर्धारित भूमि *आराम*मा वा *आराम*को वरपरको क्षेत्रमा पर्दैन। शब्द 'कब्जा गरिएको' *(सारम्भ)* ले मलाई यो बुझ्नमा प्रेरित गर्दछ कि यो ठाउँ पहिले नै मानिसहरूद्वारा कब्जा गरिएको हो, वा अन्यथा मानिसहरूलाई यो भूमिमा अव्यक्त अधिकार छ। भिक्खुहरूले (त्यस्तो भूमि) वा जग्गा पुन: कब्जा गर्नु, र अरूका सीमाहरू मिच्ने किसिमले लिनु *सीमा* घोषणा प्रसंगमा स्पष्टरूपले निषेधित छ। तर विभंगमा, 'कब्जा गर्नु' लाई कमिला वा सेतो कमिला जस्ता साना जीवहरूको बासस्थानको रूपमा व्याख्या गरिएको छ; वा हात्ती, बाघ आदि जस्ता जनावरहरूको; वा नजिकबाट खेतहरू, बारीहरू, बागबगैंचाहरू, वा अरूको भवनहरूसँग जोडिएको रूपमा; वा यो भीडभाडपूर्ण छ, जस्तै आबादी क्षेत्रहरू वा मुख्य सडकहरू नजिकका स्थानहरू। तर यदि यो मामिला यसरी परिभाषित गरिएको छ भने, तब त जंगल वा गाउँमा कुनै *कुटी*कोलागी उपयुक्त ठाउँ खोज्न धेरै गाह्रो हुनेछ! यो किन यसरी परिभाषित गरिएको हो? पालि

Dhamma.Digital

शब्द *सारम्भं* को शाब्दिक अर्थ 'आरम्भ, भर्खरै शुरुवात' हो, तर यसलाई विभंगका लेखकले उपरोक्त रूपमा व्याख्या गरेका छन्।

*मानवधर्मशास्त्र,* जुन कि प्राचीन सियामी ऐन शास्त्रको नाम हो, मा उल्लेख गरिएको मान्यता प्राप्त भूमि सम्बन्धी नियमहरूका अनुसार म बुझ्छु कि (कुटी वरपरको) क्षेत्र *सीमा* चिन्ह लगाउनकोलागी हो। वरपरको क्षेत्रलाई सीमानाको रूपमा निर्धारित गरिदिने तरिकाको उल्लेख (उपोसथागारको) सीमा घोषणा विधीमा उल्लेख गरिएको छ। विभंगमा यो स्पष्ट रूपमा व्याख्या गरिएको छ कि जहाँ बैलगाड़ामा जोडिएका गोरुहरू मुड्न सक्छन्, वा जहाँ भर्याङ ओसारपसार गर्न सकिन्छ। के कारणले, किन यो विषय यसरी व्याख्या गरिएको हो? म बुझ्छु, यस कारणले हो कि पालिमा उल्लेख भएको '*सपरिक्कमनं* को शाब्दिक अर्थ 'चारैतिर पैदल परिक्रमा गर्नु' हो, जब कि (विभंगका लेखक) *भवन निर्माणमा सुविधामा* जोड दिन्छन्, तर अरू अर्थहरूमा बिल्कुल होइन। यो बुँदासम्मको हाम्रो छलफलले हामीलाई यस्तो निष्कर्ष निकाल्नतिर इंगित गर्दछ कि (कुटी बनाउनकोलागी) (उपयुक्त) ठाउँ भनेको कसैबाट कब्जा नगरिएको हुनु हो, र फेरि यो निषेधित पनि नभएको भूमि हो, जस्तो कि जंगल, खाली ठाउँ। संघलाई एउटा (निर्माण) क्षेत्र निर्धारित गर्नकोलागी प्रार्थना गर्नु भनेको यस कारणले हो कि उनीहरू साक्षीहरू र प्रमाणहरू बनुन् र राष्ट्रिय ऐन कानून अनुसार सीमा प्रदान गरियोस्। वर्तमान कालमा चलेको परम्परालाई विचार गरेर हामी यसलाई राम्ररी बुझ्न सक्दछौं:

यदि कुनै भिक्खुले (अस्थायी) भिक्खु निवास निर्माण गर्न चाहन्छ, तर उसले पहिले त्यो क्षेत्रका संघको प्रमुख भिक्खुसँग अनुमति दिनकोलागी प्रार्थना गर्नुपर्छ। यसै बीच, त्यहाँका संघका प्रमुखले विचार गर्नेछन् कि आवेदक त्यो जग्गामा कब्जा गर्न वा अधिकार राख्नकोलागी उपयुक्त व्यक्ति हो, कि हैन? र भिक्खुको निवासले अरूको दाबी भएको जग्गा मिच्छ, कि मिच्दैन? तब, (अनुसन्धान गरिसकेपछि) उसले त्यो निवासको निर्माणकोलागी अनुमति दिनेछ तर यदि तत्वहरू उचित छैनन् भने उसले उसलाई अनुमति दिनु हुँदैन। (वर्तमानमा चलेको) यो परम्परा यसै सिक्खापदमा आधारित छ।

अब हामी *कुटी*को प्रकारका सम्बन्धमा छलफल गर्ने छौं। यस सिक्खापदमा रहेको पालिमा मात्र *'कुटी'* भनी उल्लेख गर्दछ जसको अर्थ हो कुनै प्रकारको *कुटी*, तर विभंगमा भनिएको छ कि यो प्लास्टर गरिएको (माटो वा चूनाद्वारा लेपिएको) हुन्छ। मलाई थाहा छैन किन विभंगले यसो भनेको होला, तर केही शब्दहरू छन् जसले मलाई यो मुद्दाको निर्णय गर्न मार्गदर्शन गरे। यो सिक्खापदको कथामा एउटा भिक्खुले माटो माग्यो, र उसले यो कुटीको निर्माण कार्य सम्पन्न गर्न सकेन किनभने उसले यसलाई सीमा निश्चित नगरिकन निर्माण गर्यो (धमाधम बढाउँदै लग्यो)। यदि यो कथाको महत्त्वपूर्ण बिन्दु कुटी स्थापित गरिएको भूमिको मामिलासँग सम्बन्धित हो भने कुटीको प्रकार महत्त्वपूर्ण होइन। कुटी सम्बन्धी महत्त्वपूर्ण बुँदा भनेको मात्र यो हो कि यो सीमा (माप) भन्दा

बाहिर निर्माण गरिनुहुँदैन। यो प्रतिबन्धित छ ताकि सामग्री याचनालाई सीमित गर्न सकियोस्।

यहाँ एउटा प्रश्न छ: यदि महत्त्वपूर्ण बुँदा जग्गाको टुक्रासँग सम्बन्धित हो भने, यो सिक्खापदमा किन *कुटी*को स्थापनाले महत्त्वपूर्ण भूमिका खेल्छ? जवाफ छ, किनभने त्यो समयमा जग्गाको कुनै मूल्य थिएन तर मानिसहरूमा झगडा हुनबाट रोक्नकोलागी जग्गा कब्जा गर्ने अनुमति दिइन्थ्यो (लिनुपर्थ्यो)। पुरातन युगको कुरा छोड्देऔं, आजको दिनमा (२४५६/१९१३) (सियाम) मा संघ-भूमिको राजस्व संकलन घर-धुरीको संख्या अनुसार गरिन्छ र जमिनको क्षेत्रफल अनुसार होइन। वरपरको क्षेत्रलाई गनिंदैन र घरहरू स्थापित गर्न नसकिने जग्गाको वास्ता गरिंदैनथ्यो। यस कुरालाई विचार गरेर मैले यो सिक्खापदको अर्थ बुझ्नलाई गाह्रो छ, किनकि यो अस्पष्ट छ, भनेको हुँ।

अब हामी कुटीको नापको सीमा सम्बन्धमा छलफल गर्नेछौं। सीमामा *सुगतपमाण* प्रयोग गरिएको छ। यो बुझिन्छ कि यो माप भगवान शास्ताको हातका औंलाहरूको (नाप) बाट निर्धारित गरिएको हो। यो सम्भव छ कि जब भगवान बुद्धले यो मापनको बारेमा सिक्खापद बनाउनुभयो, यो जरूरी थियो कि उहाँले आफ्ना हातका औंलाहरूको लम्बाइ बित्ता (बूढीऔंलाको टुप्पो र मध्य औंलाको टुप्पो दुवै पूरै विस्तारित आवस्थाको बीचको दूरी) र हात लम्बाई (लगभग २ बित्ता, मध्य औंलाको टुप्पादेखि कुहिनासम्म) द्वारा प्रदर्शनी गर्नुभएको थियो। तर

शब्द *'सुगत*को प्रयोगको मामिलामा विचार गर्दा यो त बुद्धले कहिल्यै प्रयोग गर्नुभएको थिएन, न त उहाँका शिष्यहरूद्वारा उहाँको सन्दर्भमा प्रयोग गरेका थिए, यसको अर्कै अर्थ छ कि भनी हेरिरहेको छु, उदाहरणकोलागी: पूरा फिजिएको बित्ता, वा ती दिनहरूको राजकीय नाप, वा अर्को नापको नाम जस्तै 'सिकर्मीका इन्चहरू (सियाममा) वा (अंग्रेजी) फुटको इन्च। यो अनुमानको मात्र मामिला हो जसकोलागी कुनै प्रमाण मैले पाउन सकेको छैन। अर्को पनि *सुगतपमाण* भन्ने शब्द छ, *सुगत*को चीवरको माप, यसले हामीलाई भगवान शास्ताका हातका औंलाहरूबाट नापिने हो कि, विचार गर्नकोलागी सल्लाह दिइन्छ। तैपनि, *सुगतपमाण*को लम्बाई निर्धारण गर्ने तरिकाको अनुसन्धान गर्नुपर्छ। म यसको बारेमा अन्यत्र (हेर्नू अध्याय १० मा) व्याख्या गर्नेछु। त्यसैले यो सिक्खापदमा वा अरूमा मात्र शब्दहरू *सुगत अंगुली* (=इन्ची) र *सुगत विदत्थि* (बित्ता) को उल्लेख गर्नेछु।

अब, हामी वाक्यांश *'सारम्भे चे... कुटिं कारेय्य*को अर्थ छलफल गर्नेछौं। यसले वास्तवमा *संघादिसेस*लाई बुझाउँछ, तर विभंगमा यो किन भनियो कि यीमध्ये प्रत्येक (*सारम्भे, अपरिक्कमने, सञ्ञाचिकाय*) *दुक्कट*को आधार हो? यो बुझ्न असम्भव छ! यदि विभंगको व्याख्या सही हो भने कुन उद्देश्यकोलागी माथिको वाक्यांश बोलिएको थियो; अझ थप शर्त बताउने शब्दहरू *'वा'* (अथवा) त्यसपछिका वाक्यांशहरूमा बेकार हुनजान्छ, (यो कुरा तल स्पष्ट देखिनेछ जहाँको

https://dhamma.digital

सिक्खापदमा मात्र एकपटक *'वा'* छ)। यो विचार गर्दै, जग्गा निर्धारण गर्नु संघको कर्तव्य हो जसले वास्तवमा नै राम्रो स्थान निर्धारण गर्नुपर्छ। कुनै भिक्खुले आफ्नो लागी *कुटी* बनाउँदा संघले निर्दिष्ट स्थानमा बाहेक अन्यत्र बनाउँछ भने गलत हुन्छ। जब यो विचारलाई दिमागमा राख्छौं, यो स्पष्ट देखिएको छ कि कुनै भिक्खुले संघमा ठाउँ तोकीदिनकोलागी अनुरोध गर्दछ, तर उसले *कुटी* भने भिन्नै स्थानमा बनाउँछ, वा जसले ठाउँ तोकीदिनकोलागी अनुरोध गर्दैन, वा जसले आफ्नो *कुटी* संघद्वारा निर्दिष्ट स्थलमा बनाउँछ, तर उसले यो कुटीको आकारका सीमाहरू नाघेर बनाउँछ भने, यिनमध्ये प्रत्येक मामिला *संघादिसेस*को आधार हो। कुनै भिक्खुले यिनमध्ये कुनै एउटा मात्र गल्ति गरेमा एउटा मात्र आपत्ति गरेको हुन्छ, दुईटा गरेमा दुईवटा आपत्तिहरू गरेको हुन्छ। *पुब्बपयोग*मा प्रत्येक प्रयासकोलागी एउटा दुक्कट आपत्ति हुन्छ, काम सिद्धिंदासम्ममा एउटा मात्र आपत्ति बाँकी रहेको अवस्थामा *थुल्लच्चय* आपत्ति हुन्छ, ती गलत कामहरू सिद्ध भएपछि उसलाई *संघादिसेस* हुन्छ।

यो सिक्खापदमा गर्नुपर्ने नगर्नाले पनि आपत्ति हुनसक्छ, भन्नुको मतलब यो हो कि उसले जग्गा तोकीदिनकोलागी संघमा अनुरोध गर्दैन, र गर्न नहुने गर्नाले पनि उसलाई आपत्ति हुनसक्छ, भन्नुको मतलब यो हो कि, कुनै भिक्खुले तोकिएको ठाउँमा बाहेक अन्यत्र *कुटी* निर्माण गर्दछ, वा आकार सीमाभन्दा ठूलो हुनेगरी निर्माण गर्दछ, वा यी दुवै

Dhamma.Digital

तरिकाले गर्नसक्छ, जब कुनै भिक्खुले संघलाई स्थान तोकिदिनकोलागी अनुरोध गर्दैन र आकारको सीमा पनि नाघेर बनाउँदछ। यदि भिक्खुले संघमा जग्गा तोकीदिनकोलागी अनुरोध गर्दछ, अनि पछि सो तोकीएको जग्गामा *कुटी* बनाउँदछ, र कुटीको आकार सीमा भन्दा बाहिर गएको छैन भने उसलाई आपत्ति लाग्दैन।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> यदि भिक्खुले बनाइदिने (गृहस्थी) दाता भएको अवस्थामा उसले आफ्नो लागी पक्का गरेर कुटी बनाउँछभने, उसले बनाउने स्थान तोकीदिनकोलागी भिक्खुहरू भेला गर्नुपर्छ र ती भिक्खुहरूद्वारा चारैतिर जग्गायुक्त र खाली भूमि तोकीदिनुपर्छ। यदि भिक्खुले अरूबाट कब्जा गरिएको ठाउँमा र चारैतिर जग्गारहित भूमिमा ठूलो कुटी बनाउँछ वा उसले जग्गा तोक्नकोलागी भिक्खुहरू भेला गर्दैन भने, उसलाई संघादिसेस आपत्ति हुन्छ।

*'विहार'* भन्नाले वर्तमानमा एक केन्द्रीय स्थानको रूपमा बुझिन्छ, किनकि त्यहाँ बुद्धप्रतिमा स्थापित गरिएको हुन्छ। यस ठाउँमा भगवान बुद्ध अझै बिराजमान हुनुहुन्छ जस्तो मानिन्छ। जे होस्, ग्रन्थहरूमा *'विहार'* शब्दले भिक्खुहरूको बासस्थानलाई बुझाउँछ तर यो र *कुटी* बीचको फरक वर्णन गरिएको छैन। विभंगमा *'विहार'* शब्दले लेपिएको

Dhamma.Digital

भवनको रूपमा व्याख्या गरिएको छ, यो अघिल्लो सिक्खापदमा *कुटी*को वर्णन गरिएको जस्तो नै हो। यो (विहार) र अघिल्लो सिक्खापदको (कुटी) बीचमा फरक यो हो कि यसमा गृहस्थ मालिक छ र त्यसैले त्यसको आकारको कुनै सीमा राखिएको छैन किनकि भिक्खुले जनतासँग मद्‌दतकोलागी अनुरोध गरिरहनु पर्दैन। यी बाहेक सबै स्पष्टीकरणहरू यसको अघिल्लो सिक्खापदको अनुरूप बुझ्नु पर्छ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले क्रोधित भएर, क्रोधद्‌वारा प्रेरित भएर र असन्तुष्ट भएर, कुनै भिक्खुलाई आधारहीन पाराजिक दोषको आरोप लगाउँछ, यो सोचेर कि "यसो गरेर मैले उसलाई ब्रह्मचर्यबाट पतन गराउन सक्छु", र पछि अर्को अवसरमा सो (विनयगत) विधीको प्रक्रियामा उसलाई जाँचेको अथवा नजाँचेको अवस्थामा सो आरोप निराधार भएको देखियो र सो भिक्खुले क्रोधवश त्यसो बोलेको स्वीकार गर्दछ, यस्तो अवस्थामा उसलाई संघादिसेस आपत्ति हुन्छ।

जस्तो कि मैले पहिले भनिसकेको छु, भगवान शास्ताबाट स्वीकृत भएको छ कि भिक्खुले आफूलाई आपत्तिबाट मुक्त गर्नु उसको कर्तव्य हुन्छ, र यदि उसले यस्तो गर्दैन भने उसको हित उपकारकोलागी उसलाई व्यक्तिगत रूपमा चेतावनी दिने काम अर्को एकजना भिक्खुको जिम्मेवारी हुन्छ। यदि ऊ

जिद्दी गरी रहन्छ भने, कुनै भिक्खुले बुद्धसासनको प्रयोजनकोलागी उसलाई संघको बिचमा आरोप लगाउनु पर्छ। यस सिक्खापदमा कुनै भिक्खुले आफूलाई मन नपर्ने अर्को भिक्खुलाई आरोप लगाउनकोलागी यो बुद्धप्रदत्त स्वीकृतिको प्रयोग गर्दछ। यस प्रक्रियामा *अधिकरणअनुवादाधिकरण* हो, (हेर, कानूनी प्रक्रिया, अध्याय ९), यसको मतलब भिक्खुद्वारा कुनै सिक्खापदमा गरिएको आपत्तिको सम्बन्धमा लगाइएको आरोप हो। निराधार आरोप भन्नुको अर्थ हो: मामिलाहरू जुन देखिएको छैन, सुनिएको छैन वा संदिग्ध छैन। भिक्खुद्वारा जुन विषय देखिएको छ, वा जुन अरूहरूद्वारा जानकारी दिइएको छ र जुनमा भिक्खुले विश्वास गर्ने आधार छ, यस्तालाई आधारयुक्त भनिन्छ। यद्यपि यो प्रत्यक्ष देखिएको छैन र न त अरूले नै जानकारी दिइएको छ, तर अरूले गरेको कार्यले ऊमाथि शंका उत्पन्न हुन्छ - यो पनि आधारयुक्त हो। आरोपका वचनहरू आरोपीले बुझ्ने किसिमको हुनुपर्छ, अथवा जब उसले अभियुक्तले के गरेको छ भन्दछ, वा जब उसले आपत्तिको उल्लेख गर्दछ, वा जब उसले सँगै बस्न निषेध गर्दछ *(संवास),*वा जब उसले (*सामीचिकम्म,* कनिष्ठद्वारा वरिष्ठमाथि गरिने अभिवादन आदि सेवाहरू) स्वीकार गर्दैन, र उसका वचनहरू बुझ्नकोलागी पर्याप्त स्पष्ट हुनु पर्छ कि अभियुक्तले *पाराजिक* आपत्ति गरेको छ। विभंगमा, आरोपका शब्दहरूको व्याख्या गरिएका छन् जस्तो कि आरोपीद्वारा अभियुक्तको उपस्थितिमा त्यसबेलामा चलेको परम्परा अनुसार बोलिन्थ्यो।

अट्ठकथा आचरियले सायद यो परम्परालाई अनुकरण गरेको हुनुपर्छ, त्यसैले उनले व्याख्या गरे कि यदि अभियुक्तको अनुपस्थितिमा आरोप लगाइएको हो भने, उसलाई आपत्ति लाग्ने छैन। म तर्क गर्छु कि बोलीद्वारा लगाईएको आरोप वा लिखित (शरीरद्वारा) जानकारी दिएर लगाइएको आरोपलाई यहाँ 'आरोप' शब्दको अन्तर्गत समावेश गरिएको छ, र त्यो आरोप उसलाई तब मात्र पर्नेछ जब आरोपीले बोलेर वा कुनै अधिकारीलाई लेखेर जानकारी हस्तान्तरण गर्दछ, उदाहरणकोलागी, जब मेत्तिया भिक्खुनीद्वारा भिक्खु दब्ब मल्लपुत्त थेरलाई भगवान शास्ताको समक्ष यसै सिक्खापदको कथामा आरोप लगाईयो। म किन यस तरिकामा विवाद गर्छु? किनकि शरीरद्वारा लगाईएको आरोपले पनि शर्तहरूलाई पूरा गर्नसक्छ र यस बाहेक वर्तमान समयमा यो मौखिक आरोप लगाउनुको तुलनामा प्रामाणिकता अधिक छ र किनभने ब्रह्मचर्यबाट पतन गराउने आरोप अधिकारी समक्ष पेश गर्नुपर्ने हुन्छ। भिक्खुले अभियुक्तलाई नै बताउँछ वा अर्को भिक्खुको बदनामी फैलाउने उद्देश्यले अर्को भिक्खुलाई बताउँछ र यो (यो अधिकारीलाई दिएको जानकारी नभएकोले) यसलाई आधिकारिकताको अभावमा आरोप भनिन्छ जुन कि व्यक्तिलाई लाग्दैन। अभियुक्त भिक्खु, प्रतिवादीलाई आरोपको सम्बन्धमा सुनुवाईको समयमा बताउनु पर्छ ताकि उसलाई थाहा होस् कि उसलाई कुन आरोप लगाइएको छ (अधिकरण-विनिच्छय) जुन कि *सम्मुख-विनय*को भाग हो। (हेर्नुहोस्-अध्याय ९)।

Dhamma.Digital

जो भिक्खुले आफैले अर्को भिक्खुलाई आधारहीन *पाराजिक* आपत्तिको आरोप लगाउँछ वा आरोप लगाउन अर्कोलाई आदेश दिन्छ भने: उसलाई *संघादिसेस* आपत्ति हुन्छ। यदि भिक्खुले एक भिक्खुलाई *पाराजिक*को आधारहीन आरोप लगाउने आमन्त्रणालाई स्वीकार गरेर आरोप लगाउँदछ भने उसलाई *संघादिसेस* आपत्ति हुन्छ। (यस पाराजिक आरोपको शुरुवात गर्नेलाई पनि *संघादिसेस* आपत्ति हुन्छ।) एक अपुष्ट आरोपको मामिलामा अभियुक्तद्वारा दृढ बनाउँछ, यद्यपि यो मामिला उसले सूचना मात्र पाएको हो, तर उसले भन्छ कि यो उसले देखेको छ, तब उसलाई पनि *संघादिसेस* हुन्छ। पुष्ट आरोपको मामिलामा वास्तवमा अभियुक्तद्वारा त्यसलाई अपुष्ट बनाइन्छ भने, तब आरोपीलाई के आपत्ति हुन्छ? विभंगमा, यो भनिएको छ कि यसको पनि *संघादिसेस* आपत्ति नै हुन्छ! तर म बुझ्दछु कि यो आरोप लगाउने भिक्खुकोलागी यसो गर्नु असम्भव छ, किनकि उसले आरोपितलाई नाश गर्न चाहेको हुन्छ, र त्यसो भएकोले उसले आफ्नो आरोपलाई किन अपुष्ट बनाउला? एउटा पुष्ट आरोपको मामिलामा, जस्तै जब भिक्खु आफैले (अपराध) देखेको छ, तर ऊ त्यसमा पक्का छैन कि गल्तिपक्ष को हो? त्यसो हुनाले उसले अपराधीलाई चिन्न सक्दैन। तर पनि आरोप लगाउँछ कि उसलाई स्पष्ट देखेको छु- उसलाई पनि *संघादिसेस* हुन्छ। विभंगमा बताइएको छ कि जब आरोपित भिक्खु अशुद्ध छ, र उसले *पाराजिक* आपत्ति गरेको छ, तर आरोप लगाउनेले सोच्यो कि ऊ शुद्ध हो र उसलाई

अपुष्ट *पाराजिक*को आरोप लगाउँछ, तब त आरोप लगाउनेलाई *संघादिसेस* हुन्छ। यस मामिलामा विभंगमा लेखकले दिएको निर्णय सही छ किनकि मानक त्यस्तो भिक्खुमा आधारित छ जो अझै पनि आफूलाई भिक्खु रहेको घोषणा गर्दछ। यसको अतिरिक्त, यो आरोप लगाउने भिक्खु जो भिक्खुलाई उसको उपस्थितिमा आरोप लगाउन जाँदैछ, प्रथमतः उसको अनुमति माग्नु पर्छ। यदि उसले यो गर्दैन भने, उसलाई *दुक्कट* हुन्छ। यसैले, विभंगका लेखकले पनि विभंगमा यो बुँदा छलफलकोलागी उठाउँछ। यो परम्परा तब पनि अभ्यास गरिनु पर्छ जब भिक्खुले अभियुक्तको अनुपस्थितिमा आरोप लगाउँछ, ताकि अभियुक्तलाई पहिले नै जानकारी होस् कि उसलाई के आरोप लगाइँदैछ। (नागरिक कानूनमा) पनि केही वकीलहरू यो तरिका अवलम्बन गर्दछन्।

आरोप लगाउने भिक्खु जसले बुझ्दछ कि उसले आरोप लगाएको भिक्खु शुद्ध छैन, चाहे अभियुक्त भिक्खु शुद्ध हो वा होइन र उसले जे देखेको छ, वा सुनेको छ वा, शंका लागेको छ, त्यही बोलेको छ, यदि उसको आरोप सत्य होइन, जस्तो कि उसलाई गलत जानकारी प्राप्त भएको रहेछ भने, उसलाई आपत्ति छैन।

यो सिक्खापदमा अट्ठकथा आचरियले क्रमिकरूपमा हुने (*अनुलोम-आपत्ति*) क्रममा साना आपत्तिहरूको उल्लेख गरेका छैनन्। यो सम्भव छ कि यदि कुनै भिक्खुले अर्को भिक्खुलाई (झूटा) *संघादिसेस* आपत्तिको आरोप लगाउँछ भने उसलाई

*थुल्लच्चय* आपत्ति लाग्नेछ, तर अलग्ग सिक्खापद छ जसमा *पाचित्तिय* (क्रमसंख्या ७६) आपत्ति मात्र लगाइएको छ। त्यसैले हामीलाई लाग्छ कि *अनुलोम-आपत्ति* पछि स्थापित गरिएको हो।

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> यदि भिक्खुले क्रोधित भएर, क्रोधद्‌वारा प्रभावित भएर, र असन्तुष्ट भएर, कुनै भिक्खुलाई (अधिकरण) विधीगत प्रक्रियाको कुनै बुँदालाई बहाना बनाएर पाराजिक आपत्तिको आरोप लगाउँदछ, अर्कै स्तरको (गल्ति, वा अर्कै व्यक्तिसँग सम्बन्धित आपत्तिलाई लिएर, यस्तो विचार गरेर कि) "सायद यसद्‌वारा मैले उसलाई ब्रह्मचर्यबाट भ्रष्ट गर्न सक्छु", र पछि अर्को अवसरमा उसँग सोधिंदा वा नसोधिंदा नै, (उसको कुरोमा बिश्वास गरिएको होस् वा नगरिएको होस्) जब विधीगत प्रक्रिया गर्दा अरूसँग सम्बन्धित वा अर्कै स्तरको आपत्तिसँग सम्बन्धित भएको देखिन्छ, र सो भिक्खुले क्रोधको कारणले गरेको स्वीकार गर्दछ, यस कामले उसलाई संघादिसेस हुन्छ।

'अर्को स्तरसँग सम्बन्धित' वाक्यांशको अर्थ यो अर्को व्यक्तिसँग सम्बन्धित् हो, वा यसको मतलब यो आरोपीसँग नै सम्बन्धित छ।' एक बहानाको रूपमा *अधिकरण* (कानूनी प्रक्रिया) का केही बुँदाहरूको उपयोग गरिएको अर्को स्तरसँग जोडिएको' निम्न उदाहरणमा देख्न सकिन्छ: आरोप लगाउने

भिक्खुले एक गोरो वा कालो अनुहारको मान्छे देखेको छ, वा अग्लो वा पुड्को आकारको, जसले कुनै गल्ति गरिरहेको देखिएको छ, जुन कि आरोप लाउनकोलागी उपयुक्त छ र यो मान्छे आरोपितको आकारसँग मिल्दोजुल्दो छ। आरोप लगाउने भिक्खुले अस्पष्टरूपले यस प्रकार देखेको कुरा उद्‌धृत गर्छ: "मैले यस्तो र त्यस्तो आकारको, अनुहारको मान्छे देखेको छु, जो कि यो वा त्यो गल्ती गर्ने र अभियुक्त जस्तै छ", अभियोक्ताले ठान्छ कि यो भिक्खु त्यो आरोप लागेको भिक्खु हो, तसर्थ उसले आरोप लगाउँछ कि उसैले नै देखेको हो वा शंका गरेको हो। अर्को मामिलामा, विवरण दिइएको व्यक्ति, नाम पनि अभियुक्तसँग मिल्ने हुन्छ, त्यसो हुनाले र आरोपीले त्यो नाम सुनेको हुनाले त्यो नामको मानिसले यो वा त्यो गर्यो, उसले त्यसपछि आरोप लगायो जसलाई उसले आरोप लगाउन चाहन्छ।' आरोपितसँग सम्बन्धित *अधिकरण*सँग जोडिएका केही बुँदालाई कुनै बहानाको रूपमा प्रयोग गर्नु' वाक्यांशको अर्थ उदाहरणकोलागी यो हो कि अभियोक्तालाई थाहा छ कि आरोपितले केही सिक्खापद तोडेको छ यद्‌यपि *पाराजिक* जत्तिको गम्भीर त होइन, तर उसले यसलाई बढाइचढाइ गरी आफ्नो आरोपमा *पाराजिक* भएको बनाइदिन्छ। अन्य स्पष्टीकरण अघिल्लो सिक्खापदमा जस्तै बुझ्नुपर्छ।

Dhamma.Digital

*तेश्रो घोषणाद्वारा निर्णित हुने चार वटा नियमहरू*

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

जब कुनै भिक्खुले मिलिजुली भएर बसेको संघमा भेद उत्पन्न गर्ने प्रयास गर्दछ, र उसले त्यसको शुरुवात तथा कोसिस गर्दछ, र संघभेद उत्पन्न गर्ने किसिमको अधिकरणको प्रक्रियामा प्रयास जारी राख्छ, सो भिक्खुलाई अरू भिक्खुहरूले यसरी सचेत गराउनु पर्छः "आदरणीय आवुसो, मिलिजुली रहेको संघमा भेद उत्पन्न गर्ने प्रयास नगर्नुहोस्। तपाईं आवुसोले संघमा भेद उत्पन्न गर्ने खालको अधिकरणको प्रक्रिया शुरु गर्न, त्यसमा मेहनत गर्न र त्यसमा दृढ रहने काम नगर्नुहोस्। आवुसो संघको साथमा शान्तपूर्वक बस्नुहोस्। किनकि मिलीजुली भएको, सहमत भएको र विवाद रहित भएको संघले अविभाजित भई (पाटिमोक्ख आदि) पाठ गर्नेछन्, जसले गर्दा संघ सुविस्ता पूर्वक बास गर्नेछ।" यसरी भिक्खुहरूद्वारा सचेत गराउँदा पनि यदि सो भिक्खुले पहिले जस्तै प्रयास गरिरहन्छ भने उसलाई यस विषयमा भिक्खुहरूले पुनः तीन पटकसम्म समणुभास (सचेत गराउने विधीवाक्य) पाठ गर्नुपर्छ, (त्यो हो, संघमा सो भिक्खुलाई यस्तो कार्य गर्नबाट रोक्नकोलागी घोषणा विधीवाक्य पाठ गर्नु) ताकि उसले (आफ्नो प्रयास) त्यागोस्, यतिमा उसले त्यागे भने राम्रो हो; यदि त्यागेन भने उसलाई संघादिसेस हुन्छ।

Dhamma.Digital

यहाँ 'संघ' को अर्थ भिक्खुहरूको समूह हो। 'मिलिजुली' शब्दको अर्थ हो, एउटै *सीमा*मा बस्ने एकै *संवास* भएका भिक्खुहरू। वाक्यांश 'मिलिजुली रहेको संघको विचमा विवाद पैदा गर्ने प्रयास गर्दछ' भन्नुको अर्थ हो, अलग समूह बनाउने कोसिस गर्नु, ताकि भिक्खुहरू अलग्ग अलग्ग *संवास* गरून्, भन्नुको अर्थ हो, उनीहरूले उपोसथ र संघकम्महरू एक साथ सम्पन्न गर्दैनन्।' संघमा विवाद उत्पन्न गर्ने *अधिकरण'* वाक्यांशको अर्थ हो- 'यो धम्म हो, यो धम्म हैन; यो विनय हो, यो विनय हैन', आदि भनेर झगडा गर्नु। यो विषय भिक्खु देवदत्तको कथामा देख्न सकिन्छ जसले भगवान शास्ताको संघबाट अलग भएर नयाँ संघ स्थापित गर्ने प्रयास गरे।

यस्तो अवस्थामा हस्तक्षेप गर्नु यसबारेमा जानेका भिक्खुहरूको कर्तव्य हुन्छ। यस्ता कुराहरू सुनेर पनि हस्तक्षेप नगरिकन बसेमा ती भिक्खुहरूलाई *दुक्कट* आपत्ति हुन्छ। यदि कुनै भिक्खुले यस्ता विवादलाई बढावा दिन्छ र सचेत गराउँदा पनि विश्वास गर्दैन वा ध्यान दिंदैन भने उसलाई संघको बीचमा ल्याउनुपर्छ र तीन पटकसम्म सचेत गराउनुपर्छ। यदि उसले अझै पनि संघभेदलाई बढावा दिने काम जारी राख्छ भने उसलाई प्रतिवाद गर्नुपर्दछ, भन्नुको मतलब हो कि, संघको आदेशद्वारा *ञतिचतुत्थकम्म* विधीद्वारा समणुभास (निषेध) घोषणा गर्नुपर्छ। यदि विवाद चर्काउने भिक्खुले सो प्रतिवाद (चेतावनी) लाई स्वीकार गर्दछ भने अर्थात् पहिलो पटकको पाठमा नै उसले आफ्नो मनसाय त्याग गर्दछ भने यसलाई

Dhamma.Digital

'असल भयो' भनिन्छ। जब विवाद चर्काउने भिक्खुले आफ्नो मनसाय त्याग गर्दैन भने, उसलाई प्रत्येक पटकको ञत्ति पाठ पूरा हुँदा *दुक्कट* हुन्छ, प्रथम दुईपटक *अनुसावना* पाठ पूरा भएपछि उसलाई *थुल्लच्चय* हुन्छ, र तेश्रो र अन्तिम पटकको *अनुसावना* पाठ पूरा भएपछि उसलाई *संघादिसेस* हुन्छ। जब उसलाई *संघादिसेस* आपत्ति लाग्छ, उसलाई त्योभन्दा पहिलेका (*पुब्बपयोग*का) आपत्तिहरू स्वतः खतम हुन्छ।

धम्मानुकूल र विधी अनुसारको शुद्ध संघकम्ममा यदि भिक्खुले (संघमा विभेद ल्याउने प्रयास सहितको) जिद्दि छोड्दैन भने चाहे उसले सही ढंगले बुझेको होस् वा ऊ शंकायुक्त रहेको होस्, वा गलत ढंगले बुझेको, जुनसुकै अवस्थामा पनि उसलाई संघादिसेस हुन्छ। तसर्थ यस सिक्खापदमा आपत्ति अचित्तक हो। धम्मानुकूल नभएको संघकम्ममा उसलाई दुक्कट आपत्ति हुन्छ, भनिएको छ। यो कुरा त्यस्तो संघकम्ममा देखिन्छ जुनकि प्रक्रिया अनुसार सही छैन, यद्यपि यसको उद्देश्य धर्मानुसारकोसँग देखिन्छ।

**११. एघारौं सिक्खापदमा भनिएको छः**

> (सो झगडालु) भिक्खुका अनुयायीहरू एकजना, दुईजना, वा तीनजना हुनसक्छन्, जसले उसको पक्ष लिएर यसो भन्न सक्छन्, 'तपाईंहरू उहाँ भिक्खुलाई सल्लाह पटक्कै नदिनुहोस्, किनकि उहाँ भिक्खु धर्मवादी र विनयवादी हुनुहुन्छ र उहाँले हाम्रो इच्छा र रोजाइ अनुसार

Dhamma.Digital

बोल्नुहुन्छ, उहाँलाई (हाम्रो मन) का कुरा थाहा छ र उहाँले (हाम्रो लागी) बोल्नुहुन्छ र त्यो हाम्रो इच्छा हो।" ती भिक्खुहरूलाई (व्यवस्थापन पक्षका) भिक्खुहरूद्वारा यस्तो भनी चेतावनी दिनुपर्छ, 'तपाईंहरूले यस्तो नभन्नुहोस्; किनकि उनि भिक्खु धर्मवादी पनि होइनन्, विनयवादी पनि होइनन्, तपाईंहरूले पनि संघको विखण्डन नरोज्नुहोस्। आदरणीय आवुसोहरूले (आफ्नो मन) शान्तपूर्वक संघमा लगाउनुहोस्, किनकि भिक्खुसंघ एकता भएपछि, सहमत भएपछि र विवाद रहित भएपछि अविभाजित भएर (एकीकृतरूपले) (पाटिमोक्ख आदिको) पाठ गर्नेछन्, अनि संघसदस्यहरू आरामसँग बस्नेछन्।" भिक्खुहरूद्वारा यसरी चेतावनी दिंदा पनि ती (झगडालु) भिक्खुहरूले पहिले जस्तो नै कोसिस गरिरहे भने ती भिक्खुहरूलाई तीनपटकसम्म प्रतिवाद गर्नुपर्छ, ताकि उनीहरूले त्यो कोसिस त्याग्न सकून्, यदि तीन पटकसम्म प्रतिवाद गर्दा उनीहरूले त्यो प्रयास त्याग गर्दछन् भने ठिक छ; यदि उनीहरूले त्यसलाई त्याग्दैनन् भने, यसले उनीहरूलाई *संघादिसेस* आपत्ति लाग्छ।

यो देखिन्छ कि यस सिक्खापदको पालि पाठले केही ठाउँहरूमा शब्दहरू छोडेको छ वा अपूर्ण छ, उदाहरणकोलागी: 'ऊ हाम्रा ...जान्दछन् (=*जानाति*) इच्छा वा चाहनालाई बुझाउँछ वा अन्यथा यसमा केही शब्द जस्तो कि *चित* वा *'अज्झासय'*

(मनको कुरा, स्वभाव), तसर्थ यहाँ मैले 'मन' शब्द थपिदिएको छु ताकि अर्थ पूरा स्पष्ट होस्, त्यस्तै मन मात्र होइन कि इच्छा तथा रोजाइ पनि। अर्को ठाउँमा "तपाईंहरू (आयुस्मन्तानं) वाक्यांश संघका साथमा शान्तपूर्वक बस्नुहोस्' मा एक वचन बनाएर केही शब्दहरू छोडिएका छन्, जसले एउटा मात्र कुरालाई संकेत गर्दछ, र त्यसैले मैले फेरि 'मन' शब्द थपेको छु: तपाईंहरूका (मन)...।' तर यो सिक्खापदलाई पहिलेको सिक्खापदसँग तुलना गर्दा मान्नुपर्दछ कि यो अपूर्ण छ। त्यसो हुनाले, त्यसका शब्दहरू यस्तो हुनुपर्छ: तपाईंहरू संघमा शान्तपूर्वक बस्नुहोस्।

यस सिक्खापदको व्याख्या पहिलेको सिक्खापदमा दिइएको अनुसार नै बुझ्नुपर्छ तर यसमा रहेको फरक यति हो कि भिक्खुहरू जसकालागी प्रतिवाद विधीवाक्य पाठ गरिन्छ, त्यसमा दुईजना वा तीनजना मात्र भिक्खुहरू रहेको हुनुपर्छ, किनकि योभन्दा बढी संख्यालाई एकै पटकमा प्रतिवाद पाठ गर्न मनाही छ। यहाँ यो कुरा प्रष्ट पारिन्छ कि चार जना पुगेको भिक्खुहरूको संख्यालाई सोझै संघ मानिन्छ। एउटा संघले अर्को संघलाई प्रतिवाद कारवाही गर्नु असम्भव छ किनकि यसो गर्नु विनयको भावनाको विपरीत छ।

**१२. बारौं सिक्खापदमा भनिएको छ:**

> कुनै भिक्खु स्वाभाविक रूपले नै सम्झाउन गाह्रो हुन सक्छ र जब धर्म (नियम) को अनुरूप भिक्खुहरूद्वारा

Dhamma.Digital

(पाटिमोक्ख) पाठमा सामेल रहेका सिक्खापदहरूको बारेमा सल्लाह दिईन्छ, उसले आफैंलाई यस प्रकार सल्लाह दिन अयोग्य बनाउँछ, "आदरणीय साथीहरूले मलाई राम्रो वा नराम्रो जे भए पनि त्यसबारेमा बिल्कुल सल्लाह नदिनुहोस्, र म पनि आदरणीय साथीहरूलाई राम्रो वा नराम्रो के हो भनेर सल्लाह दिनेछैन। तब त्यो भिक्खुलाई भिक्खुहरूद्वारा यस्तो सल्लाह दिइनु पर्छ "आदरणीय साथी, आफुलाई सल्लाह दिन अयोग्य नबनाउनुहोस्, बरु आदरणीय साथीले आफुलाई सल्लाह दिन योग्य नै बनाउनुहोस्, आदरणीय साथी, तपाईंले पनि साथीभाईहरूलाई धर्म अनुरूप हुने गरी सल्लाह दिने गर्नुहोस्। भिक्खुहरूले पनि आदरणीय साथीलाई धर्म अनुसार सल्लाह दिनेछन्; किनकि भगवान बुद्धका अनुयायीहरूकोलागी यस प्रकार आपसमा सल्लाह दिनु-लिनु र (तदनुसार) सुधार गर्नु बृद्धिकोलागी हुनेछ।" यदि सो भिक्खु भिक्खुहरूद्वारा यसरी सल्लाह दिइँदा पनि पहिले जस्तै आचरण गरिरहन्छ भने त्यो भिक्खुलाई तेस्रो पटकसम्म भिक्खुहरूद्वारा रोक्नुपर्छ ताकि उसले (आफ्नो प्रयास) त्याग्न सकोस्। यदि तेस्रो पटकसम्म रोक्दामा उसले आफ्नो प्रयास त्याग गर्छ भने त्यो राम्रो हो; यदि उसले यसलाई त्याग्दैन भने, उसलाई संघादिसेस हुन्छ।

Dhamma.Digital

**१३. तेरौं सिक्खापदमा भनिएको छ:**

यदि कुनै भिक्खु (फूल आदि उपहारद्वारा) परिवार (कुल) को दूषक भइ हिंडेको छ र खराप आचरणको भएर कुनै गाउँ वा शहरको आधार लिएर बस्छ, (र ती) दुवै उसको नराम्रो व्यवहारको बारेमा देखिन्छ र सुनिन्छ पनि र उसद्वारा भ्रष्ट भएको परिवारहरूको बारेमा देखिन्छ र सुनिन्छ पनि। त्यो (दोषी) भिक्खुलाई (नियामक) भिक्खुहरूद्वारा यस प्रकार सल्लाह दिनुपर्छ, "आदरणीय आवुसो परिवारलाई भ्रष्ट बनाउने हुनुहुन्छ, र खराब आचरणको हुनुहुन्छ। तपाई आदरणीय आवुसोको नराम्रो व्यवहार देखिएका पनि छन् र सुनिएका पनि छन् र तपाईद्वारा भ्रष्ट भएका परिवारहरू देखिएका पनि छन् र सुनिएका पनि छन्। आदरणीय आवुसोले यो विहार छोडेर जानुस्। तपाँई यहाँ लामो समयसम्म बसिसक्नुभएको छ।" यदि भिक्खुहरूद्वारा यस प्रकार सल्लाह दिईएपछि त्यो भिक्खुले (नियामक) भिक्खुहरूलाई भन्छन्," यी भिक्खुहरू इच्छा (छन्द)द्वारा निर्देशित हुन् रघृणा (द्वेष) द्वारा निर्देशित हुन् र भ्रम (मोह) द्वारा निर्देशित हुन् र भयद्वारा निर्देशित हुन्। एउटै गल्तीकोलागी उनीहरूले एउटालाई विहारबाट निस्कासन गर्छन् र अर्कोलाई निस्कासन गर्दैनन्", तब त्यो भिक्खुलाई भिक्खुहरूद्वारा यस्तो सल्लाह दिनु पर्छ," आदरणीय आवुसोले त्यसो

Dhamma.Digital

नभन्नोस्। हामी भिक्खुहरू इच्छाद्वारा निर्देशित छैनौं, न घृणाद्वारा निर्देशित, न भ्रमद्वारा निर्देशित, न भयद्वारा नै। आदरणीय आवुसो परिवारहरूलाई भ्रष्ट गर्ने हुनुहुन्छ, नराम्रो व्यवहार गर्ने हुनुहुन्छ। आदरणीय आवुसोका नराम्रा ब्यवहारका बारेमा दुवै देखिएका पनि छन् र सुनिएका पनि छन् र तपाईंद्वारा भ्रष्ट परिवारहरू देखिएका पनि छन् र सुनिएका पनि छन्, र अब आदरणीय आवुसोले यो निवास छोड्नुहोस्। तपाँई यहाँ धेरै बेर बसिसक्नुभएको छ।" यदि भिक्खुहरूद्वारा यसरी सल्लाह दिइँदा, उसले पहिले जस्तै नै प्रयास गरिरहन्छ भने सो भिक्खुलाई तीन पटकसम्म प्रतिकार गर्नुपर्छ, ताकि उसले आफ्नो प्रयास छोड्नसकोस्। तेस्रो पटकसम्ममा उसले (उसको प्रयास) छोड्छ भने त्यो राम्रो हो; यदि उसले त्यसलाई छोड्दैन भने यसले उसलाई संघादिसेस आपत्ति हुन्छ।

'परिवारलाई दूषित बनाउने' भन्ने शब्दावली एक थरीका भिक्खुहरूलाई संकेत गर्ने शब्द हो। यसको मतलब त्यो भिक्खु क्रोधित हुन्छ, बदला लिन्छ, चोट पुर्याउँछ वा अरूको धनमाल नष्ट गर्दछ भनेको होइन। यसको अर्थ यो हो कि भिक्खुले (गृहस्थीहरू) लाई चापलूसी ब्यवहार गरेर (गृहस्थीहरूले जस्तो व्यवहार गरेर), वा गृहस्थीहरूको सेवा गरेर, वा लाभको आशा राखेर, र धेरै प्राप्त गर्नुकोलागी थोरै केही दिन्छ - यसो गर्ने भिक्खुलाई परिवारलाई दूषण गर्ने भनिन्छ। किनकि उसले

Dhamma.Digital

परिवारहरूलाई श्रद्धा कमजोर बनाउँछ, जुन कि (श्रद्धा) *कुसलसम्पत्ति* पूर्ण गर्ने कारण हो। जे होस् भिक्खुले यस्तो व्यवहार गरेर केही गृहस्थीहरूलाई खुशी पार्न सक्दछ, तैपनि उनीहरूले उसलाई भिक्खुको रूपमा आदर गर्नेछैनन्, उसलाई त एक खराप मित्रको रूपमा मात्र लिनेछन्। 'खराप आचरण' भन्ने शब्दले श्रमणहरूको आचरणको सीमाभन्दा बाहिरको व्यवहारलाई बुझाउँछ, उदाहरणकोलागी, गृहस्थी परिवारका केटीहरूसँग हाँसखेल गर्दै संगत गर्नु, वा खेल खेल्नु, चकचक गर्नु वा ख्यालठट्टा गर्नु, वा गाउनु र नाच्नु। भगवान बुद्धले संघलाई यस्तो व्यवहार गर्ने भिक्खुमाथि निर्वासन दण्ड *(पब्बाजनीय-कम्म)* लगाउने अनुमति दिनुभएको छ। जो भिक्खुमाथि *पब्बाजनीय-कम्म* दण्ड परेको छ उसले आफ्नो गल्ती महसुस गर्नुपर्छ र उसले फेरि राम्रो आचरणको उत्थान गर्नुपर्छ, ताकि संघले त्यो निर्वासन दण्डको अन्त्य गरिदेओस्। यसो गर्नुको सट्टा, यस सिक्खापदमा यदि सो भिक्खुले अन्य भिक्खुहरूलाई दोषारोपण गर्दछ कि उनीहरू छन्द आदि चार *अगति*द्वारा निर्देशित छन्, यही कारणले हो कि भगवान बुद्धले संघलाई स्थानान्तरण गर्ने विधीवाक्य पढ्ने अनुमति दिनुभयो, र यदि उसले यसलाई सकार्दैन भने उसलाई *संघादिसेस* आपत्ति हुन्छ।

*सारांश*

यी १३ वटा *संघादिसेस* सिक्खापदहरूमध्येमा, प्रथम नौ वटालाई *पठमापत्तिक* भनिन्छ जसको अर्थ हो आपत्ति

गर्नेलाई गर्नासाथै तुरुन्तै आपत्ति हुन्छ। पछिल्ला चार वटालाई यावततियक भनिन्छ जसको अर्थ हो, उनीहरू संघद्वारा गरिएका समनुभास तीनपटक वाचनको अन्तमा आपत्ति हुन्छ। जो भिक्खुले यी तेह्र वटा सिक्खापदहरूमध्ये कुनै एकलाई तोड्छ, उसलाई *संघादिसेस* आपत्ति हुन्छ।

*संघादिसेस* आपत्ति भएको भिक्खुले आफ्नो आपत्ति सूचित गर्नुपर्ने परम्परा छ, कम्तीमा चारजना भिक्खुहरू *(चतुवग्ग)* समावेश भएको संघले दोषीलाई *मानत* भनिने विधी पालना गर्न लगाउँछ। जब संघले अनुमति दिने विधीवाक्यहरू पाठ गर्छ, भिक्खुले छ रातसम्म विधीवत् *मानत* विधी पालन गर्नुपर्छ, जसपछि उसले संघबाट *अब्भान* कर्म दिन अनुरोध गर्दछ जसमा बीस जना भिक्खुहरू *(वीसतिवग्ग)* सामेल भएको हुनुपर्छ। जब संघले आपत्तिबाट मुक्त भएको स्वीकृतिस्वरूप *अब्भान* पाठ पूरा गर्दछ, अनि सो भिक्खु शुद्ध बन्छ। तर यदि *संघादिसेस* आपत्ति भएको भिक्खुले आपत्ति लुकाउँछ र अन्य भिक्खुहरूलाई भनेन भने जति दिन उसले आपत्ति लुकाएको हो, त्यति नै दिनसम्म उसले *'परिवास'* नामको विधीव्रत्त पालन गर्नुपर्छ। त्यस पछि उसले परम्परा अनुसार *मानत*विधी पालना गर्दछ।

भिक्खुले आपत्ति गरेको छ र यो महसुस गरेको छ कि उसले एउटा आपत्ति गरेको छ र यो लुकाउने सोचेको छ र एक वा धेरै दिन बितिसक्दासम्म यो अन्य भिक्खुहरूलाई बताएको छैन, 'यस्तोलाई आफ्नो आपत्ति लुकाएको भिक्खु हो' भनिन्छ।

Dhamma.Digital

यद्यपि भिक्खुले यसलाई लुकाउने सोच्दैनन्, तर केही बाधाहरू हुनसक्छ जसले गर्दा उसलाई आफ्नो आपत्तिको बारेमा अरूलाई बताउनबाट रोक्नसक्छ, जस्तो कि *उक्खेपनीय-कम्म* (बहिष्कारको कार्य) को सजाय दिईएको भिक्खुको मामिलामा, जसका कारणले कोहीले पनि उसँग सम्पर्क गर्दैनन्, वा जंगली जनावरहरूको खतराहरू रहेको हुनसक्छ, जसबाट आवागमनको मार्ग बाधित छ, जसले गर्दा उसले राती समेत यात्रा गर्नकोलागी असमर्थ हुन्छ, वा बाढीग्रस्त रहेको छ, कुनै डुँगा उपलब्ध छैन, त्यसैले एक वा धेरै दिन बितिसकेका छन्, यी तरिकाहरूद्वारा बाधित भिक्खु आपत्ति लुकाएको दोषी छैन। तर जब भिक्खुले थाहा पायो कि अब बाधाहरू अस्तित्वमा छैनन् जसले गर्दा उसले अरूलाई बताउन सक्छ, उसले जतिसक्दो चाँडो अन्य भिक्खुहरूलाई जानकारी गराउनु पर्छ। यो *संघादिसेस आपत्ति* उपचार गर्न मिल्ने आपत्तिहरूमध्येमा सबभन्दा वजनदार हो, त्यसैले यसलाई *गरुकापत्ति* भनिन्छ, अथवा अभद्रता सम्बन्धी धेरै आपत्तिहरू छन् भने त्यसलाई *दुट्ठुल्लापत्ति* भनिन्छ। जो भिक्खुले यीमध्ये कुनै एक आपत्ति गर्ला, उसलाई माथि उल्लेखित विधीहरू पालन गरेर शुद्ध गर्न सकिन्छ, यसैले यो *वुत्थानगामिनि* (कर्मविधीमा बसेर शुद्ध हुने) आपत्ति भनिन्छ।

*****

Dhamma.Digital

## अनियत

यो शब्दको अर्थ 'अनिश्चित' हो। यो *वीतिक्कम*को नाम हो, जसको अर्थ हो, स्थापित नियमलाई तोड्नु वा अतिक्रमण गर्नु, यहाँ यसको अर्थ 'अनिश्चित *वीतिक्कम'* हो। यो सिक्खापदहरूको नाम हो, जुनलाई तोड्नाले 'अनिश्चित आपत्ति लाग्छ'। यी जम्मा २ वटा छन्।

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> कुनै भिक्खु महिलासँग एकान्तमा एक्लाएक्लै (संभोगकोलागी) उपयुक्त पर्दायुक्त आसनमा बस्दछ, यस्तो अवस्थामा वचनमा भरोसा गर्न सकिने बुद्धिमत्ता उपासिकाले उनीहरूलाई देखेर तीन श्रेणीहरूमध्येमा कुनै एक, ती हुन्, पाराजिक, संघादिसेस, अथवा पाचित्तिय, दोषारोपण गर्न सक्छे कि यो कुन श्रेणीको आपत्ति हो, अनि त्यहाँ बसिरहेको भिक्खुले आफू त्यसरी बसेको स्वीकार गरेपछि यी तीनमध्ये एक दोष लगाउनु पर्छ, ती हुन्- पाराजिक, संघादिसेस, अथवा पाचित्तिय। फेरि सो वचनमा भरोसा गर्न सकिने उपासिकाले जुन श्रेणीको भन्छे, भिक्खुलाई त्यही आपत्ति लगाउनु पर्छ। यो मामिला अनिश्चित छ।

Dhamma.Digital

यो सिक्खापदको अर्थ धेरै अस्पष्ट छ, त्यसैले यो बुझ्न गाह्रो छ, यसबाहेक विभंगका रचनाकारहरूले यसलाई स्पष्ट रूपमा व्याख्या गर्दैनन्, बरू मात्र सारांशमा भनिएको छ कि उपासिकाले जे तोक्छ सुन्नु, त्यसपछि अधिकारी भिक्खुहरूले भिक्खुको बयान सुन्नू, किनकि महिलाको बयान गलत हुन सक्छ। जे होस्, यो हुन सक्छ कि एक विश्वासिलो व्यक्ति चाहे पुरूष होस् वा महिला, भन्न आउँछ कि उसले यस्तो यस्तो भएको देखेको छु, तैपनि उसले/तिनले भिक्खुलाई कुनै आरोप लगाउने मनसाय गर्दैन, किनकि उसले सम्बन्धित व्यक्तिहरूको बारेमा गल्ती जानकारी गरेको हुन सक्छ, र अधिकारी भिक्खुहरूले सम्बन्धित भिक्खुसँग पहिले छलफल वा सोधपुछ नगरिएको हुन सक्छ, र त्यसो हुनाले हतारमा त्यो भिक्खुलाई दण्ड तोकिन सक्छ। यस्तो हुनु त थेरहरूद्वारा धार्मिक व्यवहार भएको हुनेछैन। यो त एउटी आमाको मामिलामा स्पष्ट देख्न सकिन्छ जसको छोरालाई अरूहरूद्वारा आरोप लगाइएको छ र हतारमा उसँग सोधपूछ नगरिकन नै सजाय दिन्छे- र यसलाई असल तरिका भन्न सकिंदैन। तर यदि हामी *उपासिका*को बयानमाभन्दा पनि भिक्खुको बयानमा भरोसा गर्दछौं भने अनि त *उपासिका*को 'बयानमा भरोसा गर्न सकिने" विशेषणात्मक शब्बदावली अर्थहीन बन्छ, कारण यदि भिक्खुको वचनलाई बढी मूल्यांकन गर्ने र *उपासिका*बाट पाएको जानकारीलाई कम मुल्यांकन गर्ने हो भने, र यी दुईवटा मामिलाहरूलाई दुईवटा सशर्त वाक्यहरू (जुनमा वदेय्य क्रिया

छ) अर्थहीन हुनजान्छ। म मान्छु कि विशेषणात्मक शब्दावली "बयानमा भरोसा गर्न सकिने" बुँदामा भनिएको जुन कुरा छ, त्यो वक्ताको गवाही (प्रमाण) लाई जोड दिनकोलागी भनिएको हो, जसले गर्दा अधिकारिहरूद्वारा विश्वास गरियोस्, जस्तो कि जब आमाले अरूबाट आरोपित उसको छोरालाई सजाय दिन्छे, तर पछि थाहापाउँछ कि यो वास्तवमा त्यस्तो भएको थिएन। तब (विभंगको) रचनाकारले व्याख्या गरे कि 'बयानमा भरोसा गर्न सकिने *उपासिका'* को अर्थ *अरियसाविका* (कमसेकम स्रोतापन्न भएकी) हो, जुन कि अत्यन्त उच्चस्तरले परिभाषित गरिएको हो। दुईटा शर्तयुक्त वाक्यहरूका बारेमा यहाँ टिप्पणीको सम्बन्धमा, पहिलोले भन्यो कि *उपासिका*ले निश्चित रूपमा भन्दैन कि भिक्खुले यस्तो र यस्तो आपत्ति गरेको छ, तर उसले त यति मात्र भन्छ कि उसले (भिक्खुले) तीनवटा *वीतिक्कम*हरू मध्येमा कुनै एउटा गरेको हुनसक्छ, यदि गरेको हो भने स्थविरहरूले अन्य स्रोतहरूबाट सत्यतथ्य संकलन गर्न सक्दैनन् भने, तब उनीहरूले भिक्खुको कथन अनुसार उसलाई दण्ड दिनुपर्छ। यसलाई साक्षी बिनाको *अधिकरण* (मुद्दा) फैसला गर्ने तरिकाको रूपमा ग्रहण गर्नुपर्छ। पछिल्लो वाक्यले बताउँछ कि यदि *उपासिका*ले निश्चित गरेर भन्छे कि भिक्खुले यस्तो र यस्तो गरेका छन्, यद्यपि सो भिक्खुले (त्यो आरोप) स्वीकार गर्दैन, यसमा थेरहरूले *उपासिका*को कथन अनुसार नै दण्ड दिनुपर्छ। यो मामिलालाई यसपछि माथि विचार गरिसकिएको विषय अनुसार, र साक्षीको बयानमा कतिसम्म

विश्वास गर्नुपर्छ, चाहे आरोपितले अस्वीकार नै गरेको अवस्थामा पनि, भन्ने कुरालाई *अधिकरण* फैसलाकोलागी तरिका (नजीर) को रूपमा लिनुपर्छ।

**२. दोश्रो सिक्खापदमा भनिएको छ:**

(यो हुन सक्छ कि संभोगकोलागी) आसन सुविधाजनक रूपले गुप्त छैन (तर त्यो स्थान) महिलासँग अश्लील शब्दहरु बोल्नकोलागी सुविधाजनक छ। कुनै महिलासँग एक्लाएक्लै अवस्थामा कुनै भिक्खु त्यस्तो आसनमा बसेमा, यस्ती बुद्धिमानी उपासिकाले (उनिहरूलाई) देखेर बताउनेछे कि यो कार्य दुई मामिलाहरुमध्ये एकमा पर्दछ, ती हुन्, संघादिसेस अथवा पाचित्तिय, तब थेरले यी बयानहरू बताएर सो बसिरहेका भिक्खुलाई स्वीकार गराएर ऊ जुनमा सहमत हुन्छ, दुईमध्ये एकवटा आपत्ति लगाउनु पर्छ, अर्थात् संघादिसेस वा पाचित्तिय। अर्को तरिकाले भिक्खुलाई त्यही आपत्ति लगाउनुपर्छ जुन कि विश्वसनीय उपासिकाले बयान दिन्छे। यो मामला पनि अनिश्चित हो।

दुई किसिमका एकान्तस्थानहरू छन्: एक जहाँ बाधा (जस्तै पर्दा वा पर्खाल) छ, जसले गर्दा मानिसहरूले देख्न सक्दैनन्, यस्तो ठाउँ संभोगकोलागी सुविधाजनक छ, छोटोमा भनिन्छ, 'नदेखिने ठाउँ', जुन कि 'पहिलो शिक्षापदमा उल्लेख गरिएको छ। दोस्रो स्थान जुन खुला छ तर जे होस् टाढा टाढा परेकोले महिलालाई अश्लील शब्दहरु सम्बोधन गर्नकोलागी

Dhamma.Digital

सुविधाजनक छ, र संक्षिप्तमा, 'सुन्न नसकिने ठाउँ' भनिन्छ, जस्तो कि यस शिक्षापदमा पाइएको छ। लेट्नुको आकारलाई यो आपत्तिको आधारमा राखिएको छ जबकि उभिनुको आकारलाई *अनापत्ति*को आधार। यहाँ स्पष्टीकरणको बाँकी कुराहरू माथिको शिक्षापदमा जस्तो नै हो भनी बुझ्नु पर्छ।

यी अनियत शिक्षापदहरू उत्पन्न भएका *अधिकरणहरू*को फैसलाकोलागी ढाँचाको रूपमा ग्रहण गर्नुपर्छ।

यदि कसैले भिक्खुलाई आरोप लगाउँछ र त्यो आरोप सत्य हो किनकि त्यो भिक्खुले त्यो अपराध गरेको हो, तब त्यो आरोपलाई विचार गरी उचित सजायको निर्णय दिनु पर्दछ (तर यदि त्यो सत्य होइन भने, त्यो किन विचार गर्नु पर्छ?) यदि त्यो आरोपले कुनै पनि आपत्ति लाग्दैन भने यसमाथि विचार गर्नु हुँदैन। जब त्यो *अधिकरण* अधिकारीहरुका समक्ष विचार गरिन्छ तब अभियोक्ता (आरोपक) र अभियुक्त (आरोपित) को मामला हो र यदि कुनै साक्षी छैन भने, तब अधिकारीहरु भिक्खुहरूले अभियुक्तको बयान सुन्नु पर्छ। यदि वास्तविक साक्षी छ भने उसलाई परीक्षा प्रक्रियामा सुनुवाईको मौका दिनुपर्छ, र अधिकारीहरूले भिक्खुउपर दण्ड लगाउनु पर्छ, (अभियुक्तले अस्वीकार नै गरे पनि)

*****

Dhamma.Digital

## अध्याय ६
## निस्सग्गिय-पाचित्तिय

*'पाचित्तिय'* शब्दको अर्थ *वीतिक्कम* वा शीलहरूलाई भंग गर्नु हो जसले पवित्रता *(कुसल)*लाई भत्काउँछ, त्यो आपत्ति हो। सायद यसको अर्थ त्यस्तो *वीतिक्कम* हो जुनकि गर्नबाट डराउनुपर्छ र यो आपत्तिहरू र सिक्खापदहरू दुवैको नाम हो। *'निस्सग्गिय'* शब्दको अर्थ हो विसर्जन गर्नुपर्ने वा त्याग्नुपर्ने हुनु, अर्थात्, आपत्तिका कारण भएका जेजति पनि छन्, तिनलाई विसर्जन गर्नु वा त्याग्नु पर्छ र तदनुसार अनुवाद गर्दा यो *पाचित्तिय*को विशेषण हो। यदि यो भौतिक वस्तुहरूको विशेषण हो भने, तब यसको अर्थ हो, विसर्जन गर्नुपर्ने चीजहरू। दुवै शब्दहरू सँगै आउँदा यसको अर्थ हुन्छ: *'पाचित्तिय* नामको *वीतिक्कम'*, जसले विसर्जन गराउँछ। जब यो सिक्खापदको नाम हो यसको अर्थ हो, व्यक्तिलाई पर्ने यो नामको आपत्ति (दण्ड)।

यस अध्यायका सिक्खापदहरूको संख्या तीस हो र प्रत्येक समूहमा दस-दसवटा सिक्खापदहरू गरी तीन *वग्ग*मा विभाजित छ। यसरी वर्गमा विभाजन गर्ने विधी विनय तथा सुत्तमा प्रयोग गरिन्छ, जसमा दस-दसवटा सुत्तहरूको एउटा *वग्ग* हुन्छ।

Dhamma.Digital

**पहिलो वर्ग-चीवर सम्बन्धी**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

भिक्खुको चीवर[9] सिउने काम पूरा भइसकेको छ, उसको कठिन आनिसंस अवधि नाघिसकेको छ, त्यस्तो बेलामा उसले अतिरिक्त चीवर बढी से बढी दस दिनसम्म मात्र आफूसँग राख्न मिल्छ। यो अवधि नाघेमा भिक्खुलाई निस्सग्गिय पाचित्तिय आपत्ति लाग्नेछ। (१)

भिक्खुहरूको यस्तो चलन छ कि वर्षा ऋतुको अन्तिम महिनामा (एक वा अनेक) *चीवर*हरू फेर्ने हो, त्यसो हुनाले यो समय दाताहरूले चीवर दान गर्ने (तैयार गर्ने) मौसम हो जुनलाई चीवरदानसमय अथवा चीवरकाल भनिन्छ। त्यसबेलामा कुनै भिक्खु जसले वर्षावास पूरा गरिसकेको छ, उसलाई नयाँ चीवर बनाउनकोलागी चाहेजति धेरै कपडा राख्ने विशेषाधिकार छ। यदि ती भिक्खुहरूले कठिन चीवरदानमा भाग लिएका छन् भने त्यो विशेषाधिकार जाडो मौसमको अन्त्य (अर्थात् चार महिनाकोलागी, लगभग मार्चसम्म) विस्तार गरिएको हुन्छ। जो भिक्खुले कठिनमा भाग लिएको छैन, वा उसको चीवर तयार भइसकेको छ, वा ऋतु नाघिसक्दासम्म पनि तयार भएको छैन

---

[9] *'चीवर'* यो पालि शब्दले सादा कपडा तथा विधिवत काटेर सिलाइ गरिएका भिक्खुले लगाउने लुगाहरू दुवै थरीलाई संकेत गर्दछ।(अंग्रेजी अनुवादकको टिप्पणी)।

(कठिन चीवर दान गर्ने कुनै दाता छैन भने) वा जो भिक्खु कठिन ग्रहण गर्नुको आनिसंसको भागीदार हो, तर उसले त्यस्तो केही गरेको छ जसको कारणले ऊ कठिनमा भाग लिनेहरूले पाउने आनिसंस पाउन सक्दैन, जस्तो कि उसले आफ्नो विहार छोडेर जाँदा फर्कने मनसाय राखेको थिएन, अथवा कठिनको-विशेषाधिकारको अवधि बितिसकेको छ: यस्तो अवस्थामा भिक्खुले धेरैमा दस दिनकोलागी अतिरिक्त चीवर आफूसँग राख्न सक्छ।

छ प्रकारका सामग्रीहरूबाट बनाइएका चीवर प्रयोगको अनुमति छ: (१) *खोमं*-रुखका-छाल वा बोट-रेशा (फाइबर) जस्तै कि सूती, (२) *कप्पासिकं*-कपासबाट बनेको कपडाको रूपमा जुन कि सामान्यतया प्रयोग गरिन्छ, (३) *कोसेय्यं*-विभिन्न प्रकारका रेशमको बनेको, (४) *कम्बलं*-ऊनबाट बनेको (मानव कपाल बाहेक) जस्तै 'स्कार्लेट' (रातो ऊनी सामाग्रीकोलागी पुरानो अंग्रेजी शब्द, रातो लुगा), (५) *साणं*-भांगबाट बनेको, (६) *भंगं*-मिश्रित सामग्री जस्तै रेशमसँग कपास मिसिएको रूपमा बनेका। यी छ प्रकारका सामग्रीहरूबाट बनेका कपडाहरू जुन छन् ती आठ ईन्चभन्दा बढी लम्बा र चार ईन्चभन्दा बढी चौडा कपडालाई कपडाको रूपमा निर्धारित गरिएको छ, र भिक्खुहरूले *विकप्प* गर्नुपर्ने चीवर भनिन्छ (तर निम्न सिक्खापदहरू हेर्नुहोस)। बुद्ध भगवानले भिक्खुहरूलाई धेरैवटा चीवरहरू राख्ने अनुमति दिनुभएको छ, जुनमा केहीको संख्या नै तोकिएको छ, जस्तै, 'त्रि-चीवर (तीनवटा चीवरहरू भनी तोकिएको), तिनलाई

*'अधिट्ठान-चीवर'* पनि भनिन्छ र माथिकोमा बाहेक, जुन विकप्प गरिएको छैन, त्यस्तै जुन दुई मालिकहरूका बीचमा साझा गरिएको छैन, तिनलाई *अतिरेक चीवर* भनिन्छ।

*'धारेतब्बं'* क्रियाको धातुको अर्थ हो बोक्नु र अत्यन्त प्रारम्भिक समयमा यसको अर्थ 'लुगा लगाउनु' 'वा' 'टोपी आदि लगाउनु' भन्ने अर्थ लाग्थ्यो, तर बढी से बढी दस दिनकोलागी राख्न मिल्ने सहायक सिक्खापद *(अनुपञ्ञति)* बनेपछि यस चीवरमाथि 'विशेषाधिकार हुनु' भन्ने अर्थ पनि लाग्छ।

*अतिरेक चीवर* राख्नुको अवधि भोरको समयमा समाप्त हुने रूपमा गणना गरिन्छ। कुनै भिक्खु जसले *अतिरेक-चीवर* दस दिनको पूर्ण अवधि नघाएर एघारौं दिनको भोरसम्म राख्छ, उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। जुन चीजहरू (चीवरहरू वा सामाग्रीहरू) को कारणले गर्दा भिक्खुलाई यो आपत्ति परेको हो, त्यसलाई छोडेपछि यो आपत्तिबाट मुक्त हुन्छ। त्यो सम्बन्धित भिक्खुले *संघ*मा सो चीवर विसर्जन गर्नसक्छ। त्यो भनेको चार जनाको वा त्योभन्दा बढीको समूहको *संघ,* अथवा दुई वा तीन जनाको समूहलाई, वा कुनै एक जना भिक्खुलाई विसर्जन गर्नसक्छ। एक जना भिक्खुमा चीवरहरू सही ढंगले विसर्जन गर्नमिल्ने भएकोले म यहाँ (विभंगका-रचनाकार)को समक्ष यो तथ्य लुकेको जस्तो लाग्दैन जसले गर्दा उनले *गण*मा अथवा *संघ*मा विसर्जन गर्ने कुरा गरे। त्यसैले, वर्तमान कालमा यो तरिका कसैले पनि प्रयोग गर्दैन। आफ्नो *हत्थपास*मा रहेको

Dhamma.Digital

चीवर कुनै एकजना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य निम्नलिखित छ:

**इदं मे भन्ते चीवरं दसाहातिक्कन्तं निस्सग्गियं,**
**इमाहं आयस्मतो निस्सज्जामि।**

यदि वक्ता जेष्ठ भिक्खु हो भने उसले **भन्ते** शब्दको ठाउँमा **आवुसो** भन्नुपर्छ। यो प्रक्रिया तलका सिक्खापदहरूमा पनि एकै ढंगले बुझ्नुपर्छ। माथि दिइएको पालि पाठ्यांशको अर्थ यस्तो हो: "भन्ते, यो मेरो चीवर दस दिन बितिसकेको छ र विसर्जन गर्नुपरेको छ, म हजुरसँग विसर्जन गर्दछु।" यदि चीवरहरू धेरै छन् भने, दुई वा त्योभन्दा बढी तिनलाई पनि एकसाथ विसर्जन गर्न सकिन्छ। तर पालि विधीवाक्यमा बहुवचनको रूपमा फेर्नुपर्छ, त्यो यस्तो हुन्छ:

**इमानि मे भन्ते चीवरानि दसाहातिक्कन्तानि**
**निस्सग्गियानि, इमानाहं आयस्मतो निस्सज्जामि।**

यसको अनुवाद माथिको जस्तो नै हो, तर एकभन्दा बढी चीवरहरू भनी उल्लेख भएको छ। *हत्थपास*भन्दा बाहिरका वस्तुहरू पनि विसर्जन गर्न सकिन्छ, तर विधीवाक्यमा अन्तर हुन्छ, **इदं** को सत्तामा **एतं, इमाहं**को सत्तामा **एताहं, इमानि** को सत्तामा **एतानि** र **इमानाहं** को सत्तामा **एतानाहं** हुन्छ। भिक्खुले चीवर विसर्जन गर्ने निर्णय गर्दा उसले दृढतापूर्वक यसलाई त्याग्नु पर्छ। जब उसले यो विसर्जन गरिसक्यो, तब उसले आफ्नो आपत्ति देसना (दोष स्वीकार) गर्दछ। यदि त्यो आपत्ति देसना सुन्ने भिक्खुले यो सामान लैजान्छ भने, पूर्व मालिकले

यसलाई पुनः दाबी गर्न सक्दैन, तर यससम्बन्धी श्रोता (ग्राहक) सँग राम्रो परम्परा चलेको छ कि जब उसले विसर्जित वस्तुहरू स्वीकार गरीलिन्छ, तब उसले ती सामानहरू पूर्व मालिकलाई नै फिर्ता गर्दछ। यदि उसले त्यसो गर्दैनभने उसलाई दुक्कट आपत्ति हुन्छ। यस्ता वस्तु फिर्ता दिने पालि विधीवाक्य निम्नानुसार छ:

**इमं चीवरं आयस्मतो दम्मि।**

जसको अर्थ हो, "म यो चीवर तपाईंलाई दिन्छु"। धेरै चीवरहरूकोलागी अथवा *हत्थपास*भन्दा बाहिरकाकोलागी प्रयुक्त हुने पालि शब्दहरूलाई तदनुसार परिवर्तन गर्नुपर्छ। यदि निस्सग्गिय भएको चीवर जुन अझै विसर्जन गरिएको छैन, भिक्खुद्वारा लगाईएको छ भने उसलाई दुक्कट आपत्ति लाग्छ। तर यदि भिक्खुले विसर्जन गरिसकिएपछि उसलाई फिर्ता गरिएको उपयोग गर्दछ भने आपत्ति लाग्दैन।

यस सिक्खापदमा कुनै शब्दहरूले कर्ताको मनसायतिर इशारा गरीरहेको छैन, तसर्थ यो आपत्ति *अचित्तक* हो भनिएको छ। जे होस् यदि कुनै भिक्खुले लापरवाहीले यसलाई दस दिनभन्दा बाहिरसम्म पनि राख्छ भने उसलाई अवश्य पनि आपत्ति हुन्छ। यदि दस दिनभित्र भिक्खुले *अधिट्ठान* गर्यो भने, *विकप्प* गर्यो भने, अथवा हरायो भने, अथवा यो विनाश भयो भने, वा यो अब त्यो भिक्खुको रहेन भने, उसलाई आपत्ति छैन। त्यसैले, पछि जब *अतिरेकचीवर* सम्बन्धी नरमी व्यवहार गर्नु जरूरी भयो, अर्को वर्गमा बुद्ध भगवानले भिक्खुहरूलाई

*अतिरेकचीवर*हरू *विकप्प* गरेर द्वैधस्वामित्वमा राख्ने स्वीकृति दिनुभयो, जस्तो कि वर्तमानमा व्यवहार चलेको हामी पाउँछौं। *विकप्प* गर्ने प्रक्रियाको व्याख्या छुट्टै गरिनेछ (हेर्नुहोस् पाचित्तिय ५९)।

यहाँनिर म यस विषयसँग सम्बन्धित कुरा व्याख्या गर्न चाहन्छु ताकि विनय बिशेषज्ञहरूलाई थप अनुसन्धानकोलागी आधार बन्नेछ। यो सिक्खापद चीवर सम्बन्धी हो, जुन कि पहिरन सकिन्छ, तर अरू पाठ्यांशहरूले भन्छ कि कम से कम आठ ईन्ची लामो र चार ईन्ची चौडा कपडालाई पनि चीवर मानिएको छ जुनलाई विकप्प गर्नुपर्छ। तसर्थ भनिएको छ कि सानो भन्दा सानो कपडा पनि जुन कि पहिरने चीवरमा टालो बनाउन मिल्ने कपडा (चीवर सिउनमा काम लाग्ने सानो कपडा समेत) लाई यो सिक्खापदमा चीवरमा सामेल गरिएको छ। अझ रंगीचंगी कपडा जुन कि भिक्खुले पहिरन मिल्दैन र रंगाएर परिवर्तन गर्न पनि मिल्दैन, त्यो समेत गरी सारा कपडाहरूलाई *अतिरेकचीवर* मानिएको छ। तर यस्तो व्याख्या अतिशयोक्ति भयो। म त सोच्छु कि यो *अतिरेक चीवर* होइन, यद्यपि विनयमा एउटा उक्ति छ, *'विनयमा कट्टर आचरण शिथिलताभन्दा राम्रो हो'*। मेरो विचारमा यो अतिशयोक्ति भयो। यो समस्या तब देखिनेछ जब भिक्खुले सानासाना वस्तुहरू पनि विकप्प गर्दा शर्मिंदा हुनेछ।

Dhamma.Digital

**२. दोश्रो सिक्खापदमा भनिएको छः**

> (कुनै समयमा) भिक्खुको चीवर सिउने काम पूरा भइसकेको छ, उसको कठिन आनिसंस अवधि नाघीसकेको छ, त्यस्तो बेलामा उसले त्रिचीवरबाट छुट्टिएर एक रात्री मात्र बसे पनि, भिक्खुसंघबाट स्वीकृति पाएको अवस्थामा बाहेक, उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ।(२)

*तिचीवर* भनेको तीनवटा चीवरहरू भनेको हो- क) *अन्तरवासक*, यो तल (लुँगीजस्तो) लगाइने वस्त्र हो। ख) *उत्तरासंग* अर्थात् माथि ओढ्ने पछ्यौरा, ग)*संघाटि* अर्थात् जिउ छोप्ने वस्त्र। यी तीनवटा वस्त्रहरू भगवान बुद्धद्वारा भिक्खुहरूकोलागी अनुमति दिईएका हुन्। कहिलेकाहीं जस्तो कि गर्मीमा, तीन चीवरहरूमा आवश्यकताभन्दा बढी हुन्छ जस्तो कि *संघाटि* भनिने चीवर (संघाटि ओढ्नु पर्दैन)। त्यसबेलामा भिक्खुहरू दुई वटा चीवरहरूमा नै सन्तुष्ट हुन्छन्, जब उनीहरू यताउति यात्रा गर्छन् *अन्तरवासक* र *उत्तरासंग*ले पुग्छ। तर यस्तो पनि समय हुन्छ जब उनीहरूलाई तीनवटै चीवरहरू आवश्यक हुनेछ, जस्तो कि जाडोमा। तसर्थ तीनवटा चीवरहरू उनीहरूको आवश्यकता पूरा गर्नकोलागी अत्यन्त पर्याप्त हुन्छ। भिक्खुहरूसँग तीनवटा चीवरको जोर पूरा होस् भन्ने मनसायले बुद्ध भगवानले यो सिक्खापद बनाउनु भएको हो। यस्तो भए पनि कुनै बेलामा, कोहीलाई दुई वटा चीवरहरू लगाएपछि सुविस्ता हुन्छ भनी स्वीकार गरेर भगवानले केही समयकोलागी

Dhamma.Digital

कुनै चीवरबाट अलग्ग भएर बसे पनि हुने स्वीकृतिको सिक्खापद बनाउनुभयो, उदाहरणकोलागी भिक्खुहरू तीन महिने वर्षावास काल बिताइरहेको अवस्थामा वा कठिन विधीमा भाग लिइसकिएको अवस्थामा। साथै, बुद्‌ध भगवानले भिक्खुहरूलाई त्रिचीवरबाट अलग्ग नबस्ने *(तिचीवर-अविप्पवास)* को घोषणा *समान-संवास- सीमा*मा गर्नुभएको छ जहाँ भिक्खुहरू उनीहरूका त्रिचीवरहरूबाट अलग्ग नभइकन बस्न सकिन्छ, त्यो भन्नुको मतलब हो, जो त्यस सीमामा बस्छन्, यद्‌यपि उनीहरूका तीनवटा चीवरहरू सबै उनीहरूका साथमा छैनन्, तैपनि उनीहरूलाई त्रिचीवरबाट अलग बस्नेको रूपमा गणना गरिंदैन। उहाँले बिरामि भिक्खुहरूलाई उनीहरूका तीनवटा चीवरहरूबाट अलग बस्ने अनुमति दिने घोषणा गर्न भिक्खुसंघलाई अनुमति दिनुभएको छ। अनुमति दिइएको समय र स्थानको बाहिर भिक्खुलाई अनुमति प्राप्त नभएको स्थान तथा सयमयमा तीनवटै चीवरहरूको जोर पूरा हुनुपर्छ। यदि उसले केही चीवर छोड्छ, जस्तै कि *संघाटि* अर्को ठाउँमा एक रातकोलागी भए पनि छोड्छ, जब बिहान भईसकेको हुन्छ उसलाई निस्सग्गिय-पाचित्तिय हुन्छ।

यति सुनेपछि, यस्तो लाग्छ कि हामी यस सिक्खापदको स्थापना गर्दा बुद्‌ध भगवानको अभिप्राय बुझ्दछौं र यो वास्तवमा व्यावहारिक छ, तर जब प्रश्न उठ्छ कि चीवर कति हदसम्म राखिएमा भिक्खुबाट अलग रहेको हुनेछैन, अर्थात् आफूसँग नै रहेको हुन्छ? त्यसैले अब हामी *सीमा* (खेत्त, क्षेत्र)

लाई विचार गर्नेछौं। सीमाको मतलब विगतमा जस्तै भिक्खुको शरीर भरलाई मानिएको होइन, त्यसो भएमा त जब बिहान हुन्छ, उसले आफुमा तीनवटै चीवरहरू लगाउनु पर्ने हुन्छ, तर यसको अर्थ त्यो ठाउँमा हो जहाँ भिक्खु बस्छ। *तिचीवर अविप्पवास* घोषणा गरिएको *सीमा*मा बस्ने भिक्खु आफ्नो चीवरबाट अलग्ग छैन (ऊ*सीमा* भित्र रहुन्जेलसम्म), र यो सम्भव छ कि त्यतिबेला लगभग सबै विहारहरू यस्तो सीमा भित्र थिए। त्यसो हुनाले विभंगमा गाउँको सीमाको रूपमा व्याख्या गरिएको छ र भिक्खुहरूको निवासको बिल्कुल उल्लेख गरिएको छैन।

विभंगमा उल्लेखित सीमाहरूलाई संक्षिप्तरूपले यस प्रकार प्रस्तुत गर्न सकिन्छः एक परिवारको, वा अनेक परिवारको। पहिलो किसिमको निम्नानुसार छः वरिपरि चीजहरू भएको एउटा घर र घरको वरपर भएका चीजहरू (जस्तै रुखहरू, बारहरू, पर्खालहरू आदि) यसको सीमाको रूपमा रहेको छ। यदि यसका वरपर यस्ता चिहनहरू रहित छन् भने, तब भिक्खुले आफ्नो चीवर राखेको भवन (को गारो) स्वयम सीमा हो। भूमिमा अवस्थित भवन जसका वरपर चिहनहरू छन्, त्यहाँ यी सीमा हुन्छन्। यदि यस्तो कुनै छैन भने तब चीवर राखिएको कोठा नै सीमा हुन्छ। डुँगामा पनि कुरा एउटै हो।

खेतहरू, खलाहरू र बगानहरू जुनका वरपर सीमाहरू छन्, ती नै चीवरकोलागी पनि सीमा हुनुपर्छ। यदि तिनका कुनै

Dhamma.Digital

घेरा छैन भने भिक्खुको शरीर र चीवरको बीचको सीमा एक प्रकोष्ठ (पाखुरादेखी औंलाको टुप्पोसम्मको दूरी) *हत्थपास* हो।

मध्याण्हमा रुखको फेदको वरिपरि जति छायाको सीमाना बन्छ (त्यो रुखमुनि बस्ने भिक्खुकोलागी) यही सीमा हुन्छ।

कुनै भिक्खु जो यस सिमानामा आफ्नो चीवर राख्छ वा आफू यस भित्र रहन्छ, वा *हत्थपास*को सीमाभन्दा टाढा जाँदैन भने, ऊ चीवरबाट अलग भएको हुँदैन।

जुन मामिलामा यी स्थानहरू मध्ये कुनै एक फरक फरक परिवारको हुन्छ, कुनै पनि परिवारको स्थान जसको साथमा भिक्खुले आफ्नो चीवरराख्छ, त्यही सीमा हुन्छ। वा कहिले काहिं एक सार्वजनिक स्थान सीमा बन्दछ। यदि कुनै भिक्खुले विभिन्न स्थानहरूसँग सम्बन्धित सीमाहरूलाई छुट्याउन असमर्थ हुन्छभने, उसकोलागी आफ्नै *हत्थपास* दूरी सीमा हुन्छ।

घर रहित जंगलमा, सबै दिशाहरूमा भिक्खुको चारैतिर सात *अब्भन्तर*को दूरीसम्म उसको सीमा हो। एक *अब्भन्तर* बराबर २८ हात (लगभग ४५ फिट) हुन्छ (अध्याय १० मा हेर्नुहोस्)।

तर *सत्थ* (सार्थ, ब्यापारी समूह) मा, एउटा परिवारका गाडाहरू वा बन्द गाडीहरूको समूह (जहाँ बिसाइन्छ) र यसको अगाडि र पछाडि सात-सात *अब्भन्तर*को दूरसम्म र एक-एक *अब्भन्तर* यसका दायाँ र बायाँ सीमा मानिएको छ। म यो कुरा

Dhamma.Digital

बुझ्दिनँ। यदि यो माथि उल्लेखित क्षेत्रलाई घरहरूको एक *उपचार* (चारैतिरको क्षेत्र) सिमानाको चिन्हको रूपमा विभिन्न वस्तुहरूबाट घेरिएको (कम्पाउण्ड) हो भनी मानेमा तब त त्यो स्थानलाई *लेड्डुपात* (एक मध्यमस्तरको बलिष्ठ जवानद्वारा सबै दिशाहरूमा माटोका डल्लाहरू फालेर भेटिने दूरीबाट बन्ने क्षेत्र) द्वारा नाप्नु पर्छ, जस्तो कि त्यसबेला एउटा घरको वरपरको क्षेत्र (*उपचार*, कम्पाउण्ड?) भनी भूमि नाप्नकोलागी प्रयोग गरिन्थ्यो, जुनको व्याख्या अन्यत्र गरिएको छ। तर अट्ठकथा आचरिय यस तरिकाले अनुमान गर्दैनन्। एक निश्चित ठाउँमा बसोबास नभएको ब्यापारीसमूहलाई घरकोभन्दा ठूलो क्षेत्र किन चाहियो? तर अनेक परिवारहरूसँग सम्बन्धित ब्यापारीसमूहमा भिक्खुले ब्यापारीदलको *हत्थपास*लाई सिमाना राख्नुपर्छ। यो पनि देखिन्छ कि जुन ब्यापारीसमूह एक परिवारको हो र भिक्खुले पनि त्यसको मुताबिक नै *हत्थपास* मान्नुपर्छ। जुन ब्यापारीदल अनेक परिवारको हो र त्यसको गाडामा भिक्खुले चीवर राख्छ भने, त्यस गाडाको *हत्थपास*लाई नै उसले सीमा मान्नुपर्छ।

यी क्षेत्रहरू (व्यापारीहरू) सँगै यात्रा गरिरहेका भिक्खुहरूकालागी गरिएको हिसाब हो, यो पनि सम्भावना छ कि यो परम्परा एक ठाउँमा नबसीकन यात्रा गरीरहने भिक्खुहरूको परम्परा अनुसार थियो, वास्तवमा के हो, म यस विषयमा विभंगका संग्रहकर्ताको राय बुझ्दिनँ।

वर्तमान समयमा, जो भिक्खुहरू आबादीयुक्त क्षेत्रमा रहेका विहारहरूमा बस्ने हुन्, जहाँ *तिचीवर-अविप्पवास*को

घोषणा गरिएको छैन र धेरै *अतिरेक चीवर*हरू वा *अविकप्पित-चीवर*को प्रयोग गर्दछन्, (जसले गर्दा) उनीहरूलाई यस सम्बन्धी बढीभन्दा बढी आपत्ति हुन्छन्, उनीहरूकोलागी सीमाको अनुमान कसरी लगाउनु पर्छ? अब त्यो क्षेत्रको अनुमान पूर्ववर्ती कथनहरू अनुसार निम्नानुसार छ: जुन कुटीमा केवल एकजना भिक्खुद्वारा बसोबास गरिएको छ, र यसको वरपर ठाउँ छ भने, तब यसको वरपरका चीजहरू (बार, पर्खाल, रुखहरू) सीमा हुन्छन्। जहाँ त्यस्तो केही छैन त्यहाँ कुटी नै सिमाना हो।

जुन कुटी धेरै भिक्खुहरूद्वारा बसोबास गरिएको छ, र यसको वरपर ठाउँ छ भने वरपरको ठाउँ नै चीवर राख्ने सिमाना हो, तर यदि कुटीको वरपर कुनै ठाउँ छैन भने, तब चीवर राखिएको कोठा नै सिमाना हो।

पाटीपौवा र अन्य सार्वजनिक स्थानहरूमा पनि एक वा धेरैजना भिक्खुहरूबाट बसोबास भएको अनुसार नै सीमाको अनुमान लगाउनुपर्छ।

कुनै रुखको फेदमा रहेको खुला ठाउँको आसपासमा केही वस्तु छ भने सीमा ती चीजहरूद्वारा निर्धारित गरिनुपर्छ। वरपर त्यस्तो निशान रहित रुखको फेदमा मध्याण्हमा बन्ने रुखको छायाद्वारा निर्धारित गर्नुपर्छ। कुनै सिमाना नभएको खुल्ला ठाउँमा भिक्खु र उसका बस्त्रहरूको बिचमा दूरी *हत्थपास*द्वारा निर्धारित हुनुपर्छ।

संक्षेपमा, भिक्खुले केवल *अन्तरावसक* र *उत्तरासंग* लगाएर घरहरूमा प्रवेश गर्न बुद्ध भगवानको स्वीकृति छ,

त्यस्तो बेलामा उसले आफ्नो संघाटि कहाँ राख्छ भन्ने विषयमा उपरोक्त कुराहरू उसकोलागी सीमाको रूपमा बुझ्नु पर्छ।

जुन चीवरबाट एक रातमात्र भएपनि अलग्ग बस्नाले यसका स्वामी भिक्खुलाई निस्सग्गिय आपत्ति भएको हो, त्यो चीवर स्वामी भिक्खुले संघलाई, *गण*लाई वा कुनै एकजना भिक्खुलाई विसर्जन गर्नुपर्छ। एक जनालाई चीवर विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **इदं मे भन्ते चीवरं रत्तिविप्पवुत्तं अञ्ञतर भिक्खुसम्मतिया निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि।**

अर्थ: "आदरणीय भन्ते, यो मेरो चीवर भिक्खुसंघको सहमति बिना एक रातकोलागी मबाट छुट्टिनाले विसर्जन गर्नुपर्यो, म तपाईंलाई यो विसर्जन गर्दछु"।

यदि चीवर दुई वटा रहेको भएमा शब्द **द्विचीवरं** भनी फेर्नुपर्छ, र यदि तीन वटा भएमा शब्द **तिचीवरं** भनी फेर्नुपर्छ।

चीवर फिर्ता गर्दा बोलिने विधीवाक्य योभन्दा पहिलेको सिक्खापदमा जस्तै हुने बुझ्नु पर्छ।

निस्सग्गिय भएको चीवर विसर्जन नगरिकन प्रयोग गर्ने भिक्खुलाई दुक्कट आपत्ति हुन्छ। विसर्जन गरिएको चीवर पहिलेको स्वामीलाई फिर्ता गरिएपछि त्यसलाई यदि चाहेमा अधिष्ठान त्रिचीवरको रूपमा प्रयोग गर्न मिल्छ।

यो सिक्खापद *अचित्तक* हो। भिक्खुले मनसाय नलिइकन नै यदि ऊ आफ्नो चीवरहरूबाट छुट्टिएर बस्छ भने

पनि उसलाई आपत्ति हुन्छ। यदि भिक्खुले अलग्ग बसेको दिनमा वा रातमा अरूणोदय हुनुभन्दा पहिले सो चीवर त्याग गर्दछ *(पच्चुद्धरण),* वा उसले यो गुमाएको छ, यो नष्ट भइसकेको छ, अथवा यो उसको अधिकारमा रहेन भने उसलाई आपत्ति हुँदैन।

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

भिक्खुको चीवर सिउने काम पूरा भइसकेको छ, उसको कठिन आनिसंस अवधि नाघीसकेको छ, त्यस्तो बेलामा यदि भिक्खुलाई चीवरकालभन्दा बाहिर कपडा प्राप्त हुन्छ भने भिक्खुले चाहेमा स्वीकार गर्न मिल्छ, स्वीकार गरेर उसले छिटोभन्दा छिटो चीवर सिउनुपर्छ। यदि एउटा पूरा चीवरकोलागी कपडा नपुग छ भने सो भिक्खुले नपुग कपडा प्राप्त हुने आशामा यो कपडा बढीसे बढी एक महिनासम्म मात्र आफूसँग राख्न मिल्छ। यदि उसले योभन्दा बढी समयसम्म आफूसँग राखेमा (भलै नपुग कपडा अझै प्राप्त हुने आशा रहेको भए पनि) उसलाई निस्सग्गिय पाचित्तिय आपत्ति हुन्छ। (३)

भिक्खुलाई चीवरकाल (कठिनमास) को बाहिर र कठिन आनिसंसको क्षेत्रबाहिर प्राप्त भएको चीवर (चीवर सिउने कपडा) लाई *अकालचीवर* भनिन्छ। यो *अकालचीवर* अवश्य पनि एउटा *अतिरेक चीवर* हो। तर भिक्खुले आफ्नो लागी कम्ती रहेको (वा जीर्ण भएको) तीनमध्ये कुनै एउटा चीवर बनाउन

Dhamma.Digital

चाहेमा र जब अन्यत्रबाट पनि चीवर सिउने वस्तु (कपडा) पाइने आशा भएको खण्डमा त्यो (अहिले पाएको) *अकालचीवर* वस्तुलाई बढीसे बढी एक महिनासम्म मात्र आफूसँग राख्न मिल्छ। यदि भिक्खुले चीवर सिउने इच्छा गर्दैन वा थप वस्तु पाइने आशा छैन भने तब त त्यो वस्तु राख्न मिल्ने अवधि भनेको दस दिन मात्र हो, जुन कि हामीले माथि उल्लेख गरिसक्यौं। अथवा यद्यपि भिक्खुलाई पाउने आशा छ, तर एक महिनाभन्दा बढी समय लाग्ने भएमा उसले दस दिनभन्दा बढी आफूसँग राख्न मिल्दैन। जब भिक्खुले पहिले नै *अकालचीवर* आफूसँग राखीसकियो, र अनि उसलाई नयाँ वस्तुहरू प्राप्त भयो, जुन कि तीन चीवरहरूमध्ये एक चीवर सिउनकोलागी पर्याप्त थियो, तब प्रश्न उठ्छ कि बाँकी दिनहरू कसरी गणना गर्ने? यो मामिलालाई पहिले नै पाएका वस्तुहरू राखिएको अवधि र भर्खर प्राप्त भएको नयाँ वस्तुको अवधिसँग तुलना गरेर बुझ्नुपर्छ, भिक्खुले चीवर बनाउने काम यस्तो शीघ्रताले गर्नुपर्छ कि सबभन्दा कम बाँकी रहेको कपडाको अवधिभित्र काम पूरा होस्।

उदाहरणकोलागी, एकजना भिक्खुले कपडाहरू राखिआएको १५ दिन भयो तब उसलाई थप कपडा प्राप्त भयो, त्यसो हुनाले यस मामिलामा पछिल्लो कपडालाई (*अतिरेक-चीवर* मानिनेछ) र त्यसको अवधि दस दिनसम्म मात्र छ। तसर्थ उसले यो पछिल्लोमा पाएको अवधिभित्र चीवर सिउने काम शीघ्रताले पूरा गर्नुपर्छ। तर मानौं कि उसले *अकालचीवर* राखि

Dhamma.Digital

आएको पहिले नै २२ दिन भइसक्यो, र अनि पछि उसलाई थप कपडाहरू प्राप्त भयो, यो मामिलामा उसले पहिलोको कपडाको बाँकी म्यादभित्र, त्यो हो आठदिन भित्र, शीघ्रताले चीवर बनाइसक्नु पर्छ। यदि उसले *अकालचीवर* दश दिनभन्दा बढी राखिसकिएको भएमा तर महिना भने बितेको छैन, र अनि पछि उसलाई थप कपडा प्राप्त भयो, यसको अवधि पहिले पाएकोसँग धेरै फरक हुन्छ, उसले (चीवर पूरा बनाउने) आशा त्याग्न सक्छ; अथवा एक महिनाको नजिक पुग्दा भिक्खुलाई थप कपडा प्राप्त भएमा उसले चीवर सिउने काम यथासमयमा पूरा गर्न असमर्थ हुनसक्छ। त्यसोभए उसले (दुवै) भाग कपडाहरूलाई अन्य *परिक्खार*को रूपमा *अधिट्ठान* गर्नुपर्छ अथवा उसले यसलाई 'विकप्प' गर्नुपर्छ, वा त्यसै दिनमा यो अरूलाई दिनुपर्छ जुन दिनमा उसले यसलाई चीवर नबनाउने निर्णय गरेको हो। समयसीमा नाघेको कपडा निस्सग्गिय हो, यो संघ, *गण* वा व्यक्तिलाई विसर्जन गर्नुपर्छ। एकजना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **इदं मे भन्ते अकालचीवरं मासातिक्कन्तं निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि।**

अर्थ: "आदरणीय भन्ते, यो मेरो *अकालचीवर* एक महिनाभन्दा बढी बित्नाले विसर्जन गर्नुपर्ने भयो, म यो हजुरलाई विसर्जन गर्दछु"।

जो भिक्खुले निस्सग्गिय भएको चीवर विसर्जन नगरिकन नै प्रयोग गर्ला उसलाई दुक्कट आपत्ति हुन्छ।

Dhamma.Digital

बाँकी विषयको स्पष्टीकरण पहिलो सिक्खापदमा बताइएको अनुसार बुझ्नुपर्छ।

**४. चौथो सिक्खापदमा भनिएको छः**

> भिक्खुले आफ्नो पुरानो चीवर आफन्त नपर्ने भिक्खुनीलाई धुन लगाएमा, रंगाउन लगाएमा, पिटेर धुन लगाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुनेछ। (४)

'पुरानो चीवर' को अर्थ हो पहिले नै प्रयोग गरिएको, झुत्रो भइसकेको, पहिले लगाइसकिएको, चाहे त्यो एकपटक मात्र लगाइएको नै किन नहोस्। विभंगमा भनिएको छ कि जब कुनै भिक्खुले उपरोक्त किसिमका कामहरूमध्ये कुनै एउटा गर्न अह्राउँछ, यो निस्सग्गिय पाचित्तियको आधार हुन्छ। यदि भिक्खुले दुई वा तीनथरी नै काम अह्राउँछ भने पहिलो कार्य निस्सग्गिय पाचित्तियको आधार हुनेछ, जबकि पछिल्ला कामहरू दुक्कटको आधार हो। आफ्नो चकटी, वा ओछ्यान धुनलगाएमा त्यो भिक्खुलाई दुक्कट हुन्छ।

यस सिक्खापदमा *'अञ्ञातिकाय'* शब्दले आफन्त नपरेकी भिक्खुनीलाई निर्दिष्ट गर्दछ, अनि त उसका अफन्त पर्ने भिक्खुनीलाई अह्राउने भिक्खुलाई आपत्ति छैन। यसमा कारक क्रियाहरू (अह्राउनु) प्रयोग गरिएकोले यदि भिक्खुले भिक्खुनीलाई अह्राउँदैन, तर आफन्त नपर्ने भिक्खुनीले आफै अगिसरा भई गर्दछे भने, वा भिक्खुका आफन्त पर्ने भिक्खुनीले गरिरहेको काममा सघाएमा, भिक्खुले अह्राएको नहुनाले उसलाई

आपत्ति छैन। सिक्खापदमा 'चीवर' भन्ने शब्द उल्लेख भएको हुनाले, यदि भिक्खुले भिक्खुनीलाई चीवर बाहेक अरू वस्तुहरू धुन लगाएमा उसलाई आपत्ति छैन।

यो सिक्खापदले अब कुनै प्रभाव पार्दैन, (किनकि भिक्खुनीहरू छैनन्) तर मैले यसलाई केही विस्तृतरूपमा व्याख्या गरेको छु ताकि विद्यार्थीहरूले सिक्खापदका शर्तहरूको अर्थ के हो भनी बुझ्न सकून्। फेरि, यो सिक्खापदको उद्देश्य भिक्खुको अशोभनीय ढंगले गर्ने व्यवहारलाई रोक्नकोलागी हो। भिक्खुले गृहिणी महिलालाई (चीवर आदि धुन लगाएमा) निस्सग्गिय पाचित्तिय हुँदैन, तर उनी अशोभनीय व्यवहारबाट बच्न सक्दैन। उचित तरिकाले आचरण गर्न चाहने भिक्खुले यस्तो आचरणबाट टाढा रहनु पर्छ।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले साट्नुमा बाहेक आफन्त नपर्ने भिक्खुनीबाट चीवर ग्रहण गरेमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (५)

वाक्यांश "साट्नुमा बाहेक" भन्नाले विचार गर्नतिर प्रेरित गर्दछ कि यो सिक्खापद भिक्खुनीहरूबाट, जो कि थोरै मात्र सम्पन्न हुन्, भिक्खुलाई चीजहरू "एकतर्फी" (भिक्खुले लिने मात्र, केही दिंदैन) स्वीकार गर्नबाट रोक्नकोलागी राखिएको हो। यदि भिक्खुले ग्रहण गर्न उचित बनाउने हो भने उसले

Dhamma.Digital

त्यसको सत्तामा केही दिनु पनि पर्छ र त्यसको मूल्य घटि वा बढी हुनसक्छ, मेरो विचारमा बराबरको हुनुपर्छ।

यस सिक्खापदमा भिक्खुलाई *गर्नाले* तथा *नगर्नाले* आपत्ति लाग्दछ; भन्नुको तात्पर्य हो, भिक्खुले *चीवर ग्रहण गर्दछ,* तर *उसले यसको सट्टामा केही दिंदैन।*

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले उचित समयमा बाहेक आफन्त नपर्ने गृहस्थी महिला वा पुरूषसँग कपडा (चीवर बनाइएको वा नबनाइएको) माग्दछ, भने यसले उसलाई निस्सग्गिय पाचित्तिय आपत्ति हुन्छ। (उचित) अवसर भनेको यो हो: सो भिक्खुको चीवर चोरी भएको छ वा हराएको छ। यो (उचित) अवसर हो। (६)

*"अञ्ञातिकं"* शब्दको अर्थ हो जो आमा वा बुबाको पक्षबाट सात पुस्ता (विगतका तीन पुस्ता- हजुरबुबा आदि) र भविष्यका तीन पुस्ता- नाति, आदिको आफन्त नपरेको। विभंगमा आफन्तहरू किन सात पुस्ताबाट गनिएका हुन्? म बुझ्दछु कि यहाँ गणना गरिएका मानिसहरूलाई (हामी स्वयम् द्वारा) भेटिन्छ। कसैले विगतका पुस्ताहरूलाई बढी से बढी आफ्नो हजुरबुबालाई देख्न सक्छन् र बढी से बढी अगाडि आफ्नो नाति। त्यसैले आफैंलाई केन्द्रको रूपमा गणना गर्दै, विगत तीन पुस्ता र भविष्य तीन पुस्ता कुल मिलाएर सात पुस्ता हुन्छन्। हामी (सामान्यतया) मानिसहरूले हाम्रा सात पुस्तासम्म मात्र

भेट्न पाउछौं, सामान्यतया त्योभन्दा बढी भेट्ने मानिसहरूको उदाहरण पाउँदैनौं। यदि त्यस्ता भेट्नेहरू भएमा यी अन्य पुस्तालाई पनि आफन्तको रूपमा गणना गर्न सकिन्छ। यहाँ 'ससुराली' पक्षलाई आफन्तहरूको रूपमा गणना गरिंदैन। भिक्खुले उसका आफन्त नपरेका गृहस्थीबाट चीवर याचना गर्न मिल्ने अवसरहरू दुईवटा छन्: भिक्खुको चीवर चोरी भयो वा लुटियो; अथवा उसको चीवर हरायो, अथवा उसको चीवर नष्ट भयो जसले गर्दा यो अब प्रयोग गर्न सकिंदैन। यस्ता कुनै अवसर नभएको बेलामा भिक्खुले आफन्त नपरेको पुरुष वा महिलासँग चीवर याचना गरेमा, उसलाई *पवारणा* गरेकोसँग बाहेक, जुन कि अर्को सिक्खापदमा अनुमति दिईएको छ (यसपछिको सिक्खापदमा हेर्नुहोला), उसले याचना गर्नमा प्रयास गर्दा उसलाई दुक्कट आपत्ति हुन्छ, त्यसपछि जब उसले साँच्चिकै चीवर प्राप्त गर्दछ तब उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। कुनै एक जना भिक्खुलाई यो चीवर विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

**इदं मे भन्ते चीवरं अञ्ञातकं गहपतिकं अञ्ञत्र समया विञ्ञापितं निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि।**

जसको अर्थ हो: आदरणीय भन्ते, यो मेरो चीवर (उचित) समयभन्दा बाहिर याचना गरेर आफन्त नपरेको गृहस्थबाट पाइएको हो, विसर्जन गर्नुपरेको छ; म यो तपाँईलाई विसर्जन गर्दछु"।

Dhamma.Digital

यो आपत्ति *अचित्तिक* हो, यसैले यदि ऊ आफन्त नपरेको भएमा, भिक्खुले यो कुरा *जानेर*, वा *संदिग्ध भएर*, वा *(गलत) रूपले बुझेर-* ऊ आफन्त भनी मानेर, समय बाहिर याचना गर्दछ, हरेक मामिलामा *निस्सग्गिय* संक्षिप्तमा *तिकपाचित्तिय* हुन्छ (तीन-क्रिया पाचित्तिय)। जब गृहस्थ आफन्त परेको हुन्छ, तर पछि बुझ्छ कि ऊ हैन, वा शंकालाग्छ, र त्यसपछि सोध्छ, उसलाई दुक्कट हुन्छ। यदि गृहस्थ भिक्खुको आफन्त हो र त्यो भिक्खु यो कुरा जान्दछ र एउटा चीवर माग्छ भने, उसलाई आपत्ति छैन। किनकि सिक्खापदमा वाक्यांश रहेको छ कि, "आफन्त नपर्ने" ताकि भिक्खुले आफन्तहरूबाट माग्न सक्छ। वाक्यांश रहेको छ कि "(उचित) समयमा बाहेक" त्यसैले भिक्खुले (उचित) समय भित्र याचना गर्न मिल्छ। अर्को सिक्खापदमा अनुमति रहेको हुनाले भिक्खुले आफूलाई *पवारणा* गरिराखेकाहरूबाट याचना गर्न मिल्छ। विभंगमा भनिएको छ कि यदि भिक्खुले अर्काकोलागी चीवर माग्छ, वा आफ्नै स्रोतबाट प्राप्त गर्दछ भने, तब उसलाई आपत्ति हुँदैन। अर्काकोलागी याचना गर्नुको मतलब यो हो कि कुनै भिक्खुले अर्को भिक्खुकोलागी याचना गर्दछ, जसको चीवर हराएको छ। उसको आफ्नै स्रोतहरूबाट चीवर प्राप्त गर्नु त याचना गर्नु होइन, त्यसैले उसलाई आपत्ति हुनेछैन।

Dhamma.Digital

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुको आफन्त नपरेको गृहस्थ पुरुष वा महिलाले सो भिक्खुलाई मनपर्ने जति धेरै कपडा लिनकोलागी आमन्त्रित गर्दछ भने, उसले (मात्र) *अन्तरवासक* (लुँगी) र एक *उत्तरासंग* (माथिल्लो पछ्यौरा) एक साथमा स्वीकार गर्नमिल्छ। उसले त्योभन्दा बढी स्वीकार गरेमा निस्सग्गिय पाचित्तिय हुन्छ।

'बढी से बढी एक अन्तरवासक र एक उत्तरासँग (मात्र) भन्ने वाक्यांश रहेकोले गर्दा एक साथमा एक भिक्खुले त्यति मात्र स्वीकार गर्नुपर्छ,' यो कुरा विभंगमा यस्तो व्याख्या गरिएको छ कि भिक्खुका तीनवटा (त्री) चीवर हराएको छ, उसले मात्र दुईवटा स्वीकारेर खुशी हुनुपर्छ, र जब उसका दुईटा वस्त्रहरू हराएको छ भने, उसले मात्र एक स्वीकार गर्नुपर्छ र जब उसको एक मात्र हराएको छ भने, उसले बिल्कुल स्वीकार गर्नु हुदैन। "प्रसन्न" *(सन्तर)* शब्दले यहाँ यो खुशीसँग स्वीकार गर्नु भन्ने मतलब हो। ऊ सीमा नाघ्ने परिमाणमा ग्रहण गर्न मन पराउने भन्ने आधारमा, सो भिक्खुलाई दुक्कट आपत्ति लाग्छ र जब उसले सो चीवरहरू प्राप्त गर्दछ, उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। एकजना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **इदं मे भन्ते चीवरं अञ्ञातकं गहपतिकं तदुत्तरिं विञ्ञापितं निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि।**

Dhamma.Digital

जसको अर्थ हो: "आदरणीय भन्ते, यो चीवर आफन्त नपर्ने गृहस्थीबाट सीमा नाघ्ने गरी याचनाबाट प्राप्त भएकोले विसर्जन गर्नुपरेको छ, म तपाईंलाई यो विसर्जन गर्छु।"

बाँकी स्पष्टीकरण अघिल्लो सिक्खापदमा भएको अनुसार नै हो, यहाँ *अनापत्ति*को बारेमा एउटा फरक रहेको छ। विभंगमा भनिएको छ कि भिक्खुले 'बढी भएका चीवरहरू फर्काउँछु' भनी सोचेर धेरै चीवरहरू बोक्छ र त्यस मालिकले मौखिक रूपमा बढी भएका चीवरहरू प्रदान गर्दछ, यस मामिलामा उसले उनीहरूलाई दिएनन् किनकि ती अरूद्वारा कब्जा गरिए वा हराइए, र यो सीमाभन्दा नाघ्नेगरी स्वीकार गर्ने भिक्खुलाई आपत्ति छैन। यो सिक्खापद बनाइएको कारण यो हो कि भिक्खुले सीमा थाहा हुनुपर्छ। धेरै चीवरहरू ग्रहण गर्ने व्यक्ति सीमा थाहा नभएको हो र उसलाई दोष लाग्छ। (अर्कोतिर) जो भिक्खुले (दान गरेको) चीवर ग्रहण गर्दैन, त्यसबाट गृहस्थीको श्रद्धा घटाउन सक्छ, ग्रहण नगर्नाको कारणले दातालाई निराश पार्न सक्छ। विभंगका प्रबन्धकहरू अन्तिम बुँदामा जोर दिन्छन् जस अनुसार उनीहरूले उपरोक्त किसिमले *अनापत्ति* उल्लेख गर्छन्। यो विषयलाई एउटा उदाहरणको रूपमा लिनु पर्छ: त्यो यो हो कि दान ग्रहण गर्नमा भिक्खुले सही तरिकाले व्यवहार गर्नुपर्छ, यति लालची हुनुहुँदैन कि दाताले थकाइ महसुस गरोस् र उसले आफ्नो इच्छा यति कम भएको भाव प्रदर्शन गर्ने पनि होइन कि दाता निराश बनोस्।

Dhamma.Digital

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुको आफन्त नपरेको कुनै पुरुष वा महिलाले विशेष गरी कुनै भिक्खुलाई उद्देश्य गरेर कपडा किन्नेछ, (यस्तो सोचेर कि) "यो कपडा किन्ने मूल्य धनद्वारा म एउटा कपडा किन्नेछु र यो कपडा फलानो नामका भिक्खुलाई दान गर्नेछु"। यस्तो अवस्थामा यदि त्यो भिक्खु पहिले पवारणा बिना त्यहाँ जान्छ र यस्तो भनी निर्देश दिन्छ," उपासक, यस्तो भएमा धेरै राम्रो हुनेछ, यदि तपाईंले यो कपडाको खरीद मूल्यद्वारा यो वा त्यो किसिमको कपडा किन्नुहुनेछ र अनि पछि त्यो मलाई दान गर्नुहुनेछ", झन राम्रो कपडा पाउने आशाले (त्यसो गरेको) भएमा, यसबाट उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (८)

'जसले *पवारणा* गरेको छैन' को अर्थ हो जो व्यक्ति आफन्त पर्दैन, र जसले भिक्खुलाई चीवर आवश्यक भएमा भन्नू, भनी पवारणा गरेको छैन। यो तल *पवारणा* सम्बन्धी अर्को सिक्खापदमा व्याख्या गरिनेछ। भिक्खुलाई थाहा छ कि (गृहस्थी) जो आफन्त पर्दैन र पवारणा गरेको छैन, ले उसकोलागी एक चीवर किन्नेछ, तब उसलाई एक राम्रो र महँगो चीवर किन्ने सल्लाह दिन जान्छ, जब गृहस्थीले उसको निर्देशन अनुसार किन्छ, तब उसलाई प्रत्येक प्रयासकोलागी दुक्कट हुन्छ। जब उसले यो प्राप्त गर्दछ ऊसलाई निस्सग्गिय

Dhamma.Digital

पाचित्तिय हुन्छ। एकजना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

**इदं मे भन्ते चीवरं पुब्बे अप्पवारितेन अञ्ञातकं गहपतिकं उपसंकमित्वा चीवरे विकप्पं आपन्नं निस्सग्गियं। इमाहं आयस्मतो निस्सज्जामि।**

जसको अर्थ हो: "आदरणीय भन्ते, पहिले *पवारणा* नगरिकन नै आफन्त नपर्ने गृहस्थीलाई सम्पर्क गरी उसलाई चीवरको बारेमा निर्देशन दिएर (प्राप्त भएको) यो मेरो चीवर विसर्जन गर्नुपर्ने हो, म यो तपाईंलाई विसर्जन गर्दछु"।

'झन राम्रो चीवरको इच्छा गरी' भन्ने वाक्यांश रहेकोले यस सम्बन्धमा', विभंगमा व्याख्या गरिएको छ कि यदि गृहस्थीले धेरै महंगो चीवर दान गर्ने इच्छा गरेको थियो, तर भिक्खुले दान गर्न चाहनुहुन्छ भने कम मूल्यको चीवर किन्नलाई भन्छ भने उसलाई आपत्ति छैन।

बाँकी स्पष्टीकरण छैठौं चीवर याचना सम्बन्धी सिक्खापदसँग समान हो।

**९. नवौं सिक्खापदमा भनिएको छ:**

(यो हुन सक्छ कि दुई वा त्योभन्दा बढी) भिक्खुका आफन्त नपर्ने पुरुष वा महिला गृहस्थीहरूले एक्लाएक्लै कुनै भिक्खुलाई दान गर्ने सोचेर कपडाहरू किन्नेछन्, 'यी खरीद मूल्यद्वारा फलानो भिक्खुलाई दान गर्नकोलागी व्यक्तिगत कपडाहरू किन्नेछौं र व्यक्तिगत

कपडा फलानो नामका भिक्खुलाई दान गर्नेछौं"। यदि त्यो भिक्खुले पहिले पवारणा नगरीकन नै त्यहाँ जान्छ र कपडाको बारेमा यस प्रकार निर्देशन दिन्छ "उपासकहरूहो, यो धेरै राम्रो हुनेछ कि यदि तपाईंहरूले यी व्यक्तिगत कपडा किन्ने धनद्वारा त्यस्तो त्यस्तो किसिमका कपडा किन्नू, दुवैलाई एकसाथ बनाउनू, र त्यो मलाई दान गर्नू। झन असल कपडा पाउने इच्छाले यसो बोलेको भएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (९)

यो सिक्खापदको विषय अघिल्लो सिक्खापदको समान नै हो, फरक एउटामा मात्र छ, त्यो यो हो कि प्रत्येक दाताले व्यक्तिगत रूपमा विशेष रूपले सो भिक्खुकोलागी अलग भिन्नाभिन्नै तयार गरिएको छ, जसरी मानिसहरू एक नयाँ दीक्षित हुने भिक्खुलाई दान गर्दछन्।

अनि कुनै एकजना भिक्खु त्यहाँ जान्छ र कपडा किन्ने मूल्यहरू सबै एकत्र गरेर कपडा एक टुक्रा मात्र किन्न, वा कपडाको टुक्रा कम गर्न तर यसको गुणस्तर बढाउन भन्छ। तर भनेको जस्तो गर्दा गृहस्थीहरूले खरीद मूल्यमा थप गर्नु पर्दैन, अनि किन यसो गर्ने अनुमति छैन नि? यो बुझिन्छ कि गृहस्थीहरूले पहिले *पवारणा* गरेका छैनन्, त्यसैले यसो गर्नु भिक्खुकोलागी उपयुक्त छैन।

Dhamma.Digital

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

यदि कुनै राजा वा राजाका अधिकारी वा कुनै ब्राह्मण वा कुनै गृहस्थीले दूतको माध्यमद्वारा एकजना निर्दिष्ट भिक्खुकोलागी कपडा किन्ने मूल्य पठाउँछ, (यस्तो निर्देशनका साथमा कि), 'यो कपडा खरीद मूल्यद्वारा कपडा किन्नू र फलानो नामका भिक्खुलाई कपडा (चीवर) दान गर्नू, अनि यदि त्यो दूत भिक्खुकहाँ जान्छ र यस्तो भन्छ, "भन्ते, तपाईंकोलागी उद्देश्य गरेर यो कपडा किन्ने मूल्य चढाउन ल्याइएको छ; यो कपडाको खरीद मूल्य ग्रहण गर्नुहोस्", तब दूतलाई भिक्खुहरूले बताउनुपर्छ "(हे उपासक), हामी कपडाको मूल्य स्वीकार गर्दैनौं, तर हामी (उचित) समयमा कपडा (र उचित सामग्री) स्वीकार गर्दछौं, जुन कि हामीलाई स्वीकृत छ।" (अब) दूतले भिक्खुलाई भन्नुपर्छ "आदरणीय भन्तेका कोही कप्पियकारक/वैय्यावच्चकर (सेवक/ भण्डारी) छ कि?", (तब) भिक्खुले साथमा बस्ने सेवक भनी विहार सेवक अथवा कुनै गृहस्थी अनुयायी देखाउनुपर्छ र 'उपासक, हामी भिक्खुहरूका भण्डारी यिनी हुन्' भन्नुपर्छ। दूतले भण्डारीलाई निर्देशन दिइसकिएपछि भिक्खुलाई भेट्नआउनु पर्छ र यसो भन्नु पर्छ, "आदरणीय भन्ते, तपाईंद्वारा देखाइएका भण्डारीलाई मैले निर्देशन दिइसकेँ; भन्तेले (उचित) समयमा

Dhamma.Digital

चीवरकोलागी उसकहाँ जानुहोस् र उसले यो (तपाईंलाई) दान गर्नेछ", तब चीवर चाहिने बेलामा भिक्खुले भण्डारीलाई दुई वा तीन पटक सम्झाउन सकिन्छ (यस्तो भनेर), "उपासक, मलाई चीवर चाहियो।" यदि दुई वा तीन पटक बोलेर चीवर प्राप्त हुन्छ भने त्यो राम्रो हो; यदि प्राप्त हुँदैन भने (भिक्खु) थप चार पटक यस उद्देश्यकोलागी चुपचाप उभिन सक्छ, अधिकतम पाँच पटक वा छ पटकसम्म मात्र। यदि त्यस उद्देश्यकोलागी चार पटक चुप लागेर, पाँच पटक वा छ पटकसम्ममा सिद्ध हुन्छ भने त्यो राम्रो हो; तर यदि यो अझै सिद्ध भएन, र यदि थप प्रयास गरेर प्राप्त गर्दछ भने, तब उसलाई निस्सग्गिय पाचित्तिय आपत्ति हुन्छ, यदि सिद्ध भएन भने भिक्खु आफैं जानुपर्छ वा दूत पठाउनुपर्छ जहाँबाट चीवर खरीदको मूल्य पठाइएको थियो र (भन्नुपर्छ कि), "तपाईंको चीवर खरीदको मूल्य जुन भिक्खुकोलागी पठाइएको थियो, त्यो भिक्खुलाई केही पनि बिल्कुलै प्रदान गरिएको छैन; तपाईं सरोकारवालाले त्यो फिर्ता लिनुहोला, तपाईंको धन नाश नहोस्"। यो यहाँ गर्नुपर्ने उचित प्रक्रिया हो। (१०)

विभंगका रचनाकारले यो सिक्खापदको व्याख्यामा टिप्पणी गर्दा केवल केही आवश्यक शब्दहरू स्पष्ट गर्नुपर्ने गरेर दोहोर्याइएका छन्। म ती मध्ये केहीको उल्लेख गर्नेछु। भिक्खुद्वारा भण्डारी *(वैय्यावच्चकर)* लाई संकेत गर्नेमात्र

उल्लेख गरिएको छ र यो (१) भिक्खुले भण्डारीलाई खरीदको मूल्य जिम्मा दिनकोलागी दूतलाई आदेश दिन; तथा (२) भिक्खुले दूतलाई भण्डारीले मूल्य राख्नेछ, वा उसले त्यस मूल्यको चीवर उसलाई दान गर्नेछ भनी वचनबद्ध हुनु, (दुवै) निषेध गरिएका छन्।

किनकि मात्र सम्झना दिलाउने रूपले सादा शब्दमा भनिएको छ, "मलाई चीवर चाहियो"। विभंगका संग्रहकर्ताले भिक्खुलाई 'यो मलाई देऊ', 'यो ल्याएर मलाई देऊ', 'साटेर ल्याऊ', वा 'किनेर ल्याऊ' भन्नबाट निषेध गरेका छन्।

'मौन खडा हुनु' शब्द भएको कारणले, विभंगका लेखकले सुझाव दिएका छन् कि ऊ त्यहाँ आसनमा बस्न हुँदैन र कुनै पनि दानवस्तु ग्रहण गर्न हुँदैन, र कुनै धम्म सिकाउन हुँदैन। यदि उसलाई सोधियो कि, "तपाईं के कामकोलागी आउनुभएको हो? भिक्खुले जवाफ दिनुपर्छ 'तपाईंलाई थाहा हुनपर्छ"। यदि भिक्खु त्यस ठाउँमा बस्दछ भने, दान ग्रहण गर्दछ भने अथवा (भण्डारीलाई) धर्मदेशना गर्दछ भने त तदनुसार नै उभिनजाने काम घटाउनु पर्छ। स्मरण दिलाउने पटकहरू गणना गर्ने तरिका र उभिने पटकको तरिका निम्नानुसार छ: दुई पटक खडा हुनु एकपटक सम्झाउनुको बराबर हो, र यसरी साटफेर गर्न मिल्छ।

"भिक्खु आफै जानुपर्छ वा दूत पठाउनुपर्छ ...... यो यहाँ उचित प्रक्रिया हो", वाक्यको सन्दर्भमा अट्ठकथा आचरियले उल्लेख गरेका छन् कि यदि भिक्खुले यो काम गर्दैन

Dhamma.Digital

भने *वत्तभेद* भएकोले उसलाई दुक्कट हुन्छ, अर्थात् उसले उसकोलागी उचित कर्तव्य *(वत्त)* तोडेको छ।

मेरो रायमा यो विषय भिक्खुको अधिकारद्वारा निर्धारित हुनु पर्छ। विभंगका लेखकले भिक्खुलाई भण्डारीलाई क्रयमूल्य जिम्मा दिन दूतलाई आदेश दिनबाट निषेध गरेका छन्, ताकि भण्डारी मार्फत भिक्खुहरूले पैसा ग्रहण गर्ने काम नहोस्। अनि फेरि उनले भण्डारीले भिक्खुकोलागी रकम जिम्मा लिनेछ तथा उसले भिक्खुलाई (चीवर) किनमेल गरीदिनेछ भन्ने वचनबद्ध हुनमा पनि निषेध गरेका छन्, कारण माथिकै हो। अझ थप, लेखकले भिक्खुलाई भण्डारीलाई सम्झाउने काम सोझै गर्नमा पनि निषेध गरेको छ र यसबाट यो बुझियो कि दूतले भिक्खुलाई खरिद मूल्य (धन) मा अधिकार दिंदैन। तर भिक्खुलाई दूतले बताउन जाने कामले यो बुझिन्छ कि त्यो अधिकार भिक्खुलाई पहिले नै दिइसकिएको छ। तर यदि यसलाई अर्को तरिकाले राखेर हेरेमा, यो शब्दहरूसँग खेल्ने काम (शब्दजाल) मात्र हुनेछ। यहाँ भिक्खुलाई थप प्रयास गर्नबाट निषेध गरिएको छ, कारण सायद यो उपयुक्त छैन, यस कारणले होइन कि भिक्खुसँग अधिकार छैन, यदि उनीसँग अधिकार छैन भने दूतले कुन उद्देश्यकोलागी भिक्खुलाई दोहरो बताउन आउने होला?

एकजना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

Dhamma.Digital

**इदं मे भन्ते चीवरं अतिरेकतिक्खत्तुं चोदनाय अतिरेकछक्खत्तुं ठानेन अभिनिप्फादितं निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि।**

जसको अर्थ हो: "आदरणीय भन्ते, यो मेरो चीवर तीन पटकभन्दा बढि सम्झाउने र छ पटकभन्दा बढी उभिने कामद्वारा पूरा गरिएको हुनाले विसर्जनयोग्य भयो, म यो तपाईंलाई विसर्जन गर्छु"।

जब भिक्खुले भण्डारीलाई सम्झाइसकिएको छ र पूर्ण सीमासम्म उभिइसकिएको छ र यसलाई त्यागीसकिएको छ र अरू कुनै प्रयास गरिएको छैन, तब भण्डारी आफैले यो दान गरिएको छ, वा खरीद मूल्यको मालिकले नै आवश्यक प्रबन्ध गरी दान दिएको छ भने लिने भिक्खुलाई आपत्ति हुँदैन।

**दोस्रो वर्ग-गलैंचा आदि**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

भिक्खुले अफ्नो आसन गलैंचा (सन्थतं) रेशम मिसाएर बनाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१)

*सन्थतं* कपडाको टुक्रा हो। यो बुनिएको हुँदैन, बरू एकआपसमा टाँसिएको हुन्छ, भन्नुको मतलब यो हो कि शुरुमा बाख्राका ऊनका जटाहरू फिजाइन्छ र यसमा माड वा गोंदका अन्य प्रकार फिजाइन्छ जसले गर्दा ऊन साथमा टाँसिएर गलैंचा जस्तो बन्दछ। त्यसमा थप बाख्राका ऊन फिजाइन्छ र त्यसमाथि रोलर चलाईन्छ ताकि यो एक बाक्लो वा पातलो

पाता बन्छ, जस्तो कि भिक्खुलाई मन पर्छ। यो सिक्खापदमा भिक्खुले रेशम मिश्रण गरेर तथाकथित जुन गलैंचा बनाएको थियो, त्यसलाई निषेध गर्दछ (रोक्छ)। यदि उसले बनाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। भिक्खु आफैंले बनाउँछ वा अरूलाई यो शुरुदेखि अन्त्यसम्म नै पूरा बनाइदिनकोलागी अनुरोध गर्दछ, वा उसले आधा बनाइसकिएपछि सिध्याउनलाई अरूलाई अनुरोध गर्दछ, वा यसको उल्टो गर्दछ: ऊ यी सबै अवस्थामा निस्सग्गिय पाचित्तिय हुन्छ। संक्षेपमा, यसलाई चार गुना निस्सग्गिय आपत्ति, *चतुक्क निस्सग्गिय पाचित्तिय* भनिन्छ। अर्को भिक्खुद्वारा बनाइएको यस्तो गलैंचा प्रयोग गर्ने भिक्खुलाई दुक्कट आपत्ति हुन्छ। यदि उसले यसलाई सिरानीखोलको रूपमा वा डसनाखोलको रूपमा प्रयोग गरेमा, उसलाई आपत्ति हुँदैन। यो बुझ्नु पर्छ कि यस सिक्खापदको उद्देश्य भिक्खुलाई रेशमका कीराहरू (उनीहरूको रेशमकोलागी) उमालेर मारिन्छन्, त्यसलाई रोक्नु हो तर शब्दले त यस प्रकारको गलैंचा जुनलाई *सन्थतं* भनिन्छ, लाई मात्र निषेध गरिएको छ, यसैले विभंगका लेखक भन्छन्: अन्य तरिकाहरूले प्रयोग गरिएमा उसलाई आपत्ति हुँदैन। यस विषयको सन्दर्भमा विभंगका लेखकले यहाँ केही स्थानहरूमा एक मामूली अपराधको रूपमा दुक्कट उल्लेख गरेका छन्। म मान्दछु कि भिक्खुले यो गलैंचा बाहेक अन्य वस्तुहरू उपयोग गर्दछ, तर पनि ऊ दोष मुक्त छैन, त्यसैले उसले दुक्कट आपत्ति स्वीकार्नु पर्छ। यो सम्भव छ कि यस प्रकारको गलैंचा जनताद्वारा पनि प्रयोग

Dhamma.Digital

गरिन्थ्यो त्यसैले भिक्खुलाई आपत्ति नलगाइएको होला। त्यसैले विभंगका लेखक व्याख्या गर्दछन् कि भिक्खुलाई आपत्ति छैन। एक उचित स्पष्टीकरण निम्नानुसार गरिनुपर्छः यदि भिक्खुले आसनकोलागी वा कुनै अन्य प्रकारको प्रयोगकोलागी यो आफैं बनाउँछ वा अरूलाई बनाउन लगाउँछ भने उसलाई दुक्कट हुन्छ; यदि उसले अर्को (व्यक्ति) द्वारा बनाईएको प्रयोग गर्दछ भने उसलाई आपत्ति छैन।

**२. दोस्रो सिक्खापदमा भनिएको छः**

> भिक्खुले शुद्ध कालो बाख्राको ऊनबाट गलैंचा बनाएमा उसलाई निस्सग्गिय पाचित्तिय आपत्ति हुन्छ। (१२)

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

> भिक्खुले शुद्ध कालो बाख्राको ऊनको नयाँ गलैंचा बनाउँदा उसले शुद्ध कालो बाख्राको ऊन दुई भाग र सेतोको एक भाग, र खैरो-खैरोको एक भाग मिसाउनु पर्छ। यदि भिक्खुले शुद्ध कालो बाख्राको ऊन दुई भाग, एकतिहाई भाग सेतोको र चौथाई खैरोखैरोको नमिसाईकन बनाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१३)

यो सिक्खापदको उद्देश्य कालो बाख्राको ऊन चार भागमा दुई वा आधाभन्दा बढी भागको प्रयोग रोक्नकोलागी हो। यसले भिक्खुलाई सेतो वा खैरो-खैरो ऊन, एकचौथाइभन्दा बढी

भाग वा पूर्णरूपले यसको प्रयोगमा निषेध गर्दैन। किन कालो बाख्राको ऊनको उपयोग गर्नु हुदैन, मैले बुझेको छैन।[10] मूल कथामा यो भनिएको छ कि यस्तो प्रयोग गर्नु 'गृहस्थीहरूको जस्तो' भयो। सायद यो भिक्खुहरूद्वारा मन नपराइएको रंग थियो, जस्तो कि *छलाभिजाति* (मनुष्यहरूका छवटा वर्गहरू) मा क्रूर, कालो मन भएको मान्छेलाई कालो रंगको भनी वर्णन गरिएको छ।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले नयाँ गलैंचा बनाएपछि उसले यो छ वर्षसम्म टिकाउनु पर्छ। यदि उसले भिक्खुहरूको अनुमति बिना नयाँ गलैंचा छ वर्ष भित्र बनाएमा, चाहे पहिलेको (झुत्रो भएर) बिचमा छोडिएको होस्, वा नहोस्, यसले उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१४)

पालि भाषाको वाक्पद्धतिमा एक वर्षलाई 'एक वर्षा' भनिन्छ। बदल्नुकोलागी *सन्थत* आसनको उपयोगको आयु छ वर्षको सीमा एक छोटो अवधि हो। योभन्दा लामो समयसम्म प्रयोग गर्न निषेध छैन। (अगावै बदल्नुकोलागी) भिक्खुले भिक्खुहरूको अनुमति प्राप्त गरेको अवस्था एक अपवाद हो। यो

---

[10] .यो सम्भावना छ कि पूरा कालो बाख्राको ऊन विशेष विलासितापूर्ण मानिन्थ्यो र तसर्थ उचित छैन। (अंग्रेजी अनुवादकको टिप्पणी)

Dhamma.Digital

कुरा मूल घटनामा वर्णन गरिएको छ कि कसरी भगवान् बुद्धले एकजना बिरामि भिक्खुको मामिला उल्लेख गर्नुभयो। बिरामि भिक्खुका आफन्तहरू उसको उपचारकोलागी उनीहरूसँग राख्न लैजान चाहन्थे। बिरामि भिक्खु आफ्नो आसन आफूसँगै लैजान सक्दैनथ्यो र यो बिना ऊ खुशी थिएन। यो कथा बुझ्न धेरै गाह्रो छ। यस कथालाई स्पष्ट पार्न यो भनिएको छ कि यदि भिक्खुले आफ्नो पुरानो सन्थत आसन गुमाएको छ भने उसलाई नयाँ बनाउनकोलागी पक्कै पनि अनुमति दिइनुपर्छ।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले बस्ने गलैंचा बनाउँदा यसलाई भद्दा बनाउनकोलागी पुरानो आसनको (गोल वा वर्गाकार टुक्रा) (भगवान) सुगतको हातको एकबित्ता फराकिलो टुक्रा त्यसमा समावेश गर्नुपर्छ। यदि भिक्खुले सुगतको हातको एकबित्ता फराकिलो पुरानो आसनको टुक्रा समावेश नगरीकन नयाँ आसन बनाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१५)

यो एक ठाउँमा मात्र 'बस्ने' शब्द छ। विभंगमा यसका रचनाकार व्याख्या गर्छन् कि *सन्थत*मा किनारा छ तर उनी स्पष्टसँग व्याख्या गर्दैनन्। 'एक सुगत-बित्ता फराकिलो' को सन्दर्भमा उनले व्याख्या गरेका छन् कि त्यो या त गोल वा वर्ग आकारको हुनुपर्छ। पुरानो गलैंचा भनेको प्रयोग गरिसकिएको *सन्थत* भनेको हो। विभंगमा किन यस्तो व्याख्या

Dhamma.Digital

गरिएको हो "एक पटक मात्र भए पनि तल लगाइसकिएको (चीवर), माथि लगाइसकिएको (चीवर)'? यो व्याख्या चीवरवग्गको (पुरानो चीवर सम्बन्धी) अघिल्लो सिक्खापदसँग उनको भ्रम भएको हो।

भिक्खुलाई निम्न विषयहरूमा आपत्ति छैन: उसले नयाँ आसनको एक कुनामा जोड्नकोलागी प्रयोग गरिसकिएको आसनको एक सुगत-बित्ता फराकिलो टुक्रा लिन्छ, वा उसले पुरानोलाई च्यातेर नयाँ बाख्राको ऊनसँग मिसाउँछ। यदि पुरानो *सन्थत* उपलब्ध छैन भने, र भिक्खुले यसमा थोरै मात्र मिसाउँछ वा बिल्कुल मिसाउँदैन, वा अरूले बनाएको लिएर यसलाई प्रयोग गर्दछभने उसलाई आपत्ति हुँदैन।
(यो सिक्खापद सम्बन्धी टिप्पणी प्रस्तावनामा हेर्नुहोस्)।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> यात्रामा गईरहँदा भिक्खुलाई बाख्राको ऊन प्राप्त भएमा उसले चाहेमा स्वीकार गर्न सकिन्छ; यो स्वीकार गरिसकिएपछि यदि यो बोकिदिने मानिस छैन भने (उसले आफ्नै) हातले तीन लीग (योजन) सम्म अधिकतम लान मिल्छ; अझ यदि उसलाई बोकीदिने अरू कोही भएन र उसले योभन्दा बढि टाढा आफैले बोकेर लगेमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१६)

सियाम (थाइलैंड) देशमा एक योजन बराबर ४०० सेन हो। यो कसरी मापन गरिन्छ भन्ने विषय यस पुस्तकको

Dhamma.Digital

अन्तिम अध्यायमा दिईनेछ। बुनिएको बाख्रा-ऊन कपडालाई यहाँ सामेल गरिएको छैन। यदि भिक्खुले कुनै निश्चित समयमा (तीन योजन भित्र) को बाटोमा रोकिन्छ भने, (अर्को दिनमा) उसले अझ साथमा लैजान सक्छ।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले आफ्नो आफन्त नपरेकी भिक्खुनीलाई बाख्राको ऊन धुन लगाएमा, रंगाउन लगाएमा अथवा कांगियो लगाउन लगाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१७)

यस सम्बन्धी सबै स्पष्टीकरण *चीवरवग्ग*को चौठो सिक्खापदमा रहेको पुरानो चीवर सम्बन्धी जस्तो नै बुझ्नुपर्छ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले पैसा ग्रहण गर्छ, वा आफ्नो लागी अरूलाई ग्रहण गर्न लगाउँछ, वा पैसा (उसकोलागी राखिएको सुन, चाँदी, असर्फी) ग्रहण गर्नमा खुशी हुन्छ, यसले उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (१८)

*"जातरूपरजत"* शब्दले सर्वप्रथम त व्यक्तिगत सजाउने वस्तुहरू (सुन र चाँदीका गहनाहरू) लाई बुझाउँछ, दोस्रो धातुका पिण्डहरूलाई र तेस्रो *'रूपैयाँ,* मुद्रा' लाई बुझाउँछ, जुन कि किन्न र बेच्नकोलागी उपयोगी वस्तुहरू हुन् र यसले सुन र चाँदीलाई मात्र नभई कुनै पनि प्रयोग गर्न सकिने

वस्तुलाई बुझाउँछ। माथि उल्लेखित सबै चीजहरू यस पदमा सामेल गरिएका छन्।" उसकोलागी राखिएको पैसामा खुशी हुनु" भन्ने वाक्यांशले यो सुझाव दिन्छ कि यदि यो मात्र *चित्तुपपाद* (एक मानसिक स्थितिको उद्भव हुनु) होभने उसलाई आपत्ति हुँदैन होला,त्यसो भएकोले यसले भिक्खुद्वारा यसलाई ग्रहण गर्ने क्रियाकलापलाई र यसमाथि अधिकार जमाइ राख्नुलाई समेत अवश्य बुझाउँछ।

विसर्जन गर्नुपर्ने *जातरूपरजत* संघको माझमा विसर्जन गर्नुपर्छ। त्यो विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **अहं भन्ते रूपियं पटिग्गहेसिं, इदम्मे निस्सग्गियं, इमाहं संघस्स निस्सज्जामि।**

जसको अर्थ यस्तो हो: "आदरणीय भन्ते, मैले *रूपैयाँ* स्वीकार गरेको छु जो विसर्जनयोग्य हो, म यो संघमा विसर्जन गर्दछु।" यो विसर्जन गरिएको पैसासँग कसरी व्यवहार गर्नुपर्छ? यो सिकाईन्छ कि संघले यो कुनै *उपासक*लाई दिनु पर्छ जो त्यहाँ आइराखेको हुन्छ। यदि उसले यो लिन चाहेन भने उसलाई यो फ्याँकीदेऊ भन्नुपर्छ। यदि उसले संघको अनुरोध स्वीकार गर्दैन भने, कुनै एकजना भिक्खुलाई फ्याँक्ने व्यक्तिको रूपमा मनोनीत गरिनु पर्छ, जसका 'पाँच गुणहरू छन: चारवटा *अगति*द्वारा प्रभावित नभएको, र साँच्चिकै फालिएको वा नफालिएको भन्ने जानेको। यस्ता भिक्खुले विसर्जन गरिएको यो धनलाई कहाँ खस्यो भन्ने वास्ता नगरिकन फाल्नुपर्छ, यदि

Dhamma.Digital

उसले त्यो खसेको स्थान याद राखेमा उसलाई दुक्कट आपत्ति हुन्छ।

यस सिक्खापदमा आपत्ति *अचित्तक* हो। मलाई यस्तो लाग्छ कि यो प्रारम्भिक समयमा कडाइकासाथ निषेध गरिएको थियो, तर पछि अन्य ठाउँहरूमा खुकुलोकोलागी भगवानबाट स्वीकृति भयो, उदाहरणकोलागी, यदि गृहस्थीले *कप्पियकारक* (भिक्खुलाई उपयुक्त बनाइ चढाउने व्यक्ति) को हातमा *रूपैयाँ* हालीदिन्छ, र भन्छ कि कृपया भिक्खुलाई उचित वस्तुहरू दान गर्नुहोला। यस अवस्थामा भगवान बुद्धले भिक्खुहरूलाई अनुमति दिनुभएको छ कि त्यस *रूपैयाँ*बाट प्राप्त भएको जुनसुकै उपयुक्त वस्तु खुशीसाथ ग्रहण गर्नु। तर उहाँ भिक्खुलाई त्यस *रूपैयाँ* देखिखुशी हुनबाट निषेध गर्नुहुन्छ। तर तब त यो वाक्यांश भन्दा धेरै फरक छैन, **"उपनिक्कितं वा सादियेय्य**,"उसकोलागी राखिएको पैसाबाट खुसी हुनु। यो मात्र भनिएको छ कि, 'उसले जात-रूप,-रजतमा शक्ति (वा अधिकार) जमाउनु हुँदैन, तर जात-रूप-रजतबाट प्राप्त भएको उपयुक्त वस्तुमा हुन्छ। यो मामिलासेठ मेण्डकबाट अस्तित्वमा आएको हो जब भगवान बुद्धले पहिलो पटक उनलाई यस्तो उपयुक्त चीजहरू दान गर्न अनुमति दिनुभयो, जुनलाई 'मेण्डक-स्वीकृति' (मेण्डकानुञ्ञात) भनिन्छ।

Dhamma.Digital

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले पैसासँग विभिन्न प्रकारका वस्तुहरू विनिमय (किनबेच) गरेमा उसलाई निस्सग्गिय पाचित्तिय आपत्ति लाग्नेछ। (१९)

यहाँ *रूपैयाँ* भनी सुन, पैसा वा अन्य सामाग्रीहरू जो सामान्यतया विनिमयको आधारको रूपमा स्वीकार गरिन्छ, लाई जनाउँछ। पैसाद्वारा विभिन्न प्रकारका बेचबिखनमा संलग्न हुनुको मतलब *रूपैयाँ*द्वारा अनेक प्रकारका आवश्यक वस्तुहरू किन्नकोलागी, श्रमिकको ज्याला तिर्नकोलागी, अथवा केही अरू काम कुराको बदलामा तिर्नकोलागी प्रयोग गर्नु हो। यस सिक्खापदको लाभ भिक्खुलाई विसर्जन योग्य निस्सग्गिय पाचित्तिय हुने *जात-रूप-रजत* प्रयोग गरेर अघिल्लो सिक्खापदमा उल्लिखित आवश्यक वस्तुहरू किन्नु, श्रमिकको ज्याला तिर्नु आदि गर्नबाट रोक्नु हो। यो मेरो आफ्नै व्याख्या हो, धम्म-व्यवस्थापक आचरियले अर्को तरिकाले व्याख्या गरेका छन्। *जात-रूप-रजत* जो गहना वा पिण्डको रूपमा छन् त्यसलाई यो पछिल्लो सिक्खापदमा व्याख्या गरिनुपर्छ, तर यहाँ भने "पैसाद्वारा लेनदेन गर्नु" लाई आचरियद्वारा यस तरिकाले व्याख्या गरिएको छ: भिक्खुले गहनासँग गहना आदान-प्रदान गरेमा, धातुको पिण्ड अर्को धातुको पिण्डसँग आदान-प्रदान गरेमा, वा अरू कुनै प्रकारको मिश्रित वस्तुको आदान-प्रदान गरेमा, (जस्तो कि) धातुपिण्ड दिएर गहना लिएमा। म बुझ्दछु कि जो भिक्खुले यस्तो गरेको छ उसलाई यो पछिल्लो

सिक्खापदद्वारा निषेध गरिएको छ। यस सिक्खापदको अर्थ पछिल्लोसँग दोहरिएको मान्नु हुँदैन। यस सिक्खापदमा विसर्जनयोग्य वस्तुलाई पछिल्लो सिक्खापदमा भए मुताबिक संघको माझमा विसर्जन गर्नुपर्छ। विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **अहं भन्ते नानप्पकारकं रूपियसंवोहारं समापज्जिं इदं मे निस्सग्गियं, इमाहं संघस्स निस्सज्जामि।**

अर्थ: "आदरणीय भन्ते, म रुपैयाँसँग विभिन्न प्रकारको लेनदेनमा संलग्न भएँ र यो मेरो धन विसर्जनीय हो, म यो संघलाई विसर्जन गर्दछु"।

ज्यामीको ज्याला विसर्जन गर्न नसकिने हुनाले भिक्खुले आपत्ति देशना मात्र गर्नुपर्छ।

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

> भिक्खु विभिन्न प्रकारले किनबेचमा संलग्न भएमा यसले उसलाई निस्सग्गिय पाचित्तिय आपति हुन्छ। (२०)

यस मामिलामा किनबेच गर्नु भनेको लेनदेन गर्नु हो, वा अन्य उपयुक्त चीजहरूसँग उपयुक्त चीजहरू स्वीकार गर्नु हो, उदाहरणकोलागी किसानहरूको बीचमा हुने लेनदेनमा अनाज चामल दिएर उसलाई अरू जे जे चाहिन्छ लिनु हो, *रूपैयाँ* सँग किन्नु र बेच्नुलाई पछिल्ला दुईवटा सिक्खापदहरूमा निषेध गरिएको छ। यस कुरालाई ध्यानमा राखी, सामग्रीको आदान

Dhamma.Digital

प्रदान जसलाई वस्तुविनिमयको रूपमा गिनाईएको छैन, मागधी भाषामा *'परिवत्तकं'* भनिएको छ, (जस्तो कि चीवरसँग साटफेर गर्नु आदि) लाई पनि यस सिक्खापदमा सामेल गरिएको छ। किनभने यो भगवान बुद्‌धद्‌वारा सहधर्मिक साथीहरू (अर्थात्, भिक्खु तथा सामणेरहरू) का बीचमा आदान-प्रदान गर्नकोलागी स्पष्ट रूपमा अनुमति दिईएको छ, त्यसैलेयो सिक्खापदले अरू गृहस्थीहरूसँग लेनदेन गर्नमा मात्र निषेध गरिएको छ। यो सुझाव दिइएको छ कि यो सिक्खापदमा विसर्जन गर्नुपर्ने वस्तु संघमा, वा एकजना भिक्खुमा विसर्जन गर्नु हो। एकजना भिक्खुमा विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **अहं भन्ते नानप्पकारकं कयविक्कयं समापज्जिं, इदं मे निस्सग्गियं। इमाहं आयस्मतो निस्सज्जामि।**

जसको अर्थ हो: "आदरणीय भन्ते, म विभिन्न प्रकारको किन्नु र बेच्नुमा संलग्न भएँ, मेरो यो धन विसर्जन गर्नुपर्ने हो। म तपाईंलाई विसर्जन गर्छु"।

यदि भिक्खुले (पसल) मालिकसँग कुनै चीजको मूल्य सोध्छ र उसले आफ्नो भण्डारीलाई आफूलाई सामान आवश्यक भएको सूचना दिन्छ भने उसलाई आपत्ति हुँदैन।

Dhamma.Digital

**तेस्रो वर्ग-पात्र आदि**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अतिरिक्त पात्र बढीसे बढी दस दिनसम्म राख्न मिल्छ। त्यो अवधि पार भयोभने निस्सग्गिय पाचित्तिय हुन्छ (२१)

भिक्षापात्र, जुन कि माटोको वा फलामको बनेको हुन सक्छ र आकारमा फरक हुन सक्छ, सानो, मध्यम वा ठूलो हुन सक्छ, अन्य ठाउँहरूमा व्याख्या गरिएको छ कि यो भगवान बुद्धद्वारा भिक्खुहरूको एक आवश्यक परिष्कारको रूपमा अनुमति छ र एकजना भिक्खुलाई केवल एउटा पात्र मात्र राख्ने उहाँको अनुमति छ। भिक्खुद्वारा उसको आवश्यक परिष्कारको रूपमा अधिष्ठान गरिएको पात्रलाई उसले अधिष्ठान गरिएको पात्र *(अधिट्ठान-पत्त)* भनिन्छ। यसबाहेक दोस्रो पात्र र अरू-अरूलाई 'अतिरिक्त पात्र' *(अतिरेक-पत्त)* भनिन्छ। यो अतिरिक्त पात्र भन्ने वस्तु भगवान बुद्धद्वारा अधिकतम दश दिनसम्म मात्र राख्नकोलागी अनुमति दिइएको छ, यो चीवरभन्दा फरक छ, जुन कि केही अवस्थामा दस दिनभन्दा बढी पनि राख्न सकिन्छ। भिक्खुले आफ्नो अतिरिक्त पात्र दश दिनको म्याद नाघ्नेगरी राख्योभने उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ।

एक जना भिक्खुमा अतिरिक्त पात्र विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

> **अयं मे भन्ते पत्तो दसाहातिक्कन्तो निस्सग्गियो, इमाहं आयस्मतो निस्सज्जामि।**

Dhamma.Digital

अर्थ: "आदरणीय भन्ते, यो मेरो पात्र दस दिनभन्दा बढी राखिएकोले विसर्जन गर्नुपरेको छ, म यो तपाईंलाई विसर्जन गर्छु"। यो फिर्ता दिने विधीवाक्य यस्तो छ:

**इमं पत्तं आयस्मतो दम्मि।**

जसको अर्थ हो: "म यो पात्र आयष्मानलाई दिन्छु।" भिक्खुले विसर्जन गर्नुपर्ने अतिरिक्त पात्र जानाजान प्रयोग गरिरहन्छ भने उसलाई दुक्कट आपत्ति हुन्छ। भगवान बुद्धले भिक्खुलाई चीवर जस्तै नै पात्र पनि विकप्प (त्याग) गर्ने अनुमति दिनुहुन्छ। बाँकी व्याख्या भिक्खुको अतिरिक्त चीवर सम्बन्धी सिक्खापदमा जस्तो नै बुझ्नुपर्छ।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले उसको पात्रमा कमसेकम पाँच ठाउँमा मर्मत नगरिंदै नयाँ पात्र साटेमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। यो भिक्खुले भिक्खुसंघको भेलामा सो नयाँ पात्र विसर्जन गर्नुपर्छ। भिक्खुसंघले भिक्खुले पहिले फर्काएको पात्र नै उसलाई दिनुपर्छ र साथमा (भन्नुपर्छ) "हे भिक्खु, यो तपाईंको पात्र हो र यो नफुटेसम्म चलाईराख्नु पर्छ"। यो यहाँ उचित प्रक्रिया हो। (२२)

दुई औंलाभन्दा लामो चिरोलाई पात्रको एक मर्मतको रूपमा गणना गरिन्छ। जबसम्म यसको लम्बाई यसभन्दा कम छ, यसको गिन्ती गरिंदैन। विभंगमा, *'चेतापेय्य'* भन्ने शब्दलाई अनुरोधको रूपमा व्याख्या गरिएको छ। यो सुझाव दिईन्छ कि

यो सिक्खापदमा पात्र विसर्जन संघको भेलामा गर्नुपर्छ। तब संघले एक निश्चित भिक्खुलाई पात्र साट्ने पदाधिकारी भएको घोषणा गर्नुपर्छ जो पूर्वाग्रहद्वारा अभिभूत छैन र जो जान्दछ कि यो मामिलासँग कसरी व्यवहार गर्ने। त्यो भिक्खुले त्यो नयाँ पात्र सबैभन्दा वरिष्ठ थेरलाई हस्तान्तरण गर्न ल्याउनुपर्छ, वरिष्ठतम स्थविरको पात्र दोस्रो सबैभन्दा वरिष्ठलाई हस्तान्तरण गर्नुपर्छ, र यस्तै तेस्रो, चौथो गर्दै त्यस संघमा सबभन्दा नयाँ भिक्खुलाई हस्तान्तरण गर्नुपर्छ। त्यो सबैभन्दा नयाँ भिक्खुको पात्र लिएर अधिकारी भिक्खुले त्यो भिक्खुलाई प्रयोग गर्नकोलागी हातमा दिनुपर्छ। यहि प्रक्रियाद्वारा भिक्खुले असल पात्र पाउने आशाले खराब पात्र अधिष्ठान गर्नबाट निषेध गर्ने विधीबाक्य छ। जो भिक्खुले यस्तो गर्दछ उसलाई दुक्कट आपत्ति हुन्छ।

यस पात्र साट्ने प्रक्रियाद्वारा वरिष्ठतमदेखि लिएर नवीनतम भिक्खु गरी सबैजनालाई फाइदा पुग्ने जस्तो देखिन्छ, तर वास्तवमा यस प्रक्रियाले त्यो समूहका सारा भिक्खुहरूलाई एकजना भिक्खुको निस्सग्गिय पाचित्तियको दोषमा संलग्न गराएको छ। तसर्थ यत्तिमा नै पर्याप्त देखिंदैन, अरू नै केही कारण हुनुपर्छ जुन यस प्रक्रियाभित्र लुकेको छ। तर त्यो मैले देख्न सकेको छैन। विनयमा विशेषज्ञहरूले भविष्यमा यस मामिलामा सोच्न सक्छन्।

Dhamma.Digital

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

> बिरामि भिक्खुकोलागी उपचारार्थ खाइने औषधीहरू यी छन्- घिउ, मक्खन, तेल, मह, गुड़। यी वस्तुहरू ग्रहण गरिसकिएपछि तिनलाई भण्डारमा राख्नुपर्छ र बढीसे बढी सात दिनसम्म प्रयोग गरिन्छ। यदि त्यो अवधि पार भयो भने, यो निस्सग्गिय पाचित्तिय हुन्छ। (२३)

विभंगमा, पाँच थरी औषधीहरू यस प्रकार व्याख्या गरिएको छः घिउ र मक्खन या त गाई, बाख्रा वा भैंसीको दूधबाट बनेको, वा कुनै पनि जनावरको दूधबाट बनेको होस्, भिक्खुहरूकोलागी स्वीकार्य छ। तेल भनेको तिल, तोरी, महुआ (Bassia latifolia), अरंडी तेलफल वा जनावरको बोसोबाट उत्पन्न भएको हुन्छ। मह माहुरीद्वारा संचित गरिएको तरल पदार्थ हो। गुड़ एक गुलियो तरल पदार्थ हो जुन कि उखु पेलेर निकालिन्छ।

यो माथि दिएको व्याख्यालाई आधार लिएर केही स्थविरहरूले ताडबाट उत्पन्न चिनीलाई आपत्ति जनाएका छन्। उनीहरूले यस मामिलाको शाब्दिक व्याख्या मन पराउँछन् र यसको अर्थमा ध्यान दिंदैनन्। मेरो राय यो छ कि गुलियो तरल उखुबाट उत्पन्न, चिनी ताड फलबाट वा अन्य स्रोतहरूबाट पाएको पनि बराबर नै उपयोग गर्न मिल्छ, यी चिनीका अन्य स्रोतहरूलाई उनीहरूद्वारा आपत्ति हुनु हुँदैन। (सियाममा) आम मानिसहरू यो विषय यस्तै बुझ्छन् र सबै प्रकारका गुलियो तरल पदार्थहरू (र डल्ले चिनी, सख्खर?) समेतलाई

https://dhamma.digital

(शाब्दिकरूपले, नांतान्) ताडको पानी भन्छन्। यी सबैलाई यस नामले सम्बोधन गर्नुको कारण यो हो कि उनीहरूले पहिले ताडबाट बनेका चिनी भेट्टाए तथा त्यसको उपयोग गरे। (सायद उखु पृथ्वीको यो भागको स्थानीय वनस्पति होइन)। पछि, उनीहरूले पत्ता लगाए कि 'ताडको पानी' (चिनी) नरिवल-ताड (coconut palm) बाट, उखुबाट, अथवा अरू स्रोतहरूबाट पाउन सकिन्छ, तर उनीहरू अझै पनि शब्दार्थलाई सही बनाउनुमा भन्दा पनि यसको असली अर्थमा ध्यान दिएर सबैलाई' ताड-पानी '(sugar-palm लाई थाइ नामबाट) भनिन्छ। विभंगमा दिइएको *फाणित* (सख्खर) शब्दको स्पष्टीकरण यस्तो छ: उखुबाट उत्पन्न भएको गुलियो तरल पदार्थ, संक्षेपमा उखुको रस हो। त्यो ठाउँ (भारत) मा मामिला उहि हो, जहाँका मानिसहरूले पहिले *फाणित*बाट चिनी पत्ता लगाए, र अनिपछि यो शब्द पछि पत्ता लागेका सबै थरीका चिनी (गुलियो) हरूकोलागी प्रयोग गरे। यसको एउटा अर्को उदाहरण यो हो कि मगधका मानिसहरूले तेल सर्वप्रथम तिलबाट पाए, जुनलाई *तिलं* भनिन्छ, त्यसो हुनाले उनीहरूले यसलाई *तेलं* भन्ने नाम दिए। पछि, उनीहरूलाई थाहा भयो कि *तेलं* अरू बिउहरूबाट, अथवा पशुको चर्बीबाट पनि पाउन सकिन्छ, तर अझै पनि त्यसलाई *तेलं* नै भनिरहे। यदि केही थेरहरूले गुलियो भनेको उखुबाट मात्र पाइन्छ भनी बुझेको भए उनीहरूले गुलियो खान नै पूर्णरूपले छोड्नुपर्ला, किनकि आजका यी गुलिया वस्तुहरू उखुबाट मात्र आएको भन्ने कुरो उनीहरूले कसरी थाहा पाउने?

माथि उल्लेखित औषधी भगवान बुद्धद्वारा किन सात दिनसम्म मात्र प्रयोग गर्नकोलागी अनुमति दिईयो भन्ने प्रश्नको बारेमा, म बुझ्छु कि ती चीजहरू कुहिने, बासी वा अमिलो हुनबाट रोक्नकोलागी हो। जे होस्, जो भिक्खुले ती बस्तुहरू सात दिनभन्दा बढी राख्दछ उसलाई निस्सगिय पाचित्तिय हुन्छ। एकजना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य निम्नानुसार छ:

**इदं मे भन्ते भेसज्जं सत्ताहातिक्कन्तं निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि।**

जसको अर्थ हो: "आदरणीय भन्ते, यो मेरो औषधी सात दिनभन्दा बढी राखिएको हो र विसर्जनयोग्य छ, म यो तपाईंलाई विसर्जन गर्छु।" यो फिर्ता दिने विधीवाक्य निम्नानुसार छ:

**इमं भेसज्जं आयस्मतो दम्मि।**

अर्थ: " म यो औषधी तपाईंलाई दिन्छु"। यो सल्लाह दिईन्छ कि औषधी जो विसर्जन गरिएपछि फिर्ता आएको हो, त्यो विसर्जन गर्ने वा अरू कोही पनि भिक्खुद्वारा उपभोग गर्नु हुँदैन। यसलाई अन्य तरिकाहरूले प्रयोग गरिनुपर्छ जस्तै दीपककोलागी ईन्धन वा रंगसँग मिसाउन। (तेलको मामिलामा) अन्य भिक्खुहरूले अन्य तरिकाद्वारा प्रयोग गर्ने स्वीकृति छ जस्तो कि उनीहरूको शरीरमा घस्न। यसलाई प्राप्त गर्ने समयमा जो भिक्खुले निर्णय गरेको हुन्छ कि म यो औषधीको रूपमा प्रयोग नगर्ने, उसलाई आपत्ति छैन चाहे उसले सात

दिनभन्दा बढी राख्छ। यो याद राख्नु राम्रो हुन्छ कि यदि यो हरायो, वा भिक्खुले सात दिनभित्र आफ्नो अधिकार गुमायो अनि त दुवै अवस्थामा यो ओषधीको रूपमा रहेन रआपत्तिको आधार हुन सक्दैन। यो भनिएको छ कि यदि भिक्खुले कुनै *उपसम्पदा* नभएको व्यक्तिलाई दिन्छ, र जसले उसलाई फिर्ता दिन्छ, उसले फेरि उपभोग गर्नसक्छ। यदि औषधी सात दिनभन्दा बढी राख्योभने अरू भिक्खुहरूले पनि उपभोग गर्न हुँदैन। सम्भवतः यो पनि उचित छैन तर तिनीहरूलाई निस्सग्गिय पाचित्तिय आपत्ति लगाउन मिल्दैन।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले ग्रीष्मऋतुको अन्तिम एक महिना बाँकी रहेको हिसाब गरेर (जानेर) त्यस अवस्थादेखि मात्र वर्षा-कपडा (वा सामाग्री) खोजी गर्न सक्छ र यो (कपडा) उसले गृष्म ऋतुको अन्तिम एक पक्ष बाँकी रहेको अवस्थादेखि मात्र लगाउन मिल्छ। यदि उसले वर्षाको कपडा (वा सामाग्री) गृष्म ऋतुको अन्तिम एक महिनाभन्दा पहिले नै खोज्छ र त्यस ऋतुको अन्तिम पक्षभन्दा पहिले नै लगाउँछ भने उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (२४)

वर्षा-कपडा अतिरिक्त र अस्थायी प्रत्यय (जरूरी वस्तु) को रूपमा भगवान बुद्धद्वारा अनुमति छ। भिक्खुले यसलाई वर्षाको चार महिनासम्म लगाउने अधिष्ठान गर्न मिल्छ। त्यो नाघेपछि त्यसलाई विकप्प (त्याग) गर्ने चलन छ। यो

सिक्खापदमा वर्षाको शुरुवातको एक महिना पहिले यो खोज्नकोलागी भगवान बुद्ध अनुमति दिनुहुन्छ, त्यो भनेको सातौं महिनामा कृष्णपक्षको प्रतिपदाको अघिल्लो दिन हो *(जेट्ठमास)* देखि लिएर आठौं महिना *(आषाल्हमास)* को १५ औं दिनसम्म, र यो तयार गरिसकेपछि, उनीहरूले यो वर्षाऋतुभन्दा पन्ध्र दिन अगाडिदेखि लगाउन सक्छन्, त्यसको मतलब हो *आषाल्ह* मासको शुक्लपक्षको प्रतिपदादेखि पूर्णिमासम्ममा लगाउन थाल्न मिल्छ।" भगवान बुद्ध उनीहरूलाई यो खोज्न अनुमति दिनुहुन्छ" भन्ने वाक्यांशले लक्षित गर्दछ कि उनीहरूलाई केही विशेषाधिकार दिइएको हुनुपर्छ, जस्तै उनीहरूले सीधा यसकोलागी याचना गर्न सक्छ, र यसलाई अरू सामान्य चीवरभन्दा लामो समयसम्म राख्न मिल्छ। तर यो सीधै याचना गर्ने कामलाई विभंगमा निषेध गरिएको छ, पछि भिक्खुलाई यति मात्र भन्नकोलागी अनुमति दिईन्छ, 'अहिले वर्षाको कपडाको समय आएको छ' तर संगीतिकार (संगायन गर्ने) ले यो बताउँदैन कि यो (अतिरिक्त कपडा आदिको आदर्श/नियम) कस्तो हुन्छ। यो खोज्ने र लगाउने स्वीकृति "भगवान बुद्धद्वारा दिइएको" भन्ने वाक्यांशले सुझाव दिन्छ कि यसमा पनि त्यही विशेषाधिकार छ, भन्नुको मतलब हो कि वर्षा शुरु हुनुभन्दा पहिले अधिष्ठान गर्नमिल्छ तर अभाग्यबश विभंगका लेखक यसको व्याख्या गर्दैनन्।

भिक्खुले विशेषाधिकारको प्रयोग गर्दा भगवान बुद्धद्वारा अनुमति प्रदान गरिएको समयावधिभन्दा पहिले

प्रयोग गर्नाले यस सिक्खापदमा भिक्खुलाई आपत्ति आउँछ। यस्तो देखिन्छ कि पहिले सायद भिक्खुहरूले यो कपडा अनुमति दिइएको समयभन्दा पहिले खोज्न थाल्थे। जाँच गर्नुपर्ने एउटा बुँदा यहाँ छ, त्यो यो हो कि यदि भिक्खुले अनुमति दिइएको समयभन्दा पहिले आफ्ना आफन्तहरूसँग याचना गर्दछ भने *विञ्ञत्ति* (आफन्त नपरेकाहरूसँग माग्नु) होइन, त्यसो भए यसलाई अतिरिक्त चीवर मान्ने त? वा उसले वर्षा कपडा मात्र खोजेको हो? र जसमा उसलाई निस्सग्गिय आपत्ति हुन्छ, किनकि उसले स्वीकृत समयभन्दा पहिले नै खोज्यो, र के त यसलाई अतिरिक्त चीवर अन्तर्गत मान्न सकिन्न र? यदि यो त्यस्तै हो भने, तब कोहि पनि भिक्खुले यो सिक्खापदमा आपत्तिमा पर्ने मूर्खता गर्दैन। जे होस्, एउटा भिक्खुले आफूलाई आपत्तिबाट यस्तो भनेर छुट दिन सक्छ, त्यो त अतिरिक्त चीवरको रूपमा ग्रहण गरेको हुँ। यसबाहेक, यदि यो भिक्खु आफैले बनाएको भएमा, यो अनुमति दिइएको समयभन्दा पहिले लगाउँछ भने यसलाई कसरी अतिरिक्त चीवर लगाएकोबाट फरक व्यवहार गर्नु पर्छ? म निम्नलिखित वाक्यांश बुझ्न चाहन्छु, "अनुमति दिइएकोभन्दा पहिले खोज्नु" को अर्थ यो आफन्त नपरेका र निमन्त्रणा *(पवारणा)* नगरेका गृहस्थीहरूबाट माग्नु हो। भिक्खुले अतिरिक्त चीवर मागीहाले पनि यो त चीवर याचना गर्नु सम्बन्धी सिक्खापद अनुसार ऊ निस्सग्गिय पाचित्तिय हुन्छ। चीवर 'बनाउनु र लगाउनु' भन्ने वाक्यांशको अर्थ यसलाई वर्षाको चीवरको रूपमा अधिष्ठान गर्नु हो। यदि

भिक्खुले आफन्तहरूको र पवारणा गरेकाहरूको समक्ष याचना गरेमा- यो अफन्त नपरेकाहरूसँग माग्ने आपत्ति *विञ्ञत्ति*मा सामेल हुँदैन, र अधिष्ठान नगरिकन लगाउँछ, उसलाई दिइएको चीवरलाई अतिरिक्त चीवरको शीर्षक अन्तर्गत व्यवहार गरिन्छ, त्यसैले उसले यस सिक्खापद अन्तर्गत गल्ति गरेको हुँदैन।

यस सिक्खापदको अर्थले सुझाउँछ कि यसको आपत्ति *सचित्तक* हो, तर विभंगमा यसका लेखक आचरिय *अचित्तक* भनी उल्लेख गर्छन् र म उनको व्याख्यासँग सहमत छु। मानौं कि त्यो समय आएको छैन, कुनै भिक्खुले उसले गलत हिसाब लगाउनाले ठान्छ कि समय भइसक्यो, तसर्थ उसले गृहस्थीहरूसँग वर्षाको कपडा माग्छ, जो कि उसका आफन्त होइनन् र जसले पवारणा गरेका छैनन्, तब त उसलाई आपत्तिबाट मुक्त गर्नु असम्भव छ। म मान्छु कि यस सिक्खापदको अर्थले उसको मिति सम्बन्धि गलत हिसाबमा जोर दिंदैन। समय सीमा सम्बन्धी गलत गणना हुन जान सक्छ, त्यसैले हामीले लेखकका शब्दहरूका अनुसार बुझ्नुपर्छ कि यस सिक्खापदमा आपत्ति *अचित्तक* हो।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अर्को भिक्खुलाई आफ्नो चीवर दिएर (पछि) क्रोधित र असन्तुष्ट हुनाले उसबाट थुतेर (खोसेर) लिन्छ वा लिनलगाउँछ भने उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (२५)

Dhamma.Digital

भिक्खुले आफ्नो पुरानो चीवर थुतेर फिर्ता लिएको छ भने उसलाई निस्सगिय मात्र हुन्छ, किनकि उसले यो *सक्कसञ्ञा* त्यो चीवर उसको हो भन्ने अवधारणा राखेर गरेको हो कि। उसलाई *अवहार* (चोरी) को दोष लाग्दैन किनभने विभंगका लेखकले स्वीकार गरेकाछन् कि त्यो चीवरमाथि पहिलेको मालिकको अधिकार छ। यो सिक्खापदको मूल कथामा यो कुरो स्पष्ट रूपमा बताउँछः कुनै भिक्खुले अर्को भिक्खुलाई काम गरिदिन अनुरोध गरेर उसलाई आफ्नो चीवर दियो, तर ग्राहकले आफ्नो मन परिवर्तन गर्यो र उसलाई गर्न भनिएको काम गरेन। त्यो चीवर दिएर भिक्खुले लाभदायक परिणाम लिनखोज्नु ठिक छ, तर चीवर ठुटेर फिर्ता लिनु प्रतिकूल व्यवहार हो।

यो सिक्खापद चीवरमा सीमित छ तर अन्य उपभोग्य वस्तुहरू ठुटेर लिनु पनि अनुचित व्यवहार हो र भिक्खुलाई यसले दुक्कट आपत्ति हुन्छ। किन भनेदेखि यो सिक्खापदले एउटा भिक्खुको अर्को भिक्खुप्रतिको ब्यवहार बताउँछ, *उपसम्पदा* नभएको व्यक्तिबाट फिर्ता लिनु पनि अनुचित छ। जो भिक्खुले यस्तो गर्छ उसलाई दुक्कट आपत्ति हुन्छ। यदि पाउनेले आफ्नो स्वेच्छाले फिर्ता गर्छ अथवा *विस्सास* (मित्रता वा अनुरोधद्वारा विश्वास) को माध्यमबाट फिर्ता लिन्छ भने लिने भिक्खुलाई आपत्ति हुँदैन। स्वेच्छाले फिर्ता गर्ने मामिलामा, यो बुझ्नु पर्छ कि लिनेले दिनेकोलागी केही काम गरिदिने आशाले चीवर स्वीकार गर्दछ। पछि, दिनेको काम पूरा गर्न

असमर्थ भएपछि उसले स्वेच्छाले त्यो चीवर मालिकलाई फिर्ता दिन्छ भने उसलाई यो फिर्ता लिएकोमा आपत्ति हुँदैन। पहिलेको वस्तुधनीले मित्रताको आधारमा फिर्ता लिएमा, भन्नाले यो कुरो उसले बुझेको छ कि ऊ बेखुशी हुनेछैन, रिसाउने छैन तर विचार गर्छ कि लिनेले यो प्रयोग गर्न चाहँदैन र त्यसैले अर्कोसँग फिर्ता दिनकोलागी अनुरोध गर्दछ। यस मामिलामा पहिलेको वस्तुधनीलाई आपत्ति हुँदैन।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खु आफैंले धागो मागेर बुनकरलाई कपडा बुन्नलगाएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (२६)

"माग्ने" शब्दले यस मामिलामा गृहस्थीहरूको समक्ष माग्नुलाई बुझाउँछ जो आफन्त होइनन् र पवारणा पनि गरेका छैनन्, बुनिसकिएको कपडा माग्ने काम त पहिले नै चीवर माग्ने सम्बन्धी सिक्खापदले मनाही गरिसकिएको छ, अब यो धागो माग्नु र बुनकरहरूलाई यसको कपडा बुन्न लगाउनुलाई यो सिक्खापदद्वारा निषेध गरिएको छ।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> आफन्त नपरेको कोही गृहस्थी पुरुष वा महिलाले बुनकरलाई विशेष भिक्खुकोलागी कपडा बुन्न लगाउँछ, अनि यदि सो भिक्खुले आफुलाई (दाताबाट) अगावै

Dhamma.Digital

पवारणा नपाइकन नै बुनकरकहाँ जान्छ र कपडासम्बन्धी यस्तो भनी निर्देशन दिन्छ 'हे दाता, यो कपडा विशेष गरी मेरोलागी बुन्नलगाइएको हो। यसलाई लामो र फराकिलो, मोटो र ताना राम्रोसँग फैलिएको, र राम्रोसँग भरिएको र राम्रोसँग काइंयो लगाएर बनाउनुहोस्; यसकोलागी म यो काम गर्ने (तपाईं) हरूलाई केही न केही (थोरै भएपनि) उपहार दिनसक्छु", र यदि यस प्रकार बोलेपछि भिक्खुले केही थोरै उपहार, चाहे त्यो थोरै भिक्षान्न नै किन नहोस्, दिएमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (२७)

यो सिक्खापदको व्याख्या *चीवरवग्ग*को आठौं सिक्खापदको तरिकाले नै बुझ्नुपर्छ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

तीन महिने वर्षावासको अन्तिम महिनाको *कत्तिक* वा कार्तिकको पूर्णिमाको दशदिन अगावै अति हतारमा परेको दाताले कपडा दान गरेमा भिक्खुले हतारमा दान गरेको जानेर ग्रहण गर्न मिल्छ। यो ग्रहण गरिसकेपछि उसले यसलाई चीवरकालसम्म राखीराख्न मिल्छ (त्यो हो, वर्षाको अन्तिम महिना, वा, यदि कठिन विधी आयोजन गरिएको छ भने त्यसपछिका चार महिनासम्म पनि राख्न मिल्छ। शर्त यो छ कि उसले कठिनको आनिसंस त्यागेको हुनुहुँदैन। यदि उसले योभन्दा लामो समयसम्म

आफुसँग राखेमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (२८)

कत्तिक (कार्तिक) महिनाहरू दुईवटा छन्, पहिलो ११ औं (आश्विन) पूर्णिमाको महिना हो जुन कि वर्षावासको तीन महिना पूरा गरी *पवारणा* गर्ने दिन हो; र दोस्रो कत्तिक महिनालाई चतुर्मास चार महिना पूरा भएको पूर्णिमा भनिन्छ, अथवा सेतो *कुमुद* (कमल) फुल्ने पूर्णिमा भनिन्छ, अथवा कत्तिक महिनाको पूर्णिमामात्र पनि भनिन्छ। यो बाह्रौं महिनाको पूर्णिमामा पर्दछ। तीन महिना पूरा हुने कार्तिक पूर्णिमा पुग्नुभन्दा दश दिन अगाडिको अर्थात् एघारौं महिनाको शुक्लपक्षको षष्टमी तिथीदेखि हो (अच्चेक चीवर ग्रहण गर्न मिल्ने)। यो पूर्णिमाको पछि *चीवरकाल* शुरु हुन्छ, त्यही बेलामा हो दाताहरूले वर्षावास पूरा गरेका भिक्खुहरूलाई *वस्सावासिका* चीवर दान गर्ने र यो समयमा हो भिक्खुहरूले नयाँ चीवर फेर्ने। बुद्ध भगवानले (ती भिक्खुहरूलाई) धेरै सुविधाहरूको स्वीकृति दिनुभएको छ। उदाहरणकोलागी,अतिरिक्त चीवर दशदिनभन्दा बढी राख्नु, पछिल्लो कत्तिक पूर्णिमासम्म पूरा एक महिना त्रिचीवर पूरा बिना नै यात्रा गर्न पाउनु। यदि भिक्खु त्यस महिनामा कठिन विधीमा सहभागी भएको छ भने उपरोक्त सुविधा (छुट)हरू अझ थप शीत ऋतुका चार महिनासम्म पाउँछ।

कार्तिक महिनाको अन्तिम दस दिनहरूको अवधि (कार्तिक महिनाको पूर्णिमाभन्दा पहिलेको), यदि कसैले यस्तो

भनेर *वस्सावासिका* चीवर दान दिन्छ, जस्तो कि (दाताहरू) सेनामा जानुपर्नेछ, वा उनीहरू कुनै कामदामकोलागी जानुपर्नेछ, वा उनीहरू बिरामि पर्नेछ, वा गर्भवती महिलाको जीवन खतरामा पर्नेछ, वा भर्खर श्रद्धालु भएका दाताहरू हुन्, आदि। यस्ता चीवरहरूलाई *अच्चेकचीवर* भनिन्छ, जसको अर्थ हो 'अति हतारको चीवर'। यो सिक्खापद अनुसार बुद्ध भगवानले भिक्खुहरूलाई वर्षावास पूरा हुनुअगावै ग्रहण गर्ने स्वीकृति दिनुभएको छ, र उनीहरूले लिएर राखेदेखी चीवरकालको अन्तसम्म राखीराख्ने स्वीकृति दिनुभएको छ। यो अवधारणाले हामीलाई यो मान्न सल्लाह दिन्छ कि भगवान बुद्धले ती भिक्खुहरूलाई विशेष लाभको अनुमति दिनुभएको छ जसले वर्षावास बस्ने विधी पालना गर्दछ र जसका वर्षावासको तीन महिना पूरा हुनकोलागी अझ दश दिन बाँकी छ तर *वस्सूपनायिकखन्धक*मा एक हप्ता मात्र निर्धारित गरिएको छ। वर्षावास पूरा हुनु एक हप्ता पहिलेको अवधिमा कुनै भिक्खुलाई जरूरी काम पर्यो भने, ऊ जान मिल्छ, र सात दिनभित्र फर्कन आवश्यक छैन। यो सिक्खापदमा दस दिनको अवधिलाई अतिरिक्त चीवर राख्न मिल्ने अवधि भनी तय गरिएको छ। जब चीवरकाल आउँछ, उसले त्यस ('हतारको चीवर') लाई विकप्प गर्नु पर्दैन। जो भिक्खुले त्यो अवधि नाघ्ने गरी चीवर राख्छ उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ।

Dhamma.Digital

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुको बस्ने स्थान जंगलको निवास हुन्छ, (लुटेराहरू आदिको कारणले) खतरनाक र जोखिमपूर्ण हो भनी बदनाम भएको स्थान हुन्छ भने जब कार्तिक पूर्णिमामा उसले वर्षा (ऋतु) पूरा गरिसक्छ, तब यदि उसले चाहेमा आफ्ना तीन चीवरहरूमध्ये एकवटा गृहस्थीको घरमा नासो राख्न सक्दछ। यदि भिक्खुको त्यो चीवरबाट अलग्ग बस्नकोलागी यस्तै उचित कारण छ भने ऊ बढीसे बढी छ रातसम्म बस्न सक्छ। भिक्खुहरूको अनुमति बिना ऊ योभन्दा लामो समयसम्म अलग रहेमा उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (२९)

यो सिक्खापदको पालिपाठ अस्पष्ट छ, बुझ्न गाह्रो छ। यदि मैले यसलाई धैरै व्यापक छलफल गरेँ भने अलमल होला भनी डराउँछु। जे होस्, म जति बुझ्छु त्यति व्याख्या गर्छु: कुनै भिक्खु त्यस्तो जंगलको निवासमा मात्र वर्षा ऋतुको प्रारम्भदेखि अन्तसम्म बास गर्छ जुन कि खतरनाक र जोखिमपूर्ण छ भनी बदनाम छ, यी चार महिनापछि यदि उसँग उपयुक्त कारणहरू छन् भने र उसले चाहेको खण्डमा यी त्रिचीवरमध्ये कुनै एकवटाबाट अलग्ग बस्नसक्छ। उसले त्यो चीवर एक घरमा नासो राख्न सक्दछ, तर ऊ बढिसे बढि छ रातमात्र अलग्ग बस्न सक्दछ। यस अनुसार वर्षावास पूरा गरिसकेका भिक्खुलाई उसको त्रिचीवरबाट अलग्ग बस्ने स्वीकृति

Dhamma.Digital

चीवरकालको अन्त्यदेखि लिएर छ दिन मात्र छ। यो मेरो बुझाई सही छ भन्ने कुरामा म पक्का छैन। विनय विशेषज्ञहरूले भविष्यमा यो मामिलामा विचार गर्नुहोस्। यसमा मैले गरेको भनेको विचारणीय कुरा के हो भनी देखाइदिएको मात्र हूँ: '*उपवस्सं*' शब्द र *"सिया च तस्स ....विप्पवासाय*" वाक्य:( अर्थ: यदि भिक्खुसँग त्यो चीवरबाट अलग रहनकोलागी केही कारण छ भने...) माथिको (सामग्री जुन सिक्खापदमा छुट्याइएको छ) बाट।

विभंगमा जंगलका निवासहरूको बारेमा यस प्रकार भनिएको छ: "यो कमसे कम ५०० धनुष-लम्बाई टाढा हुन्छ (१ धनुष-लम्बाई बराबर चार सअक् अथवा एक वाह लम्बाइ हो, मापन सम्बन्धी अध्याय यस पुस्तकको अन्तमा हेर्नुहोस्) यो दूरी सामान्य गमन मार्ग अनुसार मापन गरिएको हो, छोटो बाटो गरेर होइन।' माथिको मापन अनुसार, त्यो वासस्थान जुन कि मानिसहरूका घरहरूबाट कमसे कम २५ सेन टाढा हुन्छ, त्यसलाई "वन निवास" भनिन्छ। त्यस्ता वन निवासहरू खतरनाक र जोखिमपूर्ण मानिन्छन् किनकि लुटेराहरू र अरूहरू त्यहाँ बसोबास गरिरहेका छन् र प्रायः जसो त्यहाँ मानिसहरू मारिएका थिए, उनिहरूमाथि हमला भएका थिए, र लुटिएका थिए। यस सिक्खापदमा जो भिक्खु यस्ता वन निवासहरूमा बस्छन् भगवान बुद्धको स्वीकृति अनुसार छ रातसम्म आफ्ना कुनै एक चीवर बिना बस्ने स्वीकृति दिइएको छ।

Dhamma.Digital

**१०. दशौं सिक्खापदमा भनिएको छ:**

> यदि संघलाई दिन भनी ल्याएको दान (शब्दार्थ अनुसार, 'लाभ', जस्तै कपडा आदि), जानाजान भिक्खु आफैंलाई दिनलगाउँछ भने उसलाई निस्सग्गिय पाचित्तिय हुन्छ। (३०)

"लाभ" भन्नाले यहाँ चीवर, भिक्षान्न, वासस्थान र औषधीहरू जुनलाई सामूहिक रूपमा *चतुपच्चय* भनिन्छ, र भिक्खुहरूकोलागी उचित अरू वस्तुहरूलाई बुझाउँछ। *'संघिकं लाभं परिणतं'* वाक्यांशको अर्थ हो, त्यस्ता वस्तुहरू जो भिक्खुसंघलाई दान गर्छु भनी समर्पण गरिएका हुन्, तर दान गर्नभ्याइएको छैन, यस्ता दानवस्तुहरूलाई भिक्खुले दातासँग सीधै मागेर आफ्नोमा परिणत गर्दछ, वा घुमाईफिराइ कुरा गरेर आफूतिर मोडिलिन्छ जसले गर्दा दाताले उसैलाई दान गर्नेछ। यस्तो प्रयासको कारणले दुवै अवस्थामा उसलाई दुक्कट आपत्ति हुन्छ र जब उसले ती वस्तुहरू ग्रहण गर्दछ, उसलाई निस्सग्गिय हुन्छ। (यस्ता वस्तुहरू) एक जना भिक्खुलाई विसर्जन गर्ने विधीवाक्य यसप्रकार छ:

> **इदं मे भन्ते जानं सङ्घिकं लाभं परिणतं अत्तनो परिणामितं निस्सग्गियं, इमाहं आयस्मतो निस्सज्जामि,-**

जसको अर्थ हो: "यो दान जुन कि संघकोलागी भनी तयार गरिएको थियो, जानाजान मबाट (आफ्नोमा) परिणत गरिएको हो र विसर्जन गर्नुपरेको छ। म तपाईंलाई विसर्जन गर्दछु।"

https://dhamma.digital

संघकोलागी, वा अर्को संघकोलागी वा चैत्यकोलागी भनी तयार गरिएको दानलाई भिक्खुले आफ्नो बनाइ लिन्छ भने, उसलाई दुक्कट हुन्छ। कुनै अर्को भिक्खुकोलागी तयार गरिएकोलाई आफ्नो पारी लिएमा पनि दुक्कट हुनुपर्ने हो, तर अर्को सिक्खापदमा यो अपराधकोलागी पाचित्तिय दोष राखिएको छ। विभंगमा यो थपिएको छ कि चैत्यकोलागी, अथवा व्यक्तिकोलागी समर्पण गरिएको दान आफूमा मोड्छ भने उसलाई दुक्कट नै हुन्छ।

"जानाजान" शब्द रहेको कारणले गर्दा यो सिक्खापदको आपत्ति *सचित्तक* हो। यी सिक्खापदहरू अनुसार आपत्तिहरू *सचित्तक* हुनाले जो भिक्खुले पक्का जान्दैन, तर शंका लाग्दछ र यो काम गरिसक्यो भने दुक्कट आपत्ति हुन्छ। जसले नजानेर गर्ला उसलाई आपत्ति छैन। विशेष गरेर यहाँ, सल्लाह माग्ने दातालाई भिक्खुले सल्लाह दिन्छ भने आपत्ति छैन।

## निस्सग्गियका आधारहरूको सारांश

तीसवटा सिक्खापदहरूमा निस्सग्गियका विषयहरूलाई तीन समूहमा वर्गीकृत गर्न सकिन्छ:

१) वस्तुद्वारा निस्सग्गिय,

२) भिक्खुको आचरणद्वारा, र

३) समय सीमा नाघ्नुद्वारा निस्सग्गिय।

Dhamma.Digital

**१. बस्तुद्वारा निस्सग्गिय**

सुन र चाँदी; पैसाद्वारा किनिएका उचित वस्तुहरू; गलैंचाहरू (कम्बलको) शुद्ध कालो बाख्राको ऊनले बनेको; र कालो बाख्राको ऊन स्वीकृत भागभन्दा बढी प्रयोग भएको गलैंचा।

**२. भिक्खुको आचरणद्वारा निस्सग्गिय**

क) *प्राप्त गर्ने तरिका अनुसार*

आफन्त नपरेकी भिक्खुनीको हातबाट ग्रहण गरिएको चीवर; आफन्त नपरेको र पवारणा नगरेको गृहस्थीबाट मागेर पाएको चीवर; याचना गर्नमिल्ने समयमा स्वीकृतभन्दा बढी संख्यामा याचना गरेर पाएको चीवर; याचना गरेर पाएको दाताहरूबाट दिने सोचिएकोभन्दा असल चीवर; दाताहरूले दिने सोचिएका दुईवटा चीवरको सत्तामा याचना गरेर पाएको एउटा असल खालको चीवर, स्वीकृतभन्दा बढी पटक उभेर र याचना गरेर प्राप्त भएको चीवर; गृहस्थीहरूसँग विनिमय गरेर प्राप्त भएका वस्तुहरू; अनुचित समयमा मागिएको पात्र; अर्को भिक्खुलाई दिइसकिएर थुतेर फिर्ता लिइएको चीवर; बुनकरहरूलाई कपडा बुन्न लगाउनकोलागी याचना गरिएको धागा; दाताले सोचेकोभन्दा असलखालको बुन्नकोलागी बुनकरहरूसँग याचना गरेर पाएको चीवर; संघकोलागी समर्पण गरिएकालाई आफ्नो पारिएका दानवस्तुहरू।

Dhamma.Digital

*ख) भिक्खुको व्यवहार अनुसार*

आफन्त नपरेकी भिक्खुनीलाई चीवर धुन, रंगाउन अथवा चुट्नलगाउनु; पुरानो आसनको अवधि छ वर्ष नहुँदै नयाँ आसन बनाउनु; पुरानो आसनका भागहरू सामेल नगरिकन नयाँ आसन बनाउनु;

*ग) स्वीकृत सीमा नाघ्नु अनुसार*

तीन योजनभन्दा टाढासम्म बोकर ल्याएको ऊन; समयसीमाभन्दा अगावै मागिएको र बनाइएको वर्षा-कपडा;

**३. स्वीकृत समयसीमा नाघ्नाले निस्सग्गिय हुनु**

एक रातकोलागी भए पनि त्रिचीवरबाट अलग्ग बस्नु; अतिरिक्त चीवर दश दिनभन्दा बढी राख्नु; अतिरिक्त पात्र दश दिनभन्दा बढी राख्नु; चीवरकालभन्दा बाहिर एक महिनाभन्दा बढी अकाल चीवर राख्नु; विशेष आनिसंस पाएको बेलामा छ रातभन्दा बढी त्रिचीवरबाट अलग्ग बस्नु; औषधीहरू सात दिनभन्दा बढी राख्नु;

**निस्सग्गियको व्यवहारिक उपचार**

(अट्ठकथा आचरियद्वारा दिइएको) सल्लाह यस्तो छ कि निस्सग्गिय चीजहरूमध्ये सुन र चाँदी बाहेक (मुद्रासहित), पैसाद्वारा किनिएका स्वीकार्य चीजहरू, गैरउचित समयमा भिक्खुद्वारा याचना गरेर प्राप्त गरिएको नयाँ भिक्षापात्र संघमा

Dhamma.Digital

मात्र विसर्जन गर्न सकिन्छ, जबकि अन्य चीजहरू संघमा, वा *गण*मा, वा व्यक्तिमा विसर्जन गर्न सकिन्छ। मलाई लाग्दछ कि व्यक्तिमा विसर्जन गर्न छोडेर कसैले पनि निस्सग्गिय चीजहरू संघ, वा *गण*लाई विसर्जन गर्ने कठिन काम रोज्नेछैन। कसैले पनि बढी गाह्रो तरिका रोज्ने छैन। त्यसैले माथि दिईएका मन्तव्यहरू बेकार जस्तो लाग्छ। यदि माथि दिइएका मन्तब्यहरू प्रयोगहीन छैनभने वर्गीकरण हुनुपर्थ्यो कि कुन चीजहरू संघमा विसर्जन गर्नुपर्छ, तथा कुन व्यक्तिमा। *गण*को कुरै नगर्नू, किनकि केही विहारहरूमा एक संघ बनाउनकोलागी पर्याप्त भिक्खुहरू हुँदैनन्। दुई वा तीनजना भिक्खुहरूको *गण* गठन हुन्छ र यस मामिलामा, संघमा विसर्जन गर्नु भनेको असम्भव छ। त्यसको सत्तामा *गण* हो। यसबाहेक, विसर्जन गरिएका वस्तुहरू ग्रहण गर्नेले पहिलेको स्वामिलाई फिर्ता दिने चलन छ, यसमा माथि उल्लिखित तीनवटा वस्तुहरू बाहेक हो र यो फिर्ता गरिएका वस्तुहरूका बारेमा सातदिन नघाएर राखेको औषधी सम्बन्धी बाहेक (अरूका बारेमा) स्पष्ट रूपमा भनिएको छैन। हामीले ध्यान दिनयोग्य यो हो कि केही ठाउँहरूमा भनिएको छ कि भिक्खुले निस्सग्गिय भइसकेको चीवर विसर्जन नगरिकन प्रयोग गर्दछ भने उसलाई दुक्कट हुन्छ, तर अन्य ठाउँहरूमा ग्रन्थकार यो उल्लेख गर्दैनन्। ग्रन्थकारले सुझाव दिए कि संघ, गण वा व्यक्तिविशेषले निस्सग्गिय भएका चीजहरू पूर्व स्वामिलाई फिर्ता गर्नुपर्छ, के उसले ती वस्तुहरू प्रयोग गर्न मिल्छ? भिक्खुहरूद्वारा चलाईआएको चलन अनुसार निम्न

बस्तुहरू विसर्जन गरिसकिएपछि र स्वामीलाई फर्काइसकिएपछि उनीद्वारा प्रयोग गर्न सकिन्छः भिक्खुबाट एक रातसम्म छुट्टिएका त्रिचीवर, अतिरिक्त चीवर, वा दस दिनभन्दा बढीसम्म राखिएको अतिरिक्त भिक्षापात्र। निस्सग्गिय भएपछि फर्काइएको त्रिचीवरको मामिलामा फिर्ता पाउने भिक्खुले प्रयोगकोलागी दोहरो अधिष्ठान गर्नुपर्छ, अतिरिक्त चीवर अथवा पात्रको सम्बन्धमा भने उसले पाएको दिनदेखि समयसीमा गणना फेरी शुरु हुन्छ।

मेरो विचारमा माथि उल्लिखित *पहिलो समूह* अनुसार (सामग्रीद्वारा) हुने निस्सग्गियहरू पहिलो स्वामिद्वारा फेरि प्रयोग गर्नकोलागी अनुपयुक्त हुन्छन् र उनीहरूलाई फिर्ता गर्नुहुँदैन किनकि यदि ती सामग्रीहरू फर्काइए भने, उनीहरूद्वारा प्रयोग गर्न मिल्दैन, त्यसैले उनीहरूलाई फिर्ता गर्नु बेकार छ।*तेस्रो समूह* (समय सीमाभन्दा नाघ्नु) को अनुसार निस्सग्गिय भएका चीजहरू स्वतः अस्वीकार्य चीजहरू होइनन्, वा भिक्खुहरूको आचरणद्वारा अस्वीकार्य छैन, तर मात्र ती भगवान बुद्धद्वारा स्वीकृत समय नाघेको हो। यस्ता चीजहरू विसर्जन गरिसकिएपछि पूर्व स्वामिलाई फिर्ता गर्नुपर्छ, किनकि उसले ती वस्तुहरू फेरि प्रयोग गर्न सक्दछ, -औषधीहरू बाहेक, जुन कि ग्रन्थकारद्वारा स्पष्टरूपमा केही अरू तरिकाले प्रयोग गर्न सिफारिस गरिएको छ। जो चीजहरू निस्सग्गिय हुन् र पहिलो उपशीर्षक अन्तर्गत 'प्राप्त गर्ने ढंगको कारणले' फेरी प्रयोग गर्न मिल्दैन,- यसमा वर्षा-कपडा बाहेक हो, जुन कि

निषेधित व्यक्तिहरूमा याचना गरिएको थियो। यदि विभंगका शब्दहरूलाई उपयोगी तरिकाले व्याख्या गर्ने हो भने, विसर्जन गर्नुपर्ने वस्तुहरू सर्वप्रथम संघमा विसर्जन गर्नुपर्छ, र दोस्रोमा भिक्खुहरू थोरै उपलब्ध भएको स्थानमा *गण*मा जहाँ भिक्खुसंघ पूरा उपलब्ध छैन, अनि त्यसपछि मात्र एकजना भिक्खुमा, जब *गण* उपलब्ध छैन, तर माथि उल्लिखित प्रक्रिया वर्तमान अवस्थामा चलाउन गाह्रो हुन सक्छ। तसर्थ चलनको उचित तरिका यस्तो हुनुपर्छ: भिक्खुबाट गरिएको अपराधले नराम्रो अफवाहको कारणले जनतालाई दुखी बनाउँछ भने, (त्यो वस्तु विसर्जन गर्नुपर्छ, उदाहरणकोलागी आफन्त नपर्नेहरूबाट कुबेलामा मागेर पाएको चीवर आदि) संघमा विसर्जन गर्नुपर्छ। यसको विपरीत, जब भिक्खुद्वारा गरिएको अपराधले जनताका सदस्यहरूलाई दुखी बनाउँदैन, (जस्तै कुनै भिक्खुद्वारा सात दिनभन्दा बढी औषधीहरू राखिएको छ) त्यो वस्तु एकजना भिक्खुमा विसर्जन गर्नुपर्छ। यदि वस्तु विसर्जन गर्नुपर्यो भने उसले दोहरो प्रयोग गर्नहुँदैन, यस्ता वस्तुहरू विसर्जन गर्ने विधीवाक्य यस्तो हुनुपर्छ: **इमाहं निस्सज्जामि**,("म यो विसर्जन गर्छु") यसमा *"संघस्स"* (संघलाई) वा *"आयस्मतो"* (तपाईंलाई) शब्दहरू छोडिएको छ, किनकि कसरी अस्वीकार्य चीजहरू संघले अथवा व्यक्तिले स्वीकार गर्ला!

भिक्खुले आपत्ति देशना गर्नुको उद्देश्य उसले गरेका गल्तिहरूबाट शुद्ध छु भनी स्वयम् घोषणा गर्नु हो। जुन बस्तुहरू स्वीकार्य छैनन् ती गृहस्थीहरूलाई दिइनुपर्छ अथवा

कतै फ्याँकिनुपर्छ, जस्तोकि सुन, चाँदी वा पैसाको उदाहरण अनुसार। जुन चीजहरू स्वीकार्य छन् ती तिनका पूर्वस्वामीलाई फिर्ता गर्नुपर्छ। विसर्जन गर्नुपर्ने चीजहरूको मामिलामा यदि ती हराएका छन् भने विसर्जन गर्नुपर्ने केही रहेन, भिक्खुले आपत्ति देशना मात्र गर्नुपर्छ; तर यो संघमा गर्ने कि व्यक्तिमा गर्ने भन्ने कुरा मैले माथि बोलेकोबाट थाहा हुनुपर्छ।

वर्तमान कालमा, भिक्खुहरूबाट सजिलै भंग गरिने सिक्खापदहरू थोरै छन्। विद्यार्थीहरूलाई बाटो देखाउनकोलागी मैले उनीहरूलाई लामो व्याख्या गरेको हूँ।

निस्सग्गियदेखि (पाटिमोक्खको) अन्तसम्मका आपत्तिहरूलाई हल्का मानिन्छन्, र आपत्ति *देसना* (दोष स्वीकार) द्वारा मुक्त हुन सकिन्छन्, यिनीहरूलाई *देसनागामिनी* भनिन्छ (संघ, गण वा भिक्खुसमक्ष दोषहरू स्वीकार गर्नु)। थुल्लच्चयका नियमहरू पनि यस समूहमा सामेल छन्।

*****

Dhamma.Digital

# अध्याय ७
# पाचित्तिय

**परिचय**

यो शब्द पहिले नै अध्याय ६ मा व्याख्या गरिसकिएको छ। विसर्जन विधीको प्रक्रिया आवश्यक नहुने *पाचित्तियलाई* *निस्सग्गिय पाचित्तियबाट* फरक देखाउनकोलागी यसलाई विशिष्ट नामद्वारा *सुद्धिक पाचित्तिय* भनिन्छ। यसको अर्थ शुद्ध पाचित्तिय हो। तर पालिमा यसलाई मात्र *'पाचित्तिय'* भनिएको छ।

यस अध्यायका सिक्खापदहरूको संख्या ९२ छ, नौ वर्गहरूमा वर्गीकृत छ। आठौं *सहधम्मिकवग्गमा* १२ वटा रहेको बाहेक बाँकी प्रत्येक वर्गमा दस-दसवटा सिक्खापदहरू छन्।

**पहिलो वर्ग-झूटो बोल्नु आदि**

**१.पहिलो सिक्खापदमा भनिएको छ:**

> पूर्ण जागरूक रहेको अवस्थामा झूटो बोली बोलेमा पाचित्तिय (पश्चातापयोग्य) हुन्छ। (१)

*"सम्पजानमुसावाद"*को अर्थ पूर्ण जागरूकता रहेकोबेलामा झूटो बोली बोल्नु हो। यसलाई निम्न तरिकाले बुझ्नुपर्छ: कुनै निश्चित मामिला हुनुपर्छ, तर व्यक्तिले त्यस मामिला सम्बन्धी

Dhamma.Digital

यथार्थताभन्दा फरक पर्नेगरी मनसायपूर्वक शब्दहरू बोल्दछ, अथवा त्यही मनसायले शारीरिक हावभाव बनाउँछ, जसले गर्दा त्यहाँ रहेका अरू मानिसहरूले त्यसबाट केही कुरा यथार्थताबाट फरक पर्ने गरी बुझ्नेछन्। शारीरिक कार्यहरू, जस्तो कि पत्र लेख्नु जसले झूटा कुराहरू प्रसार गर्छ, ले यो काम (यो सिक्खापद भंग गरिनु) पूरा हुन्छ, त्यस्तै मौखिक बोलचाललाई पनि यस सिक्खापदमा यस्तै गनिन्छ। *मुसावाद* भन्नाले अरू सिक्खापदहरूमा नसमेतिएका झूटा कुराका सबै पक्षहरू यसमा पर्दछन्, त्यसो हुनाले जो भिक्खुले झूटा कुरा बोल्छ, जुन कि अरू सिक्खापदहरूमा समेतिंदा ठूलो दण्ड निर्धारित गरिएको छ, वा समान स्तरको दण्ड हुने अपराध निर्धारित गरिएको छ, भन्नुको तात्पर्य यो हो कि अर्को पाचित्तिय, अरू कुनै पाचित्तिय सिक्खापदमा अन्तर्गत भइसकेको हुनसक्छ। उपरोक्त किसिमका बाहेक *मुसावाद* बोल्ने भिक्खुलाई यस सिक्खापदमा पाचित्तिय आपत्ति हुन्छ।

यो सिक्खापदमा अपराध *सचित्तक* छ र त्यसैले गर्दा भिक्खुले गलत बुझिनाको कारणले बोलेमा, अथवा जिब्रो चिप्लेर बोलेमा, त्यो हो, जो हतारमा बोल्नाले आफुलाई रोक्न सक्दैन; अथवा जो बोल्दा गल्ती गरेर बोल्छ, त्यो हो, एउटा कुरा भन्न चाहन्थ्यो, तर अर्को थरी भन्न पुग्छ, त्यस्तोलाई आपत्ति छैन। भिक्खुले स्वच्छ मनले अर्को व्यक्तिको वचन अनुसार कुनै काम गर्न स्वीकार गर्छ तर पछि फरक पारेर काम गर्दछ, उदाहरणकोलागी; भिक्खुले (कुनै घरमा जाने आदि) निमन्त्रणा

स्वीकार गर्दछ, तर पछि ऊ जाँदैन, उसले *पटिस्सव* (प्रतिज्ञाभंग) गर्दछ, त्यसले उसलाई दुक्कट आपत्ति हुन्छ, जस्तो कि अर्को ठाउँमा भनिएको छ।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

अपमानजनक वचन बोलेमा पाचित्तिय हुन्छ।(२)

*'ओमसवाद'* को अर्थ हो, अपमानजनक, (निंदापूर्ण) वचन जसले गर्दा मुटु दुख्छ र यसलाई यसरी बुझ्नुपर्छः वक्ताले श्रोतालाई दु:ख दिन खोज्छ, वचनद्वारा अथवा हाउभाउद्वारा तर्साउन खोज्छ, ताकि उसले बुझ्नेछ र उसको मनभित्र पीडा हुनेछ। यस्तो अपमानजनक वचनको आधार हुन्: *जाति* (जात), व्यक्तिगत नाम, कुलवंशको नाम, कामकाज, कलाशीप, रोग, शारीरिक आकृति, मानसिक *किलेस* (दोष), दोषहरू *(आपत्ति)* र अरू-अरू आधारहरू, जुन कि सबै मिलेर *अक्कोसवत्थु* (गाली गलौजका विषय) दसवटा आधारहरू बन्दछन्।

दुर्व्यवहारका तरिकाहरू दुईवटामा विभाजित छन्: *जाति* आदिको नाम लिएर प्रशंसा गर्नुजस्तो गरी उपहास गर्नु, जुनलाई कटाक्ष गर्नु र ब्यंग्य गर्नु भनिन्छ; र अर्को प्रत्यक्षरूपले दुर्व्यवहारद्वारा नीचा पार्नु। यो सिक्खापदका शब्दहरू अनुसार कसलाई दुर्व्यवहार गर्छ भनी बताइएको छैन, तर विभंगको मूल कथामा बताइएको छ कि दुईजना भिक्खुहरू एकले अर्कालाई गालीगलौज गरी झगडा गर्दै थिए। विभिन्न प्रकारका

Dhamma.Digital

आपत्तिहरूलाई वर्गीकृत गर्दा आचार्यले भनेका छन् कि 'भिक्खुले अर्को *उपसम्पन्न* भिक्खुलाई सोझै गालीगलौज गर्दछ भने पाचित्तिय हुन्छ, *उपसम्पन्न* भिक्खुले उपहास गर्दछ, तर उसले कसलाई बोलेको भनी संकेत गर्दैन, वा उसले मात्र अनुपसम्पन्नलाई गाली गर्दछ, दुवै मामिलामा उसलाई दुक्कट हुन्छ। भिक्खुले अरूलाई मन दुखाउने वा उसलाई नीचा देखाउने उद्देश्य लिंदैन तर उसले उसको जन्म आदिलाई लिएर मात्र जिस्क्याएको छ भने उसलाई *दुब्भासित* (अनुचित वचन बोलेको) आपत्ति हुन्छ चाहे उसले *उपसम्पदा* भएकासँग बोलेको होस् वा नभएकासँग, चाहे उसले व्यक्तिविशेषलाई उल्लेख गरेको होस् वा मात्र इशारा गरोस्। *दुब्भासित* आपत्ति विभंगको यहि स्थानमा मात्र पाइन्छ।

यो सिक्खापदको आपत्ति *सचितक* हो त्यसो हुनाले धर्म सिकाउने उद्देश्य लिएको वा अरूलाई शिक्षा दिइरहेको भिक्खुले *जाति* (आदि) को नाम लिएमा उसलाई आपत्ति छैन।

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

भिक्खुको चुगली गरेमा पाचित्तिय हुन्छ।(३)

चुगली गर्ने शब्दहरू जसलाई *"पेसुञ्ञवाद"* भनिन्छ, यसलाई यसप्रकार बुझ्नुपर्छ: भिक्खुले एक पक्षको कुरा सुन्छ र त्यसपछि उसलाई नाश गर्नकोलागी अथवा यसको उल्टो (उसलाई फाइदा दिनकोलागी) उनीहरूका प्रिय बन्ने आशाले अर्को पक्षलाई भन्नजान्छ; अथवा यस्तो तरिकाले बोल्छ कि

Dhamma.Digital

उनीहरू छुट्टिउन् अथवा उनीहरूको सम्बन्ध कमजोर होस्। चुगली गर्नुका आधारहरू दसवटा छन्, जस्तो कि माथि दोश्रो सिक्खापदमा उल्लेख गरिसकियो। उदाहरणकोलागी, भिक्खुले एक पक्षको कुरा सुन्छ र अर्को पक्षलाई भन्छ, 'उसले तपाईंको *जाति* आदि यस्तै-यस्तै अरू पनि नाम लिएर निन्दा गरेको छ'। यसरी भिक्खुले अर्को भिक्खुलाई चुगली लगाएमा पाचित्तिय हुन्छ। यसमा एक पक्ष *उपसम्पदा* र अर्को पक्ष *गैरउपसम्पदा* भएमा कुनैको चुगली लगाएमा पनि भिक्खुलाई दुक्कट आपत्ति हुन्छ। ती पक्षहरू चाहे छुटुन् वा नछुटुन् यस्तो गर्ने भिक्खुलाई उसको दोषको आधार अनुसार आपत्ति हुन्छ। (निन्दाकोलागी प्रयोग गर्न सकिने वचनहरू) भिक्खुले सुनिसकेर उनीहरूको बारेमा सूचित गर्छ तर फरक तरिकाले बोल्छ र उनीहरूद्वारा मनपराउने चाहना राख्दैन र उनीहरूलाई अलग्गिएको देख्न चाहन्न भने आपत्ति छैन।

यस्तो लाग्छ कि यो सिक्खापद साँचो मामिलाहरूसँग सम्बन्धित छ। भिक्खुले उनीहरूलाई भिन्न गर्ने उद्देश्यले अरूलाई चुगली लाउनकोलागी झूटो बोल्छ भने उसलाई के आपत्ति हुन्छ? एउटै मामिलामा फरक-फरक आधारका अनुसार अनेक आपत्ति लगाउनकोलागी ढाँचा कहिल्यै भेट्टाएको छैन। विभिन्न आधारहरूकोलागी एकै समयमा दुईवटा पाचित्तिय दोष लगाउनु असम्भव छ, अर्थात्, झूटो बोली र चुगलीकोलागी। यस कथाको उदाहरण दिन सकिन्छ: एउटा भिक्खुले अर्कोलाई आधारहीन संघादिसेस आपत्तिको आरोप लगायो भने उसले झूटो

Dhamma.Digital

बोलेको हुन्छ, उसलाई पाचित्तिय हुन्छ, किनभने संघादिसेस आरोप आधारहीन छ। यहाँ सो भिक्खुको मुख्य उद्देश्य फूट ल्याउनु हो र यसैले म उसलाई यो सिक्खापद अनुसार आपत्ति लगाउन चाहन्छु, तर यदि उसलाई दिनुपर्ने आपत्ति दुक्कट मात्र हो भने तब यो धेरै कमजोर छ जस्तो लाग्छ। यहाँ चुगलीयुक्त झूटो बोली सीधा *मुसावाद*भन्दा बलियो छ र त्यसैले म कडा आपत्ति लगाउन चाहन्छु। यहाँ झूटो बोलीको आपत्ति बलियो छ त्यसैले उसलाई पाचित्तिय आपत्ति लगाउनु पर्छ। म यो मुद्दा थप अनुसन्धानकोलागी विनय विशेषज्ञहरूको समक्ष छोड्न चाहन्छु।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले एक-एक शब्द गरेर (मूलपाठ र अट्ठकथा सँगसँगै) गैरउपसम्पन्नलाई आफूसँगसँगै पाठ गर्न लगाएमा पाचित्तिय हुन्छ। (४)

"उपसम्पन्न नभएको अर्थात् उपसम्पदा दीक्षा नपाएको व्यक्ति" *(अनुपसम्पन्न)*को अर्थ भिक्खु वा भिक्खुनी नभएको व्यक्ति हो। यो वाक्यांश प्रयोग भएका केही सिक्खापदहरूमा यसको अर्थ पुरूष समूहलाई मात्र बुझाउँछ, उदाहरणकोलागी अनुपसम्पन्नसँग सुत्नुसँग सम्बन्धित नियम, जस्तो कि यसपछिको सिक्खापदमा छ। तर अरू सिक्खापदहरूमा यस अभिव्यक्तिले पुरूष र महिला दुवैलाई बुझाउँछ जस्तो कि यस नियममा भएको छ। "धम्म" शब्दको अर्थ मूल पालि हो, यसमा

Dhamma.Digital

लिखित बौद्ध शिक्षाहरू, भगवान् बुद्धका वाणीहरू, उहाँका श्रावकहरूका वाणीहरू, अनेक ऋषिमुनिहरूका वाणीहरू, र देवताहरूका वाणीहरू समावेश छन्। "एक-एक शब्द गरी धम्मको पाठ गर्नु" वाक्यांशको अर्थ, एक वा अनेकजनालाई एकसाथ भन्न लगाई सिकाउनु हो। एकसाथ शुरु गरेर एकसाथ अन्त गर्नुलाई एक-एक *'पद'* (शब्द) गरी पढ्नु मानिन्छ। भिक्खुले अगुवाई गरी पहिले बोल्छ अनि *अनुपसम्पन्न*हरूले उसको अनुगमन गरी दोश्रो शब्ददेखि पढ्दछन्- अनि एकसाथ पढ्दै अन्तसम्म नै पुर्याउँछ र यसलाई भनिन्छ *अनुपद*द्वारा एकसाथ वाचन गर्नु। एक *पद*मा *अक्खर* (अक्षर) उच्चारण एकसाथ शुरु गर्छ वा गर्दैन भन्ने कुरोलाई *अनुअक्खर*द्वारा सँगै वाचन गर्नु भनिन्छ। *ब्यञ्जन*हरूसँग एकसाथमा अन्त गर्नु वा नगर्नुलाई *अनुब्यञ्जन* भनिन्छ। उपरोक्त चार विधीहरूमध्ये कुनै तरिकाले सिकाउँदा पनि भिक्खुलाई आपत्ति पर्छ। यो आपत्ति धेरै वा थोरै कति हुन्छ भन्ने कुरा पढाउने काममा उसले गर्ने कोसिसको संख्यामा निर्भर गर्दछ जुन एकसाथ वाचन गरिरहेको शुरु र अन्तले छुटाएको पटक जति हो, त्यति नै हो।

यो सिक्खापदको आपत्ति *अचित्तक* हो त्यसैले एकसाथ नबोल्नमा भिक्खु सावधान रहे पनि अझै गल्तीले सँगै बोल्न पुगिन्छ, उसलाई पनि आपत्ति हुन्छ। एकसाथ पाठ गर्ने भिक्खुलाई, अरूका साथमा कण्ठस्थ पढ्नेलाई, अथवा जसले *अनुपसम्पन्न*लाई शब्द आदि गल्ति पढ्दा हप्काउँछ,

उनीहरूलाई यस सिक्खापदमा समावेश गरिएको छैन र उनीहरूलाई आपत्ति छैन।

यस सिक्खापदमा उल्लेख भएको एक-एक शब्दद्वारा धम्म पाठको अभ्यास गर्नु, पहिले पुस्तकहरू नभएको बेलामा अरूलाई कण्ठस्थ गर्न सिकाउने एउटा विधी थियो। यो विधी पहिले (थाइ) विहारहरूमा प्रयोग गरिन्थ्यो, जुनलाई 'साँझको पढाइ' भन्ने लोकप्रिय नामले जानिन्थ्यो। एकसाथमा शब्दहरू (आदि) उच्चारण गर्नुमा निषेध गरिनुको उद्देश्य यस सिक्खापदको मूलकथामा देखाइएको छ जुन कि विद्यार्थीहरूद्वारा शिक्षकप्रति अपमान गर्नबाट रोक्नु थियो।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खु अनुपसम्पन्न व्यक्तिसँग दुई वा तीन रातभन्दा बढी सुतेमा उसलाई पाचित्तिय हुन्छ। (५)

यहाँ *"अनुपसम्पन्न"*को अर्थ हो, त्यस्तो पुरुष जो भिक्खु होइन। "संगै सुत्नु" भनेको के हो? यसको अर्थ एउटै ओछ्यानमा, वा एउटै कोठामा सुत्नु हो? यस सिक्खापदको मूल कथा अनुसार यस्तो सुझाव दिन्छ कि भगवान बुद्धले यो नियम सुतिरहेका केही भिक्खुहरूको अनौठो व्यवहार गृहस्थीहरूद्वारा देख्नुबाट रोक्नु थियो, जुनकि संयमीहरूको व्यवहारबाट फरक हुन सक्छ, र जुनकि उनीहरूलाई देख्नेहरूलाई असन्तुष्टि दिनेखालका हुन्छन्। "सँगै सुत्नु" को मतलब एकै ठाउँमा सुत्नु हो जहाँ उनीहरूले एक अर्कालाई देख्न सक्छन्।

त्यसो हुनाले विभंगमा सुत्ने ठाउँहरूको प्रकार यसरी वर्गीकृत गरिएको छः पूरै छतले छाइएको ठाउँ, पूरै गारो भएको ठाउँ, र अधिकांशमा छत भएको र अधिकांशमा पर्खाल भएको ठाउँ, अन्तिम किसिमको भनेको छाना र गारो भएको घर हो। अट्ठकथा आचरियका अनुसार, यदि प्रवेश र निकासकोलागी बाटो एउटै छ भने, यसको तल्ला र कोठाहरूको वास्ता गरिंदैन, यो "एउटै सुत्ने ठाउँ" को शीर्षक अन्तर्गत समावेश हुन्छ। अट्ठकथा आचरियको यस सल्लाह अनुसार प्रवेश-मार्ग एउटै हुनुमा घर सानो छ भने त कुनै प्रश्न नै छैन, तर यदि घर ठूलो छ भने, वा धैरै घरहरू मार्गद्वारा एकसाथ जोडिएका छन् भने हामीलाई अट्ठकथा आचरियको व्याख्याको पालन गर्न सुविधाजनक छैन र भिक्खुलाई आपत्ति हुनबाट रोक्नु असंभव छ।

म "साथमा सुत्नु" लाई यो सिक्खापद बनाउनुको मूल उद्देश्य मुताविक सीमित गर्न चाहन्छु; धैरै तल्लाहरू भएको घरमा जहाँ धैरै कोठाहरू छन् र धैरैजना बस्दछन्, एकजना मानिसद्वारा बसोबास गरिएको त्यसको एउटा निश्चित भाग जहाँ ऊ सुत्छ यस्तो ठाउँलाई "सँगै सुत्नु" भनी भनाईद्वारा निर्णय गरिएको भनी भनिन्छ। भिक्खुले आफ्ना तीन चीवरहरू (त्रिचीवर) बाट छुट्टिएर नबस्ने स्थानको सीमासँग तुलना गर्दा जुनकि एउटा घर जहाँ धैरै परिवार सँगै बसेको हुन्छ, त्यहाँ त्यो घरको स्थान वा कोठा जहाँ एउटा परिवार बस्दछ, लाई एउटा सीमा (इकाई) मान्नुपर्छ। "सँगै सुत्नु" को ढंग एकै ठाउँमा एकै

समयमा लेट्नु हो जहाँ को पहिले लेट्ने वा को पछि, अथवा त्यही बखतमा को लेट्ने? भन्ने निश्चित हुँदैन। यस रीतिले गर्नुले 'सँगै सुत्नु' को तात्पर्यलाई पूरा गर्दछ र चाहे निदाओस् वा ननिदाओस्, त्यसलाई यहाँ समावेश गरिएको छैन। पछि *अनुपसम्पन्न* व्यक्तिसँग बढि से बढि दुई वा तीन रातसम्म सँगै सुत्नमिल्ने भन्ने भगवान बुद्धको स्वीकृति भएको छ, किनकि त्यसबेलामा सामणेरहरू अस्तित्वमा आए, त्यसो हुनाले यस सिक्खापदको वास्तविक उद्देश्य पूरा भएन र यो भिक्खुहरूले आचरण गर्ने विधीकर्म मात्र हुनपुग्यो। 'तीन रातमात्र' भनी पक्का गरिसकिएपछि 'दुईरात' शब्द निरर्थक हुनजान्छ र यसको कुनै सार्थकता रहँदैन, तर यो अनावश्यक छैन किनकि अन्य ठाउँहरूमा पनि हामी यस्तै प्रकारका वाक्यांशको उदाहरण "पाँच वा छ शब्द" पाउँछौं, जुनलाई हामीले (पालिमा) सजिलोकोलागी बोल्ने तरिका भनी बुझ्नुपर्छ। राती सँगै सुत्नुको कुरा यहाँ उल्लेख गरिएको छ, तसर्थ दिनमा सँगै सुत्नुलाई यहाँ समावेश गरिएको छैन। एक रात बिताउने सीमा अन्य सिक्खापदहरूमा राखिएको अनुसार नै भोरको शुरुवातबाट निर्धारित हुन्छ। रातहरूको संख्या सँगै सुत्नुसँग मतलब छैन, एकजना (वा दुवैजना) भोर हुनुभन्दा पहिले उठेमा सँग सुतेको मान्न हुँदैन। (थाइलैंडमा) भिक्खुहरूको लोकप्रिय अभ्यासको एउटा चलन यस्तो छ कि यदि दुई व्यक्ति, एक भिक्खु, एक अनुपसम्पन्न, सँगै एउटै सीमामा सुतेका छन् र जति भोर बिताएका छन् त्यति रातको संख्याको रूपमा गणना गरिन्छ।

उनीहरू दुई रातकोलागी सुतेका छन् तर यदि तेस्रो रातमा उनीहरू छुट्टिए भने, वा उनीहरूमध्ये एकजना भोर हुनुभन्दा पहिले उठ्छन् भने, राती संगै सुतेको गिन्ती खतम हुन्छ र गिन्ती फेरि सुरु हुनसक्छ। उनीहरूले पहिले नै तीन रातहरू बिताइसकेका छन् भने चौथो साँझ सूर्यास्तपछि उनीहरू एक छिनकोलागी पनि सँगै लेट्नु हुँदैन। तर यदि उनीहरूले लेट्ने काम गरे भने भिक्खुलाई पाचित्तिय हुन्छ। कुनै पनि पक्षद्वारा रातको समयमा उठ्नु र सुत्नु जति हुन्छ प्रत्येक पटकलाई सँगै सुतेको पटकको गणना हुन्छ। भिक्खुलाई त्यति नै वटा पाचित्तिय हुनेछ।

यो सिक्खापदमा आपत्ति *अचित्तक* हो। भिक्खुको रात गणनामा गल्ती भएको भए पनि उसलाई आपत्तिबाट मुक्ति पाइनेछैन।

"आधा छाएको र आधा बाड भएको" भनिने स्थानमा सँग सुतेमा भिक्खुलाई दुक्कट आपत्ति लाग्छ, तर यस्तो ठाउँको कल्पना गर्न सकिंदैन। पूरा छाना छाइएको तर बाड नलगाइएको भवन त चारैतिर खुल्ला दलान भएको *साला* (पाटी) जस्तो हुनेभयो। पूरै पर्खालले घेरिएको तर कुनै छाना नभएको ठाउँ त गोठ जस्तो हुने भयो; अधिकांश भागमा छाइएको ठाउँ, तर अधिकांश भागमा बाड नभएको, उदाहरणकोलागी कतैतिर खुला भएको पाटी जसमा पूर्णरूपले छत छैन र आंशिक रूपमा बाड छ, तर आधाभन्दा कममा मात्र, माथि उल्लिखित यस्ता ठाउँहरू

Dhamma.Digital

सँग सुत्नकोलागी होइनन्, त्यसो हुनाले यस्तो ठाउँमा *अनुपसम्पन्न*सँग सुत्नेलाई आपत्ति छैन।

विनयका बिद्यार्थीहरूले हेर्नुहोला कि यो सिक्खापदको पालनमा यति परिवर्तन भएको छ कि यसले मूल उद्देश्य बिल्कुलै पूरा गर्दैन। यो एक विधी मात्र बन्यो। जे होस्, यसको एउटा फाइदा छ: भिक्खुलाई विहान सबेरै नै उठाउँछ! भिक्खुले यस सिक्खापदलाई अरू यस सिक्खापदमा कट्टर नभएका भिक्खुहरूलाई निन्दा गर्नमा प्रयोग गर्नहुँदैन। किनकि जे होस्, यसको पालना कडाइसाथ गरिए पनि वा नगरिए पनि प्रतिफलमा कुनै फरक छैन। वस्तुतः यसबाट एउटा ठोस फाइदा लिनुपर्ला। यदि सकिन्छ भने सामणेर अथवा गृहस्थी शिष्यहरूसँग एउटै कोठामा नसुत्नू, यो अभ्यास गर्नाले सबैभन्दा बढी फाइदा हुनेछ।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले महिलासँग (एउटै छतमुनि) सुतेमा उसलाई पाचित्तिय हुनेछ। (६)

यहाँ *"मातुगाम"*को अर्थ मानव महिला हो, ऊ चाहे आज मात्रै जन्मेकी नै किन नहोस्। अघिल्लो सिक्खापदमा जस्तो नै सबै स्पष्टीकरणहरूलाई बुझ्नुपर्छ, तर फरक यहाँ यो छ कि भिक्खुलाई पहिलो रातदेखि नै आपत्ति हुन्छ। यदि सूर्य अस्ताएपछि भिक्खुसँगै लेट्छ भने उसलाई आपत्ति हुन्छ। ग्रन्थकारले भने कि *पण्डक* र पोथी जनावरहरू दुक्कटका आधार

हुन्। भिक्खुद्वारा संभोग गर्नकोलागी पर्याप्त यौन अंगहरू भएको पोथी जनावरहरूको सम्बन्धमा यदि उनीहरूको जननांग र गुदाको सन्दर्भमा भएयो उचित छ तर यदि उनीहरूको मुखको सन्दर्भमा भएमा यो त अनावश्यक हो। यसले गर्दा त भिक्खुहरूले गेको (ठूलो छेपारो) लाई समेत मन नपराउने बनायो, जुन कि हास्यास्पद स्थिति हो!

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले मातुगाम (महिला)लाई (भाषा बुझ्ने पुरूषको उपस्थिति बिना) धम्मका पाँच वा छ वटाभन्दा बढी वाक्यहरू सिकाएमा उसलाई पाचित्तिय हुन्छ। (७)

यहाँ *"मातुगाम"* को अर्थ मनुष्य महिला हो जसले बोली बुझ्दछ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अनुपसम्पन्नलाई आफ्नो यथार्थमा पाएको उत्तरीमनुस्सधम्म बताए भने उसलाई पाचित्तिय हुन्छ।(८)

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले संघबाट आफूलाई नियुक्ति गरिएको अवस्थामा बाहेक अनुपसम्पन्नलाई भिक्खुको ठूलो आपत्ति बताएमा उसलाई पाचित्तिय हुन्छ। (९)

Dhamma.Digital

विभंगका लेखक बताउँछन् कि 'ठूलो आपत्ति' को अर्थ चार पाराजिकहरू र तेरह संघादिसेसहरू हुन् तर अट्ठकथामा अट्ठकथा आचरियले बोलेका छन् कि यस सिक्खापदमा "ठूलो आपत्ति" भनेको संघादिसेस मात्रलाई बुझाउँछ। तर समन्तपासादिकाको संग्रहकर्ताले पहिले नै स्वीकार गरिसकेकाछन् कि पाराजिक भएको भिक्खुलाई जसले दुर्व्यवहार गर्दछ र पहिलोले ठान्यो कि आफू शुद्ध छ, दोश्रो भिक्खुलाई यस अध्यायको दोस्रो सिक्खापद(ओमसवाद) अनुसार पाचित्तिय हुन्छ। अर्काको पाराजिक दोष ब्यक्त गर्ने भिक्खुलाई यस सिक्खापद अनुसार पाचित्तिय हुनसक्छ, तर समन्तपासादिकाका संग्रहकर्ता 'उनीहरू बुद्ध भगवानको मनसाय बुझ्दछन्" भन्दै अझै मूल अट्ठकथाको मतलाई मान्छन्।

यो सिक्खापदको उद्देश्यलाई बुझ्नुपर्छ: भिक्खुहरूबाट एक अर्काको दोषलाई खुल्लमखुल्ला रूपमा प्रचार गरिनुबाट रोक्नकोलागी भगवान बुद्धले यो सिक्खापद बनाउनुभएको थियो। मानौं कि एकजना भिक्खु जान्दछ कि अर्को भिक्खु पाराजिक हो, उसलाई चेतावनी दिंदैन, चलन अनुसार उसलाई संघको माझमा आरोप लगाउँदैन, तर यसको सट्टामा, उसलाई खिस्सि गर्नकोलागी यो कुरा *अनुपसम्पन्न*को अगाडि ब्यक्त गर्दछ। जो भिक्खुले अर्को भिक्खुलाई यस्तो गर्दछ, के त ऊ आपत्तिबाट मुक्त हुनेछ? म देख्दछु कि ऊ मुक्त हुनेछैन, तसर्थ त्यो विभंगका लेखकको मत (ठूला आपत्तिहरू=पाराजिक र संघादिसेस) उचित छ। तर केही भिक्खुहरूको हठभाव तथा

निर्लज्जभावलाई उपचार गर्नकोलागी भगवान बुद्धले सो भिक्खुलाई चेतावनी दिन एउटा भिक्खुलाई प्रतिनिधि छान्न संघलाई स्वीकृति दिनुभएको छ। यो प्रतिनिधि चयन गर्ने प्रक्रियामा कहिलेकाहीं आपत्तिको उल्लेख गरिन्छ, कहिलेकाहीं कुलपरिवार (जुनमा सो पापकर्ता रहेको छ) को उल्लेख गरिन्छ, कहिलेकाहीं ती कसैको उल्लेख गरिंदैन। यस कर्तब्यकोलागी संघद्वारा पापक भिक्खुलाई चेतावनी दिनकोलागी प्रतिनिधित्व गर्ने भिक्खुले संघले जस्तो जिम्मा दिएको हो तदनुसार त्यसको प्रक्रिया अनुसार (विधीपूर्वक) गर्नुपर्छ र यसभन्दा घटिबढी गरेमा उसलाई पाचित्तिय हुन्छ, त्यसैले हामीले संघद्वारा यस कामकोलागी नियुक्त नभएको भिक्खुद्वारा बोल्नुको सम्बन्धमा त भन्नै पर्दैन। यस्तै भिक्खुले ठूला आपत्तिहरूबाहेकका आपत्ति व्यक्त गरेमा उसलाई दुक्कट हुन्छ।

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले पृथ्वी (माटो) खनेमा वा खन्न लगाएमा पाचित्तिय हुन्छ। (१०)

विभंगका लेखक पृथ्वीलाई दुई प्रकारले वर्गीकृत गर्दछन्: प्राकृतिक पृथ्वीलाई जातपठवी भनिन्छ, र कृत्रिम (मिश्रित वा अशुद्ध) पृथ्वीलाई *अजातपठवी* भनिन्छ। पहिलोकोले दोमट (उर्बरक माटो, बालुइ माटो?) शुद्ध माटो वा अलिकति कंकड, इंटाका टुकडाहरू, खनिजहरू र बालुवा मिश्रित जसमा धैरैजसो दोमट र माटो भएको, र आगोले नजलेको

माटोलाई जनाउँदछ। लेदो वा माटोको ढेर जसमा चार महिनाभन्दाबढी वर्षातको पानी परेको छ, पनि यसमा सामेल छ। अर्को थरीको माटो भन्नाले शुद्ध कंकड़, फुटेका ईंटाहरू, खनिजहरू वा शुद्ध बालुवा वा अलिकति लेदो र माटो भएको, तर अन्य चीजहरू धैरै मिसिएकोलाई जनाउँदछ। आगोले पोलेको माटो पनि प्राकृतिक होइन, चार महिनाभन्दा कम वर्षातको पानीले भिजेको लेदो र माटोको ढेर पनि यस अन्तर्गत सामेल छ।

यसमा भिक्खुको मनसायको उल्लेख नभएकोले यो सिक्खापद *अचित्तक* जस्तो देखिन्छ तर ग्रन्थकारले भनेका छन् कि यो आपत्ति *सचित्तक* हो, किनकि उनी (पूर्वपक्ष) त्यो भिक्खुमा ध्यान केन्द्रित गरिरहेको हुनसक्छ, जो माटोमा हिंड्दा बिना मनसायले आफ्नो पदचिन्ह छोड्छ, उसलाई आपत्ति हुँदैन। 'खन्नु' भन्ने शब्दले प्रष्ट नै भन्छ कि भिक्खुले के गर्दछ, त्यसैले जो भिक्खुले नरम माटोमा पदचिन्ह बन्नेगरी कुल्चन्छ, उसलाई आपत्ति छैन, किनकि यो खन्नु होइन! आफैंले जातपठवी पृथ्वी खन्ने वा अरूलाई खन्न लगाउने भिक्खु, चाहे उसले यसलाई *अजातपठवी* सोचेर खनेको भए पनि, यस सिक्खापदमा कुनै शब्द देखिंदैन जसले उसलाई (आपत्ति हुनबाट) मुक्त गरोस्। अट्ठकथा आचरिय सल्लाह दिन्छन् कि भिक्खुले आफ्नो मनसाय अरू मानिसहरूलाई आदेश नदिइकन आफ्नो इच्छा संकेत गर्दछ भने उसलाई आपत्ति हुँदैन।

Dhamma.Digital

यो सिक्खापद यस कारणले राखिएको थियो, किनकि त्यसबेलाका मानिसहरू मान्दथे कि *पठवी* (पृथ्वी) मा जीवत इन्द्रिय छ। (आजभोली) भिक्खुले यो मामिलाको बारेमा धेरै सावधान रहनु जरूरी छैन (तैपनि) यदि उसले अट्ठकथा आचरियको सुझाव अनुसार व्यवहार गरेमा उसलाई आपत्ति छैन। यो यहाँ उचित हुनेछ।

**दोस्रो वर्ग-बिरुवाहरू आदि**

**१.पहिलो सिक्खापदमा भनिएको छ:**

> (भिक्खुले) बिरूवाहरूलाई क्षति पुर्याएमा पाचित्तिय हुन्छ। (११)

"भूतगाम" एक विशेष शब्द हो र म यसको शाब्दिक अर्थ पक्का जान्दिनँ। यसैले, मैले यो शब्दको सन्दर्भमा धेरै बोल्नु काम लाग्दैन। वर्तमान प्रसंगमा यसको अर्थ जिउँदो बिरूवाहरू हो जुन कि भूमिमा (जीवित, ठडिएर) रहेका छन्। यसलाई पाँच प्रकारमा विभाजित गरिएका छन्: १) जराबाट उत्पन्न, जराबाट उम्रने कन्दमुल अथवा पिंडालु (सकी, नेवारी), उदाहरणकालागी बेसार (तथा अदुवा); (२) बिरूवाको कलम अथवा शाखाबाट उत्पन्न, उदाहरणकोलागी बोधि-रुख (वा पिपल); (३) लताका टुसाहरू, गाँठोहरूबाट उत्पन्न हुने, उदाहरण कोलागी उखु र बाँस: (४) टुप्पोबाट पलाउने अर्थात् टुप्पोलाई माटोमा गाड्दा उत्पन्न हुने बिरूवाहरू जस्तै कि बिभिन्न प्रकारका सागहरू (जस्तै water- convolvulus, स्ट्रबरी:

मूलपुस्तकमा (pukcheelom)=Ocimum gratis simum दिइएको छ); (५) बीउबाट उत्पन्न हुने बिरूवाहरू जस्तै कि धान, सीमी र तिल आदि।

अट्ठकथा आचरियको मत अनुसार, बिरुवाहरू जो आफ्नो स्थानबाट उखेलियो तर पनि फेरी बढ्न सक्छ भने, यस्तोलाई बीजगाम भनिन्छ। *भूतगाम* पाचित्तियको आधार हो जबकि *बीजगाम* दुक्कटको आधार हो। भिक्खुले *भूतगाम*लाई उखेल्छ, वा उखेल्न लगाउँछ भने उसलाई पाचित्तिय हुन्छ। भिक्खुले *बीजगाम*लाई नष्ट गर्छ वा गर्न लगाउँछ भने उसलाई दुक्कट हुन्छ।

अट्ठकथा आचरियले भने कि यी सिक्खापदहरूको आपत्ति पनि *सचित्तक* हो। उनले बुझेको हुन सक्छ कि सिक्खापदको उद्देश्य भिक्खुलाई पृथ्वी खन्नबाट रोक्नु हो। त्यसो हुनाले सबै व्याख्याहरू अघिल्लो नियम अनुसार बुझ्नुपर्छ।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले कपटपूर्ण (गोलमाल) जवाफ दिएमा वा (चुप लागेर) समस्या दिएमा उसलाई पाचित्तिय हुन्छ।(१२)

यसको स्पष्टीकरण निम्नानुसार छ: भिक्खुलाई अनुचित व्यवहारको आरोप लगाइएको छ र संघद्वारा उसँग सोधपूछ गरिएको छ तर ऊ साँचो जवाफ दिन चाहँदैन र टार्ने किसिमले (असम्बन्धित) कुरा बोल्छ। अर्को ममिलामा, ऊ

उपरोक्त ढंगले गर्दैन तर प्रश्न गरिंदा ऊ चुप रहन्छ-जुनलाई संघलाई समस्या दिनु भनिन्छ। *ञत्तिदुतियकम्म*द्वारा यो कुरा घोषणा गर्नकोलागी भगवान बुद्धद्वारा संघलाई अनुमति छ। यसमा पहिलो किसिमको मामिलासँग सम्बन्धित *ञत्ति* अथवा घोषणालाई *अञ्ञवादककम्म* भनिन्छ, जब कि दोश्रो किसिमको मामिलासँग सम्बन्धितलाई *विहेसककम्म*। यीमध्ये जुनसुकैको भए पनि संघले दुईवार कर्मवाचाहरू पाठ गरिसक्दा पनि जो भिक्खुले त्यही गल्ति दोहोर्याउने गर्छ, त्यसो गरेकोमा उसलाई पाचित्तिय हुन्छ। यदि संघले त्यस्तो कम्मवाचा पाठ गरेको छैन भने उसलाई दुक्कट हुन्छ।

यस सिक्खापदको आपत्ति *अचित्तक* हो। यदि संघद्वारा, कम्मवाचा ठीकसँग पाठ गरिएको छ भने यो आपत्ति गर्ने भिक्खुलाई चाहे जुनसुकै मनसायले गरेको भए पनि आपत्तिबाट मुक्ति छैन। तर उसका यस्ता व्यवहारलाई टार्ने किसिमको वा संघलाई दुःख दिने किसिमको भएको मानिने छैन, जस्तो कि उदाहरणकोलागी, भिक्खुले बुझ्दैन, र संघमा त्यसलाई दोहरो भन्नकोलागी प्रार्थना गर्छ, वा बिरामि भएकोले केवल कठिनाईसँग जवाफ दिन्छ। यो सिक्खापदमा भएको तथ्यले भिक्खुलाई नजीर प्रदान गर्छ, यदि उसलाई आरोप गरिएको छ भने उसले परीक्षण गरिरहेको संघको सम्मान गर्नुपर्छ र ईमान्दारितासँग जवाफ दिनुपर्छ र दोष ढाकछोप गरेर, वा झूटो बोलेर, वा चुपचाप भएर बस्नहुँदैन।

Dhamma.Digital

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अरूलाई अपमानजनक बोल्ने, (पछाडि)गुनासो गरेमा पाचित्तिय हुन्छ। (१३)

यसको व्याख्या यसप्रकार छ:भिक्खुसंघमा यस्तो चलन छकिसंघको सामूहिक क्रियाकलाप पूर्ण गर्नकोलागी कुनै भिक्खुलाई संघको अधिकारी बनाउँछ, जस्तो कि:निवासस्थानको वितरक *(सेनासनगाहापक),* भोजनप्रबन्धक *(भतुद्देसक)*आदि।कुनै भिक्खुले आफु अनुकूल भाग पाउँदैन, उदाहरणकोलागी, मामूली आश्रम र कमसल भोजन पाउँछ- अर्थात्, उसलाई उत्तम भोजन पाइने धनीको सट्टा गरीब दाताको निमन्त्रणामा पठाइन्छ, उसले संघको परम्परा बुझ्दैन वा निराश हुन्छ र अन्य भिक्खुहरूको समक्ष सम्बन्धित अधिकारी भिक्खुको अपमान गर्छ, यस्तोलाई 'निन्दा गर्नेव्यक्ति' भनी भनिन्छ। कुनै-कुनै भिक्खुले यस्तो गर्दैन तर भिक्खु-अधिकारीहरूलाई एक्लै कराउँदै दोषलगाउँछ, उसले अरूको कुरा सुन्ने इच्छा गर्दैन, त्यस्ताहरूलाई 'असहमत हुनेहरू' भनिन्छ। यदि भिक्खु अधिकारीले आफ्नो कर्तव्य सही ढंगले पूरा गरेको छ भने यस्ता अपमान गर्ने वा (भित्रभित्रै) असहमत हुनेलाई पाचित्तिय हुन्छ।

विभंगका लेखकले वर्णन गरेका छन् कि जो भिक्खुले *उपसम्पन्न* भिक्खुको समक्षमा अपमान गर्दछ वा असहमत हुन्छ, उसलाई पाचित्तिय हुन्छ, र जसले *अनुपसम्पन्न*को समक्षमा यस्तो गर्छ उसलाई दुक्कट हुन्छ। यो व्याख्याको अर्थ

के हो? सिक्खापदमा भएका सामग्रीहरूले यो ममिला स्पष्ट गर्दैन। विनय विशेषज्ञहरूले यसको बारेमा थप विचार गरून्। जो भिक्खुले संघद्वारा (कुनै कामकोलागी) नियुक्त गरिएको होइन तर स्वेच्छाले गर्ने भिक्खुको अपमान गर्दछ वा असहमति व्यक्त गर्दछ भने उसलाई दुक्कट हुन्छ। यो भनिएको छ कि जसले आफ्नो कर्तव्य अनुचित ढंगले गर्दछ र पूर्वाग्रह र पक्षपातबाट प्रभावित हुन्छ, उसलाई अपमान गर्ने वा उसँग सहमत नहुने भिक्खुलाई आपत्ति हुँदैन। यो अगाडिको कथनलाई यसरी बुझ्न चाहन्छु, जसले अपमान गर्ने वा विरोध गर्ने मनसाय बिना सत्य बोल्छ उसलाई आपत्ति हुँदैन, तर विपरीत मामिलामा, मलाई लाग्छ कि जसले मनसाय लिएर अर्को भिक्खुको अपमान गर्छ, वा विरोध गर्दछ उसलाई दुक्कट हुन्छ, किनभने यो भिक्खुकोलागी राम्रो तरिका होईन।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले संघको ओछ्यान, मेच, चकटी (आदि) खुल्ला ठाउँमा वछ्याउँछ, वा वछ्याउन लगाउँछ र फर्किने बेलामा त्यसलाई सही ठाउँमा राख्दैन, राख्न लगाउँदैन पनि र बिदा नलिइकन हिंड्छ भने उसलाई पाचित्तिय हुन्छ। (१४)

भिक्खुहरूलाई वर्षा ऋतुमा बाहेक अरू समयमा सधैं नै पालको मुनि वा रुखको छायाँमा जहाँ चरा आदिको बिष्टा र यस्तै अरू किसिमबाट फोहर नहुने ठाउँमा यी चलसामग्री

(फर्निचर) हरू लगाएर बस्न भगवान बुद्धको अनुमति छ। संघको चलसामग्रीहरू पाचित्तियकोलागी आधार हो, जबकि उसको आफ्नै बाहेक अरूको सामग्रीहरू दुक्कटको आधार हो। उसको आफ्नै सामग्रीहरू *अनापत्ति* (आपत्तिरहित) हुन्। किनकि यो सिक्खापदले स्पष्टरूपले चलसामग्रीका प्रकारहरू, अन्य सामानहरू जस्तै सुकुल, काठका खाटहरू आदि ती चाहे संघको होस् वा व्यक्तिगत होस्, दुक्कटको आधार भनिएको छ। यो सिक्खापदमा उल्लिखित सामानहरू खुल्ला ठाउँमा प्रयोग गर्न निषेध छैन, तर यो उनीहरूद्वारा त्याग्न निषेध गरिएको छ, यसैले भिक्खुले यदि ऊ बिदा भएर त्यो ठाउँबाट अन्त जानेवाला छ भने ती वस्तुहरू सही ठाउँमा राख्नुपर्छ, वा राख्न लगाउनु पर्छ, वा अरूलाई अनुरोध गरेर (आफूले छोडेर गएपछि) सही ठाउँमा राख्न लगाउनु पर्छ, ताकि उसलाई आपत्ति नहोस्। यदि भिक्खु यसमा पहिले बस्छ (उपयोग गर्छ) तर यो पछि अर्कोद्वारा प्रयोग गरिन्छ, तब (यो जिम्मा सर्छ) दोस्रो व्यक्तिको कर्तव्य हुन्छ, वा यदि आपतकाल भएमा र छिटो जानुपर्ने भएमा तब यी दुई अवस्थाका आपत्तिहरू उसलाई लाग्दैन। यी सामानहरू सुकाउने मामिला यहाँ सामेल छैन।

यो सिक्खापद भिक्खुलाई यी सामानहरूको संरक्षणमा लापरवाही हुनबाट रोक्नकोलागी र उनीहरूलाई यी सामानहरूको संरक्षण गर्न सिकाउनकोलागी राखिएको हो र यस प्रकार यो भिक्खुहरूद्वारा ग्रहण गर्नलायक राम्रो आचरण हो।

Dhamma.Digital

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले संघको ओछ्यान, मेच, चकटी (आदि) संघको वासस्थानमा ओछ्याउँछ, वा ओछ्याउन लगाउँछ र फर्किने बेलामा त्यसलाई सही ठाउँमा राख्दैन, राख्न लगाउँदैन पनि र बिदा नलिइकन हिंड्छ भने उसलाई पाचित्तिय हुन्छ। (१५)

यहाँ "ओछ्यान" को मतलब डसनाहरू, सुकुल र तन्नाहरू र अन्य यस्तै चीजहरू हुन् तर खाट वा मेचहरू सामेल छैन जो (पहिले नै) राखिएका हुन्छन् (जसमा वछ्यौना बिछाइएका छैनन्)। यहाँ *"विहार"* शब्दको अर्थ बस्ने आवास हो, जसलाई आजभोली सामान्यतया *'कुटी'* (भिक्खुको बासस्थान) भनिन्छ। संघको *विहार* पाचित्तियको आधार हो, जब कि अर्को भिक्खुको भएमा, आफ्नो बाहेक, दुक्कटको आधार हो। आफ्नै *विहार* त *अनापत्ति*को आधार हो। यहाँ यो स्पष्ट बताइएको छैन कि ती ओछ्यौनाहरू कसका हुन्? अट्ठकथाआचरियको मत अनुसार, शब्दहरूले सुझाव दिन्छन् कि यो त संघको हो। यो सिक्खापदको मूल-कथा अनुसार स्पष्टीकरण यो हो कि भिक्खुले यसो गरेर (तिनीहरूलाई धमीरा लाग्ने गरी छोडेमा) त कुटी र वछ्यौनाहरूलाई बर्बाद गर्नसक्छ।

तर म बुझ्दछु कि यो सिक्खापदले ठाउँमा वा बाटोमा बाधा पुऱ्याउनेलाई जोड दिएको छ, यसैले ओछ्यौना कसको (चाहे संघ वा अरू) को स्वामित्वको रूपमा लिनु हुँदैन। यदि चीजहरूको विनाशमा जोड दिइएको भए, तब यो संघको हो भनी

https://dhamma.digital

स्पष्टीकरण दिनु सही हो। किनकि यो सिक्खापदले मात्र ओछ्यान देखाउँछ, यसैले भिक्खुले खाट, मेच (र अरू अरू चीजहरू) संघको *विहार*मा (प्रयोगकोलागी) राख्छ (तर पछि उनीहरूलाई यथास्थानमा राख्दैन) भने उसलाई दुक्कट हुन्छ। खाट, मेच ठूला सामान हुन् र धेरै बाधा दिन्छ, त्यसो हुनाले मात्र दुक्कटको आधार हो, यो सानो आपत्ति झैं देखिन्छ, तर अट्ठकथा आचरियले ग्रन्थमा भनेका छन् कि खाट र मेचहरू तुरुन्तै धमीराद्वारा बर्बाद हुँदैन। भिक्खुले ती सामानहरू बाहिर राख्छ, र त्यसपछि तिनीहरूलाई छोडेर जान्छ भने उसलाई दुक्कट मात्र हुन्छ। किनकि यो सिक्खापदले *"विहार"* को उल्लेख गर्दछ, विभंगका ग्रन्थकार बताउँछन् कि भोजनशाला *(उपट्ठानसाला)* र अन्य ठाउँहरू दुक्कटको आधार हो। अट्ठकथा आचरियले अट्ठकथामा थुप्रै थप बताएका छन् कि त्यहाँ ओछ्यौना मात्र बिग्रनसक्छ, तर बस्ने ठाउँ *(सेनासन)* होइन, तसर्थ भिक्खुलाई दुक्कट मात्र हुन्छ।" यस सिक्खापदमा 'बिदाबाजी भएर जानु' भनेको पूर्णरूपले जानु भनेको हो। यदि भिक्खुले फर्केर आउने आशा राखेमा उसलाई सामानहरू छोडेर गएको मानिंदैन र उसले ती सामानहरू ठाउँमा नफर्काए पनि उसलाई आपत्ति छैन। बाँकी स्पष्टीकरण पहिलेको सिक्खापदमा भएको अनुसार बुझ्नुपर्छ।

यो सिक्खापद अर्को ठाउँमा बस्न जाने भिक्खुकोलागी उदाहरण हुनुपर्छ। उसले संघको सेनासनमा आफ्नो कुनै सामान

Dhamma.Digital

छोड्नहुन्न, जसले बाधा पुऱ्याउँछ र *सेनासन*को ठाउँ ओगट्छ जहाँ अन्य भिक्खुहरू बस्न आउनेछन्।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

भिक्खुले संघको बासस्थानमा जानाजान आफूभन्दा पहिले आएर बसेको भिक्खुको स्थान अतिक्रमण गर्ने हिसाबले लेट्छ, (यो सोचेर कि), "ठाउँ सँघुरो लागेपछि छोडेर जानेछ", यदि यहि कारणले मात्र गरेको, अरू कुनै कारण छैन भने उसलाई पाचित्तिय हुन्छ। (१६)

यसको स्पष्टीकरण यस प्रकार छ: यदि त्यो संघको *विहार* पहिले नै बिरामि भिक्खुद्वारा, वरिष्ठ भिक्खुद्वारा बसोबास गरिएको छ र अर्को भिक्खु पहिलेको भिक्खुको त्यस स्थानको वरपर अतिक्रमण गर्ने किसिमले लेट्नकोलागी जानाजान त्यहाँ प्रवेश गर्छ, त्यसको मतलब हो, उचित कारण बिना नै उसको खाटको नजिक, उसको मेचको नजिक वा प्रवेश-मार्गमा लेट्छ भने उसलाई पाचित्तिय हुन्छ। निजी *विहार*मा यस्तो गरेमा, आफ्नैमा बाहेक, भिक्खुलाई दुक्कट हुन्छ। भिक्खुले आफ्नै *विहार*मा त्यसो गरेमा उसलाई आपत्ति छैन। त्यसरी प्रवेश गर्नुमा बाध्य गर्ने उचित कारण भनेको भिक्खु बिरामि परेको, जाडो, गर्मी, वा बाहिर त्यस्तो कुनै खतरा रहेको हुन्छ, जस्तो कि कसैले उसलाई कुट्नलाई लखेट्यो, यस्तो अवस्थामा जो भिक्खु अस्थायी आश्रयको आशा गरी संघको *विहार*मा प्रवेश गर्छ, उसलाई आपत्ति छैन।

Dhamma.Digital

यो सिक्खापद बनाइनुको उद्देश्य सबै भिक्खुहरूको साझा विहारमा पहिले आएर बसिरहेकाहरूको विशेष अधिकारलाई मान्यता दिनु हो।

**७. सातौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले क्रोधित र असन्तुष्ट भएर भिक्खुलाई संघको कुटीबाट निकाल्छ, वा कुटीको बाहिर धकाली पठाउँछ भने उसलाई पाचित्तिय हुन्छ। (१७)

यस सिक्खापदको उद्देश्य कुटीकोलागी झगडा लफडा गर्नबाट भिक्खुलाई रोक्नु हो। यस्तो बुझ्नु गलत हुनेछैन कि यो अघिल्लो सिक्खापदको निरन्तरता हो, जब भिक्खु त्यस्तो तरिकाले प्रवेश गरेको छ उसलाई बाहिर निकाल्ने आशाले अघिल्लो भिक्खु बसेको स्थानमा बसेर वा पल्टिएर बस्छ, तर सफल हुन सक्दैन, अनि उसलाई तान्छ वा भगाउँछ। जो भिक्खुले (*विहार*को) अघिल्लो निवासीका मालतालहरू बाहिर निकाल्छ, उसलाई दुक्कट हुन्छ। बाँकी स्पष्टीकरण अघिल्लो सिक्खापदमा जस्तै बुझ्नुपर्छ।

भिक्खुले आफ्नो *सद्धिविहारिक* वा *अन्तेवासिक* (सहवासी विद्यार्थी भिक्खुहरू) लाई उनीहरूको नराम्रो ब्यवहारको कारणले विहारबाट टाढा भगाईदिन्छ, जो त्यहाँ बस्नु उचित छैन, त्यो यो नियममा सामेल छैन।

Dhamma.Digital

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले संघको खाटमा वा विहारमा राखिएका छुट्टाउन सकिने खुट्टा भएको पलङमा वा मेचमा वा मचानमा (अचानक) बसेमा वा पल्टेमा [11] उसलाई पाचित्तिय हुन्छ। (१८)

धैरै प्रकारका खाटहरू छन्, जसमध्ये यो सिक्खापदमा उल्लेख गरिएको एउटा हो, यसमा अलग गर्न सकिने खुट्टाहरू हुन्छन् जसलाई *'आहच्चपाद'* भनिन्छ, जुन कि त्यसमा गाडिएको छैन, मात्र खोपिल्टामा राखिएका हुन्छन्।यहाँ मचानको अर्थ एकप्रकारको **चौखटको**ढाँचा हो, जुन किविहारमा बनाइएका हुन्छन् यो खम्बाहरूमा बिसाइएको हुन्छ र तिनमा डलिनहरू जडान गरिएका हुन्छन्, त्यसको उँचाई यति हुन्छ कि त्यहाँ छतमा टाउको नठोक्किने हुन्छ। यदि त्यहाँ काठका पट्टिहरू ओछ्याइएका छैनन् भने त्यहाँका डलिनहरूमाथि नै खुट्टाहरू झुण्डाएर पलङ बिसाई त्यसमाथि ओछ्यौना लगाइन्छन्। यस प्रकारको ढाँचालाई मचानको रूपमा जानिन्छ जसलाई *वेहासकुटी* भनिन्छ र भिक्खुहरू जमीनमा पनि तथा मचानमा पनि बस्न मिल्छ।

---

[11] अन्य संस्करणमा फरक अनुवाद दिइएको छ। हेर्नू, भिक्षु ज्ञानपूर्णिक अनुवादित तथा आनन्दकुटी विहार गुठीद्वारा प्रकाशित उभयपातिमोक्ख नेवारी, पृ. ७६-७७

म बुझ्छु कि यस प्रकारका कुटीहरू धेरै तल्लाहरू भएको घर बनाउन नजानेको बेलाका मानिसहरूले बनाउने गर्थे। पछिल्लो युगमा पनि मानिसहरू जमीनमा जोडिएका ईंटका भवनहरूमा आद्रता (चिसो) रोक्नकोलागी मचानहरू बनाउँथे, यस सिक्खापदको मूल कथा यस प्रकार छ: एकजना भिक्खु जोडसित आफ्नो ओछ्यउनामा बस्यो, र यसका खुट्टाहरू तल खस्यो र तल बसिरहेका भिक्खुहरूको टाउकोमा ठोकियो वा लाग्यो। यस कारणले, भगवान बुद्धले यस्ता अवस्थामा यसरी बस्नबाट रोक्नकोलागी यो सिक्खापद बनाउनुभयो। माथि उल्लिखित व्याख्या स्पष्ट छ, तर किन "संघको *विहार*" वाक्यांश यहाँ दोहोर्याइएको हो? यसबाहेक, विभंग ग्रन्थकारले पाचित्तियका तीनवटा अंगहरू (*तिक-पाचित्तिय*) भएको आधारको रूपमा उल्लेख गर्दछन्, तर म यो कथन बुझ्दिनँ। म ओछ्यान र मचानको महत्त्व देख्दछु। यस्तो *विहार* संघको मानिन्छ र अन्य भिक्खुहरूकोलागी विभाजन गरिएको हुनसक्छ, जस्तै कि केही माथिको तल्लामा र केही तलको तल्लामा बस्ने गरी। यदि यसलाई यसरी व्याख्या गरिएमा यो उचित छ। त्यसैले भगवान बुद्धले भिक्खुहरूलाई बलियोसित बनाइएको अवस्थामा बाहेक यस्तो बासस्थान*वेहासकुटी*मा बस्न निषेध गर्नुभएको छ। यस कारणले विभंगकार बताउँछन् कि यदि मचान टाउकोको स्तरभन्दा माथि छैन भने, तल्लो तल्ला एक वासस्थानको रूपमा प्रयोग गरिएको छैन, वा यदि मचान पूरै भुइँमा छ, वा यदि खाट वा मेचको खुट्टा यति बलियोसित जोडिएको छ कि

यसमा बस्दा त्यसका खुट्टाहरू खस्ने छैनन्, यस्तो मचानमा बस्ने, लेट्ने भिक्खुलाई आपत्ति हुँदैन।

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले ठूलो विहार निर्माण गराउँदा ढोकामा चौकोस जडान गर्दा र झ्यालहरू जडान गर्दा, ऊ हरियो बालीनाली रहित ठाँउमा खडा भएर गर्नुपर्दछ (जबकि) सामग्री राख्दै भित्ता वा छाना (लेप्दा) दुई वा तीन तहसम्म लेप्नमिल्छ।[12] यदि उसले त्योभन्दा अधिक हाल्न लगाएमा यद्यपि ऊ हरियो बालीहरू रहित क्षेत्रमा खडा हुन्छ, तैपनि उसलाई पाचित्तिय हुन्छ। (१९)

यस सिक्खापदसम्बन्धी पालि शब्दहरू र यसको अर्थ बुझ्न धेरै गाह्रो छ। माथिको मेरो अनुवाद सही हो भन्ने विषयमा मलाई यकीन छैन। यदि मैले छलफल गर्नुपर्ने बुँदाहरूमा बोलें भने, मैले चाहेको भन्दा लामो हुनेछ। विनयका विशेषज्ञहरूले कसरी यसमाथि विचार गर्छन् भनी देखाउनकोलागी म यस सिक्खापद बनाउनुको कारणको बारेमा बताउनेछु। मूल कथा अनुसार आफ्नो *विहार*मा भिक्खु छन्नले धेरै पटक दोहर्याएर लेपे र त्यो लेपको भार *विहार*ले थाम्न सकेन र भत्कियो। अनि उनी आफैंले घाँस र काठ संकलन

---

[12]यसको अनुवाद अनुमानले हो। (नेपाली अनुवादक)

https://dhamma.digital

गर्नाले एउटा ब्राह्मणको धानबाली बिग्रियो। बुद्ध भगवानले यसबारेमा बोल्नुभयो र सिक्खापद बनाउनुभयो।

**१०. दसौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले जानाजान जीवित प्राणीहरू भएको पानी घाँस वा पृथ्वीमा खन्याएमा अथवा खन्याउन लगाएमा उसलाई पाचित्तिय हुन्छ। (२०)

"जीवित प्राणीहरू भएको पानी" को अर्थ पानीमा जन्मने साना जीवहरू, उदाहरणकोलागी, लामखुट्टेको लार्भा। "जानाजान" भन्ने शब्द रहेकोले यस सिक्खापदमा आपत्ति *सचित्तक* हो। पानीमा जीवित प्राणीहरू भएको भए पनि यदि भिक्खुले ठान्यो कि त्यस्तो छैन, र यसलाई खन्याइदिएमा उसलाई आपत्ति छैन।

**तेस्रो वर्ग-उपदेश आदि**

यस अध्यायका सबै सिक्खापदहरू *भिक्खुनी*सँग सम्बन्धित छन्। त्यसैले, प्रथमतः भिक्खुनीहरूको उत्पत्तिको सम्बन्धमा बोल्नु उचित हुनेछ। बुद्ध भगवानले बुद्धको चर्या (धर्मप्रचार) गरिरहनुभएको बेलामा उहाँको उपदेश ब्यापक प्रचार भयो। *मज्झिम बोधि-काल*मा बुद्धका पिता *राजा सुद्धोदन*की *अग्रमहारानी महाप्रजापति गौतमी,* जो कि भगवानकी सानीआमा थिइन् र जसले सानो छँदा उहाँकी आमा महाप्रजापति गौतमीको देहावसान भएपछि भगवानको पालनपोषण गरेकी थिइन्, ले

उपसम्पदा लिएर भिक्खुनी बन्ने प्रतिज्ञा गरिन् र धेरै पटक उहाँको स्वीकृति अनुरोध गरिन् तर उहाँले प्रदान गर्नुभएन, यो सोचेर कि यदि महिलाहरूले शासनमा प्रवेश गरे भने उहाँको शासन लामो समयसम्म चल्दैन। पछि बुद्ध भगवान् *वेसाली*मा बसिरहनुभएको समयमा भिक्खु आनन्दले उहाँसँग एउटा प्रश्न सोधे: "के प्रब्रज्या धारण गरेकी महिलाहरूले बिशेष धर्महरू (आर्यमार्गहरू आदि) प्राप्त गर्न सक्छन्, कि सक्दैनन्?" जब बुद्ध भगवानले जवाफ दिनुभयो कि उनीहरूले त्यस्तो गर्न सक्छन्, आनन्द भिक्खुले *महारानी महापजापति गोतमी*लाई प्रब्रजित गरी भिक्खुनी बनाउन उहाँको स्वीकृति अनुरोध गर्नुभयो। महिलाहरूले (आर्यमार्ग आदि) पाउनकोलागी योग्यता भएको र यस विषयमा उनीहरू पुरूषहरू बराबर नै भएको तथ्यलाई मनन गरी उहाँले महारानीलाई प्रब्रजित भई भिक्खुनी बन्न आफ्नो स्वीकृति दिनुभयो, यो शर्तमा कि उनले (महारानीले) स्वेच्छाले केही नियमहरू स्वीकार गर्नुपर्दछ। संक्षिप्तमा, भिक्खुनीले सधैं भिक्खुलाई अभिवादन गर्नुपर्छ र उसको स्थान भिक्खुपछि मात्र हुन्छ, र उसले आफूलाई भिक्खु बराबरको स्तरमा कहिले पनि राख्नेछैन। उसले भिक्खुसंघको आधार लिएर जीवन यापन गर्नुपर्नेछ, यसबाट स्वतन्त्र हुँदैन। *रानी गोतमी* शासनमा पहिलो भिक्खुनी थिइन्।[13] त्यसपछि,

[13] यस सम्बन्धी विस्तृत विवरणकोलागी हेर्नू, भिक्षु अमृतानन्दकृत बुद्धकालीन श्राविका-चरित (भाग-१), पृ. १-१७१।

बुद्ध भगवानले भिक्खुहरूलाई *रानी गोतमी*का अनुचरहरू जो कि शाक्य राजकुमारीहरू थिए, लाई *ञतिचतुत्थकम्म*विधीद्वारा प्रव्रजित गर्न स्वीकृति दिनुभयो। पछि, उपसम्पदा माग्ने एउटी महिला *भिक्खुसंघ*को समक्षमा बाधाहरू (अन्तरायिकधम्म) को सम्बन्धमा (प्रश्नहरू सोधेर) जाँच गरिएकी थिइन्, शर्मीली भई, त्यसैले बुद्ध भगवानले उसलाई उपसम्पदा पाउनुभन्दा पहिले *भिक्खुणीसंघ*मा जाँचगर्ने अनुमति दिनुभयो। त्यसपछि भिक्खुसंघको भेलामा दोस्रो *उपसम्पदा* हुनेछिन्, जहाँ उसलाई दोहरो परीक्षण गरिएन र बिना परीक्षण तुरन्त नै *उपसम्पदा* भएको घोषणाद्वारा *उपसम्पदा* प्रदान गरियो। *भिक्खुसंघ*मा मात्र वा *भिक्खुणीसंघ*मा मात्र *उपसम्पदा* पाएकी *भिक्खुणीहरू हुन्छन्।* (पछिल्लो किसिमका *भिक्खुणी*को मामिलामा) जसले *भिक्खुसंघ*बाट *उपसम्पदा* पाएको छैन उसलाई *एकतो-उपसम्पदा* भनिन्छ, र उसलाई सिक्खापदको परिभाषा अनुसारकी पूर्ण भिक्खुनी भएकी मानिँदैन। दुवै संघको भेलामा पूर्ण *उपसम्पदा* पाएकी भिक्खुनी (प्रथमतः *भिक्खुणीसंघ*बाट) लाई *उभतो उपसम्पन्ना*, परिभाषा अनुसार पूर्ण भिक्खुनी भनिन्छ।

*भिक्खुणी*हरूका पनि *भिक्खुहरू*का जस्तै नै एउटै किसिमका सिक्खापदहरू र चलनहरू छन्, र *साजीव* (शाब्दिक अर्थ: समान जीवन) भनिन्छ, तर केही सिक्खापदहरू फरक छन्। भिक्खुनीहरूको वृद्धि सीमित गर्नकोलागी कडाइकासाथ भिक्खुनीहरूका सिक्खापदहरू बनाइएका थिए, त्यसो हुनाले उनीहरू लोप भएको धेरै समय भइसकेको छ। पहिलो *संगायन*मा

Dhamma.Digital

भिक्खुनीहरूको उल्लेख बिल्कुल नै छैन। दोश्रो *संगायन*मा उनीहरूको नाम लिइएको छ, तर केवल अस्पष्ट रूपले र *संगायन*सँग सम्बन्धित थिएनन्। तेश्रो *संगायन*मा, *भिक्खुणी संघमित्ता*, जो कि राजकुमारी तथा सम्राट अशोककी पुत्री थिइन्, को उल्लेख आएको छ। उनी भिक्खुनीको रूपमा प्रव्रजित भएकी थिइन् र अनिपछि श्रीलंकामा भिक्खुनीशासन स्थापना गर्न गइन्। यो कथाको सत्यता छानबीन हुनुपर्छ।

अब म सिक्खापदहरूका बारेमा बोल्नेछु।

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> (भिक्खुसंघको) अनुमति बिना कुनै भिक्खुले भिक्खुनीहरूलाई उपदेश दिएमा उसलाई पाचित्तिय हुन्छ। (२१)

भिक्खुनीहरूको यस्तो चलन छ कि हरेक पक्षमा भिक्खुसंघद्वारा उपदेश सुन्नु। यदि यो मौका गुमायो भने भिक्खुनीहरूलाई पाचित्तिय आपत्ति हुन्छ। यो चलन आठवटा गरूधम्म (बडा नियमहरू) को एक भाग हो जुन कि *महापजापति गोतमी*ले उनी प्रव्रजित हुँदा पालन गर्ने वचन दिएकी थिइन्। भिक्खुनीहरूलाई उपदेश दिने भिक्खु भिक्खुसंघद्वारा अनुमति पाएको हुनुपर्छ। भिक्खुसंघको अनुमतिबिना भिक्खुनीहरूलाई उपदेश गरेमा भिक्खुलाई पाचित्तिय हुन्छ।

Dhamma.Digital

**२. दोस्रो सिक्खापदमा भनिएको छः**

यदि भिक्खुलाई अनुमति छ भने पनि, उसले सूर्यास्तपछि भिक्खुनीहरूलाई उपदेश दिएमा उसलाई पाचित्तिय हुन्छ। (२२)

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

उचित अवसरमा बाहेक, भिक्खुले भिक्खुनीहरूको आवासहरूमा गएर उपदेश दिएमा उसलाई पाचित्तिय हुन्छ। उचित अवसर भनेको यो हो: भिक्खुनी बिरामि छिन्। यहाँ उचित अवसर यही हो। (२३)

**४. चौथो सिक्खापदमा भनिएको छः**

भिक्खुले "भौतिक लाभकोलागी भिक्खुहरू भिक्खुनीहरूलाई उपदेश दिन्छन्" भनेमा उसलाई पाचित्तिय हुन्छ। (२४)

**५. पाँचौं सिक्खापदमा भनिएको छः**

भिक्खुले आफन्त नपर्ने भिक्खुनीलाई, साट्नेगरी बाहेक, चीवर दिएमा पाचित्तिय हुन्छ। (२५)

**६. छैठौं सिक्खापदमा भनिएको छः**

भिक्खुले अफन्त नपर्ने भिक्खुनीकोलागी चीवर सिएमा वा सिलाएमा उसलाई पाचित्तिय हुन्छ। (२६)

Dhamma.Digital

**७. सातौं सिक्खापदमा भनिएको छ:**

भिक्खुले उचित समयमा बाहेक भिक्खुनीसँग कुरा मिलाएर एकसाथ यात्रामा निस्केमा, चाहे त्यो एउटा गाउँभरको मात्र नै किन नहोस्, उसलाई पाचित्तिय हुन्छ। यहाँ उचित अवसर यो हो: यात्रा ब्यापारिक दलसँग शुरु गरिन्छ र मार्ग खतरनाक र जोखिमपूर्ण (डाकुहरूको कारणले) भनी प्रसिद्ध छ। यी हुन् उचित अवसर यहाँ। (२७)

**८. आठौं सिक्खापदमा भनिएको छ:**

भिक्खुले पहिले कुरा मिलाएर भिक्खुनीसँग एउटै डुँगामा बसेर, नदी वारपार गर्नु बाहेक, माथिल्लो वा तल्लो दिशामा यात्रा गरेमा उसलाई पाचित्तिय हुन्छ।(२८)

**९. नवौं सिक्खापदमा भनिएको छ:**

यदि गृहस्थीहरूले पहिले नै भिक्खुहरूलाई उद्देश्य गरिएको अवस्थामा बाहेक भिक्खुले जानाजान भिक्खुनीको मार्फत (प्रेरणाद्वारा) पाएको भिक्षान्न भोजन गरेमा, उसलाई पाचित्तिय हुन्छ। (२९)

Dhamma.Digital

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

भिक्खुनीसँग एकान्तमा एउटै आसनमा सँगै बसेमा भिक्खुलाई पाचित्तिय हुन्छ। (३०)

यी सिक्खापदहरूको अर्थ यहाँ स्पष्ट नै छ। यसबाहेक, यी सिक्खापदहरू अहिले समयबाहय (म्याद नाघेका) छन् र यद्यपि छलफलयोग्य केही बुँदाहरू छन्, तैपनि म यसलाई व्याख्या गर्नबाट रोक्नुपरेको छ, किनकि यो जरूरी रहेन र ढिला हुने डर छ।

**चौठोवर्ग- भोजन सम्बन्धी**

यस अध्यायमा रहेका सिक्खापदहरू नरम (प्रणीत) खानाहरू *(भोजन)* सँग सम्बन्धित छन्। प्रारम्भिक समझ प्राप्त गर्नकोलागी यी प्रणीत प्रकारका भोजनहरूका बारेमा स्पष्ट गर्नु उचित छ। विभंग ग्रन्थकार भोजनलाई पाँच वर्गमा विभाजन गर्दछन्, अर्थात: भात *(ओदन)* ,ताजा रोटी *(कुम्मास*=मासको रोटी, बारा? आदि)[14] , सुक्खा मिठाईहरू (*सत्तु*=भुटेको जौको पिठो आदि), माछा र मासु। सबै प्रकारका अन्न जुन साधारण भात र चाम्रो भातको रूपमा पकाइन्छन्, र जो विभिन्न तरिकाहरूद्वारा तयार गरिएका हुन्छन्, जस्तै भात, 'चिल्लो-भात' (नरिवलको मलाईसँग मिसिएको), वा 'भुटेको-भात'

---

[14]यो नेपाली अनुवादकको मत अनुसार हो, थाइ तथा अंग्रेजी संस्करणमा त दहि भनेर उल्लेख छ।

(सुँगुरको बोसो, मिहीन गरी काटिएको मासु सहितको, कीमा?), तरकारीहरू, आदिसँग मिसिएको) सबै नै '*ओदन*'मा सामेल छन्। *कुम्मास*को अर्थ ताजा, ओसिलो रोटी हो जुन कि समय नाघेमा चाँडै कुहिने हुन्छ, जस्तै पिठो, चिनी, नरिवलको क्रीमआदिबाट बनेका मिठाईहरू, *सत्तु*को अर्थ सुकेको टिकिया हो, जो सड्दैन, जस्तै रोटी र बिस्कुट (जो केही दिनसम्म राख्न सकिन्छ)। "माछा" जो खानाको रूपमा प्रयोग गर्न सकिन्छ शेलफिश, झींगा (माछा) र अन्य जलचर जीवहरू सामेल छन्। 'मासु' को अर्थ स्थलचर प्राणीहरू र चराको मासु हो, जुन खानाको रूपमा प्रयोग गर्न सकिन्छ। फल र जराहरू जस्तै कन्द (भूमिगत कन्द) लाई *खादनीय-* (कडा खाना) भनिन्छ। यस्तो लाग्छ कि त्यस्ता भोजन जुन कि टोकेर र चपाएर खानुपर्ने हुन्छ, त्यसो हुनाले यसलाई *भोजन*मा सामेल गरिएन जब कि यो पनि एक प्रकारको भोजन नै हो। तिनमा रहेका अन्तरहरू तलका सिक्खापदहरूमा स्पष्टरूपले वर्णन गरिएका छन्।

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> बिरामि नभएको भिक्खुले (सार्वजनिक) खाद्य वितरण केन्द्रमा एकछाक मात्र खानमिल्छ। यदि योभन्दा धेरै छाक खाएमा उसलाई पाचित्तिय हुन्छ। (३१)

यहाँ *'पिण्ड'* शब्दले 'भातको डल्लो' को अर्थमा उल्लेख गरिएको छ, जबकि विभंगका आचरियले पाँच प्रकारका *भोजन*हरू वर्णन गर्दछन्। मलाई लाग्छ कि यस तरिकाले

विनयको अध्ययन कर्ताले यसलाई यस ढंगले भोज्यवस्तुहरू मात्र भनी बुझ्नु सीमित अर्थ हुनेछ, यदि उसले खाने कार्यलाई समेत समेटिएको भनि मानेमा उसको समझ पहिलेकोभन्दा ब्यापक हुनेछ।

सामान्य मानिसहरूमा खाने काम अनेक प्रकारका छन्, जस्तै, नियमित भोजन र खाजाहरू। यी खाने काम नियमित समयहरूमा निर्धारित गरिएका हुन्छन्- जलपान, दिवाभोजन र बियाली यसका उदाहरणहरू हुन्, र मानिसहरूले आफूलाई पूर्ण सन्तुष्ट हुनेगरी खान्छन् र आफ्नो जीउ पोषण गर्दछन्। त्यस समयमा खाद्य चीजहरू भनेका माछा र मासुबाट बनेका तरकारीसँग भात थिए, त्यसपछि कहिले काहिं रोटीहरू (मिठाई) पनि। तर खाजा मानिसहरूद्वारा पेट टन्न हुने गरी खाइने होइन र यसको समय निर्धारित गरिएको हुँदैन, जस्तो कि मुख्य खानाहरूको बीचमा 'थोरै थोरै र बारम्बार' खाइने (जलपान वा खाजा) भनिन्छ। खाजाको समयमा, मानिसहरू यस्ता चीजहरू खान्छन् जसलाई कहिलेकाहीं भोजन (खाजा) भनिन्छ, जस्तै मिठाईहरू खान्छन् र उनीहरू ती खाद्यहरूलाई चियासँग खान्छन्। त्यसो भए पनि उनीहरूको खाजालाई नियमित खाना भनिंदैन। खानेकुराहरूको बारेमा विनयका विद्यार्थीको समझ भ्रमित छ, तर यदि उसले खाने कामको बारेमा विचार गरेमा उसलाई यो कुरा बुझ्नकोलागी मद्दत गर्दछ। यो सिक्खापदमा खाना खाने कामले नियमित भोजनलाई जनाउँछ।

Dhamma.Digital

अब हामी सार्वजनिक खाद्य वितरण केन्द्रमा खाना खानु विषयमा आउँछौं। यस्ता खाना एक विशेष व्यक्ति वा एक विशेष समूहकोलागी तयार गरिएको हुँदैन, तसर्थ यो भिक्खुलाई मात्र उद्देश्य गरेर बनाइएको हुँदैन। सबै यात्रीहरू वा भोकाएका मानिसहरूले भोजनकोलागी यस केन्द्रको सहारा लिन सक्छन्। बिरामि नभएको भिक्खु र जो बाहिर जान सक्छ, यस्ता खाना वितरण केन्द्रमा पुग्दा एक पटक मात्र खाना खान मिल्छ। यदि उसले त्योभन्दा धेरै पटक खायो भने उसलाई पाचित्तिय हुन्छ। विभंग ग्रन्थमा भनिएको छ कि यस्तो भिक्खुलाई खानाको हरेक गाँस निल्दा आपत्ति हुन्छ। मेरो रोजाइमा त उसले खाएको पटक अनुसार आपत्ति भएको ठानेर गणना गर्नुपर्छ। यदि ऊ बिरामि छ र त्यो ठाउँबाट बाहिर जान सक्दैनभने उसले त्यहाँ धेरै पटक पनि भोजन गर्नमिल्छ, जबसम्म ऊ त्यो ठाउँबाट जान समर्थ हुँदैन, र आपत्ति हुँदैन। यदि उसले त्यहाँ एक दिन खाना बिराएमा उसले फेरि खान मिल्छ, उदाहरणकोलागी, एक निश्चित ठाउँकोलागी बाटो लागीरहेको भिक्खुले त्यस्तो केन्द्रबाट भोजन एकदिन मात्र लिनुपर्छ र त्यसपछि त्यहाँबाट जानुपर्छ, पछि एक वा धेरै दिनपछि फर्केर आउँदा, उसले फेरि त्यहाँ भोजन गर्न मिल्छ। यदि यस्तो स्थानको मालिकले भिक्खुलाई भोजनकोलागी निमन्त्रणा गर्दछ, भोजन दान गर्न चाहन्छ भने अनेक पटक पनि भोजन गर्नमिल्छ। यदि खाना सार्वजनिक वितरणकोलागी तयार गरिएको होइन भने, यो यस सिक्खापदमा सामेल छैन।

Dhamma.Digital

**२. दोस्रो सिक्खापदमा भनिएको छः**

> भिक्खुले उचित अवसरमा बाहेक गणभोजन (चार वा बढी जनाले एकसाथमा) गरेमा उसलाई पाचित्तिय हुन्छ, उचित अवसर यो हो: बिरामि भएको अवसर, चीवर दान दिने अवसर, चीवर बनाउने अवसर, यात्रामा जाने अवसर, डुँगा चढ्ने अवसर, एक असाधारण अवसर (जहाँ एक सय वा एक हजार भिक्खुहरू जम्मा हुन्छन्), श्रमणहरूद्वारा भोजन गराइएको अवसर। यो यहाँ उचित अवसर हो। (३२)

अब म पुरानो परम्परा अनुसार व्याख्या गर्नेछु। विभंगका लेखकका अनुसार, यो मामिलामा चारजनाभन्दा बढी भिक्खुहरूले निमन्त्रणा पाएर भोजन गरे जसमा पाँचथरीका भोजनहरूमध्ये कुनै एकथरी दान दिइने उल्लेख गरिएको थियो। संक्षिप्तमा, जो भिक्खुले यसरी पाँचमध्ये कुनै पनि खानाका नाम बताई गरिएको निमन्त्रणा स्वीकार गर्दछ, त्यसलाई 'गणभोजन गर्नु' भनिन्छ, उदाहरणकोलागी, सिक्खापदमा उल्लेखित गण भोजन गर्ने उपयुक्त अवसर नपरेको *समय*मा (तल हेर्नुहोस्) कसैले निमन्त्रणा गर्दछ, रोटी वा चाउमिन भोजन गर्न आउनुस्। जो भिक्खुहरूले स्वीकार गर्छन् र खान्छन् उनीहरूलाई प्रत्येक गाँस निल्दा नै पाचित्तिय हुन्छ। तर अट्ठकथामा, आचरियले व्याख्या गरेका छन् कि एकसाथ एकै ठाउँमा निमन्त्रणा स्वीकार गर्ने काम यहाँ मुख्य

बुँदाहरू हुन्। भिक्खुहरूले एकै ठाउँमा वा छुट्टै ठाउँमा खाएको महत्त्वपूर्ण होइन।

सिक्खापदमा उल्लेखित अवसरहरूमध्येमा बिरामि भएको अवसर भनेको जब भिक्खुहरू बिरामि छन्, र *पिण्डपात* (भिक्षाटन) जान सक्दैनन्: चीवरदान गरिने समय भनेको वर्षा ऋतुको चौथो महिना हो जुनबेलामा भिक्खुहरूलाई कठिनचीवर दान गरिभ्याएको हुँदैन। उनीहरूलाई कठिन-चीवर दान दिइसकिएको छ भने कठिनको आनिसंस अवधि चिसो मौसमको अन्त्यसम्म चार महिनाको हुन्छ, यो अवधिलाई *चीवरदानसमय* अथवा *चीवरकालसमय* भनिन्छ। चीवर बनाउने भनेको भिक्खुहरू आफैले चीवर सिउनु हो, किनकि त्यसबेलामा भिक्खुहरू आफ्नो प्रयोगकोलागी आफैंले चीवर कपडा काट्ने तथा सिउने गर्दथे, उनीहरू त्यस काममा कुशल नभएका पनि हुनसक्थे, र धैरै विचार गर्नुपर्ने विषय हुन्थ्यो, त्यसो हुनाले यस्तो अवसरहरूकोलागी विशेष सुविधाहरू भगवानबाट दिइएका थिए; यात्रामा जाने अवसर भन्नाले आधा योजनभन्दा बढी दूर जानुलाई भनिएको हो; डुँगा चढ्नजानु भनेको भिक्खुले डुँगाको प्रयोग गरी यात्रा गर्नु भनिएको हो, तर यसमा दूरी पक्का हुँदैन तैपनि माथि दिइएको दूरीसँग तुलना गर्नुपर्छ; असाधारण अवसरको मतलब जब एक ठाउँमा केही भिक्खुहरू बस्छन् त उनीहरूकोलागी भिक्षान्न पर्याप्त हुनसक्छ तर जब त्यहाँ धैरै भिक्खुहरू भेला हुन्छ भने त्यो पर्याप्त हुनेछैन; श्रमणहरूको भोजनको अवसरको मतलब, जब एक वा एकसमूह भिक्खुहरूले

https://dhamma.digital

अरू भिक्खुहरूलाई भोजनकोलागी आमन्त्रित गर्छन्। जब यीमध्ये कुनै अवसर हुन्छ, त्यहाँ भिक्खुहरूले समूहमा खान सक्छन् र उनीहरूलाई आपत्ति हुँदैन।

यस मामिलामा यस्तो मान्यता भएपछि (भिक्खुहरू तथा दाताहरूमा) परम्परागत चलन यस्तो भयो कि दान गरिने खानाको परिकारको नाम सूचित गरेर दिएको निमन्त्रणा भिक्खुहरूले स्वीकार गर्नेछैन। जसले यो बुझ्छ उसले यस तरिकाले मात्र निमन्त्रणा दिन्छ: "म तपाईंलाई जलपान *(पिण्डपात*, अथवा *भिक्षा)* अथवा दिवाभोजन ग्रहण गर्नकोलागी निमन्त्रणा गर्दछु"। यसलाई भिक्खुद्वारा स्वीकार गर्नु सम्भव छ।

यस मामिलामा रहेको शब्द *'गण'* (समूह) ले, चारजना भन्दा कम भिक्खुहरूलाई गण भनी बुझाउँदछ, त्यसैले यो व्याख्या गरिएको छ कि दुई वा तीन जना भिक्खुहरू सँगै (घरमा) खान्छन्, वा दुई वा तीनजना *पिण्डपात*कोलागी जान्छन्, र फर्केर आएर सँगै खान्छन्, उनीहरूलाई आपत्ति हुँदैन। भोजनका विभिन्न नामहरू जस्तै *'निच्चभत्त* '(नियमित भोजन) र अरू-अरू भिक्खुद्वारा स्वीकार गरिनु सायद माथि उल्लेखित भोजनको नाम लिनुमा सामेल छैन। त्यसैले यो निमन्त्रणा स्वीकार गर्ने भिक्खुलाई आपत्ति छैन भनिएको हो। कारण यो हो कि यी भोजनहरू आपत्तिका आधार रहेका उपरोक्त पाँच प्रकारका उत्तम भोजनहरू बाहेक हुन्।

Dhamma.Digital

माथिको *'गणभोजन'* सम्बन्धी व्याख्या सही हो भन्ने कुरामा म निश्चित छैन, किनकि यसले माथि उल्लेखित सात अवसरहरूका कुनै भिक्खुहरूलाई केही पनि फाइदा पुर्याउँदैन। यसलाई बुझ्ने अर्को पनि तरिका छ: जो खानाका भाँडाहरूको वरिपरि बस्नु र खानु हो, जुनलाई 'घेरा बनाएर खानु', भनिन्छ र यसलाई 'समूहमा खानु' भनिनुपर्छ। ब्राह्मणहरू र भिक्खुहरूको परम्परा अनुसार खाने समयमा, उनीहरू पँक्तिमा बस्छन् र वरिपरि घेरा लगाएर बसेर होइन। सायद यो सिक्खापदले भिक्खुहरूलाई घेरा लगाएर बसी खाने कामलाई निषेध गर्दछ। यसरी बुझ्दा, यात्रामा निस्केका भिक्खुहरू, डुँगा चढ्नजानेहरू, खानाको कमीबाट पीडितहरू, र यस्तै भगवान बुद्धको विशेष अनुमति प्राप्त भएकाहरूलाई धैरै सहज महसुस हुनेछन्।

तर यसबाट बिरामि भिक्खुले कसरी सहज महसुस गर्न सक्ला? र कसरी भिक्खुले चीवर दान तथा चीवर बनाउने अवसरमा यस छुटबाट सहज महसुस गर्न सक्छन्? यो अझै स्पष्ट छैन। यो लाग्छ कि *'गणभोजन'* वास्तवमा बिल्कुल गलत कार्य होइन त्यसैले भगवान बुद्धबाट भिक्खुहरूलाई केही अवसरहरूमा यो गर्नकोलागी अनुमति दिइएको छ, कहिलेकाहीं यो ती सात अवसरहरू अनुसार उपयुक्त छ। म विनय-विशेषज्ञहरूलाई थप खोजबीन गर्नकोलागी अनुरोध गर्दछु।

यो सिक्खापदमा आपत्ति *अचित्तक* हो र (किनकि) यद्यपि यो वास्तविक *गणभोजन* हो, तर यो होइन भन्ने कुरा

भिक्खुलाई लाग्छ, तैपनि उसलाई अनिवार्यरूपले पाचित्तिय हुन्छ। यदि यो भगवान बुद्धद्वारा स्वीकृत अवसरहरूमध्ये एक होइन, तर जो भिक्खुले हो भन्ने मान्दछ, उसलाई पनि आपत्तिबाट छुट हुनसक्दैन।

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

> उचित अवसरमा बाहेक भोजन प्रतिस्थापन (पहिले स्वीकार गरिएको भोजन निमन्त्रणाको सत्तामा अर्को स्वीकार गर्नु) गर्नुमा पाचित्तिय हुन्छ। उचित अवसर यो होः बिरामि भएको अवस्था, चीवरदानको अवस्था र चीवर बनाउने अवस्था। यहाँ यो उचित अवसर हो। (३३)

विभंगका संग्रहकर्ता व्याख्या गर्छन् कि जब भिक्खुले ती पाँचथरीका प्रणीत भोजनहरूमध्ये कुनै एकको निमन्त्रणा लिइसकिएपछि त्यसलाई छोडेर कहीं अन्यत्र यी पाँच प्रणीत खाद्य पदार्थ भोजन गर्नजान्छ भने यसलाई भनिन्छ, 'प्रतिस्थापित भोजन, मैले यस अध्यायको शुरुवातमा सुझाव दिएको जस्तो नै यहाँ जोड दिईएको छ, यसले हामीलाई राम्रोसँग प्रष्ट पार्छः यस सिक्खापदमा भिक्खुले एक ठाउँमा भोजनको निमन्त्रणा स्वीकार गरिएको छ तर ऊ त्यहाँ जाँदैन, बरु त्यस समयमा भोजनकोलागी पछि दिईएको निमन्त्रणामा जान्छ, यो कार्यलाई *परम्परभोजन* (पछिल्लो भोजन गर्नु) भनिन्छ। किन भगवान बुद्धले भिक्खुहरूलाई तीन अवसरमा यस्तो गर्न अनुमति दिनुहुन्छ? यो बिषयमा छानबिन हुनुपर्छ।

मेरो विचारमा (यी छुटहरू) ले (राम्रो) परम्परालाई बाधित गर्दैन। अझ थप, यस सिक्खापदको मूल कथामा भगवान बुद्धले भिक्खुहरूलाई 'विकप्प' गर्ने (त्याग्ने) स्वीकृति दिनुभएको छ, त्यो हो, आफू अन्त कतै निमन्त्रणामा भोजन गर्न जानुपरेमा पहिलो निमन्त्रणामा अर्को भिक्खुलाई पठाउनु। मलाई लाग्छ कि त्यो समयमा यस्तो चलन कडाइका साथमा पालना गरिंदैनथ्यो तर वर्तमानमा भने तलको व्याख्यामा ध्यान दिनुपर्छ: यदि दाताले भिक्खुको नाम उल्लेख गरेर निमन्त्रणा गर्दैन, केवल निश्चित संख्यामा मात्र आवश्यक छ भने *भत्तुदेसक* (भोजन व्यवस्थापक) ले निमन्त्रणा बताउँछ भने यस्ता निमन्त्रणा अर्को भिक्खुलाई विकप्प (छोड्ने) गर्न सकिन्छ; तर यदि निमन्त्रणा गर्ने दाताद्वारा भिक्खुहरूको नाम उल्लेख गरिएको छ भने मूल निमन्त्रणाकर्ताको स्वीकृति बिना यस्तो किसिमको निमन्त्रणा विकप्प गर्नु उचित हुनेछैन। *पिण्डपात* ग्रहण गर्ने निमन्त्रणा स्वीकार गर्नु यस सिक्खापद अन्तर्गत पर्दैन। यो सिक्खापद पनि *अचित्तक* हो।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

(भिक्षाटनमा) आइपुगेको भिक्खुलाई दाताले यदि रोटी दान ग्रहण गर्नकोलागी निमन्त्रणा गरेमा भिक्खुले दुई-तीन पात्रभरी मात्र ग्रहण गर्न मिल्छ। यदि उसले योभन्दा बढी ग्रहण गरेमा उसलाई पाचित्तिय हुन्छ। ग्रहण गरिएका ती दुई-तीन पात्र भरी रोटी त्यहाँबाट

Dhamma.Digital

लिएर फर्केर आई उसले अरू भिक्खुहरूसँग साझा गर्नुपर्छ। यो हो यहाँ गर्नुपर्ने उचित कर्तब्य। (३४)

यस सिक्खापदमा उल्लिखित रोटीहरूले विवाहको उपलक्षमा दान गरिएका रोटीहरूलाई बुझाउँदछ। मालपुवा भन्नाले यात्रामा जानेबाटोको खानालाई बुझाउँदछ। यदि भिक्खुले धेरै मात्रामा ती दानहरू ग्रहण गरेमा उसले दातालाई कठिनाईमा पार्छ। त्यसैले, भगवान बुद्धले भिक्खुलाई त्यस्तो ठाउँबाट बढीसे बढी तीन पात्रभरी मात्र ग्रहण गर्न अनुमति दिनुभएको थियो। त्यस ठाउँबाट फर्केपछि भिक्खुले अरू भिक्खुहरूलाई बताउनुपर्छ र उनीहरूलाई त्यो ठाउँमा नजानकोलागी सूचित गर्नुपर्छ। यस्तो नगर्ने भिक्खुलाई दुक्कट हुन्छ। जबकि अन्य भिक्खुहरू जो सूचित गरिसकिएपछि पनि त्यो ठाउँमा जान्छ भने उनिहरूलाई पनि दुक्कट हुन्छ। विभंगमा विवाहको अवसरमा र यात्राको बाटोखर्च खानामा जोड दिइएको हुनाले विभंगले भन्छ कि जो भिक्खुले यी अवसरहरूकोलागी तैयार गरिएका बाहेकका चीजहरू स्वीकार गर्दछ, वा जो उब्रेका चीजहरूलाई स्वीकार गर्दछ (यी दुई अवसरहरूका मामिलामा), वा जसले यी दुई अवसरहरूमध्ये कुनै काम छोडिसकिएपछि ग्रहण गर्दछ भने उसलाई आपत्ति छैन। (विभंगमा) भनिएको छ कि आफन्तहरूबाट वा नियमित निमन्त्रणा गर्नेहरूबाट वा अरूको उपयोगकोलागी यो स्वीकार गर्नुमा अनुमति छ। तर यी पहिला दुई तथ्यहरू (दातालाई) कठिनाईको कारण हुन सक्छ र अन्तिम एक पहिलो

Dhamma.Digital

व्याख्यासँग विरोधाभास हुन्छ। भिक्खुलाई उपलब्ध रहेका स्रोतहरूबाट प्राप्त हुने चीजहरूको बारेमा कुनै प्रश्न छैन।

म ठान्दछु कि यो सिक्खापदभिक्खुहरूलाई उचित सीमाको ज्ञान सिकाउनकोलागी र उनीहरूद्वारा परिवारहरूप्रति हानि गर्नबाट बचाउनकोलागी (किनकि केही परिवार अति धेरै उदार हुन इच्छुक हुनसक्छ) राखिएको थियो। जुन चीजहरू विवाहको अवसरमा दान गर्नकोलागी अथवा यात्रामा जानकोलागी तयार गरिएका होइनन्, त्यस्तै बेच्नकोलागी राखिएको सामानलाई पनि यहि सिक्खापद अन्तर्गत समावेश गरिनुपर्छ होला। यस्तो मानिएपछि दिमागमा आउँछ कि भिक्खुले जब आफन्तहरू र नियमित निमन्त्रणा दाताहरूबाट ग्रहण गर्दछन् भने केही हुँदैन। यस बिषयमा विनय विशेषज्ञहरूले थप अनुसन्धान गर्नुपर्छ।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले भोजन गरिसकेको छ, र अनि खाना थपीलिन रुकीसकेको छ, अनिपछि उब्रेको बाहेक फेरि त्यो दिनमा कडा खाना वा नरम खानाहरू उपभोग गरेमा उसलाई पाचित्तिय हुन्छ। (३५)

यो सिक्खापद दाताको नाक बचाउनकोलागी राखिएको थियो। यदि भिक्खुले एक ठाउँमा भोजन गर्नकोलागीनिमन्त्रणा स्वीकार गर्दछ र त्यहाँकोभोजन उसलाई मन पर्दैन, अनि उसले थोरै मात्र खाएर थप लिन अस्वीकार गर्दछ र अनि अर्को ठाउँमा

भोजन गर्न जान्छ, जसले गर्दा दाताहरूले उसलाई सन्तुष्ट हुनेगरी भोजन खुवाउन सकेनभनी लागेर उनीहरूलाई लाज लाग्ने हुन्छ। यो कुरा सिक्खापदको मूल कथासँग सम्बन्धित छ। यो सिक्खापद राखिसकिएपछि भिक्खुले यस्तो गर्न सक्दैन।

*'भुतावी'* शब्दको अर्थ 'मुख्य खाना खाइसकेपछि' हो र उसले आफूलाई सन्तुष्ट हुने गरी खाएको हो वा होइन, यो महत्त्वपूर्ण छैन, किनकि उसले आफ्नो खाना छोडेको छ। *'पवारितो'* शब्दको अर्थ थप्न ल्याएको खाना अस्वीकार गर्नु हो। यसमा निम्नलिखित अंगहरू कारक हुन्:

क) भिक्खु भोजन गर्दैछ;

ख) कसैले खाना दान गर्दछ;

ग) त्यो व्यक्ति (दाता) हत्थपासको घेराभित्र छ;

घ) खाना दान गरिन्छ;

ङ) र सो भिक्खुबाट प्रतिक्षेप गरिन्छ।

जब यी सबै कारक अंगहरू पूर्ण हुन्छन्, तब भिक्खुद्वारा 'थप खाना अस्वीकार गरेको' भनिन्छ। जो भिक्खुले खाइसक्यो र यसरी थप खाना प्रतिक्षेप गर्दछ, त्यो दिनमा उसले उब्रेका खाना मात्र खान मिल्छ।

उब्रेका खानाहरू दुई प्रकारका छन्:

क) बिरामि भिक्खुद्वारा छोडिएको खाना, र

ख) (सामान्य) भिक्खुद्वारा छोडिएका खाना।

यसमा पछिल्लो किसिमको खाना भिक्खुकोलागी स्वीकृत हो। एकजना भिक्खु जसलाई खाना दान गरिएको थियो र यसलाई

स्वीकार गरियो र यसबाट केही खाइसकेपछि, ऊ आफ्नो आसनबाट उठेको छैन, तर यस्तो भिक्खुको हातमा दिन्छ जसले भोजन गरिसक्यो तथा हत्थपासको घेरामा नै छ तथा थप लिन अस्वीकार गर्दै भन्छ, ' मैले पुग्नेगरी लिइसकेँ'। यस तरिकाले प्रबन्ध गरेमा यो प्रक्रियालाई *विनयकम्म* (विनय अनुसार गर्नु) भनिन्छ, जुन कि मलाई बढी उपयुक्त लाग्छ। त्यस्ता उब्रेका वस्तुहरू ग्रहण गर्नकोलागी अनुमति छ। भिक्खुले थोरै मात्र (मुख्य भोजन) खान सक्छ जुन कि उसको शरीरको पोषणकोलागी अपर्याप्त छ र यसैले उसले खाना त्यागीसकेपछि पनि धेरै पटक खानुपर्छ, उदाहरणकोलागी, भिक्खुलाई सधैं वाकवाकी लाग्छ, वा उल्टी हुन्छ।

भिक्खुले खाइसकेपछि र थप खाना अस्वीकार गरिसकेपछि जसले कडा वा नरम जुन थरिको भए पनि खाना खान्छ, जुन कि उब्रेको होइन, भने खाना ग्रहण गर्दा उसलाई दुक्कट हुन्छ, र निल्दा पाचित्तिय हुन्छ। प्रत्येक गाँसमा एउटा आपत्ति हुन्छ। खानेकुरा बाहेकका कुरालाई यस सिक्खापदमा समावेश गरिएको छैन।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले जानाजान दोष लगाउने मनसायले कुनै भिक्खुलाई निम्तो दिन्छ जसले खाना खाइसकेको छ र (तब त्यसपछि दिइएको) नरम वा कडा खाना अस्वीकार गरिसक्यो, जुन कि (भिक्खुले पहिले नै दान

> गरिएकोबाट) उब्रेको होइन, भन्छ- "लिनुस् भन्ते, यो चपाउनुस्, वा यो खानुस्", (तब) यो खाना खानुमा पाचित्तिय हुन्छ। (३६)

सबै स्पष्टीकरण अघिल्लो सिक्खापदको जस्तै हो, फरक यत्तिमात्र हो कि यो आपत्ति *सचित्तक* हो।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले *विकाल* समयमा कडा वा नरम भोजन चपाएमा वा सेवन गरेमा उसलाई पाचित्तिय हुन्छ। (३७)

यस सिक्खापदको उचित समय बाहेकको समय *(विकाल)* सम्बन्धमा विभंगमा मध्याण्हकालदेखि लिएर भोली भोर नहुन्जेलसम्मको अवधिको रूपमा व्याख्या गरिएको छ। *भिक्खुनी विभंग*मा रहेको *भिक्खुनी पातिमोक्खको रतन्धकारवग्ग, पाचित्तियक्खन्ध*को *विकाल* (समय) भनेको सूर्यास्तकालदेखि लिएर उषाकालसम्मको अवधि हो भनी व्याख्या गरिराखेको छ। *दीघनिकाय, पाटिकवग्ग*को *सिंगालोवाद सुत्त* अनुसार *विकाल*मा बराल्नु, जुन कि विनाशका कारणहरूमध्ये एक हो, यसमा *विकाल*को अर्थ रात्रीको समय हो। तसर्थ दुई प्रकारका *विकाल*हरू छुट्याउनु पर्दछ, पहिलो विधी *काल* र *विकाल*मा समयको विभाजन हो, जबकि दोस्रो काललाई *पुरेभत्त* (भोजनभन्दा पहिले) को रूपमा वर्गीकृत गर्दछ, त्यो हो, बिहान देखि मध्याण्हसम्म, *पच्छाभत्त* (भोजन पछि), त्यो हो, दिउँसोदेखि बेलुकासम्म, अनिपछि *विकाल* हो, जो यहाँ

रातको अर्थमा हो। तर यस सिक्खापदमा *विकाल*को अर्थ सामान्यतया मध्याण्हदेखि भोरसम्मको अवधिलाई स्वीकार गरिन्छ।

यो सिक्खापदमा आपत्ति *अचित्तक* हो। यदि यो साँच्चिकै *विकाल* थियो तर भिक्खुले बुझ्यो कि यो अझै *काल* हो, वा उसलाई शंका लाग्यो, र उसले खाना खायो भने ऊ आपत्तिबाट मुक्त हुन सक्दैन। *यावकालिक* (बिहान देखि दिउँसोसम्म स्वीकार्य) बाहेक अरू थरिका *(कालिक)* समयभित्र स्वीकार्य चीजहरू यहाँ सामेल गरिएका छैनन् र भिक्खुले भगवान बुद्धको अनुमति अनुसार ती चीजहरूलाई उपभोग गर्न सक्छन्।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले जम्मा राखेका खाद्य तथा भोज्य (कडा खाना वा नरम खानाहरू) (रात नाघेपछि) चपायो वा सेवन गर्यो भने उसलाई पाचित्तिय हुन्छ। (३८)

भण्डार गर्नुलाई मागधी भाषामा *'सन्निधि'* भनिन्छ। भिक्खुले ग्रहण गरिराखिएका खाद्य तथा भोज्यहरू एक दिन भिक्खुको हातमा पुग्यो, भन्नाको मतलब हो कि एक दिन एक जना भिक्खुको हातमा खानेकुरा आइपुग्यो र उसले भोली सेवन गर्नकोलागी रात कटाएर राख्यो, यस्तोलाई भनिन्छ *'सन्निधि'*। जो भिक्खुले यस्ता खानेकुराहरू खान्छ उसलाई पाचित्तिय हुन्छ।

Dhamma.Digital

यसमा उसलाई निलेका हरेक गाँसमा आपत्ति हुन्छ। यस सिक्खापदमा पनि आपत्ति *अचित्तक* नै हो।

**९. नवौं सिक्खापदमा भनिएको छः**

> निम्न प्रकारका प्रणीत भोजनहरू छन्: घिउ, मक्खन, तेल, मह, सख्खर, माछा, मासु, दूध, र दही। भिक्खुले बिरामि नभइकन नै यस्ता प्रणीत भोजनहरू आफ्नै लागी याचना गरेर उपभोग गरेमा उसलाई पाचित्तिय हुन्छ। (३९)

असल खानाहरूमध्ये केही स्वतः खाद्यपदार्थ हुन्, जस्तै, माछा, मासु, दूध र दही। बाँकी पाँचथरी कुनै समयमा औषधी हो, यसैले यस मामिलामा बुझ्नुपर्छ कि ती वस्तुहरू खानामा सामेल हुन्। बिरामि नभएको भिक्खुको मतलब हो जो भिक्खु यी असल खाना बिना पनि सुविस्तासाथ जीवन यापन गर्न सक्छ।

यस सिक्खापदमा पनि आपत्ति *अचित्तक* हो। बिरामि भिक्खु यी असल खाना बिना सुविस्तासाथ रहन सक्दैन त्यसैले उसले यो याचना गर्ने अनुमति छ। जब बिरामि भिक्खुले आफ्नो उपयोगकोलागी यी चीजहरूको याचना गर्दछ, बिरामि नभएका भिक्खुले पनि उपभोग गर्न मिल्छ। बिरामि नभएको भिक्खुले यी खानाहरू आफन्तहरूबाट वा उसका नियमित आमन्त्रणकर्ता दाताहरूबाट आफ्नै उपयोगकोलागी याचना गर्न सक्छ, वा उसले (अरूसँग) बिरामि भिक्खुको उपयोगकोलागी

याचना गर्न सक्छ र कुनै आपत्ति हुनेछैन। यी चीजहरू भिक्खुले उसलाई उपलब्ध भएको कुन स्रोतबाट पाउने भन्ने बारेमा यहाँ कुनै प्रश्न छैन।

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले शुद्ध पानी र दतिवन बाहेक (उसको हातमा) नसुम्पिएको खानेकुरा निल्छ भने उसलाई पाचित्तिय हुन्छ। (४०)

अन्य ठाउँहरूमा *आहार*को मतलब *यावकालिक* हो, तर यहाँ (शुद्ध) पानी र दतिवनलाई छुट दिइएकोले आहार भन्नाले सामान्य खाद्यपदार्थहरू सबैलाई बुझाउँदछ। पानीलाई सामान्य पानी मान्नुपर्दछ, यसले झोल खानेकुरा, उखुको रस र अरू वस्तु भनी लिन हुन्न। दतिवनलाई अखाद्यको रूपमा लिनु पर्दछ। *'अदिन्नं'* शब्दको अर्थ हो, भिक्खुको हातमा दान नगरिएको वस्तु।

दानका अंगहरू निम्नकिसिमले रहेको बुझ्नुपर्छ:

क) दान गरिने बस्तु यति धेरै गह्रौ हुनुहुन्न कि मध्यम स्तरको बलिष्ठ पुरूषबाट उचाल्न नसकिने होस्;

ख) दान दिने व्यक्ति *हत्थपास*को घेरामा आउँछ,

ग) दान दिने बेलामा दातामा आदरभाव हुन्छ ;

घ) दान गर्ने ढंग सीधा शारीरिक सम्पर्कद्वारा, शरीरसँग जोडिएका वस्तुहरूको माध्यमद्वारा वा फालेर दिनु; र

Dhamma.Digital

ङ) भिक्खुले यो प्रत्यक्ष शारीरिक सम्पर्कको माध्यमबाट वा उसको शरीरसँग सम्पर्कमा रहेको वस्तुहरूको माध्यमबाट ग्रहण गर्दछ।

माथि उल्लेखित दिने तथा लिने तरिकाहरूमा फालेर दिनु एउटा बाहेक अरू सबै आपसमा आदरपूर्वक तथा विनम्र ब्यवहारद्वारा गरिएको हो। तर फालेर दिनुको सम्बन्धमा (विभंगको) अर्थ म बुझ्दिनँ। सायद धेरै साना वस्तुहरू भीडमा फालेर दिने तरिका हुनसक्छ र यसरी दिनुलाई अशिष्टताको रूपमा मानिंदैनथ्यो। दान गर्ने कारक तत्वहरूका अनुसार, दाताले आफ्नो (भातको) पन्यूको माध्यमबाट दिईएको *पिण्डपात* (भिक्षा), लाई दाताको शरीरसँग सम्पर्कमा रहेको कुनै बस्तुहरूको माध्यमद्वारा दिएको रूपमा मानिन्छ र भिक्खुले आफ्नो पात्रमा ग्रहण गर्दछ, यो पनि भिक्खुको शरीरसँग सम्पर्कमा रहेको वस्तुको माध्यमबाट ग्रहण गरेको रूपमा मानिन्छ र यसो गरेर दान दिने काम पूरा भइसकेको मानिन्छ। (थाइलैंडमा) यहि तरिका देखिन्छ जब महिलाले दान गर्दछ र भिक्खुले आफ्नो हातले पकडिएको कपडाको टुक्रामा ग्रहण गर्दछ। यसमा जब दुवै पक्ष धेरै टाढा छन्, यस्तो अवस्थालाई *हत्थपास*को बाहिर रहेको मानिन्छ (दान गरिएको मानिंदैन)।

यस सिक्खापदमा पनि आपत्ति *अचित्तक* हो। यदि नवदीक्षित भिक्खुले लापरवाही हुनाले नसुम्पिएको खाद्य वस्तुहरू खाएमा ऊ पाचित्तियबाट मुक्त हुन सक्दैन।

Dhamma.Digital

अन्यत्र भगवान बुद्धद्वारा बिरामि भिक्खुकोलागी यस्तो स्वीकृति छ- हतारमा परेको बेलामा, जस्तो कि सर्पले टोकेको अवस्था, सेवक (कप्पियकारक) नभएको अवस्था पर्यो भने भिक्खुले *'महाविकट'* भनिने चार थरिका औषधीहरू लिनसक्छ, पिसाब *(मुत्तं)* बाट बनेको, दिसा *(गूथं)* बाट बनेको, भष्मद्वारा बनेको र माटो। यी वस्तुहरू भिक्खु आफैले बिना कुनै आपत्तिमा नपरिकन नै लिन मिल्छ। अट्ठकथा अनुसार, थप व्याख्या गरिएको छ कि भिक्खुले दाउरा काट्छ र यसलाई भष्म पार्छ, अथवा उसले आफूले चाहेको जस्तो माटो पाउनकोलागी माटो खन्छ, यसरी दाउरा काटेको तथा पृथ्वी खनेको गल्तिको कारणले उसलाई पाचित्तिय हुनेछैन।

**पाँचौं वर्ग-अचेलक आदि**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले आफ्नो हातले अचेलक, परिब्राजक वा परिब्राजिका (नग्न तपस्वी, पुरुष वा स्त्री आजीवक) लाई खाद्य वा भोज्य पदार्थ दिएमा उसलाई पाचित्तिय हुन्छ। (४१)

अचेलकको अर्थ नग्न तपस्वी हो। *परिब्बाजक* भनेको बुद्धसासन बाहिर दीक्षित भएको पुरुष हो, जबकि *परिब्बाजिका* भनेको त्यस्तै दीक्षित भएकी महिला हो। भिक्खुले आफ्नो हातले ती मध्ये कसैलाई पनि कुनै पनि खाद्य वा भोज्य पदार्थ दिएमा पाचित्तिय हुन्छ। यदि उसले अरू कसैलाई उनीहरूलाई

दिन लगाएमा, वा उनीहरूकोलागी एक ठाउँमा राखीदिएमा, अथवा उसले गैरखाद्यवस्तु दिएमा उसलाई पाचित्तिय हुँदैन।

मलाई लाग्छ कि ती (बुद्धसासनको बाहिर) दीक्षित हुने त्यागी समूहहरूमा पनि दान गर्ने तरिका सम्बन्धमा यहि नै परम्परागत व्यवहार चलेको छ। एक समूहले त्यस्ता चीजहरू खाँदैनन् जो अन्य समूहहरूद्वारा औपचारिक रूपमा प्राप्त गरिएको थियो र प्रत्येक समूहले चाहन्छ कि उनीहरूलाई उही तरिकाले दान देओस् जस्तो कि गृहस्थीहरूबाट प्राप्त गरिन्छ। यदि भिक्खुले आफ्नो हातले यस्ता तपस्वी वा त्यागीहरूलाई कुनै खाद्य भोज्य पदार्थ दिएमा उसले आफूलाई त्यस समूहमा दीक्षित नभएको तल्लो स्तरको भएको मानेको अर्थ हुनेछ जसले उसलाई हीन स्तरको मान्नेछ। त्यसो हुनाले भगवान बुद्धले भिक्खुहरूले यस्तो गर्नहुन्न भनी यो सिक्खापद बनाउनु भयो, र यसैले यदि भिक्खुले उनीहरूलाई दिनकोलागी कसैलाई आदेश दिन्छ, वा उनीहरूकोलागी एक ठाउँमा राखिदिन्छ, वा अन्य गैरखाद्यभोज्य वस्तु दिन्छ भने उसलाई आपत्ति हुनेछैन।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

भिक्खुले अर्को भिक्खुलाई यसो भन्छ, 'आउनुस् आवुसो (मित्र) हामी गाउँ वा शहरमा भिक्षाटनकोलागी जान्छौं' र त्यसपछि उसलाई (भिक्खुलाई) केही भिक्षा दिईएको छ वा छैन (जुन सुकै अवस्थामा पनि), उसले उसलाई यसो भनेर हटाउँछ: हे आवुसो, तिमी जाऊ, मलाई तिमीसँग

> कुरा गर्न वा बस्नमा सुविधाजनक छैन, (अहिले) मेरो लागी कुरा गर्न वा बस्नकोलागी म एक्लो हुँदा मात्र सुविधाजनक छ", अरू कारण बिना यसैलाई मात्र कारण बनाएर यस्तो बोलेमा उसलाई पाचित्तिय हुन्छ। (४२)

विभंग ग्रन्थकार व्याख्या गर्दछन् कि वक्ता भिक्खुले महिलासँग चिढ्याएर बोल्न र खेल्न वा बन्द ठाउँमा बस्न चाहन्छ, वा उसले राम्रो आचरणको बिरूद्ध हुने केही गर्न चाहन्छ र त्यसैले (साथीलाई) बिदा गर्दछ। यदि मनमा यस्ता इच्छाहरू राखेर उसले आफ्नो आचरण लुकाउनकोलागी अर्कालाई बिदा गर्दछ भने उसलाई पाचित्तिय हुन्छ। तर अन्य कारणहरू छन् भने, जस्तै, अरूको पात्र पहिले नै भरिएको छ र वक्ताले उसलाई आफ्नो निजी दुराचार लुकाउने इरादा बिना फिर्ता जान भन्दछ भने उसलाई आपत्ति छैन।

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

> यदि कुनै भिक्खु खाना खाइरहेको परिवारको स्थानमा पस्छ, बस्छ भने उसलाई पाचित्तिय हुन्छ। (४३)

यस सिक्खापदमा छलफल गर्नुपर्ने एक शब्द छ त्यो हो, *'सभोजने'* जुन कि *'कुले'* (परिवार) को विशेषण हो। सायद विभंग ग्रन्थकारले यसलाई स-उभोजने' को *सन्धि* शब्द हो भनी विचार गरे, जसको अर्थ हुन्छ 'दुई जना हुनु', यसमा उ लोप भएको छ। यसैले विभंगका ग्रन्थकारले समझाए कि *'सभोजनसकुल'* को अर्थ पुरुष र महिला दुई जना एक अर्काबाट

अलग नभइकन वासना *(राग)* रहित नभएका हुनु हो र त्यसपछि उनीहरू बसिरहेको ठाउँ सुत्ने कोठाको रूपमा व्याख्या गरे। मूल कथाले पनि त्यही विषय बताएको छ, यस्तो हो कि, एक जना भिक्खु गयो र त्यहाँ प्रवेश गर्यो र आसनमा बस्यो, जब कि ती दुई जना एकसाथ अन्तरंग भइरहेका थिए। अब अट्ठकथा आचरियले अनुभव गरे कि *'स+उभोजने'* शब्द सम्बन्धमा समझ गलत छ त्यसैले उनले अर्को तरिकाले व्याख्या गरे, त्यो हो, *'स'* को पछाडि *'भोजन'* रहेको हो, किनभने एक यौगिक *(समास) सभोजने*, को अर्थ हो, *भोजन*सँग 'वा' भोजन गरिरहेको 'तर उनले शब्द *'भोजन'* लाई *'भोग'* (धन) को रूपमा अर्थ्याए र थप व्याख्या गरे कि पुरूष तथा महिला एक अर्कालाई धनको रूपमा मानिन्छ। यसलाई स्वीकार गर्न सकिन्न! यसले पहिलेको व्याख्यामा कुनै थप सुधार गरेको छैन।

मलाई लाग्छ कि यो शब्दमा *'स'* को पछि *'भोजन'* रहेको छ, जसले यौगिक शब्द *'सभोजने'* बनेको छ, जसको अर्थ '*भोजन*सँग' वा '*भोजन* गरिरहेको' हुन्छ। यो सही र सत्य हुनुमा कुनै सन्देह छैन, तर अट्ठकथामा गरिएको जस्तो व्याख्या यसमा छैन।

यो शब्दको शाब्दिक अर्थ हो, र यसमा कुनै संदेह छैन कि यो साँचो हो, भनाइको तात्पर्य यो हो कि, मानिसहरू भोजन गरिरहेका छन्। उनीहरूले भोजन गरिरहँदा प्रवेश गर्ने भिक्खुले, उसको आफ्नो शिष्टाचारको अवहेलना गर्दछ, जसले गर्दा

त्यस्तो दुर्व्यवहार रोक्नकोलागी यो सिक्खापद बनाइएको हो। यो मामिला म विनय विशेषज्ञहरूको सामु राख्न चाहन्छु ताकि उनीहरूले यस सम्बन्धमा थप अनुसन्धान गर्न सक्नेछन्।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खु महिलाको साथमा पर्दाले छोपिएको आसनमा बसेमा पाचित्तिय हुन्छ। (४४)

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खु एक पुरुष र एक महिला मात्र हुनेगरी एकान्तमा बसेमा उसलाई पाचित्तिय हुन्छ।(४५)

यहाँ पनि *अनियत* सिक्खापदमा बताइएका जस्ता दुई प्रकारका एकान्त आसनहरूलाई बुझ्नुपर्छ। यहाँ बस्नु भन्नाले लेट्नु पनि सामेल छ, तर यसमा उभिनु र हिंड्नु सामेल छैन। पहिलो सिक्खापद (उपरोक्त चौथो) को अर्थ हो 'नदेखिने स्थानमा बस्नु', किनकि त्यहाँ 'एक पुरूष र एक महिला' भन्ने शब्द छैन, त्यसैले यो मानिन्छ कि भिक्खु जुन कोठामा बस्छ त्यहाँ एकजना पुरुष पनि हुनुपर्छ जसले (बोलिएका कुराहरूको) अर्थ बुझ्दछ, किनकि महिलाहरू धैरै भएपनि भिक्खुलाई आपत्तिबाट रक्षा गर्न सक्दैनन्। तथ्य त यो हो कि, जुन वाक्यांश छ 'एक पुरूष र एक महिला' शुरुदेखि नै प्रमादका कारणले छुटेको हुन सक्छ, सायद कण्ठष्ठ गर्ने समयमा अथवा पाण्डुलिपिहरू प्रतिलिपि गर्ने समयमा छोडियो होला। यो

Dhamma.Digital

सिक्खापद *पहिलो अनियतसिक्खापद*सँग तुलना गर्न सकिन्छ जसमा यो *'एक पुरुष र एक महिला'* भन्ने शब्द रहेको छ। विभंगका ग्रन्थकारले यो शब्द बिल्कुल उल्लेख गरेका छैनन्, त्यसैले म बुझ्छु कि *'एको एकाय'* शब्द विभंग अस्तित्वमा आउँदासम्ममा हराइसकेको छ।

दोस्रो सिक्खापद (माथिको पाँचौं) को अर्थ 'सुन्न नसकिने ठाउँ' हो र यसलाई *दोस्रो अनियत* सिक्खापदसँग तुलना गर्न सकिन्छ। "एक पुरुष र एक महिला" वाक्यांशको कारणले यो बुझाउँछ कि यदि भिक्खु धेरै महिलाहरूसँग खुल्ला ठाउँमा बस्छ, तर ती महिलाहरूले आपत्तिको बिरुद्ध भिक्खुलाई रक्षा गर्न सक्दैनन्। यदि वाक्यांश 'एक पुरुष र एक महिला' निश्चित रूपले हराएको थियो (चौथो सिक्खापदमा) भने तब यो स्पष्टीकरण अघिल्लो सिक्खापदकोलागी पनि अपनाउन सकिन्छ। यदि एक पक्ष उभिन्छ र अर्को बस्छ, वा दुवै उभिन्छन्, तब भिक्खुकोलागी कुनै आपत्ति हुँदैन। थप स्पष्टीकरण निम्नानुसार बुझ्नुपर्छ: एक भिक्खु भिक्षा प्राप्त गर्नकोलागी खडा छ र एक महिला भिक्खुलाई भोजन दान गर्नकोलागी खडा छे, वा एक महिला बस्छे (टुक्रुक्क वा घुँडा टेकेर) जहाँ अरू मानिसहरूबाट टाढा, जुन ठाउँलाई सुन्न नसकिने ठाउँ भन्न सकिन्छ, र भिक्खुले यस्तो खुल्ला ठाउँमा (आपत्तिबिना) व्यवहार गर्न सक्छ। भिक्खुले महिलासँग एक्लाएक्लै पर्दा भएको स्थानमा; वा खुल्ला ठाउँमा बस्दा यद्यपि कुनै एकपक्ष खडा रहेको हुन्छ भने वास्तवमा आपत्ति

छैन तर यस्तो आपत्तिबाट भिक्खुलाई नोक्सानी उत्पन्न हुनसक्दछ। त्यसैले भिक्खुले यस्तो गर्न हुँदैन। आफ्नो व्यवहारलाई रक्षा गर्न जान्ने भिक्खुले अरूमा शंका र घृणा नउब्जने गरी रहन जान्दछ, त्यस्तोलाई भगवान बुद्धद्वारा प्रशंसा गरिएको छ कि *आचारसम्पन्नो*, जसको अर्थ हो, 'राम्रो व्यवहारले युक्त' जो कि पाटिमोक्खको रक्षाद्वारा हुन्छ, जुन दुवै कुरा भिक्खुहरूको शील निद्देसमा दिइएको छ। (हेर्नुहोस्: पाटिमोक्खपाठको उपरान्त पाठ गरिने *सीलुद्देसपाठो*)। यसलाई राम्रो उदाहरणको रूपमा लिनुपर्छ।

यो भनिएको छ कि जो भिक्खुलाई लुकाउने मनसाय छैन; अथवा भ्रांत चित्त भएर अरू विषयमा विचार गरिरहेको भएमा महिलासँग बसे पनि उसलाई आपत्ति हुँदैन। पहिलो मामिलामा यसरी बुझ्नु पर्छ: भिक्खु एउटा कोठामा धेरै महिलाहरूसँग बस्छ, जसमा एकजना पुरुष पनि बसिरहेको छ, जसले बोलेको बुझ्छ। तर पछि कहिलेकाहीं ऊ बाहिर जान सक्छ, भिक्खुले उसलाई समयमा रोक्न सक्दैन, यस्तो अवस्थालाई भनिन्छ, आफुलाई लुकाउने मनसाय बिना बस्नु। यो पछिल्लो मामिलामा, कुरा यसरी बुझ्नुपर्छ: भिक्खु एक्लै केहीको बारेमा सोच्दै बसेको छ, उसले चाल नपाउने गरी एक महिला उसको नजिक आउँछे।

Dhamma.Digital

**६. छैठौं सिक्खापदमा भनिएको छ:**
उचित अवसरमा बाहेक भोजनकोलागी आमन्त्रित गरिएको कुनै भिक्खु (भोजनको दिनमा मध्याण्हभन्दा पहिले) भोजनभन्दा पहिले वा पछि यदि (अन्य) परिवारहरूलाई भेट्नकोलागी जाँदा सीमाक्षेत्र भित्र वा त्यस विहार आरामको घेराभित्र) उपस्थित कुनै भिक्खुलाई सूचित नगरीकन जान्छभने उसलाई पाचित्तिय हुन्छ। यसमा उचित अवसर भनेको यो हो: चीवर दान गर्ने अवसर, चीवर बनाउने अवसर, यो यहाँ उचित अवसर हो। (४६)

मूल कथाको बिषय अनुसार, यो मानिन्छ कि यस्तो निमन्त्रणा स्वीकार गर्नेको शिष्टाचार भोजनभन्दा पहिले र भोजन गरिसकेपछि (गृहस्थी दाताहरूको घरमा) जान पनि भिक्खुलाई निषेध गर्नुको कारण हो, यसमा सिक्खापदमा उल्लिखित दुईवटा अवसरहरूमा बाहेक थप दुईवटा अवसरमा भनिएको छ: यदि ऊ बिरामि भिक्खुकोलागी औषधी ल्याउन गएको छ, वा यदि उसले अर्को भिक्खुबाट बिदा लिएको छ। तर यस सिक्खापदमा भएका मामिलाको अर्थ माथिको जस्तो छैन किनकि त्यहाँ सशर्त शब्द *'वा'*=अथवा 'भोजन भन्दा पहिले' र 'भोजन पछि' रहेका छन्। त्यसैले त्यस भोजनकोलागी गरिएको निमन्त्रणा मुख्य बुँदा हुन सक्छ जसको बारेमा हामीले यहाँ सोच्नुपर्छ।

मलाई लाग्छ कि जो भिक्खुले भोजनकोलागी निमन्त्रणा स्वीकार गरेको छ उसलाई त्यो भोजनभन्दा पहिले कहीं अन्यत्र जानकोलागी निषेध गरिएको छ, भन्नुको तात्पर्य

यो हो कि जब ऊ भोजन गर्न जाँदैछ, उसलाई यताउति बराल्नमा निषेध गरिएको छ ताकि उसलाई ढिला हुनु अथवा खोजेर नभेटिने नहोस्। उसलाई भोजनपछि अन्य ठाउँहरूमा जानबाट मनाही गरिनुको मतलब यो हो कि जब ऊ निमन्त्रणा गर्ने घरबाट फर्कन्छ, उसले यहाँ र त्यहाँ बराल्ने गर्न हुँदैन। केही जरूरी काम छ भने (जस्तो कि सिक्खापदमा उल्लेख गरिएको छ) उसले अर्को भिक्खुसँग औपचारिकरूपमा बिदा लिनु पर्छ (जसले जान्दछ कि ऊ कहाँ गयो)। जे होस्, यी दुईवटा 'अवसरहरू' सामान्यतया अन्य सिक्खापदहरूमा (पनि) अपवादको अवसर हो।

निमन्त्रणा गर्ने दाताको घरसम्म जाँदा बाटोमा उसले अन्य घरहरू पार गरेर जानुपर्छ, त्यो अवस्थामा ऊ 'बराल्ने व्यक्ति' होइन। यदि अरू भिक्खु छैन भने, अर्थात् ऊ एक्लै बस्छ भने, जब जब केही काम पर्छ ऊ जान सक्छ। किनभने सिक्खापदमा, मात्र गृहस्थी परिवारहरूलाई भेट्न जानुको उल्लेख छ, यसैले विभंग ग्रन्थकारले व्याख्या गरे कि जो भिक्खु अन्य विहारमा जान्छ, भिक्खुनीहरूको आवासमा जान्छ, वा अन्य धर्मावलम्बीहरूको स्थानहरूमा जान्छ भने आपत्ति छैन, तर यस्तै मामिलामा जसले कहिलेकाहिं असन्तोषजनक परिणाम ल्याउँछ, यस्तोमा सामान्यतः दुक्कट आपत्ति लगाइन्छ। असन्तोषजनक परिणाम ल्याउने सम्बन्धमा भिक्खुलाई आपत्ति हुँदैन भनेर व्याख्या गर्नु असंगत छ। भिक्खुले सोझै विहार फर्किंदा बाटोमा घरहरू भेटिए भने बरालेको रूपमा गणना

गरिंदैन र यसो गर्ने अनुमति छ। यदि अन्य भिक्खुहरू छन् भने, उसले उनीहरूसँग निश्चय नै बिदा लिनुपर्छ, जस्तो कि अरू सिक्खापदमा बताइएको छ। यहाँ निमन्त्रणा कर्ता दाताको घर जाने बाटोका बारेमा छलफल गर्नु पर्दैन।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले बिरामि नभएको बेलामा उसलाई चार महिनासम्म चतुप्रत्ययद्वारा सेवा गर्ने लामो पवारणा (निमन्त्रणा) स्वीकार गर्न सकिन्छ। यदि उसले यो पवारणा दोहरो पाएको अवस्थामा वा स्थायी पवारणा पाएको अवस्थामा बाहेक, योभन्दा लामो अवधिसम्मकोलागी स्वीकार गरेमा उसलाई पाचित्तिय हुन्छ। (४७)

बोलचाली भाषामा *'पच्चय'* भन्ने शब्दले भिक्खुकोलागी आवश्यक चीवर, भिक्षाभोजन, सेनासनहरू र औषधीहरूलाई बुझाउँछ। तर विभंगका ग्रन्थकार भन्छन् कि यसले *गिलानपच्चय* भनिने औषधीहरूलाई बुझाउँदछ। विभंगका ग्रन्थकारले यस तरिकाले व्याख्या गर्नुको कारण सायद 'बिरामि नभएको भिक्खु' भन्ने वाक्यांशको कारणले हो। म व्यापक तरिकाले यो मामिलालाई बुझ्न चाहन्छु। यदि भिक्खुले आफन्त नपरेका पवारणाकर्ता दाताबाट आवश्यक वस्तु मागेमा, *विञ्ञत्ति* सम्बन्धी सामान्य सिक्खापद अन्तर्गत उसलाई आपत्ति छैन, भनिएको छ। तर स्वीकृतिका कुनै विशेष शर्तहरू छैन। मलाई

लाग्छ कि भगवान बुद्धले भिक्खुहरूलाई यस सिक्खापदद्वारा पवारणाकर्ताहरूबाट आवश्यक वस्तुहरू याचना गर्ने अनुमति दिनुभयो तर त्यो मात्र चार महिनाको भित्र गर्न सकिन्छ, यस प्रकार उनीहरूलाई सीमा थाहा हुन्छ। जब पवारणाकर्ता दाताले आफ्नो पवारणा दोहोर्याउँछ, भिक्खुले थप चार महिनासम्म याचना गर्न सक्छ। पवारणा एक असीमित समयकोलागी गर्दछ भने सधैं याचना गर्नमिल्छ। किन बिरामि नभएका भिक्खुका बारेमा मात्र सिक्खापदमा उल्लेख भएको हो? त्यो शब्दले यो कुरो बुझ्नुतिर संकेत गर्दछ कि भगवान बुद्धले बिरामि भिक्खुलाई सधैं याचना गर्ने अनुमति दिनुभएको छ। यो सत्य हो कि भगवानले बिरामि भिक्खुले *पिण्डपात* याचना गर्ने अनुमति दिनुभएको छ। अन्य सिक्खापदहरूमा उहाँले औषधी याचना गर्नकोलागी अनुमति दिनुभएको छ। अघिल्लो सिक्खापदको मूल कथामा बिरामि नभएको भिक्खुले छैठौं संघादिसेस सिक्खापदमा भनिएको अनुसार उसको बस्ने स्थान *(सेनासन)* निर्माणकोलागी सामग्री माग्न मिल्छ, त बिरामि भिक्खुले किन याचना गर्न मिल्दैन? तर अन्य सिक्खापदहरूमा बिरामि नभएको भिक्खुले एउटा चीवर बाहेक अरु थोक यचना गर्ने अनुमति छैन।

विभंगका आचरियद्वारा दिईएका विधी अनुसार पवारणाकर्ताहरू चार वर्गमा विभाजित छन्। ती हुन्:

क) सीमित आवश्यकताहरूकोलागी पवारणा,

ख) सीमित समयकोलागी पवारणा,

Dhamma.Digital

ग) माथिका दुवै सीमाभित्र सीमित पवारणा, र

घ) उपरोक्त कुनैद्वारा असीमित पवारणा।

पहिलो वर्गको पवारणाको प्रकारको अर्थ हो, दान दिइने चीजहरूको सीमा भएको, जस्तै, चीवर, *पिण्डपात*, तेल वा मह, अथवा अरू वस्तु संख्याले सीमित गरेर जस्तो कि यतिवटा चीवरहरू, निश्चित मूल्यको *पिण्डपात*। पवारणा गर्ने दाताले भिक्खुलाई आवश्यक वस्तुहरूको संख्या सीमित गरेर पवारणा गर्छ, भिक्खुले त्यही सीमाभित्र बसेर याचना गर्न मिल्छ तर पवारणा गर्ने दाताले समयावधीको सीमा बताएको छैन भने भिक्खुले चार महिनासम्म मात्र याचना गर्न मिल्छ।

दोस्रो वर्गकोले चार महिनाभन्दा कम वा बढीको समयद्वारा सीमित पवारणालाई जनाउँदछ। भिक्खुले त्यो तोकिएको समयावधिभित्र याचना गर्न मिल्छ र ऊ चार महिनाको सीमाद्वारा बाँधिएको छैन।

तेस्रो वर्गकोलाई माथिको दुवै स्पष्टीकरणहरूलाई संयुक्त रूपमा बुझ्नुपर्छ। चौथो वर्गको उदाहरणकोलागी यस्तो भनी देखाइएको छ, जब पवारणा-दाता भन्छ कि 'कृपया मलाई थाहा दिनुहोस् कि तपाईं के चाहनुहुन्छ वा तपाईंलाई म चार आवश्यकताहरू आदिद्वारा निमन्त्रणा गर्दछु। यसलाई भनिन्छ चीजहरूमा असीमित पवारणा र यदि एक पवारणा-दाताले समयको अवधि तोकेको छैन भने यसलाई समयमा असीमित भनिन्छ। यो सिक्खापद अनुसार यस मामिलामा, भिक्खुले आफूले चाहेको जुनसुकै याचना गरे पनि हुन्छ, तर उसले चार

महिनाभित्र मात्र माग्नुपर्छ। यदि पवारणा-दाताले उसको पवारणा दोहर्याउँछ भने प्रत्येक पटक भिक्खुले चार महिनासम्मकोलागी याचना गर्नसक्छ। यदि निमन्त्रणादाताले 'असीमितसमय-सम्मकोलागी' (तपाईंको जीवनभरकोलागी, अथवा मेरो जीवनभरकोलागी आदि भनेर) पवारणा दिन्छु, भनेमा तब भिक्खुले कुनै पनि बेलामा आवश्यक वस्तु याचना गर्न मिल्छ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> उचित कारण बिना भिक्खुले युद्धकोलागी तयार रहेका सेनाहरू हेर्न गएमा उसलाई पाचित्तिय हुन्छ।

*सेना*को अर्थ हो सैनिकदलहरू, र प्राचीन समयमा यसमा हात्तीसवार सेना, घुड़सवार सेना, रथसवार सेना, र पैदल सेना हुन्थे र यद्यपि यस शब्दको सीमामा केही अन्तर आइसकेको छ, तैपनि तिनलाई *सेना* भनिन्छ। जो सैनिकहरू (युद्धभूमिमा) पठाइएका छन् को अर्थ हो, चाहे आक्रमक वा आत्परक्षात्मक युद्धमा होस्, शत्रुहरूसँग लडिरहेका सैनिकहरू हुन्। मूल कथा अनुसार, सिक्खापदमा उल्लेखित कारण यो भनेर व्याख्या गरिएको छ कि एकजना भिक्खुको एकजना आफन्त (युद्धभूमिमा, छावनीमा?) बिरामि थियो र उसले भिक्खुलाई भेट्न अनुरोध गर्यो। यदि भिक्खुलाई अरू कारणहरू उचित र उपयुक्त लागेमा (ऊ जान सक्छ) तर उसको जानु जरूरी कामकोलागी हुनुपर्छ र मात्र दृश्यावलोकन गर्न जानकोलागी हुनुभएन। यदि सेनाहरू उसको निवास (*आराम,*

विहार)को नजिकबाट गएको छ वा ऊ कतै जान्छ र उनीहरूसँग भेट हुन्छभने उसलाई आपत्ति छैन। खतरा उत्पन्न हुने बेलामा त कुनै प्रश्न नै छैन, जस्तोकि बन्दी बनाइन्छ र कैदीको रूपमा राखिन्छ।

**९. नवौं सिक्खापदमा भनिएको छः**

> केही कारणले भिक्खुलाई सैनिक भेट्नजाने काम पर्न सक्छ। त्यस्तो बेलामा भिक्खु सैनिकहरूसँग दुई वा तीन दिनसम्म मात्र बस्न मिल्छ। यदि ऊ योभन्दा लामो समयसम्म बसेमा उसलाई पाचित्तिय हुन्छ। (४९)

यहाँको कारण अघिल्लो सिक्खापदमा भनिएको अनुसार बुझ्नुपर्छ। रातहरू गन्ने विधी सूर्यास्त हुनुद्वारा गरिन्छ। भिक्खुलाई चौथो दिनमा आपत्ति आउँछ जब सूर्य अस्ताउँछ। यदि भिक्खु तीन दिनमात्र बस्छ, अनि फर्किन्छ भने पछि कुनै जरूरी कारण छ भने ऊ फेरि जान सक्छ। यदि जस्तै त्यहाँ सैनिकसँग बस्दा बिरामि भयो, अथवा ऊ बसेको सैनिकहरू दुश्मनद्वारा घेरिएको छ, अथवा केही अन्य बाधाहरू छन् भने ऊ त्योभन्दा लामो अवधिसम्म पनि रहन सक्छ।

**१०. दसौं सिक्खापदमा भनिएको छः**

> भिक्खु दुई-तीन दिन (रात) सम्म सैनिकहरूसँग बस्दा ऊ युद्धको मैदानमा वा सैनिक शिविरमा युद्ध-सरणी वा रेजिमेन्टल समीक्षा (सेना गणना?) हेर्न गएमा

Dhamma.Digital

अर्थात् समूह-समूहमा बाँडिएका हात्ती, घोडा, रथ, पैदल सेना हेर्न गएमा उसलाई पाचित्तिय हुन्छ। (५०)

**छैठौं वर्ग-सुरापान आदि**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

आसुत (रक्सी) र किण्वितमादक पदार्थ (जाँड) खाएमा भिक्खुलाई पाचित्तिय हुन्छ। (५१)

त्यसको व्याख्या यसरी बुझ्नुपर्छ: सबै प्रकारका झोलहरू चाहे स्वाभाविक रूपमा गुलियो स्वाद भएको होस्, जस्तै खजूरको फल (-पाम) को रस, वा मानिसहरूद्वारा मिश्रित (गुलियो पेय), जब उनीहरूलाई धेरै लामो समयसम्म राखिन्छन्, त्यसमा भएको चिनीको शक्ति अनुसार नरम वा कडा किसिमको मादकपदार्थ बन्नजान्छ, र उनीहरूलाई *'मेरय'* भनिन्छ-जुन कि किण्वनद्वारा तयार गरिएको हो। जब त्यो *मेरय*लाई आसुत गरिन्छ, मानिसहरूलाई चाहिएको स्तर अनुसारको रक्सी बनाउनकोलागी त्यसको पानी बफाइन्छ, यसलाई *'सुरा'* (शाब्दिक अर्थ: सूरो) भनिन्छ। दुवैलाई एकसाथ *'मज्ज'* भनिन्छ, जसको अर्थ हो खानेलाई मात लाग्ने पदार्थ। छोटोमा, यी सबैलाई मादक पदार्थहरू भनिन्छन्। तर यस सिक्खापदमा, यो प्रकार अनुसार छुट्याइएको छ, अन्य स्थानहरूमा जस्तो होइन (जहाँ मात्र एक सामान्य शब्द प्रयोग गरिन्छ)। भनिएको छ कि यसको आपत्ति *अचित्तक* हो किनकि यसमा *सामणेर*हरूको र गृहस्थीहरूको सिक्खापदमा जस्तो

मनसाय संयुक्त हुनुपर्ने भनी किटान गरिएको छैन। भिक्खुले यद्यपि ठान्छ कि यो मादक पेय होइन, र सेवन गर्यो भने उसलाई आपत्ति हुन्छ। त्यस्ता पदार्थहरू जो रंग, गन्ध र स्वादमा मादक पदार्थको रूपमा छन्, जस्तो कि केही प्रकारका किण्वित औषधीहरू, ती वस्तुहरूको सेवन आपत्तिको आधार होइन। मादक पदार्थ रक्सीको सानो मात्रा जो तरकारी, मासु वा अरू खानाहरूमा सुस्वादकोलागी वा ती खाद्यपदार्थ कुहिनबाट बचाउनकोलागी मिसाइएका छन्, र जो नशाको कारण होइन, त्यस्तालाई *अब्भोहारिक* (नगण्य) भनिन्छ। भिक्खुले यस्ता खाद्यपदार्थ खान्छ वा पिउँछ भने उसलाई आपत्ति छैन।

**२. दोस्रो सिक्खापदमा भनिएको छः**

औंलाले काउकुती लगाएमा पाचित्तिय हुन्छ। (५२)

विभंगका आचरिय व्याख्या गर्दछन् कि यसमा भिक्खु पाचित्तियको आधार हो, अनुपसम्पन्न दुक्कटको आधार हो तर सिक्खापदले स्पष्टरूपले यो पनि भन्दैन, त्यो पनि भन्दैन। यसमा औंलाहरू भनेकोले यस्तो भनिएको छ कि भिक्खुले अर्को भिक्खुलाई उसको शरीरमा कुनै बस्तु लिएर घोचेमा, उसलाई दुक्कट हुन्छ। यदि शरीरसँग सम्पर्कमा रहेको (समातेको) चीज दुक्कटको आधार हो भने, तब यदि भिक्खुले कपडाले ढाकिएको व्यक्तिलाई (उसको शरीरको कुनै भागमा) धकेल्छ, ऊ पनि दुक्कट हो। अरूलाई हँसाउने मनसाय नभएको भिक्खुलाई र जोसँग छुनकोलागी केही कारण छ, उसलाई आपत्ति हुँदैन।

Dhamma.Digital

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

हँसी मजाक गरी (धम्म, क्रीडा, खेल) पानीमा खेलेमा उसलाई पाचित्तय हुन्छ। (५३)

यहाँ धम्म शब्दको अर्थ हँसी मजाक गरी पानीमा खेल्नु हो। विभंगका संग्रहकर्ताको धारणा छ कि टखने वा नलीसम्मको गहिरो पानी पाचित्तियको आधार हो तर यो विभंगमा वर्णित भिक्खुले गोताखोरी गर्नु, सतहमा आउनु, र पानीमा पौडी खेल्नु भनी वर्णित प्रयासहरूसँग संगतपूर्ण छैन (मेल खाँदैन) किनकि टखने सम्मको गहिरो पानी भिक्खुले डुब्की लगाउनलाई पर्याप्त गहिरो हुँदैन जस्तो छ र कसैले त्यहाँ त्यस्तो गर्न सक्दैन! म यो मान्छु कि भिक्खुले डुब्की लगाउनकोलागी, आफुलाई पूरै डुबाउनकोलागी, र उसलाई सुविधाजनक ढंगले पौडी खेल्नकोलागी जहाँ पर्याप्त गहिरो छ, यस्तो ठाउँ पाचित्तियको आधार हो। यसबाहेक, यो भनिएको छ कि डुँगामा खेल्नु दुक्कटको आधार हो। यदि डुँगामा खेल्नु पनि एक किसिमले पानीमा खेल्नु जस्तो नै हो भन्ने कुरामा जोड दिने हो भने त तब यो त्यस्तै हुनसक्छ, तर यो व्यवहार त रोकतोक गर्नुपर्ने किसिमको हो। यदि यस डुँगामा खेल्नुलाई सिक्खापद अनुसार आपत्ति लगाउनु परेमा त, यसमा बिरोध हुनुपर्ने कुनै कारण भएको लाग्दैन (किन नलगाउने?) किनकि यो त बढी दोषपूर्ण छ। फेरी, यो भनिएको छ कि भिक्खुले उसको हात वा खुट्टाले पानी छ्याप्छ, वा लट्ठीले पानीमा

हान्छ, वा पानीमा रिकापी फालेर खेलेमा दुक्कट हुन्छ। (विभंगका आचरियद्वारा) जे भनिएको छ त्यो सही छ। पाचित्तियको आधार नभएको उथलो पानी वा भाँडोमा रहेको पानी दुक्कटको आधार हो। जो भिक्खुको पानीमा खेल्ने मनसाय छैन, तर सामान्य ढंगले नुहाउँछ, उसले पूरा जिउ भिजाउनलाई आफ्नो जिउलाई डुबाउन सक्छ, अथवा जो भिक्खुलाई पानीमा केही काम गर्नु परेको छ भने उसले आफूलाई डुबाउन सक्छ। कुनै खतरा रहेको अवस्थामा, जस्तो कि डुँगा पल्ट्यो, अथवा भिक्खुले डुबेको मानिसलाई मदत गर्न चाहन्छ, यस्तो अवस्थामा आपत्ति मान्ने कुनै सवाल नै रहँदैन।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

भिक्खुले अनादर गरेमा उसलाई पाचित्तिय हुन्छ। (५४)

विभंगका आचरियले अनादर 'दुई प्रकारका' बताएका छन्: व्यक्तिहरूको बारेमा अनादर, र धम्मको बारेमा अनादर। पहिलो किसिमको अनादरको मतलब भिक्खुहरूलाई प्रोत्साहन (उपदेश) दिने वा निर्देशन दिने व्यक्ति (गुरु) लाई अनादर गर्नु हो। पछिल्लोको मतलब हो *पञ्ञत्ति* (बुद्धद्वारा राखिएका अनुशासन नियम) र धम्म जुन कि पञ्ञत्ति होइन, त्यसको अनादर। *उपसम्पन्न*ले भिक्खुलाई *पञ्ञत्ति* वा विनयको बारेमा सिकाउँदा (अनादर देखाउनेलाई) चेतावनी दिएका छन् र यदि उसले अझै पनि व्यक्ति वा *पञ्ञत्ति*लाई अनादर देखाउँछ भने उसलाई पाचित्तिय हुन्छ। भनिन्छ कि *उपसम्पन्न* सहित

कोहीद्वारा पञ्ञत्ति बाहेकका विषयमा सावधानी गराइएको छ भने (त्यो गल्ति गर्ने) उसलाई दुक्कट हुन्छ। र यो भनिन्छ कि *अनुपसम्पन्न* दुक्कटको आधार हो। यो अनुपसम्पन्न भन्नाले सामणेर (चेतावनी दिने) हुनसक्छ तर विभंगका आचरियले यहाँ यस्तो बोल्नु हुँदैनथ्यो। जो भिक्खुले आफ्नो व्यवहारको सम्बन्धमा बताउँछ कि उसलाई उसको आचरियद्वारा त्यसरी सिकाइएको थियो, आपत्ति छैन।

यो सिक्खापद भिक्खुलाई जिद्दीवाला हुन र उसको मनपरी ढंगको व्यवहारलाई रोक्नकोलागी राखिएको हो। जब उसलाई निर्देशन दिइन्छ, उसले सम्मान देखाउनुपर्छ, र कुन सही हो, छान्नु पर्छ। उसले वक्ताहरूलाई वा बोलिएका विषयहरूलाई अपमान गर्नहुन्न। यस्तोलाई राम्रो र सुन्दर आचरण भनिन्छ।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अर्को भिक्खुलाई तर्साएमा उसलाई पाचित्तिय हुन्छ। (५५)

तर्साउने ढंग यसप्रकार छ: यस्तो किसिमले बोल्नु वा ब्यवहार गर्नु कि अर्को भिक्खु तर्सिन्छ र भूतदेखि तर्साउनु, उसलाई डाकाहरूदेखि अथवा जंगली हिंस्रक प्राणीहरूदेखि धम्क्याउनु, तर्साउनु सबै थरी यसमा समावेश छन्। अर्को व्यक्ति डराओस् या नडराओस्, यो प्रश्न होइन। *उपसम्पन्न*लाई तर्साउने भिक्खुलाई पाचित्तिय हुन्छ, यस्तै *अनुपसम्पन्न*लाई

Dhamma.Digital

तर्साएमा उसलाई दुक्कट हुन्छ। यदि उसले तर्साउने नियत राख्दैन, तर उसले राक्षसहरू सम्बन्धी बताउँछ, उसलाई डाकाहरू र जंगली हिंश्रक प्राणीहरू सम्बन्धी समाचारहरू बताउँछ भने उसलाई आपत्ति छैन।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> उपयुक्त कारण बिना नै बिरामि नभएको भिक्खुले ताप्नकोलागी आगो बालेमा वा बाल्न लगाएमा उसलाई पाचित्तिय हुन्छ।(५६)

बिरामि नभएको शब्दको अर्थ हो जो व्यक्ति आगो नतापीकन नै खुशीसँग बाँच्न सक्छ। 'उपयुक्त कारण बिना' शब्दले ताप्नुकोलागी बाहेक आगो बाल्नुका अरू कारणहरूलाई बुझाउँदछ। उदाहरणकोलागी, रातको समयमा उज्यालोकोलागी आगो बाल्नु, पानी उमाल्नकोलागी, र अरू अरू कारणहरू। अन्य ठाउँहरूमा (विनयमा), भगवानले शरीर तताउनकोलागी जन्टाघर (आगोघर) को अनुमति दिनुभएको छ जस्तो कि प्राचीन समयमा सियाममा प्रयोग गरिन्थ्यो। यस्तो जन्टाघरमा, ईन्धनको रूपमा कोइला (गोल) प्रयोग गरिन्थ्यो र चाहे भिक्खु बिरामि होस् वा स्वस्थ, सबै भिक्खुहरूले ताप्न सक्छन् तर वर्तमान सिक्खापदले (स्वस्थ) भिक्खुहरूलाई आगो ताप्नबाट निषेध गर्दछ, त्यसैले यसमा एक विरोधाभास छ। तसर्थ, यो समझाईएको छ कि लपट वा ज्वाला भएको किसिमको आगो

Dhamma.Digital

बाल्न निषेध गरिएको छ तर कोइलाको आगो बाल्ने अनुमति छ।

मलाई लाग्छ कि यस सिक्खापदमा भिक्खुलाई आगो ताप्नमा रोक लगाइराखिएको काठ र घाँसले बनेका कुटीहरूलाई आगोले जलाउनबाट रोक्नु हो। त्यसैले भगवान बुद्धले भिक्खुहरूलाई त्यही उद्देश्यकोलागी निर्धारित एक ठाउँमा आगो ताप्नकोलागी अनुमति दिनुभयो, जसलाई जन्टाघर भनिन्छ, जसले गर्दा यस प्रकारको खतराबाट रोकथाम हुन्छ। यस तथ्यले हामीलाई विचार दिन्छ कि जन्टाघरमा आगो ताप्ने भिक्खुलाई आपत्ति हुँदैन, तर जसले अरू ठाउँहरूमा ताप्छ, उसलाई आपत्ति हुन्छ, यसमा बिरामि भिक्खुलाई बाहेक हो जो आफ्नो शरीरमा ताप उत्पन्न गर्न असमर्थ छ। अन्य प्रयोजनहरूकोलागी आगो बाल्नु अवश्य पनि आवश्यक छ र जो त्यसो गर्छन् उनीहरूलाई आपत्तिबाट छुट दिइएका छन्।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> उचित अवसरमा बाहेक भिक्खुले एक पक्षभन्दा कम अन्तरालमा नुहाएमा उसलाई पाचित्तिय हुन्छ। यसको उचित अवसर यी हुन्: गृष्मऋतुको बाँकी अन्तिम डेढ महिना र वर्षा ऋतुको प्रथम एक महिना, जम्मा गरेर अढाइ महिना हुन्छ, यतिलाई गृष्मऋतु भनिन्छ; (थप अरू अवसरहरू भनेको) ज्वरो आएको अवसर, बिरामि भएको अवसर, शारीरिक कामको अवसर, यात्रामा

जानलागेको अवसर, र हावा हुरी चलेको अवसर। यहाँ उचित अवसरहरू यही हुन्। (५७)

भनिएको छ कि यो सिक्खापद एक निश्चित क्षेत्र *(देस-पञ्ञत्ति)* कोलागी राखिएको थियो, यसको अर्थ यो हो कि, यो मध्यदेश- भारतको मध्य प्रान्तहरूकोलागी तय गरिएको छ। मूल कथा अनुसार बुद्ध भगवानले यो नियम बनाउनुमा निम्नानुसार भनिएको छ: मगध राज्यका राजा बिम्बिसार तपोदामा स्नान गर्न गए। त्यस समयमा भिक्खुहरूको एक समूह अन्धकार हुने बेलासम्म नुहाइरहेको थियो। (जसले गर्दा राजालाई स्नान गर्नमा बाधा भयो र त्यसपछि उनी शहर प्रवेश गरे)। अन्यत्र (विनयमा) भगवानले भिक्खुहरूलाई *पच्चन्त जनपद*मा अनेकबार स्नान गर्ने अनुमति दिनुभएको छ। त्यहाँका मानिसहरूको परम्परा अनुसार स्नान नगर्नुलाई फोहर मान्दछन्। नुहाउनमा प्रतिबन्ध लगाउने कथा रमाईलो छ, यद्यपि यसले हामीलाई चिन्तित गर्दैन किनकि हामी त त्यस्तो देशमा बस्छौं जहाँ नुहाउने अनुमति छ, तर हामीले यसको कारणमाथि विचार गर्नुपर्दछ। ब्राह्मणको परम्परा अनुसार उनीहरूले दिनमा तीन पटक नुहाउँछन्, जबकि भिक्खुहरूले पक्षमा एकपटक मात्र। उनीहरू कति फोहोर भए होलान्! म मान्छु कि यो सिक्खापद विशेष गरी पानीको कमी रहेको स्थानकोलागी मात्र र सुख्खा मौसमकोलागी मात्र बनाइएको थियो। उदाहरणकोलागी सुख्खा मौसममा उच्च भूमिक्षेत्रमा।

Dhamma.Digital

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले नयाँ चीवर प्राप्त गर्दा उसले यसमा तीनमध्ये एक रंग प्रयोग गरी यसलाई बिरूप पार्नुपर्दछ, ती रंगहरू हुन्, हरियो, मटमैलो अथवा गाढा खैरो। यदि भिक्खुले यी रंगहरू प्रयोग नगरिकन नयाँ चीवर प्रयोगमा ल्याउँछ भने उसलाई पाचित्तिय हुन्छ। (५८)

यस सिक्खापदको उद्देश्य मूल कथामा भनिएको र त्यसपछिको सिक्खापदमा भनिएकोमा विरोधाभास छ। मूल कथामा यस्तो देखिन्छ कि भगवान बुद्धले भिक्खुहरूलाई (चीवरहरू) मा चिन्ह लगाउन भन्नुभएको छ, जसले गर्दा त्यसको मालिकले आफ्नो चीवर चिनोस्, तर सिक्खापदमा *लूख-पटिपत्ति-* सादा चीजहरूको प्रयोगको अभ्यास, अनुसार रंग बिगार्नुमा जोड दिइएको छ। "उसले बिरंग पार्ने काम गर्नुपर्छ', अर्थात् 'हरियो, मटमैलो वा गाढा खैरो रंग प्रयोग गर्नुपर्छ' भन्ने वाक्यांश अनुसार, अट्ठकथा आचरियले सिकाउँछ कि ठूलोमा एक गोल आकार मयूरको प्वाँखमा भएको आँखा जत्रो र सानोमा उडुसको शरीर जत्रो सानो चिन्ह लगाउनु पर्छ, जसलाई *बिन्दु-कप्पं* भनिन्छ जसको अर्थ हो 'गोलो आकार बनाउनु'। भिक्खुलाई यस्ता गोलो आकार बनाउन सिकाउने यो तरिका चिन्ह लगाउन सिकाउने तरिका जस्तै छ (नामको हस्ताक्षर गर्नुको सट्टा) जुन कि निरक्षरहरूद्वारा प्रयोग गरिन्छ। त्यो समयमा भिक्खुहरू पनि अक्षर लेख्नमा कुशल थिएनन्।

Dhamma.Digital

नयाँ चीवर प्राप्त गर्ने भिक्खुले प्रथमतः यसलाई चिन्हित गर्नुपर्छ त्यसपछि (मात्र) यसलाई प्रयोग गर्नुपर्छ। चिन्ह बनाइसकिएपछि यदि यो मेटिएर जान्छ (धुनु आदिले) भने भिक्खुले फेरि चिन्हित गर्नु आवश्यक छैन। यदि नयाँ कपडाको टुक्रा पहिले चिन्ह लगाइएको पुरानो चीवरमा टालियो भने भिक्खुले नयाँ टालोमा चिन्ह लगाउनु पर्दैन। सिक्खापदमा स्पष्ट रूपमा बताईएको नपाइनाले भिक्खुले यसमा गोलो चिन्ह एउटा बनाउन सक्छ। यदि उसले चीवरलाई खराब रंगको बनाउन चाहेको भए उसले उपरोक्त तीनमध्ये कुनै एक लिएर त्यसमा रंगाउन सक्छ। यदि पहिचान बनाउनकोलागी चिन्हित गर्ने निर्णय गर्छ भने, उसले यी दुई तरिकाहरूलाई जोड्नकोलागी केही अक्षरहरू (उसको नाम, आदि) लेख्न सक्छ, (चिन्हित गर्नु र बिरूप बनाउनु) भिक्खुले (बिरूप बनाउनकोलागी केही अक्षरहरू लेख्न मिल्छ। यो विषय प्रायशः औपचारिक व्यवहार मात्र हो भनी ठान्दछन् र कसैले समुचित अर्थ पत्ता लगाउने कोशिश गरेका छैनन्! उनीहरू मात्र अट्ठकथा आचरियद्वारा सिकाईएको चिन्ह बनाउने तरिका अभ्यास गर्छन्।

**९. नवौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले, आफ्नो (अतिरिक्त) चीवर अर्को भिक्खुसँग वा भिक्खुनीसँग वा सिक्खमानासँग वा सामणेरसँग वा सामणेरीसँग साझा (विकप्प) गरिसकेपछि लिनेले आफ्नो

Dhamma.Digital

दाबी नछोडीकन (दिने) भिक्खुले प्रयोग गरेमा पाचित्तिय हुन्छ। (५९)

*सामणेरी* (महिला सामणेर) बीस वर्षभन्दा कम उमेरकी एक साधारण महिला हो जसले एक भिक्खुनीको समक्ष *पब्बज्जा* प्राप्त गरिसकेकी छिन् र जसले *सामणेर*ले जस्तो नै दस सिक्खापदको पालन गर्दछे। *सिक्खमाना* त्यही *सामणेरी* हो जसको उमेर अठार पुगिसकेको छ, *उपसम्पदा*कोलागी आवश्यकता पुग्न दुई वर्ष पहिलेको मात्र। भिक्खुनी संघले उसको *'सिक्खा-सम्मति'* को घोषणा गर्दछ कि, उसलाई *पाणातिपाता...* आदि देखि *विकालभोजना वेरमणी* सम्मको शिक्षा पूरा दुई वर्षसम्म कुनै पनि नबिग्रने गरी पालन गर्नदिन संघको सहमति छ। यदि उसले तीमध्ये कुनै एक तोड्छे भने, उसले तिनीहरूलाई पुनः ग्रहण गर्नुपर्छ र त्यो दुई वर्षको अवधि (परीक्षण अवधि) पुनः शुरु हुन्छ। यदि उसले ती नियमहरूलाई दुई वर्षसम्म नतोडीकन पालन गर्न सकी भने भिक्खुनी संघ उसको *उपसम्पदा*कोलागी एक प्रस्ताव घोषणा गर्न सक्थ्यो। यो *सिक्खमाना*लाई *भिक्खुनी*भन्दा तल्लो स्तरको तर *सामणेरी*को भन्दा माथिल्लो भनी निर्धारित गरिएको छ।

"विकप्प" को वास्तविक अर्थ दुई जना मालिक बनाउनु हो। यो गर्ने तरिका दुईवटा छन्; उपस्थितिमा विकप्प गर्नु र अनुपस्थितिमा विकप्प गर्नु। पहिलो तरिकाको अर्थ हो, ग्राहकको उपस्थितिमा यसो भनेर विकप्प गर्नु, **'इमं चीवरं तुय्हं विकप्पेमि'** जसको अर्थ हो, 'म यो चीवर तपाईंसँग साझा

गर्दछु।' यदि चीवरहरू धेरै छन् **भने 'इमं चीवरं'**को सट्टामा **'इमानि चीवरानि'** (यी चीवरहरू) भनी प्रयोग गरिन्छ। यदि चीवरहरू *हत्थपास*भन्दा बाहिर टाढा छ भने **'इमं'** र **'इमानि'** (यो, यी) को सट्टामा **'एतं'** र **'एतानि'** (त्यो, ती) प्रयोग गरिन्छ। अनुपस्थितिमा विकप्प गर्नु भनेको कुनै *सहधकम्मिक*लाई साझा गर्नु हो, जो उपस्थित छैन, तर अरूको उपस्थितिमा भनिने विधीवाक्य यसप्रकार छ: **इमं चीवरं इत्थनामस्स विकप्पेमि,** जसको अर्थ हो "म यो चीवर फलानो नामको भिक्खु वा भिक्खुनीसँग साझा गर्दछु"। यदि उसले *उत्तर* नामको भिक्खुसँग साझा गर्दछ भने उसले उसको नाम **उत्तरस्स भिक्खुनो** अथवा **इत्थन्नामस्स**को सट्टा **आयस्मतो उत्तरस्स** भनी ग्राहक आफूभन्दा (वर्षावासमा) जेष्ठ वा कनिष्ठ जे छ, त्यस अनुसार प्रयोग गरिन्छ। तर विभंगका संग्रहकर्ता आचरिय भन्छन् कि पछिल्लो प्रकारको विकप्पलाई पनि 'उपस्थितिमा गरिएको 'विकप्प' को रूपमा मानिन्छ! विभंगले गरेको 'अनुपस्थितिमा गरिने विकप्प' को तरिकाको व्याख्या बुझ्न धेरै गाह्रो छ। त्यहाँको स्पष्टीकरणमा दोस्रो भिक्खुलाई पहिलो भिक्खुले तेस्रो भिक्खुको साथ विकप्प गर्न मद्दत गर्नकोलागी याचना गरिएको देखिन्छ तर विभंगको स्पष्टीकरणमा मात्र 'बताउनुहोस्, बताउनुहोस्' छ, यसको मतलब कुनै प्रत्युत्तर छैन। यस्तो अवस्थामा उपस्थितिमा 'विकप्प' गर्नुबाट मुक्त छैन। त्यो हो, पहिलो र दोस्रो भिक्खुहरू आपसमा विकप्पको प्रक्रिया पूरा गर्न सक्छन्, जब कि तेस्रो भिक्खुलाई थाहा नै छैन।

यो सिक्खापद अनुसार पहिले नै साझा गरिएको चीवर जुन छ त्यो प्रयोग गर्न सकिंदैन, जबसम्म ग्राहक भिक्खुले आफनो अधिकार त्याग्दैन। जब त्याग्छ, तब गएर मात्र चीवरको उपयोग गर्न सकिन्छ, त्याग गर्ने विधीवाक्य यसप्रकार छ: **इमं चीवरं मह्यं सन्तकं परिभुञ्ज वा विसज्जेहि वा यथा पच्चयं वा करोहि।** यदि त्याग्ने भिक्खु (बर्षावासमा) अरूभन्दा कनिष्ठ छ भने, यस्तो विधीवाक्य प्रयोग गरिन्छ: **इमं चीवरं मय्हं सन्तकं परिभुञ्जथ वा विसज्जेथ वा यथा पच्चयं वा करोथ।** दुवै विधीवाक्यहरूको अर्थ एउटै हो तर पछिल्लो विधीबाक्यमा भएका शब्दहरूले आदरार्थी देखाउँछन्, मतलब: "मसँग भएको यो चीवर तपाईं प्रयोग गर्नुस् वा त्याग्नुस् वा यथाइच्छा गर्नुहोस्।" 'अनुपस्थितिमा' अधिकार त्याग्ने विधीवाक्य छैन।

*विकप्प*को विषयको सम्बन्धमा, आचरियहरूका दृष्टिकोणहरू फरक-फरक छन्, कोही मान्छन् कि विकप्प गरिसकिएपछि त्याग गरिएको चीवर फेरि अतिरिक्त चीवर बन्दछ, कोही मान्छन् कि यो अझै पनि *विकप्पित-चीवर* (दोहोरो स्वामित्वमा रहेको) नै हो। पहिलेको समूह जो मान्छ कि यो अतिरिक्त चीवर बन्दछ, उनीहरूको मत अनुसार दस दिनभन्दा बढी राख्न हुन्न, उनीहरूले सधैं विकप्प गरिरहनु पर्छ, जबकि पछिल्लो मत अनुसार एकचोटी गरेर नै त्यो *विकप्पित-चीवर* हुनजान्छ र फेरि विकप्प गर्नुपर्दैन। सिक्खापदमा भएका 'त्याग नगरिकन' भन्ने शब्दहरूमा विचार गरीहेर्दा विकप्पबाट

Dhamma.Digital

त्याग नगरिकन भनेको जस्तो देखिन्छ। त्याग गर्नुकोलागी प्रयोग भएका शब्दहरूको सन्दर्भमा, विभंगले निम्नानुसार 'अनुपस्थितिमा' त्यागकोलागी कथन विधीवाक्य रचना गरेको छ: **तेसं सन्तिकं परिभुञ्ज वा ...** आदि, जसको अर्थ हो "तपाईं उनीहरूसँग भएका चीवरहरू उपयोग गर्न सक्नुहुन्छ" आदि। मेरो विचारमा ती भिक्खुहरू (विकप्प ग्राहक) अझै मालिक छन्। 'उपस्थितिमा त्याग्ने कथन विधीवाक्य' जसरी रचना गरिएको छ, त्यस अनुसार स्वामित्व त्याग्दैन। यो बुझ्नु पर्छ कि विकप्प पनि *विनयकम्म* हो, परम्परा अनुसार अभ्यास गरिनु हो, तर यसले वास्तविक अर्थमा जोड दिंदैन। जब शब्दहरूको शाब्दिक जाँच गरिन्छ, यसले फरक रायतिर लान्छ। जब हामी यसको अर्थ विचार गर्छौं, विकप्प भनेको दोहरो स्वामित्व भनेको हो। त्याग गर्नु शब्दमा पहिले त स्वामित्वबाट त्याग्नु जस्तो देखिन्छ र चीवर *अतिरेक-चीवर* बन्नजान्छ, तर जब दुई जना मालिकहरू अझै बुझ्दछन् कि ती चीवरहरू पहिले नै 'विकप्प गरिसकिएको छ', अनि त त्यागका शब्दहरू प्रयोग गर्नकोलागी स्वीकृति आदि हो, यी शब्दहरूले यो वस्तुहरू साझा सम्पत्ति भएको भावलाई खतम गर्दैन। माथिको मान्यता अनुसार, यो मान्न सकिन्छ कि यदि ग्राहकले आफ्नो स्वामित्व त्याग गर्दछ भने त्यो विकप्प गरिएको चीवर फेरि *अतिरेक-चीवर* हुनजान्छ; तर यदि ग्राहकले मात्र तिनको प्रयोगको अनुमति दिन्छ भने, त्यो चीवर अझै *विकप्पित-चीवर* (साझा गरिएको चीवर) बनी रहन्छ। सायद यहाँ एक प्रश्न सोधिन सक्छ: यदि ग्राहकले

आफ्नो अधिकार त्यागेको छैन भने त्यो चीवर नत्यागिएको *(अपचुत्थकं)* रहन्छ? यो प्रश्न सही छ। त्यसो भए पनि, विकप्प ग्रहण गर्नेबाट स्वीकृति दिइएको चीवर प्रयोग गर्नुलाई विस्सासको आधारमा लिएको मान्न सकिन्छ, र प्रयोगकर्तालाई आपत्ति छैन।

**१०. दसौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले अर्को भिक्खुको पात्र वा चीवर वा आसन वा सियोबट्टा वा कायबन्धन (पेटी) ठट्टा गर्नकोलागी मात्र भएपनि लुकाएमा उसलाई पाचित्तिय हुन्छ। (६०)

सिक्खापदमा स्पष्ट रूपले आवश्यक प्रत्ययहरूको उल्लेख भएकै छन्, यी बाहेक भिक्खुले अरू भिक्खुका अन्य प्रत्ययहरू लुकाउँछ भने उसलाई दुक्कट हुन्छ। *अनुपसम्पन्न*का आवश्यक वस्तुहरू लुकाएमा भिक्खुलाई दुक्कट मात्र हुन्छ। खिसी गर्ने मनसाय नभएको भिक्खुले यी चीजहरूलाई अनुचित तरिकाले राखेको देखेर हटाएर (सही ठाउँमा) राखीदिन्छ भने उसलाई आपत्ति छैन।

**सातौं वर्ग-जीवित प्राणीहरू आदि**

**१. पहिलो सिक्खापदमा भनिएको छः**

> भिक्खुले जानाजान जीवित प्राणीलाई जीवनबाट वञ्चित गरेमा (=प्राणीलाई मारेमा) पाचित्तिय हुन्छ। (६१)

Dhamma.Digital

सिक्खापदमा भएको जीवित प्राणीहरूलाई पालिमा *'पाणो'* भनिन्छ, अर्थ हो, स्वासप्रस्वास भएको र जिउँदो। यहाँ यसले ठूला र साना प्रकारका जनावरहरूलाई समान रूपमा पाचित्तियको आधारको रूपमा जनाउँदछ। तेस्रो पाराजिक अन्तर्गत अपराधको वर्गीकरणमा यो भनिएको छैन कि जनावरलाई जीवनबाट वञ्चित गर्नु दुक्कटको आधार हो, त्यसैले यहाँ यो सिक्खापद विशेष गरी राखिएको हो।

**२. दोस्रो सिक्खापदमा भनिएको छः**

> भिक्खुले जानाजान प्राणीहरूले युक्त भएको पानी *परिभोग* गरेमा पाचित्तिय हुन्छ। (६२)

यस *'परिभोग'* शब्द अन्तर्गत खानु, नुहाउनु वा अन्य तरिकाले पानीको प्रयोग गर्नु समावेश छन्।

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

> भिक्खुलाई थाहा छ कि अधिकरण (मुद्दा) को प्रक्रिया धर्मपूर्वक फैसला गरिसकिएको छ। यसलाई दोहरो प्रक्रियामा लैजान (पुनरावेदनकोलागी) कोसिस गर्छ भने उसलाई पाचित्तिय हुन्छ। (६३)

फैसला गर्नुपर्ने गरी उत्पन्न भएका मुद्दा मामिलाहरूलाई *अधिकरण* वा विधीगत प्रक्रियाहरू भनिन्छ। तिनलाई चार वर्गमा विभाजन गरिएका छन्: क) *विवादाधिकरण-* धम्म र विनयका विषयहरूमा विवाद अथवा

मतभेद। यो सही हो, कि गलत भन्ने कुराको फैसला हुनुपर्छ। ख) *अनुवादाधिकरण-* जब एक वा धेरै भिक्खुहरूले कसैलाई कुनै आपत्तिको आरोप लगाउँछन्। यो सत्य हो वा होइन भन्ने निर्णय गरी फैसला गर्नुपर्छ। ग) *आपत्ताधिकरण-*जब एक भिक्खुलाई आपत्ति हुन्छ, उसलाई शुद्ध गर्नकोलागी विनयगत प्रक्रिया गर्नुपर्छ। घ) *किच्चाधिकरण-* संघले गर्नुपर्ने कर्तव्य, जस्तो कि उपसम्पदा कार्य। यी कामहरू पूर्णरूपले सिद्ध गर्नुपर्छ। जब यी *अधिकरण*हरूमध्ये कुनै उठेको छ र जब संघ वा व्यक्तिले उनीहरूलाई पूर्णरूपमा सिद्ध गरेको छ, त्यो हो, तिनीहरूलाई कारण मुताबिक वा नियम अनुसार गरिएको छ, यो तथ्यलाई भिक्खुले जानेर पनि, आफूलाई स्वतन्त्र (संघबाट अलग्ग) ठानेर त्यो मुद्दालाई दोहरो चलाउनकोलागी प्रयास गर्छ भने उसलाई पाचित्तिय हुन्छ, यसमा यो अधिकरणको फैसला धर्मानुसार सही ढंगले गरिएको छैन भन्ने उसलाई लागेको अवस्थामा बाहेक हो।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले जानाजान अर्को भिक्खुको गरुँगो आपत्ति लुकाएमा पाचित्तिय हुन्छ। (६४)

विभंगमा गरुँगो आपत्तिको व्याख्या चारवटा पाराजिक र तेह्रवटा संघादिसेस भनी दिइएको छ तर अट्ठकथामा संघादिसेस मात्र दिइएको छ। 'भिक्खुस्स' (भिक्खुको) शब्दको अर्थ आफूलाई भिक्खु भनी घोषणा गर्ने सबैजना हुन्। यदि

संघादिसेस मात्र सीमित भनी बुझेमा मानौं कि भिक्खुको कुनै मित्र भिक्खु पाराजिक भयो भनी जानेको छ, तर पनि उसले आफूलाई भिक्खु भनी घोषणा गर्दछ, यस्तो अवस्थामा पहिलो भिक्खु धम्म-विनयमा धेरै सावधान नभएको भन्ने हुन्छ, किनकि उसले यो विषयलाई लुकायो। उसको यो गल्तिकोलागी उसलाई के दण्ड दिइनुपर्छ?

म देख्छु कि यस सिक्खापदमा रहेको आपत्ति (पाचित्तिय) उसलाई लगाउनु पर्छ। आठौं संघादिसेस सिक्खापद भिक्खुलाई पाराजिक भएको भनी निराधार आरोप लगाउनुको सम्बन्धमा विभंगले व्याख्या गर्दछ कि यदि भिक्खु शुद्ध छैन, अर्थात् ऊ पाराजिक हो, तर आरोपी मान्छ कि ऊ शुद्ध हो, र उसलाई अर्को आधारहीन पाराजिकको आरोप लगाउँछ भने उसलाई संघादिसेस हुन्छ। यो एउटा उदाहरण हो जसलाई वर्तमान विषयसँग तुलना गरिनुपर्छः भिक्खुले (अर्काको दोष) लुकाउने मनसाय गर्दैन, किनकि त्यसो गर्नुपर्ने कारण छैन, तर कसैलाई नभन्नु, आपत्ति होइन। यदि उसलाई थाहा छ कि अरूलाई जानकारी दिनकोलागी बोलेमा चुप लागेर बस्नुभन्दा प्रतिफल नराम्रो हुनेछ, त्यसैले बोल्दैन भने, विभंगले उसलाई त्यसो गर्न अनुमति दिन्छ। जब उसको मनसायको जाँच गरिन्छ, उसलाई लुकाउनेको रूपमा मानिंदैन, किनकि उसले एक प्रकारले खराब प्रतिफल रोक्ने आशा गर्दछ।

Dhamma.Digital

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

जानाजान बीस वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई उपसम्पदा (पूर्ण भिक्खुको रूपमा स्वीकृति) दिएमा त्यो व्यक्ति उपसम्पदा भएको स्वीकार गरिएको हुँदैन र (उपसम्पदा विधीमा भाग लिने) ती भिक्खुहरू निन्दा योग्य छन्; उपसम्पदा दिनेलाई पाचित्तिय हुन्छ। (६५)

स्पष्टीकरण निम्नानुसार छ: भिक्खुहरू जानाजान बुझेर संघको गणपूरकको रूपमा भिक्खुसभामा सहभागी हुन्छन्, उमेर बीसवर्षभन्दा कमको व्यक्तिलाई *उपसम्पदा* दिन्छन् भने यसका *उपज्झाय*लाई *पाचित्तिय* हुन्छ र बाँकीलाई *दुक्कट* हुन्छ। यस प्रकारले *उपसम्पदा* पाएको व्यक्ति पनि भिक्खु होइन। उसलाई सामणेर मात्र मानिन्छ।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

भिक्खुले जानाजान र कुरा मिलाएर चोरहरूको यात्री समूहसँग एउटै यात्रामा गएमा, चाहे त्यो एक गाउँ भर मात्र नै किन नहोस्, उसलाई पाचित्तिय हुन्छ। (६६)

चोरहरूको यात्रीसमूह, जो निषिद्ध वस्तुहरू तस्करी गरी हिंड्ने ब्यापारीहरू हुन्, जस्तो कि वर्तमानमा अफिम, अथवा अरू शुल्क लाग्ने वस्तुहरू लुकाएर ल्याउँछन्। विभंगले थप व्याख्या गरेको छ कि यसमा डाँकाहरू पनि सामेल गर्नुपर्छ, जसले भर्खरै लुटेका छन् वा यद्यपि (हालसालै) लुटेका छैनन्।

Dhamma.Digital

यो स्पष्टीकरण सही छ किनकि यदि भिक्खु उनीहरूसँगै यात्रा गर्न जान्छ भने ऊ केही अपराधमा फँस्नबाट बच्न सक्दैन।

एउटा गाउँको लम्बाईको निर्धारण कुखुरा उड्ने दूरीबाट गरिन्छ, तर भीडभाड भएको क्षेत्रहरूमा यो कुनै पनि अवस्थित चिन्ह अनुसार निर्धारित गर्नु पर्दछ, उदाहरणकोलागी, एक मानिसको स्वामित्वमा रहेको जग्गाको चौडाई र अरू अरू अनुसार हो। जंगलमा जहाँ घरहरू छैनन्, विभंगले सीमाको रूपमा आधा योजन निर्धारण गरेको छ। भिक्खुले पहिले कुरो मिलाउँदैन, तर दुवै पक्षहरू (संजोगले) एकसाथ र एकै दिशामा यात्रामा जान्छन्भने उसलाई आपत्ति छैन।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले पहिले कुरो मिलाएर महिलासँग एउटै यात्रामा गएमा, चाहे त्यो एक गाउँभर मात्र नै किन नहोस्, उसलाई पाचित्तिय हुन्छ। (६७)

*'मातुगाम'* भनेको यहाँ 'मनुष्य स्त्री हो जसले कुरा बुझ्दछ'। यस सिक्खापदमा *'जानं'*-जानाजान भन्ने शब्द छैन, यो कि त शुरुदेखि नै थिएन, अथवा यो हराएको छ, र म यसमा निश्चित छुइनँ। यो शब्दको अभावले गर्दा व्याख्या गरियो कि यसमा आपत्ति *अचित्तक* हो। बाँकी व्याख्या पहिलेको सिक्खापदमा जस्तो नै बुझ्नुपर्छ।

Dhamma.Digital

**८. आठौं सिक्खापदमा भनिएको छः**

भिक्खुले यस्तो भनेमा "मैले बुद्ध भगवानबाट सिकाइएको धर्म (शिक्षा) हरूलाई यस्तो बुझ्दछु कि जुनलाई बुद्ध भगवानद्वारा बाधक हुन्छ भनियो, त्यसमा लाग्नेलाई वस्तुतः त्यो त्यस्तो बाधक हुने होइन।" तब त्यो भिक्खुलाई भिक्खुहरूद्वारा यस्तो भनी चेतावनी दिनुपर्छः तपाईंले यस्तो नभन्नुस्, भगवान बुद्धलाई गलत व्याख्या नगर्नुहोस्; भगवान सम्बन्धी गलत प्रस्तुति उचित छैन, र भगवानले यस्तो भन्नुहुने छैन। आवुसो, जुनलाई बाधक चीजहरू हो भनी भगवानद्वारा बताइएका छन्, ती कुराहरू भगवानद्वारा बिभिन्न तरिकाले बाधकहरू हुन् भनी भनिएका छन्। तपाईं अझ यी बाधक विषयहरूमा लिप्त नरहनुहोस्। "त्यो भिक्खु, भिक्खुहरूद्वारा सल्लाह दिइंदा पनि, पहिले जस्तै प्रयास गरिरहन्छ भने, त्यो भिक्खुका बारेमा भिक्खुसंघमा पुनर्विचार गरिनुपर्छ (त्यो हो, संघमा यस्तो भिक्खुलाई रोक्नकोलागी घोषणा गर्नु) तेस्रो पटकसम्म (चेतावनी) वाचन गर्दा उसले (आफ्नो प्रयास) त्याग्न सक्दछ। यदि तेस्रो पटकसम्म चेतावनी दिंदा उसले त्याग्दछ भने (उसको प्रयास) राम्रो छ; यदि यति हुँदा पनि उसले यो त्याग्दैन भने, उसलाई पाचित्तिय हुन्छ। (६८)

Dhamma.Digital

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले जानाजान यस्तो भिक्खुसँगै खाना खान्छ वा सँगै बस्छ, वा संगै सुत्छ जसले यसो (माथिको जस्तो) भन्छ, जसको मामिला धर्मानुसार समाधान भएको छैन, र जसले त्यो दृष्टिकोण छोडेको छैन उसलाई पाचित्तिय हुन्छ। (६९)

'सँगै खानु' आदिको अर्थ उसँग संगत गर्नु हो, र विभंगले यसलाई दुई समूहमा वर्गीकृत गरेको छ: भौतिक चीजहरूको माध्यमद्वारा संगत गर्नु- त्यो भनेको, उसँग आपसमा केही सामान दिनु तथा लिनु (लेनदेन गर्नु), यसलाई *'आमिस-समभोग'* भनिन्छ; र धर्म सिक्नुको माध्यमबाट- त्यो भनेको त्यो भिक्खुलाई धर्म सिकाउनु, अथवा त्यो भिक्खुलाई धर्म सिकाउन याचना गर्नु, यसलाई *धम्म-समभोग* भनिन्छ। 'सँगै बस्नु' भनेको पाटिमोक्खकोलागी उपोसथ गर्ने सभामा, पवारणा सभामा, अथवा केही संघकर्मकोलागी त्यो भिक्खुसँग साथमा पस्नु हो। त्योसँग' सँगै सुत्नु' को अर्थ उसको साथमा शरीरलाई एउटै छतमुनि (लेटेर) तन्काउनु हो। यी मध्ये प्रत्येक पाचित्तियको आधार हो।

यी दुईवटा सिक्खापदहरूको व्याख्या यस प्रकार छ: यदि कोही घमण्डी भिक्खु छ, जसले धर्म विनयको विरोध गर्दछ, जसले संघमा अशान्ति मच्चाउँछ भने, यो दृष्टिकोण छोड्न उसलाई चेतावनी दिनु सबै भिक्खुहरूको कर्तव्य हो।

सबभन्दा पहिले भद्र तरिका अपनाउनु पर्छ, त्यो हो, उसलाई निर्देशन दिनु, सल्लाह दिनु र चेतावनी दिनु। यदि उसले जिद्दीपूर्वक पहिले जस्तै प्रयास गर्दछ भने, संघको शक्तिद्वारा उसलाई (त्यसो गर्नबाट) रोक्ने (प्रस्ताव) घोषणा गर्न भगवानले स्वीकृति दिनुभएको छ। यदि उसले यो सुन्दैन भने उसलाई संघसँगको सम्बन्ध निलम्बित गरिएको मानिन्छ। यस्तो गर्नुलाई *उक्खितक* भनिन्छ र अन्य भिक्खुहरूले उसँग खान, सुत्न वा संगत गर्न मिल्दैन। त्यसो गर्ने भिक्खुलाई पाचित्तिय हुन्छ। तर यस्तो निलम्बन अस्थायी हो। सो अरूले संगत गर्न नमिल्ने दोषी भिक्खुले पछि आफ्नो पहिलेका विचारहरूलाई त्यागेर समुचित व्यवहार गर्दछभने संघले उसलाई दण्डबाट मुक्त गर्न र अन्य भिक्खुहरूले उसँग संगत गर्नकोलागी प्रस्तावको घोषणा गर्दछ। पछिल्लो सिक्खापदले यसरी निलम्बित भिक्खुले आफ्नो जिद्दी दृष्टिकोण नछोड्उन्जेलसम्म अरू भिक्खुहरूले उसँग संगत गर्न मनाही गरिएको छ।

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

> सामणेरले यस्तो भनेमा "म भगवानद्वारा बताइएको धर्मलाई यस्तो बुझ्दछु कि जुन कुराहरूलाई उहाँले बाधाहरू हुन् भनी बताउनु भएको छ, वास्तवमा त्यसमा लाग्नेहरूलाई ती बाधाहरू होइनन्"; तब सो सामणेरलाई भिक्खुहरूद्वारा यस्तो सल्लाह दिनु पर्छ: "हे सामणेर, यसो नभन्नुहोस्, भगवानको वचनको गलत व्याख्या

Dhamma.Digital

नगर्नुहोस्। भगवानको वचनलाई गलत ढंगले प्रस्तुत गर्नु उचित होइन, भगवानले यसो भन्नुहुन्न। हे सामणेर, भगवानबाट जुन कुरालाई बाधक भन्नुभयो, त्यो अनेक प्रकारले बाधक नै हो। यी बाधक कुराहरूका सम्बन्धमा लाग्नु तपाईंलाई पुग्यो (छोड्नुहोस्)।" भिक्खुहरूबाट यस्तो सल्लाह दिइँदा सो सामणेरले पहिलेजस्तो नै प्रयास जारी राख्दछ भने उसलाई यस्तो भनी चेतावनी दिनुपर्छ: "हे सामणेर, आजदेखि लिएर तपाईंले भगवानलाई आफ्नो गुरु हो भनी दावी गर्नहुन्न, न त भिक्खुहरूका साथमा (एउटै छतमुनि) दुईतीन रातहरू सुत्ने तपाईंको सौभाग्य बाँकी रह्यो, जुन कि अरू सामणेरहरूलाई छ। पापी मानिस, तपाईं गइहाल्नुस्, यहाँ नबस्नुस्!" कुनै भिक्खुद्वारा यस्तो बोलेर निकालिएको सामणेरलाई हेरचाह गर्नु वा उसको साथमा खानु वा सँगै सुत्नु (एउटै छत मुनि) गरेमा भिक्खुलाई पाचित्तिय हुन्छ। (७०)

यो स्पष्टीकरण माथिकोसँग जोडिएको छ जुनमा यदि *समणुद्देसले* वा *सामणेरले* धम्म-विनयको बिरोध यस्तो तरिकाले गर्दछ कि ऊ अब भिक्खुहरूको सुन्दैन, उसलाई संघबाट निष्कासनको प्रस्तावको घोषणा गर्न सकिन्न, (किनकि ऊ भिक्खु होइन), यहि सिक्खापद उसलाई निस्कासन गर्नकोलागी प्रयोग गर्न सकिन्छ। भगवान बुद्धले भिक्खुहरूलाई

Dhamma.Digital

उसको हेरचाह गर्न निषेध गर्नुभएको छ र जो भिक्खुले यसो गर्ने प्रयास गर्ला, उसलाई पाचित्तिय हुन्छ।

**आठौं वर्ग-सहधार्मिकहरू**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

भिक्खुहरूद्वारा धर्मपूर्वक चेतावनी दिइंदा जो भिक्खुले ( सिक्खापद सम्बन्धी) यस्तो भन्छ, "साथीहरू हो, म यो सिक्खापद तबसम्म पालन गर्दिनँ जबसम्म मैले कुनै अन्य विनयका विद्वान विशेषज्ञ भिक्खुसँग सोधीसक्नेछैन।" यसबाट यो भिक्खुलाई पाचित्तिय हुनेछ। भिक्खुहरूले कुनै भिक्खुद्वारा तालिम दिइंदा उसले पूर्णरूपले बुझ्नु पर्दछ, उसले यसबारेमा सोध्नुपर्छ, खोजबीन गर्नुपर्छ। यहाँ गर्नुपर्ने उपयुक्त तरिका यो हो। (७१)

प्रथमतः सिक्खापद अनुसार (सल्लाह दिनु) र तत्पश्चात सल्लाहकार भिक्खु हुनु, यी दुई तत्वहरू कारकको रूपमा एकसाथ (गल्ति गर्ने भिक्खुकोलागी) पाचित्तियको आधार हो। प्रथमतः सिक्खापद बाहेकका धम्म (विषय) हरू हुनु, र सल्लाहकार *अनुपसम्पन्न* (गैरभिक्खु) हुनु, यी दुई तत्वहरू दुक्कटका आधारहरू हुन्।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

Dhamma.Digital

भिक्खुले पाटिमोक्ख पाठ भइरहँदा यस्तो भन्छ: "किन यी कम महत्त्वका र साना सिक्खापदहरू पाठ गरिन्छन्? उनीहरूले चिन्ता, परेशानी र भ्रम मात्र उत्पन्न गर्दछन्।" यसरी सिक्खापदहरूलाई अपमान (उन्मूलन) गरेमा उसलाई पाचित्तिय हुन्छ। (७२)

जो भिक्खुले सिक्खापदहरूलाई अपमान गर्ने मनसाय राख्दैन र जसले उनीहरूको बारेमा आफूलाई चिन्ता लागेको कुनै कारणले बोल्छ भने उसलाई आपत्ति हुँदैन।

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

भिक्खुले प्रत्येक पक्षमा हुने पाटिमोक्खपाठमा भन्छ, "भर्खर मात्र मलाई थाहाभयो; यो मामिला, मलाई लाग्छ कि सुत्तविभंगमा छ, यो सुत्तविभंगमा सामेल छ, प्रत्येक पक्षमा गरिने पाठमा आउँछ", र यदि अन्य भिक्खुहरूलाई थाहा छकि यो भिक्खुलाई यो कुरो पहिले नै थाहा छ: यो भिक्खु कमसे कम दुई तीन चोटी पाटिमोक्खपाठ गर्दा बसिसकेको छ, त्यसोभए किन अहिले यस्तो बोल्छ!" त्यो बोल्ने भिक्खुलाई कुनै छुट हुनेछैन, जुन गल्ती गरेको हो त्यसैको सिक्खापद अनुसार उसलाई व्यवहार गरिनुपर्छ, र साथै उसलाई लापरवाही भएको भनी भिक्खु संघद्वारा (कर्मवाचा पढेर) यस्तो भनी आरोप लगाउनुपर्छ: "आवुसो, यो तपाईंकोलागी लाभ होइन, तपाइले खराब गर्नुभयो,

Dhamma.Digital

पाटिमोक्ख पाठ गरिंदा होशियार हुनुभएन, तपाईंले ध्यान दिएर सुन्नुभएन", र (यदि उसले फेरि पनि यस्तै बोल्दछ भने) लापरवाही भएको दोषारोपण लगाई सकिएपछि उसलाई पाचित्तिय हुन्छ (७३)

यस सिक्खापदको व्याख्या यस प्रकार छ: प्रत्येक पक्षमा पाठ गरिने पाटिमोक्ख पाठमा दुई वा तीन पल्ट सुनिसकिएपछि, जब पाठमा उसले भंग गरेको सिक्खापदमा पुग्छ, उसले यो भन्दै बहाना गर्न चाहन्छ कि "भर्खर मात्र मैले सुनेँ कि पाटिमोक्खमा रहेको यस्तो यस्तो धम्म (काम) निषेधित कार्य हो"। यहाँ आएका सिक्खापदहरूलाई *सुत्त* भनिन्छ किनकि ती मुख्य सिक्खापदहरू हुन्। यस्तो गर्ने भिक्खुलाई उसले गरेको काम (को आधारमा) अनुसार आपत्ति लाग्छ, उसको बहानाबाजीले उसलाई छुट दिइने छैन। उसको बहानाको बारेमा जो भिक्खुलाई थाहा छ उसले संघभेलामा घोषणा गरोस् र यो दोष मौजूदा (यस सिक्खापद अनुसारको) सजायमा थप्नुपर्छ। घोषणा भैसकेपछि दोषी भिक्खुले अझै पनि पहिले जस्तो नै आफ्नो बहाना बनाइरहेमा उसलाई यो सिक्खापद अनुसार पाचित्तिय हुन्छ। उसको बहानाबाजीको कारणले दण्ड बढाउने घोषणा कार्यलाई *मोहारोपन-कम्म* भनिन्छ। संघले यो कम्म पहिले कहिल्यै पनि पाटिमोक्खको पूर्ण पाठ नसुनेको, वा जसले यो दुईतीन पटक भन्दा कम सुनेको, वा जसको लापरवाही गर्ने कुनै उद्देश्य छैन, त्यस्तो भिक्खुलाई दिन सकिंदैन।

Dhamma.Digital

उपरोक्त स्पष्टीकरण अनुसार हामीलाई थाहा हुनु पर्छ कि ती दिनहरूका भिक्खुहरूले पाठ गरिएको पातिमोक्खको अर्थ स्पष्ट रूपबाट बुझ्थे (किनकि पालि उनीहरूको बोलचालको भाषा थियो)। वर्तमानमा हामीले यो चलन (*मोहारोपन-कम्म*को प्रचलन) गर्न सक्दैनौं किनकि धेरै भिक्खुहरूमा पालिको राम्ररी ज्ञान छैन।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले क्रोधित र असन्तुष्ट भई अर्को भिक्खुलाई मुक्का हानेमा उसलाई पाचित्तिय हुन्छ। (७४)

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले क्रोधित र असन्तुष्ट भई अर्को भिक्खुमाथि हात उठाएमा उसलाई पाचित्तिय हुन्छ। (७५)

मुक्का हान्ने काम शरीरद्वारा गरिन्छ, शरीरसँग सम्पर्कमा भएका चीजहरूद्वारा, वा शरीरद्वारा फालिने चीजहरूद्वारा, सबैलाई नै मुक्का (झट्का) मानिन्छ। भिक्खुले अर्को भिक्खुलाई यस्तो गरेमा चौथो सिक्खापद अनुसार उसलाई पाचित्तिय हुन्छ। कुनै चोट नलाग्ने तर हात उठाएर धम्की दिनु पनि माथिको पाँचौं सिक्खापद अनुसार पाचित्तिय हो। अर्थकथाचार्य भन्छन् कि भिक्खुले अर्को भिक्खुको अनुहार बिगार्ने उद्देश्यले उसको कान, नाक आदि काट्छ भने उसलाई दुक्कट हुन्छ। यो स्पष्टीकरण सावधानीपूर्वक विचार नपुर्याइकन

लेखिएको हो! अट्ठकथा आचरियले मात्र मुक्का दिनु वा हान्नुमा जोड दिए, तर बिरूप त काटेर वा ताछेर गरिन्छ। वास्तवमा, काट्न, चिर्नकोलागी हातमा धारिलो हतियारको आवश्यकता हुन्छ र यो मामिला शरीरसँग सम्पर्कमा भएका चीजहरूको मध्यमले हान्नुमा समावेश भइसकेको छ, जबकि पीडितलाई यति धेरै आक्रमण गरिएको पीडा मात्र एक मुक्काभन्दा धेरै नराम्रो छ। त्यसो गर्नेलाई कसरी हल्का दण्ड दिनुपर्छ? यसबाहेक, रिसाएको भिक्खुले यस्तो केही गर्ने सोच्दछ जसले गर्दा अर्को डराउनेछ, जबकि उसले वास्तविक मुक्का दिने सोच्दैन, तर उसले मुक्का दिनकोलागी गलत तरिकाले आफ्नो हात उठायो र अर्को भिक्खुको अंग जस्तै हात भाँचिन पुग्छ, तब अट्ठकथा आचरिय भन्छन् कि उसलाई दुक्कट हुन्छ- किनकि उसमा मुक्का हान्ने कुनै मनसाय थिएन! यो पनि होशियारीपूर्वक विचार नगरिकन भनिएको थियो, अट्ठकथा आचरियले जोड यसमा मात्र दिए कि यो उसको मनसायभन्दा बाहिर गयो। मात्र उसले हात उठाउनुमा त उसको मनसाय साँचो छ र पाँचौं सिक्खापद अनुसार उसलाई पाचित्तिय आपत्ति लगाउन सकिन्छ। यो कार्यलाई विचार गर्दा रिसाएको भिक्खुले अर्को *उपसम्पन्न* भिक्खुलाई मुक्का हान्छ भने चौथो सिक्खापद अनुसार उसलाई पाचित्तिय हुन्छ र यो सोध्न आवश्यक छैन कि कुन सिक्खापद अनुसार उसलाई कुन आपत्ति लगाउनु पर्छ, किनभने पूरा भएको कार्यको तरिका वास्तवमा मुक्का हान्नु हो। *अनुपसम्पन्न* दुक्कटको आधार हो। अट्ठकथा

Dhamma.Digital

आचरियले भनेका छन् कि जनावरहरू पनि यहाँ सामेल छन्। यो सही हो कि जसले कुकुर र बिरालाहरू जस्ता जनावरहरूलाई क्रूरता देखाउँछ, त्यो उसको आफ्नो संयम त्याग्नु हो। चौथो सिक्खापदको आपत्ति *साणत्तिक* हुनुपर्छ, जसले कसैलाई मुक्का हान्न लगाउने कुरालाई बुझाउँदछ। यस्तो गर्ने भिक्खुलाई पनि आपत्ति हुन्छ। अट्ठकथाले पहिलो सिक्खापद पाराजिकसँग तुलना गरे, तर यो किन गर्छ? सम्भवतः यस कारणले हुन सक्छ कि यो सिक्खापद पनि आफैले गर्नुलाई बुझाउँदछ। तर अदिन्नादान (दोस्रो पाराजिक) सिक्खापदले पनि आफैद्वारा गर्नुलाई बुझाउँछ, त्यसैले किन यहाँ आपत्तिलाई *साणत्तिक* मानिन्छ? किनकि यो चोरी बराबर स्तरको हो। वर्तमान सिक्खापदमा आफ्नो लागी गरीदिन अरूलाई अह्राउनाले मुक्का हान्ने काम पूरा हुन्छ, त्यसैले बरु यसलाई अदिन्नादान सिक्खापदसँग तुलना गर्नुपर्दछ।

तर यहाँको पाँचौं सिक्खापदको आपत्ति कारवाहीका सामान्य तरिकामाथि विचार गरेर हेर्दा यो *अनाणत्तिक* हुनुपर्छ किनकि मानिस रिसाएको बेलामा हात उठाउने काम त प्राकृतिकरूपले नै आफैले गर्ने हो। मानौं एकपक्षले अर्को पक्षलाई तेस्रो पक्षलाई मुक्का हान्न अह्राउँछ, जस्तो कि शर्त राखेर भन्छ, 'मुक्का नै नहान्नुस्, मात्र उसलाई तर्साउनुस्'-यद्यपि यो केही अवसरहरूमा सम्भव छ, तर उसको क्रोध जाँच गर्नुपर्ने हुन्छ। ऊ रिसाएको बेलामा के उसँग अर्कोलाई अह्राउने विचार थियो? यसबाहेक अट्ठकथा चौथो सिक्खापदको उत्पत्ति

*(समुट्ठान)* को बारेमा पहिलो पाराजिकसँग तुलना गरेर बोल्छ, जसले यो यस्तो भनी बुझाउँछ कि चौथो सिक्खापदको आपत्तिलाई *सचित्तक*को शीर्षक अन्तर्गत समूहबद्ध गरिएको छ। यो विभंगसँग विरोधाभास हुन्छ जसमा यसलाई *तिक-पाचित्तिय* (तीनवटा विषयमा आपत्ति हुने सम्भावना भएको) को रूपमा व्याख्या गरिएको छ, यी दुवै सिक्खापदहरूले सचित्तकको बारेमा केही भनेको छैन। विभंगले व्याख्या गरेको छ कि अर्कोद्वारा आक्रमण गरिएको अवस्थामा जो भाग्न चाहन्छ र मुक्का हान्छ, वा आफ्नो हात उठाउँछ, उसलाई आपत्ति हुँदैन। यो तरिकालाई अब आत्मरक्षात्मक झगडा भनिन्छ। यो सही भनिएको छ र गर्ने सही तरिका हो। यदि यो मामिला यी सिक्खापदहरू अनुसार जाँच गरियो भने भिक्खुलाई आपत्ति हुँदैन किनकि त्यो समयमा उसको क्रोध र असन्तुष्टि प्रकट छैन। यस सिक्खापदमा यस मुद्दाले (आपत्तिकोलागी चाहिने शर्तहरू) पूरा गर्दैन। यहाँ सिक्खापदमा मुक्का हान्नु भनेको बदला लिनकोलागी हो, तर प्रतिरक्षात्मक मुक्का हान्नु त मात्र आफ्नो रक्षा गर्नकोलागी हो।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अर्को भिक्खुलाई निराधार संघादिसेस आपत्तिको आरोप लगाएमा उसलाई पाचित्तिय हुन्छ। (७६)

निराधार पाराजिक आपत्तिको आरोप लगाउने सम्बन्धको विधी अनुसार भिक्खुलाई निराधार संघादिसेस

आपत्तिको आरोप लगाउनुले भिक्खुलाई थुलच्चय आपत्ति (दण्ड) हुन्छ (हेर्नुहोस्, आठौं संघादिसेस)। तर यो सिक्खापद रहेकोले त्यो आरोपकलाई पाचित्तिय आपत्ति हुन्छ। विभंगले *उपसम्पन्न* भिक्खुलाई अरू थरिका खराब आचरणका बारेमा असत्य आरोप लगाउने भिक्खुलाई संघादिसेस होइन तर दुक्कट आपत्ति लगाएको छ। ध्यानपूर्वक जाँच नगरून्जेलसम्म यो मामिला सही हो जस्तो लाग्छ, किनकि दुक्कट भनेको पाचित्तियभन्दा सानो आपत्ति हो। यदि यसलाई सावधानीपूर्वक जाँच गरिएमा यस्तो झूटो आरोप आफैंमा *मुसावाद* हुनुपर्छ, (र त्यसैले पाचित्तिय हुन्छ)। जसले सोचविचार नगरीकन झूटो बोल्छ, अरूलाई हानि गर्ने उद्‌देश्यले होइन, उसलाई पाचित्तिय हुनुपर्छ, त्यसोभए अर्कोलाई झूटो आरोप लगाउने झूटो बोल्नेलाई कमजोर आपत्ति मात्र किन लाग्छ?

मेरो विचार यस प्रकार छ: किनभने झन कडा आपत्ति दिने अरू सिक्खापदहरू रहेका छन्, माथि विभंगबाट उद्‌धृत गरिएको जस्तो गरी आपत्तिहरूको वर्गीकरण गर्नु असम्भव छ। *मुसावाद सिक्खापद* अनुसार माथि उल्लिखित मामिलामा कुनै पनि भिक्खुलाई पाचित्तिय आपत्ति लाग्छ। यो सिक्खापद रहेको हुनाले निराधार पाराजिकको आरोप सम्बन्धमा संघादिसेस हुने कुरोको वर्गीकरणमा हुने आपत्ति (पाराजिकभन्दा कमस्तरको आपत्तिको आरोपको सम्बन्धमा), यस्तो आरोपीलाई थुल्लच्चय आपत्ति लगाउनुपर्छ भन्ने मत मान्य हुनसक्दैन (किनकि यो सिक्खापदले भन्छ कि उसलाई पाचित्तिय हुनुपर्छ)।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अर्को भिक्खुलाई मनमा चिन्ताग्रष्ट बनाउने उद्देश्यले (यस्तो सोचेर कि), "यस प्रकार उसलाई एक छिनकोलागी भए पनि असहज (तनाव) हुनेछ" यति मात्र कारण बनाएर र अरू कुनै कारण बिना दुःख दिएमा उसलाई पाचित्तिय हुन्छ। (७७)

'चिन्ता ग्रष्ट बनाउने' शब्दलाई विभंगमा यस्तो भनी व्याख्या गरिएको छ कि यो सिक्खापदहरूसँग सम्बन्धित छ। केही मानिसहरू कुनै न कुनै विषयले मनमा चिन्ता लिइरहनेहरू हुन्छन्, त्यसो हुनाले तिनलाई *वितक्क चरित*मा वर्गीकरण गरिएको छ। यस्ता भिक्खुहरूलाई सिक्खापदका विरूद्धका विषयमा बोल्ने कोहीले भेट्न जान्छ, जुन कि उनीहरूले बुझ्न सकेका छैनन्, उदाहरणकोलागी 'हामीले कसरी जान्ने कि तपाईंको *उपसम्पदा* विधीमा त्यसका सबै *सम्पत्ति*हरूका अंगहरूका *कम्म*हरू पूरा भएका थिए?, यदि तिनमध्ये कुनै कमी रहेको अवस्थामा तपाइलाई पूर्ण *उपसम्पदा* (भिक्खुत्व) दिइएको हुने छैन' यसप्रकार यस्ता भनाइहरू ती भिक्खुहरूकालागी चिन्ताको कारण बन्नेछ। तब उनीहरूलाई कति आत्मपीडा (छाति पोल्नु) लाग्नेछ! संयमित नभएको भिक्खु जसलाई हाँस-ख्याल गर्न मनपर्छ उसले उसका साथीहरूको कष्ट विचार गर्दैन, तर यस्ता विषयहरू उनीहरूलाई भन्नकोलागी संकलन गर्दछ, र यस प्रकार गर्नेलाई यो सिक्खापद अनुसार पाचित्तिय हुन्छ। जसले जानाजान चिन्ता

उत्पन्न गर्ने कोसिस गर्दैन, तर कारणहरूका साथमा शिक्षाहरू दिईरहेको हुन्छ, जस्तो कि अर्को व्यक्ति जो लगभग २० वर्षको उमेर छेउछाउमा उपसम्पदा गरिएको थियो) र जो पछि यसलाई दृढ बनाउनकोलागी पुन: उपसम्पदा हुनकोलागी सल्लाह दिईन्छ, र यस्ता यस्ता मामिलाहरूमा उसलाई आपत्ति हुँदैन।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले अरू भिक्खुहरू झैझगडा, तकराव र विवाद गरिरहेको ठाउँमा जासूसी गर्दछ (यस्तो सोचेर कि) "म उनीहरूले भनेको कुरा लुकेर सुन्नेछु" भनी उभिएर सुन्छ, यसैकोलागी सुनेको हो अरू कुनै कारण छैन भने यसकोलागी उसलाई पाचित्तिय हुन्छ। (७८)

भिक्खुहरूमा नातातोड हुँदा, झगडा र विवाद हुँदा कुनै भिक्खुले चाहे त्यसमा भाग लिने होस् वा नलिने होस्, त्यसमा जासूसी गर्न मनाही छ र त्यसमा सुनेका कुराहरू अर्को थप विवादकोलागी प्रयोग गर्नु वा गल्ती पत्ता लगाउनुकोलागी प्रयोग गर्नु, वा उनीहरूको नातातोडलाई बढावा दिनकोलागी उपकरणको रूपमा प्रयोग गर्नकोलागी त्यसबाट जानेका कुराको उपयोग गर्नु निषेध गरिएको छ, जसले गर्दा कुनै एक पक्षसँग घनिष्ठ हुनसक्छ। संसारले जासूसी गरेर सुन्ने तरिकालाई सबैभन्दा ठूलो दुष्टताको रूपमा मान्दछ, त्यसैले जनताको रहस्य खोज्नकोलागी जासूसको रूपमा कार्यरत व्यक्तिलाई कसैले पनि विश्वास गर्दैन। यद्यपि मानिसहरूले जासूसको उपयोग गर्ने

काम जारी छ तर पनि जासूस राम्रो मान्छेको रूपमा सम्मानित मानिन्दैन। भगवानले यसको दुष्टता देखेर यसको रोकथामकोलागी यो सिक्खापद बनाउनुभएको हो। यद्यपि, भिक्खुको कसैको सुन्ने कुनै उद्देश्य थिएन र संयोगले त्यस्तो ठाउँबाट जान्छन् जहाँ भिक्खुहरू कुरा गरिरहेकाछन् र ऊ जान्दछ कि ती गोप्य विषय हो जुन उसबाट लुकाइएको छ, तैपनि यो सिकाइएको छ कि उसले घाँटी सफा गरेर वा खोकेर आफुलाई देखाउनुपर्छ, ताकि उनीहरूलाई थाहा होस् कि त्यहाँबाट आफू बाटोमा जाँदैछ। 'यही नै कारण हो र अरू छैन' भन्ने वाक्यांशले यो अवधारणा दिन्छ कि कुनै हानि नोक्सानी नभएको विषयमा जासूसी गर्नु निषेधित छैन। उदाहरणकोलागी, भिक्खुहरू धम्म-विनय सम्बन्धी कुराकानी गरिरहेका छन् वा केही विधीगत प्रक्रिया र अरू विषयमा जाँच गरिरहेका छन्। त्यस बैठकमा भाग लिएर नबसेका भिक्खु कुनै कुनामा बस्छ र यसलाई ध्यान दिएर सुन्छ भने उसलाई आपत्ति हुँदैन। वा फेरी, भिक्खुलाई अर्को भिक्खुको दुर्व्यवहारको सम्बन्धमा सत्यतथ्य पत्ता लगाउनु जस्ता केही कर्तव्य हुन्छ, र भनौं कि अर्को भिक्खु एक महिलासँग दुई जना एक्लाएक्लै बसेर कुरा गरिरहेका छन्, त्यसलाई जासूसी गरेर सुन्छ। यस मामिलामा जासूसी गर्नुमा कुनै आपत्ति छैन।

Dhamma.Digital

**९. नवौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले (संघको) न्यायपूर्ण कम्महरूकोलागी आफ्नो छन्द (मत, सहमति) पठाइदिइसकेर पछि त्यस निर्णयलाई निन्दा गरी हिंडेमा उसलाई पाचित्तिय हुन्छ। (७९)

यसको स्पष्टीकरण यस प्रकार छः संघद्वारा गरिनु पर्ने कारवाहीहरू सर्वसम्मतिले पूरा हुनुपर्छ। *'सीमा'* भनिने क्षेत्र, बैठकको सीमा भित्र बस्ने भिक्खुहरूलाई त्यस संघ-सभामा भाग लिने विशेषाधिकार हुन्छ, वा उनीहरूलाई त्यो कार्वाहीलाई पूरा गर्न सहमति दिन मत दिने अधिकार हुन्छ। यदि संघले केही भिक्खुहरूलाई छोड्छ र उनीहरूलाई सभामा भाग लिन आमन्त्रित गर्दैन वा उनीहरूलाई साटो मतदान गर्न आग्रह गर्दैन भने, यसलाई समूहद्वारा पूरा गरिएको कारवाही भनिन्छ (संघद्वारा होइन) र त्यो कारवाही ठीक तरिकाले गरिएको छैन। यो सिक्खापदले यस्तो भिक्खुसँग व्यवहार गर्दछ जसले कुनै धर्मपूर्वक सिद्ध गरिएको कारवाहीमा आफ्नो *छन्द* (मतदान) पठाइ दिइसकेको छ, तर जसले पछि जान्दछ कि संघद्वारा गरिएको कारवाहीले उसलाई सन्तुष्ट पार्दैन र त्यसको निन्दा गरी हिंड्छ। यदि त्यो कारवाही धार्मिक (न्याय) पूर्वक गरिएको छ भने यो भिक्खुलाई पाचित्तिय हुन्छ। यो आपत्तिलाई *सचित्तक* भनिएको छ तर यस्तो देखाउने कुनै तत्त्व छैन। यदि संघले गरेको कारवाही धर्मतापूर्वक गरिएको छैन भने त्यसलाई निन्दा गरीहिंड्ने भिक्खुलाई आपत्ति छैन।

Dhamma.Digital

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

> संघको बैठकमा जाँचपडताल सम्बन्धी छलफल चलिरहेको बेलामा भिक्खुले आफ्नो मतदान गर्दैन र बैठकको आसनबाट उठेर जान्छ भने उसलाई पाचित्तिय हुन्छ। (८०)

अघिल्लो सिक्खापदसँग निरन्तर सम्बन्धित स्पष्टीकरण यस प्रकार छ: भिक्खुले संघ-सभामा भाग लिएको छ, जब संघले अझैसम्म आफ्नो कारवाही समाप्त गरेको छैन, उसले त्यस कारवाहीलाई बिगार्ने निर्णय लिन्छ र उसले मतदान गर्दैन, चुपचाप आफ्नो आसनबाट उठेर जान्छ। र जब उसले हत्थपास नाघ्छ, उसलाई पाचित्तिय हुन्छ। यस आपत्तिलाई पनि *सचित्तक* भनिएको छ तर यो संकेत गर्ने तत्व केही छैन। भिक्खुले देख्छ कि संघले धम्म अनुसार काम गर्दैन, वा झगडा हुनेछ भन्ने थाहा पाउँछ, र त्यसपछि बैठक छोड्छ भने आपत्ति छैन। जो (संघको) कारवाहीलाई बिगार्ने मनशाय राख्दैन तर पिसाब वा दिसा लागेको छ, र जसलाई आफ्नो मतदान गर्नकोलागी पर्याप्त समय छैन, बैठकमा फर्केर आउने सोचेर छोड्छ; वा बिरामि हुन्छ र लामो समयसम्म बस्न सक्दैन, वा जसको बिरामि भिक्खुलाई सेवा गर्न उपस्थित हुनुपर्ने केही कर्तव्य हुन्छ-जस्तो कि बिरामिलाई औषधी दिने समय हुन्छ, र त्यसकोलागी उसले मतदान गर्ने बैठक छोड्छ, यस्ता सबै अवस्थाहरूमा उसलाई आपत्ति छैन।

Dhamma.Digital

**११. एघारौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले (कुनै भिक्खुलाई) सर्वसम्मतिले चीवर प्रदान गर्ने संघको (बैठकमा भाग लिइसकिएपछि) यस्तो भनि त्यस गतिविधीको निन्दा गरी हिंड्छः "ती भिक्खुहरूले संघको लाभलाई उनीहरूको चाहना अनुसार हडप्छन्," यसले उसलाई पाचित्तिय हुन्छ। (८१)

भिक्खुसंघलाई लाभ उत्पन्न हुँदा त्यो थोरै मात्र भएको अवस्थामा सबैलाई भाग लगाउनकोलागी पर्याप्त हुँदैन, त्यसलाई मिलाउने परम्परा निम्नानुसार छः यदि ती चीजहरू खाना वा औषधी हुन्, जुन कि लामो अवधिसम्म राख्न सकिंदैन, भने त्यसलाई क्रमानुसार पालैपालो गरी वितरण गरिन्छ (यो अवस्थामा भाग वरिष्ठतमदेखि लिएर तल भिक्खुहरूको सूचीक्रम अनुसार दिने)। यदि ती चीजहरू लामो समयसम्म राख्न मिल्ने भए जस्तो कि चीवर, ती वस्तुहरू सबैलाई वितरण गर्नकोलागी नपुगुन्जेलसम्म भेला गरी राख्नुपर्छ, त्यसपछि ती सबैलाई एकपटक वितरण गरिन्छ। यस्तो गरेर केही बाँकी रहेमा वा दोहरो एक पटक वितरण गर्नकोलागी पर्याप्त छैन भने, संघले यो बक्यौता एक जना त्यस्तो भिक्खुलाई *(अपलोकन-कम्म,* कर्मवाचाद्वारा भागबन्दा गर्नुद्वारा) जिम्मा दिनुपर्छ, जो कि संघका केही गतिविधीकोलागी नियुक्त हुनेगर्छ, जस्तो कि आवास वितरक *(सेनासन गहापक)* वा अरू चीजहरू वितरण गर्ने अधिकारी आदि। यो सिक्खापद यस प्रकार चीवर

वितरण गर्ने भिक्खुसंघसँग सम्बन्धित छ। यो सिक्खापदले चीवरको बारेमा बोल्ने हुनाले यो व्याख्या गरिएको छ कि भिक्खुले आफू संघको बैठकमा भाग लिएपछि सहमतिमा अन्य आवश्यक चीजहरू विभाजन गर्दछ, पछि उसले त्यो गतिविधीको निन्दा गरी हिंडेमा उसलाई दुक्कट हुन्छ। यो सिक्खापदको अर्थ अनुसार, *सम्पदान कारक* (चतुर्थी विभक्ति)को संकेत अनुसार जसलाई चीवर दिइएको थियो, त्यो शब्द सायद हरायो। विभंगले व्याख्या गरेको छ कि जो भिक्खुसंघद्वारा (वितरक भनी) निर्धारित गरिएको हो, ऊ पाचित्तियको आधार हो (यदि उसलाई अरूले निन्दा गरेको खण्डमा)। संघले निर्धारित नगरिएको भिक्खु तथा *अनुपसम्पन्न* व्यक्ति दुक्कटको आधार हो। सम्पदान कारक शब्द पछि विभंग रचनाकालसम्ममा हराइसकेको हुनुपर्छ।

**१२. बाह्रौं सिक्खापदमा भनिएको छः**

> भिक्खुले जानाजान संघलाई दिन ल्याएको लाभ (दान, जस्तो कि चीवर) व्यक्तिलाई दिन लगाएमा उसलाई पाचित्तिय हुन्छ। (८२)।

यसका सबै व्याख्याहरू संघको लाभलाई आफ्नो व्यक्तिगत बनाउनु सम्बन्धी सिक्खापद, *पत्तवग्ग*को अन्तिम सिक्खापद *(निस्सग्गिय पाचित्तिय ३०)* मा बताइए अनुसार नै बुझ्नुपर्छ।

Dhamma.Digital

**नवौं वर्ग-रत्न आदि**

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

> भिक्खुले पहिले नै स्वीकृति पाएको अवस्थामा बाहेक अभिषिक्त राजा र उनकी रत्न (रानी) बाहिर निस्कनुभन्दा पहिले शयनागारको ढोका नाघेमा पाचित्तिय हुन्छ। (८३)

'अभिषिक्त राजाको' शब्दलाई (भारतीय) राष्ट्रिय परम्पराहरू अनुसार निम्नानुसार व्याख्या गर्न सकिन्छ: मानव जातिलाई चार समूहमा विभाजित गरिएका थिए- क्षत्रिय (महान योद्धाहरू) जो समुदायको रक्षा गर्थे; ब्राह्मण जो शिक्षक थिए; वैश्य जो व्यापारी थिए; र शूद्र जो कर्मकर (ज्यामी)हरू थिए। क्षत्रियहरू र ब्राह्मणहरू महान कुलीन मानिन्थे। उनीहरूमा प्रत्येक वंशले आफ्नै सदस्यहरूका बिचमा मात्र विवाह गर्थे, उदाहरणकोलागी, क्षत्रियहरूले क्षत्रिय वंशबाट मात्र महिलाहरूलाई रोज्थे। ब्राह्मणहरूले पनि त्यस्तै (ब्राह्मणीहरूसँग मात्र) विवाह गर्थे। उनीहरू कसैले पनि तल्लो जातिका महिलाहरूसँग विवाह गर्दैनथे। सात पुस्तासम्म अन्य रगतसँग नमिसिएको सन्तान उनीहरूको बीचमा उच्चतम परिवारको रूपमा मानिन्थ्यो। क्षत्रियहरूलाई रजौटा (पुरानो समयमा सियामका विभिन्न प्रान्तका पुर्ख्यौली राजकुमारहरू) सँग तुलना गर्न सकिन्छ, जसका आफ्नै नेता छन् जो त्यस भूमिका शासक राजा थिए। (नयाँ) राजाले सिंहासनमा चढ्ने बेलामा उसको शिरमा जलद्वारा अभिषेक गर्नलाई वा उसलाई जलमा डुबुल्की लगाउनु

(स्नान)कोलागी शाही समारोह हुन्थ्यो, जसलाई *मुर्धाभिसेक* (जलद्वारा शिरमा छर्कनु) भनिन्छ। जब उसलाई यो समारोह गरिसक्छ, तब उसलाई पूर्ण राजाको रूपमा मान्यता प्राप्त हुन्छ। यस सिक्खापदले त्यस्तो क्षत्रिय कुलमा जन्मेको राजाको बारेमा बोल्छ जसले मूर्धाभिषेक प्राप्त गरिसकेको छ, जुन कि उनी पुर्ख्यौली राजकुमार (मात्र) होइन भनी देखाउनकोलागी गरिन्छ; र यो पनि बुझ्नुपर्छ कि ऊ केवल सात पुस्तासम्म रगत नमिसिएको शुद्ध क्षत्रिय परिवारको मात्र होइन। यद्यपि त्यहाँ अरू क्षत्रियहरू पनि छन् जसले भर्खर राजवंशहरूको स्थापना गरेका छन् र उनीहरूले पनि अरू कुनै तरिकाले यस्तो (राज्याभिषेक) समारोह प्राप्त गरिसकेका छन्, उनीहरूलाई पनि यस सिक्खापदमा राजाहरूको रूपमा मानिन्छन्।

"जबकि स्त्रीरत्न (रानी) अझैसम्म पनि (शयनागारबाट) निस्केको छैन", यस सिक्खापदको पालि पाठमा रानीलाई *'रतन'* (सम्पत्ति) भनी बोलाउँछ। राजाकोलागी राम्रोसँग उपयुक्त (पायक पर्ने) महिला चक्रवर्ती राजाका सातवटा रत्नहरूमध्ये एउटा हो। पालिमा भनिएको *"इत्थीभण्डानमुत्तमं"* जसको अर्थ हो "स्त्री सबैभन्दा उच्च सम्पत्ति हो", यसको अर्थ पनि स्त्री *रतन* वा सम्पत्ति हो। यस सिक्खापदमा एउटा शब्द हराइरहेको जस्तो लाग्छ, त्यो हो, 'राजशयन कक्ष' त्यसो हुनाले विभंगले सल्लाह दिन्छ कि यो राजाको सुत्ने कक्ष हो र थप व्याख्या गर्दछ कि कुनै ठाउँ, जहाँ राजाकोलागी सुत्ने सामग्रीहरू

Dhamma.Digital

प्रबन्ध गरिएका छन्, मात्र पर्दाद्वारा घेरिएको स्थानलाई पनि राजकीय शयनकक्ष भनिन्छ।

यदि पाचित्तियको पाँचौं वर्गको तेस्रो सिक्खापदले भिक्खुहरूलाई पति र पत्नी मात्र बसेको ठाउँमा प्रवेश गर्नु र बस्नु निषेध गर्दछ भने दोहरो यो सिक्खापद राख्नु आवश्यक थिएन, त्यसैले म पक्का विश्वास गर्छु कि त्यो सिक्खापद मानिसहरू खाना खाईरहेको स्थानमा पसेर बस्न मनाहीकोलागी हो।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

> आफ्नै विहारमा, वा बसोबास स्थानमा बाहेक भिक्खुले *रतन* वा *रतनसम्मत* (बहुमूल्य) वस्तु टिपेमा वा टिप्नलगाएमा उसलाई पाचित्तिय हुन्छ। तर भिक्खुले आफ्नै विहारमा वा उसको बसोबास स्थानमा रत्न वा रत्नसम्मत वस्तु टिपेको छ वा टिप्न लगाएको छ भने यसलाई यस्तो सोचेर राख्नुपर्छ, "यो वस्तु जसको भए पनि फिर्ता लिएर जानेछ"। यहाँ यो उचित तरिका हो। (८४)

'रतन' को अर्थ चाँदी, सुन, हीरामोतीहरू हुन्। "बहुमूल्य वस्तुको रूपमा मान्यता दिइएका वस्तुहरू" को अर्थ हो, ती चीजहरू जो वास्तवमा रत्न हैनन् तर कृत्रिम वस्तुहरू हुन् जस्तो कि चाँदी वा सुन अथवा अर्धबहुमूल्य पत्थरहरू जडित गहनाहरू, र यसमा मानिसहरूका सामान्य उपभोग्य

Dhamma.Digital

सामानहरूलाई पनि सामेल गर्दछ। यी चीजहरू यदि भिक्खुहरूको कुटीको बाहिर अन्य ठाउँहरूमा खस्छन् भने, भिक्खुले यसलाई लिनबाट निषेध गरिएको छ, चाहे उसले सोचेको होस् कि यो हराएको वस्तु हो, वा चाहे उसले त्यो वस्तु मालिकलाई फिर्ता दिने अपेक्षा गर्दछ, किनकि लिएको खण्डमा उसले (यसको दाबी गर्नेलाई) सोधभर्ना दिनुपर्ने हुन्छ, अथवा उसलाई चोर भनी शंका गरिनसक्छ। असावधान मानिसले यसलाई लाभको रूपमा विचार गर्ला, तर यो उसकोलागी खतरनाक छ। वर्तमान समयमा जसले हराएको सामान भेट्टाउँछ उसले प्रहरीलाई बुझाउनु पर्दछ। जो भिक्खुले यो सिक्खापद तोड्छ उसलाई पाचित्तिय हुन्छ। अट्ठकथामा भनिएको छ, यदि वस्तु निस्सग्गियको आधार हो भने भिक्खुलाई निस्सग्गिय पाचित्तिय हुन्छ, यदि भिक्खुले त्यसको सोधभर्ना दिनु परेन भने यो निर्णय सही छ। यदि उसले सोधभर्ना दिनु छ भने, यो सिक्खापदको आपत्ति उसलाई लगाइनु पर्छ। यदि त्यो चीज विहारमा वा भिक्खुको बसोबास क्षेत्रमा खसेको छ र भिक्खुले यसलाई बचाएन र यो हरायो भने यो त्यहाँ बस्ने सबैको प्रतिष्ठाकोलागी राम्रो हुनेछैन। उनीहरूलाई चोर हुनसक्ने आशंका हुनसक्छ, यसैले भगवान बुद्धले त्यहाँ बस्ने भिक्खुहरूलाई मालिककोलागी सुरक्षित राख्न अनुमति दिनुभयो। *रतन* जुन कि *अनामास* हो, भिक्खुले छुन नहुने हो, (त्यसको संरक्षणकोलागी) भिक्खुहरूद्वारा टिप्ने विशेष अनुमति दिइएको छ। यदि कोहि मालिक हूँ भन्दै दावी

गर्नआउँछ भने, भिक्खुले सजिलैसँग संरक्षित वस्तु उसलाई दिनहुँदैन, किनकि उसले गलत मानिसलाई दियो भने उसले (साँचो मालिकलाई) सट्टाभर्ना दिनुपर्छ। दावीकर्ता वास्तविक मालिक भएको पक्का नहुन्जेलसम्म उसले उसको छानबिन गर्नुपर्छ। विभंगको सुझाव छ कि भिक्खुले सो वस्तुको आकार वा त्यसमा रहेका चिन्हहरू याद राख्नुपर्छ ताकि यदि कोहि यसको बारेमा सोधपुछ गर्न आएमा भिक्खुले उसको अनुसन्धान गर्नुपर्छ। यदि उसले सही आकार वा त्यसमा रहेको चिन्ह बताउन सक्छ भने, तब मात्र भिक्खुले उसलाई दिनुपर्छ। यदि उसले उनीहरू गलत तरिकाले बताउँछ भने भिक्खुले उसलाई भन्नुपर्छ, "तपाईं आफैं खोज्नुस्।" जब भिक्खु त्यो विहारबाट बिदा हुन्छ, उसले त्यो वस्तु उपयुक्त भिक्खुलाई दिनुपर्छ। यदि त्यहाँ कुनै उपयुक्त भिक्खु छैन भने, उसले यो एक उपयुक्त गृहस्थलाई हस्तान्तरण गर्नुपर्छ। उसको प्रस्थानको बारेमा विभंगमा दिइएको यो सुझाव सही छ र आचरणयोग्य छ। जो भिक्खुले विहार वा कुटीमा खसेका चीजहरू टिप्दैन उसलाई कर्तव्यहरू *(किच्चवत)*लाई बेवास्ता गर्नेको रूपमा मानिन्छ, र उसलाई दुक्कट आपत्ति हुन्छ।

यस सिक्खापदमा, अट्ठकथा-आचरियहरू गृहस्थसँग चीजबीजहरू राख्नु, र यस सिक्खापदको विषय अनुसार विस्तृत व्याख्या समावेश गर्दछन्। गृहस्थहरूकहाँ सामानहरू राख्दा कहिलेकाहीं भिक्खुलाई दुर्नाम ल्याउँछ र पक्कै पनि यो झरेका

Dhamma.Digital

खसेका चीजहरू टिप्नुबाट फरक छ, त्यसो हुँदा यो सिक्खापदमा समावेश गर्न सकिंदैन।

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

> भिक्खु उचित समयमा बाहेक (सीमाघरको क्षेत्र, वा सो विहारको भित्र), उपस्थित भिक्खुसँग बिदा नलिइकन, हतारमा गर्नुपर्ने काम परेको अवस्थामा बाहेक, गाउँ बस्तीमा प्रवेश गरेमा उसलाई पाचित्तिय हुन्छ।(८५)

यस सिक्खापदमा विकाल भनेको रातको समय भन्ने अर्थ लाग्छ किनकि चारित्तवग्ग *(अचेलकवग्ग)* को छैठौं सिक्खापदले मध्याण्हपछिको समयलाई *पच्छाभत्त* (भोजनपछि) भनी बुझाउँछ, यसैले, यस सिक्खापदले रातमा घुम्नुलाई रोक्नकोलागी हो तर विभंगमा व्याख्या गरिएको छ कि *विकाल*को अर्थ मध्याण्हदेखि लिएर अर्को अरूणोदय नहुन्जेलसम्म हो, *(भोजनवग्ग)* को *विकाल*मा भोजन गर्नु विषयको सिक्खापदमा भोजन गर्न निषेध गरिएको अवधि जस्तो नै हो। शीघ्र गर्नुपर्ने कामको उदाहरण यस्तो दिइएको छ: कुनै भिक्खुलाई सर्पले टोकेको छ। यद्यपि अरू पनि आपात स्थितिहरू हुनसक्छन्, जस्तै बिरामि भिक्खु जो चाँडै मर्नसक्छ, भिक्खुले औषधी वा बैद्य खोज्नकोलागी चाँडै जानुपर्यो, विहारको नजिक आगलागी भएको छ र भिक्खु आगलागी भएको निभाउनकोलागी सहयोग पाउन नजिकै मान्छेहरू बोलाउन जानु: शीघ्र गर्नुपर्ने कर्तव्यहरूमा यी हुनसक्छन्। यदि

https://dhamma.digital

भिक्खु एक्लै बस्छ र उसको विहारमा अरू भिक्खुहरू छैनन् भने (बिदा नलीइकन नै) ऊ जान सक्छ। यदि ऊ स्वीकृत समयमा बस्तीमा प्रवेश गरेमा उसले यो सिक्खापद अनुसार बिदा लिनु आवश्यक छैन। यदि ऊ स्वीकृत समयभन्दा बाहिर बस्तिमा प्रवेश गर्छ तर उसले बिदा लिएको छ भने, अथवा उसले शीघ्र गर्नुपर्ने कर्तव्य छ भने उसलाई आपत्ति छैन। सीधा अर्को विहारमा जाँदै गर्दा भिक्खु एउटा गाउँबाट जाने बाटोमा हिड्छ (बस्तीको बीचबाट) र कसैलाई भेटघाट गर्दैन भने उसलाई यस (सिक्खापदले) निषेध गर्दैन।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> भिक्खुसँग हाडको अथवा हात्तीदन्तको अथवा सिंगको सियोबत्ता छ भने उसलाई भेदनक (फुटाउनुपर्ने) पाचित्तिय हुन्छ। (८६)

मूल कथा अनुसार त्यसबेलामा भिक्खुहरूका माझमा सियोबट्टा राख्ने चलन चलेको थियो त्यसो हुनाले उनीहरूबाट खराज (चक्का) कर्मीहरूलाई दुःख दिनबाट रोक्नकोलागी भगवान बुद्धले यो सिक्खापद बनाउनुभयो। त्यसो हुनाले यो सिक्खापद एक निश्चित विषयमा लागू हुन्छ। भिक्खु आफैले खराज कर्मीसँग यी वस्तुहरूका सियोबट्टा बनाइदिन याचना गरेमा उसलाई पाचित्तिय हुन्छ। यसमा भिक्खुले प्रथमतः त्यो बट्टा फुटाल्नुपर्छ र त्यसपछि आपत्ति देसना गर्नुपर्छ। यस प्रकारको पाचित्तियलाई *भेदनकपाचित्तिय* भनिन्छ, यस प्रकारको

सिक्खापद यही एक मात्र छ। भिक्खुले अरू बस्तुले बनेको सियोबट्टा (अन्य सामाग्रीले बनेको) उपयोग गरेमा उसलाई दुक्कट हुन्छ। यस सिक्खापदले सियोबट्टाहरू सम्बन्धी मात्र उल्लेख गर्दछ, त्यसैले अन्य चीजहरू जस्तै टाँक र चीवरको टुप्पा गाँस्नकोलागी चलाईने साना तुनाहरू, चकमक बट्टा, मलहम-भाँडो, मलहम लगाउने औजार (spatula)हरू र अन्य त्यस्ता चीजहरू राख्न अनुमति छ। तर यो बुझ्नुपर्छ कि उनीहरू बन्ने समयमा तिनलाई सौखिन बस्तु मानिने भएमा, उनीहरू मूल विषयसँग सहमत हुनेछन् र भिक्खु दुक्कटबाट मुक्त नहुने देखिन्छ।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले नयाँ खाट वा तिपाई बनाउँदा यसको खुट्टा सुगतको औंलाले आठ औंला मात्र उँचाईको बनाउनुपर्छ यसमा यसको चौकोसको नाप बाहेक हो; योभन्दा बढी लगाएमा उसलाई छेदनक (काट्नुपर्ने) पाचित्तिय हुन्छ। (८७)

खाट भनेको मानिस लेट्नलाई पुग्नेगरी बनाइएको बस्तु हो। तिपाई भनेको छोटो बनाइएको हुन्छ, जसमा मानिस लेट्नलाई स्थान पुग्दैन, तर यो बस्नकोलागी प्रयोग गरिन्छ। यी बस्तुहरू चाहे भिक्खु आफैले बनाओस् वा अरूबाट बनाइयोस् सीमाभन्दा बढि उचाइ भएमा उसले पहिले बस्तुको खुट्टाको बढी भएको जति भाग काट्नु पर्छ र त्यसपछि आफ्नो

आपत्तिदेसना गर्नुपर्छ। यसप्रकारका आपत्तिलाई *छेदनक-पाचित्तिय* भनिन्छ र यस्ता धेरै सिक्खापदहरू छन् तर बाँकि जति भाग चीवर सम्बन्धी मात्र छन्। भिक्खुले अरूले बनाइराखेको खाट वा तिपाईको उपयोग गर्दछ, यसमा बस्दछ वा लेट्दछ, जसको उँचाई बढी छ, भने उसलाई दुक्कट हुन्छ। सीमा नाघेकोलाई काटिएपछि ती स्वीकार्य हुन्छन्। बस्नकोलागी पर्याप्त वर्गाकार मेचलाई *आसन्दि* भनिन्छ जबकि तीन तिर उठेको बार भएको आसनलाई आराम कुर्सीसँग तुलना गर्न सकिन्छ, र *सतंग* भनिन्छ। यी दुवैको अनुमति अर्को वर्गमा दिइएको छ। पिठ्युभाग अग्लो बनाइएको कुर्सीलाई *पञ्चंग* भनिन्छ र यसलाई पनि माथिको *सतंग*मा समावेश गरिएको छ र यद्यपि उनीहरूका खुट्टाको उचाई सीमाभन्दा बढी छ भने पनि, उनीहरू प्रयोग गर्न मिल्छ।

**६. छैठौं सिक्खापदमा भनिएको छः**

> भिक्खुको पलंग वा तिपाईमा सिमलले भरिएको आसन प्रयोग गरेमा उसलाई उद्धृनुपर्ने पाचित्तिय हुन्छ। (८८)

यहाँ 'सिमल' को अर्थ भुवादार बस्तुहरू, रुखहरू, लताहरू र यहाँसम्म कि पोतकी-घाँसबाट उत्पन्न हुने बस्तुहरू हुन्। कपास समेत पनि यसमा सामेल छ। सिमलले भरिएको पलंग वा तिपाईको उदाहरण चकटी भएको कुर्सी हो।

Dhamma.Digital

**७. सातौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले बस्ने आसन (चकटी) बनाउँदा (निर्धारित) माप अनुसार बनाउनुपर्छ। यसको माप यस्तो छ: सुगतको बित्ताले दुई बित्ता लम्बा, डेढबित्ता चौडा र त्यसमा एक बित्ता किनारा थप हो, जसले योभन्दा बढी राख्ला उसलाई छेदनक (काट्नुपर्ने) पाचित्तिय हुन्छ। (८९)

पालि भाषामा बस्ने आसनलाई *निसीदन* भनिन्छ र प्रयोगकोलागी एक विशिष्ट आवश्यक वस्तुको रूपमा अनुमति दिईएको छ र यो प्रयोगकोलागी अधिष्ठान गर्नुपर्छ। यस सिक्खापदमा यसका सीमाहरू छन्: प्रथम, लम्बाइमा दुई बित्ता र चौडाइमा डेढबित्ता; तर पछि यो माप मोटो भिक्खुकोलागी सानो साबित भयो त्यसैले भगवान बुद्धले किनारामा एक बित्ता थप्न स्वीकृति दिनुभयो। सरल शब्द 'एक बित्ता' जुनले सीधा उल्लेख गर्दैन कि यो थप्ने लम्बाइतिर हो कि चौडाइतिर हो, यसले विनयका विशेषज्ञहरूको बुझाई फरक फरक हुनगयो। यस सम्बन्धमा म यस पुस्तकको भाग दुईमा परिष्कार (उपभोग्य वस्तुहरू) सँग सम्बन्धित वर्गमा फेरि थप छलफल गर्नेछु। यदि हामीलाई लाग्छ कि बस्नकोलागी पर्याप्त बनाउनकोलागी थप भएको हो भने, सम्भवतः कुनतिर थप्ने हो, आफैले बुझ्नुपर्छ। तर यदि सीमाको किनारा एक वर्ग बित्ताभन्दा बढि छैन भने यो बुँदा अनुसन्धान गर्नुपर्ने विषय हो। सबै स्पष्टीकरण पाँचौं सिक्खापदमा जस्तो नै बुझ्नुपर्छ।

Dhamma.Digital

**८. आठौं सिक्खापदमा भनिएको छ:**

> घाउ खटिरा छोप्ने कपडा बनाउँदा भिक्खुले निर्धारित माप अनुसार बनाउनु पर्छ। त्यसको माप यस्तो हो: चार सुगत-बित्ता लम्बा र दुई बित्ता चौडा। योभन्दा बढी राखेमा काट्नुपर्ने पाचित्तिय हुन्छ। (९०)

यो कपडा एक विशेष आवश्यकताको रूपमा अनुमति छ जुन कि बिरामि हुने समयमा प्रयोगकोलागी निर्धारित गर्नुपर्छ जब भिक्खु घाउ-खटिरा (छाला विस्फोट) बाट पीडित हुन्छ, जस्तै दादुरा (चेचक), ठेउला (चिकनपक्स), जलन, सूजन (whitlow, औंला सुन्निनु) वा घाउ जसबाट पीप र लसीका (lymph) निस्किन्छ र शरीरलाई फोहोर पार्छ। यस सिक्खापदमा कपडाको सीमा स्पष्टरूपमा राखिएको छ।

**९. नवौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले वर्षाको कपडा बनाउँदा यो (निर्धारित) माप अनुसार बनाउनुपर्छ। त्यसको माप यस्तो हो: सुगत बित्ताले लम्बाईमा छ बित्ता र चौडाइमा अढाइ बित्ता मात्र। योभन्दा ठूलो बनाएमा उसलाई काट्नुपर्ने पाचित्तिय हुन्छ। (९१)

यो वर्षा-कपडाको खोजी र प्रयोग सम्बन्धी पहिले नै *पत्तवग्ग* (निस्सग्गिय-पाचित्तिय) को चौथो सिक्खापदमा व्याख्या गरिएको छ।

Dhamma.Digital

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

> भिक्खुले सुगतको चीवरको माप बराबर वा त्योभन्दा ठूलो बनाएमा उसलाई काट्नुपर्ने पाचित्तिय हुन्छ। सुगत (बुद्ध) को चीवरको माप यस्तो हो: सुगतको हातले नौबित्ता लामो, र छबित्ता चौडा। यो हो सुगतको चीवरको माप। (९२)

यो दिइएको मापले यो धारणा दिन्छ कि त्यो समयमा भिक्खुले जाडो ऋतुको ठूलो ओढ्ने जत्रो सानो आकारको चीवर लगाउँथे। म यस सम्बन्धी कुरा पुस्तकको भाग दुईमा परिष्कार (उपभोग्यवस्तुहरू) को प्रयोगसँग सम्बन्धित वर्ग अन्तर्गत पूर्ण छलफल गर्नेछु।

## सारांश

यस अध्यायमा भएका सिक्खापदहरूमध्ये कुनैको उल्लंघन गर्ने भिक्खुलाई उस्तै नै पाचित्तिय आपत्ति हुन्छ, तर खराब प्रतिष्ठा (बदनामी) बराबर छैन, उदाहरणकोलागी, नसुम्पिइएको खाना खाने मामिला झूटो बोल्नुसँग तुलना गरौं। असावधान भिक्खुले सोच्नेछ कि उसले सबै सिक्खापदहरूलाई आफ्नो प्रतिष्ठामा आँच नआउने गरेर नै भंग गर्नसक्दछन् र एक धेरै सख्त भिक्खुले प्रत्येक सिक्खापदलाई उत्तिकै महत्त्वपूर्ण मान्नेछन् जसले गर्दा असुविधा उत्पन्न गराउनेछ। म विनयका विद्यार्थीलाई आवश्यक अर्थ स्पष्ट रूपमा अनुभव गराउन चाहन्छु कि त्यसको पालनले उसलाई फाइदा ल्याउनेछ त्यसैले

मैले यस अध्यायका सिक्खापदहरूलाई सारांशमा उनीहरूलाई विचारकोलागी उदाहरण दिंदै निम्नानुसार समूहमा वर्गीकृत गरिरहेको छु कि उनीहरूले धेरै वा थोरै बदनामी फिजाई दिन्छन्:

**१) दुष्ट मानिस बनाउने आचरणहरू:**
झूटो बोल्नु,
निन्दा गर्नु,
मादकपदार्थ सेवन गर्नु,
संघादिसेसको आधारहीन आरोप लगाउनु।

**२) क्रूरता देखाउने आचरणहरू:**
दुर्व्यवहार गर्नु,
मुक्का हान्नु,
धम्कीपूर्ण तरिकाले हात उठाउनु,
जनावरको हत्या गर्नु।

**३) बदनाम हुने आचरणहरू:**
अरूको खराब आचरणको बारेमा बताउनु,
अरूको खराब आचरण लुकाउनु,
महिलासँग गुप्तस्थानमा बस्नु,
महिलाको उपस्थितिमा पल्टनु,
तस्करहरूसँग यात्रा गर्नु,
महिलासँग यात्रा गर्नु,

Dhamma.Digital

अरूको मामिला (लुकेर) सुन्नु,
छुटेका सामानलाई हराउने डरले टिप्नु।

**४) उपद्र्याहाभाव देखाउने आचरणहरू:**
जिस्किंदै (औंलाहरूले) काउकुती लगाउनु,
पानीमा खेल्नु,
अन्य भिक्खुहरूलाई भूतदेखि तर्साउनु,
हँसी ठट्टाको रूपमा अरूका आवश्यक वस्तुहरू
लुकाउनु,
अरू भिक्खुमा चिन्ता भड्काउनु।

**५) अभद्रता देखाउने आचरणहरू:**
पहिले स्वीकारेको निमन्त्रणा छोडेर अर्कोमा खानजानु,
ठूलो मात्रामा रहेका मीठा चिल्ला खाना अन्य भिक्खुहरूमा साझा नगर्नु,
खाना खाईरहेको परिवारकोमा पस्नु र बस्नु,
सीमाभन्दा बाहिर *पवारणा* (निमन्त्रणा) स्वीकार गर्नु,
अरूले स्वीकृति नदिएको चीवर प्रयोग गर्नु,
संघकोलागी आएको दान अरू व्यक्तिलाई दिनु,
संघका कर्तब्यहरूमा नियुक्त भिक्खुलाई दोष लगाउनु,
विनयमा असावधान हुनु,
उचित कार्यकोलागी मत दिनु र पछि दोष लगाउनु,
पहिले नै फैसला गरिसकिएको अधिकरण (मुद्दा) पुनः

Dhamma.Digital

सुनुवाइ गराउने प्रयास गर्नु,
मत नदिईकन (सभाको) आसनबाट उठेर जानु,
संघको सर्वसम्मतिमा उचित ढंगले चीवर दिइसकिए-
पछि निन्दा गर्नु।

**६) असावधान देखाउने आचरणहरू:**

संघको सम्पत्ति बाहिर राखेर पछि फिर्ता नराख्नु,
संघको विहारमा ठाउँ ओगट्नकोलागी ओछ्यान बिछ्याउनु,
प्राणीहरू भएको पानी घाँस वा माटोमा खन्याउनु,
प्राणीहरू भएको पानी खानु।

**७) भिक्खुहरूका असल परम्परा नष्ट गर्ने आचरणहरू:**

*अनुपसम्पन्न*सँग सुत्नु,
माटो खन्नु,
जीवित बिरुवा भाँच्नु,
गण भोजन गर्नु,
अस्वीकार गरिसकिएपछि फेरी खानु,
*विकाल*मा भोजन गर्नु,
रात कटेको खाना खानु,
नसुम्पिएको खाना खानु,
पाँच थरिका उत्तम भोजन माग्नु,

Dhamma.Digital

बिरामि नभएकोले आगो ताप्नु,

बिन्दुकप्प नगरिकन चीवर लगाउनु,

बिदा नलिई *विकाल*मा गाउँमा प्रवेश गर्नु,

हात्तीदाँतको सियोबट्टा बनाउनु,

खाट र तिपाईको खुट्टा सीमाभन्दा अग्लो बनाउनु,

सिमलका सामग्रीहरू भरेर खाटहरू र मेचहरू बनाउनु,

आकारमा सीमाभन्दा ठूलो पारेर चीवर र अन्य कपडाहरू बनाउनु।

भगवान शास्ताले भिक्खुहरूलाई यी आपत्तिहरूमा पर्नबाट रोक्न र आफ्ना शिष्यहरूलाई सुन्दर नैतिक आचरणका लाभहरू प्राप्त गराउनकोलागी यी सिक्खापदहरू राख्नुभएको हो।

*****

Dhamma.Digital

# अध्याय ८

## पाटिदेसनीय

(देशना गर्नुपर्ने)

यो शब्द आपत्तिको नाम हो, अर्थ हो "दोष ब्यक्त गर्नुपर्ने", साथै यो सिक्खापदहरूको नाम पनि हो, अर्थ हो "पाटिदेसनीयआपत्ति-अर्कोलाई ब्यक्त गर्नुपर्ने"। यसमा चारवटा सिक्खापदहरू छन्।

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

गाउँबस्ती क्षेत्रमा गएको बेलामा भिक्खुले आफ्नो हातले आफन्त नपर्ने भिक्खुनीको हातबाट खादनीय वा भोजनीय खानाहरू स्वीकार गर्दछ र उनीहरूलाई चपाएमा वा उपभोग गरेमा, यसकोलागी यो भिक्खुले यस प्रकार दोष व्यक्त गर्नुपर्छ: "आवुसो, मैले निन्दनीय काम गरेँ, जुनकि अशोभनीय छ र दोष व्यक्त गर्नुपर्ने हो। म त्यो दोष ब्यक्त गर्दछु "।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

जब आमन्त्रित गरिएको गृहस्थी परिवारको घरमा भिक्खुहरू भोजन गर्दछन्, सम्भवतः त्यहाँ कुनै भिक्खुनीले निर्देशन दिईरहन्छे: "यहाँ तिहुन देऊ, यहाँ

Dhamma.Digital

भात देऊ" आदि, तब सो भिक्खुनीलाई यस प्रकार भन्नुपर्छ: "बहिनी, भिक्खुहरू भोजन गरिरहेको बेलामा हामीलाई (स्वतन्त्र) छोड।" यदि कुनै भिक्खुले पनि उसलाई हटाउनकोलागी यस्तो बोल्दैन "बहिनी, भिक्खुहरू भोजन गरिरहेको बेलामा हामीलाई (स्वतन्त्र) छोड", यसकोलागी भिक्खुहरूले यस प्रकार स्वीकार गर्नुपर्छ:" आवुसो, हामीले निन्दनीय काम गरेका छौं, जुन कि अशोभनीय छ, र दोष व्यक्त गर्नुपर्ने हो। हामी त्यो दोष व्यक्त गर्छौं।"

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

भिक्खुसंघद्वारा सेख भनी घोषित परिवारहरू छन् (जसमा पति र पत्नी दुवै कमसेकम स्रोतापन्न छन् र गरीब पनि छन्)। त्यस्ता परिवारहरूमा बिरामि नभएको भिक्खुले पूर्वनिमन्त्रणा बिना आफ्नै हातले खाद्य वा भोज्यवस्तु ग्रहण गर्दछ, चपाउँछ, वा उपभोग गर्दछ भने सो भिक्खुले यसरी दोष व्यक्त गर्नुपर्छ: "आवुसो, मैले निन्दनीय काम गरेको छु, त्यो अशोभनीय छ र मैले दोष व्यक्त गर्नुपर्ने हो। त्यो दोष म व्यक्त गर्छु।"

*सेख* शब्द त्यस्ता व्यक्तिहरूको नाम हो जसले मार्ग र फल प्राप्तिको तल्लो क्रम देखि लिएर *अरहत्त-मग्ग*सम्म प्राप्त गरिसकेका छन्। यसको अर्थ हो उच्चतर धर्म प्राप्तिकोलागी शिक्षा (तालिम) पालन गरिरहेको व्यक्ति। सेख

हुनाले धेरै प्रबल श्रद्धासम्पन्न परिवार हो, उनीहरूलाई भगवान बुद्धको स्वीकृति अनुसार भिक्खुसंघद्वारा सेख भनी घोषणा गरिएका हुनसक्छन्, तर गरीब, त्यसो हुनाले उनीहरूलाई सम्भावित कठिनाइबाट मुक्त राख्नकोलागी भिक्खुहरूलाई बिरामि भएको तथा उनीहरूले निमन्त्रणा गरेको अवस्थामा बाहेक त्यस परिवारबाट भिक्षा ग्रहण गर्नमा रोक लगाइराखेको छ। यस्तो उचित कारण नभएको बेलामा भिक्खुले बेशर्मीले उनीहरूको घरमा प्रवेश गर्दछ र (खान्छ) भने यो तेश्रो सिक्खापददद्वारा उसलाई पाटिदेसनीय हुन्छ।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> (चोर, डाँकाहरू आदिका कारणले) खतरापूर्ण र जोखिमपूर्ण छ भनी निन्दित रहेको वनजंगलको निवासस्थानमा बासगर्ने भिक्खुले यो तथ्य दातालाई नबताइकन उसको विहारमा ल्याएर राखिएका खाद्य भोज्यहरू बिरामि रहेको अवस्थामा बाहेक आफ्नै हातले ग्रहण गरेमा, चपाएमा अथवा सेवन गरेमा उसले यस्तो भनी दोष ब्यक्त गर्नुपर्छ: "आवुसो, मैले निन्दनीय काम गरेँ, जुन कि अशोभनीय छ, र मैले दोष व्यक्त गर्नुपर्ने हो। म त्यो दोष व्यक्त गर्दछु।"

*****

Dhamma.Digital

## सेखिय

यो 'सेखिय' शब्द त्यो 'धम्म' को नाम हो जुनलाई *वत्त* (अर्थ 'कर्तव्य' वा 'चलन') भनिन्छ, यो व्रत्तको नाम हो। सेखियको अर्थ हो, 'सिक्नुपर्ने'। यो चार समूहमा विभाजित छ। पहिलोलाई भनिन्छ *सारुप्प*, गाउँ-बस्तीमा प्रवेश गर्ने बेलामा व्यवहार गर्नुपर्ने राम्रा चलन (आचरण) हरू, दोस्रो समूहलाई *भोजनपटिसंयुत* भनिन्छ, भिक्षा ग्रहण र भोजन गर्ने बेलामा व्यवहार गरिने आचरण (चलन) हरू। तेस्रो समूहलाई *धम्मदेसनापटिसंयुत* भनिन्छ, यो अपमानजनक व्यवहार गर्ने मानिसहरूलाई धम्म नसिकाउने परम्पराहरूसँग सम्बन्धित छ। चौथो समूहलाई *पकिण्णक* भनिन्छ, यसमा दिसा, पिसाब गर्ने ढंग आदि सम्बन्धी व्यवहारहरू छन्। विभंगले सिक्खापदलाई पाचित्तियलाई जस्तै दसदसवटामा वर्गीकृत गर्दछ, तर यो विधी भ्रमपूर्ण छ त्यसैले मैले उपरोक्त ढंगले व्यवस्थित गरेको छु।

**पहिलो वर्ग-उचित व्यवहार सम्बन्धी**

यसमा तेह्रतेह्र जोडाहरूमा व्यवस्थित गरिएका छब्बिस वटा सिक्खापदहरू छन्:

Dhamma.Digital

**१-२. पहिलो र दोस्रो सिक्खापदमा भनिएको छ:**

म सही ढंगले अन्तरवासक (लुँगी) लगाउँछु भनी सिक्नुपर्छ। म सही ढंगले उत्तरासँग लगाउँछु भनी सिक्नुपर्छ।

अन्तरवासक 'सही ढंगले लगाउनु' को अर्थ हो, सबैतिर बराबर हुनेगरी (चिटिक्क पर्नेगरी) लगाउनु, माथिल्लो किनाराले नाभि ढाक्नेगरी तर छातिसम्म नपुग्नेगरी लगाउनु पर्छ; जबकि तल्लो किनाराले घुँडा छोपेर टखना आधासम्म छोपिनेगरी गोलीगाँठोसम्म नपुग्नेगरी लगाउनुपर्छ। यसलाई भनिन्छ सही ढंगले पहिरनु। (विभंग ग्रन्थकार) ले उत्तरासँग कसरी लगाउने हो भनी स्पष्ट व्याख्या गरेका छैनन्, उनले यति मात्र भनेका छन्: "(उत्तरासँगका) दुईवटा कुनाहरू कुनै कुना पनि नझर्ने गरी एकै ठाउँमा सम्म हुनेगरी राख्ने"। वर्तमान कालमा प्रचलित परम्परा अनुसार विहारभित्र यो एउटा बाहुला खुल्ला छोडेर (एकांश गरेर) पहिरने हो, अर्थात् बायाँको काँध र हात छोपिएको हुन्छ, जब कि दायाँको खुल्ला हुन्छ, घुँडाको मुनि अन्तरवासकको तह बराबर आउने गरी लगाउने हो। गाउँ-बस्तीमा प्रवेश गर्दा उत्तरासँगले दुवै काँध, दुवै हातहरू, गर्दन र दुवै घुँडा छोपेर माथि भनिए जस्तो नै गरी लगाउने हो। सिक्खापदको यो जोडा भिक्खुहरूको चलन अनुसार चीवर लगाउने तरिकासम्बन्धी हो, तर चीवरहरू कसरी सही तरिकाले लगाउने भनेर पनि सिकाउँछ, असावधानीपूर्वक र धेरै खुल्ने गरी गडबड तरिकाले लगाउन निषेध गर्दछ। यद्यपि भिक्खुले

Dhamma.Digital

तीनवटा घेराहरू (गर्दन, कम्मर, र घुँडा मुनि) छोप्छ, यदि उसले यो असावधानीपूर्वक र धेरै खुल्ने तरिकाले लगायो भने, यसले भिक्खु परम्पराको उल्लंघन गर्दछ।

**३-४. तेस्रो र चौथो सिक्खापदमा भनिएको छ:**

म राम्ररी (शरीर) छोपेर गाउँबस्तिमा जान्छु भनी सिक्नुपर्छ।

म राम्ररी (शरीर) छोपेर गाउँबस्तिमा बस्छु भनी सिक्नुपर्छ।

भिक्खुले चीवरहरू ठिकसँग लगाइसकिएपछि जब ऊ गाउँबस्ति (आदि) मा प्रवेश गर्छ, ऊ सावधान रहनुपर्छ कि उनीहरू तल वा माथि सर्दैनन्, उसले आफ्ना अंगहरूलाई छोपीराख्नमा सजग रहनुपर्छ, यो हो यो जोडी सिक्खापद अनुसारको निर्देशन। सिक्खापदको यो थप जोडीले अझ साबित गर्दछ कि भिक्खुहरू गाउँ वा बस्तिमा प्रवेश गर्दा दुवै काँध छोप्नुपर्छ।

**५-६.पाँचौं र छैठौं सिक्खापदमा भनिएको छ:**

म गाउँ बस्तिहरूमा राम्रोसँग संयमित भएर जान्छु भनी सिक्नुपर्छ।

म गाउँ बस्तिहरूमा राम्रोसँग संयमित भएर बस्छु भनी सिक्नुपर्छ।

Dhamma.Digital

'राम्रोसँग संयमित भएको' भन्ने शब्दको अर्थ हो, शरीरका अंगहरूलाई शान्त राख्नु, जथाभावी नचलाउनु, रमाइलो गर्नकोलागी हातहरू अथवा खुट्टाहरू नकमाउनु वा नहल्लाउनु, जस्तो कि पाउलाई तलमाथि गर्नु, अथवा औंलाहरू चलाउनु, तर यसले काम गर्नुपर्दा भिक्खुलाई उसका हात तथा खुट्टाहरू चलाउनबाट रोकेको छैन।

**७-८. सातौं र आठौं सिक्खापदहरूमा भनिएको छ:**

> म गाउँबस्तीहरूमा आँखाले तलतिर हेरेर जान्छु भनी सिक्नुपर्छ।
>
> म गाउँबस्तीहरूमा आँखाले तलतिर हेरेर बस्छु भनी सिक्नुपर्छ।

भिक्खुलाई एक जुवा अगाडि मात्र अर्थात् दुई मिटर जति परसम्म हेर्ने निर्देशन छ, तर उसको आँखाले योभन्दा अगाडि देख्न सक्छ। यदि उसले त्यस्तो छोटो दूरीसम्म मात्र दृष्टिपात गर्छ भने यो ढोंगी जस्तो लाग्छ र यसमा स्वाभाविक आचरण छैन। यसो गर्नु अतिवादी हुनु मात्र होइन कि सिक्खापदको अन्धानुकरण गर्नु पनि हो। यस जोडी सिक्खापदको उद्देश्य भिक्खुहरूलाई उनीहरूको प्राकृतिक अवस्थाको बनाइराख्नकोलागी निर्देशन दिनु हो, र यद्यपि उनीहरूले धेरै अगाडि हेर्न सक्छन्, यो उनीहरूको आँखाले निहुरेर र उनीहरूलाई व्यापक रूपमा नखोलीकन गरिनुपर्छ। केही सुत्तहरूमा आउने शब्दहरूमा भनिएको छ कि जो भिक्खु अन्धो

झैं गईरहेको छैन, उसले आफूतिर आइरहेका खतरनाक हात्ती र घोडाहरू देख्न सक्छ र अन्य मानिसहरूले जस्तो नै थाहा छ कि कसरी उनीहरूबाट बच्ने हो। उसले घमण्ड गर्नु (र आफ्नो ज्यान जोखिममा पार्नु) हुँदैन।

**९-१०. नवौं र दशौं सिक्खापदहरूमा भनिएको छ:**

म गाउँबस्तिमा चीवर माथि उचालेर जाँदिन भनी सिक्नुपर्छ।

म गाउँबस्तिमा चीवर माथि उचालेर बस्दिनँ भनी सिक्नुपर्छ।

उसको चीवर 'माथि उठाउनु' भन्नुको अर्थ चीवर यति माथि उठाउनु कि भिक्खुको शरीरको ठूलो भाग मानिसहरूले देख्न सकोस्, जस्तो कि चीवरलाई काँधसम्म उचाल्नु।

**११-१२. एघारौं र बाह्रौं सिक्खापदहरूमा भनिएको छ:**

म गाउँबस्तिमा जाँदा ठूलो स्वरमा हाँस्दिनँ भनी सिक्नुपर्छ।

म गाउँबस्तिमा बस्दा ठूलो स्वरमा हाँस्दिनँ भनी सिक्नुपर्छ।

'ठूलो स्वरमा हाँस्नु' को अर्थ हटटट हाँस्नु हो, जब कि खिसिट्यौरी गरेर हाँस्नु पनि यो जोडीमा सामेल छ। यी आचरणहरूले संयमको कमी देखाउँछ र जब केही रमाईलो

Dhamma.Digital

विषय आउँछ जसबाट उत्पन्न उल्लासबाट आफूलाई रोक्न सक्दैन, तब हलुका हास्नुपर्छ वा मुस्कुराउनु पर्छ।

**१३-१४. तेह्रौं र चौधौं सिक्खापदहरूमा भनिएको छ:**

म गाउँबस्तिमा अल्पशब्दसँग जान्छु भनी सिक्नुपर्छ।

म गाउँबस्तिमा अल्पशब्दसँग बस्छु भनी सिक्नुपर्छ।

'अल्पशब्द' सानो वा थोरै स्वर भनेको ठूलो स्वरको विपरीत हो, तर यसको अर्थ कानेफूसी गर्नु भनेको होइन। संक्षेपमा, यो प्राकृतिक मानव आवाज हो। अट्ठकथा-आचरियहरूको राय अनुसार, उचित स्वरलाई निम्नानुसार परिभाषित गरिएको छ: छ मिटर जतिको दूरीमा बसेर एकले बोल्छ र अर्कोले सुन्नसक्छ तर स्पष्टरूपले उसले के भनिएको हो टिप्न सक्दैन। जो ३ मिटरको दूरीमा बस्छ उसले यो स्वर स्पष्टरूपमा सुन्नसक्छ, त्यसैले यसलाई उचित स्वर भनी परिभाषित गर्दछ। यो स्वर कुराकानीको बेलामा राम्रो छ तर ठूलो जनसमूहमा उपदेश दिने बेलामा धेरै कमजोर लाग्छ। उपदेश दिने भिक्खुले अट्ठकथा-आचरियले बताएको स्तरभन्दा चर्को स्वरले बोल्छ भने पनि, यदि उसले आफ्नो संयम कम गर्दैन भने, अर्थात् ऊ चिच्याउँदैन भने उसको व्यवहार निक्कै नै उचित देखिन्छ।

Dhamma.Digital

**१५-१६. पन्ध्रौं र सोह्रौं सिक्खापदहरूमा भनिएको छ:**

म चंचल गरेर (उत्ताउलो भएर, चकचक गर्दै, लड्खडाउँदै, जिउ बटार्दै?) शरीर धेरै हल्लाउँदै गाउँबस्तीमा जाँदिन भनी सिक्नुपर्छ।

म चंचल गरेर शरीर धेरै हल्लाउँदै गाउँबस्तीमा बस्दिनँ भनी सिक्नुपर्छ।

अभिमानले वा कमजोरीले शरीरलाई बेस्सरी हल्लाउनु पूर्ण रूपमा निषेधित छ। भिक्खुले शरीर सीधा गरेर हिड्नु पर्छ।

**१७-१८. सत्रौं र अठारौं सिक्खापदमा भनिएको छ:**

म चंचल गरेर हात धेरै हल्लाउँदै गाउँबस्तीमा जाँदिन भनी सिक्नुपर्छ।

म चंचल गरेर हात धेरै हल्लाउँदै गाउँबस्तीमा बस्दिनँ भनी सिक्नुपर्छ।

गर्वको कारणले वा सुन्दर चालढाल देखाउनकोलागी शरीर जोडसित हल्लाउने तरिका सबै नै निषिद्ध छन्। भिक्खु हिँड्दा हात नचलाउन सिकाइएको छ। वास्तवमा भन्ने हो भने, हिंड्दा मानिसलाई हातले संतुलन कायमगर्न मदत गर्छ, जस्तो कि फलेकको साँघु तर्दा हातहरू फैलाउनाले उसले आफुलाई संतुलन कायम गर्नसक्छ। (त्यसो हुनाले यस्ता अवसरहरूमा) हातहरू शरीरको नजिक राख्नुको सट्टा बाहिर फिजाउनु झन

Dhamma.Digital

राम्रो छ। त्यसैले हातहरू प्रयोग गर्नुपर्ने अवसरमा चलाउँदा कुनै हानि हुँदैन।

**१९-२०. उन्नाइसौं र बीसौं सिक्खापदहरूमा भनिएको छ:**

म टाउको हल्लाउँदै गाउँबस्तीमा जाँदिन भनी सिक्नुपर्छ।

म टाउको हल्लाउँदै गाउँबस्तीमा बस्दिन भनी सिक्नुपर्छ।

भिक्खुलाई उसको टाउको सीधा राख्न सिकाइएको छ र यसलाई ठाडो राख्ने शक्ति नभएको जस्तो गरी झारी बस्नहुँदैन। भिक्खुमा सुखद र सम्मानपूर्ण व्यवहार हुनुपर्छ।

**२१-२२. एक्काइसौं र बाइसौं सिक्खापदमा भनिएको छ:**

म कम्मरमा हात राखेर गाउँबस्तीमा जाँदिन भनी सिक्नुपर्छ।

म कम्मरमा हात राखेर गाउँबस्तीमा बस्दिन भनी सिक्नुपर्छ।

'कम्मरमा हातले टेकेर' को अर्थ कम्मरमा हात बिसाएर हिंड्नु हो, वा बस्दा, एक वा दुवै हातले शरीरमा थिचेर बस्नु हो।

**२३-२४. तेईसौं र चौबिसौं सिक्खापदहरूमा भनिएको छ:**

म टाउको छोपेर गाउँबस्तीमा जाँदिन भनी सिक्नुपर्छ।

Dhamma.Digital

म टाउको छोपेर गाउँबस्तिमा बस्दिन भनी सिक्नुपर्छ।

शरीरका छोप्नुपर्ने भाग छोप्नु राम्रो चलन हो तर खुल्ला हुनुपर्ने भाग छोप्नु निन्दनीय छ, त्यसैले यो काम सिक्खापदहरूको यो जोडीद्वारा निषेधित छ।

**२५-२६. पच्चीसौं र छब्बीसौं सिक्खापदहरूमा भनिएको छ:**

म गाउँबस्तीहरूमा खुट्टाका औंलाहरूले मात्र टेकेर हिंड्दिनँ भनी सिक्नुपर्छ।

म गाउँबस्तीहरूमा घुँडा अंगालेर बस्दिन भनी सिक्नुपर्छ।

खुट्टाका औंलाका भरमा हिड्ने तरिका भनेको पाइतालाले पूरामात्रामा भुइँमा नछुनेगरी हिंड्नु हो, जुन कि यो जोडीको पहिलो सिक्खापदद्वारा निषेध गरिएको छ। भिक्खुले पूरा पाइतालाले टेकेर हिंड्नुपर्छ। बस्ने तरिकामा हत्केला र हातले घुँडालाई बेरेर बस्नु वा कपडाले शरीरमा बाँधेर बस्ने कार्य यसको पछिल्लो सिक्खापदद्वारा निषेधित छ। हत्केला र हातले घुँडा बेरेर बस्नु यो देशमा धेरै प्रयोग गरिन्छ, तर शरीरलाई बाँधेर बस्ने चलन छैन। तर मैले प्राचीन चित्रहरू देखेको छु, जसमा मोटो मानिस यस्तो बाँधेर बसेको देखाइएको छ किनकि यसले उनीहरूलाई शरीर सन्तुलित राख्न मदत गर्छ।

सेखिय सिक्खापदमा आपत्ति सीधै लगाइएको छैन र मात्र "यो सिक्नुपर्छ" भनिएको छ। विभंगमा बताइएको छ कि

यदि कोही असावधान हुन्छ र यी चलनहरूबाट ऊ विचलित भयो भने उसलाई दुक्कट हुन्छ। यो चलन अनुसार आचरण गर्नमा संकल्प गरेको व्यक्ति जसले यसलाई मनसाय बिना र (नचिताइकन नै) असावधानताको कारणले तोड्छ, वा जसलाई यसबारेमा थाहाछैन, वा जो ठीक तरिकाले व्यवहार गर्न जान्दैन, वा जसलाई केही रोग छ, उसलाई छुट छ र आपत्ति छैन। जो भिक्खु एक दिन वा रात एक गाउँको एक घरमा बास बस्छ त्यहाँ यी कुराहरू जुन जुन सधैं अभ्यास गर्न सकिंदैन, जस्तै शरीर छोप्नु (तेस्रो र चौथो सिक्खापद), आँखाले तलतिर हेरेर बस्नु आदिलाई निर्धक्क भएर छोड्न सक्छ। उसले विहारमा जेजति पालन गरेको छ ती उसको बसोबासकोलागी मिलाईएको घरको कोठामा गर्नुपर्छ। जब ऊ आफ्नो कोठाबाट बाहिर जान्छ, यसबेलामा उसले घर वा गाउँ प्रवेश गर्ने सम्बन्धी चलन (नियम) अनुसार अभ्यास गर्नुपर्छ।

**दोश्रो वर्ग-भोजन सम्बन्धी**

यसमा तीस वटा सिक्खापदहरू छन् तर ती *सारुप्प* वर्गमा जस्तो जोडामा वर्गीकृत गरिएको छैन।

**१. पहिलो सिक्खापदमा भनिएको छः**

म ध्यानपूर्वक भिक्षा ग्रहण गर्छु भनी सिक्नुपर्छ।

यो सिक्खापदले भिक्खुहरूलाई दाताहरूलाई प्रशंसा व्यक्त गर्न सिकाउँछ, उनीहरूलाई अपमान गर्न हुँदैन,

उनीहरूलाई दान दिईएको भिक्षा भोजनको आदर देखाउनुपर्छ। उनीहरूले यस्तो व्यवहार गर्नहुँदैन (यस्तो लाग्ने गरी कि) उनीहरू यसलाई खेलाँचीको रूपमा ग्रहण गर्दैछन्, अथवा यसलाई पछि फ्याक्ने हो।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

म ध्यानपूर्वक भिक्षाभोजन ग्रहण गर्छु भनी सिक्नुपर्छ।

यो सिक्खापदले भिक्खुलाई असावधानी पूर्वक दाताको अनुहारमा वा अन्य दिशाहरूमा नहेर्न सिकाउँछ।

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

म *सूप*सहित भिक्षाभोजन मात्रा मिलाएर राम्ररी ग्रहण गर्छु भनी सिक्नुपर्छ।

*'सूप'* शब्दलाई अन्य ठाउँहरूमा 'तर्कारी' को रूपमा अनुवाद हुनसक्छ तर विभंग-संग्राहक आचरियहरूलाई लागेको हुनसक्छ कि यो एक तरल हो जो फेरि छुट्याउन सकिंदैन त्यसैले उनीहरूले विभंगमा बताए कि यो मूंग दाल वा बोडी (भुत्ति) दालबाट बनेको हो, जसलाई हातले समात्न सकिन्छ। यो भातसँग खाइने जस्तो देखिन्छ, तर अन्य स्थानहरूमा भातसँग खाइने चीजहरूलाई *व्यञ्जन* शब्दद्वारा व्यक्त गरिएका छन्। विभंगले यस तरिकाले व्याख्या गरेको हुनाले, भिक्खुहरूको चलन दलहनबाट बनेको दालको सीमित स्वीकृतिसँग सम्बन्धित

Dhamma.Digital

छ। यस्तो बुझाई सांघुरो छ। विभंगको व्याख्या सायद त्यो समयमा प्रयोगमा रहेका खाद्य पदार्थहरूसँग सम्बन्धित छ।

मेरो विचारमा *पिण्डपात*को चलन त्यतिखेर अहिले जस्तो थिएन। दाताहरू भिक्खुहरूलाई दान दिनकोलागी पर्खिरहनु (जस्तो अहिले चलन छ) को सत्तामा भिक्खुहरू गएर घरहरू वा पसलहरूको अगाडि उभिएर बस्थे ताकि दाताहरूले आफूसँग जेजस्तो हुनेगर्थ्यो, वा जुन केही बिक्रीकोलागी त्यहाँ राखिएका हुन्थे, त्यही दिन्थे। यस कारणले भिक्खुले धेरै *सूप* (दाताहरूबाट) रोजेर लिन निषेध गरिएको हो। वर्तमान समयमा भिक्षाभोजनहरू अलग्ग तैयार गरिन्छ, यो अथवा त्यो, लिने वा नलिने भनी भिक्खुहरूले रोज्न पाउँदैनन्। तर असल आचरण छ जस अनुसार भिक्खुहरूले यो सिक्खापदलाई आदरपूर्वक आचरण गर्नुपर्छ, त्यो यो हो कि भिक्खुले आफूले पहिले भेटेको दाताबाट पहिले दान थाप्नुपर्छ। उसले भातका साथै अरू सितन तर्कारीहरू समेत दिने दाताहरूकोमा थाप्न जानकोलागी भात मात्र दिने दाताहरूलाई छोडेर जानहुन्न।

**४. चौथो सिक्खापदमा भनिएको छ:**

> म पात्रको किनारासम्म मात्र भिक्षाभोजन ग्रहण गर्छु भनी सिक्नुपर्छ।

यहाँ किनारा भनेको पात्रको तल्लो किनारा (पात्रको माथिल्लो भाग फलामको घेराको) हो। भिक्खुले आफनो पात्रको त्यो किनाराभन्दा माथि पुग्ने गरी भिक्षान्न स्वीकार गर्न निषेध

गरिएको छ, किनभने अधिक स्वीकार गर्नाले उसको लोभ देखाउनेछ। तर केरा पातहरूमा बेरिएका खानेकुराहरू आदि जुन पात्रको किनाराभन्दा माथि उठेको हुन्छ, त्यस्तालाई पात्रको किनाराभन्दा माथि आउनेगरी ग्रहण गरिएको रूपमा गणना गरिंदैन। वर्तमान समयको चलन अनुसार, लोभको कारणले धेरै स्वीकार्नु निन्दनीय छ, जबकि *मेता*को कारणले धेरै स्वीकार गर्नु निन्दायोग्य छैन। उदाहरणकोलागी, जब भर्खरै दीक्षित भिक्खुलाई परिवारमा भोजन ग्रहण गर्नकोलागी आमन्त्रित गरिन्छ, यदि उसले एक पात्र (भरी) मात्र स्वीकार गर्दछ भने त सबैलाई उसको पात्रमा भोजन राख्ने मौका हुँदैन। यदि कसैले उसको पात्र खन्याइदिन्छ, र सबैले भोजन भिक्षा हाल्ने मौका नपाउँजेलसम्म उसले ग्रहणगर्न जारी राख्छ, र यो नराम्रो आचरण हुनेछैन र कसैले उसलाई लोभी भएको भनी दोष दिनेछैन।

**५. पाँचौं सिक्खापदमा भनिएको छ:**

म सम्मानपूर्वक भिक्षान्न भोजन गर्छु भनी सिक्नुपर्छ।

यद्यपि त्यो भिक्षान्न मामुली किसिमको हो, भिक्खुले असामान्य व्यवहार केही गर्नहुँदैन बरू सामान्य तरिकाले खानुपर्छ। एक पटक हाम्रा भगवानले कुनै परिवारमा सेवा गर्ने *पुण्णदासी*ले चढाएको सुक्खा सेकिएको रोटी ग्रहण गर्नुभयो र कुनै अरूचि प्रकट नगरिकन नै त्यो रोटी भोजन गर्नुभयो, यो सम्मानपूर्वक भिक्षान्न खानुको एक उदाहरण हो। यसबाहेक,

भिक्खुले भोजन गर्दा उसले खानामा ध्यान लगाएर खानुपर्छ, र खाने समयमा अरू काम गर्नहुन्न। यो पनि एक किसिमले सम्मानपूर्वक भोजन गर्नुको रूपमा मानिन्छ।

**६. छैठौं सिक्खापदमा भनिएको छ:**

म आफ्नो पात्रमा ध्यान लगाएर भिक्षान्न खान्छु भनी सिक्नुपर्छ।

यो नियमले भिक्खुले खाने बेलामा अरू कुराहरूमा हेर्न निषेध गर्दछ; तर खाने कामको सम्बन्धमा मात्र हेर्नु, जस्तो कि छेउको भिक्खुसँग पर्याप्त भोजन छ, वा छैन भनी हेर्नु, ताकि कम रहेको खण्डमा उसलाई दिन सकियोस्, यो निषेधित छैन।

**७. सातौं सिक्खापदमा भनिएको छ:**

म भिक्षान्न एकछेउबाट लिएर खान्छु भनी सिक्नुपर्छ।

यो सिक्खापदले (आफ्नो पात्रमा) भिक्खुहरूलाई मात्र एक ठाउँबाट खाना लिएर (खानामा) प्वाल बनाउनुबाट रोक लगाएको छ, जबकि यो सिक्खापदले भिक्खुहरूलाई खाना गाँस बनाएर मुखमा हाल्न पनि सिकाउँछ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

म समुचित मात्रामा *(सम)* तिहुनसँग भिक्षान्न खान्छु भनी सिक्नुपर्छ।

Dhamma.Digital

*सम* भन्ने शब्दलाई अट्ठकथा-आचरियहरूद्वारा बराबर भनी व्याख्या गरिएको छ जसको अर्थ हो, तिहुन आदि खाद्यवस्तु एक भाग बराबर चार भाग भात। यस सिक्खापदले भिक्खुहरूलाई बालकहरू जस्तो खानाको लोभी हुनबाट रोक लगाउँदछ। यद्यपि उसले चारभाग भातको एकभाग तिहुनहरू बराबरभन्दा बढी खान्छ, तर भातको परिमाणभन्दा बढी होइन भने उसले यस्तो गर्नमिल्छ, यसो गरेर पनि उसलाई पालिको भनाइबाट विचलित भएको मानिने छैन र खानाको लोभी हुँदैन। तर यस्तो बुझाइ कि दालको तिहुन (भातको परिमाणभन्दा बढी हुनेगरी खानु) यही मात्र निषेध गरिएको हो, भनी मान्नु धेरै नै संकुचित अर्थमा भयो। यदि निमन्त्रणा गर्ने दाताले भिक्खुलाई भात बिना यस्तो दाल मात्र दान गरेमा खान मिल्छ।

**९. नवौं सिक्खापदमा भनिएको छ:**

म भिक्षान्न टुप्पादेखि टिपेर खाँदिन भनी सिक्नुपर्छ।

भिक्खुको चलन यस्तो छ कि भोजन गर्ने बेलामा उसले पात्रमा भातलाई सम्म पर्नेगरी सम्याउनुपर्छ। भातसँग खाइने अन्य वस्तुहरू अथवा मिठाइहरू जुन कि एउटा रिकापीमा थुपारेर उसलाई दान गरिएको छ, यसलाई त्यस्तो टुप्पा सम्याउनु पर्दैन। यस्तो अवस्थामा उसले टुप्पाबाट लिएर खाए पनि हुन्छ।

Dhamma.Digital

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

म बढी पाउने इच्छाले तर्कारीहरू र अरू खाद्यपदार्थहरू भातमा लुकाउँदिन भनी सिक्नुपर्छ।

यो सिक्खापदले भिक्खुहरूलाई आमन्त्रित गरिएको ठाउँमा खानुलाई बुझाउँछ जहाँ दाताहरू भिक्खुहरूलाई मन पर्ने खानेकुरा पस्की दिनकोलागी पर्खिरहेका हुन्छन्।

**११. एघारौं सिक्खापदमा भनिएको छ:**

म, बिरामि अवस्थामा बाहेक आफ्नो लागी तिहुन वा भात मागेर खाँदिन भनी सिक्नुपर्छ।

'माग्नु' शब्दको अर्थ गृहस्थीहरूबाट माग्नु हो, जो भिक्खुका आफन्त होइन र उसलाई माग्नकोलागी निमन्त्रणा पनि दिईएको छैन। यदि ऊ बिरामि रहेको भएमा, अनुकूल भोजन उपलब्ध नभएको अवस्था छ र त्यसबाट ऊ खुसी छैनभने, उसलाई माग्ने अनुमति छ। बिरामि नभएको भिक्खुले अर्को बिरामि भिक्खुको तर्फबाट माग्न मिल्छ।

**१२. बाह्रौं सिक्खापदमा भनिएको छ:**

म दोष खोज्ने विचारले अर्काको पात्रमा हेर्दिनँ भनी सिक्नुपर्छ।

अर्को भिक्खुको खाना खानुको खराब तरिकामा दोष भेट्टाउने सोचले हेर्नुलाई यो सिक्खापदद्वारा निषेध गरिएको

Dhamma.Digital

छ, तर अर्को भिक्खुलाई खाना पर्याप्त छैनभने दिने सोचले हेर्नु निषेधित छैन।

**१३. तेह्रौं सिक्खापदमा भनिएको छः**

म भोजनको गाँस धेरै ठूलो बनाउँदिन भनी सिक्नुपर्छ।

भोजनको "धेरै ठूलो गाँस" को अर्थ त्यति हो जति कि भिक्खुको मुखमा सबै एक पटकमा राख्न सकिंदैन। भिक्खुले खानाको गाँस सजिलै मुखमा राख्नकोलागी ठिक्क हुने आकारको बनाउनु पर्छ। (भात बाहेक) अन्य प्रकारका खानाहरूमा निषेध छैन, तर पनि यदि यो खराब शिष्टाचारको कारण हो भने, यो गर्नु हुँदैन।

**१४. चौधौं सिक्खापदमा भनिएको छः**

म गाँसलाई गोलो बनाएर खान्छु भनी सिक्नुपर्छ।

यहाँ विचार गर्नुपर्ने बुँदा यो हो कि *सेखियवत* संग्रह गरिएको समयमा कस्तो किसिमको भात खाइन्थ्यो। वत् बरजेतुबन विहारका भिक्खुवर बरउपालीगुणूपमाचार्य (पान) ले यो विषयको बारेमा मसँग कुरा गर्नुहुन्थ्यो। उहाँ विश्वस्त हुनुहुन्थ्यो कि यो चाम्रो भात (वर्तमान समयको) जस्तै थियो र म उहाँसँग सहमत छु। यदि यो चाम्रो भात थिएन भने, तब यो यस्तै विशेष प्रकारको भात वा अन्न हुनसक्छ, वा अन्यथा साधारण चामललाई गीलो गरी पकाइएको हुन्थ्यो, ताकि यसको गोला डल्लाहरू बनाउन सकियोस्। यसबाहेक, विभंगले

Dhamma.Digital

भिक्खुलाई लामो आकारको ढुगा (डल्लो) बनाउनबाट निषेध गर्दछ, त्यसैले यो निश्चित छ कि यो गोलो बनाउन सकिन्छ। भोजन गर्ने तरिकामा विनम्र मानिने यस्तो हो कि गोलो-गोलो गाँस बनाइ खानु र यहाँ यो सिकाइएको छ। यदि हामीले (त्यस समय) का मानिसहरूले खाने अन्नको प्रकार पहिले बुझ्यौं भने तब निम्नलिखित नियमहरूलाई बुझ्न सक्छौं।

**१५. पन्ध्रौं सिक्खापदमा भनिएको छ:**

> गाँस आइपुग्नुभन्दा पहिले म मुख खोल्दिनँ भनी सिक्नुपर्छ।

यसबाट हामी जान्दछौं कि खाना खाँदा मुख बन्द राखेर चपाउने चलन हो र गाँस नजिक ल्याइ पुर्याइसकेपछि मात्र यसलाई खोल्ने हो।

**१६. सोह्रौं सिक्खापदमा भनिएको छ:**

> म भोजन गर्दा सबै औंलाहरू मुखमा पसाउँदिन भनी सिक्नुपर्छ।

यहाँ "हात" शब्दलाई *टीकाकार*ले औंलाहरू भनी अर्थ्याएको छ र यो सही हुनुपर्दछ। यो सिक्खापदले भिक्खुलाई फोहर हुनुबाट रोक लगाएको छ। यदि उसले आफ्ना औंलाहरू आफ्नो मुखमा पसाउँछ भने, यद्यपि सबै पसाउँदैन, तैपनि यो असल बानि होइन।

Dhamma.Digital

**१७. सत्रौं सिक्खापदमा भनिएको छ:**

म मुखमा भोजन राखेर बोल्दिनँ भनी सिक्नुपर्छ।

मुखमा खाना छउँन्जेल भिक्खुले सामान्य आवाजमा बोल्न सक्दैन, त्यसो हुनाले उसले खाना निली वा थुकी नसकुजन्जेलसम्म बोल्नुहुँदैन- त्यसपछि उसले बोल्न मिल्छ।

**१८. अठारौं सिक्खापदमा भनिएको छ:**

म खानाको ढुगा (हावामा) फ्याँक्दै खाँदिनँ भनी सिक्नुपर्छ।

यो नियमले हातबाट भातको डल्लो फ्याकेर मुख बाएर थाप्न प्रतिबन्ध लगाएको छ जुन कि एक प्रकारको चकचक (शरारती) व्यवहार हो।

**१९. उन्नाइसौं सिक्खापदमा भनिएको छ:**

म भातको डल्लोलाई टोकेर खाँदिन भनी सिक्नुपर्छ।

कडा मिठाई वा फलहरू जस्ता अन्य खानेकुराहरू टोकेर (शाब्दिक अर्थ फुटालेर) खाने अनुमति छ, तर यो नियमले भिक्खुलाई जथाभावी ढंगले खानुबाट निषेध गर्दछ। (भात बाहेक) अन्य खानाहरू पनि टोकेर खानु अशोभनीय छ र टोकेर खानुलाई अशोभनीय नमान्ने क्षेत्रमा बाहेक भिक्खुले त्यसो गर्नबाट बच्नुपर्छ। सायद विभंगको रचनाको समयमा, त्यो समय र स्थानका मानिसहरूले (अन्य खानेकुरा टोकेर

Dhamma.Digital

खानु) लाई अभद्रता नमानेको हुनसक्छ र यसैले यो गर्न अनुमति दिइएको थियो।

**२०. बीसौं सिक्खापदमा भनिएको छ:**

म गाला फुकिने गरी खाँदिन भनी सिक्नुपर्छ।

यस नियमले भिक्खुलाई एक पटकमा उसको मुखमा धेरै खाना हाल्न निषेध गर्दछ जसले उसको गाला बाजा फुक्नेको जस्तै फुक्किन्छ। विभंगद्वारा अन्य खानाहरू (भात बाहेक) त्यस्तो गरी खानमा अनुमति दिइएको छ) तर भिक्खुले उचित के हो, थाहा पाउनुपर्छ र उचित तरिकाले व्यवहार गर्नुपर्छ।

**२१. एक्काइसौं सिक्खापदमा भनिएको छ:**

म हात झटारेर (टकटक्याएर) खाँदिन भनी सिक्नुपर्छ।

यदि भिक्खुको हातमा भात टाँसिन्छ भने उसले त्यसलाई पानीले धुनुपर्छ।

**२२. बाइसौं सिक्खापदमा भनिएको छ:**

म भातका सिताहरू यताउति छरेर खाँदिन भनी सिक्नुपर्छ।

यस नियमले भिक्खुहरूलाई भात-अन्नहरू जो मुखमा राख्न सकिंदैन, ती पात्रमा वा भुइँमा झार्न रोक लगाएको छ।

Dhamma.Digital

**२३. तेईसौं सिक्खापदमा भनिएको छः**

म जिब्रो बाहिर निकालेर खाँदिन भनी सिक्नुपर्छ।

**२४. चौबीसौं सिक्खापदमा भनिएको छः**

म चपचप आवाज निकालेर खाँदिन भनी सिक्नुपर्छ।

**२५. पच्चीसौं सिक्खापदमा भनिएको छः**

म सुपसुप आवाज निकाली खाँदिन भनी सिक्नुपर्छ।

चपचप आवाज कडा खाना चपाउँदा निस्कन्छ, त्यस्तै सुपसुप आवाज तरल पदार्थ खाँदा निस्कन्छ। भिक्खु यस बारेमा सावधान रहनुपर्छ।

**२६. छब्बीसौं सिक्खापदमा भनिएको छः**

म हात चाटेर खाँदिन भनी सिक्नुपर्छ। यहाँ "हात चाट्नु" शब्दको अर्थ मात्र जिब्रोले हातमा टाँसिएको खाना चाट्नु मात्र होइन तर हातमा टाँसिएको खानाका टुक्राहरूलाई छान्नु र त्यसपछि (अर्को हातका) औंलाहरू प्रयोग गरेर मुखमा राख्नु पनि हो।

**२७. सत्ताईसौं सिक्खापदमा भनिएको छः**

म औंलाहरूले पात्र खुर्केर खाँदिन भनी सिक्नुपर्छ।

Dhamma.Digital

पात्रमा भात यति थोरै बाँकी रहन्छ कि यसलाई एक ढुगा गाँस बनाउन सकिंदैन, भिक्खुले यसलाई एक ढुगामा संकलन गर्न र यसलाई खान निषेध गरिएको छ। त्यसो गर्नुलाई "पात्र खुर्केर खाने" भनिन्छ।

**२८. अट्ठाईसौं सिक्खापदमा भनिएको छ:**

म (जिब्रोले) ओठ चाटेर खाँदिन भनी सिक्नुपर्छ।

२९. **उनन्तीसौं सिक्खापदमा भनिएको छ:**

म जुठो लागेको हातले खाने पानीको भाँडो समात्दिन भनी सिक्नुपर्छ।

तत्कालीन भिक्खुहरूको चलन थियो कि उनीहरू भोजन गरेर सन्तुष्ट भएपछि, उनीहरूले पानी ग्रहण गर्थे। उनीहरूले जूठो लागेको हातले पानीको भाँडो समात्न निषेध गरिएको छ। तर वर्तमानमा पानी पनि खाना जस्तो नै एक साथमा नै ग्रहण गरिन्छ। यसले यो बुझ्नुपर्छ कि फोहर हातहरूले पानीको भाँडो समात्न निषेध गरिएको छ। यदि भिक्खुका दुवै हात जुठोले फोहर छन् भने उसले पानीको भाँडो समात्नुभन्दा पहिले हात धुनुपर्छ।

**३०. तीसौं सिक्खापदमा भनिएको छ:**

म पात्र धोएको सिता भएको पानी गाउँबस्तिमा फाल्दिनँ भनी सिक्नुपर्छ।

Dhamma.Digital

यो नियमको अर्थ हो कि एकजना भिक्खु एउटा घरमा भोजन गरिरहेको थियो र त्यहाँ आफ्नो पात्र धोईरहेको थियो। त्यतिबेला, यस्तो लाग्छ कि भात-अन्न दाना नभएको पानी महत्त्वपूर्ण थिएन र यसैले यो भात-अन्न भएको पानी फ्याँक्न निषेध गरिएको थियो। वर्तमानमा, भातको सिता नभएको पानी पनि फाल्न हुँदैन। भिक्खुले यसलाई थुक्ने भाँडामा खन्याउनु पर्छ जुन त्यस उद्देश्यकोलागी त्यहाँ राखिएको हुन्छ, अनि पछि यो अरू कोहिद्वारा फ्याँक्न सकिन्छ। यदि भिक्खुले यो पानी आफैं अनुपयुक्त ठाउँमा फ्याँक्छ भने तब यो आचरण पनि राम्रो मानिन्दैन।

## सारांश

भोजन गर्नु सम्बन्धी यो चलनलाई यसको उद्देश्य अनुसार पालन गर्नुपर्छ, तात्पर्य यो हो कि, यो स्वच्छता र उपयुक्ततताकोलागी आवश्यक छ। भिक्खुहरूले त्यसको शाब्दिक अर्थ मात्र लिनहुन्न, अर्थात् यो वर्गमा सिकाइएको भोजन गर्ने सम्बन्धी तरिकालाई लिनुपर्छ, किनकि यो ती दिनहरूको स्थितिअनुसार बनाइएको थियो। समयको अन्तरालमा चलनमा परिवर्तन हुन्छ। यदि भिक्खुहरूले माथिको तरिका अनुसारको व्यवहारमा जोड दिन्छन् भने उनीहरू (आधुनिक आँखाहरू) कोलागी निक्कै अशोभनीय (लथालिंग) लाग्न सक्छ, यहाँसम्म कि बेस्वाद पनि। उदाहरणकोलागी, (थाइ समाजको) माथिल्लो वर्गमा मानिसहरू चम्चा र काँटा, वा चपस्टिक र चम्चाको

Dhamma.Digital

प्रयोग गरेर खान्छन्। यदि भिक्खुहरूले पुरानै तरिका अनुसार *सेखिय* अनुसार कडाईसँग व्यवहार गरेर आफ्नो हात प्रयोग गरेर खाना खाएमा, उनीहरूको सेवा गर्ने माथिल्लो वर्गका मानिसहरूलाई यो अशोभनीय लाग्न सक्छ। भिक्खुहरूले समय अनुसार कसरी खाने भनी सिक्नुपर्छ।[15]

जो भिक्खुले परम्पराहरूको ख्याल राख्दैन, जो लोभी र फोहरी तरिकाले खान्छ, उसलाई दुक्कट हुन्छ। जो भिक्खु परम्परा अनुसार व्यवहार गर्न चाहन्छ तर बिना मनसायले, बिना सावधानीले, यी नियमहरू सम्बन्धी बिना ज्ञानले गलत ढंगले गर्नपुग्छ, अथवा जो बिरामि छ, उनीहरू सामान्य आपत्तिबाट मुक्त छन्।

**तेश्रो वर्ग-धर्मदेशनासम्बन्धी**

यसमा सोह्र वटा सिक्खापदहरू छन्। पहिलो एघारवटा सिक्खापदहरू व्यक्तिहरूको तरिकासँग सम्बन्धित हुन्, ती निम्नानुसार छन्:

---

[15] .यस सारांशमा रहेका मन्तव्यहरूले शहरका विहारहरूमा प्रचलित चलनहरूलाई जनाउँदछ, जंगलका विहारहरूमा भने मूल अभ्यासहरू जस्तो नै यस वर्गमा भएका शिक्षापदहरू अनुसार अझै पनि कडाइका साथमा पालना गरिन्छन्।
(अंग्रेजी अनुवादकहरू)।

Dhamma.Digital

**१. पहिलो सिक्खापदमा भनिएको छः**

बिरामि नभइकन हातमा छाता लिएर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**२. दोस्रो सिक्खापदमा भनिएको छः**

बिरामि नभइकन हातमा लट्ठी लिएर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**३. तेस्रो सिक्खापदमा भनिएको छः**

बिरामि नभइकन हातमा चक्कु लिएर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**४. चौथो सिक्खापदमा भनिएको छः**

बिरामि नभइकन हातमा हतियार लिएर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**५. पाँचौं सिक्खापदमा भनिएको छः**

बिरामि नभइकन (काष्ठमय) खडाउ लगाइबसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**६. छैठौं सिक्खापदमा भनिएको छः**

बिरामि नभइकन जुत्ता लगाएर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

Dhamma.Digital

**७. सातौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभइकन वाहनमा बसिरहेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**८. आठौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभइकन पलङमा बसिरहेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**९. नवौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभइकन घुँडा समातेर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**१०. दसौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभइकन टाउकोमा फेट्टा पहिरिएकोलाई धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**११. एघारौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभइकन आफ्नो सिर छोपेर बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

*'लट्ठी'* भनेको दुई मिटर जति लामो र हान्नकोलागी प्रयोग गरिने वस्तु हो। यो छडीसँग जोडा हुन्छ, जुन कि डेढफुट जति लामो हुन्छ, यो पनि हान्नकोलागी प्रयोग गरिने हो तर यहाँ यसको उल्लेख गरिएको छैन।*'चक्कु'* र *हतियार* एक जोडा

हो, त्यसमा फरक यस्तो छ, चक्कु भनेको धारिलो औजार हो र यसमा तलवारहरू र बंचरोहरू पनि समावेश छन्; जब कि हतियार भन्नाले 'केही फालिने अस्त्र हो, जस्तो कि तीरहरू वा गोलीहरू। 'हातमा चक्कु/हतियार लिएकोलाई' भन्ने कथनले यी उपकरणहरू उसका शरीरमा जोडिएक छन्, तर अट्ठकथाले चक्कुहरू र हतियारहरू शरीरमा जोडिएकोलाई, तिनलाई हातहरूमा नलिउन्जेलसम्म स्वीकृति दिएको छ। यो भनाइको मतलब यस्तो हुनसक्छ कि सैनिकहरू जो आफ्नो शरीरमा चक्कुहरू र हतियारहरू भिर्दछन्, त्यस्तै नागरिकहरू जसले चक्कुहरू भिरेका हुन्छन्, जस्तो कि क्रिस (एकथरीको खुकुरी) भिर्ने मलयाली र जाभालीहरू छन्, त्यो लड्न-भिड्न मन पराउनेहरूको चलनको प्रतीकको रूपमा यस्तो किसिमका हतियार भिरेका हुन्छन्। यसले उनीहरूको क्रोध नदेखाउने भएकोले अट्ठकथाको उदारता (छुट) यहाँ सही छ।

*'खराउ'* र 'जुत्ता' यस तरिकाले फरक छन्: काठको तलुवा भएको 'खराउ' मा एक तह मात्र हुन्छ जबकि 'जुत्ता' मा त्यस्तो तलुवा हुँदैन तर केही अरू प्रकारका जुत्ताहरू जुनकि भिक्खुद्वारा प्रयोग गर्न निषेध गरिएको छ यसलाई कहिलेकाहीं' काठको तलुवा भएको खराउ' पनि भनिन्छ। पुरातन समयमा छाता, काठका तलुवा भएको खराउ र जुत्तालाई अनादर देखाउने चीजहरूको रूपमा मानिन्थे, त्यसैले यो खुल्ला छाताले ओढेर र चप्पल लगाएर चैत्यको क्षेत्रबाट हिंड्न निषेध गरिएको छ। तर गृहस्थी समाजमा यो परम्परा बदलिएको छ र विनम्र

Dhamma.Digital

मानिसहरू अब शाही व्यक्तित्व सहितको सभामा प्रवेश गर्दा जुत्ता लगाउँछन्। जुत्ता नलगाउने व्यक्तिहरूलाई अन्य मानिसहरूद्वारा तिरस्कार गरिन्छन् र उनीहरूलाई कमसल मानिन्छन्। यस तथ्यलाई ध्यानमा राख्दै, जो आफ्नो शिष्टाचार वा सम्मान देखाउन जुत्ता लगाउँछन् उनीहरूलाई (धम्म सुन्न) अनुमति दिनु पर्छ, यसमा घरमा प्रयोग हुने जुत्ता (जस्तै चप्पल) बाहेक हो जो कि प्रयोग गरियो भने लगाउनेलाई समाजमा हेलाको दृष्टिले हेरिन्छ।

*'यान'*को अर्थ पालकी हुन सक्छ जुन कि बोकेर लगिने हो, वा तानिने यान जसमा एकजना मात्र यात्रु बस्न सक्छ। यदि यान उनीहरू सँगै बस्न सक्ने गरी पर्याप्त ठूलो छ भने भिक्खुले धम्म सिकाउन मिल्छ।

*'सिरमा बेर्ने कपडा'*को प्रयोग केही देशहरूमा र केही समुदायहरू जस्तै भारतीयहरू र बर्मीहरूका केही समुदायहरूमा लोकप्रिय छ। सायद यो परम्परालाई ध्यानमा राख्दै, अट्ठकथा आचरियले विशेष गरी पूरै सिरमा बेरिएका मानिसहरू र जसको सिरको शिखा देख्न सकिन्न, लाई (धम्म सिकाउनबाट) रोक लगाएका छन्। यसको मतलब यो हुनसक्छ कि यदि एक व्यक्तिले आफ्नो टाउकोलाई पूर्ण रूपमा बेरेको छैन उसलाई धम्म सिकाउन भिक्खुलाई अनुमति दिईन्छ। वर्तमानमा धेरै मानिसहरू शिरपोश (जस्तै टोपी र ह्याट) लगाउँछन्, जुनलाई शिरपोश कपडासँग तुलना गर्न सकिन्छ। यदि अपमानजनक तरिकाले टोपी लगाइराखियो भने, तब (धम्म सिकाउने काम)

Dhamma.Digital

गर्न सकिंदैन, तर यदि व्यक्तिले आफ्नो परम्परा वा चलन अनुसार लगाउँछ, जस्तो कि कार्यक्षेत्रमा सैनिकहरू लगाउँछन्, तब धम्म सिकाउन सकिन्छ भन्ने लाग्छ।

**१२. बाह्रौं सिक्खापदमा भनिएको छ:**

भुइँमा बसेर बिरामि नभएको आसनमा बसेकोलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**१३. तेह्रौं सिक्खापदमा भनिएको छ:**

होचो आसनमा बसेर उच्च आसनमा बस्ने बिरामि नभएको व्यक्तिलाई म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**१४. चौधौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभएको र बसिरहेको व्यक्तिलाई म उभिएर धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

**१५. पन्ध्रौं सिक्खापदमा भनिएको छ:**

बिरामि नभएको र अगाडि हिंडिरहेको व्यक्तिलाई पछाडि हिंडेर म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

Dhamma.Digital

**१६. सोह्रौं सिक्खापदमा भनिएको छः**

> बिरामि नभएको र बाटोमा हिंडीरहेकोलाई बाटोको छेउमा हिँडेर म धम्म सिकाउँदिन भनी सिक्नुपर्छ।

भिक्खुहरूकोलागी आसनबाट उठेर आफ्नो सम्मान देखाउनु एक चलन हो र यसैले बसिरहेकाहरूलाई (आफू उभेर) धम्म सिकाउनु निषेधित छ। यदि दुवै गुरु र शिष्य खडा छन् भने यो गर्न सकिन्छ। एउटै मुद्रामा, उच्च र होचो आसन, अगाडि र पछाडिको पनि पालना गर्नुपर्छ। एउटा होचो आसनमा बसेर उच्च आसनमा बसेकोलाई धम्म सिकाउनु निषेध गरिएको छ तर जब दुवैजना एउटै स्तरमा बस्छन् भने यो अनुमति छ। अगाडि/पछाडि हिंड्नेको मामिलामा, एकजना बाटोमा र अर्को यसको छेउमा हिंड्ने मामिलामा पनि कुरा एउटै हो।

पालिमा भएको 'बिरामि नभएको' वाक्यांश (यस वर्गको) प्रत्येक नियममा उल्लेख गरिएको छ। यसले सुझाव दिन्छ कि श्रोता बिरामि भएको अवस्थामा अपवाद (छुट) हुन्छ, जस्तो कि बसेको भिक्खुले ओछ्यानमा पल्टिएको बिरामि मानिसलाई धम्म सिकाउँछ, जसको अनुमति छ। तर केही वा धेरै जसो यी नियमहरूको सम्बन्ध बिरामि मानिससँग छैन, जस्तै मानिसहरू जसका हातमा लट्ठी, चक्कू वा हतियार छन्। यस्तो लाग्छ कि बिरामि नभएको भन्ने वाक्यांश पछि सम्मिलित गरिएको हो जब बिरामि मानिसलाई दिइने विशेष विशेषाधिकारलाई महत्त्व दिइयो। यदि संगायनको समयमा यो वाक्यांश सबै नियमहरूमा नथपिएको भए उनीहरू फरक हुन

सक्थे, तर यो सबैमा एकनासले थपियो यसले गर्दा नियमहरू कस्तो भयो त्यो हाम्रो अगाडि छ। मेरो रोजाइ अनुसार, यो वाक्यांश सम्मिलित नगरिएको भए अझ राम्रो हुने थियो। बिरामि मानिसलाई मात्र केही नियमहरूमा विशेषाधिकार दिनुपर्थ्यो र यी अपवादहरूलाई *अनापत्तिवार* (अपवाद जसकोलागी आपत्ति छैन) मा उल्लेख गर्नुपर्थ्यो। जब कि (पुराना आचरियहरू) ले मेरो रोजाइ अनुसारले व्याख्या गरेनन्, केही पनि स्पष्टिकरण दिन सकिएन, किनकि प्रत्येक नियमकोलागी विशेष अपवाद उल्लेख गरिसकिएको छ। यो बिग्रिएको जस्तो देखिन्छ। यसबाहेक, अगौरब देखाउनेहरूलाई धम्म सिकाउनबाट भिक्खुहरूलाई निषेध गर्नुमा यो धम्मप्रतिको सम्मानकोलागी गरिएको हो र अन्य सबै चीजहरूभन्दा माथि धम्मलाई सम्मान गरिन्छ। यो सम्भव छ कि यो मामिला भगवान शास्ता स्वयंद्वाराभन्दा पनि उहाँका शिष्यहरूद्वारा स्थापित गरिएको हो। यो एक बुँदा हो जो विनयविशेषज्ञहरूद्वारा थप अनुसन्धान गर्नुपर्छ। यस वर्गमा, दुक्कट आपत्ति सामान्य रूपमा त्यस्तो भिक्खुलाई लगाइन्छ जसले नियमहरूलाई वास्ता गर्दैन र उनीहरूलाई भंग गर्नमा लागी रहन्छ।

**चौथो वर्ग-विविध**

यसमा तीनवटा सिक्खापदहरू छन्। म उनीहरूलाई छोटकरीमा व्याख्या गर्दछु।

**१. पहिलो सिक्खापदमा भनिएको छ:**

म बिरामि नभएको अवस्थामा उभेर दिसा र पिसाब गर्दिनँ भनी सिक्नुपर्छ।

**२. दोस्रो सिक्खापदमा भनिएको छ:**

म बिरामि नभएको अवस्थामा हरियालीमा दिसा, पिसाब गर्ने र थुक्दिन भनी सिक्नुपर्छ।

**३. तेस्रो सिक्खापदमा भनिएको छ:**

म बिरामि नभएको अवस्थामा पानीमा दिसा, पिसाब गर्दिन र थुक्दिन भनी सिक्नुपर्छ।

भिक्खुहरूको चलन हो कि पिसाब गर्दा टुक्रुक्क बसेर गर्नुपर्छ ताकि खेतहरू वा बारीहरू जहाँ मानिसहरू बिरुवा हुर्काइरहेछन्, वा खाने र धुने पानी छ, फोहर नहोस्। घाँसे मैदान, अहिले जसलाई राम्रोसँग हेरचाह गरिन्छ, ती 'हरियाली' को अन्तर्गत सामेल छ। *भूतगाम* (बिरुवाहरू, पाचित्तिय ११ हेर्नुहोस्।) जो राम्रोसँग हेरचाह गरिएका होइनन् र मात्र आफैं उम्रेका हुन्, यस मामिलामा सामेल छैनन्। 'पानी' भन्नाले कुवाँ र पोखरीहरूमा भएका पानी जुन कि मानिसहरूले खनेका हुन्, अथवा प्राकृतिक जलाशयहरू जस्तै पोखरी वा तालहरू, वा बगीरहेका पानी जस्तै नहर वा नदीहरू। यी सबै मामिलाहरूमा यस्ता पानीमा आफ्ना फोहरहरू फाल्न निषेध गरिएको छ।

अपवादहरू छन्, प्रयोग अयोग्य पानी, जस्तै प्रदूषित पानी वा समुद्री पानी। बाढीको समयमा जब आफ्नो फोहर विसर्जनकोलागी सुक्खा जमिन उपलब्ध छैन, त्यसैले पानीमा त्यस्तो गर्न अनुमति छ। धेरै जसो साधारण मानिसहरू सोच्छन् कि बगिरहेको पानीमा फोहोर चीजहरू फाल्नाले कुनै हानि गर्दैन तर भिक्खुहरूले भने शुरुदेखि नै यो मानिआएका छन् कि यसो गर्नुले पानीलाई प्रदूषित गर्दछ, त्यसो हुनाले भिक्खुहरूलाई बगीरहेको पानीमा फोहर फाल्न मनाही गरिएका नियमहरू रहेका छन्। यो चलन साधारण मानिसहरूकोभन्दा बढी उत्तम छ तर यो कुरो थोरै (भिक्खुहरू) मात्रलाई थाहा छ। यस वर्गमा पनि दुक्कट आपत्ति दिईन्छ जो भिक्खुले यसलाई बेवास्ता गर्दछ र जानाजान यी नियमहरूलाई तोड्छ। तर सधैं जस्तो गरी यसमा पनि ( बिरामि भिक्खुकोलागी) अपवादहरू छन्।

*****

Dhamma.Digital

# अध्याय ९

## अधिकरण-समथ

यो शब्द सिक्खापद अथवा धम्मको नाम हो जसको अर्थ हो 'अधिकरणलाई शान्त गर्नु', यसमा सातवटा विषयहरू छन्। हामीले पहिले अधिकरणका प्रकारहरूका बारेमा जान्नुपर्छ।

उत्पन्न भएका विषयहरू जसलाई समाधान गर्नुपर्छ त्यसलाई *'अधिकरण'* (वा विनयगत प्रक्रियाहरू, मुद्दा) भनिन्छ। तिनलाई चार वर्गमा वर्गीकृत गरिएको छ: धम्म र विनयको सम्बन्धमा हुने विवादलाई *विवादाधिकरण* भनिन्छ र सही वा गलत हो भनी त्यसको निर्णय दिइन्छ। आपत्तिको आरोपलाई *अनुवादाधिकरण* भनिन्छ र यो सत्य हो कि असत्य हो भनेर निर्णय दिनुपर्छ। आपत्तिको आरोपलाई *आपत्ताधिकरण* भनिन्छ र यसबाट शुद्ध हुनुपर्छ, अर्थात्, आपत्तिबाट मुक्त हुनुपर्छ। संघद्वारा गर्नुपर्ने कर्तव्य, जस्तै उपसम्पदा दीक्षा दिनुलाई *किच्चाधिकरण* भनिन्छ र यो पूर्ण तरिकाले सिद्ध गर्नुपर्छ।

शुरुमा, धम्म र विनय स्मृतिद्वारा हस्तान्तरण गरिएको थियो र *मातिका* (मूलपाठ) बुझ्नकोलागी स्पष्टीकरण आवश्यक थियो (जसमा केवल शीर्षकहरू मात्र उद्धृत गरिएका थिए। यस प्रकार यसमा भिक्खुहरूका माझमा फरक बुझाइ हुने सम्भावना थियो र उनीहरूले धम्म-विनयको बारेमा बोल्दा विवाद शुरु भयो। ती दिनहरूको कुरा गर्नु जरूरी छैन, वर्तमान कालमा नै पनि वकीलहरूका बीचमा राष्ट्रिय कानूनको बारेमा

समझ फरक हुन्छ। यसरी *विवादाधिकरण* उत्पन्न भएको हो। जब यो उत्पन्न भइसक्छ, विशेषज्ञ भिक्खुहरूले निर्णय दिनुपर्छ कि यो सत्य वा असत्य के हो, ताकि यसले (भविष्यमा यस्ता मामिलाहरूका सम्बन्धमा) नजीर स्थापित होस्। यदि यस्तो गरिएन भने तब मतभेद झन-झन फराकिलो हुनेछ त्यसो भएमा मूल सिद्धान्तहरू रहने छैनन्। राजा अशोक महानको समयको एउटा उदाहरण छ। (संघलाई) नियन्त्रण गर्ने नियम र व्यवस्था रहेको कारणले नै धम्म र विनय यति लामो समयसम्म विकास भयो । यसलाई धागोसँग तुलना गर्न सकिन्छ, जसले फूलहरूलाई एकसाथमा जोडीराख्छ र ती फूलहरूलाई छरिनबाट रोक्छ। यदि खराब, अशिष्ट र निर्लज्ज भिक्खुहरू संघमा मिसिएमा उनीहरूले संघमा अपवित्रता उत्पन्न गर्नेछन् र जब आफूले यस्ता कुराहरू जान्दछन्, देख्दछन्, उनीहरूको खराब आचरणको उपचारकोलागी अथवा निर्लज्ज व्यक्तिहरूबाट संघलाई मुक्त गर्नकोलागी उनीहरूलाई व्यक्तिगत रूपले चेतावनी दिनु अथवा उनीहरूलाई संघको भेलामा दोषारोपण गर्नु असल आचरण भएका भिक्खुहरूको कर्तव्य हो। निर्लज्ज भिक्खुहरूले पनि अरू भिक्खुहरूमा दोषहरू देख्न सक्दछन्, उदाहरणकोलागी मेत्तिय भिक्खु तथा भुम्मजक भिक्खुले मेतिया भिक्खुनीलाई दब्बमल्लपुत्त भिक्खुलाई भगवानको समक्ष आरोप लगाउने सल्लाह दिए। यस प्रकार *अनुवादाधिकरण* उत्पन्न हुन्छ। जब यो उत्पन्न हुन्छ, तब विशेषज्ञ भिक्खुहरूद्वारा अनुसन्धान गरिनुपर्छ कि यो साँचो हो

Dhamma.Digital

वा हैन, र यसलाई धर्मानुसार गरिनुपर्छ। यदि धर्मानुसार छैन भने संघमा अविश्वास फैलिनेछ जसले विभेद र एकरूपताको अभाव निम्त्याउँछ। जब विनय-विशेषज्ञहरूद्वारा विवाद समाधान गरिन्छ, भिक्खुहरू सबै जनाले उहाँहरूको निर्णयलाई ध्यानमा राख्नुपर्छ र आफ्नो मत अनुसार आचरण गर्नहुँदैन किनभने उनीहरू प्रत्येक जना (सम्पूर्णको) सहमतिमा एकाइ हो। अन्यथा, विवाद समाधान गर्ने शक्ति हुँदैन।

फेरी, माथि भनिएको अनुसार राम्रो व्यवहार गरिरहेका भिक्खुहरू छन् पो र धम्म विनय लामो अवधिसम्म विकास हुन सक्यो, यसैले भगवानले उनीहरूको मार्गनिर्देशनको सिद्धान्तको रूपमा सिक्खापदहरू राख्नुभयो, जो भिक्खुले नियम तोड्छ उसलाई आपत्ति लगाइन्छ। यो हो *आपत्ताधिकरण* उत्पन्न हुने तरिका र जब यो उत्पन्न हुन्छ यसलाई संघको माध्यमले अथवा व्यक्तिद्वारा विधीपूर्वक समाधान गर्नुपर्छ। अन्यथा सिक्खापदहरूले कुनै नतिजा दिनेछैनन् र यद्यपि उनीहरू अस्तित्वमा छन्, तैपनि अस्तित्वमा नभएको जस्तो हुनजान्छन्। तसर्थ, प्रत्येक भिक्खुले आफूलाई आपत्ति हुँदा सुधार गर्न सहमत हुनुपर्दछ। फेरी, हाम्रा शास्ताले समूहको प्रशासनकार्य संघलाई हस्तान्तरण गर्ने निर्णय गर्नुभएको छ, व्यक्तिहरूलाई स्वतन्त्र हुने स्वीकृति छैन, त्यसैले उहाँले संघलाई सामुदायिक प्रशासनका कर्तव्यहरू पूरागर्न अनुमति दिनुभयो, जस्तै पहिलो अध्यायमा भनिएको उपसम्पदाकोलागी पुरुषहरूलाई ग्रहण गर्ने काम। यसरी *किच्चाधिकरण*

Dhamma.Digital

उत्पन्नहुन्छ। यो उत्पन्न हुनासाथ यसलाई पूरा गर्नैपर्छ, अन्यथा भएमा त्यो काम ठीकसँग सिद्ध हुनसक्दैन। भिक्खुहरू केही नगरिकन चुपचाप बस्न सक्दैनन्, अथवा केही गरेपनि उचित समयमा पूरा नहुने हुन्छ, यो पनि संघ बिग्रनुको कारण हो, त्यसैले प्रत्येक भिक्खुमा जिम्मेवारीको भावना हुनुपर्छ र सँगसँगै संघको कर्तव्य पूरा गर्नुपर्छ।

यी तथ्यहरूको कारणले गर्दा शास्ताले निम्नानुसार चारवटा *अधिकरण*हरूलाई समाधान गर्न नियमहरू बनाउनुभयो जसलाई अधिकरण-समथ भनिन्छ, यसमा निम्न सातवटा विषयहरू रहेकाछन्:

१. *सम्मुखाविनय* -सम्मुखमा गर्नुपर्ने विधीहरू, तात्पर्य यो हो कि वैधानिक प्रक्रियाको तरिका, जुन कि संघको उपस्थितिमा, व्यक्तिको उपस्थितिमा, वत्थुको उपस्थितिमा, र धम्म-विनयको उपस्थितिमा पूरा गर्नुपर्छ।

'संघको उपस्थितिमा' भनेको त्यहाँ भेला भएका भिक्खुहरू संघ बन्नकोलागी संख्या पूरा भएको हुनुपर्छ। 'व्यक्तिको उपस्थितिमा' भन्नुको अर्थ विषयसँग सम्बन्धित व्यक्तिहरू त्यहाँ उपस्थित भएको हुनुपर्छ। वत्थुको उपस्थितिमा भनेको निर्णयकोलागी त्यो विषय उठाईएको हुनुपर्छ। "धम्म-विनयको उपस्थितिमा" भन्नुको अर्थ हो कि धम्म र विनय अनुसार सही निर्णय गरिएको हुनुपर्छ।

२. *सतिविनय* -स्मृतिलाई मुख्य बुँदाको रूपमा स्थापित गर्ने प्रक्रिया, त्यो तरिका हो, अर्हन्तप्रति शीलभंग

गरेको भनी उसको बिरुद्धमा आरोप रहेको अवस्थामा संघले एक प्रस्ताव प्रस्तुत गर्दछ कि अर्हन्त व्यक्ति *अनुवादाधिकरण* समाधानकोलागी पूर्णरूपले स्मृतिसम्पन्न व्यक्ति हुनुहुन्छ।

३. *अमूल्हविनय*-पागलपनबाट मुक्त भएको भिक्खुसँग व्यवहार गरिने तरिका हो, जसमा संघले प्रस्ताव पेश गर्छ कि यो भिक्खु पागलपनबाट मुक्त भएको छ, जब ऊ पागल थियो उसलाई जुन सिक्खापदहरू भंग गरिएको आरोप लगाइएको थियो, (त्यसबाट मुक्त छ) उसको बारेमा *अनुवादाधिकरण*को माध्यमले समाधान गर्नुपर्छ।

यदि शब्द *(अमूल्ह)*मा नकारात्मक अर्थ दिने 'अ' अगाडि छैन भने यो मात्र *मूल्हविनय* हुनेछ, जसको अर्थ, पागललाई दिइने विधी, जसमा झन सटीक अर्थ छ।

४. *पटिञ्ञातकरण*-स्वीकार गरिएको अनुसार गर्नु, अर्थात् अभियुक्तले यथार्थमा जे आपत्ति गरेको स्वीकार गर्दछ उसलाई त्यही अनुसारको आपत्ति लगाउनु हो। अन्यलाई आपत्ति स्वीकार गर्न लगाउनुलाई 'पटिञ्ञा'(स्वीकार गर्नु) भनिन्छ र यो अनुच्छेदमा सामेल छ।

५. *येभुय्यसिका* -बहुमतको रायअनुसार निर्णय गरिनु। यो प्रक्रिया तब प्रयोग गरिन्छ जब भिक्खुहरूको राय फरक हुन्छ र बहुमतको राय लिनुपर्छ।

६. *तस्स-पापियसिका* -गल्ती गर्नेलाई दण्ड दिने कार्य। चूलवग्गको समथक्खन्धकमा बताइएको छ कि यो पहिलेको गल्तीमाथि बढी दण्ड थप्ने प्रक्रिया हो। यो गृहस्थीहरूकोलागी

जस्तै हो जसले धेरै पटक राज्यको कानून तोडेको छ, अनि उसलाई देशको कानून अनुसार थप सजाँय दिइन्छ। तर यो प्रक्रिया कम्मक्खन्धकमा वर्गीकृत हुनुपर्छ। म बुझ्छु कि यो हो, गल्ती गर्नेलाई सजाय दिनु, यद्यपि उसले आफ्नो गल्तीलाई सत्यतापूर्वक स्वीकार गर्दैन, तर गवाही छ कि ऊ दोषी हो जस्तो कि अनियत सिक्खापदहरूमा भनिएको छ।

७. *तिण-वत्थारक*-घाँसले छोप्नु, अर्थात् दुवै पक्षमा कसैलाई पनि विवादसम्बन्धी विषयलाई छानबीन नगरिकन सन्धिको तरिकाबाट विवाद मेलमिलाप गर्नु हो। यो प्रक्रिया मुश्किल तथा महत्त्वपूर्ण विषयहरूमा प्रयोग गर्नुपर्छ जसले सबै सम्बन्धित मानिसहरूलाई प्रभावित गर्दछ, जस्तो कि कोसम्बीका भिक्खुहरूको विषय आदि।

*सम्मुखाविनय*ले सबै प्रकारका *अधिकरण*हरूलाई समाधान गर्न सक्छ, *सतिविनय, अमूल्हविनय* र *तस्स-पापियसिका*ले मात्र *अनुवादाधिकरण*लाई समाधान गर्नसक्छ। यो भनिन्छ कि *पटिञ्ञातकरण* र *तिण-वित्थारक*ले *आपत्ताधिकरण*लाई मात्र समाधान गर्नसक्छ, तर मलाई लाग्छ कि उनीहरूले *अनुवादाधिकरण*लाई पनि समाधान गर्नसक्छन्। *येभुय्यसिका विवादाधिकरण*लाई समाधान गर्नकोलागी मात्र प्रयोग गरिन्छ।

यतिन्जेलसम्म व्याख्या गरिएका सिक्खापदहरू संख्यामा २२७ छन् र (चन्द्रमासको) प्रत्येक पक्षको उपोसथको दिनमा संघको भेलामा तिनको पाठ गर्नकोलागी बुद्ध

https://dhamma.digital

भगवानको अनुमति छ। सामूहिक रूपमा तिनलाई *पाटिमोक्ख* भनिन्छ। यदि यी सिक्खापदहरूमध्ये केहीको सन्दर्भ उल्लेख गर्नुपरेमा उनीहरूलाई पाटिमोक्खमा उल्लेख भएका 'सिक्खापदहरू भनिन्छन्। उनीहरूलाई विनयका सिद्धान्तहरूको रूपमा सुरक्षित राख्नु पर्छ। यदि समय र स्थानको कारणले उनीहरूको आचरण गर्नमा केही बाधा छ भने, उनीहरूलाई अप्रत्यक्षरूपमा कायम राख्नुपर्छ र पूर्णरूपले छोड्नहुन्न, अन्यथा (अनुशासनकोलागी) कुनै सिद्धान्त बाँकी रहनेछैन। अनुशासनको सिद्धान्त नभएको समुदाय लामो समयसम्म स्थीर रहन सक्दैन र यसैले म यस्तो भनी सल्लाह दिन्छु।

**(सातवटा सिक्खापदहरू र चार प्रकारका अधिकरणहरूको बीचको सम्बन्धको सारांश)**

| | |
|---|---|
| १. विवादाधिकरण (विवाद) | सतिविनय (२) |
| २.अनुवादाधिकरण (दोषारोपण) | अमूल्हविनय (२) |
| | पटिञ्ञातकरण (२, ३) |
| ३.आपत्ताधिकरण (दोषहरू) | येभुय्यसिका (१) |
| ४.किच्चाधिकरण (कर्तब्यहरू) | तस्स-पापियसिका (२) |
| | तिण-वत्थारक (२,३) |
| सम्मुखाविनय (१-४) | |

*****

Dhamma.Digital

# अध्याय १०

## मापनहरू

केही सिक्खापदहरूमा केही मापनको मापदण्डको सन्दर्भ उल्लेख छन्। ती सबैलाई एकसाथ मिलाएर विचार गर्दा लगभग ती सबै प्रकारका मापदण्डहरूसँग सम्बन्धित छन् र यसैले यहाँ मापनको व्याख्या गर्नु उचित छ। मापनको मापदण्डलाई *मात्रा* (इकाई) भनिन्छ। हाम्रो उद्देश्यकोलागी तिनीहरूलाई पाँच प्रकारमा वर्गीकृत गर्न सकिन्छ, अर्थात्-

१) समय मापन
२) रैखिक मापन
३) क्षमता मापन
४) तौल मापन
५) मुद्रा मापन
६) विशेष मापन

यी मापनका केहीको मापदण्ड ग्रंथहरूमा फरक-फरक ढंगले व्याख्या गरिएका छन् र जति अधिक ध्यान दिएर उनीहरूको व्याख्या गरिएका छन्, विसंगतिहरू झन अस्पष्ट भएका छन्। म यहाँ आवश्यक जति व्याख्या गर्नेछु।

### १. समय मापन

सूर्यको वरिपरि पृथ्वीले एक चक्कर लगाउने अवधिलाई समय मापनको मानकको रूपमा निर्धारित गरिन्छ। (विहान) आकाशमा हलुका रातो रंग देखिएको क्षणदेखि यो गणना गरिन्छ, जसलाई अरूणोदय भनिन्छ। यसको विश्लेषण विधी र संश्लेषण विधी छ। म यसको पछिल्लो विधी व्याख्या गर्नेछु, जुन कि चन्द्रमाको मार्गद्वारा निर्धारित हुन्छः

| | |
|---|---|
| १५ वा कहिलेकाहीं १४ दिन | =१ पक्ष |
| २ पक्ष | =१ मास (महिना) |
| ४ मास | =१ ऋतु |
| ३ ऋतु | =१ वर्ष |

यसको व्याख्या यस प्रकार बुझ्नुपर्छः चन्द्रमाले पृथ्वीको १ पटक परिक्रमा २९,१/२ दिनमा गर्दछ। यदि हामीले २९ दिनलाई एक महिना मानेमा धेरै कम्ति पर्छ र ३० दिनलाई एक महिना मानेमा यसमा धेरै बढी हुन्छ। त्यसो भएकोले हामीले २९ दिन भएको एक महिना र ३० दिन भएको एक महिना एकसाथ लिएर ५९ दिनलाई दुई महिनाको रूपमा गणना गर्नुपर्छ, किनकि एक पक्षमा कहिले १५ र कहिले १४ दिन हुन्छ। चन्द्रमाको एक चक्करको अवधिमा, जब यो टाढा टाढा जान्छ, यो उज्यालो हुन्छ यतिसम्म कि हामी पूर्ण चन्द्रमाको उज्यालो देख्छौं, जसलाई *पुण्णमी* भनिन्छ। जुन दिनमा चन्द्रमा पूरा देखिन्छ त्यस दिनलाई पूर्णिमा भनिन्छ। जुन पक्षमा चन्द्रमा सूर्यबाट धेरै टाढा पुग्छ त्यस अवधिलाई *सुक्कपक्ख* (*शुक्लपक्ष)* भनिन्छ। पूर्णिमा पछि, चन्द्रमा बिस्तारै सूर्यको नजिक जान्छ र चन्द्रमाको उज्यालो कम हुँदै जान्छ अन्ततः यो देख्न नसकिने बन्छ। यसलाई औंसी भनिन्छ। जुन दिनमा चन्द्रमा नयाँ हुन्छ त्यसलाई औंसी भनिन्छ जसको अर्थ त्यस्तो चान्द्रदिन हो जुन समयमा सूर्य र चन्द्र सँगै बस्छन्, वा औंसीको दिन भनिन्छ। जजसरी चन्द्रमा सूर्यको नजिक जान्छ

Dhamma.Digital

त्यो पक्षलाई *कालपक्ख* (कृष्णपक्ष) भनिन्छ, घट्दो चन्द्रमा। यी दुईवटा पक्षहरू मिलेर एक महिना बनाउँछ।

महिनाहरूको नाम स्थीर ताराहरूको नाम अनुसार राखिएको हो, जुन कि चन्द्रमाको गतिद्वारा निर्धारित गरिएको हुन्छ, जहाँ पूर्णिमाको मध्यरातमा चन्द्रमा पुग्छ, त्यो निम्नानुसार छ:

मागसिरमास-पहिलो महिना (अनुमानित नवम्बर-डिसम्बर), मङ्सिर

पुस्समास[16]-दोस्रो महिना (डिसम्बर-जनवरी), पूस

माघमास-तेस्रो महिना (जनवरी-फरवरी), माघ

फग्गुनमास-चौथो महिना (फरवरी-मार्च), फागुन

चित्तमास-पाँचौं महिना (मार्च-अप्रिल), चैत

वेसाखमास-छैठौं महिना (अप्रिल-मइ), बैशाख

जेट्ठमास-सातौं महिना (मई-जून), जेठ

आसाल्हमास-आठौं महिना (जून-जुलाई), असार

सावनमास- नवौं महिना (जुलाई-अगस्ट), सावन

भद्दपदमास- दसौं महिना (अगस्त-सितम्बर), भाद्र

---

[16]यी चन्द्रमासका नामहरू (थाइलैंडमा) देशना दिनुभन्दा पहिले तिथिमिति बताउँदा भिक्खुद्वारा प्रयोग गरिन्छन्। (पूस महिनालाई जनवरीको बराबरको रूपमा प्रयोग गरिन्छ (र यस्तै अरू पनि क्रमशः) हुन्।) अंग्रेजी अनुवादकहरु।

Dhamma.Digital

अस्सयुजमासवा पठम कत्तिकमास-एघारौं महिना (सितम्बर-अक्टूबर), आश्वीन
कत्तिकमास-बाह्रौं महिना (अक्टूबर-नवम्बर), कार्तिक

पालिमा भनिएको छैन कि कुन महिनामा ३० दिन हुन्छ र कुन महिनामा २९ दिन, र कुन पक्षमा टूटको दिन छ (जुनमा मात्र चौध दिन हुन्छ)। अट्ठकथाको समयमा वर्ष छ महिनाका दुई अवधिमा विभाजित गरिएको थियो जस मध्ये एक अवधिमा ३० दिनका महिनाहरू र अर्कोमा मात्र २९ दिनका छन् तर यो स्पष्ट छैन कि यसले आलोपालो महिना (वैकल्पिक महिनाहरू) लाई तय गर्दछ (जस्तो कि सियाममा प्रयोग गरिन्छ ३० र २९ दिन को गरी)। चिनियाँ गणनामा दिन टूट भएको महिना र पूरा महिना पनि छन् तर ती आलोपालोको रूपमा पक्का गरिएका छैनन्। जे होस् (यो व्यवस्था गरिएको छ कि), एक वर्षमा टूट दिनहरू भएका महिनाहरू मात्र छ वटा छन्।

बुद्धकालमा, वा जब पालि लेखिएको थियो, चान्द्रमासको कृष्णपक्ष महिनाको शुरुमा आउँथ्यो र त्यसपछि अन्तमा शुक्लपक्ष र यो (गणना) को चलन बु. स. १२०० सालसम्म चल्यो भनी भारतमा तीर्थयात्रामा आएका भिक्खु ह्वेनसाङको पुस्तकमा उल्लिखित छ। होरशास्त्र विकास भएपछि यसलाई बदलेर शुक्लपक्षलाई पहिले गन्ने चलन चलेको जस्तो लाग्छ। सियाम देश (थाइलैंड) मा महिनाको शुरुमा शुक्लपक्ष छ, त्यसैले यसमा समय पालि गणना भन्दा एक पक्ष ढिलो गणना गरिन्छ। उदाहरणकोलागी, शुक्लपक्ष सियाममा पहिलो

Dhamma.Digital

चान्द्रमास, मङ्सिर महिनाको दोस्रो आधा महिना हुन्छ। पाठकले देख्नेछन् कि टूट भएको दिन महिनाको उत्तरार्धमा हुनुपर्छ तर यो पालिमा व्याख्या गरिएको छ कि पवारणा दिवस पक्षको चौधौं वा पन्ध्रौं दिनमा आउँछ। सियाममा जस्तो टूट दिन भएको महिना, र एक पूर्ण महिना आलोपालो गरी व्यवस्था गरेमा यो पहिलेको (वा मूल) मा चौधौं दिनमा र पछिको गणनामा पन्ध्रौं दिनमा मात्र पर्दछ। सम्भवतः, पक्षगणना गर्ने अरू तरिका रहेको छ, जस्तै जब पूर्णदिन भएको महिना र टूटदिन भएको महिनालाई आलोपालो गरी व्यवस्था गरिएको छैन, वा मानिसले जब पवारणा दिवस याद गर्छ, त्यसलाई पनि एकपक्ष अगावै पारिदिन्छ, त्यो भनेको एघारौं महिनाको कृष्णपक्षमा पारिदिन्छ, जस्तो कि थाइलैंडमा चलन छ। अनि त पवारणा दिवस चतुर्दशीमा पर्दछ।

*तीनवटा ऋतुहरूको नामाकरण*

१. हेमन्त-ऋतु-जाडो ऋतु। मङ्सिर महिनादेखि शुरु हुन्छ, (बाह्रौं महिनाको कृष्णपक्षको प्रतिपदादेखि)

२. गिम्ह-ऋतु-गर्मी ऋतु। यो चैत्र महिनादेखी शुरु हुन्छ, [चान्द्रमासको चौथो महिनाको कृष्णपक्षको प्रतिपदादेखि।]

३. वस्सान-ऋतु-वर्षा ऋतु। सावन महिनाबाट शुरु (आठौं चान्द्रमासको कृष्णपक्षको पहिलो दिनबाट)।

नयाँ वर्ष, जाडो ऋतुको शुरुवात, मंगसिर महिनाबाट शुरु हुन्छ। यहाँ वर्षलाई सम्बत अनुसार गणना गरिएको छैन

Dhamma.Digital

तर मात्र वर्षालाई हेरेर गरिएको छ, उदाहरणकोलागी, प्रत्येक भिक्खुले आफ्नो उपसम्पदापछि बितेको 'वर्षा' (=वा वर्षावास) को संख्या गणना गरेर (भिक्खु भएको आयु) बताउँछ।

चन्द्रमाको गति अनुसार मात्र समय गणना गर्नु असम्भव छ, किनकि प्राकृतिक घटनाहरू जस्तोकि बहुवृष्टि, अल्पवृष्टि, वृक्षहरूमा फल लाग्नु (स्पष्टरूपले) सूर्यको गतिमा निर्भर गर्दछन्। यदि सधैं चन्द्रमाको गतिमा भर परे भने, तब यी घटनाहरू सही ऋतुमा पर्ने छैनन्। यस कारणले चन्द्रमाको गतिको गणना सौर गतिमा आधारित गर्नुपर्छ। चन्द्रमाको बाह्र पटक परिक्रमालाई एक वर्ष अर्थात् बाह्र महिना वा ३५४ दिनको रूपमा गणना गरिन्छ। सूर्यको बारेमा पृथ्वीद्वारा एक परिक्रमा, तथापि, यो पनि ३६५ दिन र छ घण्टा भन्दा बढीको एक वर्षको रूपमा गणना गरिन्छ। यसमा ११ दिन भन्दाबढि फरक छ जसले प्रत्येक तीन वर्षमा यो एक महिनाभन्दा बढी सम्म जोडिन्छ। यी दुई तिथिपत्रहरूको बीचमा व्यापक अन्तर हुनबाट रोक्नकोलागी तेस्रो वा दोस्रो वर्षमा एक चान्द्रमास जोड्नु आवश्यक छ, जसले गर्दा (चान्द्र अधिवर्षमा) १३ महिना बन्दछ। यो थपिएको महिनालाई *अधिकमास* भनिन्छ। १९ वर्षको एक चक्रमा *अधिकमास* ७ पटक बनाइन्छ। यो प्रणाली भगवान बुद्धको समयमा पनि थियो जसले संकेत गर्दछ कि उहाँले वर्षावास प्रवेशको दिन राजगृह (मगधको राजधानी) मा प्रयोग गरिएको परम्परा अनुसार एक महिना पछाडि गर्ने स्वीकृति दिनुभएको थियो। (त्यस समयमा), महिनाहरूमा

*अधिकमास* जोड्ने परम्परा चीनमा जस्तो नै शेष चान्द्रदिनहरू एक महिना पूरा भएको बेलामा गरिन्थ्यो-अथवा थाइ परम्परामा जस्तो नै सधैं ग्रीष्म ऋतुको अन्त्यमा थपिन्थ्यो- यो कुरा थाहा पाइएको छैन। मात्र यो सिक्खापदसँग जोडिएको समयको माप सम्बन्धी (बताइएको) छ।

**२. रैखिक-मापन**

यो रैखिक मापनले हामीलाई दूरी बुझ्न मदत गर्दछ: टाढा र नजिक, उच्च र होचो, लामो र छोटो, चौडो र सांघुरो। यस्तो मानिन्छ कि पहिले औंलाहरूलाई मानकको रूपमा प्रयोग गरिएको थियो तर त्यसको (सानो) अंशकोलागी विभिन्न अंगहरूको उपयोग गर्न सकिंदैन र त्यसैले त्यसको सट्टामा चामल-दाना प्रयोग गरिन्थ्यो। तर सम्पूर्ण एकाइहरूकोलागी अंगहरू यस तरिकाले प्रयोग गरिएको थियो:

७ वटा चामलका दानहरू=१ अंगुल चौडाई (सिकर्मीका अंगुलहरू)
१२ अंगुल=१ बित्ता (१०"वा २५ सेमि.)।
२ बित्ता=१ हात (१'८" वा५० सेमि.)।
४ हात=१ वाह (थाइ माप) (२.१८८ गज वा २ मिटर)।
२५ वाह=१ उसभ (५४.७ गज, ५० मिटर)।
८० उसभ=१ गाउत (२.४८ मील, ४ किमि.)।
४ गाउत=१ योजन (९.९२ मील, १६ किमि.)।

यो मापन यो (थाइ) देशमा प्रयोग गरिनेसँग एकरूपता छ र बुद्धसम्बत १२०० पछि चिनियाँ भिक्खु ह्वेनसाङ भारतमा

Dhamma.Digital

यात्रामा गएको बेलामा जम्बुद्वीपमा प्रयोग गरीनेसँग पनि समान छ। अभिधानप्पदीपिका ग्रन्थमा चामल दानालाई *धञ्ञमास* भनिन्छ, ह्वेनसाङको लिखितमा भने त्यसलाई *यव* भनिन्छ। थाई भाषीहरूले *यव* लाई 'चाम्रो चामल' को रूपमा अनुवाद गर्ने गर्थे, त्यसैले म चाम्रो चामलको धानलाई सिकर्मीको अंगुलहरूको (नापसँग) तुलना गरेर राखेको छु। कालो चाम्रो धानका दानाहरू लामा हुन्छन्, र जम्मा ६ वटा धान बराबर सिकर्मीको एक अंगुल बराबर हुन्छ। सेतो चाम्रो धानका सात दाना सिकर्मीको एक अंगुलको बिल्कुल बराबर छन्। तर अंगुलको मापलाई विभाजन गर्नकोलागी यसलाई ८ भागमा विभाजित गर्नु अधिक सुविधाजनक छ।

यस प्रकार एक अंगुललाई चार भागमा विभाजित गरिन्छ, र (थाई मा) 'कबियत्' भनिन्छ। एक 'कबियत'लाई दुईभागमा विभाजित गरिन्छ र त्यसलाई 'अनुकबियत' भनिन्छ। यस कारणले एक अंगुल बराबर आठवटा चामल दानाहरू प्रयोग गरिनु राम्रो हुन्छ, जस्तो कि हामी थाइलैंडमा प्रयोग गर्छौं। धानका दानाहरूद्वारा एक हातसम्मको रैखिक मापन विधी अभिधानप्पदीपिकामा उल्लेख पाइन्छ, जबकि यो हातदेखि योजनसम्मको उल्लेख *संख्यापकासक*मा पाइन्छ, र यी दुवै नापविधी सम्बन्धी कुराहरू पुब्बसिक्खावण्णनामा व्याख्या गरिएका छन्।

रैखिक मापनहरूसँग सम्बन्धित सिक्खापदमा, छोटो दूरी हातको बित्ताद्वारा मापन गरिन्छ, जसरी (वर्तमानमा) ती

Dhamma.Digital

दूरीहरू फुट र इन्चद्वारा मापन गरिन्छ, र यो विधी*सुगतपमान*को रूपमा जानिन्छ। योजनसम्मको लामो दूरी सुगतपमान अनुसार मापन गर्न भनिएको छैन। यो बुँदालाई तल थप छलफल गरिनेछ।

*अर्को विधी*

४ हात=१ धनुष (धनु) (६' ८")

५०० धनुष=१ कोस (१/२ माईल भन्दा बढी)।

४ कोस=१ गाउत

४ गाउत=१ योजन (१०.१ माइल)।

यो विधी *संख्यापकासक* पुस्तकमा पाइएको छ जुन कि केही सिक्खापदमा उल्लेख गरिएको वन-निवासको दूरी मापन गर्नकोलागी प्रयोग गरिएको छ।

**३. क्षमता मापन**

यसको प्रणाली रैखिक मापनबाट उत्पन्न भएको हो। रैखिक माप लम्बाई र चौडाइ नाप्नकोलागी प्रयोग गरिन्छ जबकि क्षमतामापनमा उँचाई नाप्न पनि प्रयोग गरिन्छ। यो मापन तरल पदार्थ वा अन्न जस्ता चीजहरू नाप्नकोलागी प्रयोग गरिन्छ। मान्नुपर्छ कि यसमा पहिले नरिवलका बटुकाहरू प्रयोग गरिएको थियो। सानो अंशहरूकोलागी मुट्ठी भर वा मुट्ठी मानक थियो, जस्तै हामी तल देख्छौं:

४ मुट्ठी=१ पसर (कुधव) २ कुधव=१ पत्थ (अंजुली)

Dhamma.Digital

२ पत्थ=१ नाली ४ नाली=१ आलहक

यो मापन झन अनिश्चित छ, किनकि विशेष गरी *पत्थ* र नाली शब्दहरू बुझ्न गाह्रो छ। सबै शास्त्रहरूमा तिनलाई बराबर मानिन्छ, तर विभंगमा यो एउटा *पत्त* (पात्र) मा अट्नेजति हो भनिएको छ: एउटा सानो पात्रमा एक *पत्थ* चामलको भात अट्छ; मध्यम आकारको पात्रमा एक *नाली* चामलको भात अट्छ; जबकि एक ठूलो पात्रमा आधा *आलहक* चामलको भात अट्छ। यसको मतलब यसका राशी प्रत्येक पात्रमा क्रमशः दोब्बर अट्छ। यस कथन अनुसार, *पत्थ* र *नाली* फरक हुनुपर्छ। यसैले, *अभिधानप्पदीपिका*मा यो भनिएको छ कि चार कुधव (कुरूवा?) एक पत्थ (पाथी?) बराबर हुन्छन् तर म ४ कुधवलाई १ नाली बराबर मान्छु। एक नाली वा दुई *कुधव* बराबर एक *पत्थ* हो। यस तरिकाले, यी मापनहरूलाई सही रूपले राख्न सकिन्छ।

क्षमता मापन एक *आलहक*भन्दा बढीको उल्लेख पालिमा पाइन्छ तर मात्र माथि उल्लिखित शब्दहरू विनयमा प्रयोग गरिन्छन्।

### ४. तौल मापन

क्षमता मापन परिमाणद्वारा मात्र जानिन्छ, उदाहरणकोलागी चामल र बालुवाको एक तनान (लगभग एकचौथाइ ग्यालन) दुवैको राशी बराबर नै हुन्छन्, तर त्यसको तौलको माध्यमले मापन गर्दा तराजूमा जोख्नु पर्छ। मापनको यो

प्रकार *फरक* आकार (घनत्व?) का वस्तुहरूको तौल थाहा पाउनकोलागी प्रयोग गरिन्छ, जस्तो कि विभिन्न धातुहरू। वर्तमानमा, अन्य सामानहरू पनि तौलिन्छन्। यो मान्यता छ कि तौलको मानक मासकमा आधारित छ, अर्थात् सिमीको दाना वा इमलीका बीउ (मुलेठीको बिउ?)। साना अंशहरूकोलागी कुञ्जाका दानाहरू र धानका दानाहरू प्रयोग गरिन्थ्यो होला।

सुन तथा चाँदी बाहेक अन्य वस्तुहरूको तौल माप यस प्रकार छ:

| | |
|---|---|
| ४ दाना चामल=१ कुञ्जा | २ कुञ्जा=१ मासक |
| ५ मासक=२ अक्ख | ८ अक्ख=१ धरण |
| १० धरण=१ पल | १०० पल=१ तुला |
| २० तुला=१ भार | |

सुन र चाँदी (मुद्रा बाहेक) जोख्ने उपाय निम्नानुसार छ:

| | |
|---|---|
| ४ दाना चामल=१ कुञ्जा | २ कुञ्जा=१ मासक |
| ५ मासक=२ अक्ख | ८ अक्ख=१ धरण |
| ५ धरण=१ सुवण्ण | ५ सुवण्ण=१ निक्ख |

यो बुझिन्छ कि सुन र चाँदी जो एक डल्लो बनाइएको छ त्यसलाई एक *निक्ख*द्वारा तौल निर्धारित गरिन्छ, र यसले कहिले काहिं भ्रम सिर्जना गर्छ किनकि *'निक्ख'* भनेको एक तौल मापन (ढक) हुन्छ, तर कहिले काहिं एक डल्लो हुन्छ।

Dhamma.Digital

यो मापन अरूजस्तो जटिल छैन तर हामीले जान्नुपर्छ कि सामान्यतः चीजहरूको वजन मापन तरिका सुनचाँदीको वजन मापनबाट भिन्न छ। तर किन आचरियहरूले '५ मासक=२ अक्ख' बराबर हो भनी फरक पर्नेगरी बुझेका होलान्? हामीले पालिको व्याख्यात्मक श्लोकलाई अस्पष्ट छ भनी दोष दिन सक्दैनौंतर उनीहरू आफैंले फरक पारेर बुझेका हुन्। मेरो समझ संख्यापकासक पुस्तक लेखक आचरियहरूसँग सहमत छ।

### ५. मुद्राका मानकहरू

यो तरिका मानक इकाइको रूपमा कहापण प्रयोग गरी वस्तुहरूको मूल्य मापन गर्नकोलागी हो। यसमा कहापणभन्दा सानो इकाइहरूको उल्लेख पाइन्छ, तर योभन्दा ठूला उल्लेख छैनन्। यी निम्नानुसार छन्:

५ मासक=१ पाद

४ पाद=१ कहापण

उनीहरूको व्याख्या यसरी बुझ्नुपर्छः कहापण धेरै प्रकारका छन् तर *अदिन्नादान सिक्खापद* बनाइएको बेलामा राजगृहमा प्रयोग हुने कहापण एक थरी थियो, जसलाई *नील-कहापण* भनिन्थ्यो। धेरै पुस्तकहरूमा भनिएका छन् कि यसमा सुनको ५ मासक, चाँदीको ५ मासक, र तामाको १० मासक सामेल थियो। कसैले भनेका छन् कि यसमा फलामको एक चामलको दानाजति थपिएको थियो तर अरूले यस बारेमा केही लेखेका छैनन्। यी धातुहरू मिश्रित थिए, निश्चित आकारमा

बनाइएका र मुहरको छापयुक्त थिए। जब हामी यस अनुसार विचार गर्छौं, नील कहापणको मूल पदार्थ नक ( (सुन र तामा मिश्रित धातु) हो र (एक कहापण) यसको तौल एक धरण हो (हेर्नुहोस्, तौल)। यस मापनमा मासक तौल मापनको मासक जस्तो छैन, नाम मात्र पछिल्लोबाट लिईएको हो। विभंगमा यो भनिएको छ कि मासक फलाम, काठ, वा लाहा (लाख) बाट बनेको हुनसक्छ तर यो स्पष्ट रूपबाट पाद केबाट बनाइएको थियो भन्ने बारेमा भनिएको छैन, चाहे त्यो कहापण जस्तै नकबाट बनेको थियो, वा अन्य सामाग्रीहरूको बनेको, वा सायद मात्र कहापण र मासकका मूलधातु सामाग्रीहरू (दिइएका) छन्, तर पादको दिइएको छैन, जुन अझैसम्म ज्ञात छैन। यदि कहापण शुद्ध सुनबाट बनेको थियो भने, यसको मूल्य सम्भवतः यसको वजनसँग तुलना गर्न सकिन्छ तर कहापण यहाँ 'नक' बाट बनेको छ, त्यसैले जब आचरियहरू यसलाई सुन मापनसँग तुलना गर्छन्, उनीहरूले आधा गरेर यसको मूल्य घटाउँछन्, भन्छन्-

१ पाद=धानका २० वटा दाना बराबर सुनको वजन हो।

यस अनुसार, यी ४ वटा धानका दाना एक मासक बराबर हुनेछ। यसले हामीलाई यो अनुमान लगाउन दिन्छ कि जब ती धर्मग्रन्थहरू लेखिएका थिए, सुनको मूल्य 'नक' को दोब्बर थियो।

Dhamma.Digital

तर म यस कुरामा निश्चित छुइनँ कि नील-कहापण 'नक'बाट बनेको थियो किनकि अझैसम्म थाहा छैन कि प्राचीन वा आधुनिक देश कहीं-कतै 'नक' पैसाको रूपमा प्रयोग गरिएको छ। यस उद्देश्यकोलागी केवल शुद्ध सुन र चाँदी प्रयोग गरिएका छन्। त्यसो हुनाले आचरियहरूले सल्लाह दिए कि हामीले कहापणलाई सुनको मूल्यसँग तुलना गर्नुपर्छ यो एक चतुर तरिका हो।[17] यदि हामीले बुझौं कि नील-कहापण १० मासक तौल भएको शुद्ध सुन हो जुनलाई ८० वटा धानको दानाको वजनमा विभाजित गर्न सकिन्छ, जबकि यसको कुल तौल आधा धरण बराबर हो, तब यो कथन सुसंगत छ। तर चाँदी र तामा मिसाउनाले जब तौल दोब्बर हुन्छ, र मूल्य कम हुन्छ, यस्तो के उद्देश्यकोलागी गर्ने हो?

यी मापनहरू यद्यपि प्राकृतिक वस्तुहरूद्वारा निर्धारित गरिन्छ, जस्तै शरीरका अंगहरू र बीउहरू, तिनमा काफी भिन्नता छन्। उदाहरणकोलागी एक देशका मानिसहरू नै अन्य देशकाहरूसँग शारीरिक मापनमा फरक छन् भने दानाहरूको के कुरा गर्नु! तसर्थ, बिभिन्न देशका शासकहरूले मापनकोलागी मापदण्ड जारी गर्नुपर्थ्यो ताकि विवादको स्थितिमा जनताहरूद्वारा पालन गरिनेछ। यस प्रकारको

---

[17]यो पंक्ति लेख्दासम्म पनि सामान्यतया सुनको मानक अझै एकनास थियो। (अंग्रेजी अनुवादक)।

Dhamma.Digital

मानकलाई 'राजकीय नाप' भनिन्छ- जस्तै सामान्यतया 'राजकीय वाह' (लगभग २ गज), 'शाही तनान' (लगभग १ क्वार्ट, ग्यालनको एकचौथाइ) वा शीलबंद तनान। यदि एक व्यक्ति एक विशेष देशमा बस्छभने उसले त्यो देशमा स्थापित राजकीय मापदण्डहरूको पालन गर्नुपर्छ।

**विशेष मापन**

(सुगतको बित्ता आदि सम्बन्धी)

सिक्खापदहरूमा रैखिक नापको सन्दर्भ उल्लेख गरिएको अवस्थामा, छोटो रैखिक नापहरूकोलागी सुगतपरिमाणद्वारा नापिन्छन्, जस्तै सुगत-बित्ता वा सुगतका अंगुलहरू। सुगतपरिमाण बुझ्नकोलागी बाटो खोज्न मैले सक्दो कोसिस गरेको छु। के यो फुटको इन्च, वा सिकर्मीको इन्च जस्तो विशेष मानक थियो? जे होस् शब्द 'सुगत' शास्ताको एक नाम थियो, अझैसम्म यो शब्द भगवानद्वारा आफैलाई उल्लेख गरेर बोलिएको भनिएको पनि होइन, न त यो शब्द उहाँका श्रावकहरूद्वारा भगवानको सन्दर्भमा प्रयोग गरिएको थियो। जे होस्, मेरो प्रयास व्यर्थ भएको छ किनभने पाटिमोक्खमा एक वाक्यांश "*इदं सुगतस्स सुगतचीवरप्पमाणं*", अर्थ हो, "यो सुगतको चीवरको सुगतको नाप हो" पाउँछौं। यसको मतलब शास्ताले बाहेक अरूले बुझ्न सक्दैन। जब यसलाई यसरी व्यवहार गरियो, सम्भवतः शास्ताले छोटो मापनकोलागी मानकको रूपमा आफ्ना औंलाहरूको उपयोग गरिरहनुभएको

थियो, किनभने जब एक योजनको उल्लेख गरिन्छ तब सुगत योजन भन्ने शब्दको उल्लेख कहिले पनि प्रयोग गरिएको छैन। यस्तो लाग्छ कि यो सुगत नापको तरिका अस्थाइ रूपले अव्यवस्थितरूपले प्रयोगकोलागी निर्धारित गरिएको थियो तर जब सिक्खापद लामो अवधिसम्म चलिआयो, त्यो नाप बुझ्न गाह्रो भयो।

अट्ठकथा-आचरियले 'सुगत पमाण' शब्दमा *सञ्ञाचिका* सिक्खापद (संघादिसेस ५) को अट्ठकथामा टिप्पणी गरेका छन्, भनेका छन् कि सुगतको हातको बित्ता भन्ने अर्थ हो। जुन कि त्यस समयका मध्यम आकारका मानिसहरूको तीन बित्ता बराबर हो, फलस्वरूप, सिकर्मीको एक हात र एक बित्ता लम्बाई बराबर हो। यो कथनलाई मनमा राखेर, र *महापुरिसलक्खण* (महान मानिसको लक्षणहरू) को अनुसार, शास्ताको उँचाई उहाँको आफ्नै वाह बराबर थियो (औंलाको टुप्पोदेखि लिएर भुजासम्म, हात जति लामो) अर्थात् सिकर्मीको १२ हात लामो। त्यसैले भगवान साधारण मानिसहरूभन्दा तीन गुणा अग्ला हुनुहुन्थ्यो! सिक्खापदमा आएको सुगतपरिमाण त्यसैले सिकर्मीको परिमाण (नाप) को तीन गुना हुनुपर्छ। यस तरिकाले हरेक चीजलाई नाप्दा सबै धेरै ठूला बन्नेछन्। (स्वर्गीय संघराज) समतेच बरमहासमण चाउ क्रमबरया पवरेश्वरियालंकरण, जो मेरा उपज्झाय हुनुहुन्थ्यो, बाहेक कसैले यो सोचेको छ भनी मैले योभन्दा पहिले कहिल्यै सुनेको छैन। उहाँले निष्कर्ष निकाल्नुभयो कि भगवान त्यस समयका अन्य

मानिसहरूभन्दा धेरै ठूला हुनुहुन्नथ्यो। उहाँले आफ्नो निष्कर्षको समर्थनमा केही कथाहरूको उल्लेख गर्नुभएको छ। म पनि उदाहरणको रूपमा केही कथाहरू प्रस्तुत गर्दछु।

१. भगवानका सौतेनी भाइ, भिक्खु नन्द, भगवान जस्तै सुन्दर थिए तर उनी चार इन्च होचा थिए। जे होस्, उनले एउटै आकारको सुगतचीवर लगाउँथे।

. भगवानले भिक्खु महाकाश्यपसँग आफ्नो संघाटि साटफेर गर्नुभयो।

३. अजातसत्तु राजा एक रात भगवानको दर्शन गर्न गए। भगवान भिक्खुसंघको समूहद्वारा घेरिएर बस्नुभएको थियो र राजाले उहाँलाई चिनेनन्, त्यसैले उनले जीवक कोमारभच्च बैद्यसँग सोध्नु परेको थियो।

४. युवा पुक्कुसाति भगवानप्रतिको भक्तिबाट गृहत्याग गरेर प्रब्रजित भएका थिए, कुमालेको कार्यशालामा भेटे र उहाँलाई चिनेनन्, उनले सोचे कि कुनै एक मामुली भिक्खु होलान्।

यस मामिलामा दिवंगत भिक्खुवर समतेच-बर-महा-समण-चाउको निष्कर्षलाई कुनै विद्वानले पनि विरोध गर्न सकेका छैनन्। जब हामी सहमतिमा आउँछौं कि भगवान त्यस्ता ठूला (जिउका) हुनुहुन्नथ्यो, सुगतपरिमाण पनि छोटो नै हुनुपर्छ। यो स्पष्ट रूपमा चित्रण गर्न सकिन्छ: भिक्खुहरूको चलन एउटा यस्तो छ कि भिक्षापात्र खाटमुनि राख्नुभन्दा पहिले त्यहाँ हातले (छामछुम गर्नु) टटोल्नुपर्छ (यो हेर्नकोलागी कि

त्यहाँ कुनै बाधा त छैन?) र त्यसपछि मात्र त्यहाँ राख्ने हो। यो बुँदाले देखाउँछ कि खाटका खुट्टाहरू छोटा छन्, (जुन कि बढीसे बढी आठ सुगत अंगुल उँचाइको हुन्थ्यो) जसले गर्दा भुइँमा बसेकोले खाटमुनि देख्न सक्दैनथे। यदि खाटका खुट्टाहरू अग्ला भएको भए, त्यहाँ पात्रलाई ठोक्किने कुनै बस्तु छ कि भनी छामछुम गर्नुपर्दैनथ्यो, आँखाले नै देखिन्थ्यो।

सुगतपरिमाण निर्धारण गर्न सजिलो छैन। स्वर्गीय भिक्खुवर समतेच बर-महा-समण-चाउले बुद्धको समयमा पुरुषहरूको औसत उचाइलाई आधार लिने निर्णय गर्नुभयो र उहाँले यो मानकको रूपमा लम्बाइ चार हात वा *सअक* (थाई मापको इकाई) पाउनुभयो। उहाँले सोच्नुभयो कि सिकर्मीहरूको मापको तीनगुणा सुगतपरिमाण मानिएको सायद अट्ठकथाआचरियहरूद्वारा गलत बुझिएको थियो। तर सम्भवतः सुगतपरिमाणलाई तीन भागमा विभाजित गर्नुपर्दछ त्यसैले उहाँले यसलाई निम्नानुसार गणना गर्ने कोशिश गर्नुभयो: उहाँले सिकर्मीको हातको बित्तालाई तीन भागमा विभाजित गर्नुभयो- प्रत्येक भागमा सिकर्मीका चार अंगुल थिए, र यी भागहरूमा उहाँले एक भाग थप्नुभयो, यस प्रकार यसमा चार भाग भए, यसरी यो सिकर्मीहरूको १६ अंगुल बन्यो।[18] यसलाई सुगतपमान (परिमाण) भनी मानियो। यस तरिकाले गणनामा घटाउँदा

[18] त्यसो हुनाले तीनले गुणन गर्नुको सट्टा एकतिहाइ थपेको (अंग्रेजी अनुवादकहरू)

Dhamma.Digital

खाटका खुट्टाहरू छोटा भए, र भिक्खुले (खाटमुनि आफ्नो पात्र राख्नु अघि) छामछुम गर्नुपर्छ भन्ने कथनसँग सहमत छ। यो तथ्य प्रयोग गरिने चीवरको आकारसँग पनि सहमत छ: अर्थात्, लम्बाईमा छ हात र चौडाईमा चार हात। यस गणना अनुसार, भगवानको शरीर १२८ अंगुल अग्लो, वा ५ सअक + ८ अंगुल सिकर्मीको मापको हुनुपर्छ। तर म बुझ्दिनँ, वा पर्याप्त प्रमाण पाइनँ, स्वर्गीय भिक्खुवर समतेच बर महा समणचाउले आफ्नो पुस्तक "सुगतविदत्थि पकरण" मा भगवानको उचाई १२९ सिकर्मीका अंगुल भनी किन मान्नुभयो।

उहाँले सुझाव अनुसारको सुगतपरिमाण गणना गर्ने विधी १२९ द्वारा गुणा गरिएको थियो। सिक्खापदमा दिइएको मापन ९६ द्वारा विभाजित छ र परिणाम सिकर्मीको मापन (वट्टकीपमाण) हुनेछ। अंशको प्रसार (फैलाव) लाई ९६ द्वारा विभाजित गरिनु पर्छ ताकि परिणाम सिकर्मी-मापको अंश हुनेछ। तर यो गणना अनुसार, एक कबियतलाई चार अनुकबियतमा विभाजित गरिएको छ।

भिक्खुवर समतेच बर-महा-समण-चाउ क्रम-बरया पवरेश्वरियालंकरणद्वारा गणना गरिएको सुगतपमाण यस प्रकार अट्ठकथाको विधीभन्दा छोटो बनाइएको थियो, यसरी प्रमाणसँग झन राम्रो सहमत छ। सायद, अट्ठकथाको समयभन्दा पहिले यो गणना चलनचल्तीमा थियो। तर जब एउटै उमेर र देशको मान्छेको आकारसँग तुलना गरिन्छ, तब भगवान धेरै ठूलो हुने हुन्छ, अर्थात्, उनीहरूभन्दा एक हात र

एक बित्ता अग्लो, र तब राजा अजातसत्तुले उहाँलाई चिनेको हुनुपर्दछ। यदि यो सम्भवतः भगवानमा थियो भने, तब भिक्खु महाकस्सप र भिक्खु नन्दको उँचाइ पनि लगभग उत्ति नै हुनुपर्छ। जब यो यस्तो हो भने, उचाइमा ब्यापक अन्तर छ, यो भगवान एक्लैको चमत्कारको रूपमा मान्न सकिंदैन! यसलाई त्यस देशका जनताहरू बीचको विशेषताको रूपमा मान्नुपर्छ। जे होस्, यो अझै धैरै ठूलो छ।

यसलाई कसरी छोटो गर्ने भन्ने सम्बन्धी विचारकोलागी केही तरिका हुन सक्छ? म एउटा मात्र बाटो देख्छु। विभंगमा यसको विषय अनुसार भिक्खुहरूलाई सुगतको चीवर लगाउन निषेध गर्ने मूल कथामा भिक्खु नन्द शास्ताभन्दा चार अंगुल छोटा थिए। यो गणनाकोलागी आधार हुन सक्छ। हामी जान्दछौं कि भिक्खु नन्द एक सुन्दर पुरूष थिए, त्यसैले यदि उनको उँचाइ सामान्य मानिसहरूको बराबर थियो भने, शास्ता उनीभन्दा चार अंगुल अग्ला हुनुहुन्थ्यो। "सुन्दर" शब्दको कारणले, यो सम्भव छ कि उनी सामान्य मानिसहरूभन्दा अलि अग्ला थिए, त्यसैले उनको उचाइ के थियो? विभंगको आधारमा चार अंगुलहरू पहिले नै उल्लेख भईसकेको छ, त्यसैले यस अनुसार भगवान सामान्य मानिसहरूभन्दा आठ अंगुलजति अग्ला हुनुहुन्थ्यो। अरू गणनाभन्दा यो धैरै राम्रो हुनेछ। जब हामी चार र आठको औसत लिन्छौं, मध्यम गणनाको रूपमा हामीलाई छ अंगुल उपलब्ध हुन्छ। तर प्रथमतः हामीले स्वीकार गर्नुपर्छ कि

Dhamma.Digital

सामान्य मानिसहरूको कद चारहात अथवा सअक थियो, अन्यथा हामीसँग यस सम्बन्धमा अरू कुनै विचार गर्ने तरिका छैन। ९६ अंगुलमा ६ अंगुल थप्दा हामीलाई १०२ अंगुल अर्थात् चार हात र ६ अंगुल उपलब्ध हुन्छ। यो थियो भगवानको उँचाई। सुगतपरिमाणको गणनाको विधीलाई गुणाकोलागी सुगतको आधारको रूपमा १७ लाई लिनु, र छोटो गर्नकोलागी सिकर्मीको नापको आधार १६ विभाजनकोलागी लिनु। यो गणनाको तरिका अनुसार, धैरै फरक पर्दैन, उदाहरणकोलागी, सुगत अंगुल आठ अंगुल अग्लो खाटका-खुट्टाहरू सिकर्मीहरूको ८ अंगुल र दुई कबियत बराबर हुन्छन्।

तै पनि कठिनाईहरू अझै बाकी छन्। कसैले भन्न सक्छ कि निश्चितरूपमा विचार गर्नलाई कुनै तरिका बाकी रहेनन्। म सुझाव दिन चाहन्छु कि जसरी स्वर्गीय भिक्खुवर समतेच-बर-महा-समण-चाउ क्रम-बरया-पवरेश्वरियालंकरणद्वारा सुगतपरिमाणका सम्बन्धमा काम भयो जुन कि वर्तमानमा सबैद्वारा स्वीकार गरिएको छ, त्यो अहिले हाम्रो देशमा प्रयोग गरिने मापनभन्दा ठूलो छ, यद्यपि गणनाले छोटो पारेको छ। त्यसैले, मानिसले मापनको कुनै पनि इकाईको उपयोग गर्न सक्छ, अर्थात् अंग्रेजी फुट, सिकर्मीको हात, व्यक्तिको अंगुल, वा मिटर। यी मध्ये अन्तिमकोमा, २५ सेमी (१०० बाट विभाजित एक भाग) लाई एक बित्ता, त्यो हो, १२ अंगुल, सँग तुलना गरिन्छ, तर सुगतपरिमाणभन्दा बढि हुँदैन, त्यसैले कसैले शंका गर्न हुँदैन। मेरो गणनाको तरिका

अनुसार, मापनकोलागी फुट उपयोग गर्नहुँदैन किनकि यो धेरै लामो छ; सिकर्मीहरूको हात र मिटरका भागहरू प्रयोगकोलागी उपयुक्त छन्। यी पछिल्ला दुई तरिकाहरूका बीचमा धेरै विसंगति छैन। मानिसहरूले यस्तो गणना गर्दा परेशानी हुँदैन। यी दुईमध्ये जुन पनि प्रयोग गर्न सकिन्छ तर सिकर्मीहरूको हातमा निश्चित मानक नाप छैन। यदि भविष्यमा देशले कुनै मापनविधीलाई स्वीकार गरेमा अरू धेरै देशहरूमा जस्तो म्याट्रिक प्रणाली नै प्रयोग गर्नुपर्दछ। यसलाई साझा रूपमा पक्का प्रणाली भएको मानिएको छ किनकि यसले पृथ्वीको ब्यासलाई यसको मानक मानेको छ र यसलाई हाम्रा सिकर्मीहरूको हात मापनसँग थोरै विसंगति (फरक) का साथमा तुलना गर्न सकिन्छ। एक मिटरलाई २ सअक मान्न सकिन्छ, त्यसो हुनाले १/२ मिटर वा ५० सेमि. भनेको लगभग एक सअक् अथवा एक हाथ हो, जब कि २५ सेमि. भनेको लगभग एक बित्ता हो। अरू मापनहरू जस्तो कि वाह र सेन (=२० वाह) लाई तदनुसार नै म्याट्रिक मापनमा हिसाब गर्न सकिन्छ। यदि हामीले चाहेको नाप निकाल्नकोलागी मिटर प्रयोग गर्ने तरिका थाहा पाएमा यो हरेक तरिकाले सुविस्ता हुन्छ।

यसबाहेक, त्यस समयमा मगधमा प्रयोग गरिएको मगध-नाली (एक नाप) को सम्बन्धमा, यो धेरै जटिल तरिकाले व्याख्या गरिएको छ। यो शब्द मातिका, अर्थात् सिक्खापदहरूमा आउँदैन। मात्र विभंगमा भनिएको छ कि मध्यम आकारको भिक्षापात्रमा एक नाली चामलको भात अट्न सक्छ।

अट्ठकथामा, भनिएको छ कि उनको तात्पर्य मगध-नाली हो। यदि हामीले विचार गरेमा कि विभंग मगध राज्यमा रचना गरिएको थियो, अझ थपबुझौं कि संगायन त्यहाँ भयो, यस्तो भएमा मगध नालीको बारेमा स्पष्टीकरण सही हुनुपर्छ, किनकि जब गणना दिइन्छ, त्यो देशमा मापदण्डको रूपमा प्रयोग गरिएका मानकहरूको उपयोग गरिन्छ। म आफैंलाई यो बुँदासँग समस्या छैन र अब (छलफल) जारी रहनेछैन। सिंहली आचरियहरूको धारणा अनुसार, सिंहलको डेढनाली १ मगध-नाली बराबर हो र जब मगध-नाली ठूलो आकारको थियो, नालीको मात्रा मापनकोलागी क्षमता मापनमा उल्लेख गरिएको पात्रको आकार निर्धारणकोलागी भात पकाइने चामल नाप्नकोलागी प्रयोग गरिएको नाली प्रयोग गर्नु उचित छ।

*****

(यस पुस्तकमा पाइने गल्तीहरू सूचित गर्नमा पाठकहरूद्वारा सहयोगकोलागी अंग्रेजी अनुवादकवर्ग अनुरोध गर्दछ। यसको थाइ संस्करण बुझ्नमा केही ठाउँहरूमा गाह्रो छ र अभिव्यक्त गर्ने तरिका पनि धेरै संक्षिप्त छ।) नेपाली अनुवादक पनि यही कुरा दोहर्याउँछ।

Dhamma.Digital

## पालि-नेपाली शब्दकोष

(वर्णक्रमानुसार)

**अ**

अकालचीवर=समयभन्दा बाहिर अर्थात् कठिन आनिसंसको अवधिभन्दा बाहिरको समयमा उत्पन्न भएको चीवर

अकुशलधर्म (धम्म)=पाप

अगति=कुमार्ग; पक्षपात; पूर्वाग्रह

अगोचर=(भिक्खुकोलागी) अनुचित भ्रमण; भ्रमण अयोग्यस्थान

अचित्तक=मनसाय नभएको, चेतनायुक्त नभएको, गर्छु नै भनेर नगरिएको

अच्चेकचीवर=अति हतारको चीवर; वर्षावास समाप्तिभन्दा १-१० दिन पहिले दान पाइएको चीवर

अचेलकवग्ग=सिक्खापदहरूको एउटा वर्गको नाम जुनकि नग्न सन्न्यासीहरू आदिलाई खानेकुरा दिनेसँग सम्बन्धित छ

अञ्ञवादककम्म=अनाचार गरी हिंड्ने भिक्खुलाई संघको माझमा सोधपूछ गर्ने क्रममा विषयान्तर गरी अरू विषयहरू बोलेर अलमल गर्न खोज्ने अवस्थामा उसलाई भिक्खुसंघले दण्ड दिएको सूचना वाचन गर्ने कर्मवाचा बिधिवाक्य

अञ्जली=आदरपूर्वक हात जोड्नु; नमस्कार गर्नु

अज्झाचार=चलन नाघ्नु, खराप आचरण गर्नु, शिष्टाचार नाघ्नु

अत्तकिलमथानुयोग=आफूलाई कष्ट हुनेगरी कडा आचरण गर्नु

अत्थ=अर्थ; उद्देश्य; नाफा; हित हुनु; पाउनु; आवश्यकता; चाहना

अत्थकथा (अट्ठकथा पनि)=मूल पालि वाङ्मयको व्याख्या

Dhamma.Digital

अत्थकथाचरिय वा अट्ठकथाचरिय=मूल पालि त्रिपिटकको व्याख्या लेख्ने आचरिय

अत्थसाधक=एक किसिमको आदेश, जुनको अर्थ हो, उद्देश्य पूरा हुनु, अर्थात् चोरी काम पूरा गर्नु, चोरी काम पूरा हुनु

अतिरेकचीवर=अतिरिक्त चीवर; अधिष्ठान गरिएको त्रिचीवरभन्दा बाहेकको चीवर

अतिरेकपत्त=अतिरिक्त भिक्षापात्र, अधिष्ठान गरिएकोभन्दा बाहेकको पात्र

अतेकिच्छा=शब्दार्थ 'उपचार गर्न नमिल्ने', पाराजिक आपत्ति

अदिन्नादान=वस्तुधनीद्वारा नदिइएको वस्तु चोर्नु जस्तो गरी लिनु

अधिकमास=मलमास; अतिरिक्त मास

अधिकरण=मुद्दा, फैसला गर्नुपर्ने विषय; कसैद्वारा विनयगत रूपले गुनासो गरिएको विषय

अधिकरणसमथ=अधिकरण शान्त गर्नकोलागी प्रयोग गरिने विधी

अधिचित्तसिक्खा=चित्तलाई उच्च बनाउने शिक्षा अर्थात् चित्तलाई समाधिमा लगाउने शिक्षा

अधिट्ठान=अधिष्ठान; निश्चय गर्नु; निर्णय गर्नु; संकल्प गर्नु

अधिट्ठान-उपोसथ=एकजना मात्र भिक्खुको उपोसथ

अधिपञ्ञासिक्खा=उच्च प्रज्ञाको शिक्षा अर्थात् संखारको यथार्थता मनन गर्नु

अधिवार=अतिरिक्त दिन

Dhamma.Digital

अधिसीलसिक्खा=उच्च शीलको शिक्षा अर्थात् पातिमोक्ख संवरसील पालन गर्नु

अन्तरवासक=कम्मरदेखि मुनि खुट्टाको वरिपरि छोपेर लगाइने भिक्खुको लुगा, लुँगी

अन्तराय=बाधा वा खतरा;आपतकाल

अन्तेवासी=शिष्य; विद्यार्थी; गुरूसँग बस्ने व्यक्ति

अन्तेवासिक=हेर्नू, अन्तेवासी

अनमत्थपिण्डपात=भिक्खुहरूले नखाने खाना; उब्रेको भोजन वा भिक्षान्न

अनवसेस=जुन आपत्ति भएपछि भिक्खुको समणभाव बाकी रहँदैन, पाराजिक

अनागामी=अनागामी मार्गफलमा स्थित भएको ब्यक्ति जो कि तेस्रो युगल आर्यपुद्‌गल हो

अनागामिमार्ग=पाँचवटा प्रारम्भिक संयोजन हटाउनमा हेतु रहेको मार्ग

अनाचार=चंचल र प्रतिकूल आचरण

अनाणत्तिक=आदेश दिएर गराउनेलाई आपत्ति नहुने काम

अनापत्ति=आपत्ति नभएको, आपत्ति नपर्ने काम, दोष नभएको काम

अनापत्तिवार=अनापत्ति अर्थात् आपत्ति नहुने सम्बन्धी भाग वा वर्ग

अनामास=छुन अयोग्य वस्तु

Dhamma.Digital

अनियत=अनिश्चित, दण्ड निश्चित नभएको दोष, आपत्ति निश्चित नभएको शिक्षापद

अनुपसम्पन्न=उपसम्पदा नपाएको व्यक्ति, भिक्खु तथा भिक्खुणीहरू बाहेकका मानिसहरू; (भिक्खुणीहरू नै पनि भिक्खुसंघको माझमा अनुपसम्पन्न नै मानिन्छन्।)

अनुसावना=प्रस्ताव पाठ गर्ने सहायक अधिकारी भिक्खु, कम्मवाचाचार्यको सहायक (हेर्नुहोस् ञत्तिचतुत्थकम्मउपसम्पदा)

अनुमोदना=खुशी हुनु; प्रशंसा गर्नु; आनन्द मान्नु; आशिर्वाद दिनु

अनेसना=अनुचित जीविकोपार्जन

अपरण्ण=शब्दार्थ, पछि खाइने चीजहरू; विभिन्न प्रकारका सिमी र तिलहनहरू

अपलोकन=सूचना, घोषणा, जानकारी दिनु

अप्पमत्तक विसज्जक=औषधी आदि सानातिना उपभोग्य वस्तुहरू बाँड्ने जिम्मा लिएको भिक्खु

अब्भन्तर=भित्रीभाग, भित्र, माझमा, पालिमा चलेको एकथरी माप

अब्भान=संघादिसेस भएर मानत्त (अथवा परिवास बस्ने काम समेत) पूरा गरिसकेको भिक्खुलाई पूर्ववत शुद्ध भिक्खुको रूपमा स्वीकार गरिनु

अब्भोहारिक=छ भन्न नमिल्ने, आधार नबन्ने, नभएको सरह भएको, क्षुद्र

अभिसमाचार=समुचित आचरणसँग सम्बन्धित; सदाचारसँग सम्बन्धित सानासाना विषयहरू: पालन गर्नुपर्ने; राम्रो

Dhamma.Digital

आचरणकोलागी कमसेकम अपेक्षा गरिने विषयहरू; उचित आचरण

अर्हत्-मार्ग=दसैवटा संयोजनहरू त्याग गर्न सकिने मार्ग

अरञ्ञवत्त=वनवासी भिक्खुको कर्तव्य

अरहन्त=अर्हन्त मार्ग र फलमा स्थित भएको व्यक्ति, जो कि आर्यपुद्गलहरूमा चौथो युगल हो, क्लेशबाट मुक्ति पाइसकेको व्यक्ति

अरियसाविका=महिला सावक (बुद्ध भगवानका महिला श्रोता, अनुयायी) जो कि आर्य भइसकेकी हो, सोतापत्तिमग्ग आदिमा प्रतिष्ठित भएकी महिला, त्रिरत्नलाई आफ्नो शरण मान्ने स्त्री

अलज्जी=लाज नभएको, आपत्ति हुनेदेखि नडराउने भिक्खु

अवहार=चोरी

अविञ्ञाणक=निर्जीव सम्पत्ति वा वस्तु

असंहारिम=अचल वस्तु, स्थावर वस्तु

अस्तंगत=सूर्यास्त हुनु, साँझ हुनु

**आ**

आगन्तुक-वत्त=पाहुना भिक्खुको कर्तव्य

आचारगोचरसम्पन्नो=आचरण र भ्रमण असल भएको व्यक्ति

आचारविपन्नो=आचरणमा कमजोर व्यक्ति

आचारविपत्ति=आचरणमा कमजोरी हुनु

आचरिय=आचरिय, शिक्षक, गुरु

Dhamma.Digital

आचरियमत्त=शब्दार्थ- शिक्षक वा गुरुको तहको; आचरिय हुन उपयुक्त भिक्खु

आचारसम्पन्नो=आचरण असल भएको व्यक्ति; सदाचरणले सम्पन्न व्यक्ति

आजीवविपत्ति=जीविकामा कमजोरी

आणा=आज्ञा-क्षेत्र, आदेश; प्राधिकरण; बुद्धको अधिकार क्षेत्र

आदिकम्मिक=दोषपूर्ण काम गर्ने पहिलो ब्यक्ति, सिक्खापद बनाउनमा हेतु उत्पन्न गर्ने व्यक्ति

आनिसंस=फल, प्रयोजन, सुफल

आपत्ति=नियम बिग्रनु, दोष, भगवानको आदेश नाघेकोले हुने दोष

आमिस=शिकार, प्रलोभन, ४ वटा प्रत्ययहरू

आयस्मा=शब्दार्थ 'लामो आयु भएको व्यक्ति'; नामको अगाडि राखिने सम्मानजनक शब्द; हाम्रो चलनमा भए आदरणीय वा पूज्यको बराबर हो।

आवास=निवास, कुटी, घर, विश्राम गृह

आवुसो=शब्दार्थ 'लामो आयु भएको; कनिष्ठ भिक्खुलाई सम्बोधन गर्ने तरिका; हाम्रो चलनमा भए भाइ वा साथी स्तरकोलाई सम्बोधन गर्ने शब्द

आसन्दी=त्रिपाइ जस्तो बस्ने आसन; एक जना मात्र बस्नेमिल्ने मेच वा कुर्सी

आसन=बस्ने ठाउँ, सीट, बस्ने कपडा

Dhamma.Digital

आसाल्ह=आषाढ पूर्णिमा जुन नक्षत्रको आधारमा वर्षावास प्रवेश गरिन्छ

आहच्चपाद=खुट्टाहरू बलियोसित नजोडिएको खाट

**उ**

उक्खेपनीयकम्म=बहिष्कार-कार्य; निलम्बन-कार्य; आपत्ति नदेख्नाले अथवा आपत्तिदेसना नगर्नाले अथवा दृष्टिकोण नबदल्नाले दण्डस्वरूप समूहबाट अलग्ग गर्ने काम

उत्तरनिकाय=भिक्खुहरूको उत्तरी समूह; महायान बौद्ध धर्म

उत्तरासंग=भिक्खुको एकसरो पछ्यौरा, चीवर

उत्तरिमनुस्सधम्म=सामान्य मानिसहरूकोभन्दा उच्चस्तरको मानसिक अवस्था अर्थात् झान (ध्यान), विमोक्ख, समाधि, समापत्ति, मार्ग र फल

उत्थान=स्वागत गर्न उभिनु

उपचार=नजिक, परिसर

उपसम्पदा=पूर्ण भिक्खुदीक्षा प्रदान, पूर्णदीक्षा प्राप्त भिक्खु

उपासक=नजिक बस्ने, त्रिरत्नको नजिक बस्ने, त्रिरत्नको शरणमा गएको गृहस्थ पुरूष, (उपासिका, स्त्री)

उपोसथ=शीलमा बस्नु, साप्ताहिकरूपमा पालन गरिने शीलहरू; अष्टशील; भिक्खुहरूद्वारा गरिने पाक्षिक पाटिमोक्खको पाठ

उपोसथसंघकम्म=भिक्खुको समूहद्वारा पाटिमोक्ख पाठ कार्य वा बिधि गर्नु

Dhamma.Digital

उपोसथागार=उपोसथ-भवन, उपोसथागार जुन कि विहारको प्रमुख भवन हो, यो एउटा विहारमा एकभन्दा बढी राख्न निषेध गरिएको छ

उभतो उपसम्पन्ना=भिक्खु तथा भिक्खुणी संघमा प्रब्रजित भइसकेकी स्त्री वा भिक्खुणी

**ए**

एकग्गता=चित्त एउटै आरम्मणमा स्थीर हुनु, एकाग्र हुनु

एकतो उपसम्पन्ना=भिक्खुणी संघमा मात्र प्रब्रजित भएकी भिक्खुणी अर्थात् भिक्खुसंघबाट अझ अपूर्ण

एकभण्डपञ्चक=कुनै एउटा वस्तु चोरीमा हुने ५ वटा अंगहरू-

१) आदियनं=कसैको जीवित वस्तु अर्थात् उसका दासदासी वा बस्तुभाउ लिनकोलागी प्रेरित गर्नु,

२) हरणं=ती जीवित वस्तुहरू चोरेर लैजानु,

३) अवहरणं=नासो राखिएका वस्तुभाउ चोर्नु,

४) इरियापथविकोपनं=ती सजीव प्राणीहरूको ईर्यापथहरूमा परिवर्तन गर्नु (धपाएर, तानेर वा घचेटेर लानु),

५) ठाना चावनं=ती जीवित बस्तुहरूलाई स्थानान्तरण गर्नु (अन्यत्र नलगे पनि)

**ओ**

ओज=रस वा पौष्टिक तत्त्व

ओत्तप्प=पापदेखि डराउनु, खराप काम गर्नदेखि डर मान्नु

ओमसवादसिक्खापद=अरूलाई चित्त दुखाउने वचनहरू (गालीगलौज) गर्न रोक सम्बन्धी सिक्खापद, (मुसावाद वग्गको दोस्रो सिक्खापद)

ओवाद-वग्ग=(शब्दार्थः सल्लाह, प्रोत्साहन, उपदेश सम्बन्धी वर्ग; भिक्खुणीहरूलाई उपदेश दिने सम्बन्धी सिक्खापदको समूहको नाम

**क**

कठिन=वर्षावाससमाप्तिको लगतै पछिको महिनामा भिक्खुहरूलाई चीवर सिउनकोलागी वार्षिक रूपमा दान गरिने कपडा; यसमा गरिने संघकर्म; कपडा फिजाउनको लागी प्रयोग गरिने तान

कत्तिक=कृत्तिका नक्षत्र; कार्तिक महिना

कण्ड=काण्ड, विषय, समूह, भाग, कुनै विषयको एक भाग

कप्पिय=उचित, स्वीकार्य

कहापण=बुद्धकालको पैसाको इकाइ, ४ पादको १ कहापण

**का**

कामछन्द=पाँचवटा कामगुणहरू इच्छा गरिनु

कामसुखल्लिकानुयोग=कामगुणहरूमा आफूलाई लगाउनु

कायसामग्गी=व्यक्तिगत सहमति, आफ्नो उपस्थिति

कायसंसग्ग=काय वा शरीरद्वारा सम्पर्क गर्नु वा हुनु, छुवाछुत हुनु, समात्नु, शरीरद्वारा घर्षण गर्नु

कासाय=भिक्खुले लाउने पहेँलो लुगा

**कि**

किच्च=कर्तव्य; गर्नुपर्ने कामहरू

किच्च-वत्त=कामकाजका कर्तव्यहरू

**कु**

कुटी=झोपडी; आवास; भिक्खुको निवास

कुलपसादको=परिवारहरूलाई श्रद्धा जगाउने भिक्खु; जसमा कुल परिवारको श्रद्धा छ

कुसल=कुशल, स्वस्थ, असल

**ख**

खन्धक=भाग, विभाजन; विनय पिटकका अध्यायहरूको नाम

खादनीय=कडा खाना; टोकेर चपाउनु पर्ने खाद्यवस्तुहरू

गरुकापत्ति=विनय अनुसार ठूलो दोष

गृहस्थ=घरमा बस्नेहरू, प्रव्रजित बाहेककाहरू

**च**

चीवरदानसमय वा चीवरकाल=चीवर दान गर्ने ऋतु वा समय, कठिनमास

**झ**

झान=ध्यान

**ञ**

ञत्तिकम्म=प्रस्ताव

Dhamma.Digital

ञत्तिचतुत्थकम्मउपसम्पदा=चौथो पटकको कम्मवाचा वाचनद्वारा सिद्ध हुने उपसम्पदा कार्य, यसमा प्रथम पटकको कम्मवाचा ज्ञप्ति वा विज्ञप्ति (प्रस्ताव) हुन्छ भने बाकी ३ पटकका कम्मवाचाहरू अनुसावना वा स्वीकार गरिएको भन्ने निश्कर्ष हुन्छ।

**द**

दायक=दान दिने पुरुष;

दायिका=दान दिने स्त्री

दुक्कट=खराब गर्नु, विनय अनुसार सानातिना गल्तिहरू

दुब्भासित=खराब वचन, विनय अनुसार जाति, वर्ण आदि नाम लिएर त्यस्तो ठट्ठा गर्नु जसलाई पण्डितजनहरू निन्दा गर्छन्

देसनागामिनी=अन्य सजाय भोग्न नपर्ने र आपत्तिदेसनाद्वारा शुद्ध होइने आपत्ति

**न**

नवक=नयाँ, नौलो भिक्खु; पाँचभन्दा कम वर्षावास भएको भिक्खु

नवकम्म=नवनिर्माण वा भवन आदि निर्माण कार्य

नानाभण्डपञ्चक=यसमा चोरीका सजीव तथा निर्जीव दुबै थरी समावेस छ। हेर्नू, एकभण्डपञ्चक

नासन=नाश गर्नु, प्रब्रजित वेशबाट निकाल्नु

निकाय=समूह

Dhamma.Digital

निगन्थ तपस्वी=जैन सम्प्रदायको साधु

निदान=स्रोत, कारण, उत्पत्ति, अवसर, आधार

नियसकम्म=अधिकारीको मान घटाउनु, एक किसिमको दण्ड

निसग्गिय=विनयअनुसार भिक्खुद्वारा विसर्जन गर्नुपर्ने अथवा त्याग्नुपर्ने वस्तु

निस्सय=समर्थन, संरक्षण; कुनै वस्तुको आधार, भरोसा, निर्भरता

निस्सयाचार्य=भरोसा, निर्भरता वा निश्रय दिने गुरू

निस्सयमुत्तक=निर्भरताबाट मुक्त भएको व्यक्ति

निस्सयन्तेवासिक=निर्भरता ग्रहण गरेको शिष्य

निस्सग्गीय पाचित्तिय=वीतिक्कम अर्थात् विनय नाघ्नाले हुने पाचित्तिय नामको दोष वा आपत्ति, जुन वस्तुको कारणले दोष भएको हो त्यसको विसर्जन गरिसकेर आपत्तिदेसना गरेपछि शुद्ध होइन्छ।

निसीदन=बस्ने कपडा, चकटी

नीवरण=कुसलको विकासमा बाधक मानसिक धर्म

**प**

पकतत्त=असली, निर्दोष, शुद्ध

पकिण्णक=मिश्रित, विविध, अनेक कुरा भेला गरिएको

पच्चत्थरण=तन्ना वा वछ्यौना

पच्चन्त-जनपद=बाहिरी देश, मध्यदेशभन्दा बाहिरका देशहरू

पच्चय=आवश्यक वस्तु वा परिस्कारहरू

पच्चुत्थरण=अधिष्ठान समाप्त गर्नु

Dhamma.Digital

पच्छिमिकावस्सूपनायिका=वर्षावास प्रवेश गर्ने पछिल्लो वा अन्तिम दिन

पञ्ञत्तिवज्ज=अनुशासनात्मक नियम अनुसार दोषपूर्ण भएको काम; बुद्ध भगवानको आदेश नाघ्नाले हुने दोष

पटिञ्ञा=प्रतिज्ञा गर्नु, वचनबद्ध हुनु

पटिपदा=शुक्लपक्ष वा कृष्णपक्षको पहिलो तिथी

पटिस्सव=स्वीकार गरिसकेर त्यसलाई पूरा नगर्नु

पटिसारणीयकम्म=एक औपचारिक कार्यवाही जसद्वारा भिक्खुले कसैको विरुद्धमा गरेको अपराधको क्षमा हुन्छ; मेलमिलाप

पठम-बोधिकाल=बुद्ध भगवानको ज्ञानलाभ पछिको प्रारम्भिक काल

पण्डक=नपुंसक जस्तै लिंग विपरित भएको व्यक्ति

पण्डुपलास=शब्दार्थ 'रूखबाट खस्न लागेका पहेँला पातहरू'; प्रब्रजित बन्न तयार व्यक्ति

पण्णभेसज्ज=रुखका पातहरूको औषधी

पत्त=पात्र, भाँडो, भिक्षापात्र

पत्तधारको=शब्दार्थ, 'पात्र बिसाइने चीज', पात्रको-स्ट्यान्ड

पत्तमण्डल=शब्दार्थ 'पात्रको चक्का'; पात्रको बिर्को

पतिस्सव-दुक्कट=निमन्त्रणा/सम्झौता स्वीकार गरी त्यसको पालना नगर्नाले हुने गल्ति

पब्बज्जन्तेवासिक=सामणेर पब्बज्जा ग्रहण गरेको शिष्य

पब्बज्जा=त्याग गर्नु; त्यागी हुनु, भिक्खुको वृत्ति लिनु

पब्बज्जाचरिय=सामणेर पब्बज्जा बिधिका गुरू

Dhamma.Digital

पब्बाजनीकम्म=विहारबाट निष्कासनको दण्ड

परम्परभोजन=एक ठाउँमा भोजन गर्ने निमन्त्रणा स्वीकार गरेर अर्को ठाउँमा भोजन गर्नजानु; पछिल्लो ठाउँमा भोजन गर्नु (हेर्नुहोस् पाचितिय ३३)

परिकम्म=सेवा, सेवा गर्नु; व्यवस्था, तयारी

परिखार=आवश्यक वस्तु; परिस्कार; उपकरण; भाँडो;

परिखारचोल=सानातिना कपडा वा परिस्कारहरू

परिनिब्बाण=भौतिक शरीरको विच्छेदनपछि बुद्ध भगवानलाई प्राप्त भएको निब्बाण

परिसुपट्ठापक=हेरचाह गर्नेहरू भएको व्यक्ति; अरूहरूबाट सेवा गरिएको व्यक्ति

परित्त=रक्षा, सुरक्षा

परिसविपत्ति=परिषद वा सभाको कमी (कोरम नपुग्नु) जसले संघकर्म बिग्रन्छ

परिससम्पत्ति=परिषद वा सभाको पूर्णता अर्थात् कोरम संख्या पुग्नु

परिवास=रात बिताउनु, परिक्षणकाल

पल्लंक=सोफा, आसन

पवत्तमंस=पहिलेदेखि नै तयार रहेको मासु; पहिले नै मारिएका जनावरहरूको मासु

पवारणा=वर्षावासको अन्तमा गरिने समारोह; भिक्खुहरूका आपसमा चेतावनी दिन निमन्त्रणा गर्ने काम

पाचित्तिय=प्रायश्चितिय दोष, एकथरी आपत्ति

Dhamma.Digital

पाटिदेसनीय=स्वीकार गर्नुपर्ने दोष

पादुका=तलुवा मात्र भएको एक प्रकारको चप्पल

पान=फलबाट निस्केको पेय, रस; झोल पदार्थ खानु

पापसमाचार=नीच वा निम्नस्तरको आचरण

पाराजिक=पराजित व्यक्ति; भिक्खु अनुशासन विरुद्ध सबभन्दा ठूलो दोष गरेको व्यक्ति

पारिसुद्धि=शुद्धता

पारिसुद्धि-उपोसथ=तीनजना भिक्खुहरूको उपोसथ

पालिमुत्तक=मूलपालि वाङ्मयको बाहिरको (साहित्य आदि)

पिण्डपात=भिक्षाटन, भिक्षा-भोजन

पीठ=त्रिपाइ, मेच

पुग्गल=व्यक्ति

पुप्फविकति=माला र अन्य सजावट बनाउने विभिन्न विधीहरू

पुब्बकरण=पाटिमोक्ख पाठको पहिले गर्नुपर्ने कर्तव्य

पुब्बकरण-पुब्बकिच्च=पाटिमोक्ख पाठको पहिले गर्नुपर्ने प्रारम्भिक कर्तव्यहरू

पुब्बकिच्च=पाटिमोक्ख पाठको अघि गर्नुपर्ने कर्तव्यहरू

पुब्बण्ण=शब्दार्थ, 'पहिले खानुपर्ने खाद्य', प्राकृतिकरूपले अन्न फल्ने विभिन्न प्रकारका बिरुवाहरू

पुरिमिकावस्सूपनायिका=प्रथम वर्षावास प्रवेश गर्ने दिन

पुरिमं=फूलको माला बनाउनु, जस्तै गोलो आकारमा फूलमाला बनाउनु

पूर्णिमा=चन्द्रमा पूर्ण हुने तिथी

Dhamma.Digital

**फ**

फलभेसज्ज=फलको औषधि

फाणीत=सख्खर; गुड़; एक प्रकारको चिनी

फातिकम्म=संघको फाइदाकोलागी भारी वस्तु (गरुभण्ड) साट्नु, सातफेर गर्नु

**ब**

ब्रह्मचर्य वा ब्रह्मचरिय=ब्रह्माको जस्तो आचरण, उत्तम आचरण

बीजगाम=बनस्पतिहरू जसका अंकुर, बिरुवा, गाँठ, टुप्पा तथा बीजहरू अझै रोप्न सकिन्छ

बोधिपक्खियधम्म=ज्ञानलाभकोलागी सहायक ३७ वटा धम्महरू

**भ**

भण्डागारिक=भण्डार वा ढुकुटीको रक्षा गर्ने व्यक्ति

भूतगाम=निश्चित स्थानमा उम्रिरहेका हरियाली बोटबिरुवाहरू

भेदनकपाचित्तिय=त्यस्तो आपत्ति जुन लागेपछि शुद्ध हुनको लागी भिक्खुले त्यससँग सम्बन्धित वस्तुलाई नाश गर्नुपर्छ र त्यसपछि आपत्तिदेसना गर्नुपर्छ

भेसज्ज=औषधी, बिरामि भिक्खुले सेवन गर्नुपर्ने पथ्य

**म**

मज्झिम=मध्यम; बीचमा रहेको; पाँचभन्दा बढी तर दसभन्दा कम वर्षावास भएको भिक्खु

Dhamma.Digital

मञ्च=ओछ्यान; खाट

महानिकाय=शब्दार्थ 'ठूलो समूह', वा महान समूह'; ९५ प्रतिशत थाई भिक्खुहरू समावेश भएको समूह

महापदेस=महान मानकहरू वा सीमाहरू

महाविकट=पिसाब, मल, खरानी र माटो गरी महान औषधीहरू

मातिका=मूलपाठ, विभिन्न वस्तुका शीर्षकहरू

मातुगाम=स्त्री जाति

मानवधर्मशास्त्र=पुरानो कानुनको नाम

मानत्त=संघादिसेस दोष लागेको भिक्खुले संघबाट ग्रहण गर्नुपर्ने एक किसिमको ब्रत जुन कि ६ रात्रीसम्म पालन गर्नुपर्छ

मासक=पुरानो पैसाको इकाइ, पाँचमासक बराबर एकपाद हुन्छ

मिच्छा-आजीव=गलत तरिकाले जीविकोपार्जन गर्नु; गलत आजीविका

मुखपुञ्छन=मुख पुछ्ने रूमाल, तौलिया

मुसा=झुटो बोली, असत्य वचन

मूर्धाभिषेक=राजा हुनेको शिरमा जल खन्याउने बिधी

मूलछेद=समण हुनुको जरा काटिनु, बुद्धसासनमा उन्नति हुने मौका गुम्नु

मूलभेसज्ज=बिरुवाको जराले बनेको औषधी

मेत्ता=मैत्रीभाव, दयामाया

मेण्डकानुञ्ञात=भिक्खुहरूलाई कप्पियभण्ड (उचित वस्तुहरू) ग्रहण गर्न भगवानबाट भएको स्वीकृति विशेष गरी रूपैयाँ

Dhamma.Digital

पैसा ग्रहण सम्बन्धी नियम हो जुन कि कप्पियकारकको माध्यमद्वारा प्रयोग गर्ने स्वीकृति छ।

मेरय=जाँड, पोकः, जुनको सेवन गर्दा मात्तिन्छ

मोहारोपनकर्म=बिर्सेको बहाना गर्ने, थाहा नपाएको बहाना गर्ने भिक्खुलाई दिइने दण्डको समाप्तिको घोषणाको कर्मवाचा पाठ गर्ने काम

**य**

यमराज=मृत्युको राजा, यमलोक (मृतकहरू बस्ने लोक) का राजा

यामकालिक=एक दिन र एक रात (२४ घंटा) भित्र मात्र सेवन गर्न मिल्ने खाद्यवस्तु

यावकालिक=त्यस दिनको बिहानदेखि मध्याण्हसम्मको अवधिमा मात्र सेवन गर्न मिल्ने वस्तुहरू

यावजीविक=समय सीमा रहित खाद्यवस्तुहरू

योजन=लगभग दस माइल वा १६ किलोमिटर बराबर दूरीको इकाइ

**ल**

लहुकापत्ति=हलुका आपत्ति

लेड्डुपात=एक मध्यम बलवान व्यक्तिद्वारा फालिएको मट्याङ्ग्रो खस्ने स्थान, दूरीको नाप

लोकवज्ज=लोकजनको अनुसार दोष मानिएको काम

Dhamma.Digital

**व**

वच्चकुटी=शौचालय

वज्जनीय=अयोग्य; टाढा हुनुपर्ने वा संगत गर्न नहुने

वत्तभेद=व्रत भंग हुनु

वत्तसम्पन्नो=कर्तव्य पूरा गर्ने व्यक्ति

वत्थिकम्म=गुदामा पिल्स बाँध्नु; एनेमा प्रयोग गर्नु

वत्थु=शब्दार्थ, 'आधार; वस्तु, वास्तविक वस्तु, सम्पत्ति, पदार्थ, विषय, तत्त्व

वत्थुविपत्ति=वत्थुको अपूर्णता

वत्थुसम्पत्ति=वत्थुको पूर्णता

वन्दना=(पञ्चाङ्ग-) शब्दार्थ 'पाँचवटा बिन्दुहरू अर्थात्, निधार, दुईवटा कुहिनाहरू र दुईवटा घुँडाले भुइँमा टेकेर गरिने अभिवादन; प्रणाम गर्नु

वस्सा=वर्षा

वस्सान-उतु=वर्षा ऋतु

वस्सावास=वर्षावास

वस्सावासिका=वर्षावास समाप्तिपछि भिक्खुलाई दान गरिने चीवर

वस्सिकसाटक=वर्षामा भिक्खुले लगाउने नुहाउने कपडा

वस्सूपनायिका=वर्षावास प्रवेश गर्ने तिथी

वस्सूपनायिकखन्धक=वर्षावास बस्ने सम्बन्धी नियमहरूको संगालो

वायिमं=बीचमा धेरै खाली ठाउँहरू भएको फूलहरूको जालि

Dhamma.Digital

विकप्प=चीवर तथा पात्र साझा गर्नु

विकाल=समय बाहिर; मध्याण्हपछि

विञ्ञति=विनय अनुसार अनुचित वस्तु, अनुचित समयमा वा अनुचित व्यक्तिसँग याचना गर्नु

विदत्थि=बीचको औँलाको टुप्पोदेखि बूढी औँलाको टुप्पोसम्म फिजाउँदाको नाप, बित्ता

विधी-वत्त=विधीपूर्वक गर्नुपर्ने कामहरू,त्यसको परिसरलाई समेत जनाउने शब्द

विनय=त्रिपिटकमध्ये एक पिटक जुनलाई विनय-पिटक भनिन्छ, भिक्खुहरूका सिक्खापदहरू

विनयकम्म=भिक्खुहरूको अनुशासनका नियमहरूको बिधिकर्म

विनयकथा=विनयको व्याख्या

विनयमुख=त्यो पुस्तकको नाम हो जसले सिद्ध हुने गरी विनयको शिक्षा तथा तालिम सम्बन्धी दिशानिर्देश गर्दछ।

विनीतवत्थु=बुद्ध भगवानबाट भएका निर्देशहरू वा फैसलाहरू, विभंग ग्रन्थमा रहेका आपत्तिहरूसम्बन्धी तुलनात्मक निर्णयहरू

विपटिसार=समस्या हुनु, दोष गरिसकेपछि पछुतावा हुनु

विपलास=गलत हुनु, परिवर्तन हुनु, फरक हुनु

विभंग=वितरण, विभाजन, भेद, वर्गीकरण

विरिय=प्रयास, लगनशीलता

विवादाधिकरण=विवाद सम्बन्धी विनयगत प्रक्रिया, एकथरी अधिकरण (मुद्दा)

Dhamma.Digital

विस्सास=विश्वास; भरोसा; विश्वासले केही लिनु; निर्धक्क; आत्मीयता

विहार=निवास, बस्ने ठाउँ; विशेष गरी बुद्धको मूर्ति वा प्रतिमा स्थापित मन्दिर र त्यसको वरपरको क्षेत्र

विहेसककम्म=सोधपूछ गरिने बेलामा अनाचार गर्ने भिक्खुले संघलाई दुख दिएमा संघद्वारा पाठ गरिने कर्मवाचा

वीतिक्कम=अतिक्रमण; सीमा नाघ्नु; परम्परा तोड्नु

वुट्ठानगामिनी=पुनर्वास वा एकान्तवास गर्नुपर्ने आपत्ति, जसको अर्थ संघादिसेस हो

वुट्ठानविधी=संघादिसेस आपत्तिको पुनर्स्थापनाको प्रक्रिया

वेथिमं=काठको स्किवरमा फूलका डंठलहरू छेडेर राखिएको; फूलहरू ठाउँठाउँमा बाँधेर राखिएको सजावटको सामान

वेधिमं=काठको स्किवरमा छेडिएका फूलहरू वा फूलहरूको श्रृंखला

वेय्यावच्चकर=भण्डारी, शिष्य, सहायक, कप्पियकार

**स**

सकदागामीमग्ग=सक्कायदिट्ठि, विचिकिच्छा, सीलब्बत परामासलाई पूर्णरूपले छोड्ने तथा राग, द्वेष तथा मोहलाई हलुका बनाउने हेतु रहेको मार्ग; सकदागामी मग्ग र फलमा स्थीर रहेको व्यक्ति जो कि अरियपुग्गलहरूमध्ये दोस्रो युगल हो।

सकसञ्ञा=आफ्नो, आफू वा आफूमा भन्ने बिचार

Dhamma.Digital

सचित्तक=चित्त युक्त भएको, चित्त मिसिएको कर्म

सङ्गायना=धम्मविनयको संग्रह गर्नकोलागी भेला हुनु, त्रिपिटकमा एकरूपता बनाउनकोलागी भएको शुद्धिकरण वा सम्पादन

सङ्घकम्म वा संघकर्म=सीमाभित्र गरिने भिक्खुहरूका विनयगत कृत्य

सङ्घादिसेस वा संघादिसेस=पाराजिकापछिको कडा आपत्ति, शुद्ध हुनकोलागी शुरुमा तथा अन्तमा सङ्घमा भर पर्नुपर्ने आपत्ति

सङ्हारिम वा संहारिम=सार्न मिल्ने वा चल वस्तु

सञ्चेतनिका=जानाजानी, कोसिस गरेर

सत्तङ्ग=हात बिसाउने भएको मेच; सात अङ्ग- खुट्टा ४, अडेस लिने १, र हात बिसाउने २ वटा गरी ७ वटा अङ्ग भएको मेच वा कुर्सी

सत्ताह=सप्ताह, सातदिन

सन्थत=भिक्खुले वछ्याएर बस्ने कपडा; नबुनिएको तर गममा ढालिएको वा जमाइएको कपडा

सतेकिच्छा=हटाउन मिल्ने दोष, दोषमुक्त गर्नमिल्ने, बदल्नमिल्ने

सन्धि=जोड, शब्द र अक्षरहरू जोड्ने बिधि

समणुद्देस=समण भन्ने नाम भएको, अर्थात् सामणेर, जो कि समणहरूको समूह हो

Dhamma.Digital

समथखन्धक=अधिकरण शान्त गर्नकोलागी प्रयोग गरिने धम्महरू वा चलनहरू (चूलवग्ग)

सम्मति=सम्झौता, मान्यता, एक किसिमको संघकम्म

समाधि=मनको स्थीरता, एउटा आरम्मणमा मनलाई स्थीर बनाउनु

समानसङ्वाससीमा=समान संवास भएको भनी संघले सम्मति गरेको सीमा, अन्य भिक्खुहरूसँग मिलीजुली गर्ने एउटै धम्म (सिद्धान्त, सील) आधार भएको भनी निर्धारित गरिएकाहरूको क्षेत्र, सीमा; एकसाथ संघकम्म गर्नमिल्नेहरू

समास=दुइ वा दुइभन्दा बढी अक्षर वा शब्द जोडेर एउटै बनाउने काम

समुट्ठान=आपत्ति उत्पन्न हुने स्रोत

सविञ्ञाणक=चेतनायुक्त सम्पत्ति, जस्तो कि मनुष्य, पशु आदि

सहधम्मिक=एकसाथमा धर्माचरण गरिबसेको व्यक्ति, धर्ममित्र, साझा धर्म हुनेहरू, यहाँ भिक्खुहरू मात्रलाई भनिएको हो।

सम्मुखाविनय=चारवटा तत्वहरू भेला गरेर अधिकरण शान्त गर्ने तरिका

साजीव=एकसमान जीवनशैली वा ढंगको हुनु

साणत्तिक=आदेस दिनाले हुने आपत्ति; त्यस्तो दोष जुनकि भिक्खु आफैले गरे पनि तथा अरूलाई अह्राएर गराए पनि दोष लाग्छ

सामञ्ञवोहार=सामान्यरूले प्रयोग गरिने शब्द

सारूप=उपयुक्तता, समुचित हुनु

Dhamma.Digital

सिक्खापद=सिक्नुपर्ने शिक्षा, बुँदा, खण्ड वा भाग

सीमा=क्षेत्र, भिक्खुसंघद्वारा सम्मुति गरिसकिएको क्षेत्र जुनलाई बद्धसीमा भनिन्छ तथा जुनलाई सम्मति गरिएको छैन त्यसलाई अबद्ध सीमा भनिन्छ।

सुगतविदत्थिपकरण=भिक्खुवर समतेच बरमहासमणचाउ क्रमबरया पवरेश्वरियालंकरणद्वारा लिखित बुद्ध भगवानको हातको बित्ता सम्बन्धी पुस्तक

सुङ्कघात=तस्करी गर्नु

सुत्त=सूत्र; ब्यक्ति, समय, स्थान आदि सहित गरी ब्यक्त भएका बुद्धवचनहरू, त्रिपिटकमध्ये एक जुनलाई सुत्तपिटक वा सुत्तन्तपिटक भनिन्छ।

सेखियवत्त=भिक्खु तथा श्रामणेरहरूले सिक्नुपर्ने चलन वा व्यवहारहरू

सोतापत्तिमग्ग=सक्कायदिट्ठि, विचिकिच्छा, र सीलब्बतपरामास भनिने ३ वटा संयोजनहरू त्याग्नसक्ने मार्ग

**ह**

हत्थपास=हातको पासो अर्थात् नजिक भएको, पुब्बसिक्खा-वण्णना पुस्तकमा उल्लेख छ कि यो दूरी दुई हात एक बित्ता हो।

हेमन्तऋतु=जाडो ऋतु अर्थात् बाह्रौं महिनाको कृष्णपक्षको प्रतिपदादेखि चौठो महिनाको मध्यसम्मको अवधि

*****

Dhamma.Digital

https://dhamma.digital

बौद्ध भिक्खु बनेर
निःशुल्क सबै प्रबन्ध प्राप्त गरी
त्रिपिटकका साथै
स्कूल तथा कलेजमा
पढ्न चाहनेले
हामीलाई सम्पर्क गर्नुहोला।

मुनि विहार
(श्री धर्म्मोत्तम महाविहार),
वडा नं ७, भनपा.,
भक्तपुर जिल्ला, नेपाल।
फोन नं ०१-६६१६-४६४

*****

Dhamma.Digital